राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
... तपाईको आफ्नै बैंक

ISSN 2542-291X

उपहार

७औं वार्षिकोत्सव २०७८

राष्ट्रिय वाणिज्य बैंक लि. को स्मारिका

उपहार

(अर्थशास्त्र, बैंकिङ र व्यवस्थापन सम्बन्धी पत्रिका)

Souvenir of Rastriya Banijya Bank Limited

UPAHAR

(Magazine of Economics, Banking and Management)

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
... तपाईको आफ्नै बैंक

प्रकाशक : राष्ट्रिय वाणिज्य बैंक लिमिटेड
केन्द्रीय कार्यालय,
सिंहदरबारप्लाजा, काठमाडौं
फोन : ०१ ४२५२५९५
इमेल : rbbnl@rbb.com.np
वेभ : www.rbb.com.np

सम्पादक मण्डल :
संयोजक : देवेन्द्ररमण खनाल
सदस्यहरू : श्री दुर्गा कुमारी कंडेल
श्री राम कुमार थापा
श्री भोलानाथ पौडेल
श्री भवानी शंकर निरौला
श्री विश्व प्रकाश ज्ञवाली
श्री दिपेन्द्र कार्की
श्री ईश्वर उप्रेती

प्रुफरिडिङ : श्री टेकनाथ पाण्डेय
श्री रूपेन्द्र पोखरेल

सर्वाधिकार : राष्ट्रिय वाणिज्य बैंक लिमिटेड

प्रकाशन मिति : २०७८ माघ १०

प्रकाशन प्रति : १५०० थान

ISSN : **2542-291X**

सज्जा : शेषराज गौतम, टच क्रिएसन प्रा.लि., बागबजार, फोन ०१-४२१५४४८

मुद्रण तथा डिजाइन : आदेश छापाखाना
काठमाडौं

यस स्मारिकामा प्रकाशित लेखहरुमा अभिव्यक्त विचारहरु लेखकका निजी हुन् । - सम्पादक

प्रधानमन्त्री

काठमाडौं, नेपाल

शुभकामना

राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेडले स्थापनाको ५६ औं वर्ष पूरा गरी ५७ औं वर्ष प्रवेश गर्न लागेकोमा मलाई खुशी लागेको छ ।

नेपालमा आधुनिक बैङ्किङ्ग व्यवसायको शुरुवात गर्ने पहिलो पुस्ताको बैङ्कको रूपमा परिचित यस बैङ्कले मुलुकभर छरिएर रहेको पूँजीलाई परिचालन गरी कर्जा प्रवाह मार्फत देशको समग्र आर्थिक विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । नेपाल सरकारको स्वामित्वमा सञ्चालित यस बैंकले सरकारका कार्यक्रमहरूको सफल कार्यान्वयनका साथै मुलुकको आर्थिक विकासमा प्रत्यक्ष-अप्रत्यक्ष रूपमा सहभागी भई महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । मुलुकको बैङ्किङ्ग इतिहासमा राष्ट्रिय वाणिज्य बैङ्कको आफ्नै पहिचान रहेको छ ।

हाम्रो जस्तो स्रोत-साधन सीमित भएको मुलुकमा सर्वसाधारण जनताबाट बचत परिचालन गरी सङ्कलित बचतलाई उत्पादनशील कार्यमा उपयोग गरी मुलुकको आर्थिक विकासमा टेवा पुऱ्याउन वाणिज्य बैङ्कहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन्। यस क्रममा राष्ट्रिय वाणिज्य बैङ्कले शहरी क्षेत्रका साथै दुर्गम र ग्रामीण क्षेत्रमा समेत आफ्ना शाखा एवं शाखा रहित सञ्जालमार्फत बैङ्किङ्ग सेवा उपलब्ध गराई आमसर्वसाधारण बीच आधुनिक बैङ्किङ्ग सेवाको पहुँच पुऱ्याउन गरेको योगदान प्रशंसनीय छ ।

समयको परिवर्तनसँगै वाणिज्य बैङ्कहरूले प्रवाह गरिरहेको सेवामा क्रमिक सुधार गर्दै ग्राहकहरूको बढ्दो माग र अपेक्षालाई सम्बोधन गर्दै जानुपर्ने खाँचो छ । यस सन्दर्भमा बैङ्कले आगामी दिनमा आफूले प्रदान गर्दै आएको सेवालाई सूचना प्रविधिसँग जोड्दै थप आधुनिक र गुणस्तरीय बनाई ग्राहकलाई भरपर्दो र सुरक्षित बैङ्किङ्ग सेवा प्रदान गर्दै जानेछ भन्ने मैले विश्वास लिएको छु।

अन्त्यमा, राष्ट्रिय वाणिज्य बैङ्कलाई आगामी दिनमा आफूले प्रदान गर्दै आएको बैङ्किङ्ग सेवालाई थप सुधार गर्दै हरेक नेपालीको आफ्नै बैङ्क बन्ने अभियानमा सफलता मिलोस् भन्दै ५६ औं वर्ष पूरा गरी ५७ औं वर्ष प्रवेश गर्न लागेको सुखद अवसरमा बैङ्कसँग आबद्ध सबै कर्मचारीहरू, सञ्चालक समितिका पदाधिकारी तथा समस्त ग्राहक वर्गमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

जय नेपाल।

२६ पुस, २०७८

शेरबहादुर देउवा

नेपाल सरकार
अर्थ मन्त्रालय

मा. जनार्दन शर्मा 'प्रभाकर'
अर्थमन्त्री

सिंहदरबार, काठमाडौं
नेपाल

शुभकामना

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले आफ्नो स्थापनाको ५७ औं वार्षिकोत्सवको अवसरमा मुखपत्र "**उपहार २०७८**" प्रकाशन गर्न लागेको थाहा पाउँदा मलाई खुसी लागेको छ । यस क्षेत्रको अध्ययनमा रुचि राख्ने व्यक्ति, अनुसन्धानकर्ता एवं सरोकारवालाको लागि यो प्रकाशन सार्थक र उपयोगी हुने अपेक्षा गरेको छु।

वि.सं.२०२२ सालमा स्थापना भएको राष्ट्रिय वाणिज्य बैंकले शुरूदेखि नै आफ्नो शाखा संजाल मार्फत आम नागरिकमा वित्तीय पहँच पुर्‍याउँदै आईरहेको छ । अर्थतन्त्रको विभिन्न इकाईहरूमा छरिएर रहेको बचतलाई संकलन गरी निक्षेप परिचालनको माध्यमबाट देशको आर्थिक समाजिक विकासमा राष्ट्रिय वाणिज्य बैंकले योगदान पुर्‍याउँदै आइरहेको हामी सबैले मनन गरेका छौं । प्रतिस्पर्धामा खरो रूपमा उत्रिन सफल यो बैंक विगत केहीवर्षदेखि शेयरधनीहरूलाई लाभांश वितरण गर्न सफल भएको सुन्न पाउँदा मलाई खुशी लागेको छ ।

सम्वत् २०७२ सालको भुकम्प पछिको पुनरूत्थानमा जस्तै नेपाल सरकारले कोभिड–१९ को असर न्यूनीकरणमा चालेको कदमबाट प्रभावित व्यवसायको शीघ्र पुनरूत्थान गर्ने, रोजगारी सृजना गर्ने तथा आर्थिक वृद्धिमा निक्षेप परिचालनको माध्यमबाट सरकारी नीति तथा कार्यक्रमको कार्यान्वयनमा यस बैंकको भूमिका अग्रणी हुनेछ भन्ने कुरामा म विश्वस्त छु । चालिएका विवेकशील नियमहरूको अनुपालनाबाट वित्तीय प्रणालीको स्थायित्वको लागि राष्ट्रिय वाणिज्य बैंकको अहम् भूमिका हुने अपेक्षा गरेको छु ।

अन्त्यमा, ५७ औं वार्षिकोत्सवको अवसरमा बैंकले सदाझैं यसवर्ष पनि "**उपहार २०७८**" प्रकाशन गर्न लागेकोमा बैंक परिवारलाई धन्यवाद दिंदै बैंकको ५७ औं वार्षिकोत्सवको अवसरमा उत्तरोत्तर प्रगतिको हार्दिक मंलगमय शुभकामना व्यक्त गर्दछु ।

मा. जनार्दन शर्मा "प्रभाकर"
अर्थमन्त्री

मंसिर, २०७८ ।

टेलिफोन नं.: + ९७७-१-४२११८०९ (का.), फ्याक्स नं.: + ९७७-१-४२११८३१
वेबसाईट : www.mof.gov.np

गभर्नर
Governor

नेपाल राष्ट्र बैंक
NEPAL RASTRA BANK

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
Central Office
Baluwatar, Kathmandu

शुभ-कामना

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड आफ्नो स्थापनाको ५६ औं वर्ष पुरा गरी ५७ औं वर्षमा प्रवेश गर्न लागेको सुखद अवसरमा बैंकको मुखपत्रका रूपमा समसामयिक अर्थशास्त्र, बैंकिङ, वित्तीय व्यवस्थापनलगायत सूचनामूलक र विश्लेषणात्मक लेखहरू समेटेर प्रकाशन गर्न लागेको "**उपहार २०७८**" मार्फत बैंक परिवारप्रति हार्दिक शुभकामना व्यक्त गर्दछु। यसमा सङ्कलित सामग्रीबाट पाठक तथा सरोकारवालाको ज्ञानको दायरा विस्तारमा महत्वपूर्ण सहायता पुग्ने मैले विश्वास लिएको छु।

पूर्ण सरकारी स्वामित्वमा स्थापित यस बैंकले स्थापना कालदेखि नै सहरी क्षेत्रका साथै ग्रामीण एवम् दुर्गम स्थानहरूमा शाखाहरू विस्तार गरी आधारभूत बैंकिङ सेवा पुऱ्याउँदै वित्तीय साधन र स्रोतको पहुँच विस्तारमा अग्रणी भूमिका निर्वाह गरेको यथार्थ सर्वविदितै छ। लामो बैंकिङ अनुभव तथा विस्तृत शाखा सञ्जाल रहेको यस बैंकले सर्वसाधारणमा कृषि, पर्यटन, ऊर्जा, पूर्वाधार विकास तथा साना-मझौला व्यवसायको प्रवर्द्धनमा अन्य बैंक तथा वित्तीय संस्थाका लागि समेत प्रेरणादायी भूमिका निर्वाह गर्दै मुलुकको आर्थिक विकासमा टेवा पुऱ्याउने मैले विश्वास लिएको छु।

अहिलेको नेपालको प्रतिस्पर्धी वित्तीय प्रणालीमा यस बैंकले आधुनिक वित्तीय उपकरण र सूचना प्रविधिको उपयोग तथा संस्थागत कार्यदक्षतामा समयानुकूल सुधार गर्दै वित्तीय सेवालाई अझ प्रतिस्पर्धात्मक एवम् उत्तरदायी बनाउनुपर्ने र अरू बैंक तथा वित्तीय संस्थाका लागि मार्गदर्शकका रूपमा आफूलाई स्थापित गर्नुपर्ने अभिभारा समेत पूरा गर्नेछ भन्ने मलाई विश्वास छ। कोभिड महामारीबाट पुनरुत्थान हुँदै गरेको नेपाली अर्थतन्त्र थप चलायमान बनाउन र मुलुकमा वित्तीय सचेतना अभिवृद्धिमार्फत वित्तीय सेवाको माग पक्षको प्रवर्द्धन गर्ने कार्यमा समेत आगामी दिनमा यस बैंकले अग्रणी भूमिका निर्वाह गर्ने मैले आशा लिएको छु।

अन्त्यमा, बैंकको वार्षिकोत्सवको अवसरमा प्रकाशन गरिने स्मारिका **"उपहार २०७८"** को पूर्ण सफलताको कामना गर्दछु।

मितिः २०७८/०८/२४

(महा प्रसाद अधिकारी)

Phone: 977-1-4410386 Fax: 977-1-4410159 Post Box: 73 Website: www.nrb.org.np Email: ofg@nrb.org.np

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
... तपाईको आफ्नै बैंक

सञ्चालक समितिको कार्यालय

शुभकामना

देशको आर्थिक तथा वित्तीय क्षेत्रको विकासमा आधुनिक बैंकिङ प्रणाली अपनाई निरन्तर सेवामा समर्पित सरकारी स्वामित्वमा रहेको राष्ट्रिय वाणिज्य बैंक आफ्नो स्थापनाको ५६ औं वर्ष पूरा गरी ५७ औं वर्षमा प्रवेश गरेको अवसरमा यस बैंकलाई आ-आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याउनु हुने ग्राहक वर्ग, सेयरधनी, नियामक निकायहरू, सहकर्मी सञ्चालकहरू, बैंक व्यवस्थापन एवम् कर्मचारी वर्ग लगायत सम्पूर्ण सरोकारवालाहरू सबैमा उच्च सम्मान तथा कृतज्ञता व्यक्त गर्न चाहन्छु।

बैंकिङ तथा वित्तीय क्षेत्रमा नवीन प्रविधि र चुस्त व्यवस्थापनसहित निरन्तर प्रतिस्पर्धामा रहेका निजी क्षेत्रबाट सञ्चालित बैंकहरूसँग स्वच्छ र सबल प्रतिस्पर्धासहित पछिल्ला वर्षहरूमा आफ्नो वित्तीय अवस्था तथा परिसूचकहरु उत्कृष्ट रूपमा प्रस्तुत गर्न सफल यो बैंक बैकिङ क्षेत्रका सबै क्षेत्रमा ने तृत्वदायी भूमिका वहन गर्न सफल भएको छ। नेपाल सरकारले लिएका अर्थतन्त्र सबलीकरणसम्बन्धी नीतिहरूको सफलतापूर्वक कार्यान्वयन गर्न, नियमनकारी निकायहरूको निर्देशन पालना गर्न र सुशासनका माध्यमबाट संस्थागत कार्यदक्षतामा सुधार ल्याई बैंकिङ सेवा प्रवाहलाई थप प्रतिस्पर्धात्मक एवम् उत्तर दायीपूर्ण बनाउन भूमिका निर्वाह गर्ने ध्येयका साथ बैंकलाई अगामी दिनमा अगाडि बढाउने सञ्चालक समितिको तर्फबाट प्रतिबद्धता व्यक्त गर्न चाहन्छु।

हाल मुलुकभर ७७ वटै जिल्लाबाट सेवा प्रवाह तथा व्यावसायिक कार्य गरिरहेको राष्ट्रिय वाणिज्य बैंक लिमिटेड मुलुकको आर्थिक-सामाजिक रूपान्तरणमा अग्रगामी योगदान गर्न, संस्थागत सामाजिक उत्तरदायित्व निर्वाह गर्दै सरोकारवाला सबैको हित संरक्षण गर्न निरन्तर प्रयासरत रहने प्रतिबद्धता व्यक्त गर्दै सम्पूर्ण सरोकारवालाहरू तथा यस बैंकको प्रगतिको कामना गर्ने सम्पूर्ण महानुभावहरूप्रति हार्दिक धन्यवाद तथा शुभकामना व्यक्त गर्दछु।

अन्त्यमा, बैंकको वार्षिकोत्सवको अवसरमा प्रकाशन गरिने स्मारिका "**उपहार २०७८**" को लागि शुभकामना व्यक्त गर्दछु।

मिति : २०७८ माघ १०

(डा. बलराम पाठक)
अध्यक्ष
सञ्चालक समिति
राष्ट्रिय वाणिज्य बैंक लिमिटेड

सम्पादकीय

विगत ५६ वर्षदेखि निरन्तर सरकार तथा सर्वसाधारणको वित्तीय कारोबारको सहयात्री बनेको राष्ट्रिय वाणिज्य बैंक २०७८ माघ १० गतेबाट ५७ औँ वर्षमा प्रवेश गर्दै छ। पूर्ण सरकारी स्वामित्वमा स्थापना भएको यस बैंकले सो अवधिमा सरकार र जनताका वित्तीय कारोबारसँग सम्बन्धित आवश्यकताको सम्बोधन गरी सरकार र जनतामा सेवा प्रवाह गर्दै आएको छ । निकै सानो मौद्रिक कारोबारमा सीमित तत्कालीन अर्थतन्त्रीय परिवेशमा स्थापना भएको यस बैंकले देशैभरी छरिएर रहेका शाखा कार्यालयहरूमार्फत नेपाली जनतामा बैंकिङ प्रणालीमा आबद्ध हुने बानीको विकास गर्न सहयोग पुऱ्याउँदै देशको सामाजिक-आर्थिक विकासमा महत्त्वपूर्ण योगदान गर्दै आइरहेको छ।

हिमाल, पहाड र तराई क्षेत्रमा फैलिएका आफ्ना शाखाहरूमार्फत सर्वसाधारणलाई उनीहरूकै घरदैलोमा सुलभ बैंकिङ सेवा पुऱ्याइरहेको यस बैंकले उद्योग, व्यापार, प्राथमिकता प्राप्त क्षेत्र, उत्पादनशील क्षेत्र, पूर्वाधारका क्षेत्र, विपन्न वर्ग लगायतमा कर्जा प्रवाह गरी सरकारी नीति तथा कार्यक्रमलाई सफल बनाउनसमेत उल्लेख्य भूमिका निर्वाह गरिरहेको छ। उच्चतम प्रविधिको विकासले बैंकिङ सेवा प्रवाहलाई सरल, सहज र विस्तारित गरे तापनि वित्तीय तथा प्रविधिगत चुनौती भने बैंकिङ क्षेत्रमा थपिँदै गएका छन् । वित्तीय र प्राविधिक पक्षबाट सृजित चुनौतीलाई सफलतापूर्वक सामना गर्दै प्राप्त अवसरहरूको अधिकतम उपयोग गरी देशको आर्थिक समृद्धिको महत्त्वपूर्ण साझेदारका रूपमा क्रियाशील रहेको छ। कोभिड-१९ जस्तो महामारीद्वारा सृर्जित स्वास्थ्य सुरक्षाको जटिल समयका बाबजुद बैंकिङ सेवा प्रवाहलाई स्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण पालना गरी नियमित रूपमा सञ्चालन गर्दै आएका छौँ ।

बैंकका विभिन्न गतिविधिहरूमा नेपाल सरकार, नेपाल राष्ट्र बैंक, सेयरधनीहरू, कर्मचारी वर्ग, ग्राहक वर्ग, कर्मचारी युनियन लगायत सम्बद्ध सरोकारवाला पक्षहरूबाट प्राप्त सहयोग, सद्भाव र मार्ग निर्देशनप्रति हार्दिक आभार प्रकट गर्दै आगामी दिनमा समेत यसरी नै निरन्तर सहयोग, सद्भाव र मार्ग निर्देशन प्राप्त भइरहने कुरामा हामी विश्वस्त छौँ । बैंकबाट प्रदान हुने सेवाको गुणस्तर सुधारका प्रयासलाई निरन्तरता दिँदै स्रोत र साधनको प्रभावकारी व्यवस्थापनबाट ग्राहकमैत्री, आधुनिक एवं गुणस्तरीय बैंकिङ सेवा प्रदान गर्न दृढताका साथ निरन्तर लागिरहने प्रणसमेत गर्दछौँ ।

बैंकले प्रकाशन गरेको यस वार्षिकोत्सव विशेषाङ्कमा बैंकको वर्तमान अवस्था र भावी योजना तथा कार्यक्रमका सम्बन्धमा बैंकका प्रमुख कार्यकारी अधिकृत श्री किरणकुमार श्रेष्ठसँगको अन्तर्वार्ता एवम् लेखा, व्यवस्थापन, वित्तीय र अर्थशास्त्र विषयका साथै वित्तीय कारोबारमा प्रत्यक्ष-अप्रत्यक्ष रूपमा जोडिन आउने समसामयिक विषयवस्तुमा तथ्यपरक ढङ्गले लेखिएका सम्बन्धित विषय-विज्ञहरूका लेखरचनाहरूलाई समावेश गरिएको छ । यसमा समावेश भएका लेखहरू आर्थिक, बैंकिङ तथा व्यवस्थापन विषयमा रुचि राख्ने अनुसन्धानकर्ता, विद्यार्थी र सम्पूर्ण पाठक वर्गका लागि उपयोगी हुने विश्वास हामीले लिएका छौँ । यस विशेषाङ्कमा समावेश गरिएका सम्पूर्ण लेख-रचनाहरू लेखकका निजी विचारहरू रहेको बेहोरासमेत अवगत गराउँदछौँ ।

अन्त्यमा, विशेषाङ्कमा आफ्ना महत्त्वपूर्ण लेख-रचना उपलब्ध गराई सहयोग गर्नुहुने लेखकहरू र विशेषाङ्क प्रकाशनमा सहयोग पुऱ्याउनुहुने सम्बन्धित सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ । बैंकको ५७ औँ वर्ष प्रवेशका उपलक्ष्यमा बैंकलाई शुभकामना दिनुहुने सम्पूर्ण महानुभावहरूमा विशेष धन्यवाद ज्ञापन गर्दछौँ । धन्यवाद ।

विषय सूची

क्र.सं.	शीर्षक	लेखक	पृष्ठ
	नेपाली		
१	प्रमुख कार्यकारी अधिकृत श्री किरणकुमार श्रेष्ठज्यूको अन्तर्वार्ता		१
२	बैंक सञ्चालक समितिका पूर्व अध्यक्ष डा. रेवत बहादुर कार्कीज्यूको अन्तर्वार्ता		४
३	'समृद्ध नेपाल सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षा र त्यसको वित्तीय रणनीति	प्रा. डा. पुष्पराज कँडेल	७
४	कृषि क्षेत्रको रूपान्तरणका लागि हरियाली मोडेल	डा. मीनबहादुर श्रेष्ठ	१०
५	कोभिड-१९, आर्थिक पुनरुत्थान र वित्तीय स्थायित्व	डा. नीलम ढुङ्गाना तिम्सिना	१४
६	कहाँ हुन्छ भ्रष्टाचार ? कसरी हटाउने भ्रष्टाचार ?	गोपीनाथ मैनाली	१७
७	नेपालमा योगदानमा आधारित सामाजिक सुरक्षा - एक परिचय	कपिलमणि ज्ञवाली	२०
८	वाणिज्य बैंकहरूको स्रोत-साधन परिचालनको स्थिति र वर्तमान तरलताको अवस्था	रोमिला ढकाल उप्रेती	२३
९	विप्रेषण आप्रवाह र विदेशी विनिमय सञ्चितिको वर्तमान अवस्था	रामु पौडेल	२५
१०	अस्थिरता र अनिश्चिततातर्फ उन्मुख नेपालको अर्थतन्त्र : एक सिंहावलोकन	रमेशकुमार पोखरेल	२८
११	सरकारी बजेटको अवधारणा र नेपालमा यसको कार्यान्वयन अवस्था	रमेश अर्याल	३१
१२	नेपालको अर्थतन्त्र, बैंकहरूले सामना गरेका तरलता समस्या र समाधानका उपायहरू	सी.ए. देवेन्द्ररमण खनाल	३७
१३	वित्तीय संस्थाको सफलताका लागि संस्थागत नेतृत्व कि कुशल व्यवस्थापन ?	राजनविक्रम थापा	४०
१४	जलवायु परिवर्तन जोखिम र नेपालको वित्तीय क्षेत्र	हिमप्रसाद न्यौपाने	४४
१५	नेपालमा जलविद्युत् अर्थतन्त्रको भविष्य	जुनारबाबु बस्नेत	४८
१६	बैंकिङ कारोबारको पूर्ण समाधान	दुर्गा कँडेल (छत्कुली)	५२
१७	ग्राहकमैत्री बैंकिङमा वित्तीय साक्षरता र वित्तीय संरक्षणको भूमिका	डा. दिबाकर बशिष्ठ	५५
१८	भुक्तानी तथा फर्स्यौट प्रणाली : एक नीतिगत अध्ययन	आनन्द सुवेदी	५८
१९	वित्तीय साक्षरता अभिवृद्धिमा बैंक तथा वित्तीय संस्थाहरूको भूमिका	भोला पौडेल	६२
२०	मौद्रिक नीति २०७८।०७९ र डिजिटल भुक्तानीको कार्यदिशा	ऋषिराम ढकाल	६४
२१	व्यवस्थापन परीक्षण : एक बहुआयामिक विषय	हेमराज खरेल	६७
२२	नेपालको आर्थिक विकासमा वित्तीय क्षेत्रको बहुआयामिक भूमिका र आवश्यकता	डा. सुरोज टण्डन	७०
२३	जोखिम व्यवस्थापनको दृष्टिमा बिमा	रमेशकुमार पोखरेल	७५
२४	बैंकिङ कसुरसम्बन्धी कानुनी र व्यावहारिक पक्ष	विष्णुप्रसाद कण्डेल	७८
२५	तरलता समस्या : कारण, प्रभाव र समाधानका उपायहरू	युवराज घिमिरे	८३
२६	नेपालमा वित्तीय समावेशीकरण	ईश्वर उप्रेती	८६
२७	तरलता सङ्कटको कारण, प्रभाव र समाधान	लोकबहादुर चापागाईं	८९
२८	हचुवा नीतिले कोरोना बिमा भुक्तानी अन्योलमा	यज्ञ बञ्जाडे	९२
२९	बैंकिङ क्षेत्र र सञ्चार माध्यमबिचको सम्बन्ध	रोयल आचार्य	९४
३०	एक सफल ऋणीको स्मरण	राजकुमार ओझा	९७

English			
31	Need of Policy Coordination to Mitigate the Effects of COVID-19 Pandemic	Madhav Prasad Dahal, PhD	99
32	Landscape of Nepalese Banking Sector: Challenges and the Way Forward	Prakash Kumar Shrestha, PhD	103
33	Impression Management (IM)	Keshav Prasad Lamsal	106
34	KYC and Identity Theft	Debesh Prasad Lohani	107
35	Treasury Management of Banks (With reference to RBB)	Pawan Regmi	110
36	SMEs Financing in Nepal	CA Vinaya R Poudel	113
37	Role of local municipality & financial institution in management of agriculture credit in post Covid situation of Nepal	Ghuran Thakur	116
38	Business Strategy, Its meaning and our BFIs	Sohan Babu Khatri	119
39	Internal Control System in the Context of Commercial Banks	Dr. Suman Kumar Regmi	122
40	Securitization as a Financing Mechanism for BFIs	Ram Kumar Thapa	125
41	Stagflation - A Perspective	Krishna Shah	128
42	Balancing between Urgent and Important Activities	Bhawani Shankar Niroula	131
43	Cheque Bounce Viz a Viz Cheque Dishonor	Shiva Kumar Adhikari	133
44	Trade Finance: Documentary Credit	Arjun Bahadur Kandel	135
45	International Trade, Letter of Credit: Earnings and Challenges	Dwaipayan Regmi	139
46	Promoting Organizational Citizenship Behavior in Public Sector Enterprises	Saroj Lamichhane	142

अन्तर्वार्ता

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत श्री किरणकुमार श्रेष्ठसँग बैंकको ५७ औं वार्षिकोत्सवका अवसरमा स्मारिका उपहार-२०७८ का लागि प्रकाशन तथा प्रचार-प्रसार उपसमितिले लिइएको अन्तर्वार्ता :

सर्वप्रथम राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको वर्तमान वित्तीय अवस्थाका बारेमा सङ्क्षिप्तमा प्रकाश पारिदिनुहुन्छ कि ?

चालु आर्थिक वर्ष २०७८/०७९ को अर्धवार्षिक नतिजा आउन केही दिन बाँकी रहेको तर यस आ.व.को पहिलो ५ महिना (२०७८ मङ्सिर मसान्त) सम्मका वित्तीय नतिजाहरू सार्वजनिक भइसकेको आधारमा भन्नुपर्दा यस बैंकका मुख्य वित्तीय परिसूचकहरूमा निक्षेपतर्फ रु. २ खर्ब ३० अर्ब ४८ करोड, कर्जा लगानीतर्फ रु. २ खर्ब ९ अर्ब ४ करोड, खुद मुनाफा रु. १ अर्ब ८९ करोड रहेको छ। त्यसै गरी बैंकको कस्ट अफ फन्ड ४.०२ प्रतिशत, बेस रेट ६.१२ प्रतिशत, पुँजी कोष पर्याप्तता अनुपात १३.८१ प्रतिशत रहेको छ। बैंकको शाखा विस्तारअन्तर्गत हाल २५७ वटा शाखा सञ्जाल रहेका छन् भने २४५ वटा एटिएम टर्मिनल रहेका छन् । बैंकले हाल करिब ३७ लाख ग्राहकहरूलाई वित्तीय सेवा प्रदान गर्दै आइरहेको छ।

राष्ट्रिय वाणिज्य बैंकको सञ्चित मुनाफा बढ्दै गएको देखिन्छ। एक दुई वर्षदेखि सेयरधनीलाई लाभांश बाड्न बैंक सफल भएको छ। के अब बैंकका सबै वित्तीय परिसूचकहरू सकारात्मक भइसकेका हुन् ?

यस बैंकका वर्तमान वित्तीय परिसूचकहरूका बारेमा मैले अघिल्लो प्रश्नको जवाफमा नै प्रस्ट पारिसकेको छु कि यस बैंकले विगत वर्षहरूमा उल्लेख्य मुनाफा आर्जन गर्न सफल भएको छ। आ.व. २०७७/७८ को खाताबन्दीसम्म आइपुग्दा बैंकको सञ्चित कोष रु. १५ अर्बभन्दा बढी पुगेको छ। आ.व. २०७५/०७६ को मुनाफाबाट नै बैंकले सेयरधनीहरूलाई लाभांश वितरण गर्न थालेको छ । यस पछिका वर्षहरूमा पनि हामी निरन्तर रूपमा सेयरधनीहरूलाई लाभांश बाड्न सफल भएका छौं । नेपाल राष्ट्र बैंकले तोकेको सीमाभित्र रही गत आ.व. २०७७।७८ को मुनाफाबाट यस वर्ष सेयरधनीहरूलाई ३३ प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव बैंकको १६ औं वार्षिक साधारण सभाबाट पारित भइसकेको छ। यसबाट नै स्पष्ट हुन्छ कि बैंकका सबै वित्तीय परिसूचकहरू अब सकारात्मक भइसकेका छन्।

सार्वजनिक संस्थानहरूको सेवा प्रवाहप्रति आम नागरिकले गुनासो गर्ने गरेको देखिन्छ। यस बैंकको सेवा प्रवाहप्रति पनि ग्राहकहरूका गुनासा आउने गरेका छन् कि छैनन् ?

सार्वजनिक संस्थानहरूको प्रमुख कर्तव्य ग्राहक सेवा हो भने यस्ता संस्थाहरूले ग्राहकमैत्री व्यवहार गर्नै पर्दछ । हामीसँग प्रत्यक्ष रूपमा कारोबार गर्ने करिब ३५ लाख ग्राहकहरू छन्, त्यसबाहेक अप्रत्यक्ष रूपमा पनि धेरै ग्राहकहरूले हामीबाट सेवा लिइरहेका हुन्छन्। हामीले देशभर २५७ शाखा कार्यालयहरूमार्फत सेवा प्रवाह गरिरहेका छौं । ग्राहकलाई प्रदान गरिने सेवाको गुणस्तर वृद्धिका लागि ७ वटा प्रदेश कार्यालय र केन्द्रीय कार्यालयका विभिन्न विभागहरू पनि प्रयासरत रहेका छन्। यति हुँदाहुँदै पनि कहिलेकाहीँ हाम्रो सेवाप्रति ग्राहकहरूका गुनासा नआएका भने होइनन्। हामी त्यसलाई समयमा नै सम्बोधन गर्ने विषयमा गम्भीर छौं । ग्राहकहरूबाट प्राप्त गुनासालाई हामीले एकदमै सकारात्मक रूपमा लिएका छौं र त्यसबाट हाम्रा सेवाहरू सुधार गरेर लैजान नीति निर्माणमा ध्यान दिइरहेका छौं।

विगत केही वर्ष अघिसम्म बैंकिङ प्रणालीभित्र समय-समयमा तरलतामा चाप पर्दा राष्ट्रिय वाणिज्य बैंकलाई भने खासै असर पर्दैनथ्यो। तर यसपालि भने बैंकले नयाँ कर्जा लगानी बन्द गर्नुपर्ने स्थिति देखा पऱ्यो।

> हामीले नेपाल सरकारबाट रु. १ अर्ब प्राप्त गरिसकेका छौं भने थप रु. २ अर्बका लागि पनि कार्य अघि बढिसकेको अवस्था रहेको छ । प्रस्तावित ३० प्रतिशत बोनस सेयर रु. २ अर्ब ७५ करोडसमेत थपिँदा आगामी आषाढ मसान्तसम्म हाम्रो पुँजी रु. १४ अर्ब ९४ करोड पुग्ने छ ।

के राष्ट्रिय वाणिज्य बैंकलाई पनि तरलता चापको असर परेको हो ?

पक्कै पनि विगतका दिनसम्म बैंकिङ प्रणालीमा तरलता चाप पर्दा राष्ट्रिय वाणिज्य बैंकलाई त्यसको प्रभाव न्यून पर्ने गर्दथ्यो। तर हालको अवस्था फरक रहेको छ। स्रोतको अधिकतम परिचालन गर्ने बैंकको नीतिअनुसार यस बैंकको कर्जा निक्षेप अनुपात (CD Ratio) अन्य बैंकहरूको जस्तै उच्च रहेको अवस्थामा बैंकिङ क्षेत्रमा देखिएको तरलता अभावको प्रभाव यस बैंकलाई पनि पर्ने नै भयो । त्यसै गरी निक्षेप सङ्कलन कार्य वर्तमान अवस्थामा एकदमै प्रतिस्पर्धी बन्दै गएको छ। यसर्थ, नेपाल राष्ट्र बैंकको निर्देशनको पालना गर्दै व्यवसाय विस्तार गर्ने क्रममा राष्ट्रिय प्राथमिकताका क्षेत्र तथा उत्पादनशील क्षेत्रहरूमा स्रोत परिचालन गर्ने नीतिअनुरूप कर्जा लगानी गरिरहेको स्थितिमा वर्तमान तरलता सङ्कटका कारण हामीले कर्जा लगानीमा केही कसिलो रणनीति अपनाएको भए तापनि हामीले पूर्णतया कर्जा रोकेको अवस्था भने छैन।

अहिले बैंकिङ प्रणालीमा तरलता सङ्कटसँगै लगानीयोग्य रकमको अभाव देखिएको छ। यहाँको विचारमा यस्तो समस्या किन देखा पऱ्यो र यसको समाधान कसरी गर्न सकिन्छ ?

समय-समयमा अर्थतन्त्र विभिन्न समस्याबाट गुज्रिएर पुनः लयमा फर्कने क्रममा यस्तो तरलता चाप र लगानीयोग्य रकमको अभाव जस्ता समस्या आइनै रहन्छन् । तसर्थ यो नयाँ समस्या हो जस्तो लाग्दैन । हिजो अर्थतन्त्र कोभिड-१९ का कारण समस्यामा पर्दा सम्पूर्ण अर्थतन्त्र ठप्पप्रायःको अवस्थामा रहँदा तरलता उच्च रहेको थियो भने आज अर्थतन्त्र पुनः लयमा फर्कने क्रममा थप तरलताको माग हुनु नौलो कुरा होइन । हिजो तरलता अधिक हुँदा उक्त रकम गैरउत्पादनमूलक क्षेत्रमा जानुचाहिँ प्रमुख कारण हो आजको तरलता समस्याको, जसका कारण अर्थतन्त्रले मागेबमोजिमको कर्जा प्रवाह गर्न हामी असमर्थ

रह्यौँ । यसका अतिरिक्त तरलता समस्यामा निम्न कारणहरूले पनि प्रभाव पारेको देखिन्छ ।

- कोभिड-१९ पछिको New Normal को स्थितिमा कर्जाको अत्यधिक माग बढ्नु,
- विविध कारणले गर्दा पुँजीगत खर्च न्यून हुनु,
- विप्रेषणमा कमी आउनु,
- हिजो कोभिडका कारण बन्दप्रायः अवस्थामा रहेका उद्योगधन्दा, कलकारखाना पुनः सुचारु हुँदा कर्जाको माग पनि एक्कासी बढ्नु,
- अर्थतन्त्रले तत्काल खपत गरेको कर्जा पुनः बजारमा आउन समय लाग्नु,

हालको तरलता अभाव नयाँ नभई कोभिडपश्चात्को रिकभरिका लागि अत्यधिक कर्जा खपतको स्थितिले गर्दा सिर्जना भएको हो ।

समस्या समस्याकै रूपमा रह्यो भने त्यो अझ जटिल समस्याका रूपमा देखा पर्दछ । तसर्थ तरलताको समस्या समाधानका लागि मुख्यतः बैंकहरूको बैंकका रूपमा कार्य गर्ने नेपाल राष्ट्र बैंकले तरलता प्रवाह गर्नका लागि विभिन्न उपायहरू अपनाउँदै आएको छ । त्यस्तै गरी बैंक तथा वित्तीय संस्थाहरूले पनि कर्जा लगानी गर्दा उत्पादनमूलक क्षेत्रमा प्राथमिकता दिनुपर्दछ । नेपाल जस्तो मुलुकमा औपचारिक क्षेत्रबाट लिइएको कर्जा रकम अनौपचारिक क्षेत्रमा रोकिँदा समेत तरलता अभाव देखिने हुँदा सम्पूर्ण वित्तीय कारोबारलाई औपचारिक क्षेत्रमा ल्याउने प्रयासहरू हुनु पर्दछ । त्यस्तै गरी सरकारी खर्चहरूले गति पाउँदा पनि तरलता समस्याको हल हुन सक्दछ । बैंक तथा वित्तीय संस्थाहरूको विस्तार गरी वित्तीय पहुँच बढाउन सक्दा पनि निष्क्रिय पुँजीको परिचालन हुन सक्दछ ।

कोभिड-१९ को समयमा बैंकहरूले डिजिटाइजेसनमा राम्रै उपलब्धि हासिल गरेका छन्, नयाँ नयाँ बैंकिङ प्रोडक्टको विकास गरेका छन् । यसतर्फ राष्ट्रिय वाणिज्य बैंकले गरेका प्रयास र प्राप्त उपलब्धि के के हुन् ?

पक्कै पनि कोभिड-१९ अभिशाप मात्र नभई अवसरका रूपमा पनि रहेको छ । उक्त प्रकोपका कारण कष्टप्रद समय भोगेको अर्थतन्त्र तथा बैंकिङ क्षेत्रले केही नयाँ सिकाइका रूपमा डिजिटाइजेसनको मार्ग औँल्याउन सफल रहेको छ । यस प्रकोपको समयमा नेपाली बैंकहरू र नेपाली जनता प्रविधिमैत्री बनेको यो एक सम्झनयोग्य समय बनेको छ । यस बिचमा भुक्तानी तथा बैंकिङ सेवामा Digital माध्यमको प्रयोगमा उल्लेख्य बढोत्तरी भएको छ । व्यावसायिक निरन्तरताका लागि वैकल्पिक मार्गका रूपमा डिजिटल प्रविधि अवलम्बन गर्नुपर्ने दरिलो पाठसँगै बैंकिङ क्षेत्रले पनि विभिन्न प्रकारका डिजिटल सेवाहरूको थालनी गरेको पाइन्छ । राष्ट्रिय वाणिज्य बैंकले पनि यस क्रममा ग्राहकहरूलाई निरन्तर सेवा दिनका लागि Work From Home, Virtual Training/meeting को मार्ग औँल्याई सेवा प्रवाहमा नयाँ आयाम थपेको छ । त्यस्तै Online Account Opening, ATM, Mobile Banking, QR Code, POS Machine, Credit Card जस्ता बैंकिङ सेवाहरूको सुरुवात गरी आफूलाई डिजिटल माध्यमका क्षेत्रमा पनि सबल बैंकका रूपमा स्थापित गरेको छ ।

बैंकहरूले विद्युतीय कारोबार बढाउँदै लगिरहेका छन् । सँगसँगै यसमा जोखिम पनि उत्तिकै बढिरहेकै छ तर सूचना प्रविधिको सुरक्षामा आवश्यकताअनुसार बैंकहरूले ध्यान नदिएको भन्ने आरोप पनि छ । यसमा राष्ट्रिय वाणिज्य बैंकले मजबुत सूचना प्रणालीको विकासमा के-कसरी काम गरिरहेको छ ?

हाल सूचना प्रविधिको अभावमा बैंकिङ प्रणाली कल्पना बाहिरको विषय बनिसकेको अवस्थामा राष्ट्रिय वाणिज्य बैंकले पनि आफूलाई समयानुकूल सूचना प्रविधिसँगै परिवर्तन गर्दै लग्नुपर्ने आवश्यकता छ र गर्दै पनि आइरहेको छ । सूचना प्रविधिको प्रयोगसँगै आउने जोखिम न्यूनीकरणका लागि पनि बैंकले उत्तिकै सजग भई कार्य गरिरहेको छ । बैंकले आफ्नो Core Banking System लाई स्तरोन्नति गरिसकेको छ भने IT Enhancement Roadmap सञ्चालक समितिबाट स्वीकृत भई कार्यान्वयन अगाडि बढेको छ । बजारमा उपलब्ध प्रतिस्पर्धी बैंकिङ प्रणाली Core Banking System भित्र्याइने छ ।

बैंकमा केही वर्षदेखि नयाँ कर्मचारी भर्ना प्रक्रिया अवरुद्ध भयो । यसबिचमा बैंकले न्यूनतम कर्मचारीबाटै ग्राहकलाई बैंकिङ सेवा दिइरहेको छ । अहिले ठुलो सङ्ख्यामा कर्मचारी माग गरी विज्ञापन गर्नुभएको छ । भर्ना प्रक्रिया कहिलेसम्म टुङ्गिएर बैंकमा नयाँ कर्मचारी आइपुग्छन् ?

विगत ३ वर्षदेखि नयाँ कर्मचारी भर्ना प्रकृया प्रभावित हुँदा बैंक स्वयम्, रोजगारीका लागि अपेक्षित पिँढीहरू र ग्राहकवर्गले समेत केही समस्या भोग्नुपरेको थियो । तर हाल उक्त समस्याको हल भइसकेको अवस्थामा नयाँ कर्मचारी भर्ना प्रकृयाअन्तर्गत विभिन्न तहमा कुल ८३६ जना नयाँ कर्मचारीका लागि दरखास्त आह्वान गरिएको छ । नयाँ कर्मचारी भर्नाको सम्पूर्ण प्रकृया पूरा हुनका लागि करिब ४ देखि ५ महिना लाग्छ । सो अवधिमा नयाँ कर्मचारीहरू आइपुग्ने र आशा छ, बैंकका कार्यहरू पनि सहज रूपमा सुचारु हुने छन् ।

नेपाल सरकारको अधिकांश सेयर स्वामित्व भएको नेपालको एक मात्र वाणिज्य बैंक हो राष्ट्रिय वाणिज्य बैंक । अन्य प्रतिस्पर्धी बैंकहरूले पुँजी वृद्धि गर्दै लगिरहेको सन्दर्भमा यस बैंकको सेयर पुँजी वृद्धिका लागि केही योजना रहेको छ ?

आजका दिनमा आइपुग्दा हाम्रो भावी व्यवसाय विस्तारलाई हेर्दा बैंकसँग रहेको पुँजी अपर्याप्त हुने देखेर पुँजी वृद्धि योजनामा समेत लागेका छौँ । यस वर्षको अन्त्यसम्ममा रु. ३ अर्ब पुँजी नेपाल सरकारबाट थप्ने योजनाका साथ गत वर्षको अन्तमा नै हामीले नेपाल सरकारबाट रु. १ अर्ब प्राप्त गरिसकेका छौँ भने थप रु. २ अर्बका लागि पनि कार्य अघि बढिसकेको अवस्था रहेको छ । प्रस्तावित ३० प्रतिशत बोनस सेयर रु. २ अर्ब ७५ करोडसमेत थपिँदा आगामी आषाढ मसान्तसम्म हाम्रो पुँजी रु. १४ अर्ब ९४ करोड पुग्ने छ ।

बैंकलाई आम नेपालीको बैंकका रूपमा विकास गर्न आगामी दिनमा के के गर्ने कार्ययोजना बनाउनुभएको छ ?

राष्ट्रिय वाणिज्य बैंक हिजो पनि आम नेपालीको आवश्यकता र चाहनाअनुरूप सञ्चालनमा रहेको थियो भने आज पनि आफ्नो सेवा प्रवाहमा ग्राहकलाई पहिलो प्राथमिकतामा राख्दै आएको बैंक हो । त्यस्तै गरी आगामी दिनहरूमा पनि बैंकले ग्राहक सेवालाई सर्वोपरी मान्दै सेवा पुऱ्याउने छ भन्नेमा म फेरि पनि जोड दिन चाहन्छु । आजका दिनमा बैंकहरूको परिवर्तित आकार, विस्तारित कारोबार, भौगोलिक उपस्थिति आदिका कारण यस बैंकले पनि आगामी दिनमा अझ धेरै चुनौतीहरूको सामना गर्नुपर्ने देखिन्छ । यस्तो परिस्थितिमा यस बैंकले आफूलाई अझ सक्षम र सबल साबित गर्न उत्कृष्ट तथा परिष्कृत रणनीतिका साथ अघि बढ्नुपर्ने देखिएकाले आगामी दिनहरूमा हाम्रा योजनाहरू थप परिष्कृत रूपमा ग्राहक सेवामा पहुँच, सहजता र गुणस्तरीयताका साथै व्यवसाय विस्तारमा केन्द्रित रहने छन् । जसअन्तर्गत सङ्क्षेपमा कुरा गर्दा निम्न योजनाहरू रहने छन् ।

१. बैंकको विद्यमान कार्यपद्धतिहरूलाई छिटोछरितो, सरल, सहज र ग्राहकमुखी बनाउन सूचना प्रविधिको अधिकतम प्रयोग गर्ने उद्देश्यले बैंकका आधारभूत कार्यहरूमा Business Process Reengineering गर्ने,

२. बैंकमा भएका सम्पत्तिहरूको संरक्षणका साथै समुचित उपयोग गर्नका लागि Asset Utilization Plan बमोजिम कार्यहरू अघि बढाउने,
३. बैंकको समग्र व्यवसायलाई विस्तार गर्दै ग्राहक सेवालाई थप चुस्त र ग्राहकमुखी बनाउने,
४. निष्क्रिय कर्जाको प्रभावकारी व्यवस्थापनको कार्य NPA Management प्राथमिकताका साथ अघि बढाउने,
५. बैंकमा विद्यमान विविध प्रकारका जोखिमलाई न्यूनीकरण गर्न जोखिम व्यवस्थापन कार्यलाई थप परिष्कृत तथा प्रभावकारी बनाउँदै लैजानुका साथै AML/CFT को परिपालन (Compliance) को क्षेत्रमा समेत बैंकलाई अब्बल बनाउँदै लैजाने,
६. बैंकमा भएका सीमित स्रोत र साधनहरूको उच्चतम र मितव्ययी उपयोगमा ध्यान दिने,
७. सरकारले घोषणा गरेका सहुलियतपूर्ण कर्जा, पुनर्कर्जा जस्ता विशेष कार्यक्रमहरूलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्ने,
८. बैंकका कर्जा लगानीहरू उत्पादनमूलक तथा रोजगारीमूलक क्षेत्रमा केन्द्रित गर्दै अघि बढ्नुपर्ने,
९. निक्षेपकर्ता र ऋणीहरूको थप विश्वास आर्जन गर्ने र बैंकप्रतिको विश्वासलाई अझ उचाइमा पुऱ्याउने,
१०. लामो समयसम्म जनशक्ति अभावको समस्या झेलेको यस बैंकको जनशक्ति व्यवस्थापनमा जोड दिँदै उच्च मनोबलयुक्त जनशक्तिको विकास गर्दै लैजाने, कर्मचारीको कार्यसम्पादनमा निखारता, उत्पादकत्वमा वृद्धि र वस्तुगत रूपमा कार्यसम्पादन मूल्याङ्कन गर्नका लागि Reboust Performance Management System लागू गर्ने,
११. कर्मचारीको उत्पादकत्व वृद्धि गर्नका लागि आवश्यकताअनुसारका विभिन्न तालिम कार्यक्रमको आयोजना गरी कर्मचारीको सीप र दक्षताको विकास गर्ने,
१२. बैंकिङ दायरामा नसमेटिएका विभिन्न ठाउँमा छरिएर रहनुभएका ग्राहकहरू समक्ष वित्तीय सेवा विस्तार गरी सर्वसाधारणमा वित्तीय पहुँच अभिवृद्धि गर्ने,
१३. पुँजी वृद्धि योजनाबमोजिम बैंकको पुँजी वृद्धि गर्दै लैजाने,
१४. संस्थागत सुशासन तथा आन्तरिक नियन्त्रण प्रणालीलाई अझ सुदृढ बनाउन आवश्यक कार्यहरू सञ्चालन गर्ने,
१५. संस्थाका सम्पूर्ण क्रियाकलापलाई स्वचालित र एकीकृत गरी Enterprise Resource Program (ERP) को विकास तथा कार्यान्वयन गर्ने ।

बजारमा २७ वटा वाणिज्य बैंकहरू छन् । यस्तो प्रतिस्पर्धी बजारमा ग्राहकले राष्ट्रिय वाणिज्य बैंकबाटै बैंकिङ सेवा किन लिने ? बैंकमा सेवाग्राही आकर्षित हुने पक्षहरू बताइदिनुहोस् ।

राष्ट्रिय वाणिज्य बैंक एक यस्तो नाम हो, जसले बैंकिङ क्षेत्रमा विभिन्न कालहरू पार गरेर हालका दिनसम्म पुगेको छ । सुरुवाती समयमा देशमा बैंकिङ पहुँच बढाउँदै आर्थिक विकासका लागि पुँजी निर्माणमा योगदान गरेको यस बैंकले अर्थतन्त्र तथा ग्राहक वर्गमा धेरै प्रकारका योगदान तथा कार्यहरू गर्दै आम जनमानसमा गहिरो छाप तथा विश्वास दिलाउँदै आएको छ। हाम्रा ग्राहकहरूलाई राष्ट्रिय वाणिज्य बैंककै सेवा लिनुपर्ने धेरै कारणहरू रहेका छन् तर पनि सङ्क्षेपमा निम्न कुराहरूका कारण वित्तीय ग्राहकहरू यस बैंकको सेवा लिन आउनुपर्ने देख्छु :

- राष्ट्रिय वाणिज्य बैंकले बित्तीय पहुँचबाट वञ्चित ग्रामीण तथा दूरदराजका जनसमुदायसम्म पुगी बैंकिङ सेवा प्रवाह गरिरहेको,
- यस बैंकले महिला तथा पिछडिएका वर्गको उत्थानका लागि नेपाल सरकारका कार्यक्रमहरूलाई निर्वाध रूपमा कार्यान्वयन गर्दै आइरहेको,
- ग्राहकहरूलाई अझ छरितो सेवा दिनका लागि बैंकका कार्य प्रणालीलाई आधुनिक बनाई प्रविधिमैत्री सेवा प्रवाह गर्दै आइरहेको,
- समयानुकूल आफ्ना सेवाहरूलाई परिमार्जन गर्दै ग्राहकको सेवासम्बन्धी आवश्यकता पूरा गर्दै नाममा मात्र हैन काममा समेत तपाईंको आफ्नै बैंक बन्न सफल रहेको ।

बैंक सफलताका लागि विभिन्न सरोकारवालाहरूको भूमिका महत्त्वपूर्ण हुने गर्दछ । यसमध्ये ट्रेड युनियन पनि एउटा महत्त्वपूर्ण पक्ष भएकाले बैंकभित्र क्रियाशील कर्मचारी ट्रेड युनियन र व्यवस्थापनबिच कस्तो सम्बन्ध रहेको छ ?

बैंकको विकास र उन्नतिका लागि कर्मचारी सङ्गठनहरू बाधक नभई सहयात्री हुन् । बैंक व्यवस्थापन र कर्मचारी सङ्गठनहरूबिचको सम्बन्ध सुमधुर र एकआपसमा सहयोगी हुनुपर्दछ भन्ने मेरो मान्यता रहिआएको छ । यस अर्थमा हाल यस बैंकमा क्रियाशील कर्मचारी सङ्गठनहरूको भूमिका सकारात्मक नै पाएको छु। बैंकको आन्तरिक स्थिति र व्यवस्थापनको पहलकदमीको मूल्याङ्कन गर्दै कर्मचारी सङ्गठनहरूबाट प्राप्त सृजनात्मक सुझाव र सल्लाहले बैंकलाई अझ प्रतिस्पर्धी बनाउन मद्दत पुग्ने आशा लिएको छु र सो आशाबमोजिम रचनात्मक सुझावहरू प्राप्त भइरहेकै पनि छन् । बैंकमा रहनुभएका कर्मचारीहरूको उत्पादकत्व वृद्धिका साथै कर्मचारीको हित संरक्षण गर्दै बैंकको सुनौलो भविष्य निर्माण गर्ने जस्तो गम्भीर विषयमा कर्मचारी युनियन र व्यवस्थापनबिचको सम्बन्ध थप परिष्कृत रूपमा अघि बढ्ने नै छ । कर्मचारी सङ्गठनहरूको उपयुक्त र व्यावहारिक सल्लाह तथा सुझावले मलाई बैंक व्यवस्थापनमा ठुलो सहयोग पुगेकोमा उहाँहरूलाई धन्यवाद दिन चाहन्छु।

बैंकको ५७ औं वार्षिकोत्सवका अवसरमा थप केही सन्देश दिन चाहनुहुन्छ ?

सर्वप्रथम यस बैंकलाई आजका दिनसम्म आइपुग्न साथ दिइरहनुभएका सम्पूर्ण ग्राहकहरूप्रति हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु । त्यस्तै बैंकलाई प्रत्यक्ष-अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनु हुने समस्त शुभचिन्तक महानुभावहरूमा समेत आभार प्रकट गर्न चाहन्छु । त्यसै गरी बैंकलाई आजको अवस्थामा ल्याइपुऱ्याउन नीतिगत सल्लाह, सुझाव तथा निर्देशन प्रदान गर्ने नेपाल सरकार, नेपाल राष्ट्र बैंक लगायतका निकायहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु। ग्राहक सेवामा अहोरात्र खट्दै बैंकको उन्नति, प्रगतिमा योगदान पुऱ्याउने सम्पूर्ण कर्मचारी मित्रहरू तथा व्यवस्थापनलाई सृजनात्मक सल्लाह र सुझाव प्रदान गर्ने ट्रेड युनियनका साथीहरूलाई समेत हार्दिक धन्यवाद दिन चाहन्छु।

अन्त्यमा, बैंकको वार्षिकोत्सव स्मारिका **उपहार – २०७८** मा आफ्ना लेख, रचना तथा सृजना प्रदान गरी सहयोग पुऱ्याउनुहुने सबैमा धन्यवाद व्यक्त गर्दै बैंकको ५७ औं वार्षिकोत्सवका अवसरमा सबैमा शुभकामना प्रकट गर्न चाहन्छु।

***

अन्तर्वार्ता

अर्थतन्त्र र बैंकिङ क्षेत्रसँग सम्बन्धित समस्या तथा चुनौतीहरू, राष्ट्रिय वाणिज्य बैंकको विगत र वर्तमानको स्थिति एवम् आगामी रणनीति लगायत समसामयिक विषयमा अर्थविद् तथा यस बैंकका पूर्व अध्यक्ष डा. रेवतबहादुर कार्कीसँग बैंकको ५७ औँ वार्षिकोत्सवका अवसरमा बैंकको स्मारिका "उपहार २०७८" का लागि श्री ईश्वर उप्रेतीले लिनुभएको अन्तर्वार्ता :

आरामै हुनुहुन्छ ? केमा व्यस्त हुनुहुन्छ आजभोलि ?

हालसालै पारिवारिक भेटघाटका लागि अमेरिका गएको थिएँ । त्यो अवधिबाहेक नेपालमै रहेर प्रायः व्यस्त नै भइरहेको हुन्छु किनकि म Retired but not tired को अवधारणा अर्थात् जेष्ठ नागरिक पनि सधैँ सक्रिय भइरहनुपर्छ भन्ने मान्यतामा छु । मैले अन्तर्राष्ट्रिय क्षेत्रमा काम गर्नुका साथै नेपालका धेरै संस्थाहरू, जस्तै - नेपाल धितोपत्र बोर्ड, नेप्से, रा.वा. बैंक, ग्रामीण बैंकको नेतृत्व लिनुका अतिरिक्त देशको केन्द्रीय बैंकमा पनि लामो समय काम गरेको छु । गरिबहरूको सेवा गर्ने ग्रामीण लघुवित्तमा काम गर्दा सवैभन्दा धेरै सन्तुष्टि तथा आनन्द मिलेको थियो । तसर्थ अहिले पनि त्यही लघुवित्तसम्बन्धी तालिम तथा अनुसन्धानसम्बन्धी सस्थाको अध्यक्षताका हिसाबले संलग्न भइरहेको छु भने अर्कोतर्फ लकडाउनको फुर्सदको समयलाई प्रयोग गरी यही बडादर्शै अघि नेपालको अर्थतन्त्रका सबै क्षेत्र/आयामहरूलाई समेटर **नेपालको अर्थतन्त्रका आयामहरू** नामक पुस्तक प्रकाशन गरेको छु । समग्रमा खास गरी नेपालको अर्थतन्त्र, बैंकिङ, पुँजी बजार इत्यादिमा कलम चलाइरहेको छु ।

तपाईंद्वारा लिखित पुस्तक 'नेपालको अर्थतन्त्रका आयामहरू' का बारेमा सङ्क्षेपमा बताइदिनुहोस् । साथै किताब, लेखहरूमार्फत् अर्थतन्त्रबारे अद्यावधिक भइरहनुभएकाले देशको अर्थतन्त्रको वर्तमान अवस्था, चुनौती र सम्भावनाबारे समेत प्रस्ट पारिदिनुहुन्छ कि ?

सबैभन्दा पहिले त हालै प्रकाशित पुस्तकका बारेमा केही भन्न चाहन्छु। विगत ४० वर्षदेखि नेपाल तथा अन्तर्राष्ट्रिय संस्थाहरूमा आर्थिक, बैंकिङ, मौद्रिक, पुँजी बजार र बाह्य क्षेत्रमा काम गर्दाको अनुभवका आधारमा आफूले बुझेको नेपालको अर्थतन्त्र र यसका विभिन्न पक्षहरूका बारेमा विश्लेषण गर्ने जमर्को यस पुस्तकमा गरिएको छ । यस पुस्तकमा अर्थतन्त्रका चार वटा मुख्य पाटो मानिने वास्तविक क्षेत्र, सार्वजनिक/सरकारी वित्त, वित्तीय (मौद्रिक र पुँजी बजार) क्षेत्र र बाह्य/वैदेशिक व्यापार तथा भुक्तानी गरी चार आयामको परिचय, विषयवस्तु, समस्या तथा चुनौतीहरूका बारेमा विस्तृत रूपमा चर्चा गरिएको छ । परिचयात्मक खण्डमा नेपालको अर्थतन्त्र तथा यसका प्रमुख विषयवस्तुहरू र अर्थतन्त्रको झलकसहित नेपालको अर्थतन्त्रका समष्टिगत समस्या र चुनौतीहरूलाई सङ्क्षिप्त रूपमा उल्लेख गरिएको छ ।

वर्तमान अवस्थाका बारेमा छलफल गर्दा यसका सबै चार क्षेत्र - वास्तविक क्षेत्र, सरकारी वित्त क्षेत्र, वित्तीय (मौद्रिक र पुँजी बजार) क्षेत्र र वैदेशिक व्यापार तथा भुक्तानीका बारेमा बाह्य स्थितिका आधारमा समष्टिगत स्थितिको लेखाजोखा गर्नु आवश्यक छ । यस परिप्रेक्ष्यमा मूल्याकङ्न गर्दा आर्थिक स्थिति जटिल अवस्थातिर धकेलिँदै गएको छ । विनाशकारी भूकम्पपश्चात् विगत दुई वर्षदेखि कोभिड-१९ को मारबाट अर्थतन्त्र प्रताडित भइरहेको छ । आ.व. २०७६।७७ मा आर्थिक वृद्धि २ प्रतिशतले ह्रास भएको र गत आ.व. २०७७।७८ मा करिब २ प्रतिशतको हाराहारीमा मात्र वृद्धि भएको छ । जहाँसम्म चालु आ.व. २०७८।७९ मा पहिलेको सरकारले ६.५ प्रतिशत र अहिलेको सरकारले ७ प्रतिशतको अविश्वसनीय आर्थिक वृद्धिको लक्ष्य राखेका छन् तर यथार्थमा यस आ.व.को हालसम्म अर्थात् प्रथम ४-५ महिनासम्मको स्थिति हेर्दा अर्थतन्त्र लयमा फर्कन खोजे तापनि

> "करिब रु. २३ अर्ब ऋणात्मक नेटवर्थबाट केही वर्षदेखि सेयरधनी नेपाल सरकारलाई लाभांश वितरण गर्न सफल हुनु खतम भइसकेको बैंकको लागि गौरवमय उपलब्धि हो ।

साना व्यवसाय र तल्लो वर्गलाई उचित राहतको अभावमा कतिपय यस्ता व्यवसाय बन्द भइसकेका, करिब १५ लाखले रोजगारी गुमाएको तथा तरलता सङ्कटले आर्थिक गतिविधिको वेगमा रोक लगाएको परिप्रेक्ष्यमा पूरै लयमा फर्कन सकेको छैन । अर्कोतर्फे बेमौसमको वर्षा र बाढीले गर्दा धान करिब ९ प्रतिशतले घटेको तथ्याङ्क आएको छ । यस आधारमा यो वर्षको आर्थिक वृद्धि विश्व बैंक र एडिबीको ४ प्रतिशतको प्रक्षेपणको हाराहारीमा करिब ४.५ प्रतिशतसम्म रहने देखिन्छ ।

सरकारी वित्तमा आयात बढेका आधारमा राजस्व वृद्धि सन्तोषजनक भए तापनि प्रथम ६ महिनामा पुँजीगत खर्च ८ प्रतिशत अर्थात् अत्यन्तै न्यून देखिन्छ भने अर्कोतर्फ चालु खर्चको गतिलाई रोक्न सरकारले सकेको छैन । यसले गर्दा वैदेशिक अनुदान र ऋण पनि ज्यादै कम आएको छ । त्यस्तै सरकारले पुँजीगत खर्च बढाउन नसकेको, वैदेशिक अनुदान र ऋणको न्यून प्राप्तिका साथै नियमन निकायले निक्षेप परिचालनमा नियन्त्रण गर्दा खुला सीमानामा पुँजी बाहिरिएर अझ तरलता सङ्कट गहिरिँदै गएकाले बैंकिङ क्षेत्र पनि अस्तव्यस्त छ भने पुँजी बजार झन धराशायी हुँदै गएको छ ।

विगतमा भूकम्प र लकडाउनका कारण कम आयात भई शोधनान्तर बचत भएकोमा बाह्य क्षेत्र सुध्रिएको सरकारलाई भान भइरहेको थियो । हाल अर्थतन्त्र खुला हुँदा आयात वृद्धि उच्च भएको, यथार्थ निर्यात खास वृद्धि हुन नसक्नु साथै व्रिपेषण आय पनि घटेको हुँदा गत आ.व.देखि नै शोधनान्तर घाटा बढ्दै गई बाह्य क्षेत्रमा ठुलो दबाब परेको छ । यो स्थितिले अर्थतन्त्र गम्भीर सङ्कटतर्फ गइरहेकाले सरकार संवेदनशील भई समयमा नै उचित सम्बोधन गर्नु अत्यावश्यक छ ।

माथि आर्थिक स्थितिको विश्लेषणबाट नै अर्थतन्त्रका केही चुनौती तथा समस्याहरू उजागर भइसकेका छन् । न्यून लगानी, न्यून आर्थिक

वृद्धि हाम्रो मुख्य समस्या हो। उदारीकरण नीतिमा अस्पष्टता भई सरकार परिवर्तसँगै नीतिगत स्थिरता नहुँदा विगत ३० वर्षमा नेपालको औसत वार्षिक यथार्थ आर्थिक वृद्धि ४.५ प्रतिशतको हाराहारीभन्दा माथि जान सकेको छैन। जबकि छिमेकी देश भारतले उदार नीति अपनाई सरकार परिवर्तन भए पनि नीतिगत स्थिरता हुँदा गएको दशकमा करिब ८ प्रतिशतको वृद्धि हासिल गरेको छ। नेपाल करिब ११०० अमेरिकी डलर वार्षिक प्रतिव्यक्ति आय भएका विश्वका ४६ न्यून आय भएका देशमध्ये एक हो र आय बढाई स्तरोन्नति गर्ने कार्य पनि निकै चुनौतीपूर्ण छ। त्यस्तै सरकारी वित्तमा सरकारको विकास खर्च प्रशोचण क्षमता कमजोर हुनु अर्को ठुलो चुनौती हो। घरी उच्च तरलता, घरी तरलता सङ्कट मौद्रिक क्षेत्रको नियमित समस्या जस्तै भएको छ भने लकडाउन र यसपश्चात् पनि लामो अवधिसम्म नियमनमा छुट हुनुका साथै नियमन निकायको बलियो सुपरिवेक्षण हुन नसक्दा वित्तीय क्षेत्रमा सिस्टमिक रिस्क निकै बढेको छ। त्यस्तै पुँजी बजार अस्थिर र प्रारम्भिक अवस्थाबाट नै गुज्रिरहेको छ। आयात लगातार बढ्दै जानु तर वस्तु र सेवाको निर्यात कमजोर हुँदा बाह्य क्षेत्र पहिलेदेखि नै कमजोर हुँदै गइरहेकोमा विप्रेषण, वैदेशिक अनुदान र ऋणले केही थेगिरहेकोमा अहिले यी अवयवहरू पनि कमजोर हुँदा बाह्य क्षेत्र भयावह हुँदै गएको छ। त्यस्तै नेपालको अर्थतन्त्रको अझै पनि ४० प्रतिशतको हाराहारीमा रहेको अनौपचारिक (Informal) क्षेत्रलाई औपचारीकरण गरी नीतिगत प्रभावकारिता बढाउनुपर्ने ठुलो चुनौती रहेको छ।

तर यी समस्या र चुनौतीका बिचमा पनि **बादलमा चाँदीको घेरा भएजस्तै सम्भावनाहरू प्रशस्त** छन्। नेपालमा पर्यटन विकासको प्रचुर सम्भावनाका साथै ब्राजिलपछि विश्वको दोस्रो जलविद्युत् उत्पादन क्षमता (८३ हजार मेघावाट) भएको देश मात्र होइन, सौर्य ऊर्जा र वायु ऊर्जामा पनि विशेष क्षमता रहेको छ। सौर्य ऊर्जा उत्पादन क्षमता करिब ५० हजार टेरावाट प्रतिघण्टा छ, जुन हालको जलविद्युत् क्षमताभन्दा करिब १०० गुणा बढी हो। साथै वायु ऊर्जा उत्पादन क्षमता लगभग तीन हजार मेगावाट रहेको अनुमान छ। यी प्राकृतिक साधनलाई परिचालन गरी मुलुकको विकासको गति बढाउन प्रशस्त सम्भावनाहरू छन्। **उदार आर्थिक नीतिप्रति सर्वदलीय सहमति भई सुशासनका आधारमा व्यावसायिकताका साथ कार्यान्वयन क्षमता वृद्धि गर्न सकेमा मुलुकले उच्च अङ्कको आर्थिक वृद्धि हासिल गर्ने र यसले दिगो आर्थिक विकास हासिल गर्नमा समेत सहयोग पुग्ने छ।**

राष्ट्रिय वणिज्य बैंकको अध्यक्षका रूपमा विगतमा जिम्मेवारी वहन गर्नुहुँदा बैंकको अवस्था कस्तो पाउनु भएको थियो ?

यस बैंकको अवस्था म अध्यक्ष हुँदाको अवधिधन्दा केही अगाडिदेखि विश्लेषण गर्नु सान्दर्भिक ठान्दछु। वि.सं. २०४० को दशकदेखि नै यो बैंकसहित सरकारी बैंकहरूको स्थिति खस्कँदै गएको थियो भने अर्कोतिर २०४१ सालदेखि संयुक्त लगानीमा विदेशी बैंकहरू स्थापित हुँदै गई बैंकिङ क्षेत्रमा आधुनिक बैंकिङ सुविधाहरू दिइन थालियो, जसबाट यस क्षेत्रले ठुलो फड्को मार्‍यो। तर सरकारी बैंकहरूको वित्तीय स्थिति नाजुक हुनुका साथै बैंकिङ सेवा पनि परम्परागत किसिमको थियो। त्यसैले गर्दा यी बैंकहरू (रा.वा. बैंक र नेपाल बैंक) को सुधारको आवश्यकता महसुस भई आ.व. २०५५।५६ सम्म वित्तीय स्थिति सुधारका लागि CB PASS सहित दुई अध्ययनहरू भए तर कार्यान्वयनमा भने खासै हुन सकेन।

तसर्थ आ.व. २०५६ र २०५७ सालतिर केन्द्रीय बैंकले केपिएमजी नामक अमेरिकाको अन्तर्राष्ट्रिय अडिट फर्मबाट यी दुवै बैंकको वित्तीयसहित बृहत् अध्ययन गरायो, जसले यी बैंकको यथार्थ स्थिति स्पष्ट पार्दै व्यावहारिक सुधारको खाका पनि प्रस्तुत गरेको थियो। यस बैंकको रु. २३ अर्ब नेगेटिभ नेटवर्थ (६२ प्रतिशत खराब कर्जा दर) र नेपाल बैंकको रु.१३ अर्ब नेगेटिभ नेटवर्थ (२४ प्रतिशत खराब कर्जा दर) भई वित्तीय स्थिति भयावह देखियो। यस्तो अवस्था देखिएपछि जनविश्वास गुम्ला भन्ने भयले त्यस वेला नेपाल राष्ट्र बैंकको नियमन विभागको डेपुटी प्रमुख भएका हैसियतले यी बैंकको यस्तो स्थिति भए पनि सरकारी बैंक भएको र ठुला बैंक भएकाले यी बैंक खतम भइहाल्दैनन् भनी त्यस वेला कान्तिपुर दैनिकमा लेखसमेत लेखेको स्मरण गराउन चाहन्छु।

केपिएमजीको सुझावअनुसार विश्व बैंकको वित्तीय क्षेत्र सुधार कार्यक्रमअन्तर्गत बैंकको व्यवस्थापन विदेशी व्यवस्थापनलाई दिनेदेखि पुँजी थप्नेसहितका विभिन्न किसिमका सुधारहरू गर्दै लगियो। त्यसअनुसार म अध्यक्ष हुँदा २०७१-२०७२ तिर बैंकमा धेरै संरचनात्मक सुधारहरू भइसकेका थिए। तर पनि त्यस वेला नेटवर्थ पोजिटिभ भई करिब ८० प्रतिशत पुगी १० प्रतिशत अझै नेगेटिभ नेटवर्थ रहेको थियो भने परम्परागत बैंकिङ सेवासहित यसको समष्टिगत व्यवस्थापनमा पनि सुधार हुँदै गएको थियो। त्यस वेला यसको नेटवर्थको मूल्याङ्कन गराउँदा यो नेटवर्थ करिब रु. १२५ प्रतिशत पुगेको थियो।

खास गरी सरकारी बैंकहरूको सुधारका लागि विगतदेखि नै विभिन्न प्रयासहरू भइरहे। ती कतिपय सुधारमा यहाँ पनि सँगसँगै हुनुहुन्थ्यो। परिणामलाई हेर्दा के त्यस्ता प्रयासहरू बैंक सुधारका लागि पर्याप्त थिए ?

बैंकको आफ्नै तर्फबाट र म कार्यरत रहेको केन्द्रीय बैंकका तर्फवाट माथि उल्लेख गरेझैं यी बैंकको सुधारका लागि आ.व. २०५५।५६ सम्म वित्तीय स्थिति सुधारका लागि CB PASS सहित दुई अध्ययनहरू भए तर अध्ययन प्रतिवेदनले दिएका सुझावको कार्यान्वयनमा भने खासै प्रगति हुन सकेन।

यहाँले भनेजस्तै यी सरकारी बैंकहरूको सुधारको क्रममा म नियामक निकायको नियमन विभागमा उपप्रमुख र अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) मा आर्थिक सल्लाहकारको हैसियतमा नेपालको वित्तीय क्षेत्र र खास गरी यी बैंकहरूको सुधार कार्यमा अप्रत्यक्ष रूपमा संलग्न थिएँ। वि.सं. २०५६, २०५७ सालतिर केन्द्रीय बैंकले केपिएमजी नामक अमेरिकाको अन्तर्राष्ट्रिय अडिट फर्मबाट यी दुवै बैंकको वित्तीयसहित बृहत् अध्ययन गरायो, जसबाट सो फर्मले यी बैंकको यथार्थ स्थिति स्पष्ट पार्दै व्यावहारिक सुधारको खाका पनि प्रस्तुत गरेको थियो।

यी सुधारका प्रयासमध्ये पहिलेका दुई अध्ययनले गरेका सुधारका प्रयास सफल नभएको विनाहिच्चिकचाहट भन्नै पर्दछ। तर सुधारको तेस्रो अध्ययनका रूपमा केपिएमजीको अध्ययन र यसको सुझावअनुसार विश्व बैंकको वित्तीय क्षेत्र सुधार कार्यक्रम मात्रै प्रभावकारी रूपमा संरचनात्मक सुधार गर्न सफल भयो। जबकि यसरी बैंकहरूको सुधार हुन्छ भन्ने धेरैलाई विश्वास थिएन। यस सुधारअन्तर्गत यी बैंकलाई शतप्रतिशत निजी क्षेत्रमा विनिवेश गर्ने भन्ने थियो। निजी क्षेत्र पनि त्यति बलियो रूपमा किास भई सुशासित नभइसकेको परिप्रेक्ष्यमा सरकारका अधिकांश वा उल्लेख्य सेयर स्वामित्व हुनुपर्ने देखिन्छ। यस सन्दर्भमा नेपाल बैंकको अधिकांश सेयर निजी क्षेत्रलाई विनिवेश गरिएको छ। तर यस बैंकको कम्तीमा र ३० प्रतिशत सेयर बाफियाअनुसार साधारण र कर्मचारीमा विनिवेश गर्ने नेपाल सरकारको निर्णय भए तापनि एउटा बैंक पूर्ण सरकारी चाहिन्छ भन्ने परम्परागत मान्यता लिई हालसम्म पनि विनिवेश हुन नसक्नु दुर्भाग्यपूर्ण नै मान्नुपर्दछ। कम्तीमा ३० प्रतिशत र बढीमा ४९ प्रतिशतसम्म विनिवेश गरी सरकारी बैंकमा अत्यधिक हस्तक्षेप हुन नदिन चेक एन्ड ब्यालेन्सको व्यवस्था हुनु अपरिहार्य छ। यस बैंकले एनआइडिसीलाई प्राप्ति गरेसँगै एनआइडिसीमा भएको सर्वसाधारणको सेयर पनि प्राप्त भयो, जसबाट यो बैंक शतप्रतिशत

सरकारी स्वामित्वको रहेन। अब यसमा सर्वसाधारणको केही स्वामित्व भइसकेपछि ३० प्रतिशत पनि विनिवेश गरी अझै सेयर स्वामित्वमा संरचनात्मक परिवर्तन गर्नु निश्चयनै बैंकको हितमा हुने छ भन्ने लाग्छ।

राष्ट्रिय वाणिज्य बैंक इतिहासमै विगत केही वर्षदेखि यसले बैंक प्रतिस्पर्धी रूपमा अगाडि बढिरहेको देखिन्छ । के बैंकको वर्तमान वित्तीय अवस्थाबाट अब सन्तुष्ट हुन सकिन्छ ?

करिब रु. २३ अर्ब ऋणात्मक नेटवर्थबाट केही वर्षदेखि सेयरधनी नेपाल सरकारलाई लाभांश वितरण गर्न सफल हुनु खतम भइसकेको बैंकको लागि गौरवमय उपलब्धि हो। सन २००९ को वित्त सङ्कटमा सरकारी बैंकको विश्वसनीयता वृद्धि भएको हुँदा सरकारी बैंक हुँदाका केही फाइदाहरू पनि छन। सरकारी बैंक खतम भइहाल्दैन भनेर पनि कतिपय निक्षेप विनाप्रतिस्पर्धा यसमा आउने गर्दछन् । यस्ता केही फइदाले पनि यस बैंकलाई निजी क्षेत्रको जस्तो प्रतिस्पर्धामा जानुपर्दैन जस्तो देखिन्छ। तर कतिपयले सरकारी बैंकको सेवा कमजोर भनी सामान्य रूपमा आलोचना पनि गर्दछन्। बैंक तथा वित्तीय संस्थाको कुल निक्षेप सङ्कलन र ऋण प्रवाहमा यसको आनुपातिक योगदान उल्लेख्य घटी हाल ५/६ प्रतिशत मात्र रहेको छ। तसर्थ पनि यसमा अरू सुधार, जुन समयको गतिअनुसार निरन्तर चलिरहने प्रकृया पनि हो, लाई गर्दै जानुपर्दछ। तसर्थ अहिलेको प्रतिस्पर्धामा बैंकलाई अझ यसको साङ्गठनिक क्षमतामा सुधार र अत्याधुनिक बैंकिङ सेवामा अझ चुस्त गर्न आवश्यक छ।

कुनै वेला राष्ट्रिय वाणिज्य बैंक बैंकिङ क्षेत्रकै केन्द्रविन्दुमा थियो । अहिले मर्जरले तथा अन्य कारणले निजी क्षेत्रका बैंकहरू बलिया हुँदै गएका छन्। यसबाट राष्ट्रिय वाणिज्य बैंकलाई थपिने चुनौती र सो चुनौतीलाई सामना गर्न बैंकले कस्तो नीति लिनु पर्ला ?

२०५० सालसम्म योसहित सरकारी बैंकहरू निक्षेप तथा ऋण प्रवाहमा अग्रणी स्थान रहेकोमा मुख्यतः यो बैंक ठुलो ऋणात्मक नेटवर्थबाट नाफामा लगी बैंकिङ सेवामा सुधार गर्दै लैजान झन्डै १६/१७ वर्षसम्म समय लाग्यो । त्यही वेला नयाँ नयाँ वाणिज्य बैंकहरू आउने, प्रतिस्पर्धात्मक सेवा दिने, मर्जर र प्राप्तिबाट ठुला हुने इत्यादि होड चलिरहेको छ, जुन प्रतिस्पर्धाका लागि राम्रो पक्ष हो। यसबाट निजी क्षेत्रका बैंकहरूलाई सुधार गर्न सहज हुन्छ, जबकि सरकारीमा यस्तो सहज हुन्न। यस सन्दर्भमा तीन सरकारी बैंकमा कृषि वित्तमा विशिष्टीकरण गरी यसको छुट्टै सेवा दिइरहेको र एडिबीको सहयोगमा सुधार गरिरहेको कृषि बैंकलाई छोडेर एउटै सुधार योजनाबाट सुधार भएका नेपाल बैंक र रा.वा. बैंकलाई मर्जरमा लैजाने एक विकल्प हुन सक्छ भने अर्कोतिर यी बैंकमा मुख्य रूपमा यस बैंकको सरकारी स्वामित्वमा विनिवेश गर्ने र अन्य बैंकिङ सेवामा पनि अरू सुधार गर्दै जाने नीति लिई प्रतिस्पर्धात्मक क्षमता वढाउनु आवश्यक छ।

बैंकिङ क्षेत्रमा विभिन्न किसिमका चुनौतीहरू आइरहेका छन्। यसबाट जोगिएर राष्ट्रिय वाणिज्य बैंकको थप सुदृढीकरण गर्न कस्ता नीति तथा कार्यक्रम तय हुनुपर्दछ जस्तो लाग्छ ?

कि उच्च तरलता कि तरलता सङ्कट बैंकिङ क्षेत्रको नियमित समस्या जस्तै भएको छ। लकडाउन र यसपश्चात् पनि लामो अवधिसम्म नियमनमा छुट हुनुका साथै नियमन निकायको बलियो सुपरिवेक्षण हुन नसक्दा बैंकिङ क्षेत्रमा सिस्टमिक रिस्क निकै बढेको छ। यसले बैंकिङ/वित्तीय क्षेत्रको स्थायित्वमा ठुलो चुनौती थपिएको छ। त्यस्तै एकोहोरो बैंक धेरै भयो भनी नियामक निकायले मर्जर नीतिलाई प्रोत्साहन गरिरहेको छ। तर अर्थतन्त्रको आवश्यकताअनुसार कतिवटा बैंक चाहिन्छन्, स्पष्ट नीतिको अभाव देखिन्छ । बैंकिङ पहुँच र प्रतिस्पर्धामा आँच नआउने गरी यस्तो मर्जर नीति ल्याउनु आवश्यक छ। त्यस्तै बैंकिङ क्षेत्रमा ब्याज दर निर्धारणमा नियन्त्रण वा कार्टेलिङमा प्रोत्साहन गर्ने नीति प्रतिस्पर्धात्मक वातावरण बनाउनमा ठुलो समस्या तथा अवरोध देखिएको छ। तसर्थ यसमा नियामक निकायले सुधार गर्दै लैजानु एकातर्फ आवश्यक छ भने अर्कोतर्फ विद्यमान परिस्थितिमा आफ्नो संस्थालाई फिट गरी अगाडि बढ्नुपर्दछ। यो संस्थालाई मजबुत बनाउँदै लैजाने हो भने सरकारी हस्तक्षेप कम हुने गरी आंशिक विनिवेश एक मात्र महत्त्वपूर्ण कदम हो।

तपाईंको कार्यकालमा भएका केही अविस्मरणीय घटना छन् ?

म यस बैंकको अध्यक्ष भएको एक-डेढ वर्षमा नै नेपाल सरकारबाट नेपाल धितापत्र बोर्डको अध्यक्ष (कार्यकारी) नियुक्त भएको हुँदा मेरो कार्यकाल छोटो रहेको छ। तापनि मेरो नेतृत्व कालका केही महत्त्वपूर्ण सुधार/घटना बुँदागत रूपमा प्रस्तुत गर्न चाहन्छु :

(क) केपिएमजीको सुझाव र आधुनिक बैंकिङका आधारभूत सिद्धान्तबमोजिम अरू सुधारहरू गर्दै लगी यसको नेटवर्थको मूल्याङ्कन अध्ययन गराइयो, जसबाट कागजी नेटवर्थ रु. ८० मात्र रहेकोमा मूल्याङ्कनबाट नेटवर्थ करिब १२५ प्रतिशत पुऱ्याई बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐनबमोजिम जनसाधारणको सहभागिता गराउने उद्देश्यले नेपाल सरकार मन्त्रिपरिषद्बाट यसको सेयर स्वामित्व ३० प्रतिशत सेयर सर्वसाधारण र कर्मचारीमा विनिवेश गर्ने निर्णय गराउन सफल भइएको थियो। तर त्यसलाई पछिका सरकारले हालसम्म पनि कार्यान्वयनमा ल्याएका छैनन्, जुन रिग्रेसिभ कदम हो। बैंकको हितका लागि यो कार्य अझै पनि गर्नु अपरिहार्य नै छ।

(ख) आ.व. २०७२।७३ को बजेट बनाउने सम्बन्धमा योजना आयोगका पूर्व सदस्य तथा बैंकका सञ्चालकको संयोजकत्वमा बजेट तयारी उपसमिति बनाइएको थियो । त्यो उपसमितिले परम्परागत रूपमा वित्तीय बजेट बनाएकामा त्यसमा संरचनात्मक हिसाबले सुधार गरियो । त्यसअनुसार पहिलो पटक बैंकको कार्यक्रम पहिले पारित गर्ने र त्यसपश्चात् सो कार्यक्रमका आधारमा बजेट बनाउने परिपाटी अर्थात् कार्यक्रम बजेटको सुरुआत गरियो । यसले बैंकको बजेट/कार्यक्रम निर्माणका क्रममा नयाँ अध्याय थपेको छ।

(ग) संस्थालाई जीवन्त बनाउने नै जनशक्ति/कर्मचारी वर्ग हो । तसर्थ परम्परागत बैंकिङमा आधारित अधिकांश जनशक्तिलाई आधुनिक बैंकिङ सेवामा अन्य उपयुक्त देशमा Practical expose गराई कार्यकुशलता बढाउने उद्देश्यले न्यूनतम योग्यता पुगेका सबै अधिकृत कर्मचारीलाई तीन वर्षमा र अन्य सहायकस्तरका सबै कर्मचारीलाई पाँच वर्षभित्र अल्पकालीन तालिम उपलब्ध गराउने आ.व. २०७२।७३ को कार्यक्रममा पारित नै गरिएको थियो। यस सन्दर्भमा यो महत्त्वपूर्ण कदम हो ।

(घ) धेरै वर्षदेखि बैंकको सञ्चालक समितिका बैठकमा मुख्यतः खानामा अधिक खर्च गर्ने परिपाटी अपनाउँदै आएकोमा २०७२ श्रावणदेखि यस्तो खर्चमा मितव्ययिता अपनाउने महत्त्वपूर्ण नीतिको सुरुआत गरिएको थियो।

अन्त्यमा, राष्ट्रिय वाणिज्य बैंकको भविष्य कस्तो देख्नुहुन्छ ? आफूलाई लागेका सुझाव एवं सन्देश राखिदिनुहुन्छ कि ?

अहिलेको विश्व तथा नेपालको परिवेश हेर्दा यस बैंकलाई पहिले वा अहिलेको जस्तै यसरी नै पूर्ण सरकारी बैंक मात्र बनाइन्छ भने यसको दीर्घकालिक भविष्य सधैँ उज्ज्वल हुने देखिँदैन तर आधुनिक परिवेशलाई हेरेर स्वामित्वसमेतमा संरचनात्मक सुधार गर्ने हो भने यसको भविष्य उज्ज्वल उन्मुख रहने छ। यसलाई सुधार गर्ने सम्बन्धमा माथि पनि धेरै सुझावहरू दिइसकेको हुनाले अरू धेरै त्यसतर्फ नजाउँ।

***

'समृद्ध नेपाल सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षा र त्यसको वित्तीय रणनीति



प्रा. डा. पुष्पराज कँडेल*

१. समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा

विभिन्न देशहरूमा ठुला राजनीतिक परिवर्तनपछि त्यो परिवर्तनलाई संस्थागत गर्नका लागि दीर्घकालसम्मका योजनाहरू बन्ने गर्दछन् । नेपालको इतिहासमा पनि तीन पटक दीर्घकालीन सोचहरू बनेका छन् । पहिलो - नेपालको एकीकरण कालमा, जसले छरिएर रहेका टुक्रे राज्यहरूलाई एकताबद्ध बनाउने र नेपाल राज्य निर्माण गरेको थियो । दोस्रो - नेपालको लोकतान्त्रीकरण काल, जसले निरङ्कुशतन्त्रलाई फालेको थियो । तेस्रो अर्थात् वर्तमान अवस्था - नेपालको समृद्धीकरण काल, जसले २५ वर्षसम्ममा नेपालको सामाजिक-आर्थिक रूपान्तरणको परिकल्पना गरेको छ अर्थात् वि.सं. २१०० सम्ममा नेपाललाई समृद्ध र सुखी देशको अवस्थामा लैजाने सोच राखेको छ । **समृद्ध नेपाल सुखी नेपाली**को राष्ट्रिय आकाङ्क्षा यसैको मूर्त रूप हो । संविधानसभाबाट संविधान निर्माण र विनाशकारी भूकम्पपछिको गत निर्वाचनमा विभिन्न पार्टीहरूले जारी गरेका घोषणापत्रले ५ वर्षभित्र नेपाललाई विकासशील राष्ट्रको पङ्क्तिमा पुऱ्याउने, १० वर्षभित्र प्रतिव्यक्ति आय कम्तीमा ५ हजार डलर पुऱ्याउने, आर्थिक वृद्धिलाई १० प्रतिशतभन्दा माथि पुऱ्याउने, निरपेक्ष गरिबीको रेखामुनि रहेका जनताहरूलाई सो अवस्थाबाट मुक्त पार्ने र यस शताब्दीको अन्त्यसम्ममा नेपाललाई समुन्नत राष्ट्रको स्तरमा पुऱ्याउने कुराहरू परेका थिए, जसले यस दिशातर्फ जान सबैलाई प्रेरित गरेको हो । यसलाई दीर्घकालीन सोच पनि भन्ने गरिएको छ ।

त्यसै भएर **समृद्ध नेपाल सुखी नेपाली**को दीर्घकालीन सोच निर्माण गरिरहँदा लिइएका मार्गदर्शक सिद्धान्तहरूमा संविधान कार्यान्वयनमा जोड, राजनीतिक स्थिरता, स्थिर सरकार र नीतिगत निरन्तरता, राज्यको नेतृत्वदायी भूमिका, निजी क्षेत्रलगायत अन्यसँग सहकार्य, राष्ट्रिय हित, राष्ट्रिय एकता र समृद्धिमा केन्द्रित, दिगो विकास लक्ष्य र विकासशील राज्यमा स्तरोन्नति, भौतिक, सामाजिक र संस्थागत पूर्वाधार निर्माण, वित्तीय सङ्घीयताको कार्यान्वयन, तीव्र आर्थिक वृद्धि र समन्यायिक वितरण, समावेशीकरण र प्रादेशिक सन्तुलन र पिछडिएको क्षेत्र तथा समुदायको विकास, अनुसन्धान र नवप्रवर्तन, बचत र समग्र उत्पादकत्व वृद्धि, विज्ञान, सूचना-प्रविधि र मानव संसाधन विकास तथा ज्ञानको भण्डारमा वृद्धि, सहरी विकास, स्वावलम्बन र स्वआधार निर्माण, कृषि, ऊर्जा, खनिज र पर्यटनको विकास, अनुसन्धानात्मक प्रयोग आदि छन् ।

चालु पन्ध्रौं योजना निर्माण गरिरहँदा यसैलाई ध्यानमा राखिएको थियो । कोभिड-१९ र राजनीतिक अस्थिरताका कारणले केही प्रभावित भए तापनि यो आवधिक योजनाले निकै दूरगामी प्रभाव पार्ने सोचहरू अगाडि सारेको छ । समुन्नत नेपाल निर्माणका लागि साधन र स्रोतको र त्यसलाई पूरा गर्नका लागि त्यहीअनुसारका वित्तीय रणनीतिहरू पनि बनाएको छ । यस लेखमा त्यसैका बारेमा छोटो चर्चा गर्ने प्रयास गरिएको छ ।

२. समृद्ध नेपाल सुखी नेपालीरूपी राष्ट्रिय आकाङ्क्षाका परिभाषा र क्षेत्रहरू

समृद्ध नेपाल सुखी नेपालीको परिभाषा पन्ध्रौं योजनाले गरेको छ । दस्तावेजअनुसार परिभाषा यस प्रकार छ - "समुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्र सहितको समान अवसर प्राप्त, स्वस्थ, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने मुलुक ।" यसमा १० वटा राष्ट्रिय आकाङ्क्षाहरू छन्, जसले भौतिक पूर्वाधार, सामाजिक पूर्वाधार, उत्पादन वृद्धि, सामाजिक न्याय र सुरक्षा, पर्यावरण सुरक्षा, लोकतन्त्र, सुशासन तथा राष्ट्रिय एकतालाई समेटेका छन् । राष्ट्रिय लक्ष्यहरूका विस्तृत रूप यस प्रकार छन् :

पहिलो - उच्च र समतामूलक राष्ट्रिय आय भएको मुलुक बनाउने । जसले उच्च आय वा औद्योगिक राष्ट्रको स्तरको प्रतिव्यक्ति आय, शून्य निरपेक्ष गरिबी, राष्ट्रिय आम्दानीमा तल्लो ४० प्रतिशत जनसङ्ख्याको अनुपात बढाउने आदि काम गर्दछ । यसले नेपाललाई अल्पविकसित राष्ट्रबाट विकासशील हुँदै विकसित राष्ट्रको स्तरमा पुऱ्याउने आकाङ्क्षा राखेको छ ।

दोस्रो - मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग गर्ने लक्ष्य राखिएको छ, जसभित्र गुणस्तरीय, रोजगारमूलक तथा जीवनपयोगी शिक्षा प्राप्त नागरिक, स्वस्थ र लामो आयु भएका नेपाली, उत्पादनशील र मर्यादित रोजगारीमा संलग्न जनसङ्ख्या रहने कुराहरू राखिएका छन् । नेपाली जनतालाई विश्वस्तरीय प्रतिस्पर्धी बनाउने र उनीहरूको क्षमतालाई पूर्ण उपयोग गर्ने यसको चाहना हो ।

तेस्रो - सर्वसुलभ र आधुनिक पूर्वाधार एवम् आबद्धता छ, जसभित्र सुरक्षित, सबैलाई उपलब्ध हुन सक्ने र आधुनिक यातायात सेवा उपलब्ध गराउने, सहरी पूर्वाधारमा आबद्ध जनसङ्ख्या, स्वच्छ ऊर्जाको उत्पादन तथा उपभोगमा वृद्धि, सूचना प्रविधिमा आबद्ध जनसङ्ख्या वृद्धि आदि उद्देश्य राखेको छ ।

चौथो - उत्पादन तथा उत्पादकत्व वृद्धिका कुराहरू छन् । यसले प्रतिव्यक्ति उत्पादन वृद्धि तथा कृषि, वनजन्य तथा औद्योगिक उत्पादन र अर्थतन्त्रमा सोको हिस्सा वृद्धि, आयात-निर्यात अनुपात मिलाउने, राष्ट्रिय, क्षेत्रगत तथा उत्पादनका साधनको उत्पादकत्व वृद्धि, ऊर्जा उपभोगमा स्वच्छ ऊर्जाको अनुपात बढाउने आदि विषयहरूलाई समेटेको छ ।

पाँचौं - परिष्कृत तथा मर्यादित जीवन छ, जसमा नागरिक स्वस्थता (शारीरिक, मानसिक तथा मनोवैज्ञानिक), सुविधा सम्पन्न तथा सुरक्षित आवास, गतिशील सामाजिक जीवन, आधुनिक भौतिक सम्पत्ति माथिको समतामूलक पहुँच वा स्वामित्व, उच्च नागरिक सन्तुष्टि आदि विषयहरू समेटिएका छन् ।

* *पूर्व उपाध्यक्ष, राष्ट्रिय योजना आयोग*

छैटौं - सभ्य र न्यायपूर्ण समाज निर्माण गर्ने कुरा छ, जसमा विभेद, हिंसा र अपराधमुक्त समाज निर्माण, व्यक्तिको सम्पत्ति तथा जीवनको सुरक्षा, सामाजिक सुरक्षा तथा संरक्षण, सामाजिक-सांस्कृतिक विविधता प्रवर्धन एवम् संरक्षण पर्दछन् ।

सातौं - स्वस्थ र सन्तुलित पर्यावरणीय पद्धति निर्माणका विषय छन्, जसले प्रदूषणमुक्त र स्वच्छ वातावरण, जैविक विविधता संरक्षण र पर्यावरणीय सन्तुलन, जलवायु परिवर्तन अनुकूलनशीलता, प्राकृतिक विपद् उत्थानशील समाज र अर्थतन्त्र निर्माण आदिलाई समेटेको छ ।

आठौं राष्ट्रिय आकाङ्क्षामा - देशमा सुशासन कायम गर्ने कुराहरू छन् । कानुनी शासन, उच्च सदाचार (भ्रष्टाचार अनुभूति सूचकाङ्कमा न्यूनीकरण), विद्युतीय प्रणालीमा आधारित सबल, सक्षम, जवाफदेही सार्वजनिक सेवा र सुदृढ सङ्घीय शासन प्रणाली स्थापनाका विषयहरू यसमा पर्दछन् ।

नवौं - राष्ट्रिय लक्ष्य सबल लोकतन्त्र छ, जसभित्र सबल लोकतन्त्र, शान्ति र स्थिरता, स्वच्छ, स्वतन्त्र र कम खर्चिलो निर्वाचन, मौलिक हकको प्रत्याभूति र नागरिक सहभागिताका विषयहरू पर्दछन् ।

दशौं - राष्ट्रिय लक्ष्यमा राष्ट्रिय एकता, सुरक्षा र सम्मान वृद्धिका कुराहरू राखिएको छ, जसभित्र नेपालीत्वको उच्च भावना, उच्च सामाजिक सद्भाव, उच्च मानव तथा अन्य सुरक्षा, अत्यावश्यक वस्तु र सेवामा आत्मनिर्भरता, देशको स्वाभिमान वृद्धि, भौगोलिक अखण्डताको रक्षा आदि कुराहरू पर्दछन् ।

माथि उल्लिखित **समृद्ध नेपाल सुखी नेपाली**को खाकामा राखिएका १० वटा राष्ट्रिय लक्ष्यहरूमध्ये पहिलो चार वटालाई समृद्धिसँग गाँसिएको छ भने पछिल्लो ६ वटालाई सुखसँग गाँसिएको छ । हुन त ती लक्ष्यहरू एक-अर्काका परिपूरक हुन्, एउटाले अर्कोलाई सहयोग गरी नै रहेका हुन्छन् । पन्ध्रौं योजनाले २५ वर्षमा प्राप्त गर्न चाहेको रूपान्तरणको सामान्य मार्गचित्र मात्र हो । यसको पूर्ण खाका बनाउन बाँकी छ । वर्तमान अवस्थामा कोभिड-१९ ले पारेको प्रभावसमेतलाई ध्यानमा राखेर यसलाई पूर्ण खाका तयार गर्न बाँकी नै छ ।

३. परिकल्पित आर्थिक सामाजिक अवस्था

सोचअनुसार **समृद्ध नेपाल सुखी नेपाली**को प्राप्तिपछि अर्थात् २५ वर्ष अर्थात् सम्वत् २१०० मा पुग्दा नेपालमा सामन्ति अवशेषका रूपमा रहेको गुजारामुखी अर्थव्यवस्था सम्पूर्ण रूपमा समाप्त हुने छ र समाजवादको आधार तयार हुने छ । नेपाल देश शान्ति र न्यायको अगुवा हुने छ र नेपालको पुरानो गौरव पुनः जागृत हुने छ । सामाजिक न्याय, अवसर र सामाजिक एकताको भावनामा आधारित व्यापक घेरा भएको न्यायपूर्ण सामाजिक सुरक्षा पद्धति हुने छ । त्यस वेला नेपाल विविधतामा एकता भएको पूर्ण रूपमा एकताबद्ध नेपाली पहिचानसहितको राष्ट्र हुने छ । जात, भाषा, धर्म आदिका आधारमा हुने परिचयहरू पूर्ण रूपमा लोप हुने छन् । प्राकृतिक साधन र स्रोत तथा पर्यावरणको सम्बर्द्धन र संरक्षण भएको हुने छ र नेपालका हिमाल, पहाड, चुरे, नदीनाला पूर्ण रूपमा सुरक्षित हुने छन् । प्राकृतिक साधन र स्रोतलाई प्रयोग गर्दा भावी पुस्तालाई पनि ध्यान दिइने अवस्था हुने छ । विकास र पर्यावरणका बिचमा उचित सम्बन्ध हुने छ । नेपाल देश सार्वभौमसत्ता सम्पन्न, स्वाधीन, स्वतन्त्र र सुरक्षित हुने छ र अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको प्रतिष्ठा बढेको हुने छ ।

समृद्ध नेपाल सुखी नेपालीको अवस्था निर्माण हुँदा वित्तमा अधिकांश जनताको पहुँच पुग्ने, श्रम बजारलाई गतिशील, सुरक्षासहितको लचकता र उत्पादकत्व वृद्धिमा भएको अवस्थामा पुऱ्याइने, शान्ति र स्थिरता, सामाजिक न्याय, समृद्धि, गुणस्तरीय शिक्षा र स्वास्थ्यमा सुलभ पहुँच, सार्वभौमिकताको सुरक्षा, सफा अर्थव्यवस्था, मूल्यमान्यतामा आधारित समाज, नेपाली पहिचान र सम्मान, आवश्यकताअनुसारको पूर्वाधार निर्माणको अवस्थामा पुग्ने छ । मार्गचित्रअनुसार जाँदा आगामी ५ वर्षभित्र नेपाललाई विकासशील राष्ट्रको पङ्क्तिमा पुऱ्याइने, १० वर्षभित्र प्रतिव्यक्ति आय कम्तीमा ५००० डलर पुऱ्याउने र वि.सं. २१०० सम्ममा नेपाललाई समुन्नत राष्ट्रको स्तरमा पुऱ्याउने लक्ष्य छ । समुन्नत राष्ट्र हुँदा नेपालको १२१०० डलर प्रतिव्यक्ति आम्दानी भएको मध्यम आयको देश बन्ने, प्रमुख खाद्यान्नमा पूरै आत्मनिर्भर हुने, जुनसुकै किसिमका गरिबीलाई पूरै हटाउने (बहुआयामिक गरिबी ३ प्रतिशत), ९९ प्रतिशत जनतालाई प्रतिव्यक्ति २१०० क्यालोरी गुणस्तरीय खाना उपलब्ध गराउने, निर्वाहमुखी कृषिलाई समाप्त गर्ने, कृषिमा आधारित जनसङ्ख्यालाई १० प्रतिशतमा झार्ने तर खाद्यान्न उत्पादनलाई भने अहिलेको भन्दा अढाइ गुणा बढाउने, अर्थतन्त्रमा कृषिको योगदानलाई ९ प्रतिशत, उद्योगको योगदानलाई ३० प्रतिशत र सेवा क्षेत्रको योगदानलाई ६१ प्रतिशत बनाउने आदि छन् । त्यसबाहेक ४०००० हजार मेगावाट बिजुली उत्पादन गर्ने र प्रतिव्यक्ति बिजुली उपभोग ३५०० युनिट बनाउने, पूरै देशभरी विद्युत् ग्रिड पुऱ्याउने र १०० प्रतिशत मानिसहरूलाई विद्युत् सुविधा उपलब्ध गराउने, नेपालीहरूको औसत आयु ८० वर्ष बनाउने, बाल मृत्युदर प्रति हजारमा ३९ बाट ८ मा झार्ने, ९५ प्रतिशत मानिसले पाइपबाट आएको शुद्ध खानेपानी पिउन पाउने र सरसफाइको सुविधा पाउने अवस्था आउने छ भन्ने हो । निरक्षरता १ प्रतिशत बनाउने, १०० प्रतिशत विद्यार्थी विद्यालय जाने बनाउने, उच्च शिक्षा पढ्ने विद्यार्थी अहिलेको १० प्रतिशतबाट ४० प्रतिशत बनाउने, माध्यमिक तहमा भर्ना हुने विद्यार्थी अहिलेको ४५ प्रतिशतबाट ८० प्रतिशत बनाउने, सम्पूर्ण विद्यार्थीको ७० प्रतिशत प्राविधिकतर्फ जाने अवस्था सिर्जना गर्ने, प्रत्येक प्रदेशमा एउटा एउटा ठुला विश्वविद्यालय बनाउने, उच्च शिक्षालाई अन्तर्राष्ट्रिय प्रतिस्पर्धी र अनुसन्धानमूलक बनाउने भन्ने तत्कालीन लक्ष्य राखिएको अवस्था छ । यी सबैका लागि वार्षिक आर्थिक वृद्धिदरलाई वार्षिक १० प्रतिशतभन्दा माथि पुऱ्याउने चाहना हो ।

सरसर्ति हेर्दा र नेपालको हालको गतिसँग तुलना गर्दा यी लक्ष्यहरू हावादारी कल्पनाजस्ता पनि देखिन्छन् । तर त्यति वेलाको अर्थतन्त्रमा बढोत्तरीको अवस्था (लगभग ७ प्रतिशतको आर्थिक वृद्धिको अवस्था) र नेपालीहरूमा देखिएको उत्साह हेर्दा यो सम्भव देखिएको हो । अर्थशास्त्री, बुद्धिजीवी, पार्टीहरू, प्रदेश र स्थानीय सरकारहरू सबैसँग सरसल्लाह गरेर सम्भव छ भनेर नै यी लक्ष्यहरू राखिएका थिए ।

४. लक्ष्य प्राप्तीका लागि दश बर्से, पाँच बर्से, तीन बर्से र वार्षिक योजनाहरू निर्माण

पच्चिस बर्से योजना खाकालाई प्राप्त गर्न सरकारले बनाएको दश बर्से योजनामा दिगो विकास लक्ष्य प्राप्तीका कुराहरू गाँसिएका छन्, जसमा रणनीति, त्यसका लक्ष्यहरू, त्यसका लागि लाग्ने वित्तीय आवश्यकता र त्यसलाई स्थानीयकरण गर्ने कुरा समेटिएका छन् । पाँच बर्से योजनाका रूपमा तयार गरिएको पन्ध्रौं योजनामा पाँच वर्षभित्रमा प्राप्त हुने उपलब्धी, यसका लागि लिनुपर्ने रणनीति र कार्यनीति तथा आवश्यक साधनस्रोत र कार्यान्वयनको ढाँचा उल्लेख गरिएका छन् । पाँच बर्से योजनाको मातहत रहेर वार्षिक नीति तथा कार्यक्रमहरू र बजेटहरू बनाउने काम गरिएको छ भने वार्षिक बजेटअनुसार नै कामहरू पनि सञ्चालनमा आएका थिए । धेरै समयपछि नेपालमा योजना, नीति तथा कार्यक्रम र बजेटका बिचमा तादात्म्यता स्थापित भएको थियो । सोही अवधिमा सङ्घीय सरकारले बनाएको योजनाका आधारमा प्रदेश सरकारहरूले पनि आ-आफ्ना प्रादेशिकस्तरका दीर्घकालीन, दिगो विकाससम्बन्धी र पाँच बर्से योजनाहरू निर्माण गरे । विभिन्न प्रदेशहरूले बनाएका दीर्घकालीन सोचहरूमा प्रदेश १ को स्वच्छ, सुखी र समुन्नत प्रदेश,

वागमती प्रदेशको सु-संस्कृत र सुखी जनता समाजवाद उन्मुख समृद्ध प्रदेश, गण्डकी प्रदेशको **समृद्ध प्रदेश सुखी नागरिक** र लुम्बिनी प्रदेशको **समृद्ध प्रदेश खुसी जनता** आदि रहेका छन् ।

सङ्घ र प्रदेशका दीर्घकालीन र आवधिक योजनाका मातहतमा रहेर धेरै स्थानीय तहहरूले पनि आ-आफ्ना आवधिक योजना र बजेट निर्माण गर्दै अगाडि बढेका छन् । सोका अलावा निजी क्षेत्र पनि **मेक इन नेपाल** अभियानमा लागेको छ । नेपाल सरकारले निजी क्षेत्रलाई अगाडि बढाउनका लागि थुप्रै नीतिहरू निर्माण गर्ने, स्वरोजगार अभियान सञ्चालन गर्ने, औद्योगिक क्षेत्रहरू विस्तार गर्ने, उद्योग तथा श्रम नीतिमा सुधार गर्ने आदि काम गरेको थियो ।

५. रणनीति, सहयोगी शक्ति र विकासको मोडल

समृद्ध नेपाल सुखी नेपाली निर्माणको विकासे रणनीतिमा तीव्र, दिगो र रोजगारीमूलक आर्थिक वृद्धि, सुलभ तथा गुणस्तरीय शिक्षा र स्वास्थ्य, आन्तरिक तथा अन्तरदेशीय आबद्धता एवम् दिगो सहर/बस्ती विकास, उत्पादन र उत्पादकत्व वृद्धि, दिगो र उत्पादनशील सामाजिक सुरक्षा तथा संरक्षण, गरिबी निवारण र आर्थिक सामाजिक समानतासहितको न्यायपूर्ण र गतिशील समाज निर्माण, प्राकृतिक स्रोतको संरक्षण तथा परिचालन तथा विपद् उत्थानशीलताको विकास, सङ्घीय शासन प्रणालीको सुदृढीकरण, नेतृत्व क्षमतामा वृद्धि र सुशासनमा अभिवृद्धि राखिएका छन् । यसका संवाहक शक्तिहरूमा अन्तरआबद्धता, मानव संशाधन विकास, उत्पाकत्व वृद्धि, जलविद्युत्, वन, पर्यटन, सहरीकरण, स्थानीय अर्थव्यवस्था, सामाजिक सुरक्षा, प्रशासन सुधार तथा सहयोगी शक्तिहरूमा विकासप्रतिको चाहना, लोकतन्त्र र संविधान, जनसाङ्ख्यीक लाभ, प्रवासी नेपालीको सीप र पुँजी, अन्तर्राष्ट्रिय सद्भाव, राजनीतिक स्थिरता र सरकारको प्रतिबद्धता, प्राकृतिक र सांस्कृतिक वैभव, वित्तीय सङ्घीयता, स्वच्छ ऊर्जा आदि राखिएका छन् ।

समृद्ध नेपाल सुखी नेपालीको आकाङ्क्षाले अँगालेको विकासको मोडल सरकारको नेतृत्वमा निजी, सहकारी, सामुदायिक र अन्तर्राष्ट्रिय पक्षहरू परिचालित लोककल्याणकारी अर्थात् समाजवाद उन्मुख मिश्रित अर्थतन्त्र हो । यस मोडलका विशेषताहरूमा अर्थतन्त्रमा सरकारको महत्त्वपूर्ण हिस्सा हुन्छ, कल्याणकारी राज्यको मोडलमा परिचालित हुन्छ, योजनाबद्ध विकास हुन्छ, निजी क्षेत्र, सहकारी क्षेत्र र सामुदायिक क्षेत्रलाई खेल्ने ठाउँ दिइन्छ । अन्तर्राष्ट्रिय पक्षहरू जस्तो विकास साझेदार, प्रवासीहरू आदिलाई परिचालित गरिन्छ र पूर्वाधार विकास र विज्ञान शिक्षाको विकासलाई प्रथम प्राथमिकतामा राखिने गरिन्छ । राज्यले विकास अगुवाको अर्थात् विकासे राज्यको भूमिका खेल्दछ । विकासे राज्यका विशेषताहरूमा प्राविधिक शिक्षा र गणितमा जोड, साधन र स्रोतहरूको कुशल विनियोजन, आर्थिक राष्ट्रवाद, निजी क्षेत्रले तत्कालीन मुनाफालाई भन्दा बजारको हिस्सालाई बढी जोड दिने अवस्था, प्रविधि प्राप्ति र विकास, राज्य, श्रम र उद्योगहरूका बिचमा रणनीतिक साझेदारी, छिमेकी र अरू देशहरूसँग सु-सम्बन्ध, आन्तरिक भै-झगडा नभई एउटा देश, एउटा गन्तव्य (One Country, One Destiny), राज्यले जनतालाई सेवा प्रदान गरेर वैधता आर्जन गर्ने स्थिति आदि हुन्छन् ।

६. समष्टिगत र वित्तीय रणनीतिहरू

समृद्ध नेपाल सुखी नेपालीको अवधारणा कार्यान्वयन गर्न त्यति सहज भने छैन । नेपालको विकासमा रहेका राजनीतिक अस्थिरता, आर्थिक अस्थिरता, खुल्ला सीमाना, जनशक्तिको विदेश पलायन, राज्यको खर्च गर्न सक्ने न्यून क्षमता, आन्तरिक स्रोतको कमी, भ्रष्टाचार आदि छन् भने त्यसका लागि प्रशस्तै स्रोत पनि आवश्यक पर्दछ । सरकारले मात्र यो काम गर्न सम्भव छैन । त्यसैले निजी क्षेत्र, सहकारी क्षेत्र, सामुदायिक क्षेत्र, अन्तर्राष्ट्रिय सहयोग, विदेशी लगानी सबैलाई प्रोत्साहन गर्नुपर्ने अवस्था छ । सबैभन्दा ठुलो कुरा यसका लागि खर्बौं रकम आवश्यक पर्छ, जुन जुटाउन नेपालका लागि त्यति सहज छैन । यसरी स्रोतसाधन परिचालनका लागि त्यहीअनुसारको वित्तीय रणनीति आवश्यक पर्छ । त्यहीअनुसारका वित्तीय नीतिहरू लिएर धेरै सोच विचारसाथ चल्नुपर्ने आवश्यकता हो । मूल्य स्थिरता, बाह्य स्थिरता र वित्तीय क्षेत्र स्थायित्व अपरिहार्य तत्त्वहरू हुन्, जसलाई वित्तीय नीतिले समेट्छ । मुद्रास्फीतिलाई वाञ्छित सीमाभित्र राख्नु, बढ्दो आयातलाई व्यवस्थापन गरी शोधनान्तर स्थिति कायम गर्नु, वित्तीय पहुँच विस्तार गर्नु, लगानीयोग्य साधनको व्यवस्थापन गर्नु, अनौपचारिक वित्तीय कारोबारलाई औपचारिक बनाउँदै लैजानु, ब्याजदरलाई नियमन गरी बचत र लगानीका लागि प्रोत्साहन गर्नु र यी सबै कामका लागि वित्तीय सुशासन कायम गर्नु आवश्यकता हुन जान्छ ।

यही अपरिहार्यतालाई सम्झेर पन्ध्रौं योजना र दीर्घकालीन सोचले गतिशील, विश्वसनीय र उत्पादनशील मौद्रिक तथा वित्तीय क्षेत्र अहिलेको आवश्यकता हो भन्ने निष्कर्ष निकालेको छ भने त्यसका लागि वित्तीय क्षेत्रको नियमनलाई प्रभावकारी र समन्वयकारी बनाउने, बचतकर्ता र लगानीकर्तालाई प्रोत्साहन गर्ने, प्राथमिकताका क्षेत्रमा राष्ट्रिय स्रोत परिचालन गर्ने, पूर्वाधार विकास बैंकलाई प्रोत्साहन गर्ने, उपयुक्त वित्तीय उपकरणहरूको विकास गर्ने, देशका सबै भागमा वित्तीय साक्षरता र पहुँच वृद्धि गर्ने, वित्तीय सेवाको पहुँच वृद्धिमा सूचना प्रविधिको अधिकतम प्रयोग गर्ने, नगदरहित कारोबारलाई प्रोत्साहन गर्दै सम्पत्ति शुद्धीकरण, वित्तीय अपराधलाई न्यूनीकरण गर्ने नीति लिएको छ । यसै गरी बचत नीति निर्माण गर्ने, घरपरिवारको अनुत्पादक खर्चमा कटौती गर्ने, राजस्व प्रणालीमा सुधार गरी आन्तरिक राजस्वको सुदृढीकरण गर्ने, पुँजी बजारमा एकीकृत तथा सघनीकृत अवस्था ल्याउने, विप्रेषणलाई औपचारिक क्षेत्रमा ल्याउने, बैंक तथा वित्तीय क्षेत्रको सेवा तथा पहुँच विस्तार गर्ने, साना बचतकर्ताको बचत वृद्धि गर्ने, सार्वजनिक खर्च क्षमता बढाउने, आन्तरिक ऋणलाई उत्पादनमूलक र पुँजी निर्माण हुने क्षेत्रमा प्रयोग गर्ने, परियोजना बैंकमार्फत आयोजना छनोटमा सुशासन ल्याउने, राष्ट्रिय अनुदान नीति बनाउने, सङ्घ, प्रदेश र स्थानीय तहबिच सहलगानीको ढाँचा निर्माण गर्ने, सार्वजनिक भुक्तानी प्रणालीलाई विद्युतीय बनाउने, करको दायरा बढाउने र कर प्रशासनमा सुधार गर्ने सोच पनि अघि सारेको छ । यसका अलावा विद्युतीय कर प्रणाली विकास गर्ने, वैदेशिक सहायतालाई राष्ट्रिय आवश्यकताअनुसार परिचालन गर्ने, अन्तरसरकारी वित्तीय हस्तान्तरणलाई वैज्ञानिक र पारदर्शी बनाउने, बिमा प्रणालीलाई सुदृढ गर्ने, उद्यमशीलता विकासमा सार्वजनिक र सहकारी क्षेत्रको भूमिका वृद्धि गर्ने, सार्वजनिक निजी साझेदारीलाई वृद्धि गर्ने, देशभित्रको लगानी वातावरण सुधार गरी विदेशी लगानी आकर्षण गर्ने आदि विषयहरू पनि समेटिएका छन् ।

७. अन्तमा

समृद्ध नेपाल सुखी नेपालीको सोच कार्यान्वयन गर्ने कुरा त्यति सहज छैन । यसका लागि राजनीतिक तथा आर्थिक स्थिरता, समाजका सबै क्षेत्रका जनताको सहयोग, छिमेकी देशहरू तथा अन्तर्राष्ट्रिय सहयोग, सार्वजनिक वित्तको प्रभावकारी कार्यान्वयन, श्रमलाई सम्मान गर्ने बानीको विकास आदि आवश्यक छन् । सबैभन्दा ठुलो कुरा त यसका लागि दृढ र आफ्नो उद्देश्यमा प्रस्ट राजनीतिक नेतृत्व, देशप्रति प्रतिबद्ध हिसाबले लागिरहने उच्च प्रशासकीय नेतृत्व, राजनीतिक र तीन तहका सरकारका बिचको समन्वय अपरिहार्य तत्त्वहरू हुन् । कोभिड-१९ को वर्तमान अवस्थाले यसमा चुनौती थपिएको छ, जसलाई पनि ध्यानमा राखेर अगाडि बढ्नुपर्ने अहिलेको आवश्यकता हो ।

***

कृषि क्षेत्रको रूपान्तरणका लागि हरियाली मोडेल

डा. मीनबहादुर श्रेष्ठ*

१. पृष्ठभूमि

नेपालको प्रमुख प्राकृतिक स्रोत र साधन भनेका जमिन, जल, जङ्गल, खनिज तथा जैविक विविधता हुन् । मुलुक सम्पन्न हुनका लागि यिनै स्रोत र साधनको उच्चतम उपयोग गरिनुपर्दछ । यीमध्ये जमिनको उपयोग परापूर्व कालदेखि नै मूलतः कृषि कार्यका लागि भइआएको छ । नेपालको कुल भूभागमा करिब २८ प्रतिशत अर्थात् ४१ लाख २१ हजार हेक्टर जमिन खेतीयोग्य रहेको छ भने यसमध्ये ३० लाख ९१ हजार हेक्टरमा मात्र खेती गरिएको छ । खेती नगरिएको जमिनमा समेत थप खेती विस्तार गर्दै लानुपर्नेमा पहिले खेती हुँदै आएको मध्ये पनि करिब ३० प्रतिशतभन्दा बढी जमिन हाल बाँझो रहन पुगेको अनुमान गरिँदै छ । कृषि क्षेत्रको उत्पादकत्व र उत्पादन बढाउन सरकारी तवरबाट धेरै लगानी गरिएको छ । यसअन्तर्गत विभिन्न योजना तथा कार्यक्रम सञ्चालन गरिएको फलस्वरूप कृषिका हरेक उपक्षेत्रहरूमा केही न केही प्रगति भएको छ । प्रमुख अन्न बालीहरूको उत्पादकत्व केही बढेको छ । तरकारी, दुध, मासु तथा अण्डामा छिटै आत्मनिर्भर हुन सकिने अवस्था छ । व्यावसायिक फलफूल खेती र मसलाजन्य वस्तुको खेतीमा पनि पछिल्ला वर्षहरूमा केही प्रगति भएको छ । तर मुलुकमा योजनाबद्ध विकास सुरु भएदेखि विगत ६५ वर्षको अवधिमा कृषिमा गरिएको लगानी, हाम्रो आवश्यकता, सम्भावना र हासिल भएको प्रगतिको विश्लेषण गर्दा यो क्षेत्रको प्रगति सन्तोषप्रद हुन सकेको देखिँदैन ।

कृषि क्षेत्रको विकासका लागि आर्थिक वर्ष २०५२/५३ देखि २०७१/७२ सम्म २० बर्से दीर्घकालीन कृषि योजना लागू गरिएको थियो । त्यसपछि आर्थिक वर्ष २०७२/७३ देखि २०९१/९२ सम्मका लागि अर्को २० बर्से योजना 'कृषि विकास रणनीति' तर्जुमा गरी कार्यान्वयन भइरहेको छ । यी योजनाअन्तर्गत सरकारी तवरबाट अन्तर्राष्ट्रिय दातृसंस्था र आफ्नै स्रोतसमेतबाट विभिन्न आयोजनाहरू सञ्चालन भएका छन् । निजी क्षेत्रको व्यावसायिक दक्षता उपयोग गर्ने दृष्टिकोणबाट निजी क्षेत्रले सञ्चालन गर्ने गरी समेत कृषिमा केही ठुला परियोजनाहरू कार्यान्वयन गरिए । तिनको नतिजा पनि निराशाजनक नै देखियो । स-सानो टुक्रा जमिनमा परम्परागत रूपमा गरिने खेती नै कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धिको प्रमुख बाधक रहेको तथ्यलाई मनन गरी हाल कार्यान्वयनमा रहेको २० बर्से कृषि विकास रणनीतिअन्तर्गतको प्रमुख कार्यक्रम प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सुरुमा जग्गा एकीकरण र चक्लाबन्दीमा आधारित हुने गरी विकास गरिएको थियो । तर कार्यान्वयनको चरणमा जाँदा यो परियोजनाले पनि जग्गाको एकीकरण र चक्लाबन्दीको अवधारणालाई छोडिसकेको छ ।

उपरोक्त पृष्ठभूमिमा कृषिको आधुनिकीकरण र व्यावसायीकरण गर्ने दिशामा नतिजा आउने ढङ्गले काम गर्ने, कृषि क्षेत्रमा ठुलो सङ्ख्यामा रोजगारी सिर्जना गर्ने र कृषिलाई नाफामूलक व्यवसायका रूपमा स्थापित गर्ने उपायको खोजी गर्ने सिलसिलामा हरियाली मोडेलको विकास गरिएको छ । यसमा खास गरी चीनमा पहिले लागू गरिएको श्रम फौज (उत्पादन ब्रिगेड), दक्षिण अफ्रिकामा लागू गरिएको टिम्बाली मोडेल तथा भारतको दुग्ध सहकारीमा सफल रहेको अमुल मोडेलको अवधारणालाई आत्मसात् गरिएको छ ।

२. हरियाली मोडेलका प्रमुख विशेषताहरू

(क) जमिन, श्रम, पुँजी र प्रविधिको संयोजन

कुनै पनि कुराको उत्पादनका लागि जमिन, श्रम, पुँजी र प्रविधि आवश्यक हुन्छ । नेपालमा किसानहरूसँग धेरै वा थोरै जमिन र श्रम छ तर आधुनिक तथा व्यावसायिक कृषिका लागि पुँजी र प्रविधिको अभाव छ । हरियाली मोडेल मुख्य गरी जमिन, श्रम, पुँजी र प्रविधिको संयोजन गर्ने एक प्रणाली हो । यसअन्तर्गत जग्गाधनी कृषक तथा लगानीकर्ताहरूको सामूहिक प्रयासमार्फत कृषिको आधुनिकीकरण तथा व्यावसायीकरणको कार्य अघि बढाइन्छ । यसमा जमिनको एकीकरण र चक्लाबन्दी गर्ने कार्य सुरु बिन्दुको रूपमा रहन्छ, जसबाट जमिनको उत्पादन र उत्पादकत्व वृद्धि सुनिश्चित हुन सक्दछ ।

(ख) उत्पादनमूलक रोजगारी

मुलुकमा रोजगारीको अवसर कम भएकाले ठुलो सङ्ख्यामा नेपाली युवाहरू वैदेशिक रोजगारीमा गएका छन् । प्रत्येक वर्ष मुलुकको श्रम बजारमा थपिने जनशक्तिका साथै वैदेशिक रोजगारीमा रहेकालाई समेत नेपाल फर्किएर यतै काम गर्ने बनाउन मुलुकभित्र ठुलो सङ्ख्यामा रोजगारीको अवसर सिर्जना गर्न आवश्यक छ । नेपालमा छोटो समयमा ठुलो सङ्ख्यामा रोजगारी सिर्जना गर्न सकिने क्षेत्र पनि कृषि नै हो । कृषिमा सिर्जना गरिने रोजगारीले उत्पादन बढाउन प्रत्यक्ष योगदान पुऱ्याउने हुँदा **झार उखेल्ने** प्रकारको रोजगारीभन्दा यसबाट धेरै गुणा बढी र बहुआयामिक लाभ हासिल हुन सक्दछ । तसर्थ उपलब्ध जनशक्तिलाई हरियाली मोडेलमा श्रम फौज वा उत्पादन ब्रिगेडका रूपमा कृषि क्षेत्रमा परिचालन गरी रोजगारी र उत्पादनको दुवै उद्देश्य साथसाथै पूरा गर्न सकिन्छ ।

(ग) विशिष्टीकृत संस्थाको नेतृत्व

यस मोडेलमा टिम्बाली मोडेलमा झैँ समूहकृत भई काम गर्न चाहनेलाई जमिन, श्रम, पुँजी र प्रविधिको उचित संयोजन गरिदिनुका साथै उद्यमशीलता विकास गर्न एक विशिष्टीकृत संस्थाले सघाउँदछ । कृषकहरू आफै मिलेर सामूहिक कृषि गर्न चाहे तापनि लगानी र प्रतिफलको मोडालिटी के हुने भन्नेमा अन्योल हुने, कृषकहरूसँग जमिन र श्रमशक्ति भए तापनि उनीहरूले पुँजी र प्रविधि जुटाउन नसक्ने र व्यावसायिक कौशलको पनि अभाव हुने जस्ता समस्या आमरूपमा देखिन्छन् । तसर्थ यी विषयहरूको निराकरणका लागि हरियाली मोडेलअन्तर्गत विशिष्टीकृत संस्थाका रूपमा हरियाली प्यारेन्ट कम्पनीले सघाउने व्यवस्था गरिन्छ ।

* *पूर्व उपाध्यक्ष, राष्ट्रिय योजना आयोग*

(घ) ब्रान्डिङ र बजारीकरण

कृषि क्षेत्रमा न्यून उत्पादनको आम समस्या रहेको छ । तर जे-जति उत्पादन हुन्छ, त्यसको पनि सहज रूपमा बजार पहुँच नहुने र अर्कातिर कृषि उत्पादनको गुणस्तर एकनासको नहुने जस्ता कारणले किसानहरूले उत्पादनको मूल्य नपाउने अवस्था छ। यस कारण पनि उत्पादन बढ्न नसकेको देखिन्छ। हरियाली मोडेलमा कृषि उपजको बजारीकरणका लागि भारतको अमुल सहकारीले ४६ लाखभन्दा बढी दुग्ध उत्पादकहरूको उत्पादनलाई बजारीकरण गर्न अपनाएको विधि अनुसरण गरिन्छ। यसअनुरूप सबै कृषि उत्पादनको गुणस्तर सुनिश्चित गर्ने र हरियाली ब्रान्डमा ब्रान्डिङ गरी एकीकृत सञ्जालमार्फत स्वदेश तथा विदेशमा बिक्री गर्ने व्यवस्था गरिन्छ। यसमा गुणस्तर निर्धारण, नियन्त्रण र आन्तरिक प्रमाणीकरणको कार्य हरियाली प्यारेन्ट कम्पनीले गर्दछ। हरियालीअन्तर्गतका कृषि फार्म वा परियोजनाहरूले तोकिएको गुणस्तरमा कृषि उपजको उत्पादन गरेपछि त्यसपछि बजारीकरणसम्मका सम्पूर्ण कार्य हरियालीको सञ्जालमार्फत गरिन्छ । यसका लागि हरियाली प्यारेन्ट कम्पनीअन्तर्गत कृषि उपज सङ्कलन, भण्डारण, ग्रेडिङ, गुणस्तर परीक्षण लगायतका कार्यका लागि पूर्वाधार निर्माण र ढुवानी साधनको व्यवस्था गरिने छ।

(ङ) लगानीको स्रोत

हरियाली मोडेलअन्तर्गत कृषि व्यवसाय सञ्चालन गर्न सानो स्केलको व्यवसायका लागि सहकारी र मझौला तथा ठुलो लगानी आवश्यक पर्ने व्यवसायका लागि कम्पनी स्थापना गरी सोअन्तर्गत कार्य गरिन्छ। सहकारीअन्तर्गत जग्गाधनी साथै सीमित भौगोलिक क्षेत्रका घरपरिवार मात्र सहभागी हुन पाउने व्यवस्था छ। ठुलो लगानी जुटाउन बाहिरका लगानीकर्ताहरूलाई समेत सहभागी गराउन सहकारी ऐन-नियमले अनुमति नदिने हुँदा कम्पनी मोडेलमा जान आवश्यक हुन्छ। जग्गाधनी कृषकहरू लगानीकर्ताका रूपमा रहन्छन् तर उनीहरूको लगानी क्षमता कम हुने तर व्यवसायका लागि ठुलो लगानी आवश्यक पर्ने भएकाले बाहिरका लगानीकर्तालाई समेत सहभागी गराइन्छ । व्यवसाय वा परियोजना एकै व्यक्ति वा सीमित व्यक्तिहरूको समूहको पकडमा नजाओस् भन्ने हेतुले एक व्यक्तिले लिन पाउने अधिकतम सेयरको सीमा तोकिन्छ। तीनै तहका सरकारबाट प्राप्त हुने अनुदान तथा सेयर लगानी र बैंक कर्जाबाट थप लगानी जुटाइन्छ।

(च) भूमि उपरको स्वामित्व कायमै रहने व्यवस्था

पछिल्लो समयमा निजी क्षेत्रबाट केही सङ्ख्यामा ठुलो स्केलका कृषि फार्महरू सञ्चालन भएको र यसबाट स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने र उत्पादन वृद्धि गर्ने सकारात्मक काम हुन थालेको छ। तर यस्तो मोडेलमा लगानीकर्ताले जमिन खरिद गरी आफ्नो स्वामित्वमा लिने साथै व्यवसायबाट हुने लाभ पनि लगानीकर्ता व्यक्ति वा परिवारको हुने हुँदा कतिपय किसान भूमिहीन हुन पुग्ने र आयको न्यायोचित वितरण हुन नसक्ने अवस्था सिर्जना हुने सम्भावना रहन्छ। हरियाली मोडेलमा कृषकको आफ्नो भूमि उपरको स्वामित्व कायमै राखी आय-आर्जन वृद्धि गर्ने कार्य हुन्छ। यसमा किसानहरूले आफ्नै लगानीको कम्पनीलाई आफ्नो स्वामित्वको जमिन लिजमा दिई लिज भाडा प्राप्त गर्ने, आफै कम्पनीको व्यवस्थापक वा कर्मचारी भई काम गर्ने र त्यसबापत तलब पाउने साथै कम्पनीको नाफाबाट लाभांश पाउने व्यवस्था गरिन्छ।

(छ) एकद्वार प्रणाली

हरियाली मोडेलअन्तर्गत काम गर्दा कृषक घरपरिवार हरेकले कृषि सामग्री, प्राविधिक सेवा, बैंकको कर्जा आदिका लागि छुट्टाछुट्टै रूपमा धाउनु पर्दैन । सरकारी निकायहरूले पनि हरेक घरपरिवारलाई छुट्टाछुट्टै रूपमा सेवा उपलब्ध गराउनुपर्ने अवस्थाको अन्त्य हुन्छ। त्यसै गरी राज्यले हरेक किसान घर परिवार, फर्म तथा समूहलाई दिने अनुदान र अन्य सहयोगको अनुगमन गर्न र त्यस्तो सहयोग सदुपयोग भएको कुरा निश्चित गर्न मुश्किल पर्दछ। तर कम्पनीको रूपमा स्थापित कुनै पनि व्यवसाय कम्पनी रजिस्ट्रार कार्यालयमा लिमिटेड वा प्राइभेट लिमिटेडका रूपमा दर्ता हुने, कम्पनी ऐन, नियमको पालनाबाट पारदर्शिता कायम हुने आदि कारणले सरकारी सहयोगको सदुपयोगिता सुनिश्चित गर्ने कार्य यस मोडेलमार्फत सहज हुन जान्छ। हरियाली मोडेलअन्तर्गत निर्माण हुने एकद्वार प्रणालीबाट किसान घर परिवार र राज्यका निकायहरू दुवैतर्फको ठुलो श्रम, स्रोत र समयको बचत हुन सक्दछ।

(ज) निजी क्षेत्रको अगुवाइ

कृषि क्षेत्रको विकासका लागि राज्य आफैले विभिन्न मोडेलमा कार्यक्रमहरू कार्यान्वयन गरिआएको छ। ती सबैमा राज्यको नेतृत्वमा तय गरिएको कार्यक्रममा कृषक तथा निजी क्षेत्र सहभागी हुने गर्दछन् भने हरियाली मोडेलमा जग्गाधनी कृषक तथा लगानीकर्ता सम्मिलित निजी क्षेत्रले नेतृत्व गर्ने र तीनै तहको सरकार जोडिएर सार्वजनिक-निजी क्षेत्र साझेदारी (Public–Private Partnership) को अवधारणाअनुसार कार्यक्रम कार्यान्वयन गर्ने अपेक्षा गरिन्छ। राज्यको पर्याप्त सहयोगविना यो कार्यक्रम अपेक्षाकृत रूपमा अघि बढ्न सक्दैन तर व्यवस्थापनको पाटोमा राज्यले हस्तक्षेप नगरी मोडेलमा तय गरिएका विधि र प्रणालीअनुरूप सञ्चालन हुन दिनु अनिवार्य छ।

३. हरियाली मोडेल कार्यान्वयन विधि

३.१ एकीकरण गर्न सकिने जमिन पहिचान

(क) सकेसम्म धेरै जना जग्गाधनी कृषकहरूको एकीकरण गर्न सकिने जोडिएको जमिन पहिचान गर्ने। यस्तो जमिन पहाडमा कम्तीमा १०० रोपनी र तराईमा कम्तीमा १०० बिघा हुनुपर्ने। एकीकरण गर्नका लागि आवश्यक जमिन पहिचानविना अन्य कार्य अघि बढ्न नसक्ने।

(ख) जग्गाधनी कृषकहरू र जग्गाधनी बाहेकका लगानीकर्ताहरूसमेत मिलेर कम्पनी ऐनअनुसार कम्पनी स्थापना गर्ने। सानो स्केलको व्यवसायका लागि सहकारी स्थापना गर्न सकिने। कम्पनी वा सहकारी स्थापना गर्ने कार्यमा प्यारेन्ट कम्पनी हरियालीले सघाउने।

(ग) जग्गाधनी कृषकहरूले आफ्नो जमिन सीमाङ्कन गरी हरियाली मोडेलमा तय गरिएका सर्तअनुसार आफ्नै स्वामित्वको कम्पनीलाई १५ वर्षका लागि लिजमा दिने। सुरु मै सेयर हाल्न नसक्ने जग्गाधनीहरूले पछि सेयर हाल्न सक्ने।

(घ) जग्गाधनीले जमिनबाट हरियाली मोडेलको लिज भाडा निर्धारण विधिअनुसार पहिले उच्च उत्पादन हुँदा खर्च कटाएर वार्षिक रूपमा पाउने गरेको खुद आम्दानी बराबरको रकम लिज भाडा निर्धारण गरी सोअनुसारको रकम कम्पनीबाट अर्धवार्षिक रूपमा पाउने।

(ङ) जग्गा एकीकरण, उकास-विकास र चक्लाबन्दी गर्न जग्गाधनीले स्वीकृति दिनुपर्ने र पछि जमिन फिर्ता गर्दा उकास-विकास भएको रूपमा फिर्ता हुने।

३.२ सम्भाव्यता अध्ययन

(क) एकीकरण गरिएको जमिनको प्राविधिक समूहबाट माटो, पानी र हावापानीको टेस्ट गराइने र बढी उपयुक्त हुने कृषि, पशुपन्छी तथा वनजन्य क्रियाकलापको पहिचान गरिने।

(ख) स्थानीय र बाह्य बजारको माग र आपूर्तिको अध्ययनसमेतका आधारमा एकीकरण गरिएको जमिनमा कुन खेती, पशुपन्छी पालन तथा वनजन्य व्यवसाय गर्ने भन्ने निर्क्योल गरिने।

(ग) जुनकुनै कृयाकलाप छनोट गर्दा पनि एकै वस्तुको ठुलो स्केलमा उत्पादन गर्ने साथै जोखिम न्यूनीकरणका लागि वस्तु विविधता कायम गर्ने कार्यबिच सन्तुलन मिलाइने।

३.३ लगानी व्यवस्था

(क) एकीकृत जमिनमा कुन-कुन पेसा वा क्रियाकलाप सञ्चालन गर्ने भन्ने निधो भएपछि पूर्वाधार निर्माणका लागि डिजाइन तयार गर्ने र पुँजीगत तथा चालु खर्चका लागि आवश्यक कुल लगानीको आँकलन गरिने ।

(ख) जग्गाधनी कृषक परिवार, स्थानीय तथा अन्य लगानीकर्ताले सेयरबापत हालेको रकम मूल स्रोत हुने । अन्य लगानीकर्ताका रूपमा परियोजना क्षेत्रबाट वैदेशिक रोजगारीमा गएका र काठमाडौं लगायतका ठुला सहरमा बसोबास गरिरहेका व्यक्तिहरूलाई समावेश गरिने । प्यारेन्ट कम्पनीका रूपमा हरियाली ग्रुपले सेयर लगानी गर्न सक्ने । प्रदेश तथा स्थानीय सरकारलाई पनि लगानीमा सहभागी गराइने ।

(ग) बैंकबाट सरकारले व्यवस्था गरेको सहुलियतपूर्ण कृषि कर्जा लिइने । यस्तो कर्जाका लागि परियोजना धितो राखिने ।

(घ) तीनै तहका सरकारबाट अनुदान, प्राविधिक सहयोग र छुट प्राप्त गर्न पहल गरिने । हरेक किसान घरपरिवारले सरकारी सहयोग पाउन छुट्टाछुट्टै रूपमा कार्यालयहरूमा धाउनु नपर्ने । तीनै तहका सरकारले पनि किसान परिवारहरूलाई एकमुस्ट रूपमा सहयोग उपलब्ध गराउन मिल्ने । कम्पनी दर्ता गरी समूहले काम गर्ने भएकाले सरकारी सहयोगको दोहोरोपन र दुरूपयोग रोक्न साथै सहयोगलाई सिधै उत्पादनसँग जोड्न सकिने ।

३.४ जनशक्ति व्यवस्थापन

(क) जग्गाधनी र लगानीकर्ताका परिवारहरूबाट नै फार्म व्यवस्थापक तथा कर्मचारीको नियुक्ति गरिने र तोकिएको तलब प्रदान गरिने । प्राविधिक कर्मचारी र व्यवस्थापक आवश्यकताअनुसार बाहिरबाट पनि भर्ना गर्न सकिने ।

(ख) तोकिएको पेसा-व्यवसायका लागि हरेक कर्मचारीलाई तालिमको व्यवस्था गरिने । यसका निमित्त तीनै तहका सरकारअन्तर्गतका सम्बन्धित कार्यालयबाट सहयोग लिइने । साथै हरियाली प्यारेन्ट कम्पनीलाई प्रमुख स्रोतकेन्द्रका रूपमा प्रयोग गरिने ।

(ग) आवश्यकताअनुसार दैनिक ज्यालादारीमा स्थानीय जनशक्ति प्रयोग गरिने ।

४. हरियाली मोडेलको म्याग्दी पाइलट परियोजना

४.१ परियोजना परिचय

म्याग्दी जिल्लाको बेनी नगरपालिका वडा नं. ४ मा २०७५ मङ्सिरदेखि पाइलट परियोजनाका रूपमा हरियाली मोडेलको एकीकृत कृषि फार्म सञ्चालन गरिएको छ । यसमा हालसम्म ३५ जना कृषकहरूको २०३ रोपनी जग्गा एकीकरण गरी चक्लाबन्दी गरिएको छ । यसरी स्थापित फार्ममा टनेलमा मौसमी तथा बेमौसमी तरकारी खेती, पुष्प खेती, केरा, अङ्गुर, ड्रागन फ्रुट्स र अन्य केही प्रजातीका फलफूल खेती, अण्डाका लागि लेयर्स कुखुरा पालन, मासुका लागि ब्रोइलर कुखुरा, लोकल कुखरा र कालिज पालन, माछा पालन र बोयर जातको बाख्रा पालन गरिएको छ । हरियाली मोडेलअन्तर्गत सामान्यतया ठुलो स्केलमा सीमित वस्तुको उत्पादनमा जोड दिइने भए तापनि म्याग्दी पाइलट परियोजनालाई स्रोतकेन्द्र साथै प्यारेन्ट कम्पनीका रूपमा विकास गर्न धेरै प्रकारका कृषि कार्यलाई एकीकृत रूपमा अघि बढाइएको छ । यस परियोजनामा जग्गाधनी कृषक तथा स्थानीय लगानीकर्ताहरू गरी ६५ जनाको रु. ५ करोड सेयर लगानी रहेको छ भने राष्ट्रिय वाणिज्य बैंकबाट परियोजना धितोमा रु. ५ करोडको सहुलियतपूर्ण कर्जा प्रवाह भएको छ ।

४.२ परियोजनाको उपलब्धि

(क) जमिन, श्रम, पुँजी र प्रविधिको उचित समिश्रणबाट कम उत्पादकत्व भएका खेत तथा पाखाबारीमा पनि आधुनिक विधिबाट व्यावसायिक कृषि, पशुपन्छी पालन तथा वनजन्य व्यवसाय गर्दा जमिनको उत्पादकत्व र उत्पादन उल्लेखनीय रूपमा बढेको छ । उदाहरणका लागि आँक र सिरुमात्र उम्रने भूमिमा समेत पोखरी निर्माण गरी माछा पालन गरिएकाले सो भूमिको उत्पादन पनि त्यस नजिकको धान खेती हुने उर्बर जमिनको बराबर हुन पुगेको छ ।

(ख) जग्गाधनी किसानले आफैले खेती गर्दा कहिले मल, बिउ वा श्रमिक नपाइने, कहिने प्राकृतिक कारणले बाली बिग्रने, कहिले उत्पादनले मूल्य नपाउने जस्ता अवस्था बारम्बार भोग्नुपर्दछ । त्यसैले कृषिलाई **दुख्याहा पेसा** र घाटाको व्यवसायका रूपमा पनि लिइन्छ । हरियाली मोडेलअन्तर्गत जमिन एकीकृत गर्ने किसानहरूले ६-६ महिनामा जमिनको लिज भाडा पाउने भएकाले उनीहरूको उच्चतम आय सुनिश्चित भएको छ ।

(ग) किसान घरपरिवार र अन्यबाट गरी हरियाली फार्ममा ३० जनाले पूर्णकालीन रोजगारी पाएका छन् भने ठुलै सङ्ख्यामा स्थानीयले ज्यालादारीमा काम गर्ने अवसर पाएका छन् । कतिपय किसानहरूले हरियाली परियोजनामा आफ्नो जमिन एकीकृत गरेपछि उनीहरू अन्य व्यवसायमा लाग्न पाएका छन् । यसबाट रोजगारी सिर्जना गर्ने र कृषिमा संलग्न जनशक्तिको अर्ध बेरोजगारी हटाउने कार्यमा प्रत्यक्ष योगदान पुगेको छ । यस मोडेलले कृषि क्षेत्रमा उब्रने जनशक्तिलाई उद्योग तथा सेवा क्षेत्रको व्यवसायमा स्थान्तरण गर्न समेत सहयोग पुऱ्याउन सक्ने देखिन्छ । पूर्णकालीन कर्मचारीलाई न्यूनतम तलब मासिक रु. १५,००० प्रदान गरिने भएकाले कतिपय गरिबीको रेखामुनि रहेका कृषक घरपरिवार हरियालीको रोजगारीपछि सो रेखाबाट बाहिरिन सकेको अनुमान छ ।

(घ) हरियाली परियोजनास्थल आसपासका साना कृषकहरूले हरियालीबाट मल, बिउ र प्राविधिक सहयोग सहज रूपमा प्राप्त गर्न सक्दछन् । त्यस्ता कृषकहरूले हरियालीले तोकेको गुणस्तर कायम गरी उत्पादन गरेका कृषि उपजसमेत हरियाली कै बजार-सञ्जालमार्फत बिक्री-वितरणका लागि पठाउन सक्ने व्यवस्था छ । हरियाली परियोजना सुरु भएपछि परियोजनास्थल वरपरको क्षेत्रमा आर्थिक क्रियाकलाप र आवतजावत निकै बढेको छ । यसबाट सो क्षेत्रमा छिटै होमस्टे र एग्रो रिसोर्ट सञ्चालन हुने अवसर सिर्जना भएको छ ।

(ङ) कृषकहरूले फार्मबाट पाउने तलबबाट नेपाल सरकारलाई नियमानुसारको कर प्राप्त हुने गर्दछ । त्यसै गरी जग्गाधनी कृषकहरूले पाउने जमिनको लिज भाडाबाट स्थानीय सरकार अर्थात पालिकालाई नियमानुसारको कर प्राप्त हुन्छ । किसानहरूले आफ्नो जमिनमा आफैले खेतीपाती गर्दाको अवस्थामा सरकारले पारिश्रमिक र जमिनको लिज भाडाबापतको यस्तो राजस्व प्राप्त गर्न सक्ने गुन्जायस हुँदैन । मुलुकमा हाल खेती गरिएको करिब ३१ लाख हेक्टरमध्ये पहिलो ५ वर्षमा १ लाख हेक्टर जमिनमा मात्र यो मोडेल कार्यान्वयन गर्ने हो भने पनि ३ लाखभन्दा बढीले फार्ममा पूर्णकालीन रोजगारी पाउने र तलब तथा जग्गाको लिज भाडातर्फ राजस्वको दायरा बढ्न गई वार्षिक एक अर्बभन्दा बढीको राजस्व थप हुन सक्ने देखिन्छ । तर आफ्नै जमिनमा आफैले काम गर्दा पनि तलबबापत र जमिनको लिज भाडाबापत कर तिर्नुपर्ने व्यवस्थाका कारण जग्गाधनी किसानहरू यस मोडेलमा संलग्न हुन हतोत्साही हुने भएकाले पहिलो तीन वर्षसम्म यस्तो करमा छुट दिनु आवश्यक छ ।

४.३ हरियाली पाइलट परियोजनाको अनुभव

(क) जग्गा एकीकरण र चक्लाबन्दीका लागि जग्गाधनीहरूलाई मनाउने कार्य निकै कठिन छ । हरियाली पाइलट परियोजना सुरु गर्न म्याग्दीमा सुरुमा पहिचान गरिएका दुई स्थानहरूमा केही जग्गाधनीहरूको असहमतिका कारण परियोजना अघि बढ्न सकेन । खास गरी जग्गा एकीकरण र चक्लाबन्दी पछि आफ्नो जमिनको साँध-सिमाना हराउन सक्ने, आफ्नो जमिनमा पक्की संरचना बन्न सक्ने भएकाले जमिनको उर्वर शक्ति नष्ट हुन सक्ने, अहिले कायम रहेको कुलो तथा बाटो पुरिन सक्ने, पछि फिर्ता हुँदा सबुत जमिन फिर्ता पाउन सकिने, नसकिने जस्ता शङ्का र अस्पष्टताले जग्गाधनी कृषकहरू यस मोडेलमा संलग्न हुन हच्कने गर्दछन् ।

(ख) हरियाली मोडेलमा जमिनको चक्लाबन्दी गर्नु अघि साँध-सिमाना छुट्टिने गरी पक्की पोस्टहरू गाडिने, फोटो, नक्सा र विवरणको अभिलेख राखी जमिन फिर्ता गर्दा पूरा जमिन दुरुस्त रूपमा फिर्ता हुने कुरा सुनिश्चित गरिन्छ । जमिनको चक्लाबन्दीसँगै उकास-विकास पनि हुने भएकाले लिज अवधि थप नभई जमिन फिर्ता गर्नुपर्ने अवस्थामा उकास-विकास भएकै अवस्थामा फिर्ता गरिन्छ । जग्गाधनी कृषक आफ्नै स्वामित्वको कम्पनीले आफ्नै प्रत्यक्ष संलग्नता र जानकारीमा जमिनको उकास-विकासको काम गर्ने भएकाले जग्गाधनीको हित सुनिश्चित हुन्छ । कुनै पनि कुरा व्याख्या सुनेर भन्दा देखेर बुझ्न सजिलो हुन्छ । यसै अनुरूप हरियाली पाइलट परियोजनाअन्तर्गत सुरुमा निकै मुस्किलका साथ १५ जना कृषकहरूको ५४ रोपनी जमिनमात्र एकीकरण हुन सकेकोमा सो परियोजना प्रत्यक्ष देखेर त्यसअन्तर्गतका व्यवस्था बुझेपछि परियोजनामा जग्गा एकीकरण गर्न सहभागी जग्गाधनीहरूको सङ्ख्या छोटो समय मै ३७ पुगेको छ भने जमिनको क्षेत्रफल २०३ रोपनी पुगेको छ ।

(ग) कृषि परियोजनामा लगानी जुटाउने कुरा निकै चुनौतिपूर्ण छ । हरियाली पाइलट परियोजनाका लागि सेयर पुँजी रु. ५ करोड राखी कम्पनी स्थापना गरिएकोमा सुरुमा रु. २ करोड जुटाउन पनि गाह्रो भयो । धेरैको भनाइ कृषि जस्तो घाटा हुने क्षेत्रमा त्यति ठुलो रकम लगाउनु भन्दा तत्कालै धेरै नाफा हुन सक्ने अन्य क्षेत्रमा पो लगानी गर्नुपर्छ भन्ने रह्यो । हरियाली परियोजनाअन्तर्गत पूर्वाधारहरूको निर्माण गरी परियोजनाका कृयाकलापहरू अघि बढेपछि र ती कृयाकलापहरू प्रत्यक्ष देखेपछि लगानी गर्न चाहनेहरूको सङ्ख्या थपिन थाल्यो र छोटो समयमा रु. ३ करोडको सेयर लगानी थप भई कुल सेयर लगानी लक्षअनुसार रु. ५ करोड पुगेको छ । कृषि परियोजना नाफामा जान कम्तीमा ३ वर्ष लाग्दछ । यस बिचमा आम्दानी र खर्च बराबर हुने अवस्थामात्र सिर्जना गर्न सकियो भने पनि अनुदान तथा सहुलियतबापत प्राप्त हुने रकम बराबरको नाफा प्राप्त हुन थाल्दछ । त्यसपछि काम गर्दै जाँदा सिक्दै पनि गइने हुँदा दक्षतामा हुने अभिवृद्धि, बजार सञ्जालको विकास र ब्रान्ड इमेज निर्माणबाट कम्पनी नाफामा जाने दिगो आधार खडा हुन्छ ।

(घ) हरियाली मोडेलका लागि बैंकबाट कर्जा लिने काम पनि निकै जटिल छ । सामान्यतया कर्जाका लागि बैंकहरूले घरजग्गाको धितो खोज्ने तर पूर्णरूपमा लिजको जमिनमा सञ्चालन गरिने यस परियोजनामा जग्गा धितो दिन मिल्ने अवस्था हुँदैन । अर्कोतिर लिजमा लिएको जमिनमा करोडौँको लगानीबाट पूर्वाधार संरचना निर्माण गरिएको अवस्थामा पनि जमिनको स्वामित्व कम्पनी वा परियोजनाको नाममा नभएका कारण कतिपय बैंकको कर्जा निर्देशिकाले यस्तो परियोजनाका लागि कर्जा दिन नमिल्ने व्यवस्था गरेको पाइन्छ । केन्द्रीय बैंकले परियोजनाको सम्भाव्यताका आधारमा परियोजना धितोमा कर्जा प्रवाह गर्न सकिने व्यवस्था गरे तापनि बैंकहरूले सजिलोका लागि घरजग्गाको धितो खोज्ने प्रवृत्ति कायमै छ । यस्तो अभ्यासको पृष्ठभूमिमा राष्ट्रिय वाणिज्य बैंकले म्याग्दीको हरियाली परियोजनाका लागि परियोजना धितोमा कर्जा उपलब्ध गराएर हरियाली मोडेलमार्फत कृषिलाई रूपान्तरण गर्न सघाउने अभियानलाई ठुलो सहयोग पुऱ्याएको छ ।

(ङ) कृषि क्षेत्रसँग सम्बन्धित हालका नीति, विधि-प्रक्रिया र सोच हाल कै अवस्थालाई निरन्तरता दिने खालका छन् । केही समयदेखि हरेक क्षेत्रमा नवप्रवर्तनलाई प्रोत्साहन गर्ने कुरा गर्न थालिए तापनि व्यवहारमा त्यस्ता प्रयासहरूले प्रोत्साहन पाउने अवस्था बनिसकेको छैन । सहकारी मोडेलमा निश्चित भौगोलिक क्षेत्र बाहिरकालाई सहभागी गराउन नमिल्ने भएकाले बाहिरका लगानीकर्ताहरूबाट समेत लगानी जुटाउन हरियाली पाइलट परियोजनालाई कम्पनी मोडेलमा अघि बढाइएको छ । तर राज्यबाट प्रदान गरिने अनुदान, भन्सार सुविधा, महसुल छुट तथा अन्य विभिन्न सहयोग सहकारी र कृषक समूहले मात्र पाउने व्यवस्था रहेकाले सहकारी कै अवधारणाअनुरूप कृषक समूहबाटै सञ्चालन हुने व्यवसाय भए तापनि हरियाली मोडेलको परियोजनाले यस्तो सहयोग पाउन सकेको छैन । नयाँ सोचअनुसारका प्रयासहरूलाई प्रोत्साहन गर्न विशेष व्यवस्था गर्नुपर्नेमा नीति निर्माताहरूको दोहोरो चरित्र र कार्यान्वयन तहका कर्मचारीमा बुझाइको कमी साथै लाभ लिने नियतका कारणले समेत हुनुपर्ने कामहरू नभएको अवस्था छ र यसमा सुधार गर्न ठुलै मेहनत गर्नुपर्ने देखिन्छ ।

५. निष्कर्ष

हामीले हाम्रो मुलुकलाई समृद्ध तुल्याउन सर्वप्रथम हाम्रो जमिनको उर्वरशक्तिको पूर्ण उपयोग गर्न सक्नुपर्दछ । जमिन बाँझो राखेर साथै खेती गरिने भूमिबाट पनि न्यून उत्पादन हुने अवस्था कायम राखेर अन्य उपायबाट हामी समृद्ध हुन सक्ने कल्पना नगरे हुन्छ । कृषि क्षेत्रको रूपान्तरण हुन सक्यो र उत्पादकत्व अधिकतम स्तरमा पुग्यो भने मात्र उद्योग र सेवा क्षेत्रको विकासले पनि गति लिन सक्दछ । कृषि क्षेत्रको उच्चतम विकास भएपछि उद्योगका लागि पर्याप्त कच्चा पदार्थ उपलब्ध हुने र जनशक्तिसमेत कृषिबाट स्थानान्तरण हुने भएकाले औद्योगिक विकासको आधार तयार हुन्छ । त्यसै गरी कृषि र उद्योग क्षेत्रको विकास र विस्तारसँगै समग्रमा नागरिकहरूको आय-आर्जन वृद्धि हुने हुँदा त्यसले सेवा क्षेत्रको तीव्रतर विकासका लागि ऊर्जाको काम गर्दछ ।

कृषि क्षेत्रमा नयाँ सोचअनुसार काम गर्ने उद्देश्यले हरियाली मोडेलको विकास गरिएको छ । जमिन, श्रम, पुँजी र प्रविधिको उचित समिश्रण कायम गरी उत्पादन बढाउने र सबल बजार सञ्जाल निर्माण गरी सोमार्फत् उत्पादनको प्रभावकारी बजारीकरण गर्ने कार्यमा यस मोडेलको जोड रहेको छ । यस मोडेलअन्तर्गत विगत तीन वर्षदेखि म्याग्दीमा सञ्चालित पाइलट परियोजनाबाट आशालाग्दो सम्भावना देखिएको छ । यो मोडेल अनुसरण गर्न चाहनेहरूले फिल्डस्तरको यथार्थ स्थिति बारेमा जानकारी लिन सो पाइलट परियोजनामा गएर अवलोकन गर्न सक्दछन् । सो परियोजनाको अनुभवका आधारमा थप परिमार्जन गरी हरियाली मोडेललाई मुलुकका अन्य भागमा पनि कार्यान्वयन गर्न अभियान सञ्चालन गर्ने लक्ष्य राखिएको छ । यस मोडेलको कार्यान्वयनबाट कृषिलाई नाफामूलक व्यवसायका रूपमा स्थापित गर्न सघाउ पुग्ने र यो नै नेपालको कृषि क्षेत्रको रूपान्तरण गर्ने मूल कडी बन्न सक्ने विश्वास गरिएको छ ।

***

कोभिड-१९, आर्थिक पुनरूत्थान र वित्तीय स्थायित्व

डा. नीलम ढुङ्गाना तिम्सिना*

पृष्ठभूमि

अमेरिका-चीन व्यापार युद्ध जनित कर व्यवहार, ब्रेक्जिटसम्बन्धी अनिश्चितता र विश्वमा बढ्दो भूराजनीतिक तनावका कारण सुस्ताएर विस्तारै तङ्ग्रिन थालेको विश्व आर्थिक वृद्धि र विश्व व्यापारले कोरोना भाइरसका कारण ठुलै चुनौती सामना गऱ्यो । विभिन्न अन्तर्राष्ट्रिय आर्थिक संस्था तथा बैंकहरूले विश्वको आर्थिक वृद्धिदरको लक्ष्यलाई घटाएर पूर्वानुमान गरे । वास्तवमै सन् २०२० मा विश्वको आर्थिक वृद्धिदर उल्लेख्य रूपमा घट्यो । सन् २०२० मा विश्वको आर्थिक वृद्धिदर ३.१ प्रतिशतले घट्यो भने भारतको आर्थिक वृद्धिदर ७.३ प्रतिशत र नेपालको आर्थिक वृद्धिदर २.०९ प्रतिशतले घट्यो । चीनको आर्थिक वृद्धिदर २.३४ प्रतिशत मात्र भयो ।

अमेरिकाको फेडेरल रिजर्भ बैंकले कोरोना सङ्क्रमण कालमा नीतिगत दरमा उल्लेख्य रूपमा कटौती गरी शून्यमा झाऱ्यो । बैंक अफ इङ्ग्ल्यान्डले समेत नीतिगत दरलाई ०.७५ प्रतिशतबाट ०.२५ प्रतिशत हुँदै ०.१ प्रतिशतमा झाऱ्यो । अन्य मुलुकहरूले पनि नीतिगत दरमा कटौती गरे । फेडरल रिजर्भ बैंकले ट्रेजरी र मोर्टगेजमा आधारित सुरक्षण पत्रहरू खरिद गरी परिमाणात्मक सहजीकरण कार्यक्रम अघि सार्ने घोषणा गर्नुका साथै ७०० अर्ब डलरभन्दा बढीको स्टिमुलस कार्यक्रम लागू गऱ्यो । अमेरिकाले यसबिच कोरोनाको निःशुल्क परीक्षण, कर्मचारी तथा कामदारहरूलाई तलबी बिदा, नगदै उत्प्रेरणामूलक पोषण कार्यक्रम, ऋणको साँवा ब्याज र कर तिर्ने समयावधि विस्तार, बैंक र वित्तीय संस्थाहरूको तरलता अभिवृद्धि आदिका लागि १५ खर्ब डलरभन्दा धेरै खर्च गऱ्यो । धेरै बैंकले रिजर्भ रिक्वायरमेन्ट शून्यमा झारे । अन्तर्राष्ट्रिय मुद्रा कोषले आफ्ना १८९ सदस्य राष्ट्रहरूलाई आवश्यकताअनुसार कोरोनासँग जुध्ने ऋण सहयोगका लागि १ खर्ब डलरभन्दा बढी छुट्टयायो । भारतले समेत कोरोना सङ्क्रमण कालमा नीतिगत दरमा कटौती गरी ४ प्रतिशतबाट ३ प्रतिशतमा झारेको थियो (हाल सो दरमा वृद्धि भइसकेको छ) । धेरै मुलुकहरूले गैरपरम्परागत मौद्रिक उपायहरू र वित्त नीतिगत प्रयासहरूलाई सघन बनाए । यी सम्पूर्ण प्रयासहरूको फलस्वरूप हाल विश्व अर्थतन्त्रले वृद्धिको लय समातेको छ । अन्तर्राष्ट्रिय मुद्रा कोषको अक्टोबर २०२१ को वर्ल्ड इकोनोमिक आउटलुकअनुसार विश्वको आर्थिक वृद्धि सन् २०२० मा ३.१२ प्रतिशतले घटेकोमा सन् २०२१ मा ५.८८ प्रतिशतले बढ्ने प्रक्षेपण गरिएको छ । कोभिड १९ को सङ्क्रमण क्रमशः कम हुँदै गएको, विश्वस्तरमा नै यस विरुद्धको खोपको उपलब्धता बढ्दै गएको र आर्थिक क्रियाकलापहरू क्रमशः विस्तार हुँदै गएको कारण अहिले विश्वका विभिन्न मुलुकहरूले आफ्नो ध्यान आर्थिक पुनरुत्थानलाई दिगो र निरन्तर रूपमा कायम राख्दै वित्तीय स्थायित्वतर्फ केन्द्रित गर्न थालेका छन् । कतिपय मुलुकका सरकारहरूले नगद उत्प्रेरणा कार्यक्रमहरू बन्द गरेका छन् भने कतिपय मुलुकहरूले गैरपरम्परागत मौद्रिक उपकरणहरूको प्रयोगलाई साँघुरो बनाउँदै गएका छन् । आर्थिक पुनरुत्थानका लागि कोभिड सङ्क्रमणको समयमा दिइएका नियामकीय छुटहरू हटाउँदै गएका छन् । भारतले कोभिड सङ्क्रमण न्यून हुँदै, अर्थतन्त्रले गति लिँदै गर्दा अनिवार्य नगद अनुपातलाई ३ प्रतिशतबाट ४ प्रतिशत पुऱ्याइसकेको छ । तसर्थ अबको सवाल वित्तीय स्थायित्व हासिल गर्नेतर्फ केन्द्रित हुन थालेको आभास मिल्दछ ।

नेपालको सन्दर्भ

विश्व अर्थतन्त्र र विश्व वित्तीय बजारका लागि ठुलो चुनौती खडा गरेको कोरोना भाइरस आउटब्रेकबाट नेपाल अछुतो रहने कुरा भएन । नागरिकको स्वास्थ्य, जनजीविका, अर्थतन्त्रका मुख्य आधार (होटल, पर्यटन, यातायात, हवाई सेवा, उद्योगधन्दा, व्यापार-व्यवसाय) हरूमा प्रतिकूल प्रभाव पऱ्यो । नेपालको आर्थिक वृद्धिदर आर्थिक वर्ष २०७६-७७ मा २.०९ प्रतिशतले ऋणात्मक रह्यो । चीनबाट विगतमा झैँ उल्लेख्य परिमाणमा व्यापारिक मालवस्तुहरू आउन नसक्दा नेपालमा पसलहरू बन्द हुने, कामदारहरूले बिदा पाउने स्थिति रह्यो । सस्ता चिनियाँ सामानहरू आउन नसक्दा उपभोक्ताहरूको उपभोग खुम्चियो । ती वस्तुहरूको आपूर्ति असहज भएकाले उपभोक्ताहरू महँगीको मारमा परे । चिनियाँ कामदारहरू फर्किन नसकेको त्यो अवधिमा चीनको सहयोगमा सञ्चालित विकास आयोजनाहरूको काम रोकियो । नेपाल आउने विदेशी पर्यटकहरूमा उल्लेख्य हिस्सा ओगट्ने चिनियाँहरूको आवागमन बन्द हुँदा पर्यटन आय प्रभावित बन्यो । होटल अकुपेन्सी खुम्चियो । अझै त्यसले अपेक्षित गति लिन सकेको छैन । होटल, रेस्टुरेन्ट, हवाई यातायात क्षेत्रले ठुलो नोक्सानी बेहोर्नुपऱ्यो । कच्चा पदार्थको अभाव र मजदुरहरूको आवागमन बन्द हुनाले कोभिड सङ्क्रमण चरम बिन्दुमा भएका वेला उत्पादन घट्यो । अर्कातिर अनिवार्यबाहेक अन्य वस्तुको माग कम हुन थालेकाले पनि उत्पादन र व्यापार दुवै प्रभावित भयो ।

अतः कोरोना ब्रेकले सँगसँगै आर्थिक सुस्ती पनि लिएर आयो । यसले गरिबी र बेरोजगारी बढ्यो । बैंकहरूले प्रवाह गर्ने कर्जा अपेक्षित रूपमा प्रवाह हुन सकेन (कर्जाको माग नै नभएको) । फलस्वरूप बैंकिङ क्षेत्रमा उल्लेख्य तरलता कायम भयो । अन्तरबैंक ब्याजदर घटेर शून्यभन्दा न्यून हुन पुग्यो । यसले गर्दा बैंक तथा वित्तीय संस्था जे जसरी हुन्छ कर्जा प्रवाह बढाउने उपायमा लागे । कर्जाको गुणस्तर खस्कने हो कि भन्ने डर पनि सिर्जना भयो । विदेशमा आर्थिक गतिविधिमा आएको सङ्कुचन र यात्रामा प्रतिबन्धका कारण वैदेशिक रोजगारीमा जाने नेपाली कामदारहरूको सङ्ख्या घट्न थाल्यो । पहिले गएकाहरू पनि धमाधम फर्किन थाले । तर विप्रेषण आप्रवाह भने सोचे जति घटेन । तर कोभिड सङ्क्रमणको असर विप्रेषणमा अहिले आएर देखिन थालेको छ । आर्थिक वर्ष २०७८/७९ को पहिलो तीन महिनामा विप्रेषण आप्रवाह ७.६ प्रतिशतले घटेको छ । विप्रेषण आप्रवाहको अस्थिर

* डेपुटी गर्भनर, नेपाल राष्ट्र बैंक

प्रवृत्ति देखिएको छ । हाम्रो विदेशी मुद्रा आयको मुख्य स्रोतका रूपमा विप्रेषण घट्नुले विदेशी विनिमय सञ्चिति घट्दै जान थालेको छ । कोभिड सङ्क्रमण सुरु भएयता केही समय घटेको आयात पनि पछिल्लो केही महिनादेखि बढ्न थालेको छ ।

प्रयासहरू

नेपाल सरकारले कोभिड-१९ को सङ्क्रमणलाई फैलन नदिन धेरै उपायहरू अपनाएको छ । कोभिड सङ्क्रमण सुरु हुँदाको प्रारम्भिक समयमा परीक्षण र उपचारको व्यवस्था उल्लेख्य रूपमा गरेको छ । गरिबहरूका लागि यस्तो सुविधा निःशुल्क पनि गरिएको छ । थोरै समयपश्चात् नै २०७७ को पुस महिनादेखि कोभिड विरुद्धको खोप पनि दिन थालियो । यद्यपि त्यो पर्याप्तचाहिँ थिएन । सरकारले त्यो महामारीको अवधिमा लिएका मुख्य वित्त नीतिगत उपायहरूमा स्वास्थ्य क्षेत्र (कोभिड-१९ परीक्षण र उपचारका लागि समेत) मा गरिएको थप खर्च, घरपरिवार र व्यावसायिक फर्महरूलाई कर छुट, खाद्यान्न राहत वितरण, बिजुलीको बिलमा छुट, अनौपचारिक क्षेत्रका कामदारहरूलाई ज्याला सहयोग, प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत सरकारी क्षेत्रका आयोजनाहरूमा कोभिड पीडित बेरोजगारहरूलाई १०० दिनसम्मको काम दिने कार्य, अति प्रभावित, मध्यम प्रभावित र न्यून प्रभावित उद्यमिहरूलाई सहुलियतपूर्ण कर्जामा ब्याज अनुदान सुविधा, कामदार हरूको ज्याला भुक्तानीमा सहयोग पुऱ्याउन व्यावसायिक निरन्तरता कर्जाको व्यवस्था आदि मुख्य छन् ।

कोरोनाका कारण हुने आर्थिक असर न्यूनीकरण गर्न सरकारले घरेलु तथा साना-मझौला उद्योग एवम् कोरोना प्रभावित पर्यटन व्यवसायका श्रमिक तथा कर्मचारीको पारिश्रमिक भुक्तानी तथा व्यवसाय सञ्चालनका लागि ५ प्रतिशत ब्याजमा कर्जा उपलब्ध गराउन ५० अर्ब रूपैयाँको छुट्टै कोष स्थापना गरेको छ । विद्युत् उपभोक्तालाई खपत युनिटका आधारमा महसुलमा र उद्योगहरूलाई लकडाउन अवधिभर विद्युत्को डिमान्ड शुल्क छुट, कोरोना प्रभावित घरेलु तथा साना-मझौला उद्योगहरूलाई ५ प्रतिशतसम्मको सहुलियत दरमा कर्जा उपलब्ध गराउन पुनर्कर्जा कोषमा वृद्धि, रु. १ लाखसम्मको कोरोना बीमा गर्दा लाग्ने शुल्कमा ५० प्रतिशत छुट आदिको व्यवस्था पनि सरकारले गरेको थियो ।

नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत् अर्थतन्त्रमा तरलताको अवस्था सहज गर्न अनिवार्य नगद मौज्दात अनुपात ४ प्रतिशतबाट घटाई ३ प्रतिशत र बैंकदर ६ प्रतिशतबाट कम गरी ५ प्रतिशत कायम गरेको छ भने ब्याजदर करिडोरको माथिल्लो र तल्लो सीमा एवम् नीतिगत दर समेत घटाएको छ । काउन्टर साइक्लिकल बफरसम्बन्धी व्यवस्था स्थगन, अल्पकालीन कर्जाहरूको भुक्तानी म्याद थप गरिने व्यवस्था, पुनर्कर्जाका लागि उपलब्ध कोषको ५ गुणासम्म पुनर्कर्जा उपलब्ध गराउने व्यवस्था, अति प्रभावित पेसा, व्यवसाय सञ्चालन गर्न चालु पुँजी कर्जाको सीमामा बढीमा २० प्रतिशतसम्म थप कर्जा प्रवाह गर्न सक्ने व्यवस्था, कर्जा भुक्तानी अवधिको म्याद थप, कर्जा पुनर्संरचना तथा पुनर्तालिकीकरण, तरलता असहजताका आधारमा गैरपरम्परागत मौद्रिक उपकरणको प्रयोग गर्न सकिने व्यवस्थासमेत मौद्रिक नीतिमा गरिएको छ । यसबाट कोभिडको प्रभाव कम भएपछि वित्तीय क्षेत्रमा देखा पर्न सक्ने चरम तरलता अभावलाई समेत सम्बोधन गर्ने प्रयास भएको छ ।

पुनरुत्थानका प्रयासपश्चात्को अवस्था र वित्तीय स्थायित्वको सवाल

कोभिड सङ्क्रमणबाट अर्थतन्त्रमा परेको प्रतिकूल असरलाई न्यूनीकरण गरी अर्थतन्त्रलाई पुनरुत्थानको दिशामा उपरोक्त उल्लेख गरिएबमोजिमका सरकार र केन्द्रीय बैंकका प्रयासहरूले सञ्जीवनी बुटीका रूपमा काम गरेको महसुस सर्वत्र भएको छ । हाल आएर मुलुकमा आशाको सञ्चार भएको छ । आर्थिक गतिविधिहरू चलायमान हुन थालेका छन् । हवाई सेवा सञ्चालन भएको छ । होटलहरूमा पाहुनाहरूको सङ्ख्या बढेको छ । पर्यटकहरूको आगमन बढेको छ । वैदेशिक रोजगारीमा जाने कामदारहरूको सङ्ख्या बढेको छ । विद्यालयहरू खुलेका छन् । उद्योगधन्दाहरू सञ्चालनमा आएका छन् ।

कोभिड-१९ ले उद्योग व्यवसायमा पारेको असर अध्ययन गर्न नेपाल राष्ट्र बैंकले २०७७ असारमा ५२ जिल्लाका ६७४ उद्योगी-व्यवसायीहरूबाट तथ्याङ्क सङ्कलन गरी सोको प्रतिवेदन सार्वजनिक गरेको थियो । सो सर्वेक्षणले बन्दाबन्दीपश्चात् औसतमा ६१ प्रतिशत उद्योग-व्यवसायहरू सञ्चालन हुन नसकेको र ४.१ प्रतिशत उद्योग-व्यवसायहरू मात्र पूर्ण रूपमा सञ्चालनमा रहेको देखाएको थियो । त्यसै गरी २०७७ मङ्सिरमा प्रथम र २०७८ बैशाखमा दोस्रो पुनरावृत्ति सर्वेक्षण गरिएको थियो । यस सर्वेक्षणले २०७७ असारको सर्वेक्षणको तुलनामा उद्योग-व्यवसायको सञ्चालनस्थिति तथा उत्पादन र व्यावसायिक कारोबारमा सुधार आएको देखाएको छ । कोभिड-१९ को सङ्क्रमणपूर्वको अवस्थाको तुलनामा २०७७ असारमा २८.८ प्रतिशत मात्र रहेको उत्पादन/कारोबार स्थिति यो सर्वेक्षण सम्पन्न हुँदाका बखत ७४.७ प्रतिशत पुगेको छ । कोभिड पूर्वको तुलनामा २०७७ असारमा ४.१ प्रतिशत मात्र उद्योग-व्यवसायहरू सञ्चालनमा रहेकोमा २०७८ कात्तिकमा ८७.२ प्रतिशत उद्योग-व्यवसायहरू पूर्ण रूपमा सञ्चालनमा आएका छन् । उद्योग-व्यवसायमा संलग्न रोजगारीको प्रतिशत पनि बढेर ९७.२ प्रतिशत पुगेको छ ।

यसरी औद्योगिक लगायतका आर्थिक गतिविधि विस्तार भएको फलस्वरूप आर्थिक वृद्धिदर २०७७/७८ मा ४.०१ प्रतिशत र २०७८/७९ मा ७ प्रतिशत पुग्ने अनुमान गरिएको छ । बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाह हुने कर्जाको माग उल्लेख्य रूपमा बढेको छ । वार्षिक विन्दुगत आधारमा २०७८ असोज मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजीक्षेत्रतर्फ प्रवाहित कर्जा ३१.७ प्रतिशतले बढेको छ । गत वर्ष यो कर्जा ११.७ प्रतिशतले मात्र वृद्धि भएको थियो ।

वित्तीय स्थायित्वको सवाल

यसरी अर्थतन्त्रलाई पुनरुत्थान गर्न, शिथिल आर्थिक क्रियाकलापलाई गति दिन विश्वव्यापी रूपमै सरकार र केन्द्रीय बैंकले विस्तारकारी प्रयास गर्दै आएका छन् । तर वित्तीय स्थायित्वको सवाल पनि उत्तिकै पेचिलो भएकाले यसलाई पनि नजरअन्दाज गर्न सक्ने अवस्था छैन । कर्जा तिर्ने भाखा सार्दा नसक्ने ऋणीले त तिर्दैनन् नै, सक्ने ऋणीले पनि तिर्न आनाकानी गर्ने प्रवृत्ति देखिएको छ । निक्षेपकर्ताको निक्षेपमा बैंकले नियमित रूपमा ब्याज तिर्नु नै पर्छ । तर आफ्नो कर्जामा ब्याज नआउँदा बैंकहरूलाई पनि समस्या पर्ने गरेको छ । असुल नभएको ब्याजलाई आम्दानी बाँध्नुपर्दा अर्को अप्ठेरो परेको छ ।

कोरोना सङ्क्रमणको चरम उत्कर्षका वेला र सङ्क्रमण कम हुँदै आर्थिक पुनरुत्थान हुँदै जान थालेको वेलामा वित्तीय स्थायित्वको सवाल बेग्लाबेग्लै ढङ्गले उठ्ने गर्दछ । कोरोना सङ्क्रमण चर्किएको वेलामा ठुलो सङ्ख्यामा उद्योगधन्दा बन्द भएका र उनीहरूले बैंकबाट कर्जा लिएका हुनाले कर्जा असुलीमा समस्या आउन सक्ने सम्भावना थियो । कर्जा असुलीमा समस्या आउँदा बैंकहरूको एकातर्फ नियमित आम्दानी हुँदैन भने अर्कातिर धितो लिलामी गर्नुपर्ने, सस्तो मूल्यमा धितो बिक्री गर्दा घरजग्गाको भाउ घट्ने, बैंकहरूको वासलतमा प्रतिकूल असर पर्ने, कर्जा रासनिङ्ग हुने, प्रतिकूल छनौट हुने, नैतिक जोखिमजस्ता समस्या आउने सम्भावनाहरू थिए । कतिपय अवस्थामा यस्ता समस्याहरू आए

तापनि नेपाल राष्ट्र बैंकको विवेकशील नियमन, कोभिडजन्य आर्थिक सुस्तीका वेला केन्द्रीय बैंकले प्रदान गरेको नियामकीय सहजताका कारण यी समस्याहरू सतहमा धेरै आएनन् र वित्तीय स्थायित्वमा प्रतिकूल असर पर्न पाएन।

कतिपय उद्योग व्यवसायले आफ्नो व्यवसाय नचलेका कारण ऋण तिर्न त परै जावोस्, आफ्नो थातथलो छाडी व्यवसाय बन्द गरेर पनि हिँडे। थप चालु पुँजी कर्जा दिँदा पनि उनीहरूका कर्मचारी, घरभाडा, बिजुली, पानी आदि दायित्व तिर्दै ठिक्क हुने अवस्था पनि नआएको होइन। नयाँ कारोबार चालु गर्न ठुलै धनराशी आवश्यक पर्ने, थप कर्जा प्रवाह गर्दा सो उद्योग व्यवसाय साँच्चिकै चल्न सक्ने हो वा होइन भन्ने दोधारको स्थिति थियो। अर्कातिर मानिसको ध्यान उपभोगमा भन्दा स्वास्थ्यमै बढी केन्द्रित भएको हुँदा कुल मागमा कमी आएकाले लगानीकर्तामा उत्साह देखिन सकेको थिएन। फलस्वरूप महामारीको पहिलो चरणमा नयाँ कर्जाको माग पनि कम नै थियो। आर्थिक वर्ष २०७६/७७ मा बैंक तथा वित्तीय संस्थाको निक्षेप १८.७ प्रतिशतले बढेको थियो भने निजीक्षेत्रमा जाने कर्जा १८ प्रतिशतले मात्र वृद्धि भएको थियो। २०७७ असारमा निक्षेप १७३.१ अर्ब रूपैयाँ सङ्कलन भएको थियो भने कर्जा ३६.८ अर्ब रूपैयाँ मात्र प्रवाह भएको थियो। यसले गर्दा बैंकिङ प्रणालीमा त्यस वेला उल्लेख्य परिमाणमा तरलता थुप्रिएको थियो। २०७७ भदौ मसान्तमा बैंकिङ प्रणालीमा २०८ अर्ब रूपैयाँको तरलता थियो। यसले गर्दा बैंक-वित्तीय संस्थामा एकअर्काको कर्जा खोसाखोसको स्थिति पनि आयो। ब्याजदर उल्लेख्य रूपमा घट्न गयो। सो मितिमा अन्तरबैंक ब्याजदर ०.१२ प्रतिशतमा झरेको थियो।

नेपाल सरकारका लागि नेपाल राष्ट्र बैंकले जारी गर्ने ट्रेजरी बिल र विकास ऋणपत्रको बोलकबोलमा ५ गुणाभन्दा बढी आवेदन पर्ने गरेका थिए। केन्द्रीय बैंकलाई रिभर्स रिपो निरन्तर रूपमा जारी गरिदिन प्रत्यक्ष-अप्रत्यक्ष रूपमा दबाब पनि आउने गरेका थिए। बैंक तथा वित्तीय संस्थामा अधिक तरलताले चिन्ता थपेको थियो। ब्याजदर र अधिक तरलताको स्थितिमा जोखिमयुक्त क्षेत्रमा कर्जा जाने सम्भावना बढी हुन्छ। यसतर्फ बैंक तथा वित्तीय संस्था सजग हुनु आवश्यक थियो। बैंक तथा वित्तीय संस्थाले त्यस वेलामा आफ्नो खर्च घटाउने तर्फ जागरुक हुनु त झनै आवश्यक थियो। नियत नै ठिक नभई (ऋण तिर्न सक्ने अवस्था हुँदाहुँदै पनि) ऋण नतिर्ने ऋणीहरूप्रति पनि उत्तिकै चनाखो हुनुपर्ने आवश्यकता थियो। धितोका रूपमा रहेको घरजग्गाको मूल्य कम हुँदै गएपछि ऋणीले ऋण तिर्न नआउने प्रवृति बढ्न सक्ने, कर्जा असुलीमा समस्या हुन सक्ने र कर्जा जोखिमका साथै तरलता जोखिमसमेत सिर्जना हुने हुन्छ।

सरकार र केन्द्रीय बैंकको सुझबुझपूर्ण र खुकुलो व्यवस्थाले बैंक-वित्तीय संस्था र समग्र अर्थतन्त्रले नै ऋण पायो। आर्थिक पुनरुत्थानले गति लिन थाल्यो। सङ्कटका वेलामा जसरी भए पनि अर्थतन्त्रलाई बचाउनुपर्ने थियो। त्यसैले नियमनकारी छुटहरू, सहुलियतपूर्ण कर्जा, पुनर्कर्जा, ऋण तिर्ने भाखा विस्तार, ब्याज छुट आदि विभिन्न उपायहरू अवलम्बन गर्नुपर्‍यो। ब्याजदर न्यून हुँदा बैंक-वित्तीय संस्थाहरूले यसरी कर्जा प्रवाह गरे कि निक्षेपको वृद्धिदरसँग त्यसको तालमेल मिल्न नसक्दा बैंक-वित्तीय संस्थामा क्रमशः तरलताको अभाव हुन थाल्यो। विगत केही महिनादेखि नै नेपाली बैंकिङ क्षेत्रले तरलता चाप भोगिरहेको छ। आर्थिक वर्ष २०७८/७९ को तीन महिनामा बैंकिङ क्षेत्रको कर्जा प्रवाह रु. ३२१ अर्बले बढेको छ भने निक्षेप रु. ९२ अर्बले मात्र बढेको छ। २०७८ मङ्सिर १५ मा बैंकिङ क्षेत्रसँग रु. २०.१२ अर्ब अधिक तरलता रहेको छ भने अन्तरबैंक ब्याजदर ४.९६ प्रतिशत पुगेको छ। बैंकहरूले उल्लेख्य मात्रामा नेपाल राष्ट्र बैंकबाट स्थायी तरलता सुविधा, ओभरनाइट रिपो र रिपो सुविधा लिएका छन्। सरकारी पुँजीगत खर्च न्यून हुनु, विप्रेषण आप्रवाह घट्न थाल्नु, आयात उल्लेख्य रूपमा बढ्नुले पनि तरलता चाप बढाउन थप इन्धनका रूपमा कार्य गरेको आभास हुन्छ।

बैंक तथा वित्तीय संस्थाहरूले यसरी अन्धाधुन्ध कर्जा प्रवाह गरेको र सो कर्जा अधिकांश पुराना कर्जा तिर्न गएको पनि अनुमान गरिएको छ। अधिक तरलता (न्यून ब्याजदर) भएका वेला जथाभावी कर्जा प्रवाह हुँदा सो कर्जामा जोखिम हुन सक्ने कुरालाई मनन गरेर नेपाल राष्ट्र बैंकले सबै असल कर्जामा बैंकहरूले राख्नुपर्ने कर्जा नोक्सानी व्यवस्थामा ०.३० प्रतिशतले थप गरेको छ। त्यस्तै बैंक तथा वित्तीय संस्थाहरूले आफ्नो मुनाफाबाट बाँड्ने नगद लाभांशको प्रतिशत घटाइदिएको छ। कर्जा र पुँजीकोष निक्षेप अनुपात (८५ प्रतिशत) खारेज गरेर कर्जा निक्षेप अनुपात मात्र ९० प्रतिशत कायम गर्न निर्देशन दिएको छ। सेयर धितो कर्जामा एक व्यक्तिले कर्जा लिन सक्ने सीमा एउटा बैंकबाट रु. ४ करोड र सबै बैंक तथा वित्तीय संस्थाबाट रु. १२ करोडको सीमा लगाइदिएको छ। लघुवित्त संस्थालाई समेत एन.एफ.आर.एस (Nepal Financial Reporting Standard) लागू गर्नुपर्ने व्यवस्था गरेको छ। सुपरिवेक्षकीय सूचना प्रणाली, स्ट्रेस टेस्टिङलगायत प्रभावकारी सुपरिवेक्षणका माध्यमबाट वित्तीय स्थायित्व कायम गर्ने प्रयास गरेको छ। सी.डी. रेसियो र सेयर धितो कर्जासम्बन्धी मौद्रिक नीति (२०७८/७९) को नयाँ व्यवस्थाको चौतर्फी विरोध भए पनि यसले वित्तीय स्थायित्व हासिल गर्न अत्यन्त सारगर्भिक भूमिका खेल्यो। सी.सी.डी. कै व्यवस्था रहिरहेको भए यति वेलासम्म बैंकहरूले पुँजीबाट पनि कर्जा दिइसकेका हुन्थे र समस्यामा परिसकेका हुन्थे। धन्य, अहिले तरलताको मात्र चाप छ, नत्र पुँजी पनि क्षय भइसक्थ्यो। अबको अर्को सवाल भनेको कोभिडका वेला अर्थतन्त्र र बैंक-वित्तीय संस्थाहरूलाई नेपाल राष्ट्र बैंकबाट दिइँदै आएको सहुलियत र सुविधा क्रमशः हटाउँदै जानु हो। महामारीका वेला दिइएका नियमनकारी विशेष छुट र सुविधा सधैँका लागि हुँदैनन्। तर ऋणीहरूले बन्दाबन्दीका वेला पाइरहेका छुट र सुविधा निरन्तर माग गरिरहन सक्छन्। यस्तो परि स्थितिबाट आफूलाई कसरी सहज रूपमा अवतरण गर्ने भन्नेतर्फ पनि बैंक-वित्तीय संस्थाहरूले बेलैमा सजग हुन आवश्यक छ। कोरोना महामारीका बखतमा धेरैजसो बैंकिङ कारोबारहरू प्रविधिमा आधारित हुने हुनाले सञ्चालन जोखिम न्यूनीकरणमा पनि उत्तिकै संवेदनशील हुन आवश्यक छ। आफ्नो निक्षेप र कर्जा प्रवाहको सन्तुलन मिलाउन नसकेर केन्द्रीय बैंक र सरकारलाई साधनका लागि गुहार्नुभन्दा पनि सङ्कटकालीन तरलता योजना बनाएर बेलैदेखि सन्तुलित र दिगो बैंकिङ अभ्यास गर्न बैंक तथा वित्तीय संस्थाले पाठ सिक्नु आवश्यक भइसकेको छ। यसबाट वित्तीय स्थायित्वमा ठुलो टेवा पुग्दछ। कर्जाको परिमाण बढाउन मात्र जोड दिने होइन, कर्जाको गुणस्तरमा पनि ख्याल गर्नुपर्ने वेला भएको छ। पुरानो कर्जाको ब्याज तिर्न मात्र थप कर्जा प्रवाह गर्ने होइन, वास्तवमै उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह गर्ने बानी बसाल्नु आवश्यक छ।

अतः आर्थिक पुनरुत्थानमा हातेमालो गरेका केन्द्रीय बैंक र बैंकिङ प्रणालीले वित्तीय स्थायित्वलाई सुदृढ बनाउनेतर्फ पनि समन्वयात्मक रूपमै अघि बढ्नु उपयुक्त हुन्छ। सङ्कटको समयमा आर्थिक पुनरुत्थानको विकल्प छैन भने वित्तीय स्थायित्व कायम गर्नेतर्फ अब प्रयत्नशील हुनै पर्ने भएको छ। प्रत्येक कदममा दूरदृष्टि र सजगताको आवश्यकता छ।

***

कहाँ हुन्छ भ्रष्टाचार ? कसरी हटाउने भ्रष्टाचार ?

गोपीनाथ मैनाली*

के हो भ्रष्टाचार ?

भ्रष्टाचारलाई अर्थ्याउने सन्दर्भमा एकजना प्रशासकले भनेका थिए - "यो सबैले गर्ने तर गरेको देखाउन नचाहने कार्य हो।" यस अभिव्यक्तिले भ्रष्टाचार प्रणालीबद्ध र संस्कृति बनिसकेको सङ्केत गर्दछ। त्यसैले भ्रष्टाचारलाई शाब्दिक रूपमा मात्र अर्थ्याउन सकिँदैन। यसका धेरै अर्थ र आयाम छन् र पीडितहरूको अनुभूतिबाट मात्र यसको सच्चा अर्थ खोज्न सकिन्छ।

भ्रष्टाचार सामाजिक मूल्य-मान्यता र नैतिक आचरण विपरीतको कार्य हो, सार्वजनिक दायित्व र आचरणबाट विचलन हुनु हो। व्यक्तिले नगर्नु पर्ने कार्य गर्दा वा गर्नु पर्ने कार्य नगर्दा राख्ने स्वार्थ र आशयपूर्तिदेखि अवसरको चोरी, नीति/मापदण्डको हेराफेरी, लेनदेन तथा अधिकारको दुरूपयोगजस्ता बृहद अर्थ बोक्ने क्रियाकलापहरू भ्रष्टाचारभित्र समेटिन्छन्।

खराब आचरणसाथ गरिएको कार्य मात्र भ्रष्टाचार होइन, त्यसतर्फको सोच, प्रयास, व्यवहार सबै भ्रष्टाचारको बृहद् परिभाषाभित्र समेटिन्छन्। तर नेपालमा आर्थिक लेनदेन र हानी-नोक्सानीलाई भ्रष्टाचारको अर्थमा लिइन्छ, सामाजिक बुझाई पनि यसै अनुरूप छ।

भ्रष्टाचारका कारण

भ्रष्टाचारको कारण पत्ता लगाउनु साह्रै जटिल छ। भ्रष्टाचार आफैमा सापेक्षित अर्थ बोक्ने शब्दावली भएकाले देश, समाज, परिवेश र आर्थिक-नैतिक धरातलअनुसार यसको परिभाषा गरिन्छ। समाजमा भ्रष्टाचारको आयतन पनि यसैअनुसार निर्धारित भएको पाइन्छ।

भ्रष्टाचार कारणले भन्दा प्रवृत्तिले हुन्छ। यो शक्ति, अवसर, ओहोदा, इज्जत र सम्पत्तिको लोभमा गरिन्छ। यो मनोविज्ञान र 'प्लिजर इनर सिया' बाट पनि प्रेरित छ।

भ्रष्टाचारका अरू धेरै कारणहरू पनि छन्। आर्थिक उतारचढाव, मूल्यवृद्धि, मौद्रिक अवमूल्यनका कारण जीवन प्रणाली महँगो भएर भ्रष्टाचारले प्रश्रय पाउन सक्छ। सार्क क्षेत्रको एक अध्ययनले यसको पुष्टि पनि गरेको छ। राजनैतिक अस्थितरता बढ्दा भ्रष्टाचारले उर्वर भूमि पाउँछ। नेतृत्व सक्षम नहुँदा पनि भ्रष्टाचार बढ्छ भने बारम्बार हुने राजनैतिक घटनाक्रम, महँगो चुनाव प्रणाली र राजनैतिक संस्कारहीनताले यसलाई प्रणालीबद्ध गर्दछ।

सामाजिक प्रथा, परम्पराले कायम गरेको मूल्यवृत्तिअनुसार पनि भ्रष्टाचार हुन सक्छ। समाजमा धन, सम्पत्तिको धेरै कदर हुन्छ भने भ्रष्टाचार बढ्छ। नैतिकताको महत्त्व बढेमा भ्रष्टाचार घट्छ। भ्रष्टाचारले सामाजिक मान्यता पाएकाले छिटो-छिटो धनी हुने प्रवृत्तिलाई उकेरा मिलेको छ। दक्षिण पूर्वी एसियाका मुलुकहरूमा अनिश्चित आर्थिक वातावरणका कारणले पनि नजानिँदो रूपमा भ्रष्टाचार मौलाएको छ। समाजमा विलासिताको सपना देख्नेहरूले यसलाई अरू मलजल गरेका छन्।

नीति र कानुनलाई आदर गर्ने, कडा रूपमा परिपालन गर्ने समाजमा भ्रष्टाचार कम हुन्छ भने कानुनी प्रावधानमा द्वैधार्थ रहँदा र गोपनीय कार्यविधि हुँदा भ्रष्टाचारले मौलाउने अवसर पाँउछ। व्यक्तिको सामाजिक पृष्ठभूमि, शिक्षा, आचरण, अभिमुखीकरण र सोचवृत्तिले पनि भ्रष्टाचारको आयतनलाई तलमाथि पार्छ। सामाजिक तह सोपान बढ्दा भ्रष्टाचार पनि साथै बढ्छ।

भ्रष्टाचारको उदारवादी व्याख्याअनुसार यसले अल्छी कर्मचारीतन्त्र र अस्पष्ट राजनीतिज्ञलाई जाँगर दिने उत्प्रेरक (स्पिड मनी) को काम गर्दछ। विश्वव्यापीकरणका साथ बहुराष्ट्रिय कम्पनीको विस्तार, आर्थिक सञ्जालीकरण र गैरसरकारी क्षेत्रको क्रियाकलापको विस्तारले पनि भ्रष्टाचारलाई उत्प्रेरण गरिरहेको छ।

उच्च चरित्र नभएका व्यक्तिहरू नै उपदेश र आदर्श सिकाउने ओहोदामा पुग्दा नैतिक आचरणमाथि उपेक्षा हुन्छ र भ्रष्टाचार भित्रभित्रै मौलाउँछ। अल्पविकसित मुलुकमा राजनीति र यस्ता ओहोदाबिच स्वार्थ विनिमय हुने प्रतिवेदनहरूले बताएको छ।

क्लिटगार्डले सार्वजनिक कार्यमा रहने एकाधिकार र स्वविवेक रहँदा र जवाफदेहिता भने कम हुँदा भ्रष्टाचार हुन्छ भन्ने निष्कर्ष निकालेका छन्। क्रोनिज्मले आर्थिक गतिविधिलाई आफ्ना पक्षमा पार्दा क्लिप्टोक्रेसी हुर्किन्छ र भ्रष्टाचार पनि साथै विस्तार हुन्छ।

भ्रष्टाचार अधिकारबाट मात्र होइन, आदतबाट समेत हुँदै आएको छ। जेम्स ए. रबिन्सनले अफ्रिकन र क्यारिबिएन मुलुकको अध्ययनबाट के निष्कर्ष निकाले भने विकासशील मुलुकमा भ्रष्ट नेताहरू (साधन र शक्ति चोर्न पल्केका क्लिप्टोक्रेट) स्थापित संरचनालाई कमजोर पारेर भ्रष्टाचार गर्दछन्। मोबुतो सेसेकोकालीन कङ्गो, राफिल ट्रुजिलोकालीन डोमिनिकन गणतन्त्र, डुभालिएरकालीन हाइटी, सोमाजासकालीन नाइजेरिया, अमिनकालीन युगान्डा, चार्ल्स टेलरकालीन लाइबेरिया र मार्कोसकालीन फिलिपिन्स यसका प्रतिनिधि उदाहरण हुन्, जसलाई उनले 'क्लिप्टोक्रेट' भनेका छन्। उनीहरूले राज्यका औपचारिक संस्थाहरूलाई कमजोर पारेर राजनीतिक लाभका लागि उपयोग गरे। र त्यहाँ भ्रष्टाचार संस्कार बन्यो।

राज्यका औपचारिक संस्थाहरू कमजोर भएमा नरम राज्यको फाइदा उठाई सीमित स्वार्थको माखेसाङ्ग्लोमा राज्यप्रक्रियालाई दोहन गर्न सकिन्छ। यस प्रकारका शासकहरूलाई दण्डित गर्ने नागरिक आवाज प्रणाली पनि हुँदैन, पैसा वा प्रभावका आधारमा पद किन्नेहरूसँग उनीहरूको नेक्ससले काम गर्दछ र जनताको कर, प्राकृतिक स्रोत र वैदेशिक सहायतासमेत आफूहरूको पक्षमा उपयोग हुन पुग्छ।

अफ्रिका मात्र होइन, सार्क मुलुककै उदाहरण लिने हो भने पनि राजनैतिक पदाधिकारीहरूको रोजाइमा स्वच्छ र इमानदार व्यक्तिहरू पर्दैनन्। भ्रष्ट व्यक्तिको भाषा, शैली, व्यवहार अनि अरू धेरै कुराहरूबाट राजनीतिज्ञहरू प्रभावित हुन्छन्। निष्ठा र नैतिकता कम भएका राजनीतिज्ञ स्वच्छभन्दा भ्रष्ट र योग्यभन्दा अनुचरलाई जिम्मेवारी दिन रुचाउछन् र जिम्मेवारी पाउनेले जिम्मेवारीलाई अवसरका रूपमा उपयोग गर्छन्। भ्रष्टहरू इमान्दारमाथि राज गर्न थाल्छन्, उल्टो सदाचारको शिक्षा दिन पछि पर्दैनन् भन्ने रबिन्सनको निष्कर्ष छ। ट्रान्सपरेन्सीले गरेको क्षेत्रगत

* *नीति व्यवस्थापन, विकास र आर्थिक विधामा सुपरिचित मैनाली नेपाल सरकारका पूर्वसचिव हुन्।*

अध्ययनले पनि घुमाउरो पाराले रबिन्सनकै कुरालाई पुष्टि गरेको छ। उल्लिखित विश्लेषणबाट निष्कर्ष निकाल्दा भ्रष्टाचार लोभले हुन्छ, आदतले हुन्छ, ओहोदाका लागि हुन्छ, शक्तिले हुन्छ, स्वार्थले हुन्छ अनि खास प्रकारको संस्कृतिमा अर्को संस्कृति बोक्ने समाजमा भन्दा यो घटी वा बढी हुन्छ।

प्रवृत्ति विश्लेषण

भ्रष्टाचारका सम्बन्धमा कारण तथा निदान विश्लेषण गर्दा यसका अन्य पक्षसँग पनि सम्बद्ध रहेर सोच्नुपर्ने हुन्छ। जस्तो कि -

- भ्रष्टाचार व्यक्तिगत हो कि संस्थागत छ ?
- भ्रष्टाचार भित्र छ कि बाहिर पनि छ ?
- यो कहिले काहीँ पटके रूपमा हुन्छ कि पटक-पटक भइनै रहन्छ ?
- भ्रष्टाचारको जोखिम धेरै वा कम कति छ ?

यी प्रश्नहरूको समुचित उत्तर दिएपछि मात्र भ्रष्टाचारको निदानको निर्क्यौल गर्न सकिन्छ। यदि भ्रष्टाचार व्यक्तिगत छ भने त्यसलाई त्यति ठुलो र विस्तृत उपचार नगरी व्यवस्थापनले पनि सुधार्न सक्छ।

तर एउटा व्यक्तिमात्र संलग्न नभई कार्यालय, समूह, सङ्गठन वा प्रणाली नै भ्रष्टाचारमा उद्यत छ भने त्यहाँ ठुलो अपरेसनको साहस चाहिन्छ। यस अवस्थामा यो निक्कै जटिल र जोखिमपूर्ण पनि हुने गर्दछ। बङ्गलादेश, अफगानिस्तान, हाइटी, पूर्व सोभियत गणराज्य आदि मुलुकमा यो स्थिति देखिएको थियो। मेक्सिकोमा राजधानी वरिपरि पनि राज्यले लागूऔषध एवम् लुटपाट नियन्त्रण गर्न सक्तैन। डनहरूले जेलबाटै भूमिगत अर्थतन्त्र चलाएका खबरहरू बाहिरिएका थिए। नियन्त्रण गर्न खोज्ने साहसिला प्रहरीलाई सरुवा गरिन्छ। स्रोतसाधनको बचावट गर्ने उच्च प्रशासकलाई पुरस्कार होइन, हतोत्साही पारेर सरुवा गरिन्छ, जिम्मेवारी विहीन पारिन्छ।

दोस्रो भ्रष्टाचारको घटना (टेम्पोरल डाइमेन्सन) कति छ ? यदि आक्कलझुक्कल मात्र घट्छ भने सामान्य कानुनी प्रक्रियाबाट समाधान गर्न सकिने विषय हो। यदि त्यो बारम्बार घटिरहने घटना हो भने यसलाई नियन्त्रण गर्न थुप्रै समय, प्रयास, विस्तृत रणनीति र कडा अपरेसन चाहिन्छ। प्रतिवेदन र आमसञ्चारको औँल्याइमा अल्पविकसित मुलुकमा यो विकराल हुँदै छ।

तेस्रो पक्ष भनेको भ्रष्टाचारको जोखिम कति छ ? यदि कडा कानुनी संयन्त्र छ भने जोखिमको मात्रा बढ्छ र भ्रष्टाचार घट्छ तर कानुनी कार्यान्वयनमा उदासीनता, घुमाउरो कानुनी कारबाही र संरक्षण छ भने जोखिम घट्छ र भ्रष्टाचार बढ्छ। यो व्यापारमा नाफा जोखिमको खेल जस्तै हो। उपचारभन्दा संरक्षण बढी भएमा जोखिम स्वतः न्यून हुने नै भयो। टेम्पोरल डाइमेन्सन् र दोहोरिने फ्रिक्वेन्सीका आधारमा यसको निदानको रणनीति तय गरिनुपर्ने हुन्छ।

त्यस्तै राजनैतिक संरक्षण, अन्तर्राष्ट्रिय प्रवृत्ति, आर्थिक उदारीकरण जस्ता कुराले पनि भ्रष्टाचारको आयतन, प्रवृत्तिलाई प्रत्यक्ष-परोक्षरूपमा प्रभाव पारेको हुन्छ। प्रणालीभित्र अवसरको न्यायिक वितरण नभएमा पनि भ्रष्टचार बढ्छ। राज्य प्रणालीमा योग्य र इमानदार व्यक्तिहरू प्रवेश गर्दैनन् भने पनि यसबाट अन्ततः प्रणाली बिगार्न नै योगदान पुग्छ।

अल्पविकसित मुलुक जहाँ आर्थिक, सामाजिक र राजनैतिक संस्कार सदाचारयुक्त हुँदैन, त्यहाँ भ्रष्टाचारले मुलुकलाई नै जकड्याएको पाइन्छ। भ्रष्टाचार आफैमा मूल्य-मान्यता र नैतिकता विरुद्धको कार्य भएकाले लोकतान्त्रिक संस्थाहरू क्रियाशील नहुँदा भ्रष्टाचारले उर्वर भूमि पाउने गर्दछ।

नेपालको सार्वजनिक क्षेत्रलाई भ्रष्टाचारले ग्रसित भएको आरोप लाग्दै आएको छ। विगतको बन्द राजनैतिक व्यवस्थामा भ्रष्टाचार बढ्नु स्वाभाविक थियो तर अहिले समाजमा पारदर्शिता र जवाफदेहिताको माग बढ्दै गएको छ, नागरिकहरूमा चेतनाको स्तर पनि बढेको छ, निगरानी निकायको सक्रियता पनि बढेको छ। तैपनि जनताले महसुस गर्ने हदमा भ्रष्टाचार घट्न सकेको छैन।

विश्व सदाचार सूचकाङ्कमा १०० मा कुनै पनि मुलुक ६० भन्दा तल रहनु राम्रो होइन, नेपालको स्तर निकै तल छ। ट्रान्स्परेन्सी इन्टर नेसनलको प्रतिवेदनअनुसार नेपालको भ्रष्टाचार अनुभूति सूचकाङ्क (सिपीआइ) १०० मा ३३ छ, १८३ मुलुकमध्ये नेपाल ११७ औँ मा छ। भ्रष्टाचारलाई तथ्याङ्कमा भन्दा पनि (तथ्य) अनुभूतिमा हेर्नुपर्छ। सेवाग्राहीले सेवा लिँदा यसका क्यु, काउन्टर र गेटमा कसरी सेवा पाए र उनीहरूमा कस्तो अनुभूति भयो, त्यसबाट मापन गरिनुपर्छ।

निदान, नियन्त्रण र निरोध

यी यथार्थ र निष्कर्षका आधारमा भ्रष्टाचार नियन्त्रण गर्नु साह्रै साहसिक र ठुलो जोखिम उठाउनुपर्ने पक्का छ। त्यो प्रयास समाजका सबै अङ्ग र अवयवबाट हुनुपर्छ। यो समग्र र बृहद् रणनीतिको हुनुपर्छ धर्मयुद्ध लडेजस्तै। किनकि भ्रष्टाचार नियन्त्रण गर्ने थुप्रै सम्भाषण, नियम कानुन, संयन्त्र, संरचना र दस्तावेज प्रकाशमा आइसकेका छन्। तैपनि समाजले यसलाई पचाइरहेको छ। भ्रष्टाचार पूर्ण हटाउन सकिने नभए पनि घटाउन सकिने विषय हो। कसरी त ?

पहिलो, समाजले मुद्रा र सम्पत्तिलाई दिने मूल्य घटाउनुपर्छ। तर यो संस्कृति परिवर्तनको काम भएकाले समय लाग्न सक्छ। मुद्राले बढी महत्त्व पाएपछि आपराधिक क्रियाकलाप बढ्न गई सामाजिक परम्परा र स्थापित मान्यता भत्किन जान्छ र कमिसन, भ्रष्टाचार, अवसरको चोरीजस्ता उपायबाट व्यक्तिले संस्था, नियम, कानुन र अधिकारलाई व्यक्तिगत फाइदामा प्रयोग गर्दछ। अनुचित सम्पत्ति आर्जन गर्ने व्यक्तिहरू नै नीति निर्माण, भ्रष्टाचारको पहरेदारी गर्ने स्थान र यी दुवै प्रक्रियालाई प्रभाव पार्ने हैसियतमा पुग्न थाल्दछन्। यसर्थ सामाजिक रूपमा भ्रष्टाचारलाई बहिष्कार गर्न समाज र यसका अङ्ग-अवयव परिचालित हुनुपर्छ।

दोस्रो, निर्णय गर्दा पारदर्शी रूपमा गर्ने, मर्का पर्ने पक्षलाई संलग्न गराउने र सहयोग-सल्लाह, व्यवस्थापनका प्रत्येक चरणमा लिँदा जिम्मेवारीप्रति सचेतता बढ्न गई भ्रष्टाचार घट्न जान्छ। त्यस्तै सबै सार्वजनिक ओहोदाका पदहरूको कार्यविवरण कानुनले नै गर्ने र उसबाट सम्पादित कामको बारम्बार सामाजिक परीक्षण हुने व्यवस्था गरिनुपर्दछ। निर्णय गर्दा स्वविवेक र तजबिजी अधिकार प्रयोग हुन नसक्ने गरी कानुनले नै निर्दिष्ट प्रक्रिया उल्लेख गरिदिनुपर्छ।

अर्को र सबैभन्दा महत्त्वपूर्ण पक्ष राजनैतिक आचरण शुद्ध हुनुपर्छ। साथै राजनैतिक सहमतिका आधारमा आचारविधि बनाई चुनाव खर्च न्यून गर्ने, राजनीतिलाई अपराधीकरण हुनबाट हटाउनेतर्फ सहमति भएमा भ्रष्टाचारले उर्वरभूमि पाउँदैन। राजनीतिमा योग्य र इमानदार हरूको वृत्ति-बढोत्तरी सुनिश्चित हुनुपर्छ। चुनावअघि उमेदवारहरूको आचरण परीक्षण (भेटिङ) हुनुपर्छ। यो भेटिङ् सार्वजनिक मञ्च, चौर र चौताराजस्ता मानिसहरू जमघट हुने ठाउँमा हुनुपर्छ।

चुनावी प्रचारप्रसार नियमन गर्ने कडा आचारसंहिता चाहिन्छ। मापदण्ड नाघेर प्रचारप्रसार गरेको पाइएमा तत्काल उमेदवारी रद्द गरिनुपर्दछ। राजनैतिक दलको खर्च पारदर्शी गर्ने, उनीहरूले लिने चन्दाहरू चेकमार्फत बैंक ट्रान्सफर गर्ने विधिमा हुनुपर्छ। यस विषयमा भएका पटक पटकका छलफलमा चन्दा लिने र दिने दुवै पक्ष उत्साही नहुनुमा भ्रष्टाचार निवारणमा प्रतिबद्धता नदेखिएको मान्न सकिन्छ।

राजनीतिक दलको निर्वाचन पनि निर्वाचन आयोगले गर्नुपर्दछ। दलभित्र आन्तरिक लोकतन्त्र नहुँदा वा दलभित्रको चुनावलाई प्रभाव पार्न समयमा चुनाव नगरी नेतृत्वको सहजता हेर्ने प्रवृत्तिले भ्रष्टाचारलाई बढावा दिएको छ। र दलको सबै आयव्यय महालेखा परीक्षकबाट परीक्षण गरी सार्वजनिक गर्ने विधि बसाइनुपर्दछ। 'मनी इन पोलिटिक्स' को गुञ्जायस हटाउनुपर्दछ, जसले महिला, सीमान्तकृत, विपन्न र पार्टीभित्रका स्वच्छ छवि भएकाहरूलाई चुनावको सामना गर्न सघाउन सकोस्।

निर्वाचित भएपछिको सम्पत्ति विवरण र कार्यकाल भुक्तानपछिको सम्पत्ति परीक्षण गरिनुपर्दछ । निर्वाचित पदाधिकारीलाई आर्थिक कार्यकारी अधिकार नदिई नीति निर्माणमा स्तरोन्नति गरिनुपर्दछ । स्थानीय सरकारको नियन्त्रण र सन्तुलनको स्वचालित प्रक्रिया स्थापित गरिनुपर्दछ । अहिले कार्यपालिका नै बजेट, नीति, कार्यक्रम, खर्च, फरफारक गर्ने जिम्मेवारीमा छन् ।

त्यस्तै प्रशासनिक रूपमा भ्रष्टाचार उपर गरिनुपर्ने कारबाहीको मात्रा र आयतन बढाइनुपर्दछ । संस्थाले स्वतन्त्र रूपमा काम गर्नका लागि आचरण शुद्ध भएका र नैतिक व्यक्तिहरू मात्र यस्ता निकायमा राखिनुपर्दछ । नैतिक आधारशीला संरक्षण गर्ने व्यक्ति नै अनैतिक र राजनैतिक रूपमा आग्रही भएमा शाहीकालीन न्याय कायम हुन गई सदाचार प्रणालीको अर्को उपहास हुन पुग्छ । प्रणालीभित्र उम्दा, सदाचारी र परीक्षित कर्मचारीलाई स्थान दिने, अवसर वितरणमा निष्पक्षता दिने प्रणाली चाहिन्छ ।

प्रशासनभित्रको ट्रेड युनियानिज्म र राजनैतिक पदाधिकारीका सचिववलयबाट हुने हस्तक्षेपले प्रशासनभित्र स्टनमेन इफेक्ट विकास भएको छ । यो भ्रष्टाचार र अनुशासनहीनताको ब्रिडिङ ग्राउन्ड हो । अदालती कारबाही पनि छिटो हुनुपर्छ । ढिलो भएमा चलखेलले सम्भावना बढाउँछ र भ्रष्टाचारले हौसला पाउँछ । अनैतिकहरूको सञ्जाल ठुलो हुन्छ, ठुला अनैतिकहरूको सञ्जाल झनै ठुलो हुन्छ । आर्थिक ऐन, नियम र मानकलाई कडा रूपमा पालन गर्ने वातावरणका लागि लेखा समिति, सरकार, म.ले.प./म.ले.नि.का. जस्ता संवैधानिक/कार्यकारी अङ्गहरूका बिच समन्वयात्मक कार्यसञ्जाल हुन पर्दछ । अधिकार क्षेत्रको लडाइँ यस बाटोमा तगारो हो ।

जनताको आवाज प्रणालीलाई बढाउन नागरिक समाज, आमसञ्चार त्यसमा पनि खोजसञ्चार, दबाब समूह र सामाजिक सञ्जालको कानुनी हैसियत र स्वतन्त्र सक्रियता महत्त्वपूर्ण हुन सक्छ ।

अर्को, जनतालाई उपलब्ध गराइने सार्वजनिक सेवाका ढोकाहरू बढाउनुपर्दछ, ताकि उपभोक्ताहरूले आफूले प्राप्त गर्ने सेवाको उपलब्धिको निकाय, स्थान, समय र माध्यमलाई छान्न सकुन् । सार्वजनिक सेवा व्यवस्थापनमा सामाजिक पृष्ठपोषण, सार्वजनिक सम्वाद, सामाजिक परीक्षण र नागरिक अनुगमनका विधिहरू अपनाउनुपर्दछ । कतिपय सेवाहरू निजी वा सरकारबाहिरका पात्रमार्फत उपलब्ध गराउँदा विकल्प बढ्छ । तर यस्ता संस्थाहरू एकाधिकारमा छाडिनु हुँदैन ।

उच्च तहमा नियुक्ति हुने व्यक्ति उच्च नैतिकचरित्र कायम भएको हुनुपर्दछ । उसका लागि सामाजिक परीक्षण पनि चाहिन्छ । नेपालको संविधानले संवैधानिक निकाय, राजदूत जस्ता राज्यको प्रतिनिधित्व गर्ने र कतिपय सन्दर्भमा राज्यका अङ्गमाथि मार्गदर्शन गर्ने पदाधिकारीको नियुक्तिका लागि उच्च नैतिकचरित्रको उल्लेख भएको छ । तर यसको व्यावहारिक स्थितिका विषयमा भनिरहन परोइन ।

नेपालमा करिब दशकको प्रयासपछि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन कार्यान्वयनमा आएको छ । सरकारी बजेट, कोष, सम्पत्ति तथा खर्च प्रणालीमा मन्त्री, सचिव, जिम्मेवार व्यक्ति र लेखाका कर्मचारीको भूमिका स्पष्ट पारिएको छ । यसलाई प्रभावकारी पार्न सकिएमा पनि खर्चसम्बन्धी धेरै अनियमितता नियन्त्रण गर्न सकिन्छ ।

महालेखा नियन्त्रक, महालेखा परीक्षक र अख्तियार दुरूपयोग अनुसन्धान आयोगका उच्च पदस्थ कर्मचारीहरू सामूहिक रूपमा साझा सोचका साथ आर्थिक अनुशासनका विषयमा सक्रिय हुनु आवश्यक छ । आर्थिक अनुशासन कायम गर्न यी तीन निकायले परिपूरक काम गर्न सक्दछन् । २०७६ मा महालेखा नियन्त्रकको अगुवाईमा कार्य सुरुवात पनि भएको छ, यसलाई निरन्तरता दिन आवश्यक छ । लेखा परीक्षकको आचरणगत शुद्धता र सदाचारले खर्चलाई धेरै हदमा अनुशासित बनाउन सकिन्छ ।

महालेखा नियन्त्रक कार्यालयले २०७७ श्रावणदेखि प्रचलनमा ल्याएको क्रियाकलापमा आधारित लेखा प्रणाली (सिगास), सम्पत्ति व्यवस्थापन प्रणाली, विद्युतीय भुक्तानी प्रणाली (इएफटी), राजस्व प्रणालीको एप्लिकेसन (रिम्स) र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) ले आर्थिक कारोबारको पारदर्शिता र जवाफदेहिता एवम् आन्तरिक नियन्त्रण प्रणालीलाई सुधार गरेको छ । तर यी प्रविधिमूलक प्रणालीहरूमा प्रविधि सञ्चालनको जोखिम र अनियमितताको अर्को पाटो खुला हुन नदिन निरन्तर निगरानी र प्रणाली परीक्षण जरुरी छ ।

नेपाली समाजमा सकारात्मक सोच हराउँदै गएको छ । कसैले राम्रो गर्छ र कोही इमानदार छ भन्ने विश्वास अर्कोमा छैन । राम्रो कुरा कतै समाचारको विषय बन्दैन, सुन्ने संयम राख्ने प्रवृत्ति पनि देखिँदैन । सकारात्मक सोच घर, परिवार, समाज, समुदायदेखि राज्य व्यवस्थासम्म पुऱ्याउनु आवश्यक छ । कलिला बालबच्चालाई विद्यालय तहदेखि नै नैतिक शिक्षा दिएर सकारात्मक मूल्य संस्थागत गर्न बीज रोप्नुपर्छ । घरमा चुलोचम्को गर्ने गृहिणीले विना पसिना कुनै कुरा उनको श्रीमान्ले नल्याओस् भन्ने भावना राख्नुपर्छ । बच्चाले चक्लेटको र श्रीमतीले गहनाको स्रोत खोजेमा भ्रष्टाचार स्वतः घट्छ । सामाजिक सम्बन्ध स्थापनामा पनि सार्वजनिक निष्ठा र इमानदारिताले स्थान पाउने गरी सामाजिक मूल्य-संस्कृतिको अभिमुखीकरण चाहिन्छ । सबैभन्दा ठुलो अभिमुखीकरण राजनीतिक प्रणालीमा जरुरी छ । राजनीतिमा असल संस्कृति विकास गर्न सकेमा त्यसको लहरे असर समाजका अन्य अङ्ग-अवयवमा स्वतः फैलिन्छ ।

शिक्षा सबै प्रकारका विकृति विरुद्धको दिगो रणनीति हो । विद्यालय शिक्षादेखि नै नैतिक आचरण, शिष्टाचार वृत्ति, मानवीय मूल्य जस्ता विषयमा शिक्षा दिइनुपर्दछ । कर नतिर्नु पाप हो, सार्वजनिक सम्पत्ति अपचलन अपराध हो, अरूलाई दुःख दिनु र अवसर चोर्नु अनैतिक हो, समाजमा सदाचार राखेर नै समाज असल बन्छ, त्यसका लागि प्रत्येक व्यक्ति जिम्मेवार रहन्छ भन्ने अन्तरबोध गराउन शैक्षिक पाठ्यक्रम र पाठ्यवस्तु निर्धारण गरी अभिमुखीकरण गरिनुपर्दछ ।

शिक्षा असल समाज निर्माणको नागरिक अभियान हो । यसका लागि शिक्षकहरू असल आचरणको अग्रपङ्क्तिमा रहनुपर्दछ । कतिपय मुलुकले यो अभियान चालेका पनि छन् । जस्तो जापानमा कर तिर्नु सबैको कर्त्तव्य हो, तिमीले तिरेको करबाट यस्ता काम हुन्छन् भनेर इलमेन्टरी स्कुलबाट नै शिक्षा दिइन्छ । बालमस्तिष्कमा असल संस्कारको बीजारोपण गराउनुपर्दछ ।

निष्कर्ष

इमानदारले सामाजिक प्रतिष्ठा पाउने अवस्था समाजले सिर्जना गर्नुपर्छ र राज्यप्रणाली पनि निष्पक्ष हुनुपर्छ । भ्रष्टाचारीलाई प्रायश्चित्त गराउन सामाजिक बहिष्कारको रणनीति अवलम्बन गरिनुपर्छ । निगरानी निकाय र संवैधानिक अङ्गहरूमा आदर्श र उच्च नैतिक चरित्र भएकाहरू नै हुनुपर्दछ । असल पृष्ठभूमि भएका असल व्यक्तिहरू असल काम गर्न, गराउन नैतिक शक्तिमा रहन्छन् । गैरइमानदारहरूको उपदेश र निगरानीले नैतिक वैधताको हैसियत नराखी गरिएका कामहरू औपचारिकतामा सीमित हुन्छन् । आमनागरिकको स्वयम् सक्रियताले आफ्ना दैनिकीलाई प्रभाव पार्ने काममा स्वच्छता र प्रभावकारिता स्थापित गर्न बल पुग्छ । यसर्थ भ्रष्टाचार नियन्त्रणका लागि सम्पूर्ण सामाजिक प्रयास नै आवश्यक हुन आउँछ, नकि स-साना एक-दुई कार्य मात्र । कोफी अन्नानले भनेजस्तै भ्रष्टाचार विरुद्धको युद्ध भनेको धर्मयुद्ध हो, सबैले एकसाथ आ-आफ्नो क्षमतामा लड्नुपर्छ । यसको अगुवाईचाहिँ कसैले औंलो ठड्याउन नसक्ने राजनेताबाट हुनुपर्छ । तर प्रश्न उठ्न सक्छ, कोही त्यस्तो छ ? अपेक्षा गरौं आवश्यकताले त्यस्तो राजनेता जन्माउने छ ।

(mainaligopi@gmail.com)

***

नेपालमा योगदानमा आधारित सामाजिक सुरक्षा - एक परिचय

कपिलमणि झवाली*

राज्यले बजेटमा आधारित रहेर सामाजिक सुरक्षाका रूपमा वृद्ध, विधवा, असहाय, अपाङ्ग लगायतलाई नियमित मासिक रूपमा भत्ता वितरण गर्ने गरेको इतिहास लामो भए पनि योगदानमा आधारित भएर सुरु गरिएको कार्यक्रम भने नौलो हो र यो शुभारम्भ भएको भरखरै अढाइ वर्ष भएको छ। श्रमिकले आफ्नो मासिक आयबाट निश्चित प्रतिशत रकम भविष्यमा पर्न सक्ने दुःख-बिमार, दुर्घटना, अशक्तता एवं कथंकदाचित असमयमै निधन भएमा आश्रित परिवारलाई आयको निरन्तरताको सुनिश्चितताका साथै कमाउन नसक्ने उमेरमा (बुढेसकालमा) बाचुन्जेल आयको निरन्तरता (मासिक पेन्सन) को सुनिश्चितताका लागि कानुनी रूपमै गरिएको व्यवस्था हो। यसको सफल कार्यान्वयनले श्रमिकको जीवनमा हुन सक्ने सम्भावित विभिन्न किसिमका जोखिमबाट श्रमिकलाई मुक्त गरी निर्धक्कसँग काम गर्ने वातावरण बनाउन मद्दत गर्दछ। कार्यवातावरण श्रमिक एवं रोजगारदातामैत्री हुन गई सुमधुर सम्बन्ध स्थापित गर्न सहयोग पुग्छ। जसको फलस्वरूप समग्र अर्थतन्त्रमा आय, उत्पादन र रोजगारी सृजनामा सकारात्मक वातावरण सृजना हुन्छ। श्रमिकको आयको पुनर्वितरण व्यवस्थाका रूपमा पनि यस्लाई बुझ्न सकिन्छ। कमाइ हुँदाको आयलाई व्यवस्थापन गरेर बाँचुन्जेल मासिक पेन्सनका रूपमा उपलब्ध गराई आयको नियमितताको सुनिश्चिता गर्नु सामाजिक सुरक्षाको ध्येय हो। नेपालमा योगदानमा आधारित सामाजिक सुरक्षालाई नेपालको संविधान-२०७२, श्रम ऐन-२०७४ र योगदानमा आधारित सामाजिक सुरक्षा ऐन-२०७४ एवं नियमावली र कार्यविधिहरूबाट व्यवस्थित गरिएको छ।

विश्वमा सामाजिक सुरक्षाको सुरुवात सर्वप्रथम सन् १८८९ मा जर्मनीबाट भई सन् १९३५ मा अमेरिका र त्यसपछि क्रमशः विश्वभर फैलिएको पाइन्छ। विकसित मुलुकहरूमा दशकौँदेखि सफलतापूर्वक सञ्चालनमा आएको भए तापनि नेपालमा भने योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम भर्खरै मात्र सुरु भएको छ। श्रमिकको न्यूनतम जीवनयापनको आधार सुनिश्चित गर्नु, कामकाजी उमेरमा आउन सक्ने विभिन्न किसिमका स्वास्थ्य जोखिमहरूलाई निराकरण गर्नु, आयको न्यूनतम स्तरको सुनिश्चितता, बाचुन्जेल आयको निरन्तरताको सुनिश्चिन्तता र आश्रित परिवारको आर्थिक सुरक्षा जस्ता विषयहरू अन्तर्राष्ट्रिय रूपमै समाजिक सुरक्षाले आत्मसात् गर्दै आएका मूल मान्यताहरू हुन्। सबैका लागि सामाजिक सुरक्षा, अनिवार्य सामाजिक सुरक्षा, योगदानमा आधारित सामाजिक सुरक्षा, आयको पुनर्वितरण, अधिकारका रूपमा सामाजिक सुरक्षा, सर्वव्यापी सामाजिक सुरक्षा, मूल्यवृद्धि, संरक्षित पेन्सन जस्ता आधारभूत विषयहरूलाई यसका मूलभूत सिद्धान्तका रूपमा लिइन्छ।

नेपालमा निजी क्षेत्रमा काम गर्ने श्रमिकको हक हित तथा सुविधाको कानुनी रूपमै व्यवस्था गर्न श्रमिक र रोजगारदाताको अधिकार तथा कर्तव्यको स्पष्ट व्यवस्था गरी असल श्रम-सम्बन्धको विकास गर्न श्रम शोषणका सबै अवस्थालाई अन्त्य गरी उत्पादकत्व वृद्धि गर्ने उद्देश्यका साथ श्रम ऐन २०७४ जारी गरिएको पाइन्छ। श्रम ऐनले श्रमिकको हकहित सम्वन्धमा जे-जति व्यवस्था गरेको छ, त्यसलाई राम्रो उपलब्धिका रूपमा लिन सकिन्छ। नेपालमा भएको लामो ट्रेड युनियन आन्दोलनको उपजका रूपमा यसलाइ लिने गरिन्छ। जसको फलस्वरूप पछिल्ला वर्षहरूमा औद्योगिक श्रम-सम्बन्ध सुदृढ हुन गई अनुकूल कार्यवातावरण बन्दै गएको देखिन्छ। यद्यपि कामदारलाई साझेदारका रूपमा सबै प्रतिष्ठानका रोजगारदाताले नलिएसम्म श्रमिकमैत्री वातावरण बनिसक्दैन। राज्यले निर्धारण गरेको न्यूनतम आधारभूत पारिश्रमिक, तोकिएबमोजिमको उपदान, औषधि-उपचार, दुर्घटना बिमाको व्यवस्था जस्ता कानुनले निर्दिष्ट गरेका सुविधाहरू जबसम्म श्रमिकले प्राप्त गर्दैनन्, तबसम्म दिगो औद्योगिक श्रम- सम्बन्ध स्थापित हुन सक्दैन, जसको प्रत्यक्ष प्रभाव समग्र अर्थतन्त्रमा पर्ने हुन्छ। आधारभूत सुविधाहरूको अभावमा ठुलो श्रम शक्ति पलायन भइरहन्छ।

श्रम ऐन २०७४ को दफा ५२ देखि दफा ५६ सम्म भएका व्यवस्थाले निजी क्षेत्रमा काम गर्ने श्रमिकलाई पनि खाइपाइ आएको मासिक आधारभूत पारिश्रमिकको १० प्रतिशतका दरले सञ्चयकोष वापत थप रकम रोजगारदाताले उपलब्ध गराउनुपर्ने व्यवस्था गरेको छ। यसै गरी वार्षिक एक महिना बराबरको (मासिक ८.३३% ले) हुन आउने रकम उपदानबापत रोजगारदाताले उपलब्ध गराउनु पर्ने कानुनी व्यवस्था रहेको छ। यसका साथै वार्षिक एक लाख सम्मको औषधि उपचार र सात लाखसम्मको दुर्घटना बिमा गराउनुपर्ने व्यवस्था रहेको छ। सोही ऐनको दफा ५७ ले सामाजिक सुरक्षा कोषसम्बन्धी कानुनबमोजिम सञ्चयकोष, उपदान, औषधि-उपचार, बिमासमेत सुविधा पाउने गरी सामाजिक सुरक्षा योजनामा योगदान गर्ने रोजगारदाता वा श्रमिकले योगदान गरेको हदसम्म यस परिच्छेदबमोजिम थप योगदान गर्नुपर्ने छैन भनी गरेको व्यवस्था आदिका आधारमा योगदानमा आधारित सामाजिक सुरक्षा ऐन-२०७४ जारी भएपश्चात् सामाजिक सुरक्षा कोषले सामाजिक सुरक्षा योजना सञ्चालनमा ल्याएको छ।

योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम नेपालमा २०७२ सालमा संविधानसभामार्फत नेपालको संविधान तर्जुमा भई मौलिक हकका रूपमा संविधानको धारा ३४ को उपधारा २ मा व्यवस्था भएपछि कार्यान्वयनको प्रक्रिया प्रारम्भ भएको पाइन्छ। मौलिक हकलाई कानुन तर्जुमा गरी कार्यान्वयनमा ल्याउने सन्दर्भमा श्रम ऐन-२०७४ र योगदानमा आधारित सामाजिक सुरक्षा ऐन-२०७४ तर्जुमा भएको हो। उल्लिखित ऐनहरूले सामाजिक सुरक्षालाई अनिवार्य विषयका रूपमा स्थापित गरी मिति २०७५ कार्तिक २६ मा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी श्रम ऐन लागू हुने सबै प्रतिष्ठानहरूलाई सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुन सूचित गरेर मिति २०७६ श्रावण १ बाट योगदान रकम समेत सङ्कलन प्रारम्भ गर्दै औपचारिक सुभारम्भ भएको हो।

सामाजिक सुरक्षालाई "असल श्रम सम्बन्धको आधार सामाजिक सुरक्षा र रोजगार" का रूपमा पनि लिइन्छ। तसर्थ श्रम बजारमा

* *कार्यकारी निर्देशक, सामाजिक सुरक्षा कोष*

श्रमिकको श्रमको सम्मान हुने र रोजगारीको अन्त्य हुँदा वा श्रमिकलाई कुनै पनि किसिमको असहजता हुँदा खाली हात घर फर्कनु नपर्नाका साथै कहीँ कतैबाट सहयोग नहुने अवस्थाको अन्त्य हुन गई सुरक्षा प्रदान गर्दछ। कोषमा आबद्ध श्रमिकले ऐनको दफा १० बमोजिमका सुविधाहरू सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधिबमोजिम पाउने हुँदा श्रममा रहेको कुनै पनि श्रमिकले आफू र आफ्नो परिवारको भविष्यको विषयमा निश्चिन्त रही कार्य गर्न सक्नाले उत्पादकत्व बढ्नुका साथै श्रम-सम्बन्धलाई समेत सुमधुर बनाउन यस कार्यक्रमले सकारात्मक भूमिका निर्वाह गर्ने हुन्छ।

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्राष्ट्रिय श्रम सङ्गठनको अभिसन्धी १०२ अनुरूप सञ्चालनमा रहेको छ। उक्त अभिसन्धिले औषधि उपचार तथा स्वास्थ्य सुरक्षा सुविधा, मातृत्व सुविधा, दुर्घटना सुरक्षा सुविधा, अशक्तता सुरक्षा सुविधा, वृद्ध अवस्था सुरक्षा सुविधा, आश्रित परिवार सुरक्षा सुविधा, बेरोजगारी सुविधालगायत विभिन्न ९ वटा सुविधाहरूलाई सामाजिक सुरक्षाका न्यूनतम मापदण्डका रूपमा परिभाषित गरेको छ। सोही सुविधाहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा ऐन-२०७४ को दफा १० ले नेपाल सरकारले तोकेको प्राथमिकताका आधारमा सामाजिक सुरक्षा कोषले चरणबद्ध रूपमा सञ्चालन गर्ने भन्ने उल्लेख भएअनुरूप कोषले मन्त्रालयबाट स्वीकृत सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि-२०७५ मा आई.एल.ओ. **(ILO)** ले निर्धारण गरेका ९ वटा क्षेत्रहरूमध्ये बेरोजगारी सुविधाबाहेकका अन्य सुविधाहरूलाई कुनै न कुनै रूपमा समेटी ४ वटा स्किममार्फत योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गरिरहेको छ।

कोषमा आबद्धता

सामाजिक सुरक्षा कोषमा आबद्धता श्रम ऐन-२०७४ र योगदानमा आधारित सामाजिक सुरक्षा ऐन-२०७४ ले गरेको व्यवस्था हो। श्रम ऐनको व्यवस्थाबमोजिम रोजगारदाताले सञ्चयकोष, उपदान, औषधि उपचार बिमा र दुर्घटना बिमा गर्नुपर्ने व्यवस्था गरेकाले यो श्रमिकको कानुनी अधिकार पनि हो। यस किसिमका व्यवस्थाहरू श्रम ऐनको दफा ५२ (२), ५३ (२) र ५७ बमोजिम सामाजिक सुरक्षा कोषमा नै जम्मा गर्नुपर्ने र कोषले सञ्चालन गरेको योजनाबमोजिम सुविधाहरू पाउने भनी स्पष्ट व्यवस्था गरेको पाइन्छ भने योगदानमा आधारित सामाजिक सुरक्षा ऐन-२०७४ को दफा १९ र २० ले श्रमिकलाई रोजगारदाताले अनिवार्य कोषमा आबद्ध गर्नुपर्ने व्यवस्था छ। ऐनको सोही व्यवस्थाबमोजिम श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले मिति २०७५ कार्तिक २६ गते नेपाल राजपत्रमा सूचना प्रकाशित गरी श्रम ऐन लागू हुने क्षेत्रमा सम्पूर्ण रोजगारदातालाई आबद्ध हुन सूचित गरेको पाइन्छ। ऐनको दफा ७ बमोजिम मिति २०७६ असार ३१ गते राजपत्रमा सूचना प्रकाशित गरी २० प्रतिशत योगदान रोजगारदाताले र ११ प्रतिशत योगदान श्रमिकबाट गर्ने गरी योगदानको दरसमेत निर्धारण भएको छ। सोहीबमोजिम कोषमा रोजगारदाता सूचीकरण हुने र रोजगारदाताले आफूसँग कार्यरत श्रमिकलाई सूचीकरण गराई निजको आधारभूत पारिश्रमिकबाट मासिक ११ प्रतिशत कट्टा गर्ने र सो रकममा आधारभूत पारिश्रमिकको २० प्रतिशत थप गरी मासिक रूपमा ३१ प्रतिशत रकम नियमित जम्मा गर्नुपर्ने व्यवस्था कानुनमा छ। तोकिएबमोजिम कोषमा आबद्ध हुनुपर्ने श्रमिक कोषमा आबद्ध नभएका कारणले त्यस्तो सुविधाबाट वञ्चित भएको उजुरी कोषमा पर्न आएमा क्षतिपूर्ति भर्न सम्बन्धित रोजगारदातालाई कोषले आदेशसमेत दिन सक्ने व्यवस्था ऐनको दफा १७ ले गरेको पाइन्छ।

क-कसले सामाजिक सुरक्षा पाउँछन् ?

योगदानमा आधारित सामाजिक सुरक्षा ऐनले **सबैका लागि सामाजिक सुरक्षा** भन्ने परिकल्पना गरेको पाइन्छ। हाल निजी तथा सङ्गठित क्षेत्रबाट सुरु गरिएको यो व्यवस्थाले आगामी दिनमा अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरू, स्वरोजगारमा रहेका श्रमिकहरू, वैदेशिक रोजगारीमा रहेका श्रमिकहरू एवं सरकारी सेवामा रहेका सबै श्रमिकहरूलाई यो योजनामा समेट्ने परिकल्पना गरेको छ।

रोजगारदातालाई फाइदा

- रोजगारदाताको सुविधा/क्षतिपूर्ति तिर्ने कानुनी दायित्व कोषमा हस्तान्तरण हुने,
- योगदान दर तोकिएकाले रोजगारदाताको वित्तीय दायित्व सुनिश्चित हुने,
- रोजगारदातालाई सामूहिक सम्झौताहरू तथा वार्ता गर्न लचिलोपन प्राप्त,
- रोजगारदाताको सामाजिक सुरक्षाको प्रशासनिक लागतमा कमी,
- रोजगारदातालाई असीमित क्षतिपूर्ति भुक्तानीबाट बचाउ,
- सुमधुर श्रम-सम्बन्ध र उत्पादकतामा प्रवर्द्धन हुने।

योगदानकर्तालाई फाइदा

- सुविधाहरूको अधिकार कानुनमा सुनिश्चित गरिएको तथा कोषबाट उपलब्ध हुने,
- सुविधाहरू योगदानकर्ता तथा आश्रितहरूका लागि उपलब्ध हुने,
- जीवनयापनको लागत वृद्धि र ज्याला वृद्धिका आधारमा समायोजन गरेर लाभहरूको पर्याप्तता सुनिश्चित गरिएको,
- श्रमिकहरूलाई सामाजिक सुरक्षासम्बन्धी सुविधाहरू एकल संस्थाबाट प्रवाह हुँदा छिटो छरितो हुने,
- समयसँगै सुविधाहरूको संरचनामा भएको सुधारले कभरेजमा वृद्धि हुँदै जाने।

सरकारलाई फाइदा

- कोषको माध्यमबाट सामाजिक सुरक्षा नीति तर्जुमा तथा कार्यान्वयन हुने,
- औद्योगिक सद्भावले नेपालमा लगानी प्रवर्द्धन हुने,
- सरकारको बजेटमा आधारित सामाजिक सुरक्षा प्रतिस्थापन भई उत्पादनशील क्षेत्रमा बजेटको आकार बढ्ने,
- योगदानको सङ्कलन भई आन्तरिक बचत हुँदा आर्थिक विकासमा उपयोग गर्न सकिने,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा सरकारको छवि अभिवृद्धि हुने।

कोषबाट उपलब्ध सुविधाहरू

सामाजिक सुरक्षा कोषमा आबद्ध भई नियमित रूपमा योगदान जम्मा गर्नुपर्ने कानुनी व्यवस्था हो। यसरी नियमित रूपमा योगदान रकम जम्मा गर्ने योगदानकर्ताले सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि-२०७५ बमोजिम विभिन्न सुविधाहरू प्राप्त गर्न सक्छन्। त्यसमध्ये प्राप्त गर्ने महत्त्वपूर्ण सुविधाहरू निम्नबमोजिम छन्।

महिना सकिएको पन्ध्र दिनभित्र अघिल्लो महिनाको योगदान रकम अनिवार्य रूपमा कोषमा जम्मा भएको हुनुपर्दछ। समयमा रकम जम्मा नभएको कारणबाट त्यस्तो समयमा कथंकदाचित कुनै पनि कारणले योगदानकर्ताको निधन भएमा आश्रित परिवार पेन्सन सुविधाबाट वञ्चित समेत हुने हुँदा नियमित योगदान यसको अनिवार्य सर्त नै हो।

१. **औषधि उपचार स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना** – १ प्रतिशत जम्मा हुने (एक आर्थिक वर्षमा अधिकतम १ लाख सम्म उपचार खर्च पाउने)

- ➢ योगदानकर्ता बिरामी भएमा वार्षिक रूपमा रु. १ लाखसम्म (अस्पतालमा भर्ना भई उपचार गराउनुपर्ने अवस्थामा) र पच्चिस हजारसम्म (अस्पताल भर्ना नभई उपचार गराउनुपर्ने अवस्थामा चिकित्सकको प्रेस्क्रिप्सनका आधारमा) उपचार गराएबापत उपचार खर्च,
- ➢ योगदानकर्ताकी पत्नीको गर्भवती अवस्थाको उपचार खर्च, प्रसूति अवस्थाको उपचार खर्च र प्रसूतिपश्चात् ६ हप्तासम्मको उपचार खर्च,

- ३ महिनासम्मको शिशुको उपचार खर्च,
  (नोटः माथिका तीनै वटा सुविधाअन्तर्गतको कुल सीमा रु. १ लाखमा नबढ्ने)
- योगदानकर्ता वा योगदानकर्ताको पत्नी सुत्केरी भएमा एक महिनाको न्यूनतम पारिश्रमिक (हाल रु.१५०००) बराबरको रकम शिशु स्याहार खर्च पाउने,
- महिला योगदानकर्ताले निजको आधारभूत पारिश्रमिकको ६० प्रतिशतका दरले प्रसूति बिदाबापत बढीमा ३८ दिनसम्म प्रसूति बिदाबापतको रकम पाउने,
- बिरामी भई अस्पतालमा भर्ना भई उपचार गराउनुपरेमा वार्षिक अधिकतम १३ हप्तासम्मको श्रमिकको आधारभूत पारिश्रमिकको ६० प्रतिशतका दरले बिरामी बिदाबापत भुक्तान हुने,

२. **दुर्घटना तथा अशक्तता सुरक्षा योजना –** (१.४ प्रतिशत जम्मा हुने)

- योगदानकर्ताको कामको सिलसिलामा भएको दुर्घटना र व्यवसायजन्य रोगको सम्पूर्ण उपचार खर्च,
- अन्य दुर्घटनाको हकमा वार्षिक सात लाखसम्मको उपचार खर्च,
- कामको सिलसिलामा हुने दुर्घटनाका कारण योगदानकर्ता अशक्त भएमा -
  - **स्थायी पूर्ण असक्षमता –** पारिश्रमिकको ६० प्रतिशत आजीवन अशक्तता वृत्ति पाउने (मुद्रास्फीति समायोजन हुँदै बढ्दै जाने),
  - **अस्थायी पूर्ण असक्षमता –** काममा नफर्किउन्जेलसम्मका लागि पारिश्रमिकको ६० प्रतिशत मासिक वृत्ति पाउने,
  - **स्थायी आंशिक असक्षमता –** असक्षमताको प्रतिशतका आधारमा पारिश्रमिकको ६० प्रतिशत रकमलाई शतप्रतिशत मानी आजीवन अशक्तता वृत्ति पाउने (बढ् दै जाने),

३. **आश्रित परिवार सुरक्षा योजना** - (०.२७ प्रतिशत जम्मा हुने)

- योगदाकर्ताको जुनसुकै कारणबाट मृत्यु भएमा निजको पति/पत्नीले योगदानकर्ताको वृद्धावस्था सुरक्षा योजनाअन्तर्गत जम्मा भएको सम्पूर्ण रकम प्रतिफलसहित फिर्ता पाउने,
- मृतक योगदानकर्ताका बालबच्चाहरूले पारिश्रमिकको ४० प्रतिशत रकम (बच्चाहरू १८ वर्ष उमेर नपुग्दासम्म) मासिक रूपमा पाउने (२ वटा बच्चासम्म समानुपातिक रूपमा),
- अध्ययन निरन्तर भएको अवस्थामा यो सुविधा २१ वर्ष उमेर नपुग्दासम्म पाउने (विवाह भएपश्चात् वा अध्ययन पूरा भएमा सुविधा नपाउने),
- शारीरिक वा मानसिक रूपमा असक्षम सन्ततिका हकमा उमेर हद लागू नहुने,
- योगदाकर्ताको जुनसुकै कारणबाट मृत्यु भएमा निजको पति/पत्नीले पारिश्रमिकको ६० प्रतिशत आजीवन निवृत्तभरण पाउने (वैकल्पिक रोजगारीमा रहेको र दोस्रो विवाह गरेमा बाहेक) । (मुद्रास्फीति समायोजन हुँदै बढ्दै जाने,
- अविवाहित योगदानकर्ताका हकमा निजको आश्रित बाबुआमाले सो सुविधा पाउने,
- योगदानकर्ताको अन्तिम संस्कार खर्चबापत एममुस्ट पच्चिस हजार आश्रित परिवारले पाउने ।

४. **वृद्ध अवस्था सुरक्षा योजना** - (२८.३३ प्रतिशत जम्मा हुने)

क. निवृत्तभरण योजना – (२० प्रतिशत जम्मा हुने)

- योगदानकर्ताको उमेर ६० वर्ष पुगेपछि यस योजनामा जम्मा भएको प्रतिफलसहितको रकमलाई १६० ले भाग गरी आउने रकम मासिक रूपमा आजीवन निवृत्तभरण पाउने (मुद्रास्फीति समायोजन हुँदा पेन्सन रकम बढ्दै जाने),
- निवृत्तभरण लिन सुरु गरेको १८० महिना नपुग्दै मृत्यु भएमा निजको पति वा पत्नीले ५० प्रतिशत रकम आजीवन निवृत्तभरणबापत प्राप्त गर्ने (अन्यत्रबाट पेन्सन वा तलब पाउने भएमा नपाउने),
- वि.सं. २०७८ असार मसान्तभित्र योगदान प्रारम्भ गर्ने योगदानकर्ताले चाहेमा अवकाश सुविधा योजनामा यस योजनाको रकम हस्तान्तरण गर्ने सक्ने,
- वि.सं. २०७८ असार मसान्तभित्र योगदान प्रारम्भ गर्ने योगदानकर्ताले ६० वर्षपछि प्रतिफलसहितको रकम एकमुस्ट लिन चाहेमा पाउने,

ख. अवकाश सुविधा योजना - (८.३३ प्रतिशत अनिवार्य र स्वेच्छिक रकम जम्मा हुने)

- अन्य अवकाश कोषमा जम्मा भएको रकम हस्तान्तरण भई आएमा यसै योजनामा जम्मा हुने,
- योगदाकर्ताले स्वेच्छिक रूपमा जम्मा गर्न चाहेमा यस योजनामा रकम जम्मा गर्न सक्ने,
- नेपाल सरकारले तोकेको न्यूनतम आधारभूत पारिश्रमिकको ३ गुणाभन्दा बढी रकम निवृत्तभरण सुविधा योजनामा जम्मा हुने भएमा सो बढी भएजति रकम अवकाश सुविधा योजनामा जम्मा गर्न सक्ने,
- रोजगारीको अन्त्य हुँदा वा अवकाश हुँदा यस योजनामा जम्मा भएको रकम प्रतिफलसहित भुक्तानी पाउने,
- योगदानकर्ताले चाहेमा यस योजनाको रकमबाट अधिकतम ८० प्रतिशतसम्म सापटी सुविधा पाउने ।

सामाजिक सुरक्षा योजनामा सहभागीहरूले कुल आम्दानीमा रु. पाँच लाख वा ३३ प्रतिशत, जुन कम हुन्छ, मा कर छुट पाउनुका साथै सामाजिक सुरक्षा कर नलाग्ने व्यवस्थासमेत रहेको छ । कोभिड-१९ महामारीका समयमा सरकारले चार महिनाको श्रमिक तथा रोजगारदाताले जम्मा गर्नुपर्ने सम्पूर्ण ३१ प्रतिशत योगदान रकम जम्मा गरिदिएको र गत जेष्ठ एवं आषाढ महिनाको योगदानसमेत सरकारबाट हुने कुरा बजेट वक्तव्यमार्फत आइसकेको सन्दर्भले सरकारको प्राथमिकतामा सामाजिक सुरक्षा छ भन्ने पनि बुझ्न सकिन्छ ।

योगदानमा आधारित सामाजिक सुरक्षा योजना विश्वमा नै प्रचलित एवं सफल अभ्यास भए पनि नेपालको सन्दर्भमा भने नवीनतम अवधारणा हो । यो कार्यक्रम श्रमिकको समग्र जीवनमा पर्न सक्ने जोखिमको व्यवस्थापन, आश्रित परिवारको भरपर्दो आधार र मृत्युपर्यन्त आयको निरन्तरताको व्यवस्थापन हो । छुट्टै कानुनद्वारा सञ्चालित र योजनाको नोक्सानीमा सरकारलाई नै जिम्मेवार बनाएका कारणले यसबाट हुने सुविधाको सुनिश्चितता अन्यत्रबाट सम्भव देखिँदैन । यसले गर्ने कार्य अन्य अवकाश कोषहरूको भन्दा फरक देखिन्छ ।

यस्तै प्रकृतिको सुविधा उपभोग गरिरहेका श्रमिकको कोषमा आबद्धतामा कम रुचि हुनु, न्यूनतम आधारभूत पारिश्रमिक उपलब्ध गराउनुपर्ने व्यवस्था कार्यान्वयनको पूर्ण परिपालना भइनसक्नु, सामाजिक सुरक्षा योजनाका बारेमा जानकारीको कमी हुनु, उस्तै प्रकृतिका पचासभन्दा बढी अवकाश कोषहरू सञ्चालनमा हुनु, परिवर्तनलाई सहजै आत्मसात् गर्ने बानीको कमी, सरकारी सेवामा कार्यरत कर्मचारीका लागि छुट्टै सामाजिक सुरक्षा व्यवस्था हुनु, कानुनको कार्यान्वयनमा तदारुकता नदेखिनु लगायतका कारणले अपेक्षित उपलब्धि हासिल भइनसकेको भए पनि देखिएका समस्याहरूको समाधान गर्दै यसको सफल कार्यान्वयन गर्नुको विकल्प देखिँदैन ।

***

वाणिज्य बैंकहरूको स्रोत-साधन परिचालनको स्थिति र वर्तमान तरलताको अवस्था

रोमिला ढकाल उप्रेती*

१. पृष्ठभूमि

नेपालमा बैंकिङ प्रणालीको विकासले करिब साढे आठ दशक पूरा गरिसकेको छ। उक्त अवधिको ३५ वर्षसम्ममा अर्थात् वि.सं. २०३० को दशकसम्म मुलुकमा सरकारी स्वामित्वमा स्थापना भएका ३ वटा (नेपाल बैंक, राष्ट्रिय वाणिज्य बैंक र कृषि विकास बैंक) मात्र नेपालको बैंकिङ प्रणालीमा क्रियाशील थिए । वि.सं. २०४० को दशकको प्रारम्भदेखि नै संरचनागत समायोजन कार्यक्रम (Structual Adjustment Programme) कार्यान्वयनमा ल्याएसँगै मुलुकले अङ्गीकार गरेको आर्थिक उदारीकरणको नीतिअन्तर्गत क्रमिक रूपमा ठुलो सङ्ख्यामा निजी तथा संयुक्त लगानीमा वाणिज्य बैंक, विकास बैंक तथा वित्तीय संस्थाहरूको सङ्ख्यामा विस्तार भयो। साथै नेपालले उदारीकरणको नीति अङ्गीकार गरेसँगै बैंकिङ क्षेत्रमा विदेशी लगानी आकर्षित भयो। फलस्वरूप वि.सं. २०४१ सालमा विदेशीको संयुक्त लगानीमा नेपाल अरब बैंक (हालको नबिल बैंक) को स्थापना भयो।

नेपालको बैंकिङ क्षेत्रका पछिल्ला केही दशकका वित्तीय परिसूचक एवं उपलब्ध तथ्याङ्कको विश्लेषण गर्दा बैंकिङ क्षेत्रको संरचनागत समस्यामा क्रमिक रूपमा सुधार हुँदै गएको देखिन्छ। तर नेपालको आर्थिक वृद्धिको तुलनामा बैंक तथा वित्तीय संस्थाको स्थापनाको वृद्धि बढी भएको महसुस गरी सङ्ख्यात्मक वृद्धि भन्दा गुणात्मक पक्षमा क्षमता अभिवृद्धि गर्न वि.सं. २०६८ सालमा नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूलाई एक आपसमा गाभ्ने नीति कार्यान्वयनमा ल्यायो। त्यसै गरी तिनीहरूको पुँजी संरचनाको दायरा वृद्धि गरी गुणात्मक विकास गर्ने उद्देश्यले वि.सं. २०७२ र ७३ को मौद्रिक नीतिमार्फत पुँजी वृद्धि गर्ने नीति कार्यान्वयनमा ल्यायो । सो नीतिअनुरूप वाणिज्य बैंकहरूको पुँजी चार गुणा वृद्धि गरी रु. २ अर्बबाट रु. ८ अर्ब पुऱ्याउने नीति अङ्गीकार गऱ्यो । फलस्वरूप वि.सं. २०६९ सालमा ३२ को सङ्ख्यामा पुगेको वाणिज्य बैंकको सङ्ख्या वि.सं. २०७७ साल फागुन मसान्तमा पुग्दा २७ मा सीमित हुन पुगेको छ। तर वाणिज्य बैंकका शाखाको विस्तार भने वि.सं. २०७१ मा रहेको १५४७ शाखाबाट वृद्धि भई २०७७ फागुनमा ४६३२ पुगेको देखिन्छ। यसले जनतामा वाणिज्य बैंकहरूको पहुँच व्यापक रूपमा विस्तार भएको सङ्केत गर्दछ।

विगतमा अङ्गीकार गरिएको नीतिकै परिणामस्वरूप वि.सं. २०७७ फागुन मसान्तमा मुलुकमा जम्मा २७ वटा वाणिज्य बैंक, १९ वटा विकास बैंक, २० वटा वित्त कम्पनी, ७६ वटा लघुवित्त वित्तीय संस्था र एक पूर्वाधार विकास बैंक गरी कुल १४३ वटा बैंक तथा वित्तीय संस्था सञ्चालनमा रहेका छन् । यसका अतिरिक्त वित्तीय साधन परिचालन गर्ने गरी स्थापना भएका बिमा कम्पनी, कर्मचारी सञ्चयकोष, नागरिक लगानी कोष र हुलाक बचत बैंक गरी जम्मा ४३ वटा संस्थाले आफ्ना विभिन्न कार्यालयमार्फत वित्तीय कारोबार सञ्चालन गर्दै आएका छन् । वि.सं. २०६० को दशकबाट बैंक तथा वित्तीय क्षेत्रले अङ्गीकार गरेको Digitalized प्रणाली पनि लोकप्रिय बन्दै गएको छ। परिणामस्वरूप वि.सं. २०७७ मसान्तमा मोबाइल बैंकिङ सेवा प्रयोगकर्ताको सङ्ख्या १,३२,६७,९४७ पुगेको छ भने इन्टरनेट बैंकिङ सेवा प्रयोगकर्ताको सङ्ख्यामा वृद्धि भई सोही अवधिमा ११,३१,५४७ पुगेको छ।

२. वाणिज्य बैंकहरूको पुँजी परिचालन र उपयोगको स्थिति

निक्षेप सङ्कलन र कर्जा प्रवाह गर्ने उद्देश्य राखी स्थापना भएको संस्थालाई बैंक भनिन्छ। वाणिज्य बैंकहरूको मुख्य उद्देश्य नै पुँजी परिचालनका माध्यमबाट आर्थिक विकासमा योगदान पुऱ्याउनु हो । बैंकहरूले निर्ब्याजी तथा तोकिएको ब्याज भुक्तानी गर्ने गरी सर्वसाधारण तथा संस्थागत रूपमा चल्ती, बचत, मुद्दती, कल तथा मार्जिन जस्ता विभिन्न खाताहरूका माध्यमबाट निक्षेप सङ्कलन गर्दछन् । त्यसै गरी तोकिएको समयमा ब्याजसमेत फिर्ता लिने गरी कसैलाई धितो उपयोगमा लिएर वा विनाधितो सापटी दिएको रकमलाई कर्जा भनिन्छ। वाणिज्य बैंकहरूले सङ्कलित निक्षेपलाई तोकिएको ब्याज दरमा निजी, सरकारी सङ्घ संस्था र विभिन्न निकाय वा व्यक्तिलाई कर्जा प्रवाह गरी उनीहरूको आवश्यकता परिपूर्ति गर्दै आएका छन् । त्यसबाहेक सङ्कलित निक्षेप कर्जामा प्रवाह हुन नसकेको रकमलाई नगद मौज्दात र ब्यालेन्सका रूपमा राख्ने गरेका छन्। तलको तालिकामा वाणिज्य बैंकहरूको विगत ६ वर्षको साधन स्रोत परिचालन एवं उपयोगको स्थिति, कर्जा प्रवाहको अवस्थाका साथै बैंक मौज्दातको स्थिति र तिनीहरूको क्षेत्रगत प्रतिशत परिवर्तनको अवस्थालाई प्रस्तुत गरिएको छ।

स्रोत–साधन उपयोगको स्थिति (रु. करोडमा)

वर्ष	स्रोत–साधन र उपयोग	वार्षिक प्रतिशत परिवर्तन	कर्जा तथा सापटी	वार्षिक प्रतिशत परिवर्तन	नगद मौज्दात र बैंक ब्यालेन्स	वार्षिक प्रतिशत परिवर्तन
२०७२	१५९४८६.५८	-	१२६७००.६८	-	३२७८५.९६	-
२०७३	१९२३२०.०३	२०.५८	१५४९२.७५	२५.८८	३२८२७.२९	०.१२
२०७४	२३६५५८.१८	२३.००	१९७०१२.२३	२३.५२	३९५४५.९४	२०.४६
२०७५	२७९५८८.१८	१८.१९	२४२८१४.१७	२३.२४	३६७७४.६५	(७.००
२०७६	३२६०५४.६३	१६.६१	२८८४९५.४४	१८.८१	३७५६६.६९	२.१५
२०७७	३९६८२०.८०	२१.७०	३४३६०१.४०	१९.१०	५३२१९.४०	४१.६६

स्रोत : आर्थिक सर्वेक्षण २०७७ र ७८, अर्थ मन्त्रालय, नेपाल सरकार

* *सञ्चालक, राष्ट्रिय वाणिज्य बैंक*

माथिको तालिकाअनुसार वि.सं. २०७२ मा रहेको स्रोत-साधन उपयोगको स्थिति रु. १५९४८६.५८ करोडबाट बढेर वि.सं. २०७७ मा रु. ३९६८२०.८० करोड पुगेको छ। यस ६ वर्षको अवधिमा साधन स्रोत उपयोगको स्थिति करिब १४८ प्रतिशतले वृद्धि भएको देखिन्छ। औसत वृद्धिदरको अवस्थालाई नियाल्दा वि.सं. २०७४ मा सबैभन्दा बढी २३ प्रतिशतले साधन उपयोगको प्रतिशतमा वृद्धि भएको छ भने वि.सं. २०७६ मा १६.६१ प्रतिशतले मात्र स्रोत-साधन उपयोगको स्थितिमा वृद्धि भएको देखिन्छ। त्यसै गरी कर्जा सापटीको अवस्थालाई हेर्दा वि.सं. २०७२ मा रु. १२६७००.६८ करोड कर्जा सापटीको परिमाण रहेकोमा वि.सं. २०७७ मा पुग्दा यसमा वृद्धि भई रु.३४३६०१.४० करोड पुगेको छ। यसको वार्षिक वृद्धि औसत करिब २२ प्रतिशत रहेको छ। उल्लिखित ६ वर्षको अवधिमा भने वि.सं. २०७३ मा सबैभन्दा बढी २५.८८ प्रतिशतका दरले कर्जा सापटी वृद्धि भएको छ भने वि.सं. २०७६ र वि.सं. २०७७ मा यसको वृद्धिदर औसतभन्दा न्यून रहन गएको देखिन्छ। यो अवधि कोभिड-१९ प्रभावित रहेकाले समेत कर्जा सापटीको वृद्धिदर घटेको देखिन्छ। नगद मौज्दात र बैंक ब्यालेन्सको अवस्था सबैभन्दा उच्च वि.सं. २०७७ मा ४१.६६ प्रतिशतले वृद्धि भएको देखिन्छ। यस अवधिमा वाणिज्य बैंकहरूमा अधिक तरलता भई ब्याजदर न्यून हुँदा समेत कोभिडका कारणले आर्थिक गतिविधि अपेक्षित रूपले वृद्धि नहुँदा कर्जाको माग बढ्न नसकेकाले ठुलो परिमाणमा कर्जायोग्य रकम Idle बसेको देखिन्छ। सामान्यतया एकातिर नेपालको बैंकिङ क्षेत्रमा कर्जाको ब्याजदर उच्च रहने गरेको छ भने अर्कोतिर बचतमा ब्याजदर कम भएका कारण लगानीकर्ता र बचतकर्ता दुवै प्रोत्साहित हुन सकिराखेका छैनन्। यसलाई हटाउन ब्याजदरको स्प्रेड कम गर्दै लानुपर्छ। कारोबारको आकार र प्रविधिको प्रयोग बढेको खण्डमा ब्याजदरको स्प्रेड कम भए पनि नाफाको दर खासै प्रभावित नहुन सक्छ। त्यसका लागि सञ्चालन कुशलता र निक्षेप र कर्जा सापटीका क्रममा उपभोक्ताले बारम्बार पूरा गर्नुपर्ने प्रक्रियागत कठिनाइलाई सुधार गर्नेतर्फ बैंकिङ क्षेत्र लाग्नुपर्दछ।

३. वर्तमान आर्थिक अवस्था

वाणिज्य बैंकहरूले बैंकिङ प्रणालीमा समय समयमा धेरै प्रकारका आरोह-अवरोहहरू पार गर्दै आएका छन्। बैंकिङ क्षेत्रमा कहिलेकाहीँ तरलता असन्तुलको अवस्था हुनु नयाँ समस्या होइन। तर नेपालमा यो समस्या निरन्तर रूपमा देखा पर्न थालेको छ। तरलता असन्तुलनको अवस्थाबाट अर्थतन्त्रलाई प्रभाव पार्ने अवस्थामा नेपाल राष्ट्र बैंकले समस्या समाधान गर्न विभिन्न उपकरणमार्फत तरलता प्रशोचन र प्रवाह गर्ने गरेको छ। तरलता अधिक भएको स्थितिमा कर्जाको ब्याजदर घट्ने र तरलता कम भएको अवस्थामा कर्जाको ब्याजदर बढ्ने गर्दछ। तरलता अधिक भएको अवस्थामा उत्पादनमूलक क्षेत्रमा कर्जा प्रवाह विस्तार गर्न सके उत्पादनको दक्षता वृद्धि भई कुल गार्हस्थ उत्पादनमा वृद्धि ल्याउन सहयोग पुऱ्याउँदछ। तर नेपालमा तरलता अधिक भएको अवस्थामा समेत उत्पादनमूलक क्षेत्रमा कर्जा विस्तार हुन नसकेकाले आर्थिक वर्ष २०७७ र ७८ को पहिलो चार महिनामा अधिक तरलतालाई नियन्त्रण गर्न नेपाल राष्ट्र बैंकले Reverse Repo र निक्षेप सङ्कलन उपकरणमार्फत जम्मा रु.९० अर्ब प्रशोचन गरेको थियो। कोभिडको असरबाट भर्खरै सुध्रिन थालेको अर्थतन्त्रमा अहिले पुनः तरलता अभावको अवस्थाले बैंकिङ क्षेत्र आक्रान्त बन्दै गएको छ। यसलाई सम्बोधन गर्न नेपाल राष्ट्र बैंकले तदारुकता देखाइसकेको छ। यसलाई सन्तुलनमा ल्याउन सरकारी खर्चमा विस्तार गर्नुपर्ने कुरालाई जोडतोडका रूपमा अघि सारिएको छ। सरकारी खर्च समयअनुसार खर्च हुन नसक्दा बजारमा पुँजी प्रवाह हुनुको सट्टा रकम सञ्चित भई बस्नु तरलता अभाव हुनुको एउटा प्रमुख कारण हो। सरकारी कोषबाट हुने खर्च, निक्षेप सङ्कलन र विप्रेषण आप्रवाहले नै मुख्य गरी तरलताको अवस्थालाई प्रभाव पार्दछ। हाल तरलताको अभाव हुनुलाई सरकारी खर्च कम हुनु, विप्रेषण आप्रवाह घट्नु तथा आयात बढ्नुलाई प्रमुख कारण मानिएको छ। वास्तवमा विप्रेषण आप्रवाह र सरकारी खर्च घटेको अनुपातले मात्रै तरलताको अभाव भएको हो वा अन्य कुनै कारणहरू छन्, त्यसको अध्ययन हुनु जरुरी छ। यहाँ प्रश्न उठ्छ कि विगतको तुलनामा विप्रेषण आप्रवाह कतै बैंकिङ प्रणालीबाट नभई हुण्डी वा अन्य अवैधानिक प्रणालीबाट हुन थालेको त होइन ? त्यसै गरी व्यक्तिहरूले घरघरमा Hoarding गर्न थालेकोले त होइन ? वा हुण्डिको माध्यमबाट पुँजी पलायन हुन थालेर तरलता अभाव बढेको त होइन ? त्यसैले नेपालमा समय समयमा देखा पर्ने गरेको तरलता असन्तुलनको निराकरण गर्न पर्याप्त अध्ययन गरी दीर्घकालीन समाधानतर्फ नियमनकारी निकायले समयमै पर्याप्त ध्यान दिनु जरुरी भइसकेको देखिन्छ।

***

विप्रेषण आप्रवाह र विदेशी विनिमय सञ्चितिको वर्तमान अवस्था

रामु पौडेल*

भूमिका

नेपालमा विप्रेषण आप्रवाहको औपचारिक प्रणाली सुरुवात भएको धेरै लामो समय नभए तापनि नेपाल र भारत तथा अन्य केही मुलुकहरूबाट परापूर्व कालदेखि नै घर तथा परिवारका नाममा केही न केही रकम मुलुकभित्र आउने गरेको एवम् राणाकालीन समयको सुरुवातदेखि बसाइँसराइका माध्यमबाट विप्रेषणको आप्रवाह भएको पाइन्छ। यसर्थ नेपालमा विप्रेषण आप्रवाहको आधुनिक प्रणाली पनि परम्परागत एवम् ऐतिहासिक समयदेखि चलिआएको रीतिरिवाज जस्तै रहेको पाइन्छ। वैदेशिक रोजगारी र विप्रेषण आप्रवाहले हालसम्म पनि धेरैजसो देश, स्थान र माध्यमबाट पूर्ण औपचाकिरता प्राप्त गर्न नसकेको तथा वेलाबखत अनौपचारिक माध्यमबाट मात्र विप्रेषणको आप्रवाह हुने गरेको तथा सोको कहीँ कतै अभिलेख नहुने गरेको पाइन्छ।

समयको क्रमसँगै कामका लागि विशेष गरी खाडी मुलुकहरू लगायत अन्य दक्षिण एसियाली एवम् अन्य मुलुक खुला भएसँगै ती देशहरूमा आवतजावत गर्ने क्रमले गति लिएको पाइन्छ। केही सीप र शिक्षा आर्जन गरेका नेपालीहरू शिक्षा र रोजगारीका लागि पश्चिमी देशहरूमा पनि जाने क्रम एकदमै बढेर गएको तथा ती व्यक्तिहरूले घर तथा परिवारलाई पठाएको विप्रेषणले मुलुकमा सामाजिक तथा आर्थिक उत्थान तथा विकासामा अन्त्यन्तै ठुलो योगदान गरेको विभिन्न स्वतन्त्र आर्थिक अध्ययन तथा अनुसन्धानहरूबाट देखिन्छ। यद्यपि अपेक्षित रूपमा विप्रेषण प्राप्त हुन सकेको भने देखिँदैन। नेपालमा विप्रेषण नेपाली समाज र अर्थतन्त्रको स्नायू प्रणाली तथा रक्तसञ्चार प्रणाली जस्तै भएको छ। आर्थिक स्थिरता कायम गर्न, स्रोतको परिचालन गर्न, व्यक्ति तथा परिवारको जीवनस्तर तथा मानवीयस्तर वृद्धि गर्न एवम् विप्रेषण आर्जन गर्ने घर परिवारको रहनसहन, शिक्षा, स्वास्थ्य एव सामाजिक स्तर वृद्धि गर्ने देखि लिएर अर्थतन्त्रमा विशेष गरी बाह्य क्षेत्र स्थायित्व कायम गर्न अत्यन्तै महत्त्वपूर्ण योगदान गरेको छ। अर्थतन्त्रमा वेला-वेलामा देखिने आर्थिक झट्काहरूलाई सन्तुलन मिलाई राख्नेदेखि लिएर मुलुकको विदेशी विनिमय सञ्चितिको तहलाई उपयुक्त स्रतमा कायम गर्न एवम् अन्य विभिन्न प्रत्यक्ष तथा अप्रत्यक्ष लाभ प्रदान गर्न विप्रेषण आप्रवाहको महत्त्व विगत केही वर्षदेखि मुलुकमा बढ्दै गएको छ।

विप्रेषण आप्रवाहले मुलुकको अर्थतन्त्रलाई गतिशील बनाउने मात्र नभएर बाह्य क्षेत्र स्थायित्व कायम गर्न, उत्पादनमूलक क्षेत्रमा लगानी प्रवाह गरी रोजगारी सृजना गर्न एवम् त्यस्ता उद्योग तथा प्रतिष्ठानबाट उत्पादित वस्तु तथा सेवाहरू स्वदेशमा उपभोग र बढी भएका त्यस्ता वस्तु तथा सेवा निर्यात गरी थप विदेशी मुद्रा आर्जन गर्न महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। यसैले औपचारिक माध्यमबाट स्वदेश भित्रिने विप्रेषणले एकातिर विदेशी विनिमय सञ्चितिको स्तर वृद्धि गर्न प्रत्यक्ष रूपमा महत्त्वपूर्ण योगदान गरिरहेको हुन्छ भने अर्कोतिर हाम्रो जस्तो आयातमा आधारित उपभोग उन्मुख अर्थतन्त्रलाई चाहिने विदेशी मुद्राको आवश्यकता पूरा गर्न र सोबाट सरकारी राजस्वपूर्ति गर्न पनि अप्रत्यक्ष रूपमा महत्त्वपूर्ण योगदान गरिरहेको छ। यस कारण विप्रेषण आप्रवाह, आयात, सरकारी राजस्व र विदेशी विनिमय सञ्चितिसहित स्वदेशमा वस्तु तथा सेवाको उत्पादन अभिवृद्धि गरी रोजगारी सृजना र वस्तु तथा सेवाको निर्यातका लागि लगानीको आवश्यकता पूरा गर्न एवम् अन्य धेरै प्रकारका आर्थिक गतिविधि सुचारु गर्न तथा नागरिकको सामाजिक तथा आर्थिक स्तर अभिवृद्धि गर्न महत्त्वपूर्ण भूमिका खेल्ने हुनाले विप्रेषण आप्रवाह र विदेशी विनिमय सञ्चितिको तह वृद्धिबिचमा प्रत्यक्ष सम्बन्ध रहेको देखिन्छ।

विप्रेषण आप्रवाहको स्थिति र विदेशी विनिमय सञ्चितिको अवस्था

विश्वमा उदारीकरणको लहरसँगै नेपालमा पनि सन् १९८० को दशकपछिका विभिन्न समयमा अवलम्बन गरिएको उदारीकरण तथा सहज आप्रवास नीति, यातायात तथा प्रविधिमा भएको विकास लगायतका कारणले श्रम तथा पुँजीको आदानप्रदान उल्लेख्य रूपमा वृद्धि भएको तथा श्रम बजारको विश्वव्यापीकरणको फलस्वरूप वैदेशिक रोजगारीमा जाने कामदारहरूले पठाउने विप्रेषण रकम पनि उल्लेख्य बढेको देखिन्छ। अहिले विश्वव्यापी रूपमा विप्रेषण रकम कुल वैदेशिक लगानीभन्दा करिब पचास प्रतिशत बढी तथा कुल वैदेशिक सहायताको दाँजोमा तीन गुनाभन्दा बढी रहेको अवस्था छ। विश्व बैंकले नोभेम्बर सन् २०२१ मा प्रकाशन गरेको प्रतिवेदनअनुसार विगत ५ वर्षमा विश्वव्यापी विप्रेषण आप्रवाहको वृद्धिदर न्यून रहेको छ। सन् २०२० मा विश्वभर कुल ७०६ अर्ब अमेरिकी डलर भित्रिएको अनुमान गरिएको छ। यो रकम ५ वर्ष अघि सन् २०१५ मा भित्रिएको कुल विप्रेषण रकमभन्दा १७ प्रतिशत मात्र बढी हो। दक्षिण एसियाली मुलुकहरूको कुल विप्रेषण आप्रवाह भने पछिल्लो ५ वर्षमा ३४ प्रतिशतले बढेर सन् २०२० मा कुल १४७ अर्ब अमेरिकी डलर पुगेको अनुमान गरिएको छ।

वर्ष	विश्व- अमेरिकी डलर (अर्ब)	दक्षिण एसिया- अमेरिकी डलर (अर्ब)	नेपाल - नेपाली रुपैयाँ (अर्ब)
२०१५	६०२	११८	६६५.०६
२०१६	५९७	१११	६९५.४५
२०१७	६४०	११७	७५५.०६
२०१८	६९५	१३२	८७९.२७
२०१९	७२२	१४०	८७५.०३
२०२०	७०६	१४७	९६१.०५

आर्थिक वर्ष	कुल विप्रेषण आप्रवाह (रु. अर्बमा)	विप्रेषण आप्रवाहको वृद्धिदर (प्रतिशतमा)
२०७०/७१	५४३.२९	२५.०
२०७१/७२	६१७.२८	१३.६

* *कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक*

आर्थिक वर्ष	कुल विप्रेषण आप्रवाह (रु. अर्बमा)	विप्रेषण आप्रवाहको वृद्धिदर (प्रतिशतमा)
२०७२/७३	६६५.०६	७.७
२०७३/७४	६९५.४५	४.६
२०७४/७५	७५५.०६	८.६
२०७५/७६	८७९.२७	१६.५
२०७६/७७	८७५.०३	-०.५
२०७७/७८	९६१.०५	९.८

कोभिड-१९ को महामारीका कारणले विश्वव्यापी अर्थतन्त्रमा आएको समस्याले गर्दा कुल विप्रेषण रकम २०१९ भन्दा २०२० मा २.२ प्रतिशतले कम भएकोमा दक्षिण एसियाली मुलुकहरूमा भने सो अवधिमा पनि विप्रेषण आप्रवाह ०.५ प्रतिशतले वृद्धि भएको देखिन्छ। त्यसै गरी सन् २०२१ मा विश्वभर ६.४ प्रतिशत र दक्षिण एसियामा ८.२ प्रतिशतले विप्रेषण आप्रवाह वृद्धि हुने प्रक्षेपण गरिएको छ। नेपालको सन्दर्भमा विगतका तीन दशकदेखि विश्वव्यापी श्रम बजारमा क्रमशः आबद्ध हुँदै गएसँगै रोजगारीका लागि विदेश जाने कामदारहरू र तिनले त्यहाँ आर्जन गरी मुलुकमा पठाउने विप्रेषण रकममा उल्लेख्य वृद्धि भएको देखिन्छ। विश्व बैंकले प्रकाशन गरेको तथ्याङ्कअनुसार विप्रेषण रकम सन् २००० मा कुल गार्हस्थ उत्पादन (GDP) को अनुपातमा करिब २ प्रतिशत रहेकोमा सन् २०१५ मा सो बढेर GDP को अनुपातमा करिब ३० प्रतिशतसम्म पुगेको थियो। त्यस्तै नेपाल राष्ट्र बैंकको तथ्याङ्कअनुसार विप्रेषण आप्रवाह आर्थिक वर्ष २०६०/६१ मा GDP को अनुपातमा १०.९ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७२/७३ मा अधिकतम २९.६ प्रतिशत पुगेको थियो। पछिल्ला वर्षहरूमा विप्रेषण आप्रवाह GDP को २५ प्रतिशतको हाराहारीमा रहेको भए तापनि वृद्धिदर घट्दो अवस्थामा रहेको देखिन्छ। आर्थिक वर्ष २०७०/७१ मा नेपाल भित्रिने विप्रेषण रकमको वृद्धिदर २५ प्रतिशत रहेकोमा त्यसपछिका वर्षहरूमा वृद्धिदर कम रहेको अवस्था छ। आर्थिक वर्ष २०७६/७७ मा कुल विप्रेषण रकममा ०.५ प्रतिशत कमी आएको देखिन्छ। यस अघिका वर्षहरूमा विभिन्न कारणहरूले गर्दा विप्रेषण आप्रवाहको वृद्धिदर घटेको भए पनि आर्थिक वर्ष २०७६/७७ मा कुल विप्रेषण रकममा नै कमी आउनुमा मुख्य कारण कोभिड-१९ को महामारीबाट मुलुकको अर्थतन्त्रमा परेको असरलाई नै मान्न सकिन्छ। यसै गरी आ.व. २०७७/७८ मा विप्रेषण आप्रवाह ९.८ प्रतिशतले वृद्धि भई रु.९६१ अर्ब ५ करोड पुगेको थियो भने आर्थिक वर्ष २०७८/७९ को पहिलो ४ महिनामा विप्रेषण आप्रवाह अघिल्लो वर्षको सोही अवधिको तुलनामा ७.५ प्रतिशतले घटेर रु. ३१२ अर्ब ४२ करोड पुगेको छ। निरन्तर रूपमा विप्रेषण आप्रवाहमा वृद्धि भइरहेका कारणले पनि आर्थिक वर्ष २०७७/७८ मा विदेशी विनिमय सञ्चिति १३९९.०२ अर्ब पुगेको तथा अघिल्लो वर्षको तुलनामा ३४.९ प्रतिशतले बढेर १४०१.८३ अर्ब पुगेको देखिन्छ। नेपालको विदेशी विनिमय सञ्चितिको स्तरलाई बचाइराख्न विप्रेषणको महत्त्वपूर्ण योगदान भए तापनि विशेष गरी आयात व्यापारको अवस्था नै विदेशी विनिमय सञ्चितिका लागि मुख्य निर्धारक तत्त्व रहेको देखिन्छ अर्थात् आयात व्यापारमा कमी हुँदा विप्रेषणको आप्रवाहले सञ्चितिको वृद्धिमा योगदान गरेको देखिन्छ भने आयात व्यापारमा वृद्धि हुँदा विदेशी विनिमय सञ्चितिमा तीव्र दबाब सृजना भएको पाइन्छ।

विश्व बैंक, एसियाली विकास बैंकलगायतका अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूले कोभिड-१९ महामारीका कारण सन् २०२० र २०२१ मा विप्रेषण आप्रवाहमा उल्लेख्य कमी आउने अनुमान गरेको भए पनि नेपालमा विप्रेषण आप्रवाहको अवस्था अनुमान गरेको भन्दा राम्रो देखिएको छ। यद्यपि पछिल्ला महिनाहरूमा वृद्धिदर ऋणात्मक रहेको छ। मुलुकमा पछिल्ला वर्षहरूमा GDP का आधारमा धेरै विप्रेषण प्राप्त गर्ने देशहरूमध्ये पहिलो पाँचभित्र पर्ने गरेको छ। अन्य सार्क राष्ट्रहरूमा विप्रेषण आप्रवाह GDP को अनुपातमा १० प्रतिशतभन्दा कम हुने गरेको परिप्रेक्ष्यमा नेपालको सन्दर्भमा भने विप्रेषण विदेशी मुद्राको प्रमुख स्रोतका रूपमा स्थापित भएको छ र यसले बाह्य क्षेत्र सन्तुलनमा पनि महत्त्वपूर्ण भूमिका खेल्ने गरेको छ।

आर्थिक वर्ष २०७७/७८ मा विप्रेषण आप्रवाह GDP को अनुपातमा २२.५३ प्रतिशत रहेको थियो। विदेशी मुद्राको अन्य स्रोतहरूको दाँजोमा यो निकै बढी हो। नेपाल भित्रिने विप्रेषणको स्रोतको सन्दर्भमा करिब ५० प्रतिशत कतार, साउदी अरब, युएइ, कुवेत र बहराइन जस्ता खाडी मुलुकबाट आउने गरेको छ। त्यसबाहेक भारत, मलेसिया, संयुक्त राज्य अमेरिका, दक्षिण कोरिया र जापान विप्रेषणका मुख्य स्रोत मुलुकहरू हुन्। पछिल्ला वर्षहरूमा विप्रेषण आप्रवाहको वृद्धिदरमा कमी आउनुमा वैदेशिक रोजगारीका लागि जाने नेपालीहरूको सङ्ख्यामा कमी आउनु पनि एक कारण हो। आर्थिक वर्ष २०७०/७१ मा वैदेशिक रोजगारीका लागि ५,२७,८१४ जनालाई स्वीकृति प्रदान गरेकोमा आर्थिक वर्ष २०७५/७६ मा २,४३,८६८ जनाले यस्तो स्वीकृति पाएको देखिन्छ। कोभिड-१९ को महामारीले गर्दा त्यसपश्चात्का दुई वर्षमा झन् थोरैले वैदेशिक रोजगारीका लागि स्वीकृति लिएको देखिन्छ। चालु आर्थिक वर्ष २०७८/७९ मा भने वैदेशिक रोजगारीका लागि जाने नेपालीहरूको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको छ। यस आर्थिक वर्षको पहिलो ४ महिनामा नै ९६,३८२ जनाले वैदेशिक रोजगारीका लागि स्वीकृति लिएको पाइएको छ।

विप्रेषण आप्रवाहका समस्या तथा विदेशी विनिमय सञ्चितिमा असर

१. विप्रेषण आप्रवाहको वृद्धिदरमा असर गर्ने महत्त्वपूर्ण कारक तत्त्व भनेको रकम पठाउँदा लाग्ने खर्च र विदेशी विनिमयको दर नै हो। सूचना प्रविधिको विकास एवम् विप्रेषण कम्पनीहरूको बढ्दो सञ्जालका बाबजुद नेपालमा विप्रेषण रकम पठाउन लाग्ने लागत अत्यन्तै महँगो र औपचारिक विनिमय दर आर्कषक नभएका कारण विप्रेषणको आप्रवाह औपचारिक बैंकिङ माध्यमभन्दा बाहिरबाट प्रसारण हुने गरेको।

२. पछिल्लो समयमा वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्यामा कमी आएको सन्दर्भमा श्रम स्वीकृति नलिई पर्यटक भिसामा गई गैरकानुनी रूपमा काम गर्नेको सङ्ख्यामा वृद्धि भएको अनुमान गर्न सकिन्छ। यसरी गैरकानुनी रूपमा काम गरी नेपालीहरूले आर्जन गर्ने रकम पठाउन औपचारिक माध्यमको सट्टा हुण्डी लगायतका माध्यम प्रयोग गर्ने बढी सम्भावना रहन्छ। परिणामस्वरूप विदेशी मुद्राका रूपमा आउनुपर्ने रकम मुलुक नभित्रिँदा विदेशी विनिमय सञ्चितिमा प्रत्यक्ष रूपमा असर पर्ने गर्दछ।

३. चालु आर्थिक वर्षको सुरुवातदेखि नै मुलुकको कुल आयातमा तीव्र वृद्धि हुँदा न्यून बिजकीकरणको प्रवृत्ति बढ्दै गएको हुन सक्ने अवस्था तथा त्यस्ता कारोबारको आंशिक भुक्तानी विदेशमा नै हुने र सोका लागि विप्रेषणको रकम अनौपचारिक विदेशी मुद्राको कारोबारमार्फत प्रयोग भई सो रकम नेपाल नभित्रिएको हुन सक्ने भएकाले पनि पछिल्लो समयमा विप्रेषण हुनुपर्ने रकमको सट्टा अवैध रूपमा सुन, चाँदी, ल्यापटप, मोबाइल लगायतका जिन्सी सामान अत्यधिक मात्रामा नेपाल भित्रिएको हुन सक्ने भएकाले विदेशी मुद्रा मुलुकमा नभित्रिएर पनि विदेशी विनिमय सञ्चितिमा चाप परेको अनुमान गरिएको छ।

४. पछिल्लो समयमा विभिन्न कारणले गर्दा विप्रेषण आप्रवाहका हिसाबले महत्त्वपूर्ण रहेको खाडी मुलुकहरूको अर्थतन्त्रमा शिथिलता आएकाले ती मुलुकहरूबाट प्राप्त भएको विप्रेषणको

वृद्धिदरमा पनि कमी आएको हुन सक्ने देखिन्छ भने मलेसिया लगायतका केही देशमा फ्रि भिसा फ्रि टिकट प्रणालीमा रहेका कठिनाइ तथा विविध व्यावहारिक समस्याले पनि विप्रेषण आप्रवाहमा कमी आई विदेशी विनिमय सञ्चितिमा समस्या आएको अनुमान गरिएको छ।

५. कोभिड-१९ का कारणले विश्वव्यापी रूपमै अर्थतन्त्रमा नकारात्मक असर परेको, धेरै आप्रवासीहरूले रोजगारी गुमाएको साथै नेपालबाट वैदेशिक रोजगारीमा जानेको सङ्ख्यामा पनि ह्रास आएकाले हालैका महिनाहरूमा विप्रेषण आप्रवाहमा उल्लेख्य कमी आई विदेशी विनिमय सञ्चितिको अवस्थामा दबाब सृजना भएको देखिन्छ।

विप्रेषणका माध्यमबाट विदेशी विनिमय सञ्चितिमा वृद्धि गर्ने उपायहरू

१. वैदेशिक रोजगारीमा गएका नेपाली कामदारहरूले औपचारिक माध्यमबाट विप्रेषण पठाउँदा लाग्ने लागत र विप्रेषकलाई विदेशबाट स्वदेशमा विप्रेषण गर्दा प्रदान गर्ने विनिमय दरमा बजार दरभन्दा बढी प्रदान गर्ने तथा सोभन्दा बढी दर नेपाल सरकारले बजेटमा आवश्यक रकम व्यवस्था गरी विप्रेषक कामदारहरूलाई औपचारिक माध्यम प्रयोग गर्न प्रोत्साहित गर्ने। साथै फ्रि भिसा फ्रि टिकट अवधारणामा तत्काल परिवर्तन गरी मलेसिया जाने कामदारलाई सहज बनाउने।

२. वैदेशिक रोजगारीमा जाने अधिकांश नेपाली कामदारहरू अदक्ष र अर्धदक्ष रहने गरेको सन्दर्भमा ती कामदारहरूलाई पर्याप्त सीपमूलक तालिम प्रदान गर्ने। त्यसो गर्दा तिनका आम्दानीमा पनि वृद्धि हुने र तिनले नेपालमा पठाउने विप्रेषण रकममा पनि सकारात्मक प्रभाव पर्ने; वैदेशिक रोजगारीका लागि जाने नेपाली कामदारहरूलाई वित्तीय शिक्षा प्रदान गर्ने तथा तिनलाई अनौपचारिक क्षेत्रबाट नभई बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिन प्रोत्साहित गर्ने । साथै अनौपचारिक माध्यमबाट हुने गैरकानुनी कारोबारहरूको कडा अनुगमन गर्ने।

३. वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार बोर्ड, परराष्ट्र मन्त्रालय, नेपाल राष्ट्र बैंकलगायतका निकायहरूबिच समन्वय गरी वैदेशिक रोजगार बन्डलाई प्रभावकारी बनाउने। आवश्यकताअनुसार निजी क्षेत्रको फर्म/कम्पनीसँग पनि साझेदारी गरी उक्त बन्डको बिक्री बढाउने।

४. वैदेशिक रोजगारीबाट आर्जित रकम विप्रेषणका रूपमा पठाएको प्रमाणका आधारमा विभिन्न सरकारी निकायबाट प्राप्त हुने सेवामा छुट दिने, भन्सार तथा अन्य करमा छुट दिने, अनुदानमा प्राथमिकता दिने तथा पुरस्कारको व्यवस्था गर्ने।

५. विप्रेषण लगानी कोषको स्थापना गर्ने र त्यस कोषको उचित व्यवस्थापन गरी उत्कृष्ट प्रतिफल दिलाउने। साथै बैंकहरूले सम्बन्धित बैंक खातामा कुल विप्रेषण प्राप्त भएको रकम तथा औसत ब्यालेन्सका आधारमा आर्कषक दरमा प्रिमियम ब्याज प्रदान गर्ने व्यवस्था गर्ने।

निष्कर्ष

हालसम्मको विप्रषणको प्रयोगलाई विश्लेषण गर्दा यसको महत्त्वपूर्ण अंश उपभोगमा प्रयोग भइरहेको छ। मुलुकले जबसम्म विप्रेषणलाई उत्पादनमूलक क्षेत्र र कार्यमा प्रयोग हुने गरी सार्वजानकि तथा आर्थिक नीति र कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्न सकिँदैन, तबसम्म विप्रेषणको उत्पादनमूलक क्षेत्रमा प्रयोग, औपचारिक माध्यमबाट विप्रेषणको आप्रवाहको आर्कषणमा समस्या रहिरहन सक्ने अवस्था देखिन्छ। यसले विदेशी विनिमय सञ्चितिको स्तर वृद्धिमा खासै योगदान दिन सक्दैन। विप्रेषणको प्रभावकारी उपयोग र औपचारिक माध्यमबाट विप्रेषण मुलुकमा भित्र्याउनका लागि सरकारको तर्फबाट उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने योजना तथा कार्यक्रम, रोजगारी सृजना र राष्ट्रिय अर्थतन्त्रको वृद्धिका लागि विशेष प्रयास हुनुपर्ने देखिन्छ। जसअन्तर्गत विशेष गरी औपचारिक माध्यमबाट विप्रेषण भित्र्याउनेको सम्पूर्ण लागत सरकारले व्यहोरिदिने, विप्रेषण साक्षरता कार्यक्रम लागू गर्ने, अनिवार्य रूपमा बैंक खाताबाट विप्रेषण ल्याउने व्यवस्था गर्ने, विप्रेषणबापत भित्रिएको रकम राष्ट्रिय प्राथमिकता र गौरवका आयोजनामा लगानी गर्न विशेष योजना र कार्यक्रम लागू गर्ने, आकर्षक विनिमयदर प्रदान गर्ने, विप्रेषणबापतको रकमको लगानी उत्पादनमूलक आयोजनामा गरेमा सोका लागि आयात गर्ने मेसिनरी लगायतका पुँजीगत प्रकृतिका सामानको आयातमा भन्सार तथा अन्य छुट एवम् लगानीबाट आर्जित आयमा आयकर छुट दिने लगायतका व्यवस्था गर्न सकिन्छ।

नेपाल राष्ट्र बैंकले विप्रेषण कार्य व्यवस्थित गर्नका लागि बैंक तथा वित्तीय संस्थाहरूका साथै विप्रेषण कारोबार गर्नका लागि मात्र खोलेका संस्थाहरूलाई इजाजतपत्र प्रदान गर्ने, ती संस्थाहरूलाई विदेशमा प्रतिनिधि कार्यालय खोल्न तथा प्रतिनिधि कर्मचारी नियुक्त गर्न सक्ने व्यवस्था गरेको छ। हाल बैंक तथा वित्तीय संस्थाहरू र विप्रेषण कम्पनीहरूलाई औपचारिक माध्यमबाट विप्रेषण ल्याउने गरी इजाजत प्रदान गरिएकाले ती बैंक तथा वित्तीय संस्थाहरू र विप्रेषण कम्पनीहरूले विदेशबाट विप्रेषण ल्याउने कार्य गर्दै आएका छन्। रोजगारीका लागि मुलुक बाहिर गएका वा विदेशमा रोजगारी गरी फर्केका नेपाली नागरिकहरू तथा विदेशमा बसोबास गर्ने गैरआवासीय नेपालीहरूले आर्जन गरेको विदेशी मुद्रालाई वैधानिक माध्यमबाट स्वदेशमा भित्र्याउने तथा उनीहरूलाई आफूले आर्जन गरेको रकम विदेशमै बसी वा स्वदेशमा आई बचतपत्रमा लगानी गर्ने उपयुक्त अवसर प्राप्त होस् भन्ने उद्देश्यले वैदेशिक रोजगार बचतपत्रको निष्काशन गर्ने गरिएको छ। बचतपत्र निष्कासनको प्रमुख उद्देश्य रोजगारीका लागि मुलुकबाहिर गएका वा रोजगारीबाट फर्केका नेपाली नागरिकहरू तथा विदेशमा बसोबास गर्ने गैरआवासीय नेपालीहरूले आर्जन गरेको विदेशी मुद्रालाई वैधानिक माध्यमबाट स्वदेशमा भित्र्याउने तथा ऋणपत्रमा लगानी गर्न प्रोत्साहन गरी राष्ट्र निर्माणका लागि पुँजी परिचालन गर्ने रहेको छ। यसै गरी नेपाल राष्ट्र बैंकले इजाजतपत्र प्राप्त विप्रेषण कम्पनीहरू र बैंक तथा वित्तीय संस्थाहरूले नेपालीहरू कार्यरत रहेका देशमा सञ्चालनमा रहेका Digital Payment गर्ने संस्थासँग आबद्ध भई Digitally नेपालमा विप्रेषण रकम भित्र्याउन सक्ने र नेपालमा सञ्चालनमा रहेका अनुमतिपत्र प्राप्त भुक्तानी सेवा प्रदायक (बैंक तथा वित्तीय संस्थाहरूसमेत) संस्थासँग आबद्ध भई Mobile Banking, Internet Banking, Electronic Cards, Digital Wallet आदि मार्फत् स्वदेशमा भुक्तानी गर्न सक्ने व्यवस्था पनि गरेकाले नेपाल सरकारसहित सम्बन्धित पक्षहरूको सहकार्यबाट विप्रेषणका समस्या समाधान गरी विप्रेषण आप्रवाह वृद्धि गरी विदेशी विनिमय सञ्चितिको हलको समस्यालाई समाधान गर्न सकिने देखिन्छ।

सन्दर्भ सामाग्री

नेपाल राष्ट्र बैंक, नेपालमा विप्रेषण आप्रवाहको स्थिति, पुस, २०७६।

विश्व बैंकका अध्ययन तथा प्रतिवेदन, सन् २०२० र सन् २०२१।

भारतीय रिर्जभ बैंक, बङ्गलादेश बैंकका वार्षिक प्रतिवेदनहरू, सन् २०१९ र २०२०।

***

अस्थिरता र अनिश्चिततातर्फ उन्मुख नेपालको अर्थतन्त्र : एक सिंहावलोकन

रमेशकुमार पोखरेल*

विगत केही समयदेखि नेपाली अर्थतन्त्रका परिसूचकहरूले अर्थतन्त्रमा केही चुनौती र अस्थिरताको सङ्केत गर्न थालेका छन् । सरकारी वित्त, मौद्रिक क्षेत्र, वित्तीय क्षेत्र एवं आन्तरिक र बाह्य क्षेत्रको स्थायित्वमा चुनौती थपिँदै गइरहेको परिसूचकहरूले स्पष्ट सङ्केत गरेका छन् भने विकासको गति एवं आर्थिक कृयाकलापसमेत धिमा बन्दै गएका छन् । अर्थतन्त्रमा देखिएका प्रमुख चुनौती र समस्याहरूलाई केन्द्रीय बैंकले हालै सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०७८/७९ को चार महिनाको तथ्याङ्क एवं विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रकाशन र आँकडामा आधारित रही विश्लेषण गर्ने प्रयास गरिएको छ ।

आन्तरिक स्थायित्व

उपभोक्ता मुद्रास्फीति

आन्तरिक स्थायित्वको प्रमुख मापकका रूपमा रहेको उपभोक्ता मुद्रास्फीति २०७८ कात्तिक महिनामा वार्षिक विन्दुगत आधारमा ५.३२ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ४.० प्रतिशत रहेको थियो । यसरी नै सन् २०२१ नोभेम्बरमा भारतमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ४.९ प्रतिशत रहेको छ । नेपालको आन्तरिक उत्पादनको आधार कमजोर रहेको र अधिकांश खाद्यान्न तथा उपभोग्य वस्तुहरूको आयात भारतबाटै हुने गरेको र भारतमा समेत उपभोक्ता मुद्रास्फीति बढ्दो क्रममा रहेकाले मूल्य वा आन्तरिक स्थायित्व चुनौतीपूर्ण बन्दै गएको सहज अनुमान लगाउन सकिन्छ । यसबाट निश्चित आय हुने र विपन्न नागरिकहरूको क्रयशक्तिमा झन् क्षय भई जीवन अझ कष्टकर बन्न सक्छ ।

मौद्रिक एवं वित्तीय क्षेत्र

आर्थिक वर्ष २०७८/७९ को चार महिनामा विस्तृत मुद्राप्रदाय १.४ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय ६.४ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा सञ्चित मुद्रा ८.७ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रा ५.५ प्रतिशतले बढेको थियो । वार्षिक विन्दुगत आधारमा २०७८ कात्तिक मसान्तमा सञ्चित मुद्रा ८.९ प्रतिशतले घटेको छ ।

समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु. १५० अर्ब ३८ करोड (११.३ प्रतिशत) ले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रु. ११० अर्ब ६५ करोड (८.३ प्रतिशत) ले बढेको थियो ।

उपरोक्त विश्लेषणले अर्थतन्त्रमा तरलता असहज बन्दै गएको र भुक्तानी सन्तुलनमा समेत चुनौती थपिँदै गएको सङ्केत गर्दछ ।

कुल आन्तरिक कर्जा

आर्थिक वर्ष २०७८/७९ को चार महिनामा कुल आन्तरिक कर्जा ५.७ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा ४.४ प्रतिशतले बढेको थियो । वार्षिक विन्दुगत आधारमा २०७८ कात्तिक मसान्तमा यस्तो कर्जा २८.५ प्रतिशतले बढेको छ ।

कर्जा प्रवाह

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ८.९ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा ४.९ प्रतिशतले बढेको थियो । वार्षिक विन्दुगत आधारमा २०७८ कात्तिक मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ३२.२ प्रतिशतले बढेको छ ।

तरलता व्यवस्थापन

आर्थिक वर्ष २०७८/७९ को चार महिनामा रिभर्स रिपोमार्फत रु. २८ अर्ब ३५ करोड र निक्षेप सङ्कलन उपकरणमार्फत रु.३१ अर्ब ६५ करोड गरी कुल रु. ६० अर्ब तरलता प्रशोचन गरिएको छ । अघिल्लो वर्षको सोही अवधिमा रिभर्स रिपोमार्फत रु. ६० अर्ब र निक्षेप सङ्कलन उपकरणमार्फत रु. ३० अर्ब गरी कुल रु. ९० अर्ब तरलता प्रशोचन भएको थियो । समीक्षा अवधिमा रिपोमार्फत रु. २४९ अर्ब ७९ करोड र स्थायी तरलता सुविधामार्फत रु. १५४७ अर्ब ५ करोड गरी कुल रु. १७९६ अर्ब ८४ करोड तरलता प्रवाह गरिएको छ ।

अन्तर-बैंक कारोबार

आर्थिक वर्ष २०७८/७९ को चार महिनामा वाणिज्य बैंकहरूको रु. १०४३ अर्ब २२ करोड र अन्य वित्तीय संस्थाहरू (वाणिज्य बैंकहरूबिच बाहेक) को रु. १५८ अर्ब ४० करोड गरी कुल रु. १२०१ अर्ब ६२ करोडको अन्तर-बैंक कारोबार भएको छ । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरूको रु. ७१ अर्ब ८८ करोड र अन्य वित्तीय संस्थाहरूको रु. ६१ अर्ब २० करोड गरी कुल रु. १३३ अर्ब ८ करोड अन्तर-बैंक कारोबार भएको थियो ।

ब्याजदर

२०७७ कात्तिकमा ९१ दिने ट्रेजरी बिलको भारित औसत ब्याजदर ०.७९ प्रतिशत रहेकोमा २०७८ कात्तिकमा ४.८१ प्रतिशत रहेको छ । वाणिज्य बैंकहरूबिचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७७ कात्तिकमा ०.१४ प्रतिशत रहेकोमा २०७८ कात्तिकमा ४.९६ प्रतिशत रहेको छ । मौद्रिक नीतिको सञ्चालन लक्ष्यका रूपमा लिइने औसत अन्तर-बैंक ब्याजदर २०७८ कात्तिकमा ४.९६ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो ब्याजदर ०.१६ प्रतिशत रहेको थियो ।

वाणिज्य बैंकहरूको औसत आधार दर २०७७ कात्तिकमा ७.५७ प्रतिशत रहेकोमा २०७८ कात्तिकमा ७.८२ प्रतिशत कायम भएको छ । २०७८ कात्तिकमा वाणिज्य बैंकहरूको निक्षेपको भारित औसत ब्याजदर ५.८० प्रतिशत र कर्जाको भारित औसत ब्याजदर ९.०२ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्ता दरहरू क्रमशः ५.३१ प्रतिशत र ९.५२ प्रतिशत रहेका थिए ।

माथि उल्लेख भएबमोजिम मौद्रिक तथा वित्तीय क्षेत्रका हरेक परिसूचकहरूले अर्थतन्त्रमा तरलता सङ्कुचन भएको अवस्थालाई चित्रित गर्दछन् । पुँजीगत खर्चको निराशाजनक अवस्था, घट्दो विप्रेषण

* पूर्व कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक

आप्रवाह, बढ्दो अनुत्पादक आयात र घट्दो आन्तरिक उत्पादन, बढ्दो उपभोगमुखी प्रवृत्ति र घट्दो खुद गार्हस्थ बचत नै हालको तरलता सङ्कटका प्रमुख कारक हुन्। यो अवस्था लम्बिएमा नेपाली अर्थतन्त्रमा गम्भीर समस्याहरू आउन सक्ने देखिन्छ।

बाह्य क्षेत्र स्थायित्व

वैदेशिक व्यापार

आर्थिक वर्ष २०७८/७९ को चार महिनामा कुल वस्तु निर्यात रु. ८२ अर्ब १२ करोड पुगेको छ। जबकि यही अवधिमा कुल वस्तु आयात ६१.६ प्रतिशतले वृद्धि भई रु. ६५० अर्ब २९ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात १०.६ प्रतिशतले घटेको थियो। यस अवधिमा कुल वस्तु व्यापार घाटा ५६.८ प्रतिशतले वृद्धि भई रु. ५६८ अर्ब १७ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा १२.५ प्रतिशतले घटेको थियो।

वैदेशिक व्यापारको संरचना

समीक्षा अवधिमा भएको कुल निर्यातमा मध्यवर्ती तथा अन्तिम उपभोग्य वस्तुको अनुपात क्रमशः ४४.१३ प्रतिशत र ५५.८५ प्रतिशत रहेको छ भने पुँजीगत वस्तुको अनुपात नगन्य अर्थात् ०.०२ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा भएको कुल निर्यातमा मध्यवर्ती, पुँजीगत तथा अन्तिम उपभोग्य वस्तुको अनुपात क्रमशः ३२.५२ प्रतिशत, ०.९५ प्रतिशत र ६६.५३ प्रतिशत रहेको थियो।

समीक्षा अवधिमा भएको कुल आयातमा मध्यवर्ती वस्तुको अनुपात ५३.१ प्रतिशत, पुँजीगत वस्तुको ११.१ प्रतिशत तथा अन्तिम उपभोग्य वस्तुको अनुपात ३५.८ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यी अनुपातहरू क्रमशः ५०.५ प्रतिशत, १२.९ प्रतिशत र ३६.६ प्रतिशत रहेका थिए।

कुल आयातमा मध्यवर्ती तथा पुँजीगत वस्तुको अनुपात कम हुनु र अन्तिम उपभोग्य वस्तुको अनुपात बढी हुनु भनेको अर्थतन्त्रको उत्पादन, रोजगारी तथा आयमा ह्रास हुँदै गई उपभोगमुखी अर्थतन्त्रको विकास हुँदै गएको सङ्केत हो।

सेवा

समीक्षा अवधिमा खुद सेवा आय रु. ३१ अर्ब २० करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा आय रु. १७ अर्ब ५१ करोडले घाटामा रहेको थियो।

विप्रेषण आप्रवाह

यस अवधिमा विप्रेषण आप्रवाह ७.५ प्रतिशतले कमी आई रु. ३१२ अर्ब ४२ करोड कायम भएको छ। अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ११.२ प्रतिशतले बढेको थियो। अमेरिकी डलरमा विप्रेषण आप्रवाह ७.८ प्रतिशतले कमी आई २ अर्ब ६३ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आप्रवाह ६.४ प्रतिशतले बढेको थियो।

समीक्षा अवधिमा खुद ट्रान्सफर ७.४ प्रतिशतले कमी आई रु. ३४५ अर्ब ६५ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर ८.९ प्रतिशतले बढेको थियो।

विगतमा अन्य आर्थिक परिसूचकहरू जे जस्तो भए पनि सेवा र विप्रेषण आप्रवाह सन्तोषजनक अवस्थामा रहेकाले समग्र वित्तीय क्षेत्रमा तरलता र पुँजी परिचालनको अवस्था ठिकठाक थियो। यसले उत्पादन, रोजगारी, आयमा र गरिबी निवारणमा समेत सकारात्मक प्रभाव परेको थियो। तर अहिले वित्तीय क्षेत्रको तरलता र पुँजी परिचालनको अवस्था निकै चुनौतीपूर्ण बन्दै गएको हुँदा समग्र अर्थतन्त्रमा समेत नकारात्मक असरको सम्भावना बढेको छ।

चालु खाता एवम् शोधनान्तर स्थिति

समीक्षा अवधिमा चालु खाता रु. २२३ अर्ब १९ करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रु. १९ अर्ब १ करोडले बचतमा रहेको थियो।

यस अवधिमा शोधनान्तर स्थिति रु. १५० अर्ब ३८ करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु. ११० अर्ब ६५ करोडले बचतमा रहेको थियो। अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा ९३ करोड १७ लाखले बचतमा रहेको शोधनान्तर स्थिति समीक्षा अवधिमा १ अर्ब २६ करोडले घाटामा रहेको छ।

कुल विदेशी विनिमय सञ्चितिको अवस्था

२०७८ असार मसान्तमा रु. १३९९ अर्ब ३ करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति ११.० प्रतिशतले कमी आई २०७८ कात्तिक मसान्तमा रु. १२४४ अर्ब ८५ करोड कायम भएको छ। अमेरिकी डलरमा यस्तो सञ्चिति २०७८ असार मसान्तमा ११ अर्ब ७५ करोड रहेकोमा २०७८ कात्तिक मसान्तमा १०.९ प्रतिशतले कमी आई १० अर्ब ४७ करोड कायम भएको छ।

सञ्चिति पर्याप्तता सूचक

चालु आर्थिक वर्षको चार महिनाको आयातलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति ७.९ महिनाको वस्तु आयात र ७.२ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ। यो करिव डेढ दशक यताकै सवैभन्दा न्यून अवस्था हो।

बढ्दो व्यापार घाटा, चालु खाता घाटा, शोधनान्तर घाटा र विदेशी मुद्राको सञ्चितिमा आएको तीव्र ह्रासले सम्भावित संकटको चेतावनी दिइ सकेको छ। अझ केही समयसम्म पनि अवस्थामा सुधार आउन सकेन भने नेपालले नियमित रूपमा गर्नुपर्ने द्विपक्षीय र बहुपक्षीय ऋणको सावाँ तथा ब्याज भुक्तानी र अन्तर्राष्ट्रिय व्यापारको भुक्तानी गर्न समेत सहज नहुने र मुलुकको अन्तर्राष्ट्रिय छवि मै नकारात्मक असर पर्न सक्छ। जुन अत्यन्त गम्भीर विषय हो।

सरकारी वित्त स्थिति

नेपाल सरकार, अर्थ मन्त्रालय (महालेखा नियन्त्रक कार्यालय) का अनुसार २०७८ कात्तिक मसान्तसम्ममा चालु खर्च रु.२३३ अर्ब ५१ करोड, पुँजीगत खर्च रु. २० अर्ब ७९ करोड र वित्तीय व्यवस्थाअन्तर्गतको खर्च रु. ३३ अर्ब २४ करोड गरी कुल रु. २८७ अर्ब ५४ करोड खर्च भएको छ।

समीक्षा अवधिमा सरकारको कर राजस्व रु. ३०५ अर्ब ४० करोड र गैरकर राजस्व रु.२८ अर्ब ९१ करोड गरी कुल राजस्व रु. ३३४ अर्ब ३१ करोड (प्रदेश सरकार तथा स्थानीय तहमा बाँडफाँट हुने रकमसमेत) परिचालन भएको छ।

विगत ५ वर्षमा कुल बजेटमध्ये ६४ प्रतिशतभन्दा बढी चालु र २१ प्रतिशत मात्र पुँजीगत बजेट रहने गरेकोमा चालुतर्फ सम्पूर्ण जसो खर्च हुने र पुँजीगततर्फको बजेटको ७२ प्रतिशतसम्म मात्र खर्च हुने प्रवृत्ति देखिन्छ।

राजस्वले चालु खर्च धान्न सक्ने स्थिति छैन। पुँजीगत खर्चमा आएको शिथिलता (चालु आ.व.को अनुमानित खर्चको ६ प्रतिशत भन्दा कम) र निराशाजनक अवस्थाले सामान्यतया आर्थिक क्षेत्र र विशेषतः वित्तीय क्षेत्रमा तरलता सङ्कट देखा परिसकेको छ। यसबाट कर्जाको ब्याजदरमा हुने वृद्धिले उत्पादनको लागत बढाई आर्थिक वृद्धिमा समेत नकारात्मक असर पर्ने प्रबल सम्भावना छ।

पुँजी बजार

२०७७ कात्तिक मसान्तमा १७१८.५ रहेको नेप्से सूचकाङ्क २०७८ कात्तिक मसान्तमा २७८४.६ पुगेको छ। २०७८ कात्तिक मसान्तमा धितोपत्र बजार पुँजीकरण रु.३९१६ अर्ब ४५ करोड पुगेको छ।

२०७७ कात्तिक मसान्तमा बजार पुँजीकरण रु.२३०२ अर्ब ७६ करोड रहेको थियो ।

पुँजी बजारले आफै कुनै पुँजी उत्पादन गर्दैन तर यसले अर्थतन्त्रभित्र भएको पुँजीको नगद प्रवाहलाई बढाइदिन्छ, जसले गर्दा अर्थतन्त्र चलायमान भइरहन्छ । नेपालमा पुँजी बजारको प्रतिनिधिमूलक बजार धितोपत्र बजारलाई मानिएको छ, जसमा दुई तिहाइभन्दा बढी अंश बैंकिङ क्षेत्रकै रहेको छ । धितोपत्र बजारलाई अर्थतन्त्रको ऐना भन्ने गरिए तापनि आर्थिक परिसूचकहरूसँग नेपालको पुँजी बजारको खासै तादात्म्यता रहेको देखिँदैन न त धितोपत्रको मूल्यको उतारचढावमा सम्बन्धित कम्पनीको मुनाफा र प्रतिफल नै जोडिएको छ। पुँजी बजारमा धितोपत्रको मूल्य बढी हल्ला र लहडका भरमा कायम भएको देखिन्छ। यसको उतारचढावमा प्रायः केही ठुला र सीमित सङ्ख्यामा रहेका लगानीकर्ताको चलखेल रहेको देखिन्छ । त्यसैले साना लगानीकर्ता प्रायः जोखिममै रहेको देखिन्छ ।

विकासको अवस्था र सम्भावना

आर्थिक क्षेत्रका विविध परिसूचकहरूमा देखिएका सङ्केतहरूको आलोकमा मुलुकको विकासको सम्भावनालाई देहायका आयाममा विश्लेषण गरिएको छ ।

१. अन्तर्राष्ट्रिय परिदृश्यमा नेपालको लगानीको वातावरण उत्साहजनक रहेको छैन । विश्व बैंकबाट सन् २०२१ मा प्रकाशित Doing Business Index मा नेपाल ९४ औं स्थानमा रहनुले देशभर लगानी भित्र्याउन कडा मेहनत गर्नुपर्ने देखाएको छ । ट्रान्सपरेन्सी इन्टरनेसनलबाट हालै प्रकाशित Corruption Perception Index मा ११७ औं स्थानमा रहनुले नेपालको आर्थिक समृद्धिको यात्रामा भ्रष्टाचार अवरोधका रूपमा देखिएको छ । बाह्य लगानीकर्ताहरू नेपालमा लगानीका जोखिमहरू नहटुन्जेल **पर्ख र हेर** कै अवस्थामा रहने देखिन्छ ।

२. अर्थतन्त्रमा केही संरचनात्मक समस्या र कमजोरी रहेका छन् । आयको ९० प्रतिशतभन्दा बढी अंश उपभोगमा नै खर्च हुन गई बचत न्यून हुने गरेको छ ।

३. आर्थिक, सामाजिक र भौतिक पूर्वाधारका सबैजसो उत्पादनका साधन आयात हुने भएकाले उत्पादन लागत र व्यापार घाटा बढ्दै गएको छ । आयातका लागि वित्तीय प्रबन्ध गर्ने माध्यम विप्रेषण आप्रवाह भएको छ। श्रम गन्तव्य मुलुकमा समस्या आउँदा र हुण्डी बजारको सक्रियता बढ्दा विप्रेषण आप्रवाहसमेत घट्ने गरेको छ।

४. विकास निर्माण र औद्योगिक उत्पादन, पर्यटन लगायतका सेवाक्षेत्र र आम-उपभोग्य क्षेत्रका वस्तु र सेवामा आयातीत वस्तु र सेवाको बाहुल्यता रहेको छ। अर्थतन्त्रको संरचनागत परिवर्तन नगरी दोहोरो अङ्कको आर्थिक वृद्धिदर हासिल गर्न र व्यापार घाटा नियन्त्रण गर्न सक्ने अवस्था छैन ।

५. अर्थतन्त्रमा लगानीको आधार न्यून छ। हाल कुल स्थिर पुँजीको आकार कुल गार्हस्थ उत्पादनको ३३.८ प्रतिशतमा रहेको छ। यस्तो पुँजी सार्वजनिक क्षेत्रबाट करिब ३० प्रतिशत र निजी क्षेत्रबाट करिब ७० प्रतिशत परिचालन हुने भए पनि निजी क्षेत्रमा पर्ने प्रत्यक्ष वैदेशिक लगानीको आकार सानो रहेको छ। विगत ५ वर्षमा कुल गार्हस्थ उत्पादनको औसत १ प्रतिशतको हाराहारी मात्र प्रत्यक्ष वैदेशिक लगानी प्रवाह भएको छ।

६. नेपालको आर्थिक वृद्धिदर कम त छँदै छ, भएको वृद्धिको पनि न्यायिक वितरण भएको छैन । कमजोर पूर्वाधारका कारणले आर्थिक क्रियाकलापहरू सङ्कुचित भएका छन् । भौतिक पूर्वाधार विकासमा सरकारसँगै निजी क्षेत्रको क्षमता पनि कमजोर छ ।

अबको बाटो

माथि विश्लेषण गरिएबमोजिम समग्र आर्थिक क्षेत्रमा विद्यमान र भविष्यमा आउन सक्ने विविध समस्याहरूलाई सम्बोधन गर्न नेपाल सरकारले अविलम्ब राष्ट्रिय योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा नेपाल राष्ट्र बैंकका गभर्नर र विविध क्षेत्रका विज्ञहरूको प्रतिनिधित्व हुने गरी एक उच्चस्तरीय आर्थिक परामर्श समिति गठन गर्ने र उक्त समितिलाई अर्थतन्त्रमा देखिएका विविध समस्याहरूको सम्बोधन गर्न अल्पकालीन, मध्यकालीन र दीर्घकालीन उपाय र कार्ययोजना प्रस्तुत गर्न १५ दिनको समयावधि दिने र समितिबाट प्राप्त सुझावलाई दृढता र इमानदारीताका साथ सरकारले कार्यान्वयन गर्ने । यसो गर्न नसकिएमा अर्थतन्त्रमा भविष्यमा आइपर्ने जोखिमको मात्रा भयावह हुन सक्ने र मुलुकले ठुलो मूल्य चुकाउनुपर्ने हुन सक्छ। परिणामस्वरूप मुलुक असफल राष्ट्रमा परिणत हुन सक्ने खतरा छ ।

निष्कर्ष

मुलुकको समष्टिगत आर्थिक परिसूचकहरू सकारात्मक छैनन् । सहज व्यावसायिक वातावरणको अभावमा आर्थिक कृयाकलापहरू विस्तार हुन सकेका छैनन् । स्रोतको अनिश्चितता बिच तयार पारिएको बजेट कार्यान्वयन हुन नसक्ने र गैरबजेटरी खर्च वृद्धि हुने प्रवृत्तिले सार्वजनिक वित्त व्यवस्थापन चनौतीपूर्ण बनेको छ। वित्तीय अनुशासनका सीमाहरू निर्ममतापूर्वक तोडिएका छन्। आयातमा आधारित राजस्व र विप्रेषणमा आधारित उपभोगको चक्रमा अर्थतन्त्र रुमल्लिएको छ। अनौपचारिक अर्थतन्त्र मौलाएका कारण राजस्वको दायरा सङ्कुचित भएको छ। प्रतिबद्धता प्राप्त भएको वैदेशिक सहायता पूर्ण उपलब्ध नभएको र उपलब्ध सहायताको परिचालन प्रभावकारी हुन नसकेको अवस्था छ। विप्रेषण आप्रवाहमा कमी आएको छ । बाह्य क्षेत्रको धान्नै नसक्ने असन्तुलनले विदेशी मुद्रा सञ्चितिमा चाप पर्न थालेको छ।

वित्तीय, मौद्रिक र पुँजी बजार क्षेत्रको पुँजी परिचालन आर्थिक वृद्धिसँग प्रत्यक्ष जोडिन सकेको छैन । अर्थात् स्थानान्तर प्रणाली (Transmission Mechanism) काम नै नगरेको होकि भन्ने देखिएको छ । औद्योगिक तथा पूर्वाधार विस्तारमा निजी लगानी उत्साहप्रद ढङ्गले बढ्न सकेको छैन। औद्योगिक पुँजीसमेत वित्तीय र व्यापारिक लगानीतर्फ उन्मुख भएको छ। आन्तरिक पुँजी बजार सबल र भरोसायोग्य भइसकेको छैन । पुँजी निर्माणका कृयाकलापहरू सुस्त छन् । निजी तथा सरकारी दुवै क्षेत्रमा पुँजी निर्माणले अपेक्षित गति लिएको छैन । विकास आयोजना कार्यान्वयनको गति निकै नै धिमा छ । अपवादबाहेक सबैजसो पूर्वाधार आयोजनाहरू निर्धारित समय र लागतमा सम्पन्न हुन सकेका छैनन् । राज्यले प्रदान गर्नुपर्ने आधार भूत सेवाहरूको गुणस्तर कमजोर छ । सेवा प्रवाह सहज, सुलभ र सरल छैन । शासकीय प्रबन्ध कमजोर हुँदा राज्य संयन्त्रका अवयवहरू खुकुला भएका छन् । विकास निर्माणमा अनियमितता र गुणस्तरहीन सेवा प्रवाहका कारणले सबैजसो क्षेत्रमा अपेक्षित प्रतिफल प्राप्त हुन सकेको छैन । उत्पादनमुखी भन्दा वितरणमुखी कार्यक्रम तर्जुमा र कार्यान्वयनमा होडबाजी देखिएको छ ।

अन्त्यमाः अर्थतन्त्रका विद्यमान र भावी दिनमा आउन सक्ने समस्यालाई समयमै सम्बोधन नगरिए नेपाली अर्थतन्त्र अनिश्चितता र अस्थिरताको भूमरीमा रुमल्लिँदै गई अन्ततः मुलुक नै असफल राष्ट्र बन्न सक्ने खतरा देखिन्छ । अतः समस्यालाई समयमै सम्बोधन गर्न सरकारले अल्पकालीन, मध्यकालीन र दीर्घकालीन कार्ययोजना बनाई दृढताका साथ कार्यान्वयन गर्न आवश्यक छ ।

***

सरकारी बजेटको अवधारणा र नेपालमा यसको कार्यान्वयन अवस्था

रमेश अर्याल*

१. परिचय

सामान्य अर्थमा बजेटले खास अवधिको आम्दानी र खर्चको अनुमानलाई जनाउँछ । सरकारको एक निश्चित अवधि (एक वर्ष) को आय र व्ययको विवरण एवम् सरकारद्वारा सञ्चालन गरिने विस्तृत कार्यक्रम तथा नीतिहरूको दस्तावेज बजेट हो, जुन व्यवस्थापिकाद्वारा अनुमोदित भएको हुन्छ ।

बजेट शब्द फ्रेन्च भाषाको Bougette बाट लिइएको हो । यसको अर्थ छालाको थैली भन्ने हो । विश्वमा बजेटको सुरुवात बेलायतबाट भएको हो । सन् १२१५ को म्याग्नाकार्टाले सार्वजनिक सम्पत्ति र सोको खर्च उपर जनप्रतिनिधिको स्वीकृति आवश्यक पर्ने कुराको व्यवस्था गरेपश्चात् "No Taxation Without Representation" को सिद्धान्त प्रतिपादन भएको हो । बेलायतमा सन् १७३३ मा प्रधानमन्त्री वालपोलको पालामा राजस्व र व्ययको अनुमान प्रस्तुत गर्दा बजेट शब्दको पहिलो प्रयोग भएको थियो । नेपालमा २००८ साल माघ २१ गते पहिलो पटक बजेट प्रस्तुत भएको थियो ।

P. E. Taylor का अनुसार "बजेट सरकारी विस्तृत योजना हो । यसमा सरकारद्वारा बजेट अवधिमा अपेक्षित राजस्व तथा प्रस्तावित खर्चको अनुमानका साथै यी अनुदानहरूबाट गरिने कार्यहरू र सोका लागि उपलब्ध हुने साधनहरू समावेश रहेको हुन्छ ।"

Dimock का अनुसार "Budget is a financial plan summarizing the financial experiences of the past, stating a current plan and projecting over it a specified period of time in future. It is a record of past performance, a method of current control and projection of future plan." अर्थात् बजेट विगतका वित्तीय अनुभवको सारसङ्क्षेप, चालु योजनाको विवरण र भविष्यको निश्चित समयावधिको पूर्वानुमानलाई समेटिएको एक वित्तीय योजना हो । यो विगतको कार्यसम्पादनको अभिलेख, वर्तमानको नियन्त्रण विधि र भविष्यको योजनाको प्रक्षेपण हो ।

यसरी गत आर्थिक वर्षको प्रगतिको समीक्षा, चालु आर्थिक वर्षको संशोधित अनुमान र आगामी आर्थिक वर्षको कार्ययोजनासहितको आय-व्ययको विवरण समावेश गरिएको अर्थ-राजनीतिक दस्तावेज नै बजेट हो । यसलाई कार्यपालिकाले तर्जुमा गर्दछ भने व्यवस्थापिकाले नागरिकको तर्फबाट अनुमोदन गर्दछ ।

२. बजेटका विशेषताहरू

बजेटका विशेषताहरू निम्नानुसार छन् :

- निश्चित अवधि (सामान्यतः एक वर्ष) को वित्तीय योजना,
- अनुमानित राजस्व र प्रस्तावित खर्चको विवरण,
- अर्थ-राजनीतिक दस्तावेज,
- विधायिकाबाट अनुमोदित/स्वीकृत
- विगतको समीक्षा, वर्तमानको पुनरावलोकन र भविष्यको अनुमान,
- आय-व्ययसम्बन्धी मापदण्ड र कार्यविधि निर्धारण गर्ने दस्तावेज,
- विभिन्न सरकारी निकायलाई बजेट र अख्तियारी प्रदान गर्ने दस्तावेज,
- सरकारको नीति तथा कार्यक्रम कार्यान्वयनको खाका,
- सार्वजनिक वित्त व्यवस्थापनको मूल आधार र आर्थिक प्रशासनको पथप्रदर्शक,
- वित्तीय नियन्त्रण र जवाफदेहिताको संयन्त्र,
- सरकारले सम्पन्न गरेका विगतका कार्यहरू र भावी योजनाहरूको दस्तावेज ।

३. बजेटका प्रकारहरू

(क) **आम्दानी र खर्चको सन्तुलनको आधारमा**

(अ) **सन्तुलित बजेट** : सन्तुलित बजेटमा आम्दानीका आधारमा खर्च विनियोजन गरी सरकारको आम्दानी र खर्च बराबर हुन्छ ।

(आ) **घाटा बजेट** : यस किसिमको बजेटमा आम्दानीभन्दा खर्चको आकार बढी हुन्छ । सार्वजनिक ऋणबाट अपुग रकम परिपूर्ति गरिन्छ ।

(इ) **बचत बजेट** : खर्चभन्दा आम्दानी बढी भई राष्ट्रिय ढुकुटी बचतमा रहनुपर्छ भन्ने यस किसिमको बजेटको मान्यता हो ।

(ख) **क्षेत्रगत खर्च/खर्चका प्रकृतिका आधारमा**

(अ) **चालु खर्च** : राज्य सञ्चालन र नियमित सेवा प्रवाहका लागि पुँजी निर्माणमा सहयोगी हुने खर्चहरू चालु खर्चअन्तग{त पर्दछन\ । कर्मचारीका तलब, भत्ता लगायत काया{लय सञ्चालनका लागि आवश्यक खर्चहरू चालु खर्च हुन\ । कार्यालय सञ्चालनमा खर्च हुने सामानका लागि छुट्याइएको खर्चका अतिरिक्त सबै प्रकारका अनुदान एवं आन्तरिक तथा बाह्य ऋणको ब्याज तिर्नलाई छुट्याइएको रकम पनि चालु खर्च हो ।

(आ) **पुँजीगत खर्च** : विकास कार्य र पुँजी निर्माणमा गरिने खर्च पुँजीगत खर्च हुन । पुँजीगततर्फ बढी रकम विनियोजन भएमा देशको समग्र विकासमा सकारात्मक सहयोग पुग्दछ ।

(इ) **वित्तीय व्यवस्था** : वित्तीय व्यवस्थाअन्तग{त सरकारले गर्ने सेयर लगानी, ऋण लगानी र आन्तरिक तथा बाह्य ऋणको साँवा भुक्तानी पर्दछ ।

---

* *सहसचिव, नेपाल सरकार*

(ग) **निर्माण प्रक्रिया/तर्जुमा विधिका आधारमा**

(अ) **शून्यमा आधारित बजेट** : हरेक कार्यक्रम, आयोजना र खर्च शीर्षकहरूलाई नयाँ प्रस्ताव सरह मानी औचित्य विश्लेषण गरेर मात्र रकम विनियोजन गर्ने बजेट प्रणाली, जसमा औचित्यपूर्ण र लागत प्रभावी नदेखिने शीर्षकमा रकम विनियोजन गर्नु हुँदैन भन्ने मान्यता राखिन्छ।

(आ) **शीर्षकमा आधारित बजेट** : खर्चका शीर्षकका आधारमा रकम विनियोजन गरिने बजेट, जसलाई लाइन आइटम बजेट भनिन्छ। यसमा तलब, भत्ता, तालिम जस्ता शीर्षकमा रकम छुट्याइने र शीर्षकभित्र रहेर खर्च गर्नुपर्छ।

(इ) **कार्यक्रम बजेट** : परियोजना वा कार्यक्रमको खाका निर्माण गरी सोलाई आवश्यक पर्ने खर्च अनुमान गरेर मात्र बजेट विनियोजन गर्ने पद्धतिमा आधारित बजेट कार्यक्रम बजेट हो।

(ई) **लैङ्गिक उत्तरदायी बजेट** : लैङ्गिक संवेदनशीलता र महिलाको विकासलाई प्राथमिकता दिई निर्माण गरिने बजेट, जसले योजना तर्जुमा र कार्यान्वयनमा महिलाको सहभागिता, क्षमता अभिवृद्धि, रोजगारी र आय आर्जन अभिवृद्धि, लाभ तथा नियन्त्रणमा सुनिश्चितता, समयको प्रयोगमा गुणात्मक सुधार तथा कार्यबोझमा कमी जस्ता पक्षमा विशेष जोड दिन्छ।

(उ) **जलवायु परिवर्तन बजेट** : जलवायु परिवर्तन न्यूनीकरणमा प्रत्यक्ष, अप्रत्यक्ष र तटस्थ रूपमा सहयोग पुग्ने गरी बजेटको वर्गीकरण गर्ने बजेट।

(घ) **संवैधानिक व्यवस्थाका आधारमा** : पूर्ण आकारको बजेट, पूरक बजेट र उधारो बजेट।

(ङ) **तहगत आधारमा** : सङ्घीय बजेट, प्रादेशिक बजेट र स्थानीय बजेट।

४. नेपालमा बजेट प्रणालीको विकास

नेपालमा लिच्छवी र मल्ल कालमा नै मुद्राको प्रचलन, आम्दानी र खर्चहरूलाई व्यवस्थित गर्न विभिन्न अड्डा, खाता तथा स्रेस्ताको प्रयोग भए तापनि आधुनिक बजेटको इतिहास भने २००७ सालको परिवर्तन पछि सुरु भएको हो।

- २००८ साल माघ २१ मा सर्वप्रथम तत्कालीन अर्थमन्त्री सुवर्ण समसेरद्वारा संसद्मा बजेट पेस गरिएको थियो। जसमा रु. ३ करोड ५ लाख आय, रु. ५ करोड २५ लाख खर्च अनुमान प्रस्तुत भएको थियो।
- २०१३ सालदेखि बजेटमा गत वर्षको अनुमान, चालु वर्षको संशोधित अनुमान र आगामी वर्षको अनुमान पेस गर्ने पद्धति सुरु भयो।
- आ.व.२०१३/०१४ देखि बजेटलाई साधारण र विकास खर्चमा वर्गीकरण गर्न थालियो।
- २०१६ सालमा विधिवत रूपमा मलेपको व्यवस्था भएपछि लेखा तथा बजेटका ढाँचाहरू र लेखापरीक्षण कार्यलाई व्यवस्थित गराउने अभ्यास बढ\दै गएको छ।
- २०१९/२०२० देखि नयाँ स्रेस्ता प्रणाली लागू भयो।
- २०२६/०२७ देखि विकास खर्चतर्फ कार्यक्रम बजेट पद्धति अवलम्बन गरियो।
- आ.व.२०५९/०६० देखि आयोजना वर्गीकरण -P1, P2, P3) र मध्यकालीन खर्च संरचना लागू भयो।
- आ.व. २०६१/०६२ देखि चालु, पुँजीगत र वित्तीय व्यवस्थाअन्तर्गत वर्गीकरण गर्न थालिएको हो।
- आ.व. २०६४।६५ देखि लैङ्गिक उत्तरदायी बजेटको पनि अवलम्बन गरिएको छ।
- आ.व.२०६८/०६९ देखि IMF द्वारा निर्धारित मापदण्डअनुरूप आर्थिक सङ्केत वर्गीकरण लागू र सोको २०७४ सालमा अद्यावधिकीकरण गरिएको छ।
- हाल सङ्घ, प्रदेश र स्थानीय तह गरी तीनै तहमा बजेट छुट्टाछुट्टै निर्माण तथा कार्यान्वयन गर्ने पद्धिति अवलम्बन गरिएको छ।
- LMBIS (Line Ministry Budget Information System), FMIS (Financial Management Information System), TSA (Treasury Single Account), CGAS (Computerized Government Accounting System), MFMIS (Ministrial Financial Management Information System), AIMS (Aid Management Information System), PLMBIS (Provience Line Ministry Budget Information System), SuTRA (Sub-national Treasury Regulatory Application), DOMS (Debt Operation and Management System) लगायतका प्रणाली बनाइएको छ .

५. नेपालमा बजेट प्रणाली सञ्चालनका नीतिगत तथा कानुनी आधारहरू

- नेपालको संविधान (मौलिक हक, निर्देशक सिद्धान्त, नीति, दायित्व, आर्थिक कार्यप्रणाली आदि)
- चालु आवधिक योजना (लक्ष्य, उद्देश्य, रणनीति, प्राथमिकता तथा कार्यनीतिहरू)
- मध्यकालीन खर्च संरचना,
- दीर्घकालीन विकास योजना तथा क्षेत्रगत नीतिहरू,
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७
- सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४
- लेखापरीक्षण ऐन, २०७५
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ तथा नियमावली, २०६५
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- सालबसाली आर्थिक ऐन, विनियोजन ऐन
- प्रदेश र स्थानीय तहद्वारा निर्मित कानुनहरू
- बजेट तर्जुमा दिग्दर्शन, २०७५,
- सरकारी खर्चमा मितव्ययिता कायम गर्ने निर्देशिका, २०७८
- मुलुकको समष्टिगत आर्थिक परिसूचक,
- राजस्व र अन्य स्रोत परिचालनको अवस्था,
- अन्तर्राष्ट्रिय सन्धि सम्झौता तथा प्रतिबद्धताहरू
- नागरिकका माग र राष्ट्रिय आवश्यकता।

६. नेपालमा बजेट निर्माण प्रक्रिया

(क) सङ्घको बजेट तथा विकास कार्यक्रम तर्जुमा :

क्र.सं.	चरण	समय सीमा
१	राष्ट्रिय योजना आयोगले अर्थ मन्त्रालयसँगको समन्वयमा मध्यकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट र कार्यक्रम तर्जुमा गर्ने प्रयोजनका लागि आगामी ३ वर्षमा उपलब्ध हुन सक्ने स्रोत तथा गर्न सकिने खर्चको सीमाको पूर्वानुमान गर्ने । (यस प्रयोजनका लागि राष्ट्रिय योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा राष्ट्रिय स्रोत समिति हुन्छ)	माघ १५ भित्र
२	राष्ट्रिय योजना आयोगले सम्बन्धित मन्त्रालय, आयोग, सचिवालय वा निकायमा बजेट सीमा र मार्गदर्शन पठाउने	माघ मसान्तभित्र
३	मन्त्रालय, आयोग, सचिवालय वा निकायले आफू र मातहतका निकायको नीति तथा कार्यक्रमसहित बजेट प्रस्ताव राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा पठाउने	बजेट सीमा र मार्गदर्शनमा तोकिएको मितिभित्र
४	राष्ट्रिय योजना आयोगमा मन्त्रालय, आयोग, सचिवालय वा निकायका पदाधिकारीको उपस्थितिमा नीतिगत छलफल गरी सोको प्रतिवेदन अर्थमन्त्रीलाई पेस गर्ने	तोकिएको मितिभित्र
५	अर्थ मन्त्रालयमा मन्त्रालय, आयोग, सचिवालय वा निकायका पदाधिकारीको उपस्थितिमा बजेट कार्यक्रम र खर्च शीर्षकगत छलफल	तोकिएको मितिभित्र
६	अर्थ मन्त्रालयमा बजेटको मस्यौदा तयारी	वैशाख
७	सङ्घीय संसद्मा बजेटका प्राथमिकता र सिद्धान्त प्रस्तुत	विनियोजन विधेयक पेस गर्नु भन्दा १५ दिन अगाडि (वैशाख मसान्तभित्र)
८	राष्ट्रिय योजना आयोगको बैठकबाट तथा मन्त्रिपरिषद् बैठकबाट बजेटको नीति तथा कार्यक्रम स्वीकृति	जेठ १५ गतेभित्र
९	सङ्घीय संसद्मा बजेट पेस	जेठ १५ गते
१०	सङ्घीय संसद्बाट बजेट स्वीकृति	असार मसान्तभित्र

(ख) प्रदेश बजेट तथा विकास कार्यक्रम तर्जुमा

प्रदेशस्तरीय योजना तर्जुमा दिग्दर्शन, २०७५ (नमुना) अनुसार प्रदेशले वार्षिक योजना, बजेट तथा विकास कार्यक्रम तर्जुमा गर्दा अपनाउने प्रकृया निम्नानुसार छ :

क्र.सं.	चरण	समय सीमा
१	आय-व्ययको प्रक्षेपण गरिएको तथ्याङ्कसहितको विरण नेपाल सरकारमा पेस	पुस मसान्तभित्र
२	सङ्घबाट प्रदेशलाई वित्तीय हस्तान्तरणको सीमा र मार्गदर्शन प्राप्ति	फागुन मसान्तभित्र
३	स्रोत अनुमान् तथा बजेट् सीमा निर्धारण बजेट तथा स्रोत समितिले प्रदेशको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण ।	चैत्र १५ गतेभित्र
४	आगामी आर्थिक वर्षको बजेट सीमा मन्त्रालय/निकायलाई पठाउने	चैत्र २० गतेभित्र
५	विषयगत मन्त्रालय/निकायले बजेट तथा कार्यक्रम पेस गर्ने	वैशाख १० गतेभित्र
६	बजेट तथा कार्यक्रम छलफल समाप्त गरी अन्तिम रूप दिने	जेठ १५ गतेभित्र
७	आयोगबाट वार्षिक विकास कार्यक्रम स्वीकृति	जेठ २५ गतेभित्र
८	प्रदेश सभामा बजेट पेस	असार १ गतेभित्र
९	प्रदेश सभाबाट बजेट स्वीकृति	असार मसान्तभित्र
१०	बजेट तथा कार्यक्रम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गर्नुपर्ने	प्रदेश सभामा पेस भएको दिन

(ग) स्थानीय तहको वार्षिक योजना, बजेट तथा विकास कार्यक्रम तर्जुमा

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ (नमुना) अनुसार स्थानीय तहको वार्षिक योजना, बजेट तथा विकास कार्यक्रम तर्जुमा प्रकृया निम्नानुसार छ :

क्र.सं.	चरण	समय सीमा
१	आय-व्ययको प्रक्षेपण गरिएको तथ्याङ्कसहितको विवरण नेपाल सरकारमा पेस	पुस मसान्तभित्र
२	सङ्घ र प्रदेशबाट वित्तीय हस्तान्तरणको सीमा र मार्गदर्शन प्राप्ति सङ्घबाट प्रदेशबाट	 सङ्घ : फागुन मसान्तभित्र प्रदेश : चैत्र मसान्तभित्र

क्र.सं.	चरण	समय सीमा
३	स्रोत अनुमान तथा बजेट सीमा निर्धारण स्थानीय राजस्व परामर्श समितिले सम्बन्धित स्थानीय तहको कार्यपालिकामा राजस्व प्रक्षेपण गरी पेस गरिसक्नुपर्ने । स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले स्थानीय तहको अनुमान तथा बजेट सीमा निर्धारण सम्पन्न गरिसक्नुपर्ने ।	पुस १५ गतेभित्र वैशाख १० भित्र
४	आगामी आर्थिक वर्षको बजेट सीमा गाउँपालिका/ नगरपालिकाका विषयगत महाशाखा, शाखा तथा वडा समितिलाई पठाउने	वैशाख १५ गतेभित्र
५	वडा स्तरीय योजना तर्जुमा र प्राथमिकता निर्धारण	जेठ १५ गतेभित्र
६	एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा	जेठ मसान्तभित्र
७	कार्यपालिकाबाट स्वीकृति	असार ५ गतेभित्र
८	सभामा पेस	असार १० गतेभित्र
९	बजेट तथा कार्यक्रम सम्बन्धित सभाबाट स्वीकृति	असार मसान्तभित्र
१०	बजेट तथा कार्यक्रम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गर्नुपर्ने	साउन १५ गतेभित्र

बजेट तर्जुमा र स्वीकृति भइसकेपछि अख्तियारी दिने, स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने, सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले निकासा र भुक्तानी दिने, कोलेनिकाबाट आन्तरिक लेखापरीक्षण र महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण हुन्छ। त्यस्तै बजेटको अनुगमन र मूल्याङ्कनतर्फ मासिक, चौमासिक, अर्धवार्षिक र वार्षिक प्रगति समीक्षा, स्थलगत अनुगमन, तेस्रो पक्षबाट मूल्याङ्कन, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई लगायत हुन्छ।

७. बजेटका साथमा संलग्न गर्नुपर्ने विवरण

नेपालको संविधान र अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार नेपाल सरकार र प्रदेशले राजस्व र व्ययको अनुमान पेस गर्दा देहायका विवरण संलग्न गर्नुपर्दछ :

- राजस्व र व्ययको अनुमान,
- सञ्चितकोषमाथि व्ययभार हुने आवश्यक रकमहरू
- विनियोजन ऐनद्वारा व्यय हुने आवश्यक रकमहरू
- अघिल्लो आर्थिक वर्षमा गरिएको राजस्वको अनुमानअनुसार राजस्व सङ्कलन भए, नभएको तथा प्रत्येक मन्त्रालयलाई छुट्याइएको खर्चको रकम र खर्चअनुसारको लक्ष्य हासिल भए, नभएको विवरण,
- मध्यकालीन खर्च संरचना,
- आगामी तीन आर्थिक वर्षको राजस्व र व्ययको अनुमान,
- ऋण, लगानी तथा दायित्वसम्बन्धी विवरण,
- वित्तीय सन्तुलन कायम गर्न अपनाइने रणनीति उल्लेख भएको वित्तीय नीति,
- आगामी तीन आर्थिक वर्षको कुल गाह{स्थ उत्पादनमा हुने वृद्धि दर, मुद्रास्फीति, चालु खाता सन्तुलन र भुक्तानी सन्तुलनको स्थिति उल्लेख भएको समष्टिगत आर्थिक स्थिति,
- कर वा गैर करमा छुट दिइएको विवरण,
- अघिल्लो आर्थिक वर्षको वैदेशिक सहायता प्राप्तिको विवरण।

८. आ.व. २०७८/७९ को सङ्घीय बजेट

कुल बजेट : १६ खर्ब ३२ अर्ब ८३ करोड

(क) खर्चका आधारमा

- चालु खर्चतर्फ विनियोजन : १० खर्ब ३ अर्ब ७४ करोड (६१.५ प्रतिशत)
- पुँजीगत खर्चतर्फ विनियोजन : ४ खर्ब ३९ अर्ब ६५ करोड (२६.९ प्रतिशत)
- वित्तीय व्यवस्थातर्फ विनियोजन : १ खर्ब ८९ अर्ब ४४ करोड (११.६ प्रतिशत)

(ख) खर्च व्यहोर्ने स्रोत :

- राजस्व : १० खर्ब ५० अर्ब ८२ करोड
- वैदेशिक अनुदान : ५९ अर्ब ९२ करोड
- वैदेशिक ऋण : २ खर्ब ८३ अर्ब ९ करोड
- आन्तरिक ऋण : २ खर्ब ३९ करोड

(ग) लैङ्गिक उत्तरदायी बजेट

- प्रत्यक्ष लाभ : ३९.७८ प्रतिशत
- अप्रत्यक्ष लाभ : ३४.०४ प्रतिशत
- तटस्थ : २६.१८ प्रतिशत

(घ) जलवायु परिवर्तन बजेट

- प्रत्यक्ष लाभ : ५.६१ प्रतिशत
- अप्रत्यक्ष लाभ : २७.९ प्रतिशत
- तटस्थ : ६६.४९ प्रतिशत

९. सङ्घीय सरकारको बजेट विनियोजन र खर्चको अवस्था

सङ्घीय सरकारको विगत ३ वर्षको बजेट र खर्चको अवस्था निम्नानुसार छ :

तालिका १ : सङ्घको विगत ३ वर्षको बजेट र खर्चको अवस्था

(रु. करोडमा)

शीर्षक	२०७५/७६			२०७६/७७			२०७७/७८		
	विनियोजन	खर्च	प्रतिशत	विनियोजन	खर्च	प्रतिशत	विनियोजन	खर्च	प्रतिशत
चालु खर्च	८४५४५	७१६४२	८४.७	९५७१०	७८४१५	८१.९	९४८९४	८५१६८	८९.७
पुँजीगत खर्च	३१४००	२४१५६	७६.९	४०८००	१८९०८	४६.३	३५२९१	२२८३१	६४.७
वित्तीय व्यवस्था	१५५७१	१५२४८	९७.९	१६७८६	११७८९	७०.२	१७२७९	१००९७	५८.४
जम्मा खर्च	१३१५१६	१११०४६	८४.४	१५३२९६	१०९११२	७१.२	१४७४६४	११८०९६	८०.१

स्रोत : अर्थ मन्त्रालय र महालेखा नियन्त्रक कार्यालय



प्राविधिक अध्ययन र तयारीविना बजेट माग गर्ने, कार्यान्वयन क्षमता नहेरी बजेट विनियोजन गर्ने लगायतका कार्यले विगतदेखि नै लक्ष्यअनुसार खर्च हुने गरेको छैन । यद्यपि कोभिड-१९ रोकथामका लागि चालिएको कदमबाट विकास आयोजना पूर्ण रूपमा सञ्चालन हुन नसक्दा पुँजीगत खर्च भने न्यून भएको पाइन्छ ।

१०. प्रदेश र स्थानीय तहको खर्चको अवस्था

आर्थिक वर्ष २०७६/७७ मा प्रदेश र स्थानीय तहको खर्च निम्नानुसार छ :

तालिका ७ : प्रदेश र स्थानीय तहको बजेट र खर्चको अवस्था

तह	बजेट रु. करोड	खर्च रु. करोड	खर्च प्रतिशत
प्रदेश	२३१९९	१५६११	६७.३
स्थानीय तह	४६७५६	३२००६	६८.५

स्रोत : महालेखा नियन्त्रक कार्यालय

प्रदेश र स्थानीय तहमा पनि खर्चको अवस्था सन्तोषजनक छैन । प्रदेशले कुल बजेटको ६७ प्रतिशत र स्थानीय तहले ६८ प्रतिशत मात्र खर्च गरेको पाइन्छ ।

११. नेपालमा बजेट प्रणालीमा रहेका समस्या

नेपालको बजेट प्रणालीमा रहेका समस्याहरू निम्नानुसार छन् :

(क) बजेट तर्जुमाको चरणमा रहेका समस्या

- दीर्घकालीन सोच, दिगो विकास लक्ष्य, आवधिक योजना, मध्यकालीन खर्च संरचना र वार्षिक नीति तथा कार्यक्रमबिच तादात्म्यता नहुनु,
- विनियोजन कुशलताको कमी हुनु,
  - कार्यक्रमका आधारमा बजेट बनाउनुपर्नेमा बजेटका आधारमा कार्यक्रम निर्माण तथा स्वीकृत गर्ने परिपाटी हुनु,
- खर्च गर्ने कार्यान्वयन क्षमताभन्दा बढी बजेट माग गर्नु,
- प्राविधिक अध्ययन र तयारीविना बजेट विनियोजन गर्नु,
  - बजेट तर्जुमाका लागि आवश्यक तथ्याङ्कको कमी हुनु,
  - प्रतिबद्धताबमोजिम वैदेशिक सहायता प्राप्त नहुँदा स्रोतान्तर गरी बजेट कायम गर्नु,
- बजेट प्रस्ताव गर्दा कार्यक्रम र क्रियाकलापको पहिचान नगरी अवण्डा राख्नु,
- हरेक वर्ष साना र टुक्रे नयाँ आयोजना थप्नु,
  - आन्तरिक स्रोतको प्रभावकारी ढङ्गले परिचालन गर्न नसकिनु,
  - स्रोत अनुमान वास्तविकतामा आधारित नदेखिनु,
  - बजेट छलफल बढी औपचारिक हुनु,
  - आयोजनाको प्राथमिकीकरण विशिष्टीकृत हुन नसक्नु, (धेरै आयोजना P1 मा राखिएको)
  - हचुवामा आयोजना तथा कार्यक्रम छान्ने परिपाटी रहनु,
- ठुला तथा प्राथमिकता प्राप्त आयोजनामा कम रकम विनियोजन गरी पछि थप बजेट माग गर्ने प्रवृत्ति हुनु,
- आयोजना बैंकको कार्यान्वयन प्रभावकारी नहुनु,
- गैरबजेटरी खर्चको मात्रा बढ्दै जानु ।

(ख) बजेट कार्यान्वयनको चरणमा रहेका समस्या

- बजेट कार्यान्वयन दक्षताको कमी हुनु,
- बजेट कार्यान्वयनको प्रभावकारी कार्ययोजना निर्माण नगरिनु,
- कार्यान्वयन गर्ने संयन्त्रको संस्थागत क्षमता कमजोर रहनु,
- कार्यविधि, निर्देशिका समयमै स्वीकृत नहुनु,
- जग्गा, मुआब्जा, रुख कटान, वातावरणीय परीक्षणको टुङ्गो नलगाई आयोजना सुरु गर्नु,
- खरिद र ठेक्का प्रक्रिया ज्यादै लामो एवम् झन्झटिलो हुनु,
- निर्माण व्यवसायीको व्यावसायिक क्षमता कमजोर हुनु,
- अनुगमन फितलो एवम् प्रभावकारी नहुनु,
- कार्यशैली प्रक्रियामुखी र जवाफदेहिता कानुन पालना केन्द्रित हुनु,
- तहगत तथा निकायगत समन्वय नहुँदा आयोजनामा दोहोरोपना हुनु,
- आयोजना प्रमुख तथा कर्मचारीको कार्य सम्पादनलाई वृत्ति मूल्याङ्कनसँग आबद्ध गर्न नसक्नु,
- ढुङ्गा, गिटी, बालुवा लगायतका निर्माण सामग्रीको आपूर्ति व्यवस्था सहज नहुनु,
- कार्यान्वयन प्रक्रिया पर्याप्त मात्रामा पारदर्शी र सहभागितामूलक हुन नसक्नु,
- जथाभावी बजेट रकमान्तर र स्रोतान्तर गर्ने प्रवृत्ति रहनु,
- वैदेशिक सहायताको शोधभर्ना समयमै नहुनु,

(ग) बजेट मूल्याङ्कनको चरणमा रहेका समस्या

- बजेटको अनुगमन-मूल्याङ्कन औपचारिकतामा सीमित हुनु,

- मूल्याङ्कन सूचकको निर्धारण र प्रयोग गर्ने परिपाटी कमजोर हुनु,
- अनुगमन गर्दा सूचना प्रविधिको प्रयोगमा जोड नदिनु,
- आन्तरिक लेखापरीक्षण र अन्तिम लेखापरीक्षण अपेक्षित रूपमा प्रभावकारी बन्न नसक्नु,
- मूल्याङ्कन प्रक्रिया पारदर्शी र सहभागितामूलक हुन नसक्नु,
- प्राप्त पृष्ठपोषणका आधारमा निरन्तर सुधार गर्ने परिपाटी विकास हुन नसक्नु,

१२. **नेपालमा बजेट प्रणालीमा रहेका समस्या समाधानका उपायहरू**

नेपालको बजेट प्रणालीमा रहेका समस्या समाधान गर्न देहायका काम गर्नुपर्छ :

- दीर्घकालीन सोच, दिगो विकास लक्ष्य, आवधिक योजना, मध्यकालीन खर्च संरचना र वार्षिक नीति तथा कार्यक्रमबिच प्रभावकारी तालमेल कायम गर्ने,
- स्रोतको आँकलन र परिचालनलाई वास्तविकतामा आधारित बनाउने,
- विनियोजन कुशलता र खर्च गर्ने दक्षता अभिवृद्धि गर्ने,
- आयोजना बैंकको मौजुदा व्यवस्थालाई यथार्थपरक र प्रभावकारी बनाई उच्च प्रतिफल दिने आयोजनामा मात्र बजेट विनियोजन गर्ने व्यवस्था गर्ने,
- वस्तुगत तथ्याङ्क र निर्धारित मापदण्डका आधारमा योजना तथा कार्यक्रम छनौट गर्ने विवेकशीलतायुक्त पद्धतिलाई संस्थागत गर्ने,
- आयोजनाको प्राथमिकीकरण वस्तुगत मानदण्डका आधारमा गरी थोरै आयोजनालाई मात्र पहिलो प्राथमिकतामा समावेश गर्ने,
- आयोजनाका लागि आवश्यक पर्ने जग्गाको मुआब्जा वितरण गरेपछि तथा वन क्षेत्रमा पर्ने रुख कटानको कार्य सम्पन्न भए (आयोजनाको पूर्व तयारी सम्पन्न भएपछि) पश्चात\ मात्र आयोजनाका लागि बजेट विनियोजन गरी कार्यान्वयन गर्ने व्यवस्था गर्ने ।
- कार्यविधि, निर्देशिकाहरू संसद्मा बजेट पेस भएपछि आर्थिक वर्ष सुरु हुनु अघि नै तयारी गर्ने,
- चालु खर्चलाई वाञ्छित सीमामा राखी पुँजीगत खर्चमा बढोत्तरी गर्ने,
- कार्यान्वयन कार्ययोजना निर्माण गरी सोको कडाइपूर्वक परिपालना गर्ने पद्धतिलाई संस्थागत गर्ने,
- खरिद र ठेक्का व्यवस्थापन प्रक्रियालाई छिटोछरितो र सरल तुल्याउने,
- कार्यान्वयन प्रक्रियालाई पूर्ण, पारदर्शी र व्यापक सहभागितामूलक तुल्याउने,
- विकास आयोजनाका लागि आवश्यक पर्ने निर्माण सामग्री (ढुङ्गा, बालुवा, गिट्टी) को आपूर्ति व्यवस्थालाई सरल बनाउने,
- आयोजनाका कर्मचारीको सरुवालाई अनुमानयोग्य बनाउने,
- तहगत तथा निकायगत रूपमा समन्वय र एकरूपता कायम गरी खर्चमा हुने दोहोरोपना रोक्ने,
- गैर बजेटरी खर्चलाई नियन्त्रण गर्ने ।
- सडक, खानेपानी, विद्युत\, ढल निकास लगायतका निर्माण तथा मर्मतसम्बन्धी कार्य छुट्टाछुट्टै समयमा अलग अलग निकायबाट गर्ने व्यवस्थाको सट्टा मूल काम गर्ने जिम्मेवार निकायले नै सबै काम गर्ने गरी बजेट व्यवस्था, खरिद प्रक्रिया र ठेक्का व्यवस्थापनको कार्य गर्ने,
- औचित्य पुष्टिका पर्याप्त आधारविना रकमान्तर गर्ने परिपाटीलाई नियन्त्रण गर्ने,
- वित्तीय जोखिम न्यूनीकरण गर्न आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्ने,
- सार्वजनिक खर्च प्रणालीमा सूचना प्रविधिको प्रयोग गरी पारदर्शी बनाउने,
- आयोजना तोकिएको समय, गुणस्तर, परिमाण र लागतमा सम्पन्न गर्ने,
- आर्थिक अनुशासन कायम गन{का लागि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन र नियमावलीको प्रभावकारी कार्यान्वयन गर्ने,
- सरकारी खर्चमा मितव्ययिता कायम गर्ने निर्देशिकाको पूर्ण परिपालन गर्ने,
- आर्थिक वर्षको अन्त्यमा मात्र भुक्तानी दिने प्रचलन निरुत्साहित गर्ने,
- निर्माण व्यवसायीहरूले व्यावसायिकता बढाउनुपर्ने,
- वैदेशिक सहायताको शोधभर्ना समयमै गर्ने,
- सूचना प्रविधिमा आधारित अनुगमन मूल्याङ्कन प्रणालीको विकास गरी अनुगमन र मूल्याङ्कनलाई चुस्त, नियमित र प्रभावकारी बनाउने .

१३. **निष्कर्ष**

बजेट सार्वजनिक वित्त व्यवस्थापनको अभिन्न अङ्ग हो । अर्थ-राजनीतिक दस्तावेजका रूपमा रहेको बजेटमा सुधारका लागि अनेकौँ प्रयास भएका छन् । यद्यपि बजेट प्रणालीमा विनियोजन दक्षता र उपयोग क्षमतामा सधैँ प्रश्न उठ्ने गरेको छ । चालु खर्च बढ्दै जाने तर पुँजीगत खर्च लक्ष्यअनुसार हुन नसक्दा नेपालमा विकासले अपेक्षित गति लिन सकेको छैन । त्यसैले बजेट प्रणालीमा देखिएका समस्याको समाधान गर्न तीनै तहका सरकारले थप क्रियाशीलता देखाई बजेटलाई प्रतिफलसँग आबद्ध गर्न नतिजामुखी बजेट प्रणालीको अवलम्बन गर्नुपर्ने देखिन्छ ।

सन्दर्भ सामग्री

- नेपालको संविधान, २०७२, कानुन किताब व्यवस्था समिति, काठमाडौं ।
- अन्तरसरकारी वित्त हस्तान्तरण ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- अर्थसम्बन्धी अध्यादेशहरूलाई प्रतिस्थापन गर्ने विधेयकका सम्बन्धमा सङ्घीय संसद्मा प्रस्तुत वक्तव्य (आर्थिक वर्ष २०७८/७९), अर्थ मन्त्रालय, काठमाडौं ।
- आर्थिक वर्ष २०७६/७७ को बजेटको मूल्याङ्कन प्रतिवेदन, २०७७, अर्थ मन्त्रालय, काठमाडौं ।
- आर्थिक वर्ष २०७६।७७ को आय-व्ययको सङ्क्षिप्त झलक, महालेखा नियन्त्रक कार्यालय, काठमाडौं ।
- आर्थिक सर्वेक्षण २०७७/७८, अर्थ मन्त्रालय, काठमाडौं ।
- अर्याल, रमेश, नेपालमा सरकारी राजस्व, खर्च र ऋणको वर्तमान अवस्था र चुनौती, **वित्तीय दर्पण**, २०७८ : नेपाल वित्तीय संस्था कर्मचारी सङ्घ, काठमाडौं ।

***

नेपालको अर्थतन्त्र, बैंकहरूले सामना गरेका तरलता समस्या र समाधानका उपायहरू

सी.ए. देवेन्द्ररमण खनाल*

नेपालको अर्थतन्त्र आजसम्म पनि प्रक्षेपण गर्न सकिने गरी स्थायित्वतर्फ गएको छैन। विगत ३ दशकलाई सरसर्ती केलाएर हेर्ने हो भने विभिन्न समयमा भएका राजनीतिक घटनाक्रम, द्वन्द्व, नाकाबन्दी, प्राकृतिक प्रकोप आदिका कारणबाट कुनै न कुनै आर्थिक वर्षमा अपेक्षित आर्थिक वृद्धि प्राप्त गरी राष्ट्रिय पुँजीको निर्माण हुन सकेको छैन। हामी सरहका अन्य देशहरू छोटो समयमा नै विकसित मुलुकमा पुगिसकेका छन्। हामीले भने अझै अन्योलता, शङ्का र दुविधामा परी राष्ट्रिय अर्थतन्त्रलाई परनिर्भरतातर्फ लगिराखेका छौँ। सबै नीतिहरूलाई निर्देशन गर्ने राजनीतिको अस्थिरताले नै यो अवस्था आइपुगेको हो। हामीजस्तै कैयन् अफ्रिकी मुलुकहरू, दक्षिण एसियाली मुलुकहरू द्वन्द्वमा परे पनि विकास र आर्थिक समुन्नतिमा उनीहरूले फड्को मारेका छन्। यद्यपि यी सबैका बाबजुद शिक्षा, स्वास्थ्य, सञ्चार, यातायात, ऊर्जा, बिमा एवं बैंकिङ जस्ता क्षेत्रमा विगत ३ दशकमा देशले राम्रो प्रगति गरेको छ। निजी क्षेत्रको आगमन र यी क्षेत्रमा प्रतिस्पर्धाबाट गुणस्तर र पहुँच तुलनात्मक रूपमा बढेको पाइन्छ।

उत्पादनका साधनहरूको स्वदेशमा नै उपयोग गरी उत्पादन, रोजगारी, आयमा वृद्धि गरी जनताको जीवनस्तरको वृद्धि भई निर्यातसमेत गरी विदेशी मुद्रा आर्जन गर्न सकिने हो। प्राकृतिक स्रोतसाधनको उचित उपयोग गरी सबै जनताको पहुँचसहित समान अधिकार सुनिश्चितता कायम गरी स्वामित्व ग्रहण गर्न सके धनी र गरिबबिचको खाडल कम हुन गई समुन्नत अर्थतन्त्र निर्माण हुन पुग्दछ। संविधानले अङ्गीकार गरेको अर्थतन्त्रको लक्ष्य पनि यही हो।

हामीले समुन्नत अर्थतन्त्र निर्माणमा अझै सही बाटो पक्रन सकेका छैनौँ। राजनीतिक अस्थिरताले हाम्रो अर्थतन्त्रका आधारहरू के के हुन् भनी हामी विगत कैयन् वर्षदेखि बहस गर्दै आयौँ। नेपालको संविधानले समाजवाद उन्मुख अर्थतन्त्रको परिकल्पना गरेसँगै सरकार, निजी क्षेत्र र सहकारी गरी अर्थतन्त्रका ३ पिल्लरहरूलाई नै अर्थतन्त्रका आधार मानेको छ। यसर्थ तिनै क्षेत्रको योगदान समाजवाद उन्मुख हाम्रो जस्तो अर्थतन्त्रका लागि आवश्यक छ। तर यथार्थमा निजी क्षेत्र र सहकारी क्षेत्रको यथार्थपरक नियमन हुन नसक्दा अर्थतन्त्रमा समय-समयमा जोखिमहरू देखिएका छन् भने अर्कोतर्फ समानान्तर अर्थतन्त्र चलायमान जस्तो देखिन्छ। यसर्थ यसतर्फ सरकार एवं नियमनकारी निकायहरूको विशेष ध्यान जानु आवश्यक छ।

आजको नेपालको अर्थतन्त्रमा सबैभन्दा राम्रो नियामकीय क्षेत्र भनेको बैंकिङ क्षेत्र नै हो। तसर्थ यसका वित्तीय विवरणहरू पारदर्शी र विश्वसनीय छन्। त्यस कारणले पुँजी बजारमा पनि यसको कारोबार हिस्सा अन्य क्षेत्रहरूभन्दा धेरै नै बढी छ। बैंकिङ क्षेत्रको राष्ट्रिय अर्थतन्त्रमा करिब ७.७% को योगदान छ। हाम्रो अर्थतन्त्र आयातमुखी छ। करको सङ्कलन अधिक मात्रामा आयातबाट मात्र सङ्कलन गरिएको छ। जबसम्म उत्पादन, लगानी र रोजगारी क्षेत्रले कुल कर सङ्कलनमा उच्च भूमिका ओगट्दैन, राष्ट्रिय पुँजीको निर्माण हुन सक्दैन। बढ्दो आयातका कारण हाम्रो बचत पुँजी निर्माणमा नभई आयातीत वस्तुको उपभोगमा खर्च भइरहेको छ। यस अर्थमा वर्तमान समयमा भएको बैंकिङ क्षेत्रमा तरलताको अभाव वास्तवमा नै दीर्घकालीन स्वरूपको देखिन्छ। दीर्घकालीन रूपमा तरलता व्यवस्थापन गर्न सकिएन भने यसले कर्जा सिर्जना हुन नसकी उत्पादन, रोजगारी र आयमा कमी भई राष्ट्रिय अर्थतन्त्रलाई असफलतातर्फ धकेल्छ। यस्तो अवस्था कसरी सिर्जना हुन पुग्यो भन्ने केही तथ्यहरूको विश्लेषण गर्नु सान्दर्भिक रहन्छ।

हामी विगत २ वर्षदेखि विश्वव्यापी महामारी कोरोनाबाट आक्रान्त छौँ। आर्थिक वर्ष २०७६/७७ मा चैत्र १२ गतेदेखि बन्दाबन्दी भएबाट आर्थिक क्रियाकलापहरू शून्य रही देशले प्रक्षेपण गरेको आर्थिक वृद्धिदर ७% देखि २.२८% मा झऱ्यो। यसै समयमा विप्रेषण अपेक्षा गरिएको भन्दा बढी प्रवाह भएको र पूर्णतः सवारी साधनहरू, परिवहनका साधनहरू साथै उद्योग-व्यापार व्यवसाय बन्द भएका कारणले उपभोक्ताको चाहनामा कमी, सामानहरूको अपर्याप्तताका कारणबाट आयातसमेत हुन नसकेको, मुख्यतः पेट्रोलियम पदार्थको उपयोगमा पूर्णतः कमी भएको, अन्तर्राष्ट्रिय बजारमा समेत भाउ घटेको कारणबाट हाम्रो वैदेशिक सञ्चितसमेत बढी USD १० अर्ब ७९ करोड रिजर्ब कायम भएको अवस्था थियो भने सोही अवधिमा वस्तु तथा सेवाका लागि ११.५ महिनाको विदेशी मुद्राको सञ्चिति थियो। बैंक तथा वित्तीय संस्थाहरूमा निक्षेपको वृद्धि भएको, कर्जाको मागमा कमी भएबाट तरलताको प्रचुरता भई औसत ब्याजदर कर्जामा १०.४२%, निक्षेपमा ६.१७% कायम भएको थियो भने अर्कोतर्फ नेपाल राष्ट्र बैंकले मिति २०७७/०१/१६ गते निर्देशन जारी गरी व्यवसायलाई निरन्तरता दिन केही राहत प्याकेजको समेत व्यवस्था गऱ्यो।

जसबाट,

- अल्पकालीन चालु पुँजी कर्जामा वृद्धि भयो। दीर्घकालीन कर्जाको सावाँ-ब्याज भुक्तानीमा केही समय थप गर्नाले नगद चक्रमा प्रभाव पऱ्यो। यसै समयमा बैंकमा वृद्धि भएको तरलताको उपभोग गर्ने र बजार विस्तार गर्ने अवसरका रूपमा लिई बैंकहरूले कर्जाको व्यापक विस्तार गरे अल्पकालमा

* *नायब प्रमुख कार्यकारी अधिकृत, राष्ट्रिय वाणिज्य बैंक*

तरलताको उपयोग त गरे यसबाट नियमनकारी निकायले प्रदान गरेको सुविधा भन्दा बढी । कर्जा निक्षेप (CCD) वृद्धि भयो ।

- बैंकहरूलाई समेत तरलताको सहज वातावरण बनाउन भइरहेको ४% CRR बाट घटाएर ३% CRR अनुपातसमेत कायम भयो, जसबाट बजारमा रकमको अभाव हुन पाएन ।
- बन्दाबन्दीका कारण वैदेशिक रेमिट्यान्समा हुण्डी कारोबार हुन पाएन र सबै रकम बैंकिङ प्रणालीबाट मात्र प्राप्त भयो, जसले गर्दा तरलतामा सकारात्मक प्रभाव पर्‍यो भने अर्कोतर्फ स्वदेशबाट प्रवाहित हुने रेमिट्यान्स विशेषतः छिमेकी भारतमा पनि रेमिट्यान्सको प्रवाह हुन सकेन । यसर्थ रकमको अभाव भएन ।

माथिका ती कारणहरूबाट आ.व. २०७७/७८ मा प्रभाव परेको बैंकिङ क्षेत्रले आफ्नो खराब कर्जाको पनि केही हदसम्म व्यवस्थापन गरे यात थप कर्जा प्रवाह गर्दा वा कर्जाको पुनर्तालिका वा पुनर्संरचना गरेर कर्जाको विस्तारमा गुणस्तरलाई कायम राखे । यस कारण कर्जा प्रवाह निरन्तर रूपमा बढ्यो । नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत आ.ब. २०७८/७९ को पहिलो त्रयमासमा कर्जाको विस्तार १९% रहने गरी प्रक्षेपण गरे पनि आर्थिक वर्ष २०७८/७९ को पहिलो त्रयमासमा नै बैंकको कर्जा प्रवाह ७.७% ले वृद्धि हुन गयो भने निक्षेप सङ्कलनको अनुपातमा धेरै नै कर्जा प्रवाह भयो ।

गत आर्थिक वर्ष २०७६/७७ मा राम्रोसँग चाडबाड मनाउन नपाएका नेपाली यस आर्थिक वर्ष २०७७/७८ को प्रथम त्रयमासमा भएको चहलपहलबाट राम्रै रूपमा चाडबाड मनाउन पाए । गत वर्षको कोभिडका कारण कृषि उद्योगको उत्पादन सकारात्मक थिएन भने यसको प्रभाव यस आर्थिक वर्षमा भयो, जसले गर्दा उपभोक्ताहरूको चाहनाबमोजिम वस्तुको आयात बढ्यो । बैंकिङ प्रणालीमा आएको रेमिट्यान्स गत आर्थिक वर्षको सोही अवधिको तुलनामा वृद्धि हुन सकेन । रेमिट्यान्स प्रवाहमा कमी भयो भन्ने अनुमान गरिएको छ । अन्तर्राष्ट्रिय बजारमा कोरोनाको प्रवाह कम हुँदै गएकाले मध्यपूर्व, दक्षिणपूर्व एसिया, उत्तरपूर्व एसियाबाट प्राप्त हुनुपर्ने विप्रेषण प्रवाह अपेक्षित रूपमा हुन सकेन र बैंकिङ प्रणालीभन्दा बाहिर नै प्रवाह भयो ।

एकातर्फ आयातमा वृद्धि हुनु, अर्कोतर्फ आन्तरिक उत्पादनमा कमी एवं वैदेशिक विप्रेषणमा कमी हुनुका कारणबाट हामी दोहोरो चपेटामा पर्‍यौं । अर्कोतर्फ बढ्दो कर्जा विस्तार र सो कर्जाको उपयोग पनि वस्तु आयातमा केन्द्रित हुँदा तरलतामा चाप पर्नु स्वाभाविक नै हो । हामी सरकारी खर्चको कमीका कारण पनि तरलता प्रवाहमा कमी भएको भनी राखेका छौं तर यथार्थमा हाम्रो कर्मचारीतन्त्रको खर्च गर्ने क्षमता विगत वर्षदेखि तुलनात्मक रूपमा अध्ययन गर्ने हो भने हरेक आर्थिक वर्षको सुरु महिनामा यस्तै नै देखिन्छ । गत आर्थिक वर्षको मौद्रिक नीतिमा बैंक तथा वित्तीय संस्थालाई दिएको CRR ३% को व्यवस्था प्रचुर तरलताको अवस्थामा नै सुधार गर्नुपर्ने आवश्यकता थियो । अत्यधिक तरलताका कारण बैंकहरू आधार दरमा भन्दा पनि कममा कर्जा लगानी गर्न बाध्य भएका थिए । नेपाल राष्ट्र बैंकले पुनर्कर्जामार्फत सस्तो दरमा सुविधा प्रदान गरिसकेको अवस्थामा यसबाट बैंकहरू अल्पकालीन स्रोतलाई पनि दीर्घकालीन स्रोतका रूपमा कर्जा प्रवाह गरेर हाल तरलतामा चाप पर्न गएको हो ।

आमजनताबाट सङ्कलन गरेको पैसा निक्षेप रूपमा स्वीकार गर्ने अधिकार पाएका बैंक तथा वित्तीय संस्थाहरूले निक्षेपकर्ताको निक्षेपमा प्रदान गर्ने ब्याज कहिले अति उच्च त कहिले न्यून रूपमा प्रदान गरी निक्षेपकर्ताहरूलाई जुन रूपमा शोषण गरिरहेका छन्, यस्तो अवस्था आउन दिनुहुँदैन र यसका लागि नियामक निकायको सुपरिवेक्षण क्षमतालाई अझ सुदृढ गर्नुपर्ने आवश्यकता छ ।

नियामक निकायमा परेका उजुरी, गुनासो र सोको निवारणका बारे आमजनता सुसूचित हुनु आवश्यक समेत रहेको छ ।

बैंक तथा वित्तीय क्षेत्रलाई खुला गर्ने नीति अवलम्बन भएपछि विभिन्न संयुक्त लगानी एवं निजी क्षेत्रका बैंक तथा वित्तीय क्षेत्र सञ्चालनमा आए, उनीहरूको मुख्य उद्देश्य नाफा कमाउनु नै हो । जसरी पनि नाफा कमाउनुपर्दछ भन्ने लक्ष्यका साथ प्रमुख कार्यकारीहरूको उच्च सेवा सुविधाका कारण नाफा आर्जन गर्न र उच्च लाभांश वितरण गर्न उनीहरूले बजारमा गर्ने अस्वस्थ प्रतिस्पर्धा नियामकले दिएका निर्देशनको अपव्याख्याका कारण निक्षेपकर्ताको निक्षेपको समेत जोखिम हुन सक्ने यथार्थतालाई विशेष ध्यान दिन सम्बन्धित निकायको ध्यानाकर्षण छिटै हुन आवश्यक छ ।

हाम्रो जस्तो सानो अर्थतन्त्र भएको मुलुक ३-४ वर्ष यता यस्तै तरलताको अभावबाट गुज्रिरहेको छ । प्राकृतिक स्रोतसाधनले भरिपूर्ण भए पनि यसको उपयोग गरी उत्पादन रोजगारी सिर्जनामा होइन, हामी हाम्रो श्रम स्रोतलाई विदेश पठाएर विकास गर्ने कल्पना गरिराखेका छौं । जबसम्म स्वदेशमा नै रोजगारीको अवसर सिर्जना गर्न सकिँदैन, प्राकृतिक स्रोतसाधनको उपयोग गर्न राज्यका नीतिहरू उदार हुँदैनन्, हाम्रो सोचमा समृद्धिको नारा नारामा मात्र सीमित रहन्छ ।

अर्कोतर्फ संस्थागत सुशासन कायम राख्ने कार्य संस्थाका सञ्चालक उच्चपदस्थ व्यवस्थापनको कार्य नै हो । सूक्ष्म रूपमा अध्ययन गर्ने हो भने संस्थागत सुशासनमा ठुलो कमी छ । किनकि हामीकहाँ उद्योगी व्यवसायीहरू नै बैंक तथा वित्तीय क्षेत्रका लगानीकर्ताहरू छन् । पारिवारिक एवं व्यावसायिक सम्बन्ध भएका व्यक्ति, समूह एवं घरानाहरूले आमजनताको निक्षेपको परिचालन अदृश्य रूपमा आफैभित्र परिचालन गरिरहेको यथार्थलाई पहिचान गरी छुट्याउन र सुधार गर्न आवश्यक छ । निक्षेपबाट सङ्कलित अल्पकालीन स्रोतलाई दीर्घकालीन कर्जा प्रवाहमा उपयोग हुँदा वास्तवमा नै तरलतामा पनि चाप परेको छ । ठुला-ठुला व्यावसायिक घरानाले अधिकविकर्षण चालु पुँजी कर्जाको उपयोग गरी दीर्घकालीन रूपमा घरजग्गामा लगानी गरिरहेका छन् । यसको राम्रो नियमन हुन आवश्यक छ । हाम्रो बैंकिङ प्रणालीमा अल्पकालीन कर्जा उपभोग गर्दा सोको ब्याज तिरी नियमित नवीकरण गर्ने व्यवस्थाले कर्जा सधैँ असल वर्गमा रहने तर अल्पकालमा भुक्तानी हुन नसक्ने तितो यथार्थता छ । यसर्थ यसका लागि नियामकले समयमा नै नियमन गर्ने व्यवस्था अत्यावश्यक भइसकेको छ । यसका लागि खुद चालु पुँजी कर्जाको विश्लेषण गर्ने र व्यवसायीको व्यवसायको आवश्यकताका आधारमा मात्र चालु पुँजी कर्जा प्रवाह गर्ने व्यवस्था गर्न आवश्यक छ । त्यतिमात्र होइन व्यवसायमा प्रवाह भएको कर्जा अन्य क्षेत्रमा भुक्तानी भएको छैन, प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गर्ने नाममा अधिक मात्रामा बृज ग्याप कर्जा प्रवाह भइरहेको पो छ कि ? यी र यस्ता कारणबाट अस्वाभाविक रूपमा कर्जाको विस्तार हुनु र तरलतामा चाप परेको यथार्थतालाई

मनन गरी अल्पकालीन र दीर्घकालीन रूपमा यस्ता समस्याहरूबाट कसरी पार पाउने भन्ने सवालमा हामीले अल्पकालीन, मध्यकालीन र दीर्घकालीन कार्य गर्नुपर्ने हुन्छ।

बैंक तथा वित्तीय संस्थाहरू हाल कर्जा प्रवाह गर्न सक्ने स्थितिमा छैनन् । सबै बैंकका CD रेसियो ९०% हाराहारीको वा भन्दा बढी माथि पुगेका छन् । खुद नगद सम्पत्ति २०% भन्दा तल झर्ने अवस्था छ । तसर्थ नेपाल राष्ट्र बैंकले दिएको अधिकतम सीमासम्म पाउने व्यवस्थाले गर्दा कर्जा प्रवाह र निक्षेप सङ्कलनको नियमित कार्यमा सुस्तता छाएको छ, जसले गर्दा समग्र अर्थतन्त्रमा असर परेको छ । तसर्थ नेपाल राष्ट्र बैंकले केही वस्तु तथा सेवा आयातमा ५०% देखि १००% को नगद मार्जिन राख्नुपर्ने निर्देशनसमेत जारी गरिसकेको छ । अनावश्यक, कम आवश्यकता, विलासिताका वस्तु आयातमा नियन्त्रण गर्न जरुरी छ। अल्पकालमा तरलता व्यवस्थापन गर्न नेपाल राष्ट्र बैंकले पुनर्कर्जा उपलब्ध गराउने व्यवस्था गरेको छ भने अर्कोतर्फ ब्याज खर्चलाई सीमाभित्र राख्न विकास संस्थाको निक्षेपलाई ब्याज प्राप्त गर्न नपाइने व्यवस्था गर्न आवश्यक छ। जसबाट जुन उद्देश्यका लागि संस्था स्थापित भएको हो, सो काम निर्दिष्ट समय माने सक्ने परम्परा बस्ने थियो। विप्रेषणबाट प्राप्त हुने रकम सम्बन्धित व्यक्तिको खातामा नै सोझै विदेशी मुद्रामा जम्मा हुने व्यवस्था गर्न सके विदेशी मुद्राको सञ्चिति बढ्ने भई समग्र बैंकिङ क्षेत्रमा सकारात्मक प्रभाव पर्ने देखिन्छ। आयातीत वस्तुमा भएको मूल्य घोषणामा पनि नियमन गर्न सके वस्तुको यथार्थ मूल्य प्राप्त गर्न सकिन्छ। संस्थागत निक्षेपको भइरहेको सीमालाई कम गर्न सके हाल देखिएको अस्वस्थ प्रतिस्पर्धाको अवस्थालाई कम गर्न सकिन्छ। किनकि हालको अस्वस्थ प्रतिस्पर्धा संस्थागत निक्षेपकर्ताको निक्षेपमा नै भएको देखिन्छ।

उत्पादन, पूर्वाधारका क्षेत्रमा लगानी बढीभन्दा बढी गर्न सक्यो भने यसको मध्यकालीन र दीर्घकालीन प्रतिफल प्राप्त गर्न सकिन्छ। यसका लागि नेपाल सरकारले लिएको नीति र नेपाल राष्ट्र बैंकले दिएको निर्देशनबमोजिम ऊर्जा क्षेत्र सही दिशातर्फ उन्मुख छ । जसले गर्दा आर्थिक वृद्धिमा ठुलो योगदान गरेको छ। पर्यटन, कृषि जस्ता क्षेत्रमा भएको लगानीको प्रतिफल अझै प्राप्त गर्न सकिएको छैन। कोभिडका कारणबाट पर्यटन क्षेत्र थलिएको छ भने कृषि क्षेत्रले गति लिँदै छ। यस्ता क्षेत्रलाई प्रवाह गर्नुपर्ने ऋणमा स्थायित्व प्रदान गर्न दीर्घकालीन ऋणपत्र एवं बन्ड जारी गर्न दिएर अल्पकालीन क्षेत्रको दीर्घकालीन उपयोग भइरहेको मा सो असन्तुलनलाई पनि हटाउन सकिन्छ। यसका लागि हाल भइरहेको बैंकको क्षमतामा वृद्धि गर्न बैंकहरूको मर्जर र प्राप्ति प्रक्रियालाई अझ प्रभावकारी रूपमा अगाडि बढाउनु आवश्यक छ। यसबाट क्षमतामा अभिवृद्धि साथै अस्वस्थ प्रतिस्पर्धा हटेर जाने छ । हाम्रो बैंकिङ क्षेत्रलाई बढी प्रतिस्पर्धी, सेवामुखी, समावेशी, वित्तीय पहुँच र देशका कुनाकाप्चामा पुऱ्याउने हो भने कारोबारलाई Digitization गर्न जरुरी छ। कोभिडको समयमा पनि बैंकहरूले जुन रूपमा सेवा प्रदान गर्न सके, त्यो भनेको नै कारोबारको यान्त्रीकरण र Digitization हो । हालको सूचना प्रविधिको समयमा नगदरहित कारोबार गराउन सकियो भने हाल सामना गरिरहेको समस्याहरूको दीर्घकालीन समाधान गर्न सकिन्छ। कारोबारीको कारोबारको (unique identification number) बाट मात्र कारोबार गर्ने व्यवस्था गर्न आवश्यक छ। यसै गरी व्यवसायी र बैंकरबिचको फरक छुट्याउन र नियामकीय निकायको सुपरिवेक्षकीय क्षमताको सुदृढीकरण गर्नुपर्दछ।

कहिले अत्यधिक तरलता, कहिले तरलतामा अत्यधिक चाप यी दुवै अर्थतन्त्र स्थायित्वका बाधक हुन् । निक्षेपकर्ताको निक्षेपको संरक्षण गर्नुपर्ने मूल दायित्व बैंक तथा वित्तीय संस्थाहरूको नै हो । राज्यको बचत भन्नु नै आमजनतामा रहेको रकम नै हो । यसको उपयोगबाट मात्र पुँजी निर्माण हुन्छ। यही पुँजीको परिचालनले नै राष्ट्रमा उत्पादन बढाउन र रोजगारी सिर्जना गर्दछ । तसर्थ यसको सही र समुचित उपयोगका लागि मौद्रिक नीतिमार्फत नेपाल राष्ट्र बैंकले कार्य गर्दछ। तसर्थ मौद्रिक नीतिले लिएका दीर्घकालीन लक्ष्यहरू हासिल गर्न कृषि, पूर्वाधार, पर्यटन, ऊर्जा र प्राकृतिक स्रोतहरूको उपयोग गर्न सक्ने क्षेत्रमा निश्चित मापदण्ड तोक्न जरुरी छ । आयात गर्नुपर्ने मालवस्तुलाई स्वदेशमा नै उत्पादन गर्ने वातावरण सिर्जना गर्न आवश्यक सुविधा यस्ता उद्योगलाई दिनुपर्दछ। यसो गर्न सकियो भने वास्तवमा नै राष्ट्रिय पुँजीको निर्माण हुन्छ र राष्ट्र दिगो विकासतर्फ अग्रसर हुन जान्छ।

***

वित्तीय संस्थाको सफलताका लागि संस्थागत नेतृत्व कि कुशल व्यवस्थापन ?

राजनविक्रम थापा*

विषय प्रवेश

कुनै पनि सङ्गठनको सफलताका लागि कुशल व्यवस्थापन अपरिहार्य हुन्छ। व्यवस्थापनका प्रचलित मान्यता तथा सिद्धान्तहरूलाई समयसापेक्ष रूपमा उपयोग गरेर नै संस्थाहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्न सकिन्छ। तर पछिल्लो समयमा व्यावसायिक वातावरणमा देखिएको गतिशीलतालाई व्यवस्थापकीय औजारबाट मात्र पूर्ण रूपमा पछ्याउन नसकिएका कारण संस्थाहरू समस्यामा पर्न थालेको पनि देखिन्छ। नेपालको बैंकिङ क्षेत्रको सन्दर्भमा हेर्ने हो भने एकै बजारमा समान वातावरण र परिवेशमा कुनै संस्थाले लगातार सफलता हासिल गरिरहेको देखिन्छ भने कतिपय संस्थाहरूले जटिल र चुनौतीपूर्ण अवस्थाबाट गुज्रिरहेको पनि पाइन्छ। बैंकिङ व्यवसाय नियमनकारी निकायको अनुगमन र विशेष निगरानीमा सञ्चालन हुने उच्च पारदर्शितासमेत कायम हुने व्यवसाय हो। एकै प्रकारका ऐन कानुन तथा नियामकीय प्रावधानको पालना गरेर सञ्चालन हुने व्यवसायको प्रभावकारिताबिचमा किन भिन्नता हुन्छ ? वा एकै बैंक तथा वित्तीय संस्थामा पनि विभिन्न समयमा चयन हुने नेतृत्व र उसका व्यवहार एवम् क्षमताले कस्तो प्रभाव पर्दछ भन्ने विषय निकै पेचिलो देखिन्छ। नेपालमा विभिन्न तह र क्षमताका वित्तीय संस्थाहरू सञ्चालनमा रहेको देखिन्छ। पुँजीगत आधारमा गरिएको वर्गीकरणका कारण साना संस्थाको तुलनामा ठुला संस्थाहरू विद्यमान नेतृत्व एवम् समग्र व्यवस्थापकीय संयन्त्रगत रूपमा सबल देखिन्छन्। त्यसभित्र पनि वित्तीय संस्थामा संस्थापक लगानीकर्ताहरूको हैसियत र प्रभावको असर नेतृत्व चयन एवम् व्यवस्थापनमा प्रत्यक्ष रूपमा पर्ने गरेको पाइन्छ। संस्थागत सुशासनका प्रावधानहरूले नीतिगत रूपमा रोकेको अवस्थामा बाहेक सबै ठुला लगानीकर्ता एवम् प्रवर्द्धकहरूमार्फत व्यावसायिक र र रणनीतिक निर्णयमा पर्ने प्रभावले वित्तीय संस्थाहरूलाई एकअर्कासँग पृथकीकरण गर्ने गरेको देखिन्छ। नेपालको बैंकिङ क्षेत्रमा तीन वटा सरकारी लगानीका बैंकहरू क्रियाशील रहेको र तिनीहरूको सञ्चालक समितिको गठन, प्रमुख कार्यकारीको नियुक्ति र रणनीतिक निर्णयहरूमा सरकारको प्रत्यक्ष भूमिका र प्रभाव रहने गर्दछ। विदेशी लगानीसमेत मिसिएका संयुक्त लगानीका बैंकहरूको आफ्नै किसिमको संस्थागत नेतृत्व र व्यवस्थापन समूह रहने गरेको पाइन्छ। यीबाहेक अन्य साना पुँजीगत क्षमताका वित्तीय संस्थाहरूमा पनि नीतिगत दायराभित्र रहेर सम्भव भएसम्म आफ्नै पेरिफेरी र स्वार्थ समूहबाट नेतृत्व तथा व्यवस्थापकीय क्षमताको विकास गर्ने परिपाटी भने अझै कायम नै देखिन्छ।

प्रस्तुत सन्दर्भमा बैंक तथा वित्तीय संस्थाको सफलता र दिगोपनका लागि संस्थामा नियमित रूपमा विकास हुँदै गएको क्षमता विकासको संयन्त्र एवम् विद्यमान व्यवस्थापकहरूबाटै सम्भव हुन्छ की वित्तीय नेतृत्व (Fiancial Leadrship) र आकस्मिक परिवर्तन एवम् नवीन सोचसमेत आवश्यक हुन्छ ? भन्ने विषयमा केही सैद्धान्तिक आधारसहित विश्लेषण गर्ने प्रयास यस लेखमा गरिएको छ।

नेता वा नेतृत्वको अवधारणा

नेतृत्व वा नेता भन्ने बित्तिकै राजनीतिक क्षेत्रमा अगुवाइ गर्ने व्यक्तिलाई बुझ्ने आम प्रवृत्ति रहेको छ। राजनैतिक क्षेत्र मात्र नभई निश्चित उद्देश्य प्राप्तिका लागि खुलेका हरेक प्रकारका सङ्गठनमा नेतृत्वको महत्त्व एवम् प्रभाव रहेकै हुन्छ। आफ्नै क्षामता, व्यवहार, गुण, आचरण आदिका माध्यमबाट अन्य पक्ष वा अनुयायी माथि प्रभाव पार्न सक्ने सामर्थ्यलाई नेतृत्वका रूपमा लिन सकिन्छ। अतः नेतृत्वको अर्थ सङ्गठनमा उपलब्ध जनशक्तिलाई परिचालन गरी प्रभावकारी ढङ्गबाट आधारभूत कामहरू सम्पन्न गराउनुसँग सम्बन्धित हुन्छ। सङ्गठनमा उपलब्ध कर्मचारीलाई कामको जिम्मेवारी प्रदान गर्ने, पद र क्षमताअनुसार काम गरेको छ वा छैन अनुगमन गर्ने, निर्देशन दिने, सुपरिवेक्षण गर्ने, उत्प्रेरित गर्ने, अगुवाइ गर्ने लगायतका कार्यहरू नेतृत्व तहबाट गरिने कार्यहरू हुन्। नेतृत्वको सम्बन्धमा व्यवस्थापनविद् टेरी एन्ड फ्रेंकलिनका भन्छन् - **नेतृत्व भनेको सम्बन्ध हो, जसमा व्यक्ति (नेता) ले अन्य व्यक्तिलाई इच्छापूर्वक सङ्गठनको लक्ष्य प्राप्तिका लागि सहकार्य गर्न प्रभावित गर्दछ।**[1] नेतृत्व प्रक्रिया जति प्रभावकारी हुन्छ, त्यति नै बढी अनुयायी वा मातहतका कर्मचारीहरूद्वारा सङ्गठनको लक्ष्य प्राप्तिमा योगदान बढी प्रदान गर्न सक्ने सम्भावना हुन्छ। नेतृत्वले सङ्गठनको लक्ष्य प्राप्तिका लागि विशेष जिम्मेवारी लिएको मानिन्छ। यसका साथै सङ्गठनको उत्कृष्ट कार्यसम्पादनको वातावरण बनाउने जिम्मा पनि। सामाजिक, आर्थिक, राजनीतिक तथा प्राविधिक वातावरणमा हुने परिवर्तनले निरन्तर नवप्रवर्तन, सृजना तथा दूरदृष्टिको अपेक्षा गर्दछन्, जुन कुरा गतिशील र क्षमतावान नेतृत्वबाट मात्र हासिल हुन सक्दछ।

यसै सन्दर्भमा विश्वव्यापी रूपमा चर्चित व्यावसायिक कम्पनी जोन्सन एन्ड जोन्सनका वित्तीय अध्यक्ष बिल ब्रोअरले आफू निवृत्त हुँदाका बखत नेतृत्वको विश्वसनीयता अभिवृद्धिका बारेमा सूत्रबद्ध रूपमा बोलेका ६ वटा 'सी' विश्वबजारमा नै निकै चर्चित रहेको थिए।

- **Conviction :** आफ्नो सोच र धारणाप्रति पूर्ण लगनशीलता र प्रतिबद्धता एवम् विश्वास नेतृत्वमा हुनुपर्दछ। साथै अरूको विचारको पनि कदर गर्न सक्ने हुनु आवश्यक छ।
- **Care :** सङ्गठनमा आबद्ध सबैको व्यक्तिगत तथा पेसागत

* *निर्देशक, नेपाल राष्ट्र बैंक*

1 Leadership is the relationship in which one person (the leader) influences others to work together willingly on related tasks to attain organizational goals. Terry and Franklin (2005)

भलाइका लागि नेतृत्व सधैँ लागि पर्नु आवश्यक हुन्छ। नेतृत्व भनेको नै अरूलाई आफ्नो क्षमता र दक्षताबाट प्रभावित गर्ने कला भएकाले यसअन्तर्गत रणनीतिक दिशानिर्देश, सफलता आर्जन गर्ने अभिलाषा, सृजनात्मक सोचाइ लगायतका विषयहरू अनुयायीहरूसमेतको समन्वयमा कार्यान्वयन गर्नु आवश्यक हुन्छ।

- **Character :** कुनै पनि सङ्गठनको प्रमुख वा नेताले इमानदारिता, आत्मसम्मान र सबैको विश्वास जित्न सक्नुपर्दछ। पूरा गर्न र पुऱ्याउन सक्ने मात्र प्रतिबद्धता गर्नुपर्दछ । उधारो आश्वासनमा काम गर्ने बानीले आपसी विश्वास र सद्भावलाई कम गराउँदै लैजान्छ । अतः नेतृत्व र व्यवस्थापकहरूले अनुयायी र सहयोगीहरूलाई कुनै प्रश्न राख्ने ठाउँ प्रदान गर्नु हुँदैन।
- **Courage :** जुनसुकै चुनौतीलाई सामना गर्न सक्ने, आफूप्रतिको विश्वासलाई दरिलो तुल्याउन सक्ने, गल्ति कमजोरीलाई स्वीकार गरी व्यवस्थापन गर्न सक्ने र आफ्नै व्यवहारहरूलाई पनि समय सापेक्ष परिवर्तन गर्न सक्ने गुणका अतिरिक्त निरन्तर सृजनात्मक कार्यमा व्यस्त भई यथास्थितिलाई नकार्न सक्ने साहस नेतृत्वमा हुनु आवश्यक हुन्छ।
- **Composure :** जस्तोसुकै कठिन र प्रतिकूल परिस्थितिमा पनि आवेग र संवेगलाई काबुमा राख्न सक्ने धैर्यताको गुण आवश्यक हुन्छ।
- **Competence :** समयसापेक्ष परिवर्तित प्राविधिक ज्ञान र व्यावसायिक ज्ञानका अतिरिक्त मानवीय व्यवहारलाई आत्मसात् गर्ने क्षमता।

पछिल्लो समय नेतृत्वसम्बन्धी धेरै किसिमका अवधारणाहरू विकसित एवम् उपयोग हुँदै आएको देखिन्छ । जन्मँदै नेताका रूपमा ग्रहण गरिने ग्रेट मेन थ्योरी, गुणका आधारमा नेता मानिने Trait Theory, व्यवहारका आधारमा नेतृत्वमा पुग्ने Behavioral Theory, संयोग एवम् आवश्यकताले नेता बन्न सक्ने Contingency Theory समेतमा व्यापक विकास र परिमार्जन हुँदै चामत्कारिक नेतृत्व Charismatic Leadership देखि परिवर्तनकारी नेतृत्व Transformational Leadership सम्मका अवधारणा प्रयोगमा रहेको देखिन्छ । सबै प्रकारका सङ्गठन र सबै परिस्थितिमा एकै प्रकारको नेतृत्वशैलीले काम गर्छ भन्न सकिँदैन । सङ्गठनको उद्देश्य, प्रकृति र आवश्यकताअनुसार निरङ्कुश प्रजातान्त्रिक, स्वतन्त्र नेतृत्वशैली अपनाउने गरिन्छ।

नेतृत्व कि व्यवस्थापक ?

कतिपय अवस्थामा व्यवस्थापक र नेताले गर्ने कार्यलाई उस्तै रूपमा पनि लिने गरेको पाइन्छ। स्रोत परिचालन र लक्ष्य प्राप्तिको पक्षबाट हेर्दा नेता र व्यवस्थापकले गर्ने कार्य उस्तै देखिए तापनि दीर्घकालीन सोच, अभिप्रेरित गर्ने तरिका र सङ्गठनमा आमूल परिवर्तन गर्नुपर्ने आवश्यकताका आधारमा यी दुईबिच निकै भिन्नता रहेको देखिन्छ। बेनिसका भनाइमा - **व्यवस्थापकले काम राम्रोसँग गर्छन् तर नेता वा नेतृत्वले राम्रो काम गर्छन**[2] । भन्नुको तात्पर्य सीमित घेरामा बाँधिएर नियमित कार्य सम्पादनमा उत्कृष्ट परिणाम हासिल गर्ने विशेषता व्यवस्थापकको रहेको हुन्छ भने नेतृत्वले कामलाई नै नवीन वा परिवर्तित ढङ्गबाट सम्पादन गर्न वा गराउन सक्छ । तालिकामा प्रस्तुत गरिएका केही व्यवहारका आधारमा नेता र व्यवस्थापकका बिचको भिन्नता बुझ्न सकिन्छ । **पहिलो** नेता वा नेतृत्वले आफ्नो टिम वा मातहतका कर्मचारी वा अनुयायीलाई उत्प्रेरित गर्ने गर्दछ । तर व्यवस्थापकले त्यसलाई प्रशासन गर्ने सोच राख्दछ । केही अघिसम्म पनि बैंकमा कर्मचारी प्रशासन विभाग रहेको र उच्च तहमा कर्मचारीहरूलाई प्रशासन गर्ने हो भन्ने सोच हाबी भएका कारण उपलब्ध जनशक्तिलाई उत्प्रेरित गरी लक्ष्य प्राप्तिमा अपेक्षित रूपमा परिचालन गर्न सकेको देखिँदैन। बैंकमा मौद्रिक तत्त्वलाई मात्र उत्प्रेरणाको स्रोतका रूपमा महत्त्व दिइने गरेको र कर्मचारीको नैतिक आचरण, क्षमता, व्यक्तिगत पहिचान र आत्मसम्मानलाई बेवास्ता गरिने गरिएका कारण बैंकको कार्य प्रभावकारितामा नकारात्मक असर पुग्न गएको देखिन्छ। खास गरी समान पदबाट राजनीतिक नियुक्ति पाएर नेतृत्व तहमा पुगेपछि विद्यमान समकक्षी एवम् पहिले वरिष्ठता हासिल गरेका कर्मचारीहरूलाई गरिने नकारात्मक व्यवहार र त्यसबाट उत्पन्न परिस्थितिलाई यसको उदाहरणका रूपमा लिन सकिन्छ। **दोस्रो** नेतृत्वले कुनै पनि कुराको विकास गर्ने सोच राख्छ तर व्यवस्थापकले भएको कुरालाई अध्यावधिक र टिकाएर राख्ने प्रयत्न गर्दछ । भौतिक पूर्वाधारको दुरावस्थादेखि जनशक्ति व्यवस्थापनमा देखिएको लथालिङ्गसम्मका अनगिन्ती उदाहरणहरू चर्चा भई नै सकेका छन् । **तेस्रो**, नेतृत्वले क्षमता विकास र काम गर्नका लागि उत्साहित गर्ने कार्य गर्दछन् । मातहतमा रहेका कर्मचारीहरूको शक्ति नै आफ्नो शक्ति हो भन्ने बुझेका हुन्छन् । आफ्नै अनुयायी तथा अधिनस्थहरूको क्षमता विकासमा हौसला प्रदान गर्ने गर्दछन् तर व्यवस्थापकहरूले विद्यमान काम सम्पन्न गर्ने कुरालाई प्राथमिकतामा राख्दछन् । नेपाल राष्ट्र बैंकको सन्दर्भमा विस्तारै अध्ययन, अनुसन्धान र व्यक्तित्व विकासका प्रावधानहरूलाई नियन्त्रण गर्ने संस्कार विकसित हुँदै गएको छ । विकृति र गलत आचरणको हौवा दिएर पढाउने कार्यलाई निस्तेज पारिएको छ भने कृति र अनुसन्धानात्मक कार्यलाई समेत निरुत्साहित गरिएको

Leaders Behavior	Managers Behavior
Motivating	Administrating
Develop	Maintain
Inspire	Control
Long term View	Short term View
Ask What and Why	Ask How and When
Leaders Originate	Managers Imitate
Challenges status Quo	Accept status Quo

छ। बढुवामा शैक्षिक योग्यताको भारलाई शून्यकरण गरिएको छ। जबकि कुनै वेलाको व्यवस्थापनले भविष्यको आँकलन गर्दै उच्च शिक्षाका लागि ठुलो लगानी गरेका व्यक्तिहरू नै अहिले नेतृत्वमा रहेको देखिन्छ । **चौथो**, नेतृत्वले वर्तमान समस्यालाई समाधान गर्ने क्रममा भविष्यमा समेत त्यस्ता प्रकारका समस्या दोहोरिन नदिनेतर्फ कदम चाल्ने र दीर्घकालीन समाधानको उपाय अवलम्बन गर्दछ तर व्यवस्थापकले तत्कालीन समस्याको रोकथाम र आफ्नो वरिपरिको अवस्थाका आधारमा मात्र अल्पकालीन समाधानको पहल गर्दछ । बैंकमा यसको उदाहरण जनशक्ति व्यवस्थापनमा देखिएको

2. Managers do the right thing but leaders do the thing right – Bennies,1989

अन्योललाई लिन सकिन्छ । बैंकको सङ्गठन संरचनालाई राज्यको आवश्यकताअनुसार पुनर्गठन गरी उपयुक्त व्यवस्था कायम गर्नुको साटो सीमित गुट वा समूहलाई मात्र लक्षित गरी अल्पकालीन मार्ग प्रशस्त गर्ने परिपाटी विकसित भएको देखिन्छ । **पाँचौं**, नेतृत्वले के र किन ? भन्ने प्रश्नको समाधानका लागि आफ्नो प्रयास केन्द्रित गर्दछ । अस्पष्ट कुराहरूलाई स्पष्ट गर्ने र त्यो कामबाट के कस्तो परिणाम अपेक्षा गरिएको छ भन्ने कुरालाई प्राथमिकता दिन्छ । तर व्यवस्थापनले कसैले निर्धारण गरिसकेको विषयलाई सम्पन्न गर्न कसरी र कहिले ? भन्ने कुराको जवाफका लागि आफ्नो प्रयास केन्द्रित गर्दछ । बैंकको सन्दर्भमा पनि कतिपय नीति, नियम, प्रकृया कसले र कुन परिस्थितिमा सुरुवात गऱ्यो र यो किन गर्नु आवश्यक छ भन्ने विषयभन्दा त्यो काम कहिले र कसरी सक्ने भन्ने विषयमा ध्यान केन्द्रित गर्ने गरेको पाइन्छ । **छैटौं**, नेतृत्वले नवप्रर्वतन र नवीन सृजनामा जोड दिन्छ । कुनै पनि समस्यालाई नयाँ ढङ्गबाट समाधान गर्नका लागि प्रयत्न गर्दछ तर व्यवस्थापकले विगतमा गरिएको प्रयास कै निरन्तरता दिने, नीति, प्रकृया बनाउँदा कपी गर्ने, जोखिम लिन नरुचाउने गर्दछन् । जसले सङ्गठनलाई गतिशील बनाउन सक्दैन । **सातौं**, नेतृत्वले यथास्थितिवाद Status Quo लाई चुनौतीका रूपमा लिन्छ र परिवर्तनका लागि अग्रसर हुन प्रेरित हुन्छ तर व्यवस्थापकले सकेसम्म भइरहेको अवस्थामा परिवर्तन ल्याउँदा बेहोर्नुपर्ने झन्झट र परिवर्तनको प्रतिरोध सहनभन्दा त्यसलाई स्वीकार गरेरै अघि बढ्ने कुरालाई प्राथमिकता दिन्छ । बैंकभित्र त्यस्ता अनगिन्ती उदाहरण र गलत संस्कृतिहरू स्थापित छन्, जुन कुरालाई प्रतिरोधको डरले विद्यमान व्यवस्थापनले सम्बोधन गर्न सक्दैन ।

बैंकिङ क्षेत्रमा विद्यमान नेतृत्व र प्रवृत्ति

उल्लिखित पृष्ठभूमिमा नेपालको बैंकिङ क्षेत्रमा कस्तो खालको व्यवस्थापकीय अभ्यास एवम् नेतृत्वशैली अपनाइएको छ त भन्ने विषयलाई सहज रूपमा उत्तर दिन सकिने अवस्था देखिँदैन । नेपालको बैंकिङ क्षेत्र लगायत समग्र वित्तीय प्रणालीमा एकै प्रकारका विधि वा सिद्धान्तको प्रयोग हुने अवस्था पनि छैन र व्यावहारिक रूपमा सम्भव पनि देखिँदैन । तर अधिकांश ठुला पुँजीगत क्षमताका वित्तीय संस्थाहरूमा समेत प्रमुख विषयको निर्णयाधिकार कार्यकारी प्रमुखमा नै केन्द्रीकृत गर्ने परम्परा व्यापक रहेको देखिन्छ । सैद्धान्तिक रूपमा बैंकका प्रमुख नीतिगत निर्णयहरू सञ्चालक समितिले र नियमित सञ्चालनको जिम्मेवारी प्रमुख कार्यकारी अधिकृत नेतृत्वमा रहेको व्यवस्थापन समूहमार्फत गरिँदै आएको छ । बैंक तथा वित्तीय संस्थाको कारोबारको आकार र भौगोलिक उपस्थितिसमेतका आधारमा विभिन्न विभागीय संरचनाहरू तयार गरी प्रमुखहरू तोकिने र उनीहरूको मातहतमा विभिन्न तहका कर्मचारीहरू राखेर कार्य अघि बढाउने गरिन्छ । यसरी काम गर्दा मुख्यतः सञ्चालक समितिबाट पारित विभिन्न नीति र प्रकृयाहरूमार्फत नै काम गर्ने गरिन्छ । एउटा तोकिएको पद्दतिअनुसार कामकारबाही अघि बढ्दा संस्थाका साथै कर्मचारीहरूलाई जोखिम कम हुनुका साथै काम सहज रूपमा सम्पन्न हुन सक्छ । अतः बैंक तथा वित्तीय संस्थामा कार्यकारी प्रमुखदेखि लिएर निकै तल्लोतहसम्म पनि लिखित दस्तावेजलाई आधार मानेर काम गर्नुपर्ने हुन्छ, जस्लाई परम्परागत व्यवस्थापकीय शैली वा हरेक काम सम्पन्न गर्ने एक मात्र उत्तम विधि वा विकल्प हुन्छ भन्ने टेलरको वैज्ञानिक व्यवस्थापनलाई पछ्याउने शैलीका रूपमा मान्न सकिन्छ । तर गतिशील र परिवर्तित वातावरणमा समयसापेक्ष नीतिगत परिवर्तन गर्न वा आकस्मिक अवस्थामा तुरुन्त निर्णय गरी तुलनात्मक रूपमा अधिक लाभ आर्जन गर्न वा हुन सक्ने वित्तीय नोक्सानीहरूलाई न्यूनीकरण गर्न त्यस्ता विधिहरू उपयोगी नहुन सक्छन् ।

नेपालको बैंकिङ क्षेत्रमा विभाग वा शाखागत रूपमा दक्ष व्यवस्थापक वा नेतृत्व विकास गर्नेभन्दा माथिल्लो निकाय वा नेतृत्वको आदेश वा निर्देशनमा नियमित कामकारबाही चलाउने पद्धति हाबी भएको देखिन्छ । अझै पछिल्लो समयममा कुनै एक संस्थाको कुनै तहमा राम्रो काम गर्ने क्षमता विकास गरेको व्यवस्थापक तहका कर्मचारीहरू अन्य संस्थाले पद र थप सुविधाको आर्कषण देखाएर तानातान गर्ने प्रवृत्ति बढेको देखिन्छ । जसका कारण कर्मचारीहरूमा संस्थाको सफलता, उद्देश्य प्राप्ति एवम् दीर्घकालीन अस्तित्वभन्दा पनि आफ्नो व्यक्तिगत लाभ र क्षमता अभिवृद्धितर्फ केन्द्रित रहेको देखिन्छ ।

नेपालको बैंकिङ क्षेत्रमा पनि समयसापेक्ष परिवर्तनलाई प्राथमिकता नदिइकन भइरहेकै पद्धतिअनुसार व्यवस्थापकीय कार्य सञ्चालन गर्ने प्रवृत्ति रहेको देखिन्छ । अधिकांश वित्तीय संस्थाको सफलताको मापन त्यस संस्थाले वार्षिक रूपमा प्रदान गर्ने मुनाफा वा प्रतिफलको दरलाई लिने गरेको पाइन्छ । संस्थाका लागि कार्यकारी प्रमुख छनोटको वेलादेखि नै कार्यसम्पादनको मुख्य आधार नै संस्थाले आर्जन गर्ने मुनाफालाई लिइने गरेको पाइन्छ । सेवाको गुणस्तर र सृजनात्मक एवम् नवीन सोच विचारलाई खासै महत्त्व दिने प्रचलन निकै कम देखिन्छ । संस्थाका मालिकबाहेक अन्य सरोकारवालाहरूको आकाङ्क्षाको ख्याल नगर्ने प्रवृत्ति नेतृत्वको हिसाबले सधैँ अलोचनाको विषय बन्ने गरेको छ । दीर्घकालीन योजना, सम्भावित जोखिम, कर्मचारीहरूको अपेक्षा, नियामकीय व्यवस्थाको पालना आदि पक्षलाई नजरअन्दाज गर्दा संस्थामा राम्रो नेतृत्वको विकास हुने अवसरसमेत रहँदैन । सीमित स्वार्थ समूहको प्रभावमा कर्मचारीहरूको नियुक्ति, बढुवा र पदस्थापन गर्ने प्रचलनले पनि क्षमतावान व्यक्तिहरूको संस्थाको आबद्धता र नेतृत्व विकासको सम्भावनामा रोक लगाइरहेको देखिन्छ । माथि उल्लिखित सैद्धान्तिक पृष्ठभूमिसमेतका आधारमा समग्र नेपालको बैंकिङ क्षेत्रमा विद्यमान नेतृत्व विकास तथा व्यवस्थापकीय प्रवृत्तिलाई केलाउँदा देहायको प्रवृत्ति एवम् प्रभाव रहेको देखिन्छ ।

- **स्वामित्वको प्रभाव** : नेपालको बैंकिङ क्षेत्रको नेतृत्व तथा विकासमा संस्थापक लगानीकर्ता एवम् संस्थाका प्रवर्द्धकहरूको प्रभाव रहेको देखिन्छ । यसका राम्रा र नराम्रा दुवै असरहरू हुने भए तापनि संस्थागत सुशासनका हिसाबले संस्थापक र सञ्चालकहरूको प्रभाव नीतिगत व्यवस्थामा मात्र रहनु उपयुक्त मानिन्छ । लगानीकर्ता समूहको असामान्य हस्तक्षेपले संस्थामा स्वतन्त्र रूपमा नेतृत्वको विकास हुन सक्दैन । नेपालको बैंकिङ क्षेत्रमा व्यावसायिक घरानापिच्छे वित्तीय संस्थाहरू रहेको र त्यस्ता संस्थाको व्यवस्थापन वा नेतृत्व तहमा काम गर्ने कर्मचारीहरूको चयन प्रक्रिया र जिम्मेवारी बाँडफाँडसमेत वैज्ञानिक र पारदर्शी रहेको पाइँदैन । जसका कारण हितको द्वन्द्वको वातावरण सृजना भई संस्थालाई दीर्घकालीन रूपमा नकारात्मक असर पुग्न सक्छ । सरकारी लगानीका बैंकहरूमा पनि पछिल्लो समय पेसागत र दक्ष व्यक्तिको सूची तयार नगरी राजनीतिक आस्था र पहुँचका भरमा सञ्चालक समितिका पदाधिकारी लगायत कार्यकारी प्रमुखको नियुक्ति गर्ने प्रवृत्ति मौलाउँदै गएको देखिन्छ । वित्तीय संस्थामा

वर्तमानमा गरिएका कामकारबाहीको असर निकै पछिसम्म रहने भएकाले कुनै पनि वेला संस्था समस्यामा पर्न सक्ने अवस्था समेत रहेको देखिन्छ।

- **दृढ आत्मविश्वासको कमी** : संस्था सफल तुल्याउन संस्थाको नेतृत्व गर्ने व्यक्तिमा दृढ आत्मविश्वास हुनु आवश्यक छ। तर नेपालको बैंकिङ क्षेत्रको प्रवृत्तिलाई केलाउँदा सफलताको जस आफूले लिने र असफलता वा कुनै पनि दुर्घटना र समस्याको दोष अन्य पक्षलाई थुपार्ने प्रचलन रहेको देखिन्छ। पछिल्लो उदाहरण बैंकिङ क्षेत्रमा बारम्बार देखिने तरलता समस्या, सेयर तथा घरजग्गाको मूल्यमा गिरावटका कारण कर्जा असुलीमा देखिएको समस्याहरूमा बैंकको नेतृत्वले गरेको सम्बोधन, संस्थाभित्रैबाट तहगत रूपमा विकास हुँदै गएको नेतृत्वको तुलनामा छोटो समयका लागि नियुक्त हुने नेतृत्वले संस्थालाई गति दिन कठिन हुन्छ। संस्थाको वातावरण संस्कृति र विगत नबुझी अकस्मात नियुक्त भएका कार्यकारी प्रमुखहरूले निकै कम समयमा नै राजिनामा दिनुपरेका दृष्टान्तहरू पनि यस क्षेत्रमा भेटिन्छन्।
- **गुनासो र आलोचना सहन क्षमता** : नेतृत्वले संस्थाका बारेमा सरोकारवालाहरूको धारणा, प्रतिस्पर्धी संस्थाहरूसँगको तुलना, बाहिर देखिएका गुनासा, आलोचना आदिलाई महत्त्व दिनु आवश्यक हुन्छ। तर हालसम्मको अवस्थालाई सामान्य अनुगमन गर्दा नेपालको बैंकिङ क्षेत्रमा गुनासालाई आरोपका रूपमा लिने र सकेसम्म त्यस्ता गुनासाको समाधान गर्नेभन्दा पनि प्रतिरोध गर्ने प्रवृत्ति बढ्दो देखिन्छ। आलोचना सुन्न तयार नहुने र आफूले भन्दा कसैले राम्रो गरेमा तारिफ गर्ने प्रचलन बैंकिङ क्षेत्रमा समेत विकसित हुन सकेको देखिँदैन।
- **सामान्य शिष्टचारको अभाव** : नेतृत्वले सबै पक्षसँग आवश्यकताअनुसार शिष्टाचार प्रदर्शन गर्नु आवश्यक हुन्छ। तर अधिकांश वित्तीय संस्थाका सञ्चालक तथा प्रमुखहरू आफ्नो पद र प्रतिष्ठालाई अलौकिक मानेर सरोकारवालाहरूबिच घुलमिल हुन र शिष्टाचार प्रदर्शन गर्न अभिप्रेरित हुँदैनन्। संस्थाका सेयरधनी, मातहतका कर्मचारीहरू लगायत संस्थासँग नियमित र प्रत्यक्ष सम्पर्कमा रहेका पक्षलाई समेत बेवास्ता गर्ने प्रवृत्तिका कारण शिष्टाचारको पक्ष संस्थाहरूमा नगण्य रहेको पाइन्छ।
- **प्रवर्द्धन, रूपान्तरण र विस्तारमा उदासीनता** : नेपालको बैंकिङ क्षेत्रमा अधिकांश नीति तथा प्रोडक्टहरूमा अरूको अनुसरण गर्ने प्रचलन छ। विगतमा जे चलिरहेको छ, त्यसमा नै समाहित हुने वा यथास्थितिमा नै रमाउने प्रवृत्ति विद्यमान छ। बैंकिङ क्षेत्रमा नयाँ सोच, विचार, प्रोडक्ट वा प्रकृया प्रवर्तन गरी यस क्षेत्रमा रूपान्तरण र उल्लेख्य रूपमा विस्तार गर्ने पक्षमा यस क्षेत्रका नेतृत्व गर्नेहरू उदासीन रहेको देखिन्छ।
- **सिकाउने प्रथा** : नेतृत्व विकासका लागि सिक्ने र सिकाउने प्रथा अपरिहार्य मानिन्छ तर बैंकिङ क्षेत्रमा कुनै पनि ज्ञान व्यवस्थापन वा हस्तान्तरणको विषयलाई व्यक्तिगत रूपमा लिने गरिएका कारण संस्थागत नेतृत्वको अपेक्षाकृत विकास हुन सकेको देखिँदैन।
- **प्रविधिगत नेतृत्व** : पछिल्लो समयमा सूचना र प्रविधिको सही उपयोगविना वित्तीय संस्थाहरू सफल हुने अवस्था देखिँदैन। संस्थाको सञ्चालक समिति तथा कार्यकारी प्रमुखलाई प्राविधिक पक्षको पर्याप्त ज्ञान नहुँदा, संस्थामा रहेका एक वा सीमित कर्मचारीमा निर्भर रहनुपर्दा विभिन्न समस्याहरू देखिने गरेका छन्।

अन्तमा,

बैंक तथा वित्तीय संस्था ऐन, कानुन, नीति, निर्देशनलगायतका विशेष प्रणालीबाट नै चल्ने संस्था हुन्। सामान्य अवस्थामा सैद्धान्तिक ज्ञान भएका जुनसुकै व्यवस्थापकले पनि संस्थालाई सफल सञ्चालन गर्न सक्दछन्। तर गतिशील र परिवर्तित वातवारणमा संस्थामा आउन सक्ने हरेक समस्यालाई समाधान गरी अस्तित्व जोगाउन वा प्रतिस्पर्धामा सफल बनाउन भने क्षमतावान नेतृत्वको आवश्यकता पर्दछ। बैंकिङ क्षेत्रका सन्दर्भमा कुनै पद वा तहलाई नेतृत्व मान्ने भन्दा पनि संस्थागत नेतृत्व (Corporate Leadership) को अवधारणालाई बढी प्राथमिकता दिइने गरिएको पाइन्छ। अतः कुनै पनि वित्तीय क्षेत्रको सफल नेतृत्वका लागि सञ्चालक समितिका पदाधिकारी, कार्यकारी प्रमुख तथा विभागीय प्रमुखहरूको छनोटको वेलादेखि नै निश्चित मापदण्ड र पारदर्शी प्रकृया निर्धारण हुनु आवश्यक छ। यस क्षेत्रमा मौलाउँदै गएको विकृति र विसङ्गतिलाई नियन्त्रण गर्न नियमनकारी निकायले समेत उमेरको हद, योग्यता, पदावधि लगायतका विषयमा हस्तक्षेप गर्नु परिरहेको अवस्था छ। भविष्यमा यस्तो अवस्थालाई रोक्न बैंकिङ क्षेत्रमा आवश्यक नेतृत्व तयार गर्न उपयुक्त वातावरण तथा संयन्त्र तयार गर्ने प्रमुख दायित्व यसै क्षेत्रको हो। सधैँ यथास्थितिमा रुमल्लिने प्रवृत्तिभन्दा थप अध्ययन अनुसन्धानमा केन्द्रित रही बैंकिङ क्षेत्रमा प्रवर्द्धनात्मक कार्यहरूमार्फत गति कायम गर्नु अपरिहार्य छ। यस क्षेत्रको प्रतिष्ठा र छवी जोगाई राख्न सामान्य कामकाजी व्यवस्थापकभन्दा पनि दूरदर्शी नेतृत्वको खाँचो रहेको स्पष्ट हुन्छ। **व्यवस्थापकले असाधारण व्यक्तिहरूबाट साधारण काम सम्पन्न गराइरहेका हुन्छन् भने नेतृत्वले साधारण व्यक्तिहरूबाट पनि असाधारण कार्य सम्पन्न गराउन सक्छन्** भन्ने मान्यतालाई आत्मसात् गर्दै समग्र बैंकिङ क्षेत्रको साख अभिवृद्धि गर्न व्यक्तिगत एवम् संस्थागत नेतृत्वको विकास गर्नु अपरिहार्य देखिन्छ।

***

जलवायु परिवर्तन जोखिम र नेपालको वित्तीय क्षेत्र

हिमप्रसाद न्यौपाने*

पृष्ठभूमि

२०७८ असार १ गते मेलम्ची र इन्द्रावती नदीमा आएको बाढीले मेलम्ची खानेपानी आयोजनाको मात्रै झन्डै २ अर्ब बढीको क्षति पुग्नुका साथै मेलम्ची बजारका २५० भन्दा बढी परिवार विस्थापित भएको र आर्थिक हिसाबले अर्बौंको क्षति भएको अनुमान गरिएको छ। नदीको माथिल्लो भेगमा थुप्रिएको ग्रेगर र बालुवा बगाउँदा समथर भूभागमा आइपुग्दा सो थुप्रिन गई नदीको बहाव परिवर्तन भई व्यापक क्षति हुन गएको थियो।

२०७८ कार्तिक २८ गते मुस्ताङ्को टुकुचे हिमालमा अकस्मात् आएको हिमपहिरोले मानवीय क्षति नभए पनि ११ जना घाइते भए भने सयौँ चौँरी बेपत्ता भए। करिब आधा घण्टा हिउँको बादल मडारिएको थियो। पछिल्लो १०० वर्षमा यस्तै पहिरोमा करिब ३७० जनाको मृत्यु भएको अनुमान छ। सङ्ख्यात्मक रूपमा मानव हताहति कम भए तापनि पछिल्लो समय हिमालमा हिउँ कम हुँदै गई २०–३० वर्ष अघि हिउँ भएको पहाड कालो ढुङ्गे पहाडमा रूपान्तरण भएको सगरमाथा २५ पटक आरोहण गरेका प्रसिद्ध आरोही कामरिता शेर्पाले अन्तर्वार्तामा बताएका थिए।

भारतको उत्तराखण्ड राज्यको चमोली जिल्लामा फेब्रुअरी ७, २०२१ (२०७७ माघ २५) मा नन्दादेवी हिमनदी बिस्फोट भई धौलीगङ्गा नदी (गङ्गा नदीको एक सहायक नदी) मा आएको बाढीले करिब ७० जनाको ज्यान गयो भने करिब १०० जना बेपत्ता भए। उक्त बाढीले १३.२ मेगावाट क्षमताको रिसिगङ्गा जलविद्युत् गृह पुरै बगायो भने ५२० मेगावाट क्षमताको तपोवन विष्णुगढ जलविद्युत् गृहमा उल्लेख्य क्षति पुऱ्यायो। त्यसै गरी ५ वटा पक्की पुल, १८ गाउँको जमिन कटान र समग्रमा करिब ४५० करोड बराबरको क्षति पुगेको अनुमान गरिएको थियो।

यस्तै २०७१ साल साउन १७ गते (अगस्ट २, २०१४) मा सुनकोशी नदीमा आएको बाढी र पहिरोले १५६ जनाको ज्यान लिनुका साथै २ दर्जन घर पहिरोमा परे। नदीको बहाव थुनिएर अरनीको राजमार्गको ५ कि.मि. भन्दा बढी भाग अवरुद्ध भएको थियो। यस प्रकारको प्राकृतिक प्रकोपको आर्थिक र सामाजिक क्षतिको हिसाब गर्न कठिन हुने गर्दछ।

ICIMOD को एक प्रतिवेदनअनुसार नेपालका तीन नदी प्रणालीमा करिब ३,६२४ हिमनदीहरू (चीनको भूभागमा १५०९ र भारतको भूभागमा ४५ हिमनदीहरू जसको बहाव नेपालतिर छ) छन्। कोशी, गण्डकी र कर्णाली बेसिनमा ४७ वटा जोखिमयुक्त हिमतालहरू छन्। त्यस्तै नेपालका हिमाली भेगमा ३,६९६ हिमतालहरू रहेका छन्। इ.सं. १९७७ देखि हालसम्म २६ वटा हिमतालहरू विस्फोट भएका छन् र २० वटा त्यस्ता तालहरू विस्फोट हुन सक्ने उच्च जोखिममा रहेका छन्। करिब २० वर्ष अघि च्छोरोल्पा ताल विस्फोट हुन लागेको चर्चाका कारण तल्लो तटीय क्षेत्रमा निकै त्रासको वातावरण बनेको थियो। यसरी अधिक वर्षा भई बाढी आउने, अनावृष्टि, डढेलो, हिमनदी र हिमतालहरू विस्फोट हुनमा जलवायु परिवर्तनलाई मुख्य कारण मानिएको छ।

जलवायु परिवर्तन

लामो समयको अन्तरालमा पृथ्वीको वा कुनै क्षेत्रको जलवायुको ढाँचामा आएको परिवर्तन जलवायु परिवर्तन हो। विशेष गरी बिसौँ शताब्दीको मध्य (सन् १९७० देखि) देखि पृथ्वीको तापक्रममा भएको क्रमिक वृद्धिलाई जलवायु परिवर्तन मानिएको छ। संयुक्त राष्ट्र सङ्घको UNFCCC, १९९२ ले जलवायु परिवर्तलाई यसरी परिभाषित गरेको छ - "Climate change means a change of climate which is attributed directly or indirectly to human activity that alters the composition of the global atmosphere and which is in addition to natural climate variability observed over comparable time periods."

जलवायु परिवर्तनको कारण के हो र कसरी हुन्छ ?

पृथ्वीको वायुमण्डलमा ७८ प्रतिशत नाइट्रोजन, २१ प्रतिशत अक्सिजन र बाँकी १ प्रतिशत आर्गन, कार्बनडाइअक्साइड, नाइट्रस अक्साइड, मिथेन, नियोन, हाइड्रोजन, हिलियम, ओजोन ग्याँस र पानीको बाफ रहेको हुन्छ। यसमध्ये कार्बन, कार्बनडाइअक्साइड, मिथेन, नाइट्रसअक्साइड, हाइड्रोफ्लोरो कार्बन, परफ्लुरोकार्बन, हेक्जाफ्लोराइड, नाइट्रोजन ट्राइफ्लोराइडलाई ग्रिन हाउस ग्याँस भनिन्छ। यी ग्याँसको तहले वायुमण्डलबाट सूर्यको तापलाई पृथ्वीमा आउन दिन्छ तर त्यो ताप रेडियसन हुनबाट रोकी पृथ्वीको तापक्रमलाई कायम राख्दछ। यो कार्य पृथ्वीमा जीवको जीवनरक्षाका लागि आवश्यक छ। यी ग्याँस वायुमण्डलको स्ट्राटोस्फेयर तहमा (पृथ्वीको सतहदेखि १५ देखि ५० किमि) ढाकिएर रहेको हुन्छ। मानव क्रियाकलाप जस्तै - दाउरा बाल्दा, जिवाश्म इन्धन (फोसिल) जलाउँदा उर्त्सजित हुने कार्बनडाइअक्साइड (जसलाई ग्रिनहाउस ग्याँस भनिन्छ) ग्याँसले यो तह बाक्लो हुन गई वायुमण्डलबाट रेडियसन हुने थप तापलाई छेकेर राखिदिने भएकाले तापक्रम बढ्न जान्छ। फलस्वरूप समुद्रको

* *निर्देशक, नेपाल राष्ट्र बैंक*

पानी वाष्पीकरण हुन्छ र झन तापक्रम बढ्न जान्छ। ठिक्क मात्राको ग्रिन हाउस ग्याँस उपयोगी हो, जसले ओजोन तहमा ब्लान्केटले झैं तापक्रमलाई छेकेर राख्दछ र पृथ्वीमा न्यानो बनाइराख्दछ। ग्रिन हाउस ग्याँस ठिक्क मात्राभन्दा बढी भएमा पृथ्वीको तापक्रम अझै बढाउँछ। २/३ वटा ब्लान्केट ओढ्दा हामीलाई गर्मी भए जस्तै औद्योगिक क्रान्ति अघि पृथ्वीमा कार्बनडाइअक्साइड २८८ पिपिएम रहेको थियो भने हाल यो ४१४ पिपिएम पुगेको छ। वैज्ञानिकहरूका अनुसार कार्बनडाइअक्साइड (Co_2) दोब्बर बढेमा तापक्रम २ देखि ५ डिग्री सेल्सियससम्म वृद्धि हुन सक्दछ। त्यसैले पृथ्वीको तापक्रम सही स्तरमा राख्न र जलवायु परिवर्तनको प्रभाव कम गराउन ग्रिन हाउस ग्याँस उत्सर्जनमा कटौती गर्नुपर्ने विषयमा आवाज उठ्न सुरु भएको हो।

जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौता

अमेरिकाका तत्कालीन राष्ट्रपति डोनाल्ड ट्रम्पले सन् २०२० मा सम्झौता फिर्ता लिएको र नयाँ राष्ट्रपतिले पदभार ग्रहण गरेपछि सन् २०२१ मा पुनः सामेल भएको पेरिस सम्झौता के हो ? अमेरिकामा तत्कालीन राष्ट्रपतिलाई निर्वाचनमा पराजित गराउने कारणहरूमध्येको एक। सन् २०१५ डिसेम्बरमा फ्रान्सको पेरिस नजिक बोरगेट सहरमा मस्यौदा गरिएको र सन् २०१६ अप्रिल २२ मा विश्वका १९६ सहभागीहरूले जलवायु परिवर्तन सामना गर्न, अनुकूलन, र लगानी सम्बन्धमा United Nations Framework Convention on Climate Change (UNFCC) मा हस्ताक्षर गरे। यसैलाई पेरिस सम्झौताको नामले चिनिन्छ। यसले जलवायु परिवर्तनको जोखिम घटाउन पृथ्वीको तापक्रम वृद्धिलाई लामो अवधि (सन् २१००) भित्र २ डि.से. र मध्यम अवधि २०५० मा १.५ डि.से.भित्र सीमित राख्ने (औद्योगिक समयपूर्वको अवस्थामा), सन् २०३० सम्ममा कार्बन उत्सर्जन आधा घटाउने र यसका लागि सम्बद्ध पक्षहरूले आ-आफ्नो राष्ट्रिय लक्ष तोक्नुका अतिरिक्त वातावरणमैत्री विकास र ग्रिनहाउस ग्याँस उत्सर्जन कम गर्ने प्रणालीमा लगानी प्रवर्धन गर्ने विषयहरू पर्दछन्। तथापी देशहरूले उत्सर्जन गर्ने कार्बन लक्ष तोक्ने सम्बन्धमा विभिन्न चरणमा वार्ताहरू भए पनि हालसम्म करिब १०० देशहरूले मात्र लक्ष सार्वजनिक गरेका छन्। यसै बिच बेलायतले सन् २०५० मा नेट जिरो कार्बन उत्सर्जनको महत्त्वाकाङ्क्षी लक्ष सार्वजनिक गरेको छ। धेरै युरोपेली देशले सन् २०५० मा र चीनले २०६० मा नेट जिरो कार्बन लक्ष सार्वजनिक गरेका छन्। उक्त सम्झौतामा बढी कार्बन उत्सर्जन गर्ने देशहरू इरान, इराक र टर्कीले हस्ताक्षर गरेका छैनन्। सन् २०१८ मा प्रतिव्यक्ति कार्बन उत्सर्जनको आँकडा हेर्दा भारत १.९ टन, अमेरिका १६.१, बहराइन २१.८, कतार ३८.२, चीन ८, युरोप ८ देखि १० टन रहेको थियो। नेपालको प्रति व्यक्ति उत्सर्जन ०.२९ टन छ। नेपालले विश्वमा ०.०२७ प्रतिशत ग्रिन हाउस ग्याँस उत्सर्जन गर्दछ। र सन् २०१६ मा ७८ लाख ३३ हजार टन फोसिल कार्बन इमिसन गरेको थियो (worldometers)।
विश्वमा गत दशकमा धेरै कार्बन उत्सर्जन गर्ने देशहरूमा चीन (२९ प्रतिशत), अमेरिका (१४ प्रतिशत), भारत (७ प्रतिशत) रसिया (४.६ प्रतिशत) पर्दछन्। विश्वको प्रतिव्यक्ति औसत कार्बन उत्सर्जन उक्त अवधिमा ४.७९ टन प्रतिव्यक्ति रहेको थियो।

जलवायु परिवर्तन जोखिम

जलवायु परिवर्तनका कारणले प्रकृति र मानव जातीलाई प्रभाव पार्दै व्यवसाय र सरकारी निकायमा समेत पर्न जाने जोखिमलाई जलवायु परिवर्तन जोखिम भनेर बुझ्न सकिन्छ। भौतिक जोखिम र सङ्क्रमणकालीन जोखिम जलवायु परिवर्तनका मुख्य जोखिम हुन्। तापक्रम बढ्नु, किराहरूको प्रकोप, खडेरीका कारण डडेलो लाग्नु, पानीको आपूर्ति कम हुनु, खाद्यान्न उत्पादनमा ह्रास आउनु, सहरी स्वास्थ्यमा समस्या, बाढी, पहिरोबाट धनजनको क्षति आदि जलवायु परिवर्तनका असर हुन्। जलवायु परिवर्तनका कारण माथि उल्लिखित घटनाहरू भई हुने धनजनको प्रत्यक्ष क्षतिलाई भौतिक जोखिम भनिन्छ र अप्रत्यक्ष रूपमा आपूर्ति शृङ्खलामा अवरोध आउने र यसले अन्तमा पार्ने आर्थिक नोक्सानी पनि भौतिक जोखिममै पर्दछ। त्यस्तै जलवायु परिवर्तनको प्रभाव कम गर्न सरकार र नियमनकारी निकायले लिने नीतिका कारण कुनै कम्पनी, सम्पत्ति र लगानीको मूल्यमा हुन सक्ने ह्रासलाई सङ्क्रमणकालीन जोखिम भनेर बुझ्न सकिन्छ। सरकारी नीति जस्तै, कम कार्बन उत्सर्जन गर्ने प्रविधिको प्रयोग गर्नैपर्ने व्यवस्था, विघटनकारी प्रविधि (disruptive technology[1]), नयाँ व्यावसायिक मोडलका कारण यस्तो जोखिम हुन सक्दछ।

मानवीय क्रियाकलापका कारण ग्रिनहाउस ग्याँस उत्सर्जन → पृथ्वीको तापक्रम वृद्धि → हिम ताल विस्फोट, हिमालको हिउँ पग्लिने, अतिवृष्टि, अनावृष्टि, पहिरो, बाढी, आगलागी जस्ता प्रकोप → कृषि उत्पादनमा प्रभाव पर्नुका साथै वित्तीय प्रणालीमा आउने जोखिम (भौतिक र सङ्क्रमणकालीन)

कोलोराडो विश्वविद्यालयका प्रोफेसर Eric Gerding ले जलवायु परिवर्तन सबै जोखिमहरूको जननी (mother of all correlated risks) भनेका छन्। अन्तर्राष्ट्रिय मुद्रा कोषकी पूर्व प्रबन्धनिर्देशक र हाल युरोपेली केन्द्रीय बैंककी अध्यक्ष Christine Lagarde ले अहिले नै जलवायु परिवर्तनका क्षेत्रमा काम गर्न नसके भावी पुस्ताले यसको मार व्यहोर्नु पर्ने चेतावनी दिएकी छिन्। उनको शब्दमा "Unless we take action on **climate change**, future generations will be roasted, toasted, fried and grilled."।

जलवायु परिवर्तनले वित्तीय प्रणालीलाई कसरी असर गर्छ ?

चरम/अत्यधिक जलवायु परिवर्तनका घटनाले वित्तीय बजारमा जोखिम बढाएको छ। अस्ट्रेलियामा सन् २०२० मा भएको आगलागीमा २ महिनाको अवधिमा करिब ३० करोड डलरको बिमा दाबी आएको थियो। जलवायु परिवर्तनका कारण कृषि उत्पादनमा कमी हुनाले खाद्यान्नको मूल्यवृद्धि, आपूर्ति शृङ्खलामा अवरोधका कारण हुने आर्थिक नोक्सानी आदिले कम्पनीहरूको नगद प्रवाह र आम्दानीमा

1. *Recent disruptive technology examples include e-commerce, online news sites, ride-sharing apps, and GPS systems. In their own times, the automobile, electricity service, and television were disruptive technologies.*

परेको प्रभावका कारण बैंकको कर्जा भुक्तानीमा पनि प्रभाव पर्दछ । त्यस्तै अवशेष (fossils) मा आधारित ऊर्जा कम्पनीहरूले अन्य वैकल्पिक आम्दानीका स्रोत पहिचान गर्नुपर्ने अवस्था आएको छ ।

जलवायु परिवर्तन वातावरणीय समस्या मात्र रहेन, यो आर्थिक विषय पनि भएको छ । कार्बन उत्सर्जन गर्ने व्यवसाय हालका दिनमा महँगो हुँदै गएको छ । अमेरिकाका लागि कार्बन इमिसनको लागत वार्षिक २५० अर्ब डलर पुगिसकेको छ । क्यानडाले प्रति टन उत्सर्जनमा १५ देखि ३० डलर कर लगाउन सुरु गरिसकेको छ । विज्ञहरूले आगामी केही वर्षमा यस प्रकारको कर वृद्धि भई प्रति टन ५० डलरभन्दा बढी हुने अनुमान गरेका छन् ।

नेपालले दिगो आर्थिक विकासका लक्ष प्राप्ती सम्बन्धमा गरेको प्रतिबद्धताअनुसार नीतिगत व्यवस्था गर्ने र यसका कारण जलवायु परिवर्तन कम गर्ने प्रविधि प्रयोग गर्नु परेको अवस्थामा धेरै नै सङ्क्रमणकालीन खर्च गर्नुपर्ने अवस्था आउन सक्दछ । उदाहरणका लागि हाल सञ्चालनमा रहेका कोइला प्रयोग गर्ने सिमेन्ट उद्योगहरूले कम कार्बन उत्सर्जन गर्ने प्रविधि प्रयोग गर्नुपर्ने बाध्यकारी व्यवस्था गरिएमा ती उद्योगहरूको उल्लेख्य खर्च बढ्न जाने छ । त्यस्तै नेपालमा इँटा उद्योग, यातायातका साधन, घरायसी क्षेत्रले बढी कार्बन उत्सर्जन गर्दछन् । यी क्षेत्रमा ल्याइने यस्तै कम कार्बन उत्सर्जन गर्ने नीतिगत व्यवस्थाले ऋणीले समयमा किस्ता वा सावाँ ब्याज तिर्न नसक्नुका कारण अन्तमा बैंक कर्जा जोखिम बढ्न जाने छ ।

जलवायु परिर्तनका कारण वृद्धि हुने तापक्रमले नेपालको हिमाल तीव्र रूपमा पग्लिने कारण नदीको बहाव कम हुन गई जलविद्युत् उत्पादन कम हुने अवस्था एकातिर आउन सक्दछ भने अर्कोतिर हिमनदी र हिमतालहरू विस्फोट भएमा आउने बाढीले जलविद्युत् गृहमा पुग्न जाने क्षति, त्यसको बिमा दाबी, पुर्नबिमामा व्यापक खर्च हुने अवस्था आउन सक्ने देखिन्छ । त्यस्तै कृषि उत्पादनमा पर्ने प्रभावले खाद्यान्नको मूल्य वृद्धि भई सामान्य जनजीवनमा समेत उल्लेख्य प्रभाव पर्न सक्दछ । त्यसैले यस्तो अवस्थाबाट आउन सक्ने जोखिमको आँकलन गरिराख्नुपर्दछ । र जोखिम न्यूनीकरणका लागि समयमै उपयुक्त रणनीति अपनाउनुपर्ने देखिन्छ । आकस्मिक वा एक्कासी समस्या देखिएमा त्यसको व्यवस्थापन पनि त्यति नै कठिनपूर्ण हुन्छ ।

Major weather-related disasters lead on impact to sizable declines in real GDP per capita of 1.2 percentage points, on average, with stronger negative effects in areas where exposure and vulnerability are high, such as in low-income developing countries and small island economies. Climate change and a continued rise in global temperatures are likely to further increase the frequency and intensity of natural disasters. Improvements to structural, financial, and social resilience could accelerate the post-disaster recovery phase and minimize such welfare losses (World Economic Outlook , April , 2021)

नेपालको बैंकिङ क्षेत्रका लागि गरिएको व्यवस्था

नेपालको वित्तीय क्षेत्रमा जलवायु परिवर्तन जोखिम कम गर्न सोझै नीतिगत व्यवस्था नभए तापनि वातावरण संरक्षणका लागि केही व्यवस्था गरिएको छ । बैंक तथा वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशनको ई.प्रा. निर्देशन २ को बुँदा नं २७ मा पर्यावरणीय तथा सामाजिक जोखिम विश्लेषण गरेर मात्र कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था रहेको छ । यसका साथै वातावरण संरक्षण ऐन, २०७६, वातावरण संरक्षण नियमावली, २०७६, श्रम ऐन, २०७४ र नेपाल राष्ट्र बैंकले Guideline on Environmental and Social Risk Management (ESRM) for Banks and Financial Institutions, 2018 पालना गर्नुपर्ने व्यवस्था गरेको छ । बैंक तथा वित्तीय संस्थाले आर्थिक वर्ष समाप्त भएको ३० दिनभित्र अनुसूचीबमोजिमको विवरण सुपरिवेक्षण विभागमा पेस गर्नुपर्ने व्यवस्था रहेको छ । यसमा वातावरण प्रदूषण कम गर्ने र संरक्षण गर्ने विषयहरू परे तापनि त्यसमा लगानी बढाउने, green financing बढाउने, कार्बन इमिसन कम गर्ने र यस्ता जोखिम मूल्याङ्कन गर्ने सम्बन्धमा थप व्यवस्था गर्नुपर्ने देखिन्छ ।

त्यस्तै, ई.प्रा. निर्देशन १७ मा नवीकरणीय उर्जा प्रविधिअन्तर्गत घरेलु सौर्य विद्युत् प्रणाली (Solar Home System), सौर्य चुलो (Solar Cooker), सौर्य ड्रायर (Solar Dryer), सौर्य वाटर पम्प (Solar Pump), बायोग्याँस (Biogas), सुधारिएको पानी घट्ट (Improved Water Mill), सुधारिएको चुलो (Improved Cook Stoves) प्रयोजनमा प्रति परिवार दुई लाख रूपैयाँमा नबढ्ने गरी प्रवाह गरेको कर्जा (विगत दुई वर्षदेखि कर्जा उपभोग गरी असल वर्गमा परेका ऋणीका हकमा यस्तो सीमा तीन लाख रूपैयाँ कायम गरिएको), चालकहरूलाई आफ्नै स्वामित्वमा रिक्सा, विद्युतीय रिक्सा, अटो रिक्सा, विद्युतीय टेम्पो खरिद गरी आफै सञ्चालन गर्ने प्रयोजनका लागि उक्त रिक्साकै धितोमा प्रवाह भएको कर्जालाई विपन्न वर्गमा वर्गीकरण गर्ने व्यवस्थाले पनि यस क्षेत्रमा कर्जा प्रवाहका लागि थप सहजता प्रदान गरेको छ ।

भुटान : पहिलो ऋणात्मक कार्बन उत्सर्जन गर्ने देश

करिब ८ लाख २० हजार जनसङ्ख्या रहेको छिमेकी देश भुटान विश्वमा नै कार्बन न्युट्रल हुँदै ऋणात्मक कार्बन उत्सर्जन गर्ने पहिलो देश बनेको छ । अर्थात् भुटानले जति कार्बन उत्सर्जन गर्दछ, त्योभन्दा बढी कार्बन सञ्चित (carbon sink) गर्दछ । संविधानमै ६० प्रतिशत क्षेत्रफलमा वनजङ्गल हुनुपर्ने व्यवस्था गरिएको भुटानमा ८१ प्रतिशत क्षेत्रफल वनजङ्गल र संरक्षण क्षेत्रले ढाकेको छ । ग्रामीण किसानहरूलाई निःशुल्क विद्युत् उपलब्ध गराएको भुटानले वार्षिक करिब ११ लाख टन मात्र कार्बन उत्सर्जन गर्नेमा वनजङ्गलले १ करोड ७० लाख टन कार्बन सञ्चित गरी ऋणात्मक कार्बन उत्सर्जन गर्ने मुलुक बनेको हो । यसपछि ऋणात्मक कार्बन उत्सर्जन गर्ने देशमा दक्षिण अमेरिकी मुलुक सुरिनामको नाम आउँछ । यस देशको ९३ प्रतिशत क्षेत्रफल वनजङ्गलले ढाकेको छ ।

इन्धनमा परनिर्भर नेपालमा विगतमा १८ घण्टासम्मको लोडसेडिङ भएको समयमा बैंक तथा वित्तीय संस्थाले ऊर्जा क्षेत्रमा लगानी बढाउन नेपाल राष्ट्र बैंकले तोकिएको प्रतिशत कर्जा प्रवाह गर्नुपर्ने बाध्यात्मक व्यवस्था लागू गरेर एकल ग्राहक कर्जा सीमामा छुट दिएपश्चात् यस क्षेत्रमा उत्साहजनक लगानी वृद्धि भएको छ । २०७८ कार्तिक मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाहरूको जलविद्युत् र ऊर्जा क्षेत्रमा ३५१ अर्ब स्वीकृत कर्जा सीमा र रु.२१२ अर्ब कर्जा बक्यौता रहेको छ । यसको फलस्वरूप केही वर्षमा विद्युत्मा नेपाल आत्मनिर्भर हुने र जगेडा विद्युत् भारत र बङ्गलादेश निर्यात गर्ने योजना रहेको छ ।

दिगो विकास लक्ष : नेपालको प्रतिबद्धता

दिगो विकास लक्षअनुसार नेपाल सरकारले यातायात क्षेत्रबाट ग्रिनहाउस ग्याँस उत्सर्जन सन् २०१५ मा १२ प्रतिशत रहेकोमा सन् २०३० मा ६ प्रतिशतमा सीमित राख्ने, औद्योगिक क्षेत्रको १२ प्रतिशत रहेकोमा ६ प्रतिशत, व्यापारिक क्षेत्रको ५ प्रतिशत रहेकोमा २.५ प्रतिशत, औद्योगिक क्षेत्र (सिमेन्ट र लाइम) बाट कार्बन उत्सर्जन २०१५ मा रहेको ६३२ गिगाग्रामलाई ३१६ मा ल्याउने र ऊर्जाक्षेत्रको उर्त्सजन ७९५९ गिगाग्रामबाट ३९७९ गिगाग्राममा ल्याउने प्रतिबद्धता गरेको छ । यसका लागि विभिन्न जलवायु अनुकूलनका कार्यक्रमहरू र स्मार्ट फार्मिंग, स्मार्ट गाउँ बनाउने योजना रहेको छ ।

जलवायु परिवर्तनसम्बन्धी विश्व सम्मेलन COP-२६

बेलायत र इटलीको आयोजनामा सन् २०३० सम्म कार्बन न्युट्रल बन्ने लक्ष रहेको ग्लोबल ग्रिनसिटीको दर्जा पाएको स्कटल्यान्डको ग्लास्गो सहरमा सन् २०२१ को अक्टोबर ३१ देखि नोभेम्बर १२ सम्म जलवायुसम्बन्धी विश्व सम्मेलन COP २६ सम्पन्न भयो । यद्यपि विश्वको कार्बन उत्सर्जन बढी गर्ने देशहरूको ठोस प्रतिबद्धता नआए तापनि चीन र अमेरिकाका राष्ट्रपतिबिच शिखर भर्चुअल वार्ता हुनु र कोइलाको प्रयोग घटाई सन् २०३० सम्ममा भारतले एक अर्ब टन कार्बन कम गर्ने प्रतिबद्धता गर्नु केही मुख्य उपलब्धि हुन् । भारतले सन् २०७० मा मात्र जिरो कार्बन उत्सर्जन गर्ने जनाएको छ। विश्वका ठुला र कार्बन उत्सर्जन गर्ने देशहरू निकै सुस्त गतिमा अघि बढेको, पेरिस सम्झौताले तय गरेको तापक्रम वृद्धि १.५ डिग्री सेल्सियसमा सीमित गर्ने महत्त्वाकाङ्क्षी लक्ष प्राप्त गर्न कठिन हुने देखिएको बरु २.४ डिग्री सेल्सियससम्ममा सीमित गर्न सकिनेमा आशावादी हुने देखिएको छ।

नेपालले COP २६ मा सन् २०४५ सम्ममा कार्बन उत्सर्जन शून्यमा ल्याउने प्रतिबद्धता व्यक्त गरेको छ।

नेपालमा जलवायु परिवर्तन जोखिम कम गर्न विभिन्न निकायले खेल्नुपर्ने भूमिका

नेपालमा जलवायु परिवर्तनको एजेन्डालाई दुई तरिकाले व्याख्या गर्ने गरिएको छ। पहिलो यो विकसित देशहरू आफूले प्रकृतिको अधिक दोहन गरी आर्थिक विकास हासिल गरे र हामीजस्ता विकासोन्मुख देशका लागि लादिएको सर्त हो भन्ने बुझाई रहेको पाइन्छ। अर्को थरी जलवायु परिवर्तनका कारण धेरै प्रभाव परेको नेपालले विकासको चरणमा नै जलवायु वातावरणमैत्री दिगो विकासको एजेन्डासँगै लानुपर्दछ। अतः सर्वप्रथम हाम्रो हिमनदीमा आधारित नदी प्रणाली र यसका आधारमा कृषि लगायत जीविकोपार्जनमा प्रत्यक्ष प्रभाव पर्ने भएकाले दिगो विकासको एजेन्डा आत्मसात् गर्नुपर्दछ। हाम्रो दिगो विकास अरूले भनेर होइन, हामी आफैले गर्ने हो भन्ने भावनाको विकास हुन जरुरी छ।

नियमनकारी निकायको भूमिका

जलवायु परिवर्तन जोखिम विगतमा विकसित देशको मात्र एजेन्डा मानिन्थ्यो। हाल जलवायु परिवर्तनको एजेन्डा सबै जिम्मेवार सरकार र संस्थाहरूको पनि भएको छ। दिगो आर्थिक विकास लक्ष यसैको एक उदाहरण हो। नियमनकारी निकायले वित्तीय प्रणालीको जोखिम व्यवस्थापन गर्दा जलवायु जोखिमलाई समावेश गर्नुपर्ने व्यवस्था लागू गराउन आवश्यक छ।

त्यस्तै विकासशील देशमा प्राथमिकता प्राप्त वा उत्पादनशील क्षेत्र, विपन्न वर्ग आदिमा तोकिएको प्रतिशत कर्जा प्रवाह गर्नैपर्ने व्यवस्था गरे जस्तै ग्रिन फाइनान्सिङका लागि पनि न्यूनतम सीमा निर्धारण आवश्यक छ। पछिल्लो समय क्लिन इनर्जीमा लगानी बढेसँगै इनर्जी इफिसियन्ट प्रविधिको विकास भई प्रयोगमा आउन सहज हुँदै गएको छ।

हरित क्षेत्रमा गरिएको लगानी र वातावरणीय ह्रास गर्ने क्षेत्रमा बैंक तथा वित्तीय संस्थाको कर्जा लगानीको विवरण अनिवार्य रूपले प्रकाशित गर्नुपर्ने व्यवस्था (mandatory non-financial disclosure) सुरु भइसकेको छ। नेपालमा पनि यसको सुरुवात गर्न आवश्यक छ। यसका साथै जलवायु परिवर्तनको सङ्क्रमणकालीन र भौतिक जोखिम अनुसार बैंकमा आउन सक्ने जोखिम आँकलन गर्न दबाब परीक्षण गर्ने व्यवस्था गर्न सकिन्छ। यस्तै बिमा र अन्य निकायले पनि जलवायु परिवर्तन जोखिम कम गर्ने व्यवस्था लागू गर्न आवश्यक छ।

सरकारको भूमिका

जलवायु परिवर्तन जोखिम कम गर्ने नीतिगत व्यवस्था गर्नु सरकारको पहिलो काम हो। विभिन्न अन्तर्राष्ट्रिय फोरममा नेपालले गरेको प्रतिबद्धताअनुसार काम गर्नु पनि अर्को महत्त्वपूर्ण जिम्मेवारी हो। हरितगृह ग्याँस उत्सर्जन गर्ने उद्योग एवं एकाइहरूलाई बढी कर लगाउने, त्यसको विकल्प दिने प्रविधिलाई प्रोत्साहन दिने र डिजल, पेट्रोलबाट चल्ने सवारी साधन विस्थापन गरिसक्ने र कार्बन कम गर्ने प्रविधिको प्रयोग अनिवार्य गर्ने समय सीमाको घोषणा कम्तिमा ८–१० वर्ष अघि नै गर्नुपर्दछ।

नेपालले सन् २०२० मा एक वर्षमा १७५ अर्ब बराबरको पेट्रोलियम पदार्थ आयात गरेको थियो। सामान्य वर्षमा करिब २०० अर्बको आयात हुने देखिन्छ। यसको २५ प्रतिशत विद्युतीय इन्धन प्रयोग गर्न सकिए वार्षिक ५० अर्ब विदेशी मुद्रा जोगाउन सकिन्छ। सन् २०१४/१५ मा गरिएको एक अध्ययनअनुसार नेपालका ६० प्रतिशत घरपरिवारले खाना बनाउन दाउराको प्रयोग गर्दछन्। दाउराका लागि जङ्गल विनास हुन्छ भने दाउरा बाल्दा निस्कने धुवाँले वातावरण प्रदूषण गराउँछ। खाना पकाउने ग्याँसमा अनुदान दिनुभन्दा भरपर्दो विद्युत् सेवा उपलब्ध गराउने योजना कार्यान्वयन गराउन आवश्यक छ। कार्बन उत्सर्जन कर र ऊर्जा कुशलतम प्रविधिको उपयोग र विकासमा जोड दिने काम सरकारले गर्न सक्दछ। यसका अलावा बढी कार्बन उत्सर्जन गर्ने र कम कार्बन उत्सर्जन गर्ने उद्योग तथा कलकारखानालाई अलग-अलग करको दर लागू गरेर पनि कम कार्बन उत्सर्जन गर्ने कार्यमा सहयोग पुग्न जाने देखिन्छ।

निजी क्षेत्रको भूमिका

असल उद्देश्यका लागि सरकार र अन्य निकायको मुख नताकी निजी क्षेत्रले पनि कार्बन कम उत्सर्जन गर्ने प्रविधिको प्रयोग गर्न सक्दछन्। निजी जलविद्युत् निर्माण गर्ने कम्पनीहरूले स्थानीय वासिन्दालाई खाना बनाउन र सामान्य जीवनयापनका लागि पुग्ने विद्युत् संस्थागत सामाजिक दायित्व सम्झेर उपलब्ध गराउने परिपाटी विकास गर्न सके समाजमा सकारात्मक प्रभाव पर्दछ।

अन्तमा, जलवायु परिवर्तन विकसित देशको मात्र होइन, सबै देशको साझा समस्या हो। जलवायु परिवर्तनको भौतिक र सङ्क्रमणकालीन जोखिमलाई धेरै नियमनकारी निकायहरूले जोखिम व्यवस्थापन ढाँचामा समावेश गरेका छन्। नेपाल पनि जलवायु परिवर्तनको उच्च जोखिममा रहेको मुलुक हो। नेपालको वित्तीय, आर्थिक तथा सामाजिक क्षेत्रमा तापमान वृद्धिका कारण हिमालको हिउँ पग्लिने र हिमताल र हिमनदीहरू विस्फोटले ल्याउने जोखिम अकल्पनीय छ। त्यस्तै उद्योगहरूमा कम कार्बन उत्सर्जन गर्ने प्रविधिको प्रयोग गर्नुपर्ने अवस्थामा ठुलो धनराशी खर्च हुने अवस्था पनि विद्यमान छ। सगरमाथाको हिउँ पग्लियो भनेर कराएर मात्र हुँदैन, कार्बन उत्सर्जन कम गरेबापत क्षतिपूर्तिका लागि अन्तर्राष्ट्रिय मञ्चमा आवाज बुलन्द गर्नुपर्दछ। जलवायु परिवर्तनको प्रभावबाट बच्न विश्व समुदायबाट सहयोग लिने, आफ्ना एजेन्डा निर्धक्क राख्ने र त्यस्ता एजेन्डामा सहमति निर्माण गर्न नेपालले नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्दछ। त्यसबाहेक वित्तीय क्षेत्रले ग्रिन फाइनान्सिङमार्फत ठुलो परिवर्तन ल्याउन भूमिका निर्वाह गर्न सक्दछन्। स्वस्थ पृथ्वी रहे मात्र हामी पनि स्वस्थ रहन्छौं। विश्व आर्थिक सङ्कट र कोभिडले पारेको आर्थिक नोक्सानीभन्दा जलवायु परिवर्तनले पार्ने नोक्सानी ठुलो हुनेतर्फ हामी सबैको ध्यान पुग्नु जरुरी छ।

***

नेपालमा जलविद्युत् अर्थतन्त्रको भविष्य

जुनारबाबु बस्नेत*

कुनै वेला कृषि प्रधान भनिने नेपालमा कृषिको योगदान घट्दै गएर कुल गार्हस्थ उत्पादनको एक चौथाइ हाराहारीमा सीमित भएको छ । अब अर्थतन्त्रको नयाँ भविष्य खोज्नु जरुरी छ । जलस्रोतको धनी नेपालमा अबको भविष्य भनेको जलविद्युत्मा आधारित अर्थतन्त्र निर्माण गर्नु हो । विद्युत् उत्पादन र त्यसबाट ऊर्जामा स्वनिर्भर हुँदै ऊर्जामा आधारित घरेलु, औद्योगिक र सेवामा आधारित अर्थतन्त्रले मात्र नेपालको भविष्य उज्ज्वल हुन सक्छ । विदेशमा रहेका ५० लाख नेपाल स्वदेश फर्कने वातावरण जलविद्युत् ऊर्जामा आधारित अर्थतन्त्र निर्माणले मात्र सम्भव छ । यो आलेखमा नेपालमा जलविद्युत् अर्थतन्त्र निर्माणको विस्तृत समीक्षा गरिएको छ । यो समीक्षाको मूल उद्देश्य नेपाली अर्थतन्त्रको भावी आधार हुन सक्ने दिशातिर केन्द्रित छ । त्यसका लागि विकास गर्नुपर्ने नीति, योजना र कार्यक्रमबारे समेत सारमा विमर्श गरिने छ ।

१. परिचय

जलविद्युत् शब्द अङ्ग्रेजी भाषाको 'हाइड्रोपावर' सँग मिल्छ । ग्रिक भाषामा 'हाइड्रा' भनेको पानी हो । पानीको वेगबाट प्राप्त शक्तिलाई ' हाइड्रोपावर' अर्थात् नेपाली भाषामा जलविद्युत् भनिन्छ । यो आधुनिक ऊर्जाको स्वच्छ स्वरूप हो । खनिज इन्धन जलाएर विद्युत् उत्पादन गर्दा निस्कने ग्यासहरूले पर्यावरणलाई प्रदूषित बनाउँछ । तर पानीलाई गति शक्ति दिएर निकाल्ने जलविद्युत्बाट पर्यावरणमा कुनै प्रतिकूल असर पर्दैन । पानीको स्रोतको चक्रीय स्वरूपबाट निरन्तरता हुन्छ । स्रोत खेर जाँदैन । समुद्रमा पुगेको पानी चर्को तापले फेरि वाफ बन्छ ।

मौसमी वा बेमौसमी वायुसँगै चिसो ठाउँमा पुगेर पानी बन्छ । जमिनमा वर्षाका रूपमा फर्कन्छ । भूगोलले नेपाललाई त्यो सुविधा दिएको छ । उत्तरी क्षेत्रमा पूर्वपश्चिम फैलिएका हिमाल हाम्रा वरदाता हुन् । हिमालमा त्यही पानी हिउँका रूपमा जम्छ । हिमस्रोत तथ जमिनमा परेको पानी जमिनमुनि पुनः सिञ्चित र भण्डारण हुँदै मूलबाट उम्रन्छ । नदीनाला बन्छन् । त्यही खोला तथा नदीलाई बाँध बाँधेर शक्ति पैदा गर्ने कार्य जलविद्युत् हो । पानीले आफ्नो सतह आफै मिलाउँछ । तर गुरुत्व बलका कारण पानी ओरालोमा गतिशील हुन्छ । पानीको त्यही गतिशक्तिले मेकानिकल प्रणालीका माध्यमबाट विद्युत् शक्तिमा पैदा गर्छ ।

२. जलविद्युत्को उद्भव र विकास

कम उत्पादन लागतमा प्राप्त गर्न सकिने स्वच्छ ऊर्जा हो जलविद्युत् ऊर्जा । पानीको स्थिर शक्तिलाई गुरुत्वाकर्षणका माध्यमबाट गति शक्तिमा रूपान्तरण गर्न सकिने सरल प्रविधिमा आधारित छ जलविद्युत् तर लगानी भने बढी लाग्छ । एक पटक निर्मित जलविद्युत् आयोजना प्राकृतिक प्रकोप नपर्दा कम्तीमा पाँच दशक चल्छ । मर्मत गरेर सय वर्षभन्दा बढी चल्छ । फर्पिङ जलविद्युत् आयोजना चलिरहेकै छ ।

बग्दो पानीलाई मेकालिक शक्तिमा रूपान्तरण गरी प्राप्त हुने विद्युतीय शक्तिले पैदा गर्ने विद्युत् प्राकृतिक वरदानमा मानवीय प्रयास हो, उपलब्धि हो । यो प्रविधि सरल यस कारण छ कि यसमा पानी सित्तैमा प्राप्त हुन्छ । यसको मूलभूत स्थायी स्रोत पानी हो । पूर्वाधारमा लगानी एक पटकलाई हो । प्रकृतिबाट प्राप्त निःशुल्क पानी नेपालको वरदान नै हो । ऊर्जाको यो महत्त्वपूर्ण माध्यम एकै दिनमा विकास भएको होइन । यसको आफ्नै इतिहास छ, जुन थाहा पाउँदा महत्त्व अझ उच्च हुन्छ ।

विद्युतीय ऊर्जाको इतिहास हेर्ने हो भने दुई हजार वर्ष पहिलेको ग्रिस पुग्नुपर्छ । त्यस युगमै काठको चक्का प्रयोग गरेर पानी घट्ट चल्न थाले । पानी घट्ट हामीकहाँ पनि धेरै लामो समयदेखि चले र अझै कतिपय ठाउँमा चल्दै छन् । पानी घट्ट पानीको वेगलाई ऊर्जामा परिणत गरी खाद्यान्न पिसाउन प्रयोग गरिन्थ्यो, अझै प्रयोग हुँदै छ । घट्टमा पिसेको पिठाको मिठास असाध्य हुन्छ । विद्युतीय ऊर्जा विकासको आधार पानी घट्ट नै हो तर यो विकास हुन पनि लामो युग पर्खनुपर्‍यो ।

आधुनिक युगमा भने विद्युतीय शक्तिको उद्भव सन् १८८२ मा अमेरिकाको बिस्कन्सिनमा भएको हो । बगिरहेको पानीलाई टर्बाइन प्रयोग गरेर पहिलोपल्ट बिजुली निकालियो । संसारलाई नयाँ बाटो देखाउने काम त्यहींबाट सुरु भयो । विस्तारै पानीलाई बाँध बनाएर विद्युत् निकाल्न थालियो । केही वर्षपछि नै विश्वभर पानीबाट बिजुली निकाल्न थालियो ।

अमेरिकामा बिजुली निकालिएको २९ वर्षपछि नेपालमा पहिलो पटक बिजुली निकालियो । चन्द्र समसेरले पाँच सय किलोवाटको बिजुली राजधानी काठमाडौँको दक्षिण-पश्चिम फर्पिङमा बिजुली निकालियो । नेपालमा पढे-लेखका प्रधानमन्त्री भएर नै हुनुपर्छ चन्द्र समसेरले राणा दरबारका लागि नै भए पनि विद्युत् निकाल्ने राम्रो काम गरे । छिमेकी देशहरूमा विद्युत् उत्पादन पहिलेदेखि नै गर्न थालिएको भए पनि नेपालमा पहिलोपटक विद्युत् उत्पादन गर्ने चन्द्र समसेरको कदमलाई ढिला भन्न मिल्दैन । हुन त भारतमा नेपालभन्दा १३ वर्ष अघि नै बिजुली निकालिसकिएको थियो । अमेरिकामा बिजुली निकालिएको १६ वर्षपछि सन् १९९८ मा तत्कालीन बेलायली औपनिवेशिक सरकारले भारतको दार्जिलिङमा विद्युत् उत्पादन सुरु गरेको थियो । चीनले भने नेपालमा विद्युत् उत्पादनको एक वर्षपछि सन् १९१२ मा पहिलो पटक उत्पादन सुरु गर्‍यो । तर आज चीन विश्वमै बढी जलविद्युत् उत्पादन गर्ने सीमित मुलुकमा पर्दा नेपाल सम्भावना भएर पनि असाध्यै पछाडि छ ।

** प्रबन्ध सम्पादक, गोरखापत्र दैनिक*

३. नेपालमा विद्युत् शक्ति

६ दशक अघि नै नेपालमा ८३ हजार मेगावाट विद्युत् उत्पादन गर्न सकिनेसम्भावना अध्ययनले देखाएको भए पनि अझैसम्म दुई हजार मेगावाट पनि जलविद्युत् निकाल्न सकिएको छैन। झन्डै पन्ध्र वर्ष अघि नै १५ हजार मेगावाट विद्युत् शक्ति पैदा गर्ने योजना राखे पनि अझैसम्म योजनाहरूले मूर्त आकार ग्रहण गर्न सकेका छैनन् । हुन त नेपाल जलस्रोतको धनी देश भनेर पढियो र पढाइयो। कुल ८३ हजार मेगावाट बिजुली निकाल्ने क्षमता नेपालका नदीनालामा छ भनिन्छ तर यथार्थ अलि फरक छ। डा. हरिमान श्रेष्ठले सन् १९६६ मा विद्यावारिधि गर्दा नेपालमा कुल ८३ हजार मेगावाट जलविद्युत् उत्पादन क्षमता भएको कुरा बाहिर ल्याएको देखिन्छ। त्यसको अध्ययनको आधार विस्तृत रूपमा बाहिर आउन सकेन। त्यसैका आधारमा जलस्रोतमा ब्राजिलभन्दा दोस्रो धनी देशका रूपमा नेपाललाई चिनाउने यत्न गरियो, गरिँदै छ। हिमालमा हिउँ भएको भूखण्ड र साना ठुला ६ हजारभन्दा धेरै नदीनाला हिमालबाट तल झरेको यही तथ्याङ्क विद्यावारिधिमा उपयोग भएको हुन सक्छ।

सुरुको अध्ययनमा थप आयामहरू विस्तार हुँदै गएको पाइन्छ । प्राध्यापक नरेन्द्रमान शाक्यले गरेको त्यसपछिको अध्ययनमा भने ८३ हजार मेगावाट जलविद्युत् क्षमता नभएको देखाइएको छ । उहाँले नेपालका नदीनालामा ५३ हजार मेगावाट क्षमताको ऊर्जा उत्पादन गर्न सकिने आर्थिक तथा प्राविधिक सम्भावना रहेको बताउनुभएको छ। राष्ट्रिय योजना आयोगले सन् १९८५ मा गरेको अभिलेखीकरणले भने आर्थिक तथा प्राविधिक रूपमा नेपालमा जलविद्युत् उत्पादन गर्ने क्षमता ४३ हजार मेगावाट मात्र देखाएको छ। अहिले प्रचलनमा रहेको भनाइमा नेपालमा ५० हजार मेगावाट जलविद्युत् ऊर्जा निकाल्न प्राविधिक रूपमा सम्भव छ। यो आर्थिक र प्राविधिक रूपमा सम्भव भए पनि त्यसको दुई प्रतिशत हाराहारीमात्र विद्युत् उत्पादन गर्न नसक्नु हाम्रो अविकासको कारण हो; सम्भावना भएर पनि जलविद्युत्मा आधारित अर्थतन्त्र निर्माणमा मुलुक पछाडि पर्नु हो।

जलविद्युत् उत्पादनमा पछि पर्दा मुलुकको समग्र विकास पछाडि परेको छ। सन् १९७० कै दशकमा विश्व बैंकले कर्णाली आयोजना बनाउन खोजेको हो, भारतले अवरोध पैदा गऱ्यो। राजनीतिक दल र त्यसका अमुक नेताका कारण तीन दशक अघि बन्न लागेको अरुण स्थगित भयो। अहिले अरुण तेस्रो भारत सरकारले निर्माण गर्दै छ। भन्नै पर्छ, विगत लामो समयदेखि नेपालमा जलविद्युत्को सम्भावना प्रचुर भएको विषयमा पठनपाठन, गोष्ठी, सम्मेलन आदि हुँदै आए, अझै हुँदै छन् तर नेपाल अझै पनि जलविद्युत्मा आत्मनिर्भर हुन सकेको छैन।

केही महिना अघि उत्पादित बिजुली खेर गयो भन्ने कोलाहल मच्चियो। प्रसारण लाइन समयमा नबनेका कारण सोलुखुम्बु लगायतका कति भूभागमा उत्पादित बिजुली खेर गइरहेको छ। बल्ल प्रसारण लाइन पूरा हुने खबर सम्प्रेषण भएको छ र सोलुलुम्बुका आठ वटाभन्दा बढी जलविद्युत् आयोजनाहरूका लगानीकर्तामा केही आशा पलाएको छ। विद्युत्का लगानीकर्ताले लामो समयदेखि कुनै लाभ पाएका छैनन् । अब भने पाउने आशामा छन्।

केही महिना अघि भारतमा विद्युत् निकासी आरम्भ पनि भयो। ऊर्जा तथा सिँचाइ मन्त्री पम्फा भुसालले आफ्नो पाँच महिना कार्यकालमा यसलाई मुख्य सफलताका रूपमा राख्नुभएको छ। तर त्यसले निरन्तरता पाउन सकेको मान्न सकिन्न । चिसो बढेसँगै हिमालमा हिउँ जम्न थाल्यो। विद्युत् उत्पादन भइरहेका नेपालका नदीनालामा पानीको प्रवाह घट्न थाल्यो। निकासीमा हौसिएको अवस्थामा बिराम लाग्यो। मङ्सिर लागेसँगै ६ सय मेगावाट विद्युत् भारतबाट आयत गर्न थालिएको छ। पुस-माघमा निरन्तर बत्ती जाने समस्याले भरपर्दो विद्युत् सेवा अझै समस्यामा छ।

ब्राजिलपछि धनी भनिएको नेपालमा निजी क्षेत्रको लगानी बढिरहेकै छ तर अझै जलविद्युत् अर्थतन्त्र बलियो बनिसकेको छैन। देशलाई धनी बनाउने त कता हो कता, आवश्यकताअनुसार जलविद्युत् आयोजना तयार हुन सकेका छैनन्। जलविद्युत्मा आधारित अर्थतन्त्र निर्माणमा मुलुकको ध्यान जान सकेको छैन। झन्डै दुई खर्ब रुपैयाँको पेट्रोलियम आयातलाई प्रतिस्थापन गर्ने दिशातिर काम हुन सकेको छैन।

४. ऊर्जाको भावी स्वरूप

ऊर्जाको भावी स्वरूपबारे विश्वभर विमर्श हुँदै आएको छ। स्ट्यान्फोर्ड विश्वविद्यालयका भविष्यवेत्ता (फ्युचरिस्ट) टोनी सेवाले सन् २०३० सम्ममा स्वच्छ ऊर्जामा उल्लेखनीय विकास हुने उल्लेख गरेका छन्। त्यस सन्दर्भमा **ऊर्जा र यातायातको स्वच्छ हलचल** (क्लिन डिसर प्सन अफ इनर्जी एन्ड ट्रान्सपोर्टेसन) नामक किताबमार्फत् आकलन गरेअनुसार स्वच्छ ऊर्जाले विश्वको स्वरूप परिवर्तन गरेको छ। सो पुस्तकका अनुसार अमेरिकामा सन् २०३० सम्ममा चालक विनाका स्वचालित विद्युतीय गाडीको व्यापक प्रयोग हुने छ। ऊर्जाको स्वरूपले संसारलाई परिवर्तन गर्न सकिने छ। अन्य मुलुकमा पनि यो अभ्यास बढ्ने छ।

विगत दुई सय वर्षमा ऊर्जाले मानव व्यवहारमा व्यापक परिवर्तन गरेको छ। विद्युत् र सूचना प्रविधिले भावी स्वरूप चामत्कारिक हुने छ। सूचना प्रविधिको पहुँच विस्तार व्यापक हुने छ। विश्वमा उबर जस्ता निजी कम्पनीबाट सञ्चालित गाडी चाहेको स्थानमा तुरुन्त मगाउन सकिने छ। त्यसले गर्दा खर्चिलो निजी गाडी आवश्यक पर्ने छैन। यसले गाडीको सङ्ख्या ८० प्रतिशतले कम हुने छ। स्टोरेज ब्याट्री प्रविधिमा हुने विकासले विद्युतीय गाडीको प्रयोग विष्फोटक रूपमा बढ्ने छ। जलविद्युत् जस्तो स्वच्छ ऊर्जाको बढी प्रयोग हुने छ। गाडी कम हुँदा पार्किङ ठाउँ पनि कम हुने छ। त्यसमा आवास वा हरित क्षेत्र विस्तार गर्न सकिने छ। स्वच्छ ऊर्जामा जलविद्युत्को महत्त्व बढे पनि सौर्य ऊर्जाको व्यापकता तथा आवणिक ऊर्जाको विकासले जलविद्युत् ऊर्जामा चुनौती विकास हुन सक्ने छ। नेपालले केही वर्षभित्रै जलविद्युत् ऊर्जाको विकास गर्न सकेन भने अन्य नवीकरणीय ऊर्जाले त्यसको विस्थापन गर्ने छ। भारत, बङ्गलादेश र चीन लगायतका मुलुकमा विद्युत् निर्यात गर्ने विषय योजनामै सीमित हुने छ। निर्यात अघि देशभित्रै उद्योगधन्दाको विकास गरेर बढी भएको विद्युत्मात्र निर्यात गर्नु जरुरी छ।

विश्वमा अहिले पानीको बहावबाट सबैभन्दा बढी विद्युत् क्यानडाले उत्पादन गरिरहेको छ। संयुक्त राज्य अमेरिका, ब्राजिल, चीन, रसिया, नर्वे लगायतका देशमा पानीको वेगबाट प्राप्त स्वच्छ ऊर्जाको उच्च मात्रामा उत्पादन भइरहेको छ । अति कम लागतमा उत्पादन गर्न सकिने विद्युतीय ऊर्जाको ती मुलुकहरूले फाइदा उठाइरहे पनि नेपालले जलभण्डारबाट आशातीत फाइदा लिन सकिरहेको छैन।

५. नेपालमा जलविद्युत्को संस्थागत विकास

नेपालमा पहिलो पटक बिजुली निकालिएको धेरै पछिमात्र अर्को जलविद्युत् आयोजना बन्यो। सन् १९११ (वि.सं. १९६८) मा फर्पिङमा बनेको आयोजनापछि धेरै समय नेपालमा जलविद्युत् आयोजना बनेनन्। पहिलो आयोजना स्थापनाको २५ वर्षपछि सन् १९३६ मा सुन्दरीजलमा ६४० किलोवाटको बिजुली निकालियो। मोरङ जलविद्युत् कम्पनी सन् १९३९ मा स्थापना भयो। यो निजी क्षेत्रको पहलमा भएको थियो। यसले चिसाङ खोलामा शिखरबास जलविद्युत् आयोजना निर्माण गरी सन् १९४२ मा ६७७ किलोवाट जलविद्युत् निकालेको थियो। तर यो आयोजना सन् १९६० मा पहिरोका कारण पूर्ण क्षति भएको थियो।

नेपालमा जलविद्युत्को संस्थागत विकासको थालनी भने पहिलो पञ्चवर्षीय योजनामै भयो। वि.सं. २०१३-१८ सम्मको पहिलो पाँच बर्से योजनाबद्ध विकासका समयमा २० मेगावाट जलविद्युत् उत्पादन गर्ने लक्ष्य निर्धारण भए पनि सो लक्ष्य पूरा भएन। मुलुकमा चौध वटा योजनाबद्ध विकासको साढे ६ दशकमा पनि देशलाई स्वनिर्भर बनाउन सक्ने विद्युत् आयोजनाहरू बन्न सकेका छैनन्।

नेपालमा जलविद्युत्को संस्थागत प्रयास हुन पनि लामो समय नै लाग्यो। सन् १९६२ मा नेपाल विद्युत् कर्पोरेसन स्थापना भयो। यो संस्थालाई ट्रान्समिसन र वितरणसमेत जिम्मेवारी दिइयो। तर मूलरूपमा विद्युत् विकास विभागले जलविद्युत् उत्पादन गर्ने गरेको थियो। सन् १९६० को दशकमा पनौती र त्रिशूली जलविद्युत् आयोजनाहरू निर्माण भएपछि जलविद्युत्को क्षमता विस्तार भयो। अहिले नेपालमा कुल जलविद्युत् आयोजनामध्ये सयभन्दा बढी लघु जलविद्युत् आयोजनाहरू सञ्चालनमा छन्। तिनीहरूले पाँच मेगावाटभन्दा बढी जलविद्युत् उत्पादन गरिरहेका छन्।

नेपालमा जलविद्युत्को विकासका लागि २०४१ साल भदौ २ गते नेपाल विद्युत् प्राधिकरणको स्थापना भएपछि आन्तरिक तथा बाह्य सहयोगमा जलविद्युत् आयोजनाको काम अगाडि बढ्यो तर बढी लागत र समयमा आयोजना सम्पन्न हुन नसक्ने महारोगले भने समाएकै छ। प्राधिकरणको स्थापना नेपाल जलविद्युत् विकासका लागि महत्त्वपूर्ण कोशेढुङ्गा थियो। नेपाल विद्युत् प्राधिकरण ऐनले स्थापना भएको प्राधिकरणले नै नेपाल जलविद्युत् उत्पादन, विकास र विस्तारको नेतृत्व गरिरहेको छ। कुलमान घिसिङको नेतृत्वमा प्राधिकरणले तीव्र गति लिने विश्वास अघिल्लो कार्यकालमा भए पनि यो पटक भने त्यसै गरी काम अगाडि बढ्न नसकेको आम अनुभव छ। तीन वर्ष अघि नै लोडसेडिङ मुक्त भएको मुलुक अहिले प्राविधिक कारणले भए पनि घण्टौं लोडसेडिङको मारमा छ। विद्युत् कटौतीले विश्वासिलो ऊर्जा आपूर्तिको वातावरण बन्न सक्दैन।

चिप्ले किराको गतिमै भए पनि विद्युत् उत्पादनमा देश अगाडि बढ्दै छ। नेपाल विद्युत् प्राधिकरणका अनुसार नेपालमा १३८९.३९ मेगावाट (२०७८ भदौ) जलविद्युत् उत्पादन भएको छ। त्यसमध्ये सरकार प्रयासमा ५७७.३९ मेगावाट उत्पादन भएको छ। यो राष्ट्रिय प्रसारण लाइनमा जोडिएको छ। प्रसारण लाइनमा जोड्न बाँकी चार दशमलव ५४ पनि छ। त्यसै गरी जैविक इन्धन अर्थात् थर्मल योजनाबाट ५३.४१ मेगावाट र सौर्य ऊर्जाबाट ११.०६ मेगावाट जलविद्युत् उत्पादन भएको छ। निजी क्षेत्रबाट ७३२ मेगावाट विद्युत् उत्पादन भएको छ। यो लगभग वर्षायामको आँकलन हो। नेपालमा ऊर्जाको उच्चविन्दु एक हजार चार सय मेगावाट हो। तर हिउँद लागेसँगै नेपालमा विद्युत् उत्पादनको अवस्था आठ सय मेगावाटमा सीमित हुन्छ। यो वर्ष पनि भयो। त्यसैले मङ्सिर लागेसँगै छ सय मेगावाट बिजुली भारतबाट ल्याउनुपरेको हो। नेपालमा झन्डै पाँच हजार मेगावाटका विद्युत् आयोजना निर्माणाधीन छन्।

नेपालमा ८६.४४ प्रतिशत जनआवादीमा विद्युतीकरण भएको नेपाल विद्युत् प्राधिकरणको अभिलेखमा उल्लेख छ। त्यसअनुसार ५० लाख १४ हजार ८७ ग्राहकलाई विद्युत् सेवा पुऱ्याइरहेको देखिन्छ। दुई वर्षपछि २०८० सालमा शतप्रतिशत नेपाली घरपरिवारलाई विद्युत् पुऱ्याउने लक्ष्य छ। यो चुनौतीपूर्ण छ। छरिएर रहेको बस्ती भएकाले प्रसारण लाइनको अभावमा शतप्रतिशत नेपालीको घरपरिवारमा विद्युत् सेवा पुऱ्याउन कठिन छ।

नेपाल विद्युत् प्राधिकरणले प्रणालीबाट चुहावटलाई आशातीत घटाउन सकेको छैन। उत्पादित बिजुलीको झन्डै २५ प्रतिशतसम्म चुहावट थियो। त्यसलाई घटाएर तीन वर्ष अघि १५ प्रतिशत हाराहारीमा झारिए पनि फेरि बढ्यो। नेपाल विद्युत् प्राधिकरणका अनुसार गत आर्थिक वर्षमा १७.१८ प्रतिशत चुहावट रहेकोमा झन्डै तीन प्रतिशतले चुहावट घटाउने योजना अहिले कार्यान्वयनमा छ।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङको नाम नेपालको जलविद्युत् ऊर्जामा चम्किलो नाम पक्कै हो। घिसिङले विद्युत् कटौतीको अन्धकारबाट नेपाललाई उज्यालो नेपाल बनाएको इतिहास छ। केपी ओली सरकारमा रहँदा उनको प्राधिरकणको कार्यकारी निर्देशकमा निरन्तरता हुन सकेन। वर्तमान शेरबहादुर देउवाको सरकार गत असारमा आएपछि घिसिङको फेरि नियुक्ति भयो। कार्यकारी निर्देशकमा नियुक्ति नेपाल विद्युत् प्राधिकरणको चुहावट नियन्त्रण हुनुका साथै डिजिटल युगमा प्रवेश गराउने प्रयास भएको दाबी गरिएको छ। डिजिटल नेपालको अभिन्न अङ्गका रूपमा डिजिटल प्राधिकरणले उपभोक्तालाई सहज सेवा दिन सक्छ। तर बढ्दो विद्युत् उत्पादनमा पनि भारतकै भर पर्नु, विद्युत् अनियमिता हुनु आदिले जलविद्युत्मा अहिले पनि आशाभन्दा निराशा बढी छ। यस्तो कार्यले जलविद्युत्मा आधारित अर्थतन्त्र निर्माण हुन सक्दैन।

६. विद्युत् पहुँचको अवस्था

नेपालमा ४० लाख ५३ हजार घरपरिवारले विद्युत् उपभोग गरिरहेका छन्। यसमा लघु जलविद्युत्बाट लाभान्वित भएका झन्डै ५ लाख ५० हजार ग्राहकको सूची समावेश छैन। ८५ प्रतिशतले उपभोग गरिरहेको भए पनि ९० प्रतिशतमा पूर्वाधार पुगिसकेको छ। एक वर्षमा नेपाल विद्युत् प्राधिकरणले ७१ अर्ब २८ लाख रुपैयाँको विद्युत् उत्पादन गर्छ। यो गत आर्थिक वर्षको उत्पादन हो। त्यसको अघिल्लो आर्थिक वर्षमा ७६ अर्ब ३१ करोड रुपैयाँको ऊर्जा उत्पादन भएको थियो।

नवीकरणीय ऊर्जाको सम्भावना प्रचुर भएर पनि सीमित अवस्थामा खुम्चनु आफैसँग कस्तुरी भएर पनि मृगले त्यो गन्ध थाहा पाउन दौडनु जस्तै हो।

विश्वको कुल ऊर्जाको १६.६ प्रतिशत ऊर्जा जलविद्युत् ऊर्जामा निर्भर छ। सौर्य, बायो, आणविक ऊर्जातिर संसारको ध्यान छ। सबैसित जलविद्युत्को स्रोत छैन तर हामीले भएर पनि खेर फालिरहेका छौं। नेपालभन्दा सानो देश भुटानले तीन हजार छ सय मेगावाट विद्युत् भारतलाई बेचेर नेपालभन्दा चार गुण बढी प्रतिव्यक्ति आयमा रमाउन थालेको धेरै भइसक्यो।

७. नेपालको भावी दिशा

नेपाल स्वच्छ पानीको भण्डार भएको भू-स्वर्ग हो । विश्वकै २.७ प्रतिशत स्वच्छ पानी नेपालमै छ। पिउने पानी र जलस्रोतमा नेपालले संसारलाई बाटो देखाउन सक्छ । स्वच्छ पानीमा ब्राजिलपछि दोस्रो स्थानमा आए पनि हाम्रो ध्यान जान सकेन । राम्रो लगानीमैत्री नीति बन्न सकेन । आर्थिक रूपमा प्रचुर सम्भावना दिनदिनै खेर गइरहेको छ। पानीबाट निकाल्नै विद्युत्मा अन्य बायो ऊर्जाजस्तो प्रदूषण हुँदैन।

नेपालमा ठुला आयोजना बन्न नै सकेनन् । माथिल्लो तामाकोसी आयोजना अघि कालिगण्डकीको १४४ मेगावाटको सबैभन्दा ठुला आयोजना रहेको थियो। नेपाल विद्युत् प्राधिकरणले मातहतमा आएको विद्युत् १ हजार ९५ मेगावाट मात्र हो। पचास हजार मेगावाट आर्थिक तथा प्राधिक रूपमा सम्भव भए पनि यो अति सानो अंश मात्र हो । गण्डकी, कोसी, कर्णालीसँगै नेपालमा ६ हजार वटा साना ठुला नदी र खोलाहरू छन् । तिनीहरूबाट ५० हजार मेगावाट जलविद्युत् उत्पादन गर्न पक्कै सकिन्छ। नदी प्रणालीमा मात्र निर्भर भएर होइन, जलाशययुक्त आयोजनाहरूमा ध्यान दिनुपर्छ।

नेपालामा २० लाख २ हजार घनमिटर जलायशययुक्त आयोजना बनाउन मिल्ने अध्ययनसमेत आएको छ। जलविद्युत् आयोजना निर्माण गरेर ऊर्जाको विकास मात्र गर्न सकिन्न कि सिँचाइ, जलयातायात, पर्यटन, मनोरञ्जन, माछापालन, लगायतका गर्न सकिन्छ। पर्यावरणीय सन्तुलनमा आधारित विकास गर्न सकिन्छ । अहिले थालनी गरेका आयोजनाहरू समयमा पूरा भए भने वार्षिक तीन खर्ब रुपैयाँ ऊर्जाबाट प्राप्त गर्न सकिन्छ। निर्धारित लक्ष्यअनुसारका आयोजना सन् २०३० सम्म बन्न सके भने वार्षिक १० खर्ब रुपैयाँभन्दा बढी आम्दानी जलविद्युत्बाट प्राप्त गर्न सकिन्छ।

८. जलविद्युत् उत्पादनको चुनौती

नेपालमा जलविद्युत् ऊर्जा उत्पादनमा अझै पनि ठुलो समस्या छ, धेरै चुनौती छन् । जलविद्युत् उत्पादन गर्नेहरूले चुनौती भोगिरहेका छन् । कमजोर भू-धरातल छ । भौगोलिक विविधताले बाढी आउने र भूस्खलनको समस्या छ, ग्रेगरेन, बालुवा आदि थुप्रने समस्या छ, लगानीको स्रोतमा समस्या छ । आयोजना समयमा पूरा हुँदैनन् । माथिल्लो तामाकोसी आयोजना पूर्व निर्धारितभन्दा दोब्बरभन्दा बढी लागत र समय लाग्यो। त्यसले लगानी महँगो बनाएको छ।

जलविद्युत् लगानीका लागि आर्थिक स्रोत र साधनको अभाव छ । लगानी प्रधान हो, श्रम प्रधान होइन। निजी क्षेत्र पनि लागत लाभमैत्री भएको छैन। बैंक तथा वित्तीय संस्थाहरू तत्काल मुनाफा आउने क्षेत्र हेर्छन्। यो दीर्घकालीन लगानीको क्षेत्र हो। सन् २०३० सम्म नेपाललाई ४२८० मेगावाट जलविद्युत् आवश्यक पर्छ। तर त्योभन्दा बढी विद्युत् खपत गर्ने गरी देशको कृषि, पर्यटन, उद्योग र सेवा क्षेत्रलाई विस्तार गर्नु वाञ्छनीय छ।

९. जलविद्युत् आर्थिक विकासको आधार

नेपालमा जलविद्युत् नै आर्थिक विकासको आधार हो । अहिले न्यून लगानीको दुष्चक्रमा फसेको जलविद्युत् क्षेत्रलाई योभन्दा माथि उकास्नुपर्छ। निजी, सरकारी र बाह्य लगानीको व्यापक फैलावट जरुरी छ। भरपर्दो विद्युत् पूर्वाधार विकासका लागि सरकारले हात अगाडि बढाउनुपर्छ। उत्पादित बिजुलीलाई सस्तो दरमा औद्योगिक प्रयोजनका लागि दिएर देशभित्रै रोजगारी सिर्जना गरिनुपर्छ।

आयात प्रतिस्थापन गर्ने तमाम वस्तुहरूको देशभित्रै उत्पादन गर्नका लागि नीति, योजना र कार्यक्रम बनाउनुपर्छ । सस्तो ऊर्जा र सस्तो श्रममा आन्तरिक खपत्का वस्तु तथा सेवा उत्पादनमा ध्यान दिनुपर्छ। विद्युतीय वस्तु आयातभन्दा यही उत्पादन गर्न वैदेशिक लगानीलाई आकर्षित गरिनुपर्छ । विदेशमा रहेका ५० लाख मानिसले विद्युत्मा आधारित यातायात, उद्योग, पर्यटन, कृषि आदि अर्थतन्त्र निर्माण गरी स्वेदश आउने वातावरण बनाउनुपर्छ । नेपालमा आगामी दश वर्षमा कुल गार्हस्थ उत्पादनलाई तेब्बर बनाउने नीति, योजना र कार्यक्रमबाट देशको मुहार उज्यालो हुन सक्छ।

***

बैंकिङ कारोबारको पूर्ण समाधान

(मुख्य शाखा कार्यालय, विशालबजार)

दुर्गा कँडेल (छत्कुली)*

पृष्ठभूमि

नेपालमा औपचारिक रूपमा बैंकिङ क्षेत्रको सुरुवात वि.सं. १९९४ सालमा नेपाल बैंक लिमिटेडको स्थापनाबाट भएको पाइन्छ। २०१३ सालमा केन्द्रीय बैंकका रूपमा नेपाल राष्ट्र बैंकको स्थापना भयो। नेपाल राष्ट्र बैंकको स्थापनाको केही वर्षपछि विशिष्टीकृत वित्तीय संस्थाहरूका रूपमा नेपाल औद्योगिक विकास निगम (२०१६) र सहकारी बैंक (२०१६) को स्थापना भयो। त्यसपछि २०२२ सालमा दोस्रो वाणिज्य बैंकका रूपामा राष्ट्रिय वाणिज्य बैंकको स्थापना भयो। तत्पश्चात् नेपालमा सरकारी स्वामित्वका दुई वाणिज्य बैंकहरू सञ्चालनमा आई बैंकिङ सेवा विस्तारको जिम्मेवारी लिए। २०२४ सालमा कृषि विकास बैंकको स्थापना भयो।

विश्वव्यापी रूपमा भूमण्डलीकरणको प्रकृया सुरुवात भएसँगै नेपालमा विस्तारै आर्थिक र वित्तीय उदारीकरणको प्रभावबाट २०४१ सालमा पहिलो विदेशी लगानीमा नेपाल अरब (नबिल) बैंकको स्थापना भयो। बहुदलीय व्यवस्थामा वित्तीय संस्थाहरू खोल्न जोड दिई वैदेशिक र स्वदेशी निजी लगानीमा बैंक तथा वित्तीय संस्थाहरू खोल्ने सम्बन्धमा सहज नीतीहरू अवलम्बन गरियो। २०५२ सालदेखि २०६३ सालसम्म चलेको आन्तरिक सशस्त्र द्वन्द्वका समयमा अन्य आर्थिक गतिविधिहरू शिथिल भए पनि बैंक तथा वित्तीय क्षेत्रको विस्तार तीव्र रूपमा रह्यो। २०६८ असारमा 'क' वर्गका वाणिज्य बैंकहरू ३१ वटा, 'ख' वर्गका विकास बैंकहरू ८८, 'ग' वर्गका वित्त कम्पनीहरू ७९ र 'घ' वर्गका लघुवित्त संस्थाहरू २१ गरी जम्मा २१९ वटा बैंक तथा वित्तीय सस्थाहरू सञ्चालनमा आए। अर्थतन्त्रले धान्नै नसक्ने गरी बैंक तथा वित्तीय संस्थाहरूको विकास भएको महसुस गरी २०६८ सालमा नेपाल राष्ट्र बैंकले मर्जर विनियमावली ल्यायो। २०७८ असोज मसान्तमा आइपुग्दा नेपालमा बैंक तथा वित्तीय संस्थाहरूको सङ्ख्या 'क' वर्गका वाणिज्य बैंकहरू २७ वटा, 'ख' वर्गका विकास बैंकहरू १८, 'ग' वर्गका वित्त कम्पनीहरू १७ र 'घ' वर्गका लघुवित्त संस्थाहरू ६९ गरी जम्मा १३१ बैंक तथा वित्तीय संस्थाहरू र तिनका ६१०१ शाखाहरूबाट वित्तीय सेवा विस्तार हुँदै आएको छ।

२०२२ साल माघ १० गते स्थापना भई अनवरत रूपमा नेपाली अर्थतन्त्रमा वाणिज्य बैंकिङ सेवा पुऱ्याउने काममा अग्रसर रहेको राष्ट्रिय वाणिज्य बैंक २०७८ कार्तिक मसान्तसम्म आइपुग्दा निक्षेप रु. २ खर्ब ३१ अर्ब र निक्षेप ग्राहक सङ्ख्या ३४ लाख ७७ हजार १३९; कर्जा रु. २ खर्ब ८ अर्ब र कर्जा ग्राहक सङ्ख्या १ लाख ७६ हजार; शाखा सङ्ख्या २५७, एटिएम २०५, मोबाइल बैंकिङ १२,६६२, बिएलबी ९५ र २३ सयभन्दा बढी कर्मचारी कार्यरत रहेको अवस्था विद्यमान छ। यही परिवेशभित्र राष्ट्रिय वाणिज्य बैंकको सबैभन्दा ठुलो शाखा मुख्य शाखा कार्यालयको हालको सापेक्षित अवस्था कस्तो छ ? विशाल बजारले गर्ने बैंकिङ कारोबारको अवस्था के हो ? यसले परिवर्तित सन्दर्भमा कस्तो भूमिका निर्वाह गर्नु समयसापेक्ष हुन सक्छ ? भन्ने सन्दर्भमा केन्द्रित गरी २०७८ मङ्सिर मसान्तको तथ्याङ्कका आधारमा यस लेखलाई विश्लेषण गरिएको छ।

मुख्य शाखा कार्यालय राष्ट्रिय वाणिज्य बैंकको ऐतिहासिक शाखा हो। यो शाखा वि.सं. २०२२ साल माघ १० गते पहिलो खाता राजा महेन्द्रका नामबाट खोली स्थापना भएको थियो। माघ १० गते १२ जना व्यक्तिबाट रु. १६,२०० निक्षेपबाट सुरु भएको उक्त शाखाको २०७८ मङ्सिर मसान्तसम्म आइपुग्दा निक्षेप रु. १० अर्ब २३ करोड, ३४ हजार ४ सय ग्राहक सङ्ख्या, कर्जा १३ अर्ब १६ करोड, १७०० भन्दा बढी कर्जा ग्राहक सङ्ख्या पुगेको छ; १ एक्टेन्सन काउन्टर र ४ एटिएम सेवा सञ्चालनमा रहेका छन् भने ३२ जना स्थायी, २ जना भू.पु., ४ जना आउटसोर्स कर्मचारी र १३ जना सुरक्षागार्ड गरी जम्मा ५१ जना कार्यरत रहेका छन्। २०७८ असारमा समग्र वाणिज्य बैंकको करिब ५ प्रतिशत निक्षेप, ६ प्रतिशत कर्जा र करिब १५ प्रतिशत नाफाको हिस्सा मुख्य शाखा कार्यालयले ओगटेको छ। काठमाडौंको मुटु न्युरोडमा अवस्थित विशालबजारमा रहेको मुख्य शाखा कार्यालय समग्र बैंकिङ कारोबारको पूर्ण समाधान हो भन्नु अत्युक्ति नहोला। यस शाखा कार्यालयबाट सञ्चालन हुने सेवाहरूलाई सङ्क्षिप्त रूपमा यसरी उल्लेख गरिन्छ :

(१) **निक्षेप सङ्कलन:** ३४ हजार ५ सयभन्दा बढी ग्राहकबाट १० अर्बभन्दा बढी निक्षेप सङ्कलन रहेको छ। यस शाखामा रहेको निक्षेपको अवस्थालाई समग्र वित्तीय क्षेत्र, वाणिज्य बैंकहरू र राष्ट्रिय वाणिज्य बैंकसमेतको मिक्स कस्तो छ त ? भन्ने जिज्ञासा तलको चार्टबाट मेटाउन सकिन्छ।



* *मुख्य प्रबन्धक, मुख्य शाखा कार्यालय, विशालबजार, राष्ट्रिय वाणिज्य बैंक*







राष्ट्रिय वाणिज्य बैंकको निक्षेपको ५ प्रतिशतभन्दा माथि यस शाखाको निक्षेप रहेको छ। मङ्सिर मसान्तमा यस शाखाको निक्षेप १० अर्ब २३ करोड रहेको छ। २०७८ जेठमा यस शाखाको निक्षेप १५ अर्बभन्दा माथि रहेको थियो। सबै प्रकारका निक्षेप खाताहरू Special Saving Account, Golden Saving Account, Mahalaxmi Saving Account, Chhuna Muna Saving Account, Karma Yogi Saving Account, Teachers Saving Account, Social Security Saving Account, Civil Pension Saving Account, Army Salary Saving Account, NTC Pension Saving Account, Nepal Police Saving Account, Tribhuwan University Pension Saving, Diamond Saving Account, Dirghayu Saving Account, Staff Saving Deposit Account, RBB Sambridhi Saving Account, Salary Saving Deposit Account, etc. को सेवा यस शाखामा उपलब्ध छ। यस शाखामा रहेका निक्षेप खाताहरूमा दैनिक रूपमा अर्बौंको रकम जम्मा र खर्च हुने गर्दछ। यसलाइ निक्षेप सङ्कलन सेन्टरका रूपमा मान्न सकिन्छ। यस शाखामा रहेको निक्षेपको मिक्स समग्रमा राम्रो मानिन्छ। कल तथा चल्ति निक्षेपको मात्रा करिब ४१ प्रतिशत रहेकाले ब्याज खर्च कम लाग्ने हुँदा नाफा वृद्धिमा सहजता हुन्छ। अर्कोतिर मुद्दती निक्षेपको अवस्था सबल रहनुले लगानीमा सहयोग पुग्दछ। निक्षेपको अवस्थालाई हेर्दा समग्र वित्तीय क्षेत्र, वाणिज्य बैंकहरू र स्वयम् राष्ट्रिय वाणिज्य बैंकको निक्षेप मिक्सको तुलनामा मुख्य शाखा कार्यालयको निक्षेप मिक्स उत्तम देखिन्छ।

(२) **कर्जा लगानी** : यस शाखाको कर्जा लगानी १३ अर्बभन्दा माथि रहेको छ। यस शाखाबाट सबैभन्दा बढी लगानी Project Term Loan मा भएको छ। यस शाखाबाट वाणिज्य बैंकले उपलब्ध गराउने Term Loan, Personal Term Loan, Deprived Sector Term Loan, Education Term Loan , Project Term Loan, Pledge Loan , Advance on Credit, Agriculture Subsidy Working Capital Loan, Peshakarmi Saral Working Capital Loan, Home Loan, Earthquake Home Loan, Mahalaxmi Home Loan, Your Own Home Loan, Peshakarmi Saral Term Loan, Hire Purchase Loan, Business Overdraft Loan, Personal Over Draft Loan, Trust Receipt Loan, Trust Receipt Loan USD, Documentary Bills NPR, Mortgage Loan, Loan Against Shares, Auto Loan, Loan Against Gold and Silver, Loan Against FDR (Own Bank), Bank Guarantee Claim Loan, Other Loans, Employee Rice Loan, etc. प्रोडक्टहरूमा लगानी गरिएको छ। १ हजार ७ सयभन्दा बढी कर्जाका ग्राहकहरू रहेका छन्। कर्जाको महत्त्वपूर्ण पाटो Non Funded Loan को पनि कारोबार सबल रहेको छ। २०२१ देखि २०२२ सम्म आइपुग्दा ४०० भन्दा बढी प्रतीतपत्र जारी भएका छन् भने बैंक ग्यारेन्टी १०० को नजिक जारी भएका छन्। यस शाखाबाट डिएए, डिएपि को कारोबार पनि हुने गर्दछ। निजी क्षेत्रका बैंकहरूको स्थापना हुनु अघि मुख्य शाखा कार्यालय प्रतीतपत्रको कारोबारका लागि नेपाल कै धेरै कारोबार गर्ने शाखाका रूपमा रहेको मानिन्छ।

(३) **ATM सेवा** : यस शाखाबाट ४ वटा ATM Machine सञ्चालित छन्। विशालबजारस्थित कार्यालय भवन भित्र, भूगोलपार्कस्थित विशालबजार गेट, न्युरोड गेट र रत्नपार्कमा ATM Machine रहेका छन्। दैनिक १ करोडभन्दा बढीको रकम ATM Machine बाट Withdraw हुने गर्दछ।

(४) **रेमिट्यान्सको कारोबार** : यस शाखाबाट रेमिट्यान्सको कारोबार हुने गर्दछ। विभिन्न रेमिट्यान्सबाट पठाउने रकमहरूको भुक्तानी गरिने तथा खातामा जम्मा गरिने कार्य यस शाखाबाट सजिलैसँग गर्न सकिन्छ। दैनिक सयौं मानिसको रकम भुक्तानी दिने काम यस शाखाबाट गर्ने गरिन्छ।

(५) **विदेशी मुद्रा तथा चेकको कारोबार** : विदेशी मुद्राको नेपाली मुद्रासँग सटही गर्ने, विदेशी मुद्रा विदेशमा पठाउने, विदेशी चेकहरू सङ्कलन गरेर कलेक्सनमा पठाई चेकको रकम खातामा जम्मा गरिदिने जस्ता कारोबार यस शाखाबाट गर्ने गरिन्छ। यस शाखाबाट AED (UAE Dihram),THB (Thai Bhat), MYR (Malaysian Ringit),CNY (Chinese Yuan) INR (Indian Rupee), USD (US Dollar), GBP (Great Britain Pound), AUD (Australian Dollar), EURO, CAD (Canadian Dollar), CHF (Swiss Frank), KRW (S. Korean Won), JPY (Japanese Yen), DKK (Denish Croner), HKD (Hongkong Dollar), SAR (Saudi Riyal),etc. विदेशी मुद्राको सटही कारोबार गरिन्छ। विदेशमा पढ्न जाने विद्यार्थी

हुन् वा खाडीमा मजदुरी गर्न जाने श्रमिकहरू हुन्, चाहे तेल भिसामा विदेश जाने बाबु-आमा, विदेशी मुद्रा आवश्यक भई आउनेहरूलाई सटही सुविधा पूरा गर्ने प्रयास यस शाखाबाट हुने गर्दछ।

(६) **Cheque Clearing को कारोबार** : विभिन्न बैंकहरूका Cheque हरू Nepal Clearing House मार्फत कारोबार गरी सम्बन्धित खातावालाहरूको खातामा रकम छिटो माध्यमबाट जम्मा गर्ने काम गरिन्छ। यस्ता Cheque हरू एकै दिनमा सयौँको सङ्ख्यामा रहेका हुन्छन्।

(७) **लकर सेवा** : यस शाखामा लकरको सुविधा रहेको छ। ठाउँ अभावका कारण १००० जनाको यो सुविधा दिन सक्ने भएकोमा निकट भविष्यमा वसन्तपुरस्थित आफ्नै भवनबाट कारोबार सुरु भए लगत्तै ग्राहकको मागबमोजिम सेवा दिने तयारीमा शाखा रहेको छ।

(८) **सन्ध्याकालीन सेवा** : यस शाखाबाट सन्ध्याकालीन सेवाको अवसर ग्राहकलाई उपलब्ध गराइएको छ। कोभिड-१९ का कारण केही समय बन्द गरिएकोमा मङ्सिर देखि सुचारु भएको छ। यस सेवाबाट ग्राहक वर्गलाई सुविधा भएको छ भने निक्षेप सङ्कलनमा सहजता भएको छ।

(९) **Extension Counter** : ग्राहकहरूको सेवालाई ध्यानमा राखी लामो समयदेखि यस शाखाबाट Extension Counter सेवा सञ्चालित छ। बजारको सम्भाव्यता हेरी आफ्नो कारोबारमा वृद्धि हुने अवस्था आएमा Extension Counter सेवा दिनु आजको आवश्यकता हो भन्ने ठहर बैंकको रहेको छ।

(१०) **Pension Payment** : पेन्सन लिने व्यक्तिको ६/६ महिनामा नवीकरण गर्ने तथा नयाँ पेन्सनरलाई खाता खोली पेन्सन लिने वातावरण तयार गरिदिने र उनीहरूको आवश्यकता अनुसारको सेवा दिने कार्य भइरहेको छ।

(११) **ASBA, E-Sewa, DMAT, Mero share, etc** : बढ्दो सेयर कारोबारसँगै ग्राहकको हितलाई ध्यानमा राखी खातावाला ग्राहकको DMAT खाता खोल्ने, C-ASBA खोल्ने तथा सो सेवामार्फत रकम पठाउने तथा जम्मा गरिने कार्य गरिन्छ।

(१२) **Digitalization को प्रयोग** : यस शाखाबाट RTGS, Connect IPs, IPS, Swift Transfer, TT, Mobile Banking etc. जस्ता कारोबार Digitalization को माध्यमबाट गर्ने गरिन्छ। कोभिडको महामारीसँगै पहिलो र दोस्रो लहरले निम्त्याएको लकडाउनको अवस्थामा कुनै पनि दिन यो शाखा बन्द रहेन, जुन काम Digitalization ले सम्भव बनायो। रेमिटान्सबाट आएको रकम खातामा जम्मा गर्ने, एटिएम मा रकम राख्ने, प्रतित पत्रको कारोबार, विदेशमा रकम पठाउने, Cheque Clearing का कामहरू कुनैपनि दिन यो शाखा बन्द रहेन।

(१३) **Internship को सुविधा** : यस शाखामा विभिन्न कलेजहरूबाट विद्यार्थीहरूले internship गर्ने अवसर प्राप्त गरेका छन्। कारोबार ठुलो मात्रामा रहेका कारण यस शाखाबाट वर्षमा धेरै विद्यार्थीहरू यो अवसरबाट लाभान्वित हुने गर्दछन्।

(१४) **कर्मचारीको पोर्टफोलियो** : कामको प्रकृति फरक फरक रहेको हुँदा यस शाखामा कर्मचारीहरूको पोर्टफोलियो पनि फरक तर सबल र सक्षम रहेको छ। मुख्य-प्रबन्धक तहको शाखा प्रबन्धक रहने तथा अधिकृत स्तरको कर्मचारीहरूको सङ्ख्या पर्याप्त हुने हुँदा कामको अन्योलता हुँदैन, जसले गर्दा काममा छिटोछरितोपन आउँदछ। नयाँ कर्मचारीहरको सीप र क्षमता साथै केही अनुभवी कर्मचारीको अनुभवको फ्युजन हुँदा सीमित कर्मचारीबाट प्रभावकारी उत्पादकत्व उत्पादन हुनुले कर्मचारीको पोर्टफोलियो मिलेको प्रमाणित हुन्छ।

(१५) **अन्य सुविधाहरू** : काठमाडौंको सेन्टर न्युरोडको विशालबजारमा अवस्थित यो शाखामा काठमाडौंका अन्य शाखाका ग्राहक तथा उपत्यका बाहिरबाट आउने जोसुकै ग्राहकले यस शाखाबाट चेक बनाउन, रकम निकाल्न, जम्मा गर्न, कर्जासम्बन्धी कागजात अन्य शाखामा पठाउन, KYC Update गर्न, सेयर भर्न, रकम ट्रान्सफर गर्न, बैंकिङ कारोबारसम्बन्धी जानकारी लिन यस शाखाबाट सेवा उपलब्ध गराइन्छ।

वाणिज्य बैंकहरूले उपलब्ध गराउने उल्लिखित बैंकिङ कारोबारसँग सम्बन्धित सेवाहरू आजका दिनमा राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको मुख्य शाखा कार्यालय विशालबजारको छानामुनिबाट सञ्चालन भइरहेका छन्। अन्त्यमा आजको प्रतिस्पर्धी बैंकिङ कारोबारमा चुस्तदुरुस्त सेवा दिई ग्राहकलाई सन्तुष्ट बनाउन मुख्य शाखा कार्यालय, विशालबजार प्रयासरत रहेको छ। पूर्ण सरकारी स्वामित्वमा सञ्चालित एक मात्र सरकारी बैंक राष्ट्रिय वाणिज्य बैंक सम्पूर्ण नेपालीहरूको आफ्नै बैंक हो। यस बैंकबाट ग्राहकको आत्मसम्मानमा ठेस पुग्नु हुँदैन भन्ने पक्षलाई आत्मसात् गर्दै सम्पूर्ण ग्राहक महानुभावहरू तथा सेवाग्राहीहरूलाई आफ्नोपनको आभास दिलाउन निरन्तर प्रयासमा रहने बैंकको ५७ औँ वार्षिक उत्सवका उपलक्ष्यमा मुख्य शाखा कार्यालय परिवार प्रतिबद्धता व्यक्त गर्दछ।

***

ग्राहकमैत्री बैंकिङमा वित्तीय साक्षरता र वित्तीय संरक्षणको भूमिका

डा. दिबाकर बशिष्ठ*

ग्राहकमैत्री बैंकिङ

मुलुकभर छरिएर रहेको बैंकिङलाई एकीकृत गरी जनतालाई बैंकिङ सेवा उपलब्ध गराउनुका साथै आर्थिक विकासको साझेदारका रूपमा नेपालको समग्र अर्थतन्त्रको विकासमा बैंकिङ क्षेत्रको ऐतिहासिक योगदान रहनुमा ग्राहकवर्गको महत्त्वपूर्ण भूमिका रहेको छ । सहरी, ग्रामीण र दुर्गम सबै स्थानमा आफ्नो उपस्थितिलाई विस्तार गर्दै गुणस्तरीय र प्रविधियुक्त बैंकिङ सेवा सबै नेपालीलाई प्रदान गर्ने, सूचना र प्रविधिको प्रयोगमार्फत स्मार्ट बैंकिङको अवधारणलाई अगाडि बढाउँदै नयाँ पुस्ताको आकर्षणको केन्द्रबिन्दु बन्न सक्नु आजको बैंकिङ आवश्यकता हो । देश सङ्घीयतामा गइसकेको अवस्थालाई मध्यनजर गर्दै बैंकिङ क्षेत्रको थप सुधार, विस्तार र स्रोत साधनको प्रभावकारी उपयोगद्वारा ग्राहकवर्गलाई चुस्तदुरुस्त र गुणस्तरीय सेवा उपलब्ध गराउने प्रण गर्नु बैंकिङ क्षेत्रको दायित्वसमेत हो ।

नेपाल राष्ट्र बैंकले जारी गरेको इ.प्रा. निर्देशन नं. २२/०७४ मा समेत वित्तीय ग्राहक संरक्षण तथा वित्तीय साक्षरतासम्बन्धी व्यवस्था गरेको छ । उक्त व्यवस्थाअनुसार इजाजतपत्र प्राप्त संस्थाहरूले पारदर्शिता, सरल भाषाको प्रयोग, सूचनाको सम्प्रेषण, सरल बैंकिङ, वित्तीय सेवा शुल्क, ब्याजदर, गुनासो सुनुवाईको व्यवस्था र वित्तीय साक्षरतासम्बन्धी व्यवस्थाका बारेमा विस्तृत रूपमा उल्लेख गरेको छ । तथापि यस निर्देशनको कार्यान्वयनको मात्रा न्यून भएका कारण अपेक्षित रूपमा गुणस्तरीय ग्राहक सेवाको अनुभूति सार्वजनिक क्षेत्रले गर्न सकेको छैन ।

सामान्य अर्थमा वस्तु तथा सेवाका खरिदकर्ता ग्राहक हुन् । व्यवसायको प्रकृतिका आधारमा ग्राहकलाई कतै सेवाग्राही, कतै ऋणी त कतै उपभोक्ता भनिन्छ । बैंक तथा वित्तीय संस्थाको हकमा निक्षेपकर्ता, ऋणी, सेवाग्राही, एजेन्ट आदि सबै ग्राहक हुन् । ग्राहक हुनका लागि वस्तु तथा सेवा, उत्पादक वा बिक्रेता, प्राप्तकर्ता र मूल्य जस्ता पक्षहरू हुन जरुरी छ । सरोकारवाला, लगानीकर्ता र कर्मचारी आन्तरिक ग्राहक हुन् भने सेवा प्राप्त गर्ने व्यक्ति, फर्म, कम्पनी आदि बाह्य ग्राहक हुन् । ग्राहक विभाजनलाई हेर्दा आफ्नै पुराना ग्राहक, प्रतिस्पर्धी बैंकका ग्राहक, बिल्कुलै नयाँ ग्राहक, सम्भावित ग्राहक भनी वर्गीकरण गरिएको पनि पाइन्छ ।

ग्राहक व्यवसायको मेरुदण्ड हो, जसविना व्यवसायको कल्पनासम्म पनि गर्न सकिँदैन । किनभने व्यवसाय ग्राहकमा निर्भर हुन्छ । त्यसैले ग्राहकलाई व्यावसायिक साझेदार पनि भन्ने गरिन्छ । कुनै व्यक्ति वा निकायले बैंकसँग ऋण, निक्षेप वा एजेन्सीसम्बन्धी कार्यका लागि प्रस्ताव गर्ने र बैंकले स्वीकार गर्ने प्रक्रियाबाट ग्राहक सिर्जना हुन्छन् । तसर्थ बैंकको सबै उत्पादन एवं व्यवहार ग्राहकमैत्री हुनु जरुरी छ । ग्राहकलाई भगवान्का रूपमा मान्ने चलन सर्वत्र छ । तसर्थ बैंकका सबै क्रियाकलापहरू ग्राहक सेवातर्फ केन्द्रित हुनुपर्दछ । बैंकमा विभिन्न प्रोडक्टहरू हुन्छन् । सेवा प्रवाह गर्ने स्थान, प्रविधि तथा साधन विभिन्न हुन सक्छन् । कुनै ग्राहकले इन्टरनेटको माध्यमबाट त कसैले एटिएमबाट अनि कसैले मोबाइलबाट त कसैले प्रत्यक्ष रूपमा काउन्टरबाट सेवा प्राप्त गरिरहेका हुन्छन् । आजकल बैंकहरूले ग्राहकको चाहनाअनुरूप आफ्ना प्रोडक्टहरू बनाउने गर्दछन् । संस्कृति, जात, धर्म, प्रचलन, सामाजिक प्रतिष्ठा, सामाजिक व्यवहार, उमेर, जीवनशैली, पेसा, आर्थिक अवस्था, व्यक्तित्व, रुचि, ज्ञान, उत्प्रेरणा, सन्तुष्टी आदिलाई हेरेर बैंक तथा वित्तीय संस्थाहरूले ग्राहकमैत्री नीति तथा वस्तु बनाउनुपर्दछ । ग्राहक व्यवस्थापनको उपायको कुरा गर्दा ग्राहकको आवश्यकता, चाहना, मान्यता एवं आकाङ्क्षामा आउने परिवर्तनको विश्लेषण गर्ने, सुझाव तथा गुनासोको सम्बोधन गर्ने, ग्राहक सम्बन्धका बारेमा तालिम प्रदान गरी कर्मचारीलाई ग्राहकमैत्री बनाउने, ग्राहकलाई सन्तुष्ट बनाउन भौतिक सुविधा, आकर्षक हेल्पडेस्क, प्रसिद्ध लोकेसन, ले-आउट डिजाइन, प्रतीक्षालय, आराम कक्ष, पिउने पानी, शौचालय आदिको उचित व्यवस्थाका साथै पत्रपत्रिका, टेलिफोन, निःशुल्क इन्टरनेट सुविधाको व्यवस्था एवं सुझावपेटिका, उचित, छिटो र स्तरीय सेवा, पालो प्रणाली, राम्रो व्यवहार, असल चालचलन, सहयोगी र समाधानमुखी व्यवहार, जिब्रोको गरिमा मिठो बोलीमा भनेजस्तै हँसिलो मुहार गर्दै शिष्ट बोलीवचन आदि पर्दछन् । नेपाल सरकारले समेत सेवाग्राहीलाई मुस्कानसहितको सेवा दिने सम्बन्धमा सबै निकायलाई निर्देशन दिएको थियो तर सर्वसाधरणले यसको आभास पाउन सकेको देखिँदैन ।

हालै नेपाल सरकारको स्वामित्वमा रहेका बैंक र अन्य संयुक्त लगानीका बैंक तथा वित्तीय क्षेत्रमा गरिएको एक अनुसन्धानका अनुसार कर्मचारीको बोलीवचन मिठो नभएको, समयमा कार्य सम्पादन हुन नसकेको, बैंकदरमा स्थिरता नभएको, आवश्यक ग्राहकमैत्री पूर्वाधारको अभाव, निक्षेप सुरक्षामा चुनौती थपिँदै गएको, बैंकिङ प्रोडक्टका बारेमा कर्मचारी नै अनभिज्ञ भएको, बैंकिङ अपराध बढेको, निर्णय प्रक्रिया ढिला भएको, कर्जा सुविधा लिने प्रक्रिया झन्झटिलो रहेको, नयाँ प्रविधिको उपयोग गरी स्मार्ट बैंकिङको कुरा गरिए तापनि नियमित मर्मत सम्भारको अभावमा एटिएम लगायतका प्रविधिले धोका दिने गरेको हुँदा समग्रमा स्मार्ट बैंकिङको कुरा बैंकिङ क्षेत्रको नारा मात्रै रहेको, गुनासोको सुनुवाई समयमा नभएको कुरा सुन्नमा आएको पाइन्छ । तथापि ग्राहकलाई उच्च प्राथमिकतामा राखी बैंकिङ क्षेत्रले उच्च

* *विज्ञ, बैंक तथा वित्तीय संस्था*

प्रविधिमार्फत १० घण्टाको बैंकिङ, सन्ध्याकालीन, सार्वजनिक बिदाको दिनमा बैंक खोल्ने, ३६५ दिनको बैंकिङ सेवाहरू जस्ता अवधारणाहरू कार्यान्वयनमा ल्याइरहेको छ । तर पनि एक अनुसन्धानका अनुसार ग्राहकले सेवाग्राही बैंकिङ संस्थालाई छोडेको दर र बैंक परिवर्तन दर उच्च पाइएको छ। त्यसमध्ये १% मृत्युबाट, ३% अन्यत्र कतै गएर, ४% प्राकृतिक रूपमा यताउता लागेर, ५% कसैको सिफारिसमा अन्त गएर, ९% अन्यत्रै अनुकूल पाएर, १०% दीर्घ सिकायती भएर, ६८% सेवा प्रदान गर्ने कर्मचारीहरूले उनीहरूको आवश्यकता पूरा गर्दैनन् वा वास्ता गर्दैनन् भन्ने सोच्दछन् र सेवा प्रदायक संस्था छोड्छन् ।

ग्राहकले दिएको सुझावअनुसार विशेष गरी बैंकिङ क्षेत्रमा काम गर्ने कर्मचारीहरू ग्राहकको मनमा पहिलो हुनुहोस्, यदि पहिलो श्रेणी हुन सक्नुहुन्न भने नयाँ श्रेणी सृजना गर्नुहोस् कसरी हामी ग्राहकद्वारा मन पराइने सेवा प्रदायक बन्न सक्छौं ? ग्राहकहरूले बोलिरहँदा तपाईं ध्यानपूर्वक उनीहरूको कुरा सुन्नहोस्, साधारणतया उनीहरू तपाईंले के ठिक गर्नुभयो वा के गल्ती/बेठिक गर्नुभयो भन्ने भनिरहेका हुन्छन् । संस्थालाई गरेको सहयोगका लागि तपाईं उनीहरूलाई पुरस्कृत गर्न सक्नुहुन्छ । उनीहरू हाम्रो समूहको सदस्य भएको कुरा मात्र महसुस गराउन सकियो भने मात्र पनि ज्यादै प्रसन्न हुन्छन् ।

आजभोलि कतिपय बैंक शाखामा कुनै कार्य परेर जाँदा ग्राहकहरू भड्काउने प्रयासको आभास देखिन्छ किनभने ग्राहकले बोलिरहेका वेला कर्मचारीको मनमा कुनै कुरा आयो भने उसको भनाइ सिद्धिउन्जेल नपर्खिने, अरू बोल्दाबोल्दै कुरा बिचैमा काट्ने वातावरण देखिन्छ। एक ग्राहक विशेषज्ञ भन्नुहुन्छ "ग्राहक सम्बन्ध राम्रो बनाउनका लागि ग्राहक विरोधी, प्रेमी र प्रेमिका र जीवनसाथीसँग कहिल्यै बहस वा विवाद नगर्नुहोस् । तिनीहरूलाई उनीहरू गलत छन् भनेर कहिल्यै नभन्नुहोस् । तिनीहरूलाई उत्तेजित गर्नाले नकारात्मक नतिजा सिवाय केही हात लाग्दैन । अरूको विचारलाई सम्मान गर्नुहोस्, तपाईं गलत हुनुहुन्छ भनेर कहिल्यै नभन्नुहोस् । आजैदेखि ग्राहकको गल्ती तत्काल नऔंल्याउने प्रण गरौं । यसले हामीलाई सकारात्मक नतिजा दिलाउने छ" ।

कसैको राम्रो भनाइलाई मनन गर्न सक्नुपर्दछ । समर्पण, प्रतिबद्धता र अनुशासन ग्राहकमैत्री व्यवहार एवं सुशासनका तीन पिल्लर हुन्, जसलाई (devotion, discipline, dedication) थ्रि डी पनि भन्ने गरिन्छ । यसको पालना व्यावहारिक रूपमा गर्नु आजको बैंकिङ एवं गैरबैंकिङ क्षेत्रको आवश्यकता हो, जसबाट कर्मचारीहरूको व्यावसायिकता र उत्पादकत्व बढ्ने कुरामा कसैको दुई मत नहोला । बैंकिङ क्षेत्रको प्रमुख वित्तीय स्रोत ग्राहक नै भएको हुँदा उनीहरूको अपेक्षित सेवाविना बैंकिङको कल्पनासम्म गर्न सकिँदैन ।

वित्तीय साक्षरता र वित्तीय संरक्षणको भूमिका

वित्तीय साक्षरता र वित्तीय संरक्षणले ग्राहकमैत्री बैंकिङको विकास गर्ने हुँदा यसको भूमिका अतुलनीय छ। विश्व आर्थिक मञ्चमा समेत वित्तीय साक्षरता र ग्राहक संरक्षणको विषयले महत्त्व पाउन थालेको छ । वित्तीय साक्षरताले कुनै पनि व्यक्तिसँग भएको आर्थिक तथा वित्तीय स्रोत तथा साधनको, वित्तीय क्षेत्रमा उत्पादित वस्तुका बारेमा प्रभावकारी एवम् मितव्ययी उपयोग गर्ने विधि र ज्ञान दिन्छ । सीमित स्रोत र साधनको उच्चतम उपयोगबारे ग्राहक तथा सर्वसाधरणलाई जानकारी दिने र आर्थिक उन्नति गर्ने ज्ञान, सीप र कला प्रदान गर्नुलाई वित्तीय साक्षरता भनिन्छ । वित्तीय ग्राहक संरक्षण भनेको ग्राहकको सन्तुष्टि र सेवाको स्तरलाई गुणस्तरीय बनाउँदै सेवा र सर्तका बारेमा ग्राहकलाई स्पष्ट जानकारी दिनुका साथै उनीहरूलाई नबुझेको कुरा सिकाउने प्रक्रिया हो । उपभोक्ता हकहित संरक्षण, पारदर्शी सेवा, ग्राहक साक्षरता, उपभोक्ताको हितका लागि बजार अनुगमन, सेवा तथा वस्तुको उपभोगमा लैंगिक, धार्मिक, राजनीतिक, सामाजिक, सांस्कृतिक एवम् वर्गीय आधारमा विभेद नगरी सबैलाई समान अवसर प्रदान गर्नु, सेवाको पहुँच सबैमा पुऱ्याउनु, मितव्ययी सेवाको परिकल्पना गर्नुलाई नै वित्तीय ग्राहक संरक्षण भनिन्छ । तथापि बैंकिङ क्षेत्रमा हाल पनि उपभोक्ताले बैंकिङ सेवा तथा सूचना समयमा नपाउँदा र भरपर्दो किसिमबाट नहुँदा पर्न जाने असरको क्षतिपूर्ती सम्बन्धमा नीतिगत व्यवस्था नहुनुले बैंकिङ सेवाप्रति ग्राहकको विश्वसनीयतामा भने कमी आउन सक्ने तर्फ सम्बन्धित निकाय समयमा नै चनाखो हुनुपर्ने देखिन्छ ।

वित्तीय साक्षरतालाई वित्तीय चेतना तथा वित्तीय शिक्षाका रूपमा लिन सकिन्छ । यसले पैसा र यसको उपयोगबारे जानकारी प्रदान गर्दछ । आफूसँग भएको सीमित बजेटको कसरी सदुपयोग गर्ने, धन सम्पत्ति कानुनबमोजिम कसरी प्राप्त गर्ने, व्यवसायका लागि बैंकिङको अभाव भएमा बैंकबाट रकम प्राप्त गर्ने, बैंकमा नै बचत गर्ने बानी बसाउने, विदेशको कमाई बैंकिङ च्यानलबाट मात्र विप्रेषण गर्ने, वित्तीय संस्थाबाट उत्पादनमूलक कार्यका लागि ऋण सहयोग लिने लगायतका बारेमा ग्राहक तथा सर्वसाधरणलाई जानकारी दिनु नै वित्तीय साक्षरता हो । यो कार्यक्रम विद्यालय तहका बालबालिकादेखि कलेज अध्ययन गर्ने किशोर-किशोरीलाई अहिलेदेखि नै वित्तीय कारोबार र वित्तको महत्त्व र प्रयोग सम्बन्धी असल संस्कार र आचरण सिकाउन सकेमा बैंक तथा वित्तीय संस्थाको बजार साख अझ वृद्धि हुने छ एकातर्फ भने अर्कोतर्फ ग्राहकमैत्री बैंकिङको विकाससमेत हुने छ ।

इजाजतपत्र प्राप्त संस्थाहरूले आफ्ना ग्राहकलाई प्रदान गर्ने सेवासर्तसँग सम्बन्धित सबै प्रकारका विवरण सार्वजनिक रूपमा जानकारी गराउनुपर्ने छ। यस्ता विवरणमा वित्तीय सेवा तथा उपकरणहरूका अतिरिक्त सोसँग सम्बन्धित शुल्क, कमिसन, ब्याजदर, जरिवाना, हर्जाना लगायतका सम्बन्धमा अपनाउनुपर्ने प्रक्रिया एवं सर्तहरू समावेश गरेको हुनुपर्ने छ भन्दै नेपाल राष्ट्र बैंकको इ.प्रा.निर्देशन नं. २१/०७५ मा समेत व्यवस्था गरिएको छ। जसमा -

(क) आफूले प्रदान गर्ने वित्तीय सेवा, सबै प्रकारका खाता एवं कर्जा र वित्तीय उपकरणसम्बन्धी जानकारीको सङ्क्षिप्त विवरण/पुस्तिका तयार गरी ग्राहक एवं सर्वसाधारणलाई उपलब्ध हुने व्यवस्था मिलाउनुपर्ने छ।

(ख) देहायबमोजिमका विवरणहरू खुल्ने गरी सरल एवं स्पष्ट भाषामा लिखित रूपमा सर्वसाधारणलाई जानकारी गराउनुपर्ने छ भन्ने उल्लेख छ : विभिन्न प्रकारका खाता र सोसम्बन्धी विवरण, ग्राहकलाई प्रदान गरिने वित्तीय सेवामा लाग्ने शुल्कका आधार र सोसम्बन्धी विवरण, बैंकिङ कारोबारका लागि निर्धारित प्रक्रिया एवं कार्यविधि, खाता बन्द गर्दा अवलम्बन गरिने प्रक्रिया, ब्याजदर गणना गर्ने विधि, अग्रिम भुक्तानी शुल्क, ऋणीले समयमा कर्जा भुक्तानी नगरेमा बैंकले गर्ने कारबाही, विलम्ब शुल्क, जरिवाना तथा हर्जाना, विभिन्न प्रकारका विद्युतीय कार्ड सञ्चालनसम्बन्धी कार्यविधि, बैंकिङ कारोबारमा हुन सक्ने सजाय तथा जरिवाना र ग्राहकले अवलम्बन गर्नुपर्ने सतर्कता सम्बन्धमा जानकारी उपलब्ध गराउनुपर्ने र आफ्नो कारोबारसम्बन्धी जानकारी

ग्राहकले निःशुल्क रूपमा लिन सक्ने व्यवस्था सम्बन्धित इजाजतपत्र प्राप्त संस्थाले मिलाउनुपर्ने छ भन्ने व्यवस्थाले ग्राहकमैत्री बैंकिङमा थप टेवा पुऱ्याउँछ भन्नुमा अत्युक्ति नहोला।

आफ्ना ग्राहकहरूलाई उपलब्ध गराउने सेवासम्बन्धी जानकारी वा सूचनामा प्रयोग गर्ने भाषा सरल र स्पष्ट हुनुपर्ने छ। इजाजतपत्र प्राप्त संस्थाले प्रवाह गर्ने सूचना वा जानकारी सर्वसाधारण ग्राहकहरूले सजिलै बुझ्ने र पढ्न सक्ने हुनुपर्ने छ। ज्येष्ठ नागरिक, फरक ढङ्गले सक्षम र साक्षर नभएका व्यक्तिलाई विशेष प्राथमिकता दिई सहज रूपले बैंकिङ सुविधा उपलब्ध गराउन बैंक तथा वित्तीय संस्थाहरूले त्यस्ता ग्राहकहरूलाई विशेष काउन्टर तोकी सेवा दिनुपर्ने छ। ग्राहकसँग वित्तीय सेवाका लागि सम्झौता पत्रमा हस्ताक्षर गरी सेवा प्रदान गर्ने क्रममा त्यस्तो सम्झौतामा उल्लिखित शुल्क, ब्याजदर र सर्तहरूमा परिवर्तन हुँदा इजाजतपत्र प्राप्त संस्थाले सम्बन्धित ग्राहकलाई जानकारी गराउनुपर्ने छ। इजाजतपत्र प्राप्त संस्थाले निक्षेप खाता खोल्दा, चेक जारी गर्दा, खाता सञ्चालन गर्दा, खाता खोलेको ६ महिनापछि खाता बन्द गर्दा, स्टेटमेन्ट दिँदा वा प्राकृतिक व्यक्तिको हकमा दुई लाख रूपैयाँसम्मको एबीबीएस सेवा प्रदान गर्दा ग्राहकबाट कुनै किसिमको सेवाशुल्क लिन पाइने छैन। चेक, बिल, पे-अर्डर लगायत कुनै पनि वित्तीय उपकरणका माध्यमले आफ्नो खातामा रकम जम्मा गर्दा त्यस्तो उपकरणमा उल्लिखित सम्पूर्ण रकम नै सम्बन्धित ग्राहकको खातामा जम्मा गर्नुपर्ने छ। त्यस्तो वित्तीय उपकरणहरूको कारोबारमा लाग्ने कुनै शुल्क भएमा सोसम्बन्धी जानकारी ग्राहकलाई अग्रिम रूपमा गराई ग्राहकको खाताबाट छुट्टै रूपमा लिनुपर्ने छ। इजाजतपत्र प्राप्त संस्थाले आफ्ना ग्राहकहरूलाई अन्य संस्था/निकायमार्फत सेवा लिने सन्दर्भमा सो सेवाबापत त्यस्ता संस्था/निकायहरूलाई भुक्तानी गर्नुपर्ने लागतभन्दा बढी हुने गरी सेवा शुल्क असुल गर्न पाइने छैन जस्ता व्यवस्था गरेको पाइन्छ।

बैंक तथा वित्तीय संस्थाले ग्राहकले कर्जाका लागि निवेदन दिएपश्चात् कर्जा स्वीकृतिको प्रक्रिया आरम्भ गर्दाका बखत प्रशासनिक सेवा शुल्क लिन सक्ने छन्। तर कर्जा अस्वीकृत भएको अवस्थामा यस्तो शुल्क तत्काल ग्राहकको खातामा फिर्ता गरिदिनुपर्ने छ। इजाजतपत्र प्राप्त संस्थाले कर्जा कारोबारमा लिने अग्रिम भुक्तानी शुल्कका सम्बन्धमा कर्जा प्रवाह गर्दा गरिने सम्झौतामा स्पष्ट रूपमा उल्लेख गर्नुपर्ने छ। सेवाग्राहीलाई पर्ने असुविधा तथा सर्वसाधारणको गुनासो सुनुवाई गर्न इजाजतपत्र प्राप्त संस्थाले 'सूचना तथा गुनासो सुनुवाई डेस्क' स्थापना गरी कम्तीमा वरिष्ठ व्यवस्थापक वा सोभन्दा माथिका अधिकारीलाई गुनासो सुन्ने अधिकारी तोक्नुपर्ने छ। त्यस्तो अधिकारी तोकिएको सम्बन्धमा सार्वजनिक जानकारी दिनुपर्ने छ। इजाजतपत्र प्राप्त संस्थाले आफ्ना कार्यक्रमहरूमा वित्तीय साक्षरतासम्बन्धी कार्यक्रम अनिवार्य रूपमा समावेश गरेको हुनुपर्दछ। इजाजतपत्र प्राप्त संस्थाले आफूले प्रदान गर्ने वित्तीय सेवा सुविधाका सम्बन्धमा सर्वसाधारणलाई सुसूचित गराउने व्यवस्था गर्नुपर्ने छ। वित्तीय साक्षरता अभिवृद्धि गरी वित्तीय प्रणालीलाई सघाउ पुऱ्याउने खालका विज्ञापन तथा सूचनाहरूलाई प्रोत्साहित गर्नुपर्ने छ। इजाजतपत्र प्राप्त संस्थाले ग्राहकसँग वित्तीय कारोबार गर्ने क्रममा ग्राहकको व्यावसायिक सूचनाहरूको गोपनीयता कायम गर्नुपर्ने छ। ग्राहकको गोपनीयता कायम गर्नुपर्ने सूचना तथा विवरणहरू लगायत हिसाब-किताब, खाता, बही, स्रेस्ता र लेखाको विवरण अन्य असम्बन्धित एवं अनधिकृत व्यक्तिलाई दिनुहुँदैन। प्रचलित कानुनबमोजिम अख्तियार प्राप्त निकाय वा संस्थालाई त्यस्तो विवरण दिन भने यस व्यवस्थाले बाधा पुगेको मानिने छैन।

वित्तीय साक्षरता अभियानको मूल पक्षका रूपमा वित्तीय चेतना, वित्तीय सुरक्षा, वित्तीय समावेशीकरण र वित्तीय सशक्तीकरणलाई लिइएको छ। वित्तीय साक्षरता अभियानलाई अघि बढाउने सिलसिलामा नेपालमा बैंक तथा वित्तीय संस्था तथा सरकारी तवरबाट समेत विविध कार्यक्रम सञ्चालन भएका छन्। विभिन्न समयमा प्रकाशित मौद्रिक नीतिले समेत वित्तीय संरक्षण तथा साक्षरतालाई जोड दिएका छन्। नेपालमा वित्तीय साक्षरता करिब ४० प्रतिशत मात्र रहनुले नेपालका बैंक तथा वित्तीय संस्थाले मूलतः आशासित र अपेक्षित रूपमा यस क्षेत्रमा जनअपेक्षित कार्य गर्न नसकेको स्पष्ट देखिन्छ। वित्तीय साक्षरताका लागि मोबाइल बैंकिङ अवधारणालाई आत्मसात् गर्दै देशका विभिन्न क्षेत्रका गाउँ, घर, टोलमा गई बैंकिङ सेवा र यसको प्रयोगका बारेमा सैद्धान्तिक तथा व्यावहारिक ज्ञान दिनुपर्दछ भने वित्तीय संरक्षणका लागि उल्लेख गरिएका शुल्क तथा सेवाको अक्षरशः कार्यान्वयन, पारदर्शी एवम् छिटोछरितो हँसमुख सहितको सेवाको अपरिहार्यतालाई बैंक तथा वित्तीय संस्थाका कर्मचारीले आत्मसात् गर्नुपर्दछ। तसर्थ वित्तीय साक्षरता, वित्तीय पहुँच, निष्पक्ष र गुणस्तरीय एवम् पारदर्शी सेवा ग्राहकमैत्री बैंकिङका मेरुदण्ड हुन् भन्नुमा कसैको विमति नहोला।

***

भुक्तानी तथा फर्स्यौट प्रणाली : एक नीतिगत अध्ययन

आनन्द सुवेदी*

नेपालको संविधान, २०७२ जारी भइसकेपछि सो संविधानबाट निर्देशित ऐन तथा कानुनहरू बनी कार्यान्वयनमा आएका विभिन्न ऐनअन्तर्गत भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ लागू भएको छ। सो ऐनले मुलुकको समग्र भुक्तानी, समाशोधन तथा फर्स्यौट प्रणालीको विकास, विस्तार, प्रवर्धन, निगरानी तथा नियमन गर्ने लक्ष्य लिएको पाइन्छ। सो ऐनको दफा ४६ बमोजिम नेपाल राष्ट्र बैंकले आवश्यक विनियम बनाउन सक्ने भन्ने व्यवस्था अनुरुप भुक्तानी तथा फर्स्यौट विनियमावली, २०७७ तथा भुक्तानी प्रणाली निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७८ ले अनुमतिपत्र प्राप्त संस्थाले भुक्तानी प्रणाली सञ्चालन गर्न तथा भुक्तानी सेवा प्रदान गर्न सक्ने व्यवस्था गरेको छ।

भुक्तानी प्रणाली भन्नाले "भुक्तानी उपकरणका माध्यमबाट सेवाग्राही, संस्था वा बैंकबिच हुने भुक्तानी, समाशोधन वा फर्स्यौट कार्यका साथै जुनसुकै प्रकारको रकमान्तरलाई सहजीकरण गर्ने उपकरण, पद्धति, नीतिगत व्यवस्था र सो कारोबारमा आबद्ध हुने पक्षहरूसमेतलाई समेट्ने" भनी बैंक फर इन्टरनेसनल सेटलमेन्टले समेत परिभाषित गरेको छ।

भुक्तानी प्रणालीमा देहायका उपकरणहरूको प्रयोग गरिएको छ :

क) नगद

ख) चेक

ग) विद्युतीय बैकिङ (ई-बैकिङ)

घ) भुक्तानी कार्ड

ङ) स्विफ्टको माध्यमबाट हुने भुक्तानी

च) अन्तर बैंक भुक्तानी

छ) ई-मनी (वालेट)

ज) मोबाइल बैंकिङ

झ) तोकिएबमोजिमका अन्य भुक्तानी उपकरण।

उक्त उपकरणहरूको प्रयोग गरी भुक्तानी प्रणाली सञ्चालन तथा भुक्तानी सेवा प्रदान गर्ने संस्थाले आफ्ना प्रत्येक भुक्तानी आदेश वा प्रत्येक भुक्तानी कारोबारहरूको फर्स्यौट गर्दा त्यस्तो आदेश वा कारोबार वास्तविक समय (रियल टाइम) मा गर्नुपर्ने व्यवस्था रहेको छ। जसअन्तर्गत नगद, ट्रान्सफर र स्विफ्ट कारोबारको फर्स्यौट, विद्युतीय चेकको राफसाफ (क्लियरिङ) गर्दा समाशोधन गृह (क्लियरिङ हाउस) मार्फत हुने कारोबार, आरटिजिएस प्रणालीबमोजिम हुने ठुलो मूल्य र अति जरुरी भुक्तानी (हाइ भ्यालु एन्ड क्रिटिकल पेमेन्ट) कारोबार र धितो पत्र तथा ऋणपत्रको निष्काशन, ब्याज गणना, लाभांश भुक्तानी, सावाँ तथा ब्याज भुक्तानी, स्वामित्व हस्तान्तरण तथा खरिद बिक्रीसम्बन्धी कारोबारहरूको फर्स्यौट नेपाल राष्ट्र बैंक तथा प्रचलित कानुनबमोजिम फर्स्यौट विधिमार्फत गर्नुपर्ने व्यवस्था रहेको छ।

खण्ड-क

भुक्तानीका उपकरणहरूको व्यवस्था तथा फर्स्यौट प्रणाली :

व्यवस्था	फर्स्यौट प्रणाली
(**क**) **चेक** : (१) चेकमार्फत हुने भुक्तानी विनिमय अधिकारपत्र ऐन, २०३४ बमोजिम हुने छ। (२) बैंकले विनिमय अधिकारपत्र ऐन, २०३४, नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ तथा बैंकले जारी गरेको निर्देशनअनुसार चेकमार्फत हुने भुक्तानीलाई व्यवस्थित गर्न आवश्यक निर्देशन जारी गर्न सक्ने छ। (३) बैंक तथा वित्तीय संस्थाहरूबिच हुने कारोबारको हिसाब मिलान विद्युतीय चेक क्लियरिङसम्बन्धी व्यवस्थाबमोजिम बैंकले अन्तिम फर्स्यौट गर्ने छ। (४) विद्युतीय चेक र अन्य विद्युतीय उपकरणमार्फत हुने भुक्तानी कारोबारको हिसाबमिलान अन्तिम (सेटलमेन्ट फाइनालिटी) र अपरिवर्तनीय (इरिभोकेबल) हुने छ।	(१) भुक्तानी तथा फर्स्यौट प्रणालीलाई व्यवस्थित गर्न क्लियरिङ हाउसले बैंकको नियमन तथा निर्देशनको अधीनमा रही कार्य गर्नुपर्ने छ। (२) विद्युतीय चेक क्लियरिङ कारोबारको अन्तिम फर्स्यौट बैंकमार्फत हुने छ। (३) क्लियरिङ हाउसले प्रणालीको परिवर्तन वा चेक प्रस्तुत गर्ने समयको फेरबदलसम्बन्धी कार्य गर्दा बैंकको स्वीकृति लिएर मात्र गर्नुपर्ने छ। (४) बैंक वा क्लियरिङ हाउसमा प्राविधिक समस्या उत्पन्न भई कुनै कारणवश अन्तिम फर्स्यौट गर्ने निर्धारित समयमा फर्स्यौट गर्ने अवस्था नरहेमा भोलिपल्ट अथवा प्रणाली सुचारु हुने बित्तिकै बैंक वा क्लियरिङ हाउसले अन्तिम हिसाबमिलान वा फर्स्यौट गर्ने व्यवस्था गर्नुपर्ने छ ।

* *वरिष्ठ प्रबन्धक, राष्ट्रिय वाणिज्य बैंक*

व्यवस्था	फर्स्यौट प्रणाली
(५) विद्युतीय चेक क्लियरिङ गरेबापत क्लियरिङ हाउसले लिने सेवा शुल्क बैंकको स्वीकृतिमा संस्थाको सञ्चालक समितिले निर्धारण गरेबमोजिम हुने छ।	(५) माथिको (४) को अवस्थामा बैंकबाट अन्तिम फर्स्यौटको जानकारी नआएसम्म सम्बन्धित खाताबाट खर्च वा जम्मा गर्न पाइने छैन। (६) विद्युतीय चेक क्लियरिङमार्फत हुने कारोबारको फर्स्यौट खुद फर्स्यौट प्रणाली अनुरुप गर्नुपर्ने छ।
(**ख**) **ई-मनी** (**वालेट**) : ई-मनी भन्नाले जारीकर्ता बाहेकका व्यक्तिले विद्युतीय कारोबारको माध्यमबाट आर्थिक दायित्व भुक्तान गर्न सकिने गरी कम्प्युटर प्रणालीमा आधारित कार्ड तथा अन्य साधन वा सर्भरमा सञ्चित गरी राखिएको रकम सम्झनुपर्छ र सो शब्दले त्यस्तो कारोबार गर्दा मार्गस्थमा रहेको रकम र वालेटमा रहेको रकम समेतलाई जनाउँछ। (१) संस्थाले विद्युतीय रकमको माध्यमबाट गर्ने कारोबारका सम्बन्धमा देहायका सर्तहरू पालना गर्नुपर्ने छ : (क) भुक्तानी सेवा प्रदायक संस्थाले वालेटमार्फत कारोबार गर्न विद्युतीय रकम जारी गर्न सक्ने, (ख) विद्युतीय रकम जारी गर्ने संस्थाले वाणिज्य बैंकमा रहेको सेटलमेन्ट खातामा रहेको मौज्दात रकमभन्दा बढी नहुने गरी विद्युतीय रकम जारी गर्नुपर्ने, (ग) सेटलमेन्ट खातामा रहेको रकम ग्राहकको वालेटमा रहेको विद्युतीय रकमको दायित्व भुक्तानी गर्ने प्रयोजनका लागि उपयोग गर्न सकिने, (घ) विद्युतीय रकम नेपाली मुद्रामा मात्र जारी गर्न सकिने, (ङ) विद्युतीय रकमबाट ग्राहकलाई कर्जा दिन पाइने छैन, (च) विद्युतीय रकम जारी गर्ने संस्थाले ग्राहकको अनुरोध भएमा वालेटमा रहेको विद्युतीय रकम कानुनी ग्राह्य मुद्रामा तुरुन्त फिर्ता गर्नुपर्ने छ। (२) संस्थाले विद्युतीय रकमबाट हुने कारोबारको अन्तिम फर्स्यौट (फाइनल सेटलमेन्ट) भुक्तानी निर्देशन सुरु गरेको बढीमा चौबिस घण्टाभित्र हुने गरी मिलाउनुपर्ने छ।	(१) भुक्तानी तथा फर्स्यौट सम्बन्धमा हिसाब-किताबको राफसाफ बैंकले तोकिदिएबमोजिम कुल फर्स्यौट प्रणाली वा खुद फर्स्यौट प्रणाली वा मिश्रित फर्स्यौट प्रणालीद्वारा गर्न सकिने छ। (२) नगद तथा ट्रान्सफरको फर्स्यौट कुल फर्स्यौट प्रणालीमार्फत गर्नुपर्ने छ।
(**ग**) **स्विफ्ट** : (१) स्विफ्टमा आबद्ध संस्थाले स्वदेशी मुद्रालगायत विदेशी मुद्राको रकम एकआपसमा रकमान्तरका लागि सन्देश (म्यासेज) पठाउने तथा सोही सन्देशका आधारमा सम्बन्धित संस्थाको खाता खर्च वा जम्मा गर्ने जिम्मेवारी सम्बन्धित संस्थाको हुने छ। (२) स्विफ्ट कारोबारको समय, सेवा शुल्क लगायतका अन्य व्यवस्था बैंकले निर्धारण गरेबमोजिम हुने छ।	(१) भुक्तानी तथा फर्स्यौट सम्बन्धमा हिसाब-किताबको राफसाफ बैंकले तोकिदिएबमोजिम कुल फर्स्यौट प्रणाली वा खुद फर्स्यौट प्रणाली वा मिश्रित फर्स्यौट प्रणालीद्वारा गर्न सकिने छ। (२) स्विफ्टको फर्स्यौट कुल फर्स्यौट प्रणालीमार्फत गर्नुपर्ने छ।
(**घ**) **अन्तर बैंक भुक्तानी** : (१) बैंक तथा वित्तीय संस्थाबिच एकआपसमा रकम स्थानान्तरण (फन्डट्रान्सफर) गर्ने प्रयोजनका लागि बैंकको स्वीकृतिमा अन्तर बैंक भुक्तानी प्रणाली सञ्चालन गर्न सकिने छ। (२) अन्तर बैंक भुक्तानी प्रणालीमार्फत रकम स्थानान्तरण गर्दा लाग्ने सेवा शुल्क बैंकको स्वीकृतिमा संस्थाले निर्धारण गरेबमोजिम हुने छ।	(१) बैंकले आरटिजिएस प्रणाली स्थापना गरी ठुलो मूल्य र अति जरुरी भुक्तानी (हाइभ्यालु एन्ड क्रिटिकल पेमेन्ट) को फर्स्यौट कुल फर्स्यौट प्रणालीबमोजिम गर्ने छ। (२) सामान्यतया स्वदेशभित्र हुने अन्तर बैंक कारोबार आरटिजिएस प्रणालीमार्फत गर्नुपर्ने छ।

व्यवस्था	फर्स्यौट प्रणाली
(३) भुक्तानी सेवा प्रदान गर्ने संस्थाले तेस्रो पक्ष सम्झौता गरी बैंक तथा वित्तीय संस्थामार्फत अन्तर बैंक कारोबार गर्ने कार्यमा संलग्न हुन सक्ने छन् । (४) अन्तर बैंक भुक्तानी प्रणाली सञ्चालनसम्बन्धी अन्य व्यवस्था बैंकले तोकिदिएबमोजिम हुने छ । (५) बैंकले हाल प्रचलनमा रहेका भुक्तानी प्रणालीबाहेक अन्य भुक्तानी प्रणाली वा उपकरणको सञ्चालन गर्न स्वीकृति प्रदान गर्न सक्ने छ । यससम्बन्धी अन्य व्यवस्था बैंकले तोकिदिएबमोजिम हुने छ ।	(३) आरटिजिएस प्रणालीको नियमन, सञ्चालन, प्रवर्धन र निगरानी बैंकले गर्ने छ । (४) आरटिजिएस प्रणालीको सञ्चालन कार्यविधि, सदस्यता, कारोबारको सीमा, सेवा शुल्क, तरलताको व्यवस्था, जोखिम व्यवस्था, कारोबार समय, फर्स्यौट विधि सम्बन्धमा बैंकले निर्देशिका (आरटिजिएस सिस्टम रुल) जारी गरी कार्य गर्ने छ ।

खण्ड-ख

भुक्तानी तथा फर्स्यौट प्रणालीको सुरक्षासम्बन्धी व्यवस्था

संस्थाले सुरक्षा नीति तथा ढाँचा र सुरक्षाका उपाय सम्बन्धमा गर्नुपर्ने नक्साङ्कन, अनुगमन र नियमित सुरक्षा परीक्षणका अतिरिक्त देहायबमोजिमका सुरक्षासँग सम्बन्धित व्यवस्थाको पालना गर्नुपर्ने छ :

(क) व्यावसायिक निरन्तरता, डिजास्टर रिकभरी तथा विपद् व्यवस्थापनका सम्बन्धमा नीति बनाई लागू गर्नुपर्ने,

(ख) डाटा सेन्टरमा सर्भर, ब्याकअप डिभाइस, नेटवर्क डिभाइस लगायतका मुख्य पूर्वाधारहरूका अतिरिक्त डिजास्टर रिकभरी साइटको व्यवस्था गर्नुपर्ने,

(ग) भुक्तानी प्रणालीमा कुनै सहभागीको तरलताको अभाव वा टाट पल्टिएको कारणबाट भुक्तानी प्रणालीमा आउन सक्ने जोखिम न्यूनीकरण गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने,

(घ) भुक्तानी निर्देशनको कार्यान्वयन, कारोबारको अन्तिम फर्स्यौट (सेटलमेन्ट फाइनालिटी), तरलता व्यवस्थापन, ऋण र हिसाबमिलान समयमै गर्ने सम्बन्धमा कारोबारको फर्स्यौट हुनु अगावै आवश्यक व्यवस्था गर्नुपर्ने,

(ङ) महत्त्वपूर्ण तथा संवेदनशील प्रकृतिका तथ्याङ्क सार्वजनिक हुने, दुरुपयोग हुने, हानि नोक्सानी, हराउने वा चोरी हुनबाट जोगाउन आवश्यक सुरक्षात्मक उपाय अपनाउनुपर्ने,

(च) संस्थाले वार्षिक रूपमा सिस्टम अडिट गर्नुपर्ने,

(छ) भुक्तानी प्रणाली सञ्चालक तथा सेवा प्रदायक संस्थाहरूले पेमेन्ट कार्ड इन्डस्ट्री, डाटा सेक्युरिटी स्ट्यान्डर्ड (पिसिआइडिएसएस) र आइएसओ २७००० का मापदण्ड पुरा गर्नुपर्ने,

(ज) संस्थाले ग्राहकको वालेटमा रहेको तथा कारोबार रकमको सुरक्षाका लागि बिमा गर्न सक्ने ।

त्यसै गरी भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थाले न्यूनतम सुरक्षा तथा गोपनीयताका सम्बन्धमा अन्तर्राष्ट्रिय मापदण्डसम्बन्धी प्रचलित व्यवस्थाको पालना गर्नुपर्ने छ भने देहायका प्रक्रिया पूरा गरेको हुनुपर्ने छ ।

(क) भुक्तानी उपकरणबाट सेवा सञ्चालन गर्नुपूर्व सोसम्बन्धी नीतिगत व्यवस्था गरी सञ्चालक समितिबाट स्वीकृत गर्नुपर्ने,

(ख) सेवा सञ्चालन गर्नुपूर्व सञ्चालक समितिको निर्णय र आवश्यक कागजातसहित स्वीकृतिका लागि बैंकमा पेस गर्नुपर्ने,

(ग) सेवा सञ्चालन गर्नुपूर्व आफ्ना ग्राहकसँग गरिने सम्झौता तथा सर्तसम्बन्धी विवरण बैंकमा पेस गर्नुपर्ने,

(घ) बाह्य सेवा परिचालन (आउटसोर्सिङ) मार्फत सेवा सञ्चालन गर्ने भएमा संस्थाले निर्धारण गरेका मापदण्डका आधारमा प्रतिनिधि छनौट गरी द्विपक्षीय सम्झौताको कागजातसमेत बैंकमा पेस गर्नुपर्ने,

(ङ) ग्राहकलाई सेवा प्रयोग गर्दा हुन सक्ने सम्भावित जोखिम, जोखिम न्यूनीकरण तथा सुरक्षाका उपाय, सेवा प्रयोग गर्ने विधि, सेवा शुल्क आदिका बारेमा जानकारी गराउनुपर्ने,

(च) भुक्तानीका उपकरणहरूबाट हुने भुक्तानी कारोबारलाई पूर्ण रुपले सुरक्षित हुने व्यवस्था गर्नुपर्ने ।

खण्ड-ग

विवरण पेस गर्नुपर्ने व्यवस्था

भुक्तानी प्रणाली सञ्चालन तथा भुक्तानी सेवा प्रदान गर्ने संस्थाले देहायबमोजिमका विवरण विद्युतीय माध्यमद्वारा आवधिक रूपमा तोकिएबमोजिम नेपाल राष्ट्र बैंकसमक्ष पेस गर्नुपर्ने छ ।

(क) संस्थाको कुल ग्राहक सङ्ख्या,

(ख) कुल वालेट सङ्ख्या र मौज्दात (ई-मनी),

(ग) संस्थाको सेटलमेन्ट खाता र अन्य बैंक खातामा रहेको मौज्दात,

(घ) जालसाजी (फ्रड) तथा विवादसम्बन्धी घटनाहरूको विवरण,

(ङ) विवादको अवस्था र समाधानको विवरण,

(च) प्राप्त गुनासो तथा उजुरी र सोको समाधानको विवरण,

(छ) सेवा अवरुद्ध वा सुरक्षासँग सम्बन्धित घटनाहरू,

(ज) समय-समयमा तोकेका अन्य विवरणहरू ।

खण्ड-घ

सुधारात्मक प्रक्रियासम्बन्धी व्यवस्था

(१) **संस्थाको सुधारात्मक प्रक्रिया अघि बढाउने** : निरीक्षण प्रतिवेदनका आधारमा हेर्दा संस्थाले भुक्तानीसम्बन्धी सेवा प्रदान गर्न नसक्ने भएमा वा प्रणाली सञ्चालन गर्न नसक्ने भएमा वा सेवाग्राहीप्रति आफूले पूरा गर्नुपर्ने वित्तीय दायित्व पूरा नगरेमा वा गर्न सक्ने सम्भावना नभएमा वा सेयरधनी, साहु वा सर्वसाधारणको हित विपरीत हुने गरी कुनै कार्य गरेको देखिएमा, दामासाहीमा परेको वा पर्न लागेको वा उल्लेखनीय रूपमा आर्थिक कठिनाइ भोगिरहेको अवस्था देखिन आएमा नेपाल राष्ट्र बैंकले देहायबमोजिमका सुधारात्मक प्रक्रिया अघि बढाउन सक्ने छ ।

(क) नेपाल राष्ट्र बैंकबाट जारी गरिएका निर्देशनको पालना गराउने र संस्थागत सुशासन कायम गर्ने,

(ख) संस्थामा पुँजी थप गर्न लगाउने,

(ग) संस्था सुधारका लागि अल्पकालीन वा दीर्घकालीन कार्ययोजना तथा कार्यक्रम बनाई पेस गर्न लगाउने,

(घ) संस्था सुधारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रचलनमा रहेका असल अभ्यास तथा विधिको अवलम्बन गर्न लगाउने,

(ङ) प्रचलित व्यवस्थाबमोजिम हुने गरी स्वदेशी तथा विदेशी रणनीतिक साझेदारलाई सहभागी गराउने वा यस्ता साझेदारलाई संस्थाको सेयर बिक्री, व्यवस्थापन करारमा दिने वा अन्य व्यवस्था गरी संस्था सुधारका कार्य अघि बढाउन लगाउने,

(च) सम्बन्धित संस्थाका पदाधिकारी, लेखापरीक्षक तथा सम्बन्धित सरोकारवालासँग आवश्यकताअनुसार छलफल गर्ने, लिखित वा मौखिक जानकारी लिने र अन्य सूचना तथा जानकारी प्राप्त गर्ने ।

(२) **गाभ्न/गाभिन वा प्राप्तिका लागि निर्देशन दिने** :

(क) सुधारात्मक प्रक्रियाको क्रममा आवश्यक देखिएमा सम्बन्धित संस्थालाई अन्य उपयुक्त संस्थासँग मर्जरमा जान वा उपयुक्त संस्थाबाट प्राप्ति (एक्विजिसन) गर्ने व्यवस्था मिलाउन बैंकले निर्देशन दिन सक्ने छ। यसरी मर्जर वा प्राप्ति (एक्विजिसन) गर्ने व्यवस्था मिलाउन निर्देशन दिँदा सम्भव भएसम्म सक्षम, संस्थागत सुशासनको अवस्था राम्रो रहेको र कारोबारको आकार तथा कार्यक्षेत्र सन्तोषजनक भएको भुक्तानीसम्बन्धी कारोबार गर्ने संस्थासँग मर्जर वा प्राप्ति (एक्विजिसन) गर्न प्राथमिकता दिइने छ।

(ख) संस्थाका प्रमुख संस्थापक सेयरधनी भुक्तानीसम्बन्धी कारोबार गर्ने अन्य संस्थाको समेत सेयरधनी रहेको पाइएमा उक्त संस्थाहरूलाई एकआपसमा गाभ्ने, गाभिने वा प्राप्ति (एक्विजिसन) गर्ने व्यवस्था मिलाउन आवश्यक निर्देशन दिन सकिने छ।

(ग) भुक्तानीसम्बन्धी कार्य गर्ने संस्था एकआपसमा गाभ्ने, गाभिने वा प्राप्ति (एक्विजिसन) गर्दा एकै प्रकृतिको कार्यका लागि अनुमतिपत्र प्राप्त संस्था हुनुपर्ने छ।

यसरी हालसम्म भुक्तानी सेवा प्रदायक तथा भुक्तानी प्रणाली सञ्चालकसम्बन्धी कारोबार गर्न अनुमतिपत्र प्राप्त गर्ने १० वटा भुक्तानी प्रणाली सञ्चालक र २७ भुक्तानी सेवाप्रदायक गरी ३७ संस्था/संयन्त्रलाई अनुमतिपत्र प्रदान गरिएको छ।

भुक्तानी सेवा प्रदायकको कार्य गर्न अनुमति प्राप्त गरेका बैंक तथा वित्तीय संस्थाहरूमध्ये सबै वाणिज्य बैंकहरूलाई कार्ड सेवा (स्वदेशी मुद्रा/विदेशी प्रिपेड कार्ड), इन्टरनेट बैंकिङ, एसएमएस बैंकिङ, मोबाइल तथा भुक्तानीका सबै उपकरण जस्ता सेवा सञ्चालन गर्न र विकास बैंकलाई मोबाइल बैंकिङ, एसएमएस बैंकिङ जस्ता सेवा सञ्चालन गर्न अनुमति प्रदान गरिएको छ। त्यसै गरी वित्त कम्पनीलाई डेबिट कार्ड (स्वदेशी मुद्रा), मोबाइल बैंकिङ, एसएमएस बैंकिङ सेवा सञ्चालन गर्न अनुमतिपत्र प्रदान गरिनुका साथै लघुवित्त वित्तीय संस्थाहरूलाई भुक्तानी सेवा प्रदायकका रूपमा सेवाग्राहीलाई विद्युतीय माध्यमबाट भुक्तानीसम्बन्धी सेवा प्रदान गर्न सक्ने नीतिगत व्यवस्था गरिएको छ।

भुक्तानी प्रणालीसम्बन्धी पूर्वाधार विकासमा अत्यधिक खर्च लाग्नु, भुक्तानी प्रणालीका उपकरण र सोको प्रयोग सम्बन्धमा अधिकांश सरोकारवालाहरूमा आवश्यक ज्ञानको अभाव हुनु, आधुनिक भुक्तानी सेवा सञ्चालक तथा भुक्तानी सेवाप्रदायक संस्था/संयन्त्र र उपकरणबाट हुने विद्युतीय कारोबार नयाँ भएकाले सो कार्यमा सरोकारवाला सबै विश्वस्त हुन नसक्नु, भुक्तानीका नयाँ क्षेत्रमा ग्राहकहरू प्रवेश गर्न हिच्किचाउनु, आवश्यकताअनुसार विभिन्न नियामक निकायहरूबिच समन्वय नहुनु, अझैसम्म पनि भुक्तानी प्रणाली तथा वित्तीय साक्षरतासम्बन्धी कार्यक्रम पर्याप्त मात्रामा विस्तार हुन नसक्नु, बैंकिङ प्रणाली तथा भुक्तानी प्रणालीसम्बन्धी विषयहरू पाठ्यक्रममा समावेश हुन नसक्नु, सूचना प्रविधिका क्षेत्रमा रहेको साइबर क्राइम, ह्याकिङ तथा कारोबारका क्रममा आउन सक्ने जोखिम रहनु, भुक्तानी प्रणालीका उपकरण तथा सोको प्रयोगसम्बन्धी विषयमा ग्राहकहरूलाई पर्याप्त जानकारी नहुनु, उपकरणको प्रयोग प्रति ग्राहक उत्साहित हुन नसक्नु लगायतका विविध प्रकारका जल्दाबल्दा समस्याहरू भुक्तानी प्रणालीको क्षेत्रमा विद्यमान रहेको देखिन्छ।

यसै गरी कम्प्युटर सफ्टवेर, हार्डवेयर, भौतिक र आन्तरिक तथा बाह्य वातावरणीय समस्या लगायतका अवरोध तथा समस्याहरू पनि रहेको देखिन्छ। उपर्युक्त चुनौती तथा समस्याहरूलगायत भुक्तानी प्रणालीका क्षेत्रमा आउन सक्ने अन्य नयाँ नयाँ चुनौती तथा समस्याको समाधानका निम्ति सम्बन्धित पक्षबाट निरन्तर रूपमा सजग तथा सचेत भई प्रयास जारी राख्नु जरुरी देखिन्छ।

हामीले कारोबार गर्न चयन गर्ने भुक्तानी प्रणालीका विभिन्न विकल्पहरूमध्ये आफू आबद्ध रहेको बैंक तथा वित्तीय संस्थाले दिने सेवा, आफ्नो क्षेत्रमा उपलब्ध प्रणाली र आफूले गर्ने भुक्तानी कारोबारको आकार तथा भुक्तानीको शीघ्रताका आधारमा उपयुक्त विकल्प छनोट गर्न सक्छौँ। नियामक निकायले तोकेको कारोबार सीमा र प्रणालीसम्म पहुँच पुऱ्याउन पूर्वाधारको उपलब्धताको सीमितताबाहेक हामीले गर्ने भुक्तानी कारोबारमा जुनसुकै विकल्प चयन गर्न सक्छौँ। यी प्रविधिहरू अन्तर्राष्ट्रिय रूपमा वर्षौंदेखि प्रयोग र प्रमाणित भइसकेका कारण तिनको क्षमता र सुरक्षाका बारेका हामीले सन्देह मान्नुपर्ने कुनै कारण रहँदैन । तर प्रयोगकर्ताको असावधानी र साक्षरताको कमीले गर्दा आइपर्ने विभिन्न जोखिमका बारेमा सुरुमै सचेत गराउन सेवाप्रदायक र नियामक निकाय दुवैको बराबर दायित्व रहन्छ। हाम्रो मुलुकमा सीमित भौगोलिक क्षेत्र र सीमित समूहका उपभोक्ताहरू बिचमा मात्र अधिकांश भुक्तानी विकल्पहरू केन्द्रित रहेका छन् । भौगोलिक अवस्था तथा पूर्वाधारको पहुँचका आधारमा उपयुक्त भुक्तानी प्रणाली विस्तार गरी वित्तीय समावेशीकरण स्थापित गर्न सके मात्र संविधानले परिकल्पना गरेको डिजिटल अर्थतन्त्र स्थापना सम्भव हुने हुँदा त्यसतर्फ हाम्रो ध्यान जान जरुरी छ।

***

वित्तीय साक्षरता अभिवृद्धिमा बैंक तथा वित्तीय संस्थाहरूको भूमिका

भोला पौडेल*

पृष्ठभूमि

वित्तीय साक्षरता कुनै पनि व्यक्तिमा भएको वित्तीय सचेतनाको स्तर हो। त्यसैले वित्तीय साक्षरताको स्तर व्यक्तिको वित्तीय साधनहरू प्रयोग गर्ने विवेकपूर्ण निर्णय क्षमतामा निर्भर गर्दछ। वित्तीय सचेतना भन्नाले कुनै पनि व्यक्तिमा निहीत विभिन्न किसिमका वित्तीय सीपहरू जस्तै - व्यक्तिगत वित्त व्यवस्थापन, बजेटिङ, लगानी आदिको प्रभावकारी प्रयोग गर्ने र त्यसलाई बुझ्न सक्ने क्षमतालाई बुझाउँछ । यसले आधारभूत रूपमा रुपैयाँ पैसाको प्रयोगसँग सम्बन्ध राख्दछ, जुन मानव जीवनका लागि सदैव आवश्यक हुन्छ। अतः वित्तीय साक्षरताले कुनै पनि व्यक्तिले आफूसँग रहेको वित्तीय स्रोतको समुचित उपयोग गर्न सक्ने उसको क्षमतालाई दर्शाउँछ।

कुनै पनि व्यक्तिको आफूसँग भएको वित्तीय स्रोतसाधनहरूको महत्त्व बुझ्ने, सोको प्रयोग सम्बन्धमा जानकारी राख्ने, त्यस्ता साधनहरूको आवश्यक सुरक्षा गर्ने तथा उपयुक्त व्यवस्थापन गर्ने सीप तथा कौशल नै वित्तीय साक्षरता हो।

Organization for Economic Cooperation and Development (OECD) Report 2015 मा वित्तीय साक्षरता सम्बन्धमा निम्नानुसार उल्लेख गरिएको छ :

Financial Literacy refers to knowledge and understanding of financial concepts and risks, and the skills as well as motivation and confidence to apply such knowledge and understanding in order to make effective decisions across a range of financial contexts, to improve the financial well-being of individuals and society, and to enable participation in economic life. It is a combination of awarness, knowledge, skill, attitude and behaviour necessary to make sound financial decisions and ultimately achive individual financial well-being.

वित्तीय साक्षरता सम्बन्धमा OECD को उल्लेखित परिभाषाले वित्तीय साक्षरताको अर्थ मात्र हैन, यसको मूलभूत उद्देश्यसमेतलाई स्पष्ट पारेको छ। वास्तवमा वित्तीय साक्षरता सामान्य साक्षरताभन्दा फरक विषय हो। यसले वित्तीय अवधारणाहरू सम्बन्धमा जानकारी लिई सोको माध्यमबाट कुनै पनि व्यक्तिले आफू र समाजको वित्तीय कल्याणका लागि विवेकपूर्ण निर्णय गर्न सक्ने व्यक्तिको सचेतना, सीप, दृष्टिकोण तथा व्यवहारलाई दर्शाउँछ।

वित्तीय साक्षरताले अधिकांश रूपमा वित्तीय क्षेत्रले गर्ने कार्यहरूसँग सम्बन्धित विषयहरूको जानकारीसँग सम्बन्ध राख्दछ। कुनै पनि देशमा सञ्चालित बैंक तथा वित्तीय संस्थाहरूबाट उपलब्ध हुने सेवा सुविधाहरू सम्बन्धमा सर्वसाधारणमा जति बढी जानकारी एवं प्रयोग हुन्छ, त्यति नै वित्तीय साक्षरता प्रभावकारी हुन्छ। अर्थात् देशमा वित्तीय साक्षरता जति बढी हुन्छ, बैंक तथा वित्तीय संस्थाहरूको सेवा त्यति नै बढी माग हुन्छ। सर्वसाधारणमा आर्थिक कारोबार बैंक तथा वित्तीय संस्थाबाट गर्दा हुने फाइदाहरू, वित्तीय स्रोतसाधनको सदुपयोग गर्ने तरिकाहरू, यस्ता साधनहरूको सुरक्षा, प्राप्त प्रतिफल, वित्तीय कारोबारमा जिम्मेवारी बोध जस्ता विषयको ज्ञान एवं जानकारी गराउन सकेमा वित्तीय साक्षरता अभिवृद्धिमा सहयोग पुग्छ।

वित्तीय साक्षरतासम्बन्धी नीतिगत व्यवस्था

नेपालमा वित्तीय साक्षरता अभिवृद्धि गरी आमनागरिकमा वित्तीय सचेतना बढाउँदै वित्तीय सेवामा पहुँच वृद्धि गर्ने उद्देश्यले नेपाल सरकारले विभिन्न किसिमका नीतिहरू तर्जुमा गरेको छ। मुलुकका सबै नागरिकहरूलाई संस्थागत बैंकिङ सेवा पुऱ्याउने नीतिअनुरूप सबै स्थानीय तहमा वाणिज्य बैंकका शाखा कार्यालयहरू स्थापना गर्नुपर्ने अनिवार्यता गरिएको छ। नेपालका बैंक तथा वित्तीय संस्थाहरूको स्थापना र सञ्चालनको इजाजत प्रदान गर्ने केन्द्रीय बैंकका रूपमा रहेको नेपाल राष्ट्र बैंकमार्फत सरकारले वित्तीय साक्षरता अभिवृद्धि गरी वित्तीय पहुँच बढाउने नीतिहरू तर्जुमा गरी कार्यान्वयन भइरहेका छन्। नेपाल राष्ट्र बैंकले देशमा वित्तीय साक्षरता अभिवृद्धिका लागि विगत वर्षहरूदेखि नै विभिन्न नीतिहरू तर्जुमा गरेको देखिन्छ। यसै सन्दर्भमा सो बैंकले Financial Literacy Framework, 2020 जारी गरेको छ। त्यसै गरी आफ्नो वेबसाइटमा वित्तीय साक्षरतासम्बन्धी विभिन्न सूचनामूलक सन्देशहरू, अनुसन्धनात्मक प्रतिवेदनहरू राख्ने छुट्टै पोर्टलको व्यवस्था गरेको छ। अन्य बैंक तथा वित्तीय संस्थाहरूका माध्यमबाट देशमा वित्तीय साक्षरता अभिवृद्धि गर्न प्रत्येक वर्ष जारी गरिने मौद्रिक नीतिमा विशेष नीतिहरूको व्यवस्था गरिएको हुन्छ। आर्थिक वर्ष २०७८/७९ को मौद्रिक नीतिमा पनि **वित्तीय पूर्वाधारको विकास र वित्तीय साक्षरता अभिवृद्धिमार्फत वित्तीय पहुँच तथा वित्तीय समावेशीकरण प्रवर्धन गरिने छ** भन्ने नीति तर्जुमा गरिएको छ। मौद्रिक नीतिमा समावेश गरिएको वित्तीय साक्षरतासम्बन्धी नीतिहरूलाई कार्यान्वयन गर्न उक्त बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशनमा वित्तीय साक्षरता अभिवृद्धि गर्न प्रत्येक बैंक तथा वित्तीय संस्थाहरूले गर्नुपर्ने कार्यहरू एवं पालना गर्नुपर्ने विषयहरू विस्तृत रूपमा उल्लेख गरिने गरिएको छ। चालु आर्थिक वर्ष २०७८/७९ का लागि एकीकृत निर्देशनको २० नम्बर निर्देशनमा वित्तीय ग्राहक संरक्षण तथा वित्तीय साक्षरतासम्बन्धी व्यवस्था गरिएको छ। जसअन्तर्गत इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाले आफ्ना सेवाहरूबारे सर्वसाधारणलाई सुसूचित गर्नुपर्ने, सेवा शुल्कहरू पारदर्शी रूपमा लिने व्यवस्था गर्नुपर्ने तथा वित्तीय साक्षरता अभिवृद्धि गर्न विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ। त्यसै गरी बैंक तथा वित्तीय संस्थाहरूले आफ्ना कार्यक्रमहरूमा वित्तीय साक्षरतासम्बन्धी कार्यक्रमहरू अनिवार्य रूपमा समावेश गरेको

* *वरिष्ठ प्रबन्धक, राष्ट्रिय वाणिज्य बैंक*

हुनुपर्ने, आफूले प्रदान गर्ने वित्तीय सेवा सुविधाहरूका सम्बन्धमा सर्वसाधारणलाई सुसूचित गराउने व्यवस्था हुनुपर्ने तथा वित्तीय साक्षरता अभिवृद्धि गरी वित्तीय प्रणालीलाई सघाउ पुऱ्याउने किसिमका विज्ञापन तथा सूचनाहरूलाई प्रोत्साहित गर्नुपर्ने व्यवस्था गरिएको छ।

बैंक तथा वित्तीय संस्थाहरूको भूमिका

वित्तीय साक्षरता अभिवृद्धिबाट सर्वसाधारणको वित्तीय सेवामा पहुँच बढ्ने र यसले वित्तीय समावेशीकरणलाई सहयोग पुग्ने भएको हुँदा राज्यको **सबै नागरिकहरूमा वित्तीय समानताको सिद्धान्त**लाई सार्थक तुल्याउन वित्तीय साक्षरता अभिवृद्धि एक अनिवार्य विषय भएको छ । सर्वसाधारणमा समयसापेक्ष वित्तीय सेवासम्बन्धी सूचना एवं जानकारीहरू पुऱ्याउँदै वित्तीय साक्षरता अभिवृद्धिमा बैंक तथा वित्तीय संस्थाहरूको अग्रणी भूमिका रहेको हुन्छ । आधुनिक समयमा बैंक तथा वित्तीय संस्थाहरूले प्रदान गर्ने सेवा सुविधाहरूमा प्रविधिको प्रयोग बढ्दै गएको छ । बैंक तथा वित्तीय संस्थाहरूले प्रदान गर्ने वित्तीय सेवाहरूको क्षेत्र पनि फराकिलो बन्दै आएको छ। विगतमा भैँ बैंकलाई आफूसँग भएको पैसा जम्मा गर्ने र आवश्वयक परेको समयमा झिकेर प्रयोग गर्ने जस्तो सीमित बैंकिङ सेवा प्रवाह गर्ने संस्थाका रूपमा बुझ्नु अपर्याप्त हुन्छ । वर्तमान समयमा बैंकहरूले विविध प्रकारका सेवाहरू प्रदान गर्दै आएका छन् । बैंकहरूले प्रवाह गर्ने सेवाहरूको उपयोग गर्न ग्राहकहरूले त्यस्ता सेवा सुविधा सम्बन्धमा राम्रो जानकारी राख्नु आवश्यक हुन्छ । अतः वित्तीय सेवा सुविधाहरूमा भएको परिवर्तनसँगै वित्तीय साक्षरताको स्तरमा पनि परिवर्तन हुनु जरुरी छ। अधिकांश बैंकिङ सेवाहरू आजभोलि डिजिटल माध्यमबाट प्रवाह हुन थालेको वर्तमान सन्दर्भमा ग्राहकहरूले सूचना प्रविधिसम्बन्धी ज्ञानको स्तर पनि बढाउन जरुरी छ । मोबाइल, इन्टरनेट जस्ता प्रविधियुक्त सेवाहरूको सही किसिमले प्रयोग गर्न सक्ने क्षमताको विकास गर्नु आवश्यक देखिएको छ। यसका लागि बैंक तथा वित्तीय संस्थाहरूले सर्वसाधारणमा यस प्रकारका सेवाहरूको प्रयोग, सम्भावित जोखिम, गुनासो राख्ने व्यवस्था, कारोबारको सत्यता, गोपनीयता, सूचनाको आधार जस्ता विषयहरूसम्बन्धी जानकारी दिनुपर्ने देखिएको छ। सही किसिमले प्रयोग गर्दा हुने फाइदाहरूका बारेमा सुसूचित गराउनुका साथै यसको गलत प्रयोग भएमा उत्पन्न हुन सक्ने जोखिमसमेतका सम्बन्धमा सचेत गराउनु आवश्यक छ।

वर्तमान अवस्था

नेपालमा अझै पनि सङ्गठित बैंकिङ सेवाको पहुँच करिब ६५ प्रतिशत नागरिकलाई मात्र पुगेको तथ्याङ्क सार्वजनिक भएको छ । यसको अर्थ ३५ प्रतिशत मानिसहरूले आफ्ना वित्तिय आवश्यकताहरू असङ्गठित क्षेत्रबाट पूरा गरिरहेको देखिन्छ । सबै नागरिकहरूलाई संस्थागत वित्तीय सेवा पुऱ्याउने राज्यको नीति रहेको भए तापनि बैंक तथा वित्तीय संस्थाहरूले आफ्ना सेवाहरू विस्तार गर्ने क्रममा सुविधा सम्पन्न स्थान र सहरी क्षेत्रलाई नै प्राथमिकतामा राखेको देखिन्छ । बैंक तथा वित्तीय संस्थाहरू नै वित्तीय साक्षरता अभिवृद्धि गर्ने मुख्य संवाहकका रूपमा रहने हुँदा यस्ता संस्थाहरूलाई मुनाफा मात्र नहेरी राज्यको नीति कार्यान्वयन गर्ने सहयोगी निकायका रूपमा सञ्चालन हुने वातावरण सृजना गर्नु आवश्यक देखिएको छ। यसका लागि बैंक तथा वित्तीय संस्थाहरूले अनिवार्य रूपमा बैंकिङ सेवा सुविधाहरू देशका दूरदराजसम्म सबै वर्ग र समुदायका नागरिकको पहुँच पुग्ने गरी विस्तार गर्दै लैजानुपर्ने नीतिगत व्यवस्था हुन जरुरी छ। साथै बैंक तथा वित्तीय संस्थाहरूले प्रवाह गर्ने सेवा सुविधाहरूका सम्बन्धमा स्पष्ट र सरल किसिमले सर्वसाधारणमा सुसूचित गर्ने, स्थानीय भाषामा सूचना तथा जानकारीहरू सम्प्रेषण गर्ने, सेवा सुविधाहरूको जानकारी, सोको प्रयोग गर्ने तरिका, प्रयोगको सिलसिलामा उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरूका बारेमा सर्वसाधारणलाई स्पष्ट रूपमा सुसूचित गराउनु आवश्यक हुन्छ।

आधुनिक बैंकिङ सेवा प्रविधियुक्त भएको छ । सूचना प्रविधिका क्षेत्रमा भएको तीव्र विकासको प्रभाव बैंकिङ क्षेत्रमा प्रत्यक्ष रूपमा परेको देखिन्छ। इन्टरनेट र मोबाइलको प्रयोगबाट धेरै प्रकारका बैंकिङ सेवाहरू घरमै बसी-बसी सहज किसिमबाट उपभोग गर्न सकिने अवस्था सृजना भएको छ । कोभिड-१९ सङ्क्रमणको जोखिमका कारण लामो समयसम्म जारी गरिएको लकडाउनका कारण डिजिटल बैंकिङ सेवाहरूको माग अत्यधिक भएको देखिन्छ। यस अवधिमा बैंक तथा वित्तीय संस्थाहरूले आफ्ना डिजिटल सेवाहरूको व्यापक रूपमा प्रवर्द्धन गरेको पाइन्छ । बैंकका ग्राहकहरूले पनि अनलाइन बैंकिङ सेवाको अत्यधिक उपयोग गरेको र यस्तो सेवा प्रत्यक्ष बैंकिङभन्दा सहज र खर्च तथा समयका हिसाबले प्रभावकारी भएको देखिएको छ। कोभिड-१९ पछिको वर्तमान अवस्थामा समेत डिजिटल सेवाको बढ्दो उपभोगले यसको प्रभावकारितालाई पुष्टि गरेको छ।

प्रविधियुक्त बैंकिङ सेवा सुविधाहरू प्रयोगमा सहज र लोकप्रिय भए तापनि यस्ता सेवाहरूको प्रयोगमा जोखिमसमेत उच्च रहेको हुन्छ । इन्टरनेटको माध्यमबाट प्रयोग गरिने सेवाहरूमा प्रयोगकर्ताको युजर, पासवर्ड, OTP, Transaction Pin लगायतका गोप्यता कायम राख्नुपर्ने कुराहरूको प्रयोग सही किसिमले नभएमा यसबाट ठुला ठुला दुर्घटनाहरू हुन सक्ने र यसले प्रयोगकर्तालाई धेरै नोक्सानी हुन सक्ने खतरा बढ्न सक्छ । बैंक तथा वित्तीय संस्थाहरूले विकास गरेका Application हरूको प्रयोग पनि सही किसिमले गर्नुपर्ने हुन्छ । त्यसै गरी मोबाइल प्रयोगकर्ताहरूले आफ्नो मोबाइल सेटको सुरक्षामा विशेष ध्यान दिनुपर्ने हुन्छ। डिजिटल कारोबारका क्रममा धेरै किसिमका Disputes पनि आउने गरेको देखिन्छ। यस्ता Disputes को सम्बन्धमा प्रयोगकर्ताले सम्बन्धित बैंक तथा वित्तीय संस्थालाई जानकारी गराउने र सोको Settlement का बारेमा जानकारी पाउने प्रभावकारी संयन्त्र बैंक तथा वित्तीय संस्थाले विकास गर्नुपर्छ र त्यस्तो संयन्त्रमा जिम्मेवार जनशक्तिको व्यवस्था गर्नुपर्छ।

उपसंहार

वर्तमान समयमा वित्तीय साक्षरताको क्षेत्रमा व्यापक परिवर्तन भएको छ । वित्तीय साक्षरताको माध्यमबाट मुलुकमा वित्तीय पहुँच बढाउँदै वित्तीय समावेशीकरण र वित्तीय समानता हासिल गर्ने राज्यको लक्ष्य प्राप्ति गर्न वित्तीय साक्षरताको क्षेत्रमा समयानुकूल परिमार्जन गर्दै लैजानु आवश्यक देखिन्छ। यसै आवश्यकतालाई दृष्टिगत गरी नेपाल सरकारले आर्थिक कारोबारहरूलाई बैंक तथा वित्तीय संस्थाहरूमार्फत सञ्चालन गर्नुपर्ने अनिवार्यता गरेको छ। बैंक तथा वित्तीय संस्थाको बाक्लो उपस्थिति रहेको सुगम र सहरी क्षेत्रमा मात्र हैन, ग्रामीण र दूरदराजमा समेत बैंकिङ सेवा पुऱ्याउने स्पष्ट नीति आवश्यक देखिन्छ। आजको बैंकिङ प्रविधियुक्त छ । सूचना प्रविधिको उपलब्धताबाहेक आजको बैंकिङ सेवाको अपेक्षा गर्न सकिँदैन । त्यसैले आधुनिक बैंकिङका लागि आवश्यक पर्ने पूर्वाधारको व्यवस्था गरी बैंकिङ पहुँच नपुगेका क्षेत्रमा समेत बैंक तथा वित्तीय संस्थाको सेवा पुऱ्याउन राज्यले पहल गर्नुपर्ने देखिन्छ। वित्तीय साक्षरताको आधुनिक मोडलअनुसार वित्तीय सचेतना अभिवृद्धि गर्दै आधुनिक बैंकिङ सेवा सुविधाहरूको सबै पक्षको सूचना एवं जानकारीबाट सर्वसाधारणलाई सुसूचित गरी वित्तीय सेवाप्रतिको विश्वास र भरोसा अभिवृद्धि गर्न सम्बद्ध सबै बैंक तथा वित्तीय संस्थाहरूले अहम् भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ।

***

मौद्रिक नीति २०७८।०७९ र डिजिटल भुक्तानीको कार्यदिशा

ऋषिराम ढकाल*

मौद्रिक नीति

कुनै पनि देशमा अर्थतन्त्रको विकास गर्न र त्यसलाई दीर्घकालीन रूपमा स्थायित्व दिन विभिन्न किसिमका नीतिहरूको तर्जुमा गर्ने गरिन्छ । मुलुकको आर्थिक विकास तथा आर्थिक स्थायित्वका लागि मुलुकको मौद्रिक अधिकारी नेपाल राष्ट्र बैंकले राष्ट्रिय अर्थतन्त्रमा वाञ्छित परिणाम हासिल गर्न अपनाउने समष्टिगत नीति नै मौद्रिक नीति हो । खास गरी मौद्रिक नीति बैंक तथा वित्तीय संस्थाहरूमार्फत कार्यान्वयनमा ल्याइन्छ । आर्थिक विकास, विनिमय स्थिरता, बचत तथा लगानीबिच सन्तुलन कायम गर्नु यसको मुख्य उद्देश्य हो । नेपालमा विगत केही वर्षदेखि बैंक तथा वित्तीय संस्थाहरूमा बचत र लगानीबिच असन्तुलन पैदा हुन गई तरलता समस्याहरू बारम्बार देखिरहेको विद्यमान अवस्था छ । तरलता समस्याले गर्दा अर्थतन्त्रमा ब्याजदर छिटो छिटो परिवर्तन भई लगानी र बचतमा अस्थिरताको स्थिति सृजना गर्दछ, जसले गर्दा मौद्रिक नीतिका मुख्य चरहरू नै बढी प्रभावित भई अपेच्छित परिणाम हासिल हुन सक्दैन र यसको सोझो असर अर्थतन्त्रमा निर्भर उत्पादन र रोजगारीमा परेको देखिन्छ ।

हालसम्म पनि मौद्रिक नीतिमार्फत अस्वस्थ प्रतिस्पर्धालाई रोक्न सकिएको छैन । हाल बजारमा सीमित ग्राहक, सानो बजार तथा अधिक वित्तीय संस्थाहरू भएको अवस्थामा एकबाट अर्को तान्ने बाहेकका नयाँ संरचनाको विकास हुन सकेको छैन । अब मर्जरमा जान र आफूलाई सबल बनाउन बैंक तथा वित्तीय संथाहरू लागेको देखिन्छ । तसर्थ पनि स्वच्छ अर्थतन्त्रका लागि स्वस्थ वित्तीय क्षेत्रको आवश्यकता पर्दछ ।

तोकिएको लक्ष्य तथा कार्यदिशामा सफल हुन समग्ररूपमा मुलुकमा आर्थिक उत्पादन, वितरण र भुक्तानी प्रणालीका साधनहरूको विकास र सो सँगै रोजगारीमा अभिवृद्धि गरी मुद्राप्रदाय, मुद्रास्फीतिमा नियन्त्रण गर्दै मूल्य स्थिरता कायम गर्न र यसबाट सृजना भएको भुक्तानी प्रणालीको विकास डिजिटल माध्यमबाट गर्न सकिए राज्यले हासिल गर्न खोजेको ७% आर्थिक वृद्धिदर सम्भव होला । यद्यपि हालको चुनौतीपूर्ण स्थिति र कोरोनाको तेस्रो लहरले पार्ने प्रभाव पनि त्यति कम होला भन्न सकिने अवस्था छैन । यति मात्रै होइन आर्थिक वृद्धिको लक्ष्यसँगै १८% को लक्षित मुद्राप्रदाय दर र ६.५% को सीमाभित्र कायम राख्ने भनिएको मुद्रास्फीति र निजीक्षेत्रको कर्जा विस्तार १९% समेत नियन्त्रणमा रहन सक्दैन । राज्यले अवलम्बन गरेको आर्थिक नीति, हालको सङ्घीय, प्रादेशिक र स्थानीय तहको संरचना र सोअनुरूप हुनुपर्ने जति पनि विस्तारित आर्थिक क्रियाकलापहरू छन्, ती हुन सकिरहेका देखिँदैनन् । हाल सरकारी क्षेत्रबाट कम खर्च भइरहेको अवस्थामा यर्थाथमा मौद्रिक नीति र यसका संवाहकहरूबिच नै तालमेल भइरहेको देखिँदैन । पर्याप्त पुँजी परिचालन, लगानी विविधीकरण, उपयुक्त एकीकृत भुक्तानी प्रणालीको विकास र उपयुक्त नीतिहरूको पूर्ण कार्यान्वयनको अभ्यासद्वारा मात्र सबल, सक्षम र प्रतिस्पर्धी वित्तीय संस्थाका साथै सबल अर्थतन्त्रको विकास र निरन्तरता रहन सक्दछ ।

मौद्रिक नीतिका मुख्य संवाहक भनेका बैंक तथा वित्तीय संस्थाहरू नै हुन् । यिनीहरूको असल चरित्रबिना मौद्रिक अधिकारीको उपयुक्त मौद्रिक नीति मात्र पनि आर्थिक स्थायित्वका लागि पर्याप्त मानिँदैन । नेपाल राष्ट्र बैंकले ब्याजदर नियन्त्रण गरी समग्र आर्थिक स्थायित्व र मूल्य स्थिरता कायम गर्न समयानुकूल विभिन्न किसिमका मौद्रिक उपकरणहरू जारी गरी सोको कार्यान्वयनमा विशेष जोड दिनुपर्ने देखिन्छ ।

केही समय अगाडिदेखि कोभिड-१९ को महामारीबाट प्रभावित मुख्य क्षेत्रहरूको पुनरुत्थान गर्दै अर्थतन्त्रको विस्तारमा सहयोग पुऱ्याउन नेपाल राष्ट्र बैंकले मौद्रिक सहजीकरण गर्नुपर्ने र आर्थिक तथा वित्तीय स्थायित्व कायम गर्न कसिलो मौद्रिक नीति अवलम्बन गर्नुपर्ने अवस्थाका बिच तालमेल मिलाई मौद्रिक नीतिको सन्तुलित कार्यदिशा अवलम्बन गर्नुपर्ने आवश्यकता टड्कारो देखिन्छ ।

पछिल्लो समय कोरोनाको प्रभाव, लकडाउन र यसबाट सृजना भएको भुक्तानी प्रणालीमा देखिएको विद्युतीय कारोबारलाई प्रोत्साहित गर्ने नेपाल राष्ट्र बैंकको प्राथमिकता र कोभिड-१९ सङ्क्रमणको जोखिम कम गर्न नगदरहित कारोबार गर्नुपर्ने आवश्यकताले गर्दा पछिल्लो समय कारोबारको भुक्तानीमा विद्युतीय माध्यमको प्रयोग तीव्र रूपमा विस्तार भएको छ । खुद्रा पसल, थोक व्यापार, डिपार्टमेन्टल स्टोर र पुँजी बजारमा समेत विद्युतीय कारोबारको विस्तार भएको छ । यसबाट भुक्तानी प्रणालीको विकास र आधुनिकीकरणमा सहयोग पुग्नुका साथै वित्तीय पहुँच बढ्दै गएको छ ।

कोरोनाले देखाएको बाटो

विश्व महामारीका रूपमा देखापरेको कोरोना भाइरस सङ्क्रमण दिनानुदिन बढ्दै गइरहेको छ । २०१९ को डिसेम्बर महिनामा चिनको वुहान प्रान्तबाट सुरु भएको कोरोनाको सङ्क्रमण हाल विश्वभर द्रुत गतिमा फैलिरहेको छ । सुरुवाति दिनहरूमा यसबाट जोगिन विभिन्न किसिमका सुरक्षाका उपायहरू अपनाए पनि पछिल्ला दिनहरूमा अर्थतन्त्रलाई चलायमान गराउन लकडाउन खुकुलो बनाउँदै लगिएका कारण अझ जनमानसमा सन्त्रास बढ्दो छ । विश्व प्रविधिको विस्तारसँगै विकासको होडबाजीमा अगाडि बढिरहेका बेला अकस्मात् कोरोना भन्ने भाइरसका कारण समग्र विश्व अर्थतन्त्र ठप्प प्रायः भएको

* वरिष्ठ प्रबन्धक, राष्ट्रिय वाणिज्य बैंक

होइन कि अब केही वर्ष पछाडि धकेलिँदै छ भन्दा फरक नपर्ला । हालसम्म विश्वभर करिब २१२० लाखभन्दा बढी सङ्क्रमण भइसकेका र ४४३० हजारको मृत्य भइसकेको अवस्था छ । नेपालमा हालसम्म जम्मा ७,४६,००० सङ्क्रमित, १०,४८५ को मृत्यु भइसकेको छ भने निको भएर जानेको सङ्ख्या पनि अधिक छ ।

कोरोना सङ्क्रमण र यसबाट बच्न गरिएको लकडाउनबाट विकसित राष्ट्रहरूदेखि अल्पविकसित राष्ट्रहरूमा क्षमताअनुसारको प्रभाव परिरहेको देखिन्छ । त्यस्तो क्षेत्र छैन, जुन प्रभावित नभएको होस् । नेपालमा औद्योगिक व्यवसाय, पर्यटन, यातायात, व्यापार तथा कृषिजन्य उत्पादनहरूमा बढी प्रभाव परेको देख्न सकिन्छ । कृषिप्रधान देश नेपाल कोरोना सङ्क्रमणका कारण २०७८ बैशाख १६ गतेदेखि दोस्रो चरणको लकडाउनमा रहेको थियो भने जनताको दैनिकीलाई सहज गराउन साथै राजस्व सङ्कलनको लक्ष्य पहिल्याउन भनौँ या समग्र सरकार र दैनिक रूपमा प्रशासन चलाउन आर्थिक वर्षको अन्त्यसँगै यसलाई खुकुलो बनाउँदै लगिएको छ । नेपाली अर्थतन्त्रलाई केही मात्रामा भए पनि चलायमान गराउन विभिन्न किसिमका स्व-दबाबहरू सृजना भएका छन् । कोभिड-१९ विरुद्धको खोप अभियान जारी राखी अर्थतन्त्रका सबै क्षेत्रहरू खुला भए पनि समय-समयमा विकसित र विस्तारित हुने गरेका कोभिड-१९ का विभिन्न भेरियन्टका कारण सङ्क्रमणको खतरा अझै टरेको देखिँदैन ।

कोरोना महामारीको त्रासले नगद कारोबारमा सचेतना अपनाई नगदरहित कारोबारलाई प्रोत्साहन गर्न डिजिल भुक्तानी प्रणालीको विकास, विभिन्न वालेट, बैंक तथा वित्तीय संस्थाका मोबाइल बैंकिङ्, कार्डहरूको कारोबारमा भएको वृद्धि, कनेक्ट आई.पी.एस. तथा विद्युतीय कारोबारलाई प्रोत्साहित गर्न नेपाल राष्ट्र बैंकले गरेको सीमा वृद्धिले पनि सहजता कायम गऱ्यो । कोभिड-१९ सङ्क्रमणको जोखिम कम गर्न नगदरहित कारोबार गर्नुपर्ने आवश्यकताले पछिल्लो समय कारोबारको भुक्तानीमा विद्युतीय माध्यमको प्रयोग तीव्र रूपमा विस्तार भएको छ । खुद्रा पसल, थोक व्यापार, डिपार्टमेन्टल स्टोर, अन्य विभिन्न व्यावसायिक क्षेत्र र पुँजी बजारमा समेत विद्युतीय कारोबारको विस्तार भएको छ । यसबाट भुक्तानी प्रणालीको विकास र आधुनिकीकरणमा सहयोग पुग्नुका साथै वित्तीय पहुँच बढ्दै गएको छ । ग्राहकहरूलाई सजगता अपनाई विद्युतीय कारोबारमा अभिप्रेरित गर्ने र नगदरहित कारोबारमा आवश्यक सहजीकरण गर्ने दायित्व पनि वित्तीय संस्थाहरूको हो ।

भुक्तानी प्रणालीमा आबद्ध विभिन्न संस्थाहरू

प्रतिकूल परिस्थितिमा पनि वित्तीय संस्थाहरू तथा लगानीकर्तालाई जोगाउनु नेपाल राष्ट्र बैंकको जिम्मेवारी हो । सरकारले तर्जुमा गरेका नीति तथा कार्यक्रमहरू तल्लो तहसम्म पुऱ्याउन बैंक तथा वित्तीय संस्थाको अहं भूमिका रहेको हुन्छ । सरकारले उद्योगी, व्यवसायी तथा अर्थतन्त्रलाई चलायमान गराउन ल्याएको यो नीति पुर्णरूपमा बैंक तथा वित्तीय संस्थाहरूले लागू गर्ने हो भने लकडाउनको अवधिमा आर्थिक क्षति बेहोरेका व्यवसायीहरूलाई केही भए पनि राहत पुग्ने देखिन्छ । विगतका केही वर्षदेखि मौद्रिक नीतिको त्रैमासिक तथा अर्धवार्षिक समीक्षा गरी नीति तथा कार्यक्रमको पुनरावलोकन गर्ने व्यवस्थाले मौद्रिक नीतिलाई अझ मजबुत बनाउन सहयोग गरेको देखिन्छ तर बैंक तथा वित्तीय संस्थाहरूमा देखिएको ओभरड्राफ्ट, कर्जा लगानी नीति ग्राहकको आवश्यकता, उत्पादनशीलता वा उद्देश्य उन्मुख हो वा होइन भन्ने कुराको विश्लेषण भने भएको देखिँदैन । कर्जा लिन र दिन सजिलो माध्यम बन्दै गइरहेको वालेट वा मोबाइल लघुकर्जालाई विस्तार गरी अझै बढाउन सके थप लाभदायक हुने देखिन्छ । यसका लागि स्वयं बैंक तथा वित्तीय संस्थाहरूलगायत विभिन्न वालेटहरूले समन्वय र सहकार्य गर्न सक्दछन् ।

बैंक तथा वित्तीय संस्थाहरूको नाफा अपरिहार्यता र वृद्धि उल्लेख्य रूपमा देखिएको थियो भने अहिले आएर ग्राहकलाई दिएको छुट सुविधा तथा ब्याज आम्दानीमा भएको ह्रासले अधिकांश बैंकहरूको नाफा खुम्चिएको देखिन्छ । बजारमा निक्षेप सङ्कलनको वृद्धिदर बढिरहेकाले तरलताको स्थिति सहज भएको थियो भने अब स्थिति फरक बन्दै गएको छ । निक्षेपमा भएको ब्याज वृद्धिले पक्कै पनि कर्जाको ब्याजदरमा वृद्धि हुन सक्दछ । बैंक तथा वित्तीय संस्थाहरूलाई लगानीका लागि स्रोत बढाउने दबाब बढिरहेको देखिन्छ । हाल बजारमा निक्षेपको ब्याजदर तथा कर्जाको ब्याजदर बढ्ने क्रममा रहेकाले पनि निक्षेपका ग्राहकहरूलाई राहत मिल्ने देखिन्छ । यद्यपि हाल नेपाल राष्ट्र बैंकले स्प्रेड रेट, आधार ब्याजदर र प्रिमियमको अवधारणालाई कडाई गर्दै लगेको छ ।

अहिलेको प्रतिकूल परिस्थितिले गर्दा वैदेशिक रोजगारीमा गएका नेपाली दाजु-भाइ तथा दिदी-बहिनीहरू स्वदेश फर्कने र स्वदेशमा रहेका विदेशिने क्रम जारी रहेकाले पनि रेमिट्यान्समा केही वृद्धि हुने सम्भावना हुन्छ । यो सम्भावनासँगै यसको कारोबारमा डिजिटल माध्यमको पनि विकास भइरहेको देखिन्छ । हाल बजारमा विभिन्न किसिमका भुक्तानी सेवा प्रदायक र भुक्तानी सेवा सञ्चालकहरू प्रतिस्पर्धामा आइरहेका छन् भने उनीहरूको माध्यमबाट डिजिटल ग्राहकहरूमा वृद्धि र सँगसँगै कारोबारमा समेत वृद्धि हुने देखिन्छ । जस्तै - मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङ, कनेक्ट आई.पी.एस., आर.टी.जी.एस., डिजिटल वालेट, कार्डहरू, एटिएम, क्युआर कोड, बी.एल.बी. तथा पोसको माध्यमबाट हुने कारोबारहरू नै अहिलेका भुक्तानी प्रणालीका संवाहकहरू हुन् ।

मौद्रिक नीति २०७८।०७९ मा भएका भुक्तानी प्रणालीसम्बन्धी व्यवस्थाहरू

आर्थिक वर्ष २०७९/८० लाई **विद्युतीय भुक्तानी कारोबार प्रवर्द्धन वर्ष**का रूपमा मनाउन चालु आर्थिक वर्ष आवश्यक पूर्वाधारको विकास र चेतना अभिवृद्धिमा जोड दिइने,

विद्युतीय भुक्तानीका उपकरणहरूबिच अन्तरआबद्धता कायम गर्दै नेपालभित्र हुने भुक्तानी कारोबारहरूको राफसाफ तथा अभिलेखीकरण गर्न र नेपालको आफ्नै भुक्तानी कार्ड प्रयोगमा ल्याउन राष्ट्रिय भुक्तानी स्विच स्थापनाको कार्य सम्पन्न अगाडि बढ्ने,

विद्युतीय भुक्तानी प्रणालीको समग्र इकोसिस्टमको विकास र प्रवर्द्धनमा लगानी गर्ने भुक्तानी सेवाप्रदायक तथा भुक्तानी प्रणाली सञ्चालक र सञ्चार सेवाप्रदायक संस्थाहरूलाई विशेष पुनर्कर्जा उपलब्ध हुने व्यवस्था,

विद्युतीय भुक्तानी कारोबारको प्रवर्द्धनका लागि विभिन्न माध्यमहरूबाट हुने भुक्तानी कारोबारको सीमा पुनरावलोकन हुने । विद्युतीय भुक्तानी कारोबारमा लाग्ने शुल्कलाई उपयुक्त स्तरमा कायम गर्न नीतिगत व्यवस्था हुने,

नेपाल सरकारले प्राप्त गर्ने राजस्व र सबै प्रकारका भुक्तानी बैंकिङ तथा विद्युतीय भुक्तानीको माध्यमबाट गर्ने व्यवस्थाका लागि आवश्यक सहजीकरण गर्ने,

सरकारी कारोबार गर्ने बैंकका शाखा कार्यालयहरूले विद्युतीय भुक्तानीका उपायहरू अवलम्बन गरी सामाजिक सुरक्षा भत्ता सम्बन्धित व्यक्तिले सहजै प्राप्त गर्न सक्ने व्यवस्था,

भुक्तानी सेवाप्रदायक र भुक्तानी प्रणाली सञ्चालक संस्थाहरूले २०७८ असार मसान्तसम्म गर्नुपर्ने न्यूनतम कारोबार र पुऱ्याउनुपर्ने ग्राहक सङ्ख्या कोभिड-१९ को सङ्क्रमणलाई दृष्टिगत गरी २०७९ असार मसान्तसम्म पुऱ्याउनुपर्ने गरी समय थप गरिएको,

भुक्तानी सेवाप्रदायक तथा भुक्तानी प्रणाली सञ्चालक संस्थाहरूको कारोबारको दायरा बढाई लघुवित्त वित्तीय संस्था र सहकारीका ग्राहक समक्षसमेत विद्युतीय भुक्तानी सेवा पुऱ्याउन प्रोत्साहन गर्ने । साथै नगद कारोबारको विद्यमान सीमालाई बचत तथा ऋण सहकारी संस्थाहरूमा समेत प्रभावकारी कार्यान्वयन गर्न आवश्यक समन्वय गर्ने,

बैंक तथा वित्तीय संस्थाहरूमा कर्जाको आवेदनदेखि स्वीकृति गर्नेसम्मको प्रक्रियालाई विद्युतीय माध्यमबाट हुने व्यवस्थाका लागि सहजीकरण गर्न डिजिटल कर्जा मार्गदर्शन (Digital Lending Framework) तर्जुमा गरी कार्यान्वयनमा ल्याइने,

विश्वमा विद्युतीय मुद्राको प्रयोग तथा सम्भाव्यता अध्ययन भइरहेको सन्दर्भमा नेपालमा समेत केन्द्रीय बैंक विद्युतीय मुद्रा (Central Bank Digital Currency) को सम्भाव्यता अध्ययन गरिने,

नागरिक बचतपत्र तथा वैदेशिक रोजगार बचतपत्रको आवेदन विद्युतीय माध्यममार्फत् गर्न सकिने व्यवस्था मिलाइने,

भुक्तानी प्रणालीलगायतका तथ्याङ्क तथा सूचनाहरू सुरक्षित रूपमा व्यवस्थापन गर्न क्लाउड पूर्वाधारको प्रयोग गर्ने सम्बन्धमा आवश्यक अध्ययन गरिने,

लघु, साना र घरेलु उद्यम तथा स्टार्टअप प्रवर्द्धन गर्न डिजिटल बैंकिङको अवधारणा तथा भुक्तानी सेवाप्रदायक संस्थाहरूले निश्चित रकमसम्मको लघुकर्जा उपलब्ध गराउन सक्ने व्यवस्था सम्बन्धमा आवश्यक अध्ययन गरिने,

बैंक तथा वित्तीय संस्थाहरूबाहेकका भुक्तानी सेवाप्रदायक र भुक्तानी प्रणाली सञ्चालक संस्थाहरूले निश्चित सीमाभन्दा बढीको कारोबार र शङ्कास्पद कारोबारको विवरण वित्तीय जानकारी एकाइमा उपलब्ध गराउनुपर्ने व्यवस्थाको विकास हुने ।

मौद्रिक नीति २०७८।०७९ मा भएका भुक्तानी प्रणालीसम्बन्धी व्यवस्थाका राम्रा पक्षहरू

- नेपालको आफ्नै भुक्तानी कार्ड प्रयोगमा ल्याउन राष्ट्रिय भुक्तानी स्विच स्थापना हुने,
- भुक्तानी सेवाप्रदायक तथा भुक्तानी प्रणाली सञ्चालक र सञ्चार सेवाप्रदायक संस्थाहरूलाई विशेष पुनर्कर्जा उपलब्ध हुने,
- डिजिटल भुक्तानी कारोबारको सीमा पुनरावलोकन हुने,
- विद्युतीय भुक्तानी कारोबारमा लाग्ने शुल्क उपयुक्त स्तरमा कायम हुने,
- नेपाल सरकारले प्राप्त गर्ने राजस्व र सबै प्रकारका भुक्तानी बैंकिङ तथा विद्युतीय भुक्तानीको माध्यमबाट हुने,
- विद्युतीय भुक्तानीका उपायहरू अवलम्बन गरी सामाजिक सुरक्षा भत्ता सम्बन्धित व्यक्तिले सहजै प्राप्त गर्न सक्ने व्यवस्था लागू गर्ने,
- लघुवित्त वित्तीय संस्था र सहकारीका ग्राहकले समेत विद्युतीय भुक्तानी सेवा प्राप्त गर्न सक्ने,
- डिजिटल कर्जा मार्गदर्शन हुने,
- नेपालमा समेत केन्द्रीय बैंक विद्युतीय मुद्राको सम्भावना,
- नागरिक बचतपत्र तथा वैदेशिक रोजगार बचतपत्रको आवेदन विद्युतीय माध्यममार्फत् गर्न सकिने,
- तथ्याङ्क तथा सूचनाहरू सुरक्षित रूपमा व्यवस्थापन गर्न क्लाउड पूर्वाधारको विकास हुन सक्ने,
- लघु, साना र घरेलु उद्यम तथा स्टार्टअप प्रवर्द्धन गर्न मोबाइल तथा वालेट लघुकर्जा उपलब्ध हुन सक्ने,
- डिजिटल कारोबार रिपोर्टिङको व्यवस्था ।

मौद्रिक नीति २०७८।०७९ मा भएका भुक्तानी प्रणालीसम्बन्धी व्यवस्थाका असरहरू

- भुक्तानी सेवाप्रदायक र भुक्तानी सेवा सञ्चालकहरूबिच अस्वस्थ प्रतिस्पर्धा,
- बैंकिङ ग्राहकहरूको चलायमान अवस्था,
- डाटा सुरक्षाको चुनौती,
- ग्राहक सचेतना नहुँदा फ्रड कारोबारहरूमा वृद्धि,
- बैंक तथा वित्तीय संथाहरूका लागि चुनौती,
- सर्भर, एपिआई इन्टिग्रेसन व्यवस्थापन,

भुक्तानी प्रणालीको विकाससँगै ग्राहक संरक्षण, ग्राहक वर्गलाई वित्तीय सर्तकताहरूको जानकारी, ग्राहकका गुनासाहरूको सम्बोधन र समग्रमा वित्तीय साक्षरतालाई प्रभावकारी रूपमा सञ्चालन गर्दै डिजिटल भुक्तानीका साधनहरूको विकास गर्नु नै अहिलेको आवश्यकता हो ।

***

व्यवस्थापन परीक्षण : एक बहुआयामिक विषय

हेमराज खरेल*

१. विषय प्रवेश

व्यवस्थापन परीक्षण दुई भिन्न शब्दहरूबाट बनेको व्यवस्थापनका क्षेत्रमा एक नवीन आयाम हो । व्यवस्थापनअन्तर्गत योजना (Planning), सङ्गठन (Organizing), निर्देशन (Directing), प्रतिवेदन (Reporting), नियन्त्रण (Controlling) का माध्यमबाट सङ्गठनले आफ्ना सीमित स्रोत र साधनहरूलाई अधिकतम र आदर्शतम रूपमा परिचालन गरी आफ्नो लक्ष्य तथा उद्देश्य प्राप्त गर्न खोजेको हुन्छ। सङ्गठन संरचनामा प्रतिवेदन पद्धति स्पष्ट भए, नभएको, नीति र कार्यान्वयन पूर्ण पालना भए, नभएको, सूचना प्रविधि प्रणाली समय सान्दर्भिक भए, नभएको, सेयरधनी तथा सरोकारवालाप्रति उतरदायी तथा जवाफदेही रहे, नरहेको, मानव संशाधनसम्बन्धी भर्नादेखि अवकाससम्मका क्रियाकलाप व्यवस्थित र संस्था अनुकूल भए, नभएको आदि विषयका सम्बन्धमा संस्थाको रणनीति र साधनस्रोत बिचको सामन्जस्यता प्रभावकारिताको मूल्याङ्कन गर्ने गरिन्छ। व्यवस्थापनका यिनै विषयमा गरिने परीक्षणलाई व्यवस्थापन परीक्षणअन्तर्गत राखिन्छ । यसलाई नियमित रूपमा गरिने वित्तीय परीक्षणका रूपमा नहेरी समग्र व्यवस्थापनकै सामान्यतः गैरवित्तीय परीक्षणका रूपमा बुझ्नुपर्दछ। नीति निर्माणदेखि कार्यान्वयनसम्मका सम्पूर्ण व्यवस्थापकीय पक्षहरूको संस्थाका कर्मचारी तथा सम्बन्धित विज्ञ वा विज्ञ समूहद्वारा परीक्षण गराइन्छ।

व्यवस्थापन परीक्षणलाई सरकारी वा गैरसरकारी, नाफामूलक वा गैरनाफामूलक, सरकारी संस्थान वा निजी सङ्गठन, राष्ट्रिय वा बहुराष्ट्रिय कम्पनी, बैंकिङ वा गैरबैंकिङ वित्तीय संस्था जस्ता सङ्गठनका हरेक क्षेत्रमा व्यवस्थापनका विभिन्न विषय र प्रक्रियाहरूको मूल्याङ्कन गर्न सकिने भएकाले समेत यसलाई बहुआयामिक क्षेत्र मान्न सकिन्छ।

संस्थामा सुशासन कायम गर्न सहजता कायम गर्ने महत्त्वपुर्ण माध्यममध्ये एउटा व्यवस्थापन परीक्षण पनि हो। व्यवस्थापन परीक्षणले सुशासन स्थापनाका लागि बनेका ऐन, नियम तथा निर्देशिकाको कार्यान्वयनको अवस्था, कार्यान्वयनका क्रममा देखिएका समस्याहरूको पहिचान र सोअनुरूप ऐन, नियम तथा निर्देशिका लगायतका क्षेत्रको सुधारका उपायहरूको खोजी गर्न यसले सहयोग गर्दछ । संस्थामा कार्यरत कर्मचारीहरूले ऐन, नियम, निर्देशनअनुसार कार्य गरे वा नगरेको सम्बन्धमा समेत परीक्षण गर्ने भएकाले व्यवस्थान परीक्षण एक बहुआयामिक विषय रहेको र यसले व्यवस्थापनका समग्र पक्षको सुधार गर्न सहयोग गर्दछ।

संस्थाको सञ्चालक समिति वा उच्च व्यवस्थापनले नीति निर्माण, योजना, कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्दा कार्यान्वयन तहमा र संस्थाले राखेका लक्ष्य तथा उद्देश्यहरूसँग कति प्रभावकारी रूपमा सम्पादन भएका छन् भनी व्यवस्थापन परीक्षणले मूल्याङ्कन गर्दछ। त्यस्तै कार्यसम्पादनका लागि सही व्यक्ति सही कार्यमा लगाइएको छ, छैन, उसको अध्ययन, तालिम तथा कार्यानुभव अनुसारको कार्यमा संलग्न छ, छैन जस्ता गैरवित्तीय पक्षमा बढी केन्द्रित भई परीक्षण गर्दछ । कार्यदक्षता परीक्षण र औचित्यता परीक्षण यसका दुई महत्त्वपूर्ण पक्षहरू हुन् भने कार्यदक्षतामा सुधार तथा स्रोतसाधनको आदर्शतम उपयोग यसका सफलताका औजारहरू हुन्।

व्यवस्थापन परीक्षणमा संलग्न परीक्षकले संस्था वा संस्थाका विभिन्न विभागहरूमा के-कति पूर्वनिर्धारित लक्ष्यहरू सम्पादन भए, समग्र कार्यहरूको मूल्याङ्कन गर्दछ। विभिन्न विभाग तथा कार्यालयहरूमा सम्पादित कार्यहरूको निष्पक्ष, वस्तुनिष्ठ तथा तटस्थ रूपमा मूल्याङ्कन गर्नु यस कार्यमा खटिने परीक्षकहरूको कर्तव्य हुन आउँछ। व्यवस्थापन परीक्षण लेखापरीक्षण जस्तो नियमित नभई यो ऐच्छिक हुन्छ। यस किसिमको परीक्षणको मूल उद्देश्य भनेको व्यवस्थापनका सबल पक्ष र दुर्बल पक्षहरूलाई उजागर गरी उपयुक्त राय प्रस्तुत गर्नु हो।

व्यवस्थापन परीक्षण सबै तहका व्यवस्थापनको नियमितता, कार्यदक्षता, प्रभावकारिता, मितव्ययिता, औचित्यता आदिको परीक्षण गर्ने विस्तृत एवं सुधारात्मक प्रविधि हो, जसले संस्थाको नीति, योजना, कार्यक्रम, सङ्गठनात्मक ढाँचा, साधनस्रोतको प्रयोग, कार्यसम्पादन प्रक्रिया लगायतका सम्पूर्ण पक्षहरूको अनुगमन, मूल्याङ्कन, निरीक्षण गरी सोको यथार्थ प्रतिवेदनमार्फत् संस्थाको उचित व्यवस्थापन एवम् सुधार गर्दै गतिशील र सुशासनयुक्त संस्था निर्माण गर्न सहयोग पुऱ्याउँछ।

२. व्यवस्थापन परीक्षणका उद्देश्य

देहायका उद्देश्य प्राप्त गर्ने उद्देश्यले व्यवस्थापन परीक्षण गर्ने गरिन्छ :

- संस्थाका कर्मचारीहरूले गर्ने कामकारबाहीहरू प्रचलित कानुन र नियम, निर्देशनबमोजिम भए, नभएको परीक्षण गर्नु,
- सङ्गठनका सबल र दुर्बल पक्ष पहिचान गरी सबल पक्षको प्रवर्द्धन गर्नु र दुर्बल पक्षहरू हटाउनु,
- उपलब्ध स्रोत र साधनको आदर्शतम उपयोग गर्नु,
- व्यवस्थापनमा सुशासन कायम गरी जवाफदेहिता निर्माण गर्नु,
- कार्यान्वयनमा आउने समस्या पत्ता लगाई सुधार गर्नु,
- व्यवस्थापनका सबै तहको कार्यक्षमता जाँच गर्नु,

* *वरिष्ठ प्रबन्धक, राष्ट्रिय वाणिज्य बैंक*

- कार्यान्वयनमा आएका नीति तथा योजनाहरूको प्रभावकारिता जाँच गर्नु,
- सङ्गठनको मुनाफा वृद्धिमा सहयोग पुऱ्याउनु,

३. **व्यवस्थापन परीक्षणका सिद्धान्त**

व्यवस्थापन परीक्षणले देहायका सिद्धान्तहरूलाई आत्मसात् गर्दछ :

- नियम कानुनको परिपालनाको सिद्धान्त ।
- रणनीतिक अभिमुखीकरणको सिद्धान्त - सेवाप्रवाहको भावी कार्यदिशा ।
- सेवा प्रवाहमा गुणात्मकता (Quality Control) र जवाफदेहिताको सिद्धान्त ।
- कार्यसम्पादन सुधारको सिद्धान्त ।
- निरन्तर सुधार/अनुसन्धानमा आधारित सुधारको सिद्धान्त ।
- नैतिक मूल्य र मान्यतामा आधारित व्यावसायिक क्षमताको सिद्धान्त ।
- प्रामाणिकतामा आधारित सिद्धान्त ।

व्यवस्थापन परीक्षणका कार्यहरू

व्यवस्थापन परीक्षणका मूलभूत कार्यहरूलाई देहायबमोजिम प्रस्तुत गरिएको छ :

१. व्यवस्थापन परीक्षणले सबै तहका व्यवस्थापनको कार्यदक्षता पहिचान तथा मूल्याङ्कन गर्दछ ।

२. व्यवस्थापनले निर्माण गरेका नीतिहरू सफलतापूर्वक कार्यान्वयन भए, नभएको बारे व्यवस्थापन परीक्षणले पुनरावलोकन गर्दछ ।

३. व्यवस्थापनले तय गरेका मापदण्डअनुसारको नतिजा वा उपलब्धी प्राप्त भए, नभएको फरक (Variance) पहिचान गर्दछ ।

४. व्यवस्थापन परीक्षणले तय गरेका मापदण्डअनुसारको नतिजा प्राप्त नभई Variance हुनुको कारण विश्लेषण गर्दछ ।

५. व्यवस्थापन परीक्षणले क्षेत्रगत रूपमा गर्नुपर्ने सुधारका सम्बन्धमा उच्च व्यवस्थापनलाई आवश्यक सुझाव उपलब्ध गराउँछ ।

व्यवस्थापन परीक्षण आवश्यकताका आधारमा अवलोकन, छलफल, अन्तर्वार्ता, प्रश्नावली, कागजात तथा अन्य प्रमाणपत्रको अध्ययन तथा परीक्षकले ठहऱ्याएका अन्य विषयका आधारमा गर्ने गरिन्छ ।

४. **व्यवस्थापन परीक्षणको विषयक्षेत्र**

व्यवस्थान परीक्षणमा खटिने परीक्षकहरूले कुन कुन क्षेत्र र विषयवस्तुको परीक्षण गर्ने भन्ने कुरा सङ्गठनको आकार, प्रकार तथा आवश्यकताका आधारमा भए तापनि देहायका विषय क्षेत्रको सामान्यतः परीक्षणको दायरामा पर्दछन् :

क. सङ्गठनको नीति र व्यवहार

कुनै संस्थाको उद्देश्य, नीति र आवधिक एवम् वार्षिक योजना तथा बजेटसँगको तादात्म्यता, नीतिको उपयुक्तता एवम् उपयोग, नीति कार्यान्वयनका लागि कानुनी पर्याप्तता, कार्यान्वयनका लागि स्रोतको अवस्था जस्ता विषयमा आधारित रही परीक्षण गर्नुपर्दछ ।

ख. सङ्गठन संरचना

सङ्गठनको लक्ष्य, उद्देश्य, नीति, कार्यक्रमप्रति कर्मचारीहरूको हेर्ने दृष्टिकोण, कर्मचारीको कार्यविवरण तथा जिम्मेवारी, सङ्गठनको संरचनाअनुसार कर्मचारीहरूको स्वीकृत दरबन्दी, सोको पर्याप्तता, आवश्यकताअनुसारको प्राविधिक जनशक्तिको अवस्था, कर्मचारीहरू बिचमा आपसी सम्बन्ध, कर्मचारी र कार्यालय प्रमुख बिचको अन्तर्क्रिया आदि संरचनागत विषयको मूल्याङ्कन यसअन्तर्गत समेटिन्छ ।

ग. कार्य प्रक्रिया र कार्यालयको Layout को अवस्था

नीतिगत निर्णय तथा परिपत्रहरूको तल्लो तहसम्मको सम्प्रेषणको अवस्था, अधिकार प्रत्यायोजन र सोको पर्याप्तता, कर्मचारीको अनुपस्थितिमा सेवा प्रवाह निरन्तरता सम्बन्धमा गरिएको व्यवस्था, कार्यालयको Layout को अवस्था सम्बन्धमा सेवाग्राही तथा कर्मचारीहरूको दृष्टिकोण, कार्यालयमा रहेका अन्य भौतिक सुविधा, सरसफाइ, ग्राहक सहयोग कक्षको अवस्था आदि पक्षहरूको मूल्याङ्कनका विषयवस्तुहरू यसअन्तर्गत पर्दछन ।

घ. कर्मचारी व्यवस्थापन र अभिलेख

कर्मचारीको प्राप्ति र प्रक्षेपण, मानव संशाधन कार्ययोजना र कार्यान्वयनको अवस्था, कर्मचारीको अभिलेख व्यवस्थापन, कर्मचारीको पदस्थापन, सरुवा, बढुवा सम्बन्धमा भएका निर्णय तथा यस सम्बन्धमा भएका व्यवस्थाको तालमेलको अवस्था, कर्मचारीको आचारसंहिता र कार्यान्वयनको अवस्था, समयपालना तथा नियमिता जस्ता पक्ष यस शीर्षकमा समेटिन्छन ।

ङ. आर्थिक व्यवस्थापन र जिन्सी व्यवस्थापन

बजेट खर्च गर्ने अख्तियारी, आन्तरिक नियन्त्रण प्रणाली तथा सोको प्रतिवेदन पद्धति, चल-अचल सम्पत्तिको अभिलेख, संरक्षण र उपयोगको अवस्था, सार्वजनिक खरिद प्रक्रिया, कार्यालयको सामान प्राप्ति, खर्च, बाँकी, अभिलेख तथा भण्डारणको अवस्थाको मूल्याङ्कन यसमा गरिन्छ ।

च. सेवा प्रवाह र पारदर्शिता

सेवाग्राहीले प्राप्त गर्न सक्ने सेवा सुविधाहरूको जानकारी दिने संयन्त्र वा नागरिक बडापत्रको अवस्था, गुनासो व्यवस्थापन संयन्त्र र यसको प्रभावकारिता, सूचना अधिकारी, सञ्चारका साधनहरूबाट सूचना प्रवाहको अवस्था, कर्मचारी वा कार्यालय प्रमुखको अनुपस्थितिमा सेवा प्रवाहको निरन्तरताको सुनिश्चितता जस्ता विषयहरूको मूल्याङ्कन गरिन्छ ।

छ. अन्य विषयहरू

माथि उल्लिखित बाहेक पनि सङ्गठनको प्रकृति, स्वरूपअनुसार विविध विषयक्षेत्र हुन सक्छन् । कर्मचारी गुनासो व्यवस्थापन, समावेशी नीति, रणनीति तथा कार्यान्वयनको अवस्था, प्राकृतिक मानवीय विपत्तिको अवस्थाका लागि तयारी आदि ।

व्यवस्थापन परीक्षणअन्तर्गत समेटिने मूल विषय क्षेत्रलाई निम्नानुसारको Diagram मा प्रस्तुत गरिएको छ :



व्यवस्थापन परीक्षणका महत्त्वपूर्ण कार्य क्षेत्रहरु

नेपालमा व्यवस्थापन परीक्षणको अवस्था

नेपालमा व्यवस्थापन परीक्षणको इतिहास त्यति लामो छैन। नियामकीय निकाय, सङ्गठनको मथिल्लो व्यवस्थापन, विशेष निरीक्षण टोली आदिद्वारा कुनै घटनाको छानबिन, निरीक्षण, अनुगमन जस्ता गैरवित्तीय पक्ष व्यवस्थापन परीक्षणका अंशका रूपमा समेटिन सक्छन्। राष्ट्रिय सतर्कता केन्द्र, प्रशासन कार्यालय, सञ्चार माध्यम आदिले समय समयमा कार्यलयमा अनुगमन गरी कर्मचारीको ड्रेस कोडको पालना, समय पालना, कार्यसम्पादनको अवस्था आदिका बारेमा सचेत गराउने जस्ता कार्यले पनि कार्यसम्पादनमा मद्दत पुऱ्याउँछन्। यसरी गरिने अनुगमन, निरीक्षण पनि पूर्ण रूपमा व्यवस्थापन परीक्षण नभए पनि एक प्रकारले व्यवस्थापन परीक्षण भित्र नै पर्न सक्छन्।

नेपालको निजामती सेवा ऐन, २०४९ मा व्यवस्थापन परीक्षणसम्बन्धी व्यवस्था रहेको र सोही व्यवस्थाअनुसार नेपाल सरकारले व्यवस्थापन परीक्षण निर्देशिका, २०६७ लागू गरी कार्यान्वयनमा समेत ल्याएको पाइन्छ। प्रचलित कानुन तथा अन्य नियम, कार्यविधिको पालना गराई मानवीय तथा भौतिक स्रोतसाधनको सही व्यवस्थापनद्वारा प्रशासकीय दक्षता र प्रभावकारिता अभिवृद्धि गरी सार्वजनिक व्यवस्थापनलाई नतिजामुखी बनाउन यो कार्यविधि ल्याइएको हो। यसैअनुरूप छनोटका आधारमा विभिन्न कार्यालयहरूमा व्यवस्थापन परीक्षण गरिँदै आएको पाइन्छ।

बैंकिङ क्षेत्रमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ (च) मा समस्याग्रस्त वाणिज्य बैंक तथा वित्तीय संस्था नियन्त्रणमा लिएको एक वर्षभित्र त्यस्तो संस्थाको व्यवस्थापन परीक्षण वा लेखापरीक्षण गराई सार्वजनिक गर्नुपर्ने कुरा उल्लेख गरिएको छ। यसरी हेर्दा बैंकिङ क्षेत्रमा पनि आवश्यकताका आधारमा कुनै न कुनै रूपमा व्यवस्थापन परीक्षण हुँदै आएको छ। बैंक तथा वित्तीय संस्थाको आन्तरिक लेखा परीक्षणमा पनि वित्तीय परीक्षणका अलावा कतिपय विषयमा गैरवित्तीय थुप्रै पक्षहरू समेटी प्रतिवेदन पेस गर्ने र कार्यसम्पादनमा सुधार ल्याउने प्रयत्न गरिएको हुन्छ। यस्ता मूल्याङ्कनबाट व्यवस्थापन परीक्षणका समष्टिगत पक्ष नसमेटे पनि केही अंश भने अवश्य समेटिएका हुन्छन्।

नीति परीक्षण, कार्यसम्पादन परीक्षण, प्रणाली/पद्धति परीक्षण, मानव संशाधन परीक्षण, सूचना प्रणाली परीक्षण, सूचना प्रविधि परीक्षण आदिको समग्र रूप नै व्यवस्थापन परीक्षण हो। व्यवस्थापन परीक्षण भित्रका यी विभिन्न विषयसँग सम्बन्धित क्षेत्रगत आवश्यकता पहिचानका आधारमा बैंकिङ क्षेत्रमा पनि व्यवस्थापन परीक्षणको अभ्यास भएको नै मान्न सकिन्छ।

अन्तमा, व्यवस्थापन परीक्षण एक बहुआयामिक विषय रहेको र कुनै पनि व्यावसायिक वा सेवामूलक संस्थाको समुन्नतिका लागि यसको प्रयोग एक महत्त्वपूर्ण औजार बन्न सक्दछ। संस्थाको नीति निर्माणदेखि कार्यान्वयनसम्मका कार्यसम्पादनको अवस्था मूल्याङ्कन गरी सुधार गर्नुपर्ने पक्षहरूलाई व्यवस्थापन सामु प्रस्तुत गर्ने हुँदा व्यवस्थापनले यथासमयमा आफ्ना सुधारात्मक कार्यलाई अघि बढाई अपेक्षित प्रतिफल हासिल गर्न मद्दत पुऱ्याउँछ। व्यावसायिक तथा सेवामूलक संस्था, बैंक तथा वित्तीय संस्था सबैले आफ्नो आवश्यकताका आधारमा व्यवस्थापन परीक्षणलाई अङ्गीकार गरी कार्यन्वयन गरेमा लक्षित उद्देश्य हासिल भई संस्थामा संस्थागत सुशासन समेत हासिल हुन सक्दछ।

***

नेपालको आर्थिक विकासमा वित्तीय क्षेत्रको बहुआयामिक भूमिका र आवश्यकता

डा. सुरोज टण्डन*

१. **सारांश**

विश्वका धेरैजसो मुलुकको समग्र आर्थिक विकासका लागि मेरुदण्डका रूपमा रहेको वित्तीय क्षेत्र नेपालको आर्थिक विकासमा पनि महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ। वित्तीय क्षेत्रको विकासको प्रचुर सम्भावना र आवश्यकता रहेको हुँदा यस क्षेत्रले नेपालको सन्तुलित आर्थिक विकास र निकासका लागि लगानी, उत्पादन, रोजगारी, आयआर्जन सृजना, गरिबी न्यूनीकरण र निर्यात जस्ता विविध आर्थिक क्रियाकलापमा बहुआयामिक योगदान पुऱ्याएको छ। कृषि, उद्योग, वाणिज्य, पर्यटन, वैदेशिक रोजगार, मानव संसाधन आदि आर्थिक विकासका प्रमुख पक्षहरूसमेत विभिन्न समस्या र चुनौतीबाट रुमल्लिएको भए पनि वित्तीय क्षेत्रको योगदानबाट महत्त्वपूर्ण सहयोग पुगेको छ। अर्थतन्त्रलाई क्रियाशील बनाउन वित्तीय क्षेत्रमा रहेको साधन तथा स्रोत, सीप, अनुभव र ज्ञानलाई भरपुर उपयोग गरी सहरदेखि गाँउसम्म आर्थिक क्रियाकलाप बढाउन, पिछडिएको क्षेत्र तथा वर्गको व्यावसायिकता अभिवृद्धि गर्न, कर्जासँगै ज्ञान, पुँजीसँगै सीप, प्रविधिसँगै अनुभव प्रदान गरी साना तथा मझौला व्यवसायसँगै कृषि क्षेत्रको समेत विकास तथा प्रवर्धन गर्न वित्तीय क्षेत्रको आवश्यकता रहेको छ। उत्पादनशील क्षेत्रमा आन्तरिक तथा बाह्य लगानीको अपर्याप्तता, व्यापार केन्द्रित लगानी, न्यून खर्च गर्ने क्षमता, उच्च उत्पादन लागत, आर्थिक वृद्धि र रोजगारी सृजनाबिच कमजोर सम्बन्ध, असमान वितरण, बढ्दो अनौपचारिक क्षेत्रको हिस्सा लगायतका कारण मुलुकको आर्थिक विकास लक्ष्यअनुरूप हुन सकेको छैन। पन्ध्रौं पञ्चवर्षीय योजनाले लिएको उद्देश्य पूरा गर्न, समग्र मुलुकको सन्तुलित आर्थिक विकास गर्न, सर्वसुलभ आधुनिक पूर्वाधार निर्माण गर्न, अन्तर्राष्ट्रिय सम्बन्धको विकास, मानव पुँजी निर्माण तथा उपयोग, उच्च र दिगो उत्पादन तथा उत्पादकत्व अभिवृद्धि र समतामूलक राष्ट्रिय आय वृद्धिसहित आगामी २२ वर्षका लागि नेपालको दीर्घकालीन सोचसहित वि.सं. २१०० को प्रारम्भिक प्रारूपसहितको परिकल्पनाबमोजिम लक्ष्य हासिल गर्नका लागि वित्तीय क्षेत्रको भूमिका, आवश्यकता र महत्त्व अहम् हुन्छ। आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न आवश्यक रणनीति तर्जुमा गरी सोको कार्यान्वयनबाट प्राप्त उपलब्धिको संरक्षण गरी प्रदेश र स्थानीय तहमा दीर्घकालीन ध्येयबमोजिम आर्थिक विकासको मार्गदर्शन तय गर्न वित्तीय क्षेत्रसँग रहेको सम्पत्ति तथा दायित्वको उचित व्यवस्थापन तथा परिचालन गरी रोजगार, आय, बचत र उत्पादन अभिवृद्धिका लागि वित्तीय क्षेत्रको बहुआयामिक योगदान रहेको छ।

प्रमुख शब्द : आर्थिक विकास, वित्तीय क्षेत्र, बैंकिङ क्षेत्र, साधन तथा स्रोत, वित्तीय पहुँच, समावेशीकरण, आदि।

२. **विषय प्रवेश**

आर्थिक विकास विकासोन्मुख मुलुकहरूको एक संवेदनशील एवम् जटिल विषय हो । विकासोन्मुख राष्ट्रहरूले आर्थिक विकासका नाममा केवल आर्थिक क्रियाकलापमा मात्र जोड नदिई मानवीय कल्याण, जस्तै : रोजगारी, आयआर्जन, आयको वितरण, गरिबी न्यूनीकरणमा बढी जोड दिँदा उल्लिखित विषयहरूले राष्ट्रको दिगो आर्थिक विकासमा सहयोग पुऱ्याउँदछ । विकासोन्मुख मुलुकहरूले उद्योगसँगै उद्यमशीलता, विकाससँगै रोजगारी, आयसँगै वचत र परिमाणात्मकसँगै गुणात्मक विकासका लागि वित्तीय क्षेत्रसँग रहेको साधन तथा स्रोतको परिचालन र उपयोगलाई विशेष जोड दिन जरुरी छ । आर्थिक विकास आजका विकासोन्मुख मुलुकहरूका लागि एक संवेदनशील मुद्दा बनेको सन्दर्भमा विकासोन्मुख मुलुकहरूले विकासलाई तीव्र गति प्रदान गर्न अनेकौं उपाय एवम् रणनीति अवलम्बन गर्दै आएको र सोको लक्ष्य हासिल गर्न वित्तीय क्षेत्रको भूमिका र महत्त्व बढाउँदै लगेको देखिन्छ।

अर्थ व्यवस्थामा कृषि क्षेत्रतर्फ सबैभन्दा बढी जनसङ्ख्या आश्रित रहेको भए पनि यस क्षेत्रले लक्ष्यबमोजिम प्रगति हासिल गर्न नसक्दा वित्तीय क्षेत्रको विकासलाई आर्थिक विकासको कार्यसूचीका रूपमा लिने गरिएको छ। सन् १९९० को दशक अघिसम्म अर्थतन्त्रका हरेक क्षेत्रमा सरकारको भूमिका र आवश्यकता खोजिन्थ्यो र मुलुकको आर्थिक विकासको नेतृत्व सरकारले नै गर्ने अवधारणा रहेको थियो। १९९० पछि नेपालले खुला र बजारमुखी अर्थतन्त्र अवलम्बन गरेपश्चात् आर्थिक विकासमा निजी क्षेत्रको भूमिका, आवश्यकता र महत्त्व अभिवृद्धि भयो । अहिले आएर सामुदायिक र सरकारी क्षेत्र पनि आर्थिक विकासको सहयात्रीका रूपमा अगाडि आउन थालेसँगै आर्थिक विकासका लागि सरकारी, निजी र साझेदारीको अवधारणा समेत अघि सारिएको छ।

नेपालको सन्तुलित आर्थिक विकासका लागि वित्तीय पहुँच, शिक्षा, ज्ञान र समावेशीकरणको आवश्यकता रहे पनि वित्तीय प्रणालीका विद्यमान कमीकमजोरीलाई हटाई सरोकारवालाहरूबाट विभिन्न योजना, नीति

* *वरिष्ठ प्रबन्धक, मुख्य कार्यालय, काठमाडौं, कृषि विकास बैंक*

तथा रणनीति तयार गरी वित्तीय प्रणाली र अर्थतन्त्रको विकास, विस्तार र स्थायित्वका लागि अझ बढी जोड र कोड मिलाउनुपर्दछ। विगत केही वर्षदेखि वित्तीय उदारीकरणको नीतिअनुरूप नेपाल राष्ट्र बैंकले वित्तीय पहुँच, वित्तीय साक्षरता र वित्तीय समावेशीकरणलाई अभिवृद्धि गर्न तथा विकासका निमित्त स्रोतको परिचालन गर्न भइरहेको नीतिमा उदार गरी वित्तीय क्षेत्रको स्वास्थ्य, सुरक्षा, संरक्षण र प्रवर्धनका लागि नीति, रणनीति र कार्यहरूमा समयसापेक्ष सुधार गरिरहेको छ। विप्रेषण, व्यापार तथा व्यवसाय, सहज नीति तथा कार्यक्रम, महामारीको प्रभाव न्यूनीकरणमा देखिएको सक्रियता र खोपको उपलब्धता आदि कारण वित्तीय संस्थाहरूलाई निक्षेप सङ्कलन, कर्जा प्रवाह लगायत बैंकिङ तथा गैरबैंकिङ गतिविधिमा उल्लेखनीय सुधार गरेको छ। नेपालमा वित्तीय प्रणालीको व्यवस्था, वित्तीय पहुँच, शिक्षा, ज्ञान र समावेशीकरणमा भएको सुधारले आर्थिक विकाससँगै वित्तीय स्थायित्व, संस्थागत सुशासन, प्रतिस्पर्धी क्षमता र तुलनात्मक लाभमा वृद्धि हुँदै गएको छ।

३. आर्थिक विकास

आर्थिक विकास भन्नाले भौतिक संरचनाको विकाससँगै शिक्षा, स्वास्थ्य, सञ्चार, वित्तीय सेवालगायत सामाजिक कल्याण र राष्ट्रिय उत्पादन आदिमा भएको गुणात्मक तथा परिमाणात्मक परिवर्तनलाई बुझिन्छ । आर्थिक विकासले कुनै पनि राष्ट्रको अर्थव्यवस्थामा आएको सकारात्मक परिवर्तन, गुणात्मक सुधार र विकासको प्रक्रियालाई बुझाउँछ । अर्थतन्त्रमा प्रतिव्यक्ति आम्दानी बढाउने, मानिसको जीवनस्तरमा सुधार ल्याउने, संरचनागत सुधार, गरिबी निवारण, रोजगारीका अवसर, वित्तीय सेवा, कृषिको आधुनिकीकरण लगायत भौतिक र मानव समाजका बहुपक्षीय विकास एवम् निकास आर्थिक विकासले गर्दछ। मानव विकास प्रतिवेदनअनुसार आर्थिक विकास भन्नाले आय वृद्धि, शैक्षिक स्तरमा वृद्धि र स्वास्थ्यस्तरमा वृद्धिसमेतलाई मानेको छ। आर्थिक विकास भनेको एउटा लामो र नियमित प्रक्रिया हो । यसमा थुप्रै दबाब र तत्त्वहरूले अझै राम्रो आर्थिक परिवर्तन ल्याउनका लागि एकै स्थानमा काम गर्दछन् । आर्थिक विकासको मुख्य उद्देश्य समाजमा बढीभन्दा बढी उत्पादन गरी समाज रूपान्तरण गर्नु हो । यसले साधारण मानिसहरूको कल्याणलाई बढाउँछ । अर्थशास्त्री सुम्पिटरका अनुसार विकास भनेको पहिलेदेखि नै विद्यमान सन्तुलनको अवस्थालाई सधैँका लागि परिवर्तन र विस्थापित गर्ने निरन्तर र स्वतस्फूर्त परिवर्तन हो । यस परिभाषाले विकासलाई प्रगतिशील परिवर्तन मानेको छ । यो परिवर्तनले नयाँ कदम रणनीति र सोचमा जोड दिएको छ। नेपालको अवस्थामा उपलब्ध साधनस्रोतको परिचान वा सदुपयोगद्वारा लगानी, उत्पादन, रोजगारी, आय, उपभोगको वृद्धि गरी शिक्षा, स्वास्थ्य र वित्तीय सेवामा सुधार गर्दै गरिबी निवारण गर्न सक्नु नै आर्थिक विकास मानिन्छ। राष्ट्रको सन्तुलित आर्थिक विकासका लागि कृषि, पर्यटन, ऊर्जा, खनिज, निर्माणसँगै उत्पादन र उपभोग्य क्षेत्रमा वित्तीय क्षेत्रको लगानी बढाउन जरुरी भएको हुँदा आर्थिक विकासका लागि वित्तीय क्षेत्रलाई इन्जिनका रूपमा लिन सकिन्छ।

मुलुकको आर्थिक वृद्धि, आर्थिक विकास, रोजगारी सिर्जना र आर्थिक गतिविधि बढाउन कृषि, पर्यटन, उद्योग तथा व्यापार, वैदेशिक रोजगार, मानव संसाधन तथा जनशक्ति, जलस्रोत, वित्तीय क्षेत्र जस्ता प्रमुख पक्ष तथा चरहरूमा सुधार र विकासको आवश्यकता छ । आर्थिक चरहरूको आधुनिकीकरण, यान्त्रीकरण, बजारीकरण तथा व्यावसायीकरणका लागि राज्यले व्यावहारिक र प्रभावकारी नीतिगत व्यवस्था गरी कार्यान्वयनमा जोड दिई शान्ति तथा सुव्यवस्था कायम गरी लगानीमैत्री वातावरण तयार गर्दै स्वदेशी तथा बाह्य लगानी भित्र्याउन सक्नुपर्दछ। सरकारले आर्थिक विकास र समृद्धिका लागि पर्याप्त रोजगारी सृजना गर्ने, आन्तरिक उत्पादन बढाउने, स्वदेशी र विदेशी लगानी प्रवर्धन गर्ने, आयात प्रतिस्थापन गर्न तुलनात्मक लाभका वस्तु तथा सेवाको पहिचान गरी मुलुकको क्षमता बढाउने, सङ्घीयता कार्यान्वयनमा देखापरेका समस्याहरूको निकास खोज्ने, सरकारको पुँजीगत खर्च बढाउने, आर्थिक सम्प्रभुतालाई दरिलो बनाउने खालका नीति, योजना तथा कार्यक्रमहरू तर्जुमा गर्नुपर्छ । मुलुकको अर्थतन्त्रलाई चलायमान र गतिशील बनाउन वित्तीय क्षेत्रको विकास र विस्तारबाट मात्र सम्भव भएको हुँदा आर्थिक विकासको मेरुदण्ड नै वित्तीय क्षेत्रलाई मानिन्छ।

नेपालको अर्थतन्त्र यतिबेला दोहोरो दबाबमा परिरहेको छ, एकातर्फ न्यून पुँजीगत खर्चको विनियोजन हुने र अर्कोतर्फ विनियोजित बजेट खर्च नहुने प्रवृत्तिले अर्थतन्त्रको आकार सङ्कुचन हुने, पुँजी पलायन हुने र लक्षित उद्देश्य हासिल गर्न नसकी बेरोजगारी, गरिबी, महँगी, मुद्रास्फीतिसँगै आयात निर्यातमा ठुलो असन्तुलन हुन गएको छ। चालु आर्थिक वर्ष २०७८/७९ को चार महिनामा कुल वस्तु निर्यात १०४.३ प्रतिशतले वृद्धि भई रु. ८२ अर्ब १२ करोड पुगेको छ भने अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात १०.८ प्रतिशतले वृद्धि भएको थियो। गन्तव्यका आधारमा भारत, चीन तथा अन्य मुलुकतर्फ भएको निर्यात क्रमशः १४०.२ प्रतिशत, ७.३ प्रतिशत र २३.५ प्रतिशतले वृद्धि भएको छ। त्यसै गरी कुल वस्तु आयात ६१.६ प्रतिशतले वृद्धि भई रु. ६५० अर्ब २९ करोड पुगेको छ भने अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात १०.६ प्रतिशतले घटेको थियो। वस्तु आयात गरिने मुलुकका आधारमा भारत, चीन तथा अन्य मुलुकबाट भएको आयात क्रमशः ४६.१ प्रतिशत, ५६.९ प्रतिशत र ११७.२ प्रतिशतले वृद्धि भएको नेपाल राष्ट्र बैंकको मासिक तथ्याङ्कबाट देखिन्छ।

नेपाली युवायुवतीहरू विश्व बजारमा करिब ५० लाख गएका छन्। उनीहरूले पठाएको विप्रेषणको आप्रवाहबाट मुलुकको अर्थतन्त्र धानिएको छ । चालु आर्थिक वर्ष २०७८।७९ को चार महिनाको अवधिमा विप्रेषण आप्रवाह ७.५ प्रतिशतले कमी आई रु. ३१२ अर्ब ४२ करोड कायम भएको छ भने अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ११.२ प्रतिशतले बढेको थियो। अमेरिकी डलरमा विप्रेषण आप्रवाह ७.८ प्रतिशतले कमी आई रु.२ अर्ब ६३ करोड पुगेको छ भने अघिल्लो वर्ष यस्तो आप्रवाह ६.४ प्रतिशतले बढेको थियो। यस अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत नयाँ र वैधानिकीकरण) लिने नेपालीको सङ्ख्या उल्लेख्य रूपमा वृद्धि भई ९६,३८२ पुगेको छ भने अघिल्लो वर्षको सोही अवधिमा यस्तो सङ्ख्या ९५.७ प्रतिशतले घटेको थियो। त्यसै गरी वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको सङ्ख्या समीक्षा अवधिमा २४९.१ प्रतिशतले वृद्धि भई ५९,७२३ पुगेको छ भने अघिल्लो वर्षको सोही अवधिमा यस्तो सङ्ख्या ७८.९ प्रतिशतले घटेको थियो । विगत केही वर्षदेखि राजनीतिमा चेतना आए पनि आर्थिक क्रियाकलाप वा चरहरूमा जनचेतना आउन सकेको छैन । राजनीतिक दलहरूले कृषि, शिक्षा, स्वास्थ्य, ऊर्जा, पानी लगायतमा विकास र आधुनिकीकरण गर्दै ग्रामीण तहसम्म सेवा पुऱ्याउने भनी चुनावी नारा बनाए पनि परिवर्तनका नाममा स्वच्छन्दता बढ्दै गएको देखिन्छ। रेमिट्यान्सबाट प्राप्त रकमको कम्तीमा १० प्रतिशत उत्पादनमूलक क्षेत्र (आधुनिक कृषि, ऊर्जा, पर्यटन, उद्योग, सेवा आदि) मा लगानी गर्न सकेमा अर्थतन्त्रको जग बलियो हुने थियो

तर यसतर्फ कसैको ध्यान दृष्टि पुग्न सकेको देखिँदैन । मुलुकबाट मस्तिष्क, पाखुरा र पुँजी पलायन हुने प्रवृत्तिले आर्थिक विकासको लागि चुनौतीपूर्ण बनाएको छ ।

यसरी नेपालको सन्तुलित आर्थिक विकासका लागि अर्थतन्त्रका महत्त्वपूर्ण क्षेत्रहरूको पहिचान गर्दै अर्थव्यवस्थाका तीन खम्बा (सार्वजनीक, निजी र साझेदारी) लाई स्पष्ट दिशानिर्देश गरी सबै क्षेत्रमा सरकारले प्रवर्धनात्मक र संरक्षकत्वको भूमिका खेल्दै सात वटै प्रदेशको आर्थिक संरचना बलियो, भर पर्दो र सक्षम बनाई वित्तीय क्षेत्रको बहुआयामिक योगदानलाई आर्थिक विकासका लागि उपयोगी बनाउनु सङ्घीय नेपालको आवश्यकता हो ।

४. वित्तीय प्रणाली

अर्थ व्यवस्थालाई चलायमान एवम् गतिशील बनाउन सङ्कलित पुँजीलाई आवश्यक परेको क्षेत्रमा परिचालन तथा प्रवाह गर्नका लागि वित्तीय संस्था, वित्तीय उपकरण र वित्तीय मध्यस्थताको सामूहिक स्वरूप नै वित्तीय प्रणाली हो । वित्तीय प्रणालीले अर्थतन्त्रमा छरिएर रहेको साना-साना वचतलाई एकीकृत गरी आवश्यक र सम्भावना भएका उत्पादनशील क्षेत्र वा उपक्षेत्रहरूमा परिचालन गर्नका लागि बहुआयामिक भूमिका खेलेको हुन्छ । वित्तीय प्रणालीले मुलुकको उद्योग, व्यापार र व्यवसायको विकास, विस्तार, आधुनिकीकरणसँगै रोजगारी सृजना, दिगो र सन्तुलित विकास गर्न कोशेढुङ्गा भएकाले यस प्रणालीको संरक्षण र प्रवर्धन गर्न जरुरी छ । नेपालको आर्थिक विकासको मेरुदण्डका रूपमा रहेको वित्तीय प्रणालीअन्तर्गत बैकिङ् क्षेत्र (मुद्रा बजार), पुँजी बजार, बिमा क्षेत्र, गैरबैंकिङ वित्तीय क्षेत्र र सहकारी गरी मुख्य पाँच वटा क्षेत्रहरू पर्दछन् । बैंकिङ क्षेत्रअन्तर्गत वाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनी र लद्युवित्त संस्थाहरू पर्दछन्, जसको नियन्त्रण र व्यवस्थापन नेपाल राष्ट्र बैंकले गर्दछ । नेपालको वित्तीय प्रणालीमा कुल सम्पत्तिको झन्डै ८९ प्रतिशत हिस्सा बैंकिङ क्षेत्रले ओगटेको छ । पुँजी बजारअन्तर्गत नेप्से, धितोपत्र दलाल, सूचीकृत कम्पनी, क्रेडिट रेटिङ एजेन्सी, म्युचुअल फन्ड, मर्चेन्ट बैंक आदि पर्दछन्, जसको नियमन र व्यवस्थापन नेपाल धितोपत्र बोर्ड गर्दछ । यसै गरी बिमा कम्पनीअन्तर्गत जीवन तथा निर्जीवन बिमा कम्पनी, रि-इन्स्योरेन्स कम्पनीहरू पर्दछन्, जसको नियमनसम्बन्धी कार्य बिमा समितिले गर्दछ । गैरबैंकिङ वित्तीय क्षेत्रअन्तर्गत कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, निक्षेप तथा कर्जा सुरक्षण कोष आदि पर्दछन् । अर्थ मन्त्रालयका नीति, नियमबमोजिम कार्य सम्पादन गर्ने, मापदण्डबमोजिम व्यवसाय गर्ने र ऐनमा व्यवस्था भएअनुसार यी संस्थाहरूले कारोबार गर्दछन् । बचत तथा ऋण सहकारी संस्थाहरूलाई सहकारी विभागले नियमन, अनुगमन र व्यवस्थापन गर्दछ । उक्त विभागले तयार पारेका नीति, नियम र कार्यविधिबमोजिम यस प्रकृतिका संस्थाहरूले कार्य गर्नुपर्दछ । यसरी नेपालको वित्तीय क्षेत्रको दायरा, कार्यक्षेत्र, आकार निकै फराकिलो र विस्तार हुँदै आधुनिकसँगै प्रतिस्पर्धी, चुनौतीपूर्ण र जोखिमयुक्त बनेको छ ।

नेपालको वित्तीय प्रणाली परम्परागतभन्दा फरक युनिभर्सल अर्थात् एकीकृत संरचनातर्फ उन्मुख गराउन नेपालको संविधान, २०७२ ले समेत परिकल्पना र मार्ग प्रदान गरेको छ । वित्तीय क्षेत्र विकास रणनीतिले पनि एकीकृत वित्तीय (बैंकिङ) सेवाको विकासका लागि वर्गीकरण गरिएको वित्तीय संस्थाहरूलाई पुनर्संरचना गर्दै लैजाने रणनीति अङ्गीकार गरेको छ । नेपालको संविधानले वित्तीय प्रणाली मिश्रित प्रकृतिको बनाउँदै राष्ट्रमा वित्तीय पहुँच, शिक्षा, ज्ञान र समावेशीकरणलाई अभिवृद्धि गरी आर्थिक विकासमा जोड दिएको छ । समग्र वित्तीय प्रणालीलाई स्वस्थ, पारदर्शी, सुरक्षित र जोखिमरहित बनाउन आवश्यक ऐन, नीति, नियम, कार्यविधि र मापदण्डहरूको तर्जुमा गरी नियमनकारी निकाय (वासेलसमेत) बाट विभिन्न समयमा जारी मापदण्ड, दस्तावेज तथा निर्देशनको स्वीकार गरी अन्तर्राष्ट्रिय अभ्यासअनुसार वित्तीय क्षेत्रले आफ्ना व्यावसायिक कार्यहरू गर्दै जानुपर्दछ । नेपालको सन्तुलित आर्थिक विकासका लागि वित्तीय पहुँच, समावेशिता, शिक्षा र सहभागिता समयको माग हो । राष्ट्रमा समान अवसरको सृजना गर्न, गरिबी घटाउन, आय तथा आर्जन र आर्थिक क्रियाकलाप बढाउन वित्तीय क्षेत्रको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । नेपाल सरकारले चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रममा समेत वित्तीय पहुँच, शिक्षा र सहभागितालाई प्राथमिकतामा राखी विद्यमान न्यून वित्तीय पहुँचलाई विस्तार गरी स्थानीय तहमा वित्तीय सेवाको पहुँच, ज्ञान र शिक्षा बढाँउदै लैजाने नीति लिएकाले वित्तीय प्रणालीलाई देशको आर्थिक विकासको कोसेढुङ्गा मान्न सकिन्छ । नेपालको विद्यमान वित्तीय प्रणालीको संरचनालाई देहायको तस्बिरमा प्रस्तुत गरिएको छ :

वित्तीय प्रणालीको विद्यमान संरचना



नेपालमा वित्तीय प्रणालीको विकास विगत आठ दशकदेखि क्रमिक रूपमा हुँदै आएको, वि.सं. २०४२ सालदेखि वित्तीय उदारीकरणको थालनी भएको, वित्तीय संस्थाहरूको सङ्ख्या, आकार र प्रकार व्यापक रहेको, अर्थतन्त्रलाई मौद्रिकीकरणमार्फत चलायमान राख्न र अर्थ व्यवस्थाको स्थायित्वका लागि पनि वित्तीय प्रणालीको जरुरत भएको हुँदा वित्तीय प्रणालीलाई मुलुकको आर्थिक विकासको मेरुदण्ड मान्न सकिन्छ।

५. आर्थिक विकासमा वित्तीय क्षेत्रको भूमिका र आवश्यकता

वि.सं. १९९४ सालमा नेपाल बैंक लिमिटेडको स्थापना भएपश्चात् नेपालमा आधुनिक वित्तीय प्रणालीको सुरुआत भएको मान्न सकिन्छ। सुरुको केही समय नेपालको वित्तीय क्षेत्रमा नेपाल बैंक लिमिटेडले देशको केन्द्रीय बैंकका रूपमा कार्य गरेको भए पनि वि.सं. २०१३ सालमा नेपाल राष्ट्र बैंक ऐन, २०१२ बमोजिम नेपाल राष्ट्र बैंकको विधिवत स्थापना भएपछि सो काम केन्द्रीय बैंकका रूपमा नेपाल राष्ट्र बैंकले गर्दै आएको छ। यसै गरी राष्ट्रिय वाणिज्य बैंक (वि.सं. २०२२), कृषि विकास बैंक लि. (वि.सं. २०२४) र वि.सं. २०२५ सालमा राष्ट्रिय बिमा संस्थानको स्थापना भएपछि औपचारिक रूपमा बिमा व्यवसायको पनि सुरुवात भयो। पहिलो गैरबैंकिङ वित्तीय संस्थाका रूपमा वि.सं. २००१ सालमा कर्मचारी सञ्चयकोषको स्थापना भयो। वि.सं. २०४० सालसम्म वित्तीय क्षेत्र धेरै हदसम्म नियन्त्रित अवस्थामा रहेको थियो। वि.सं. २०४२ सालपछि प्रतिस्पर्धी वित्तीय बजारको विकास गर्ने उद्देश्यका साथ मुलुकले वित्तीय उदारीकरणको अवधारणा सुरु गरेपछि वित्तीय संस्थाहरूको सङ्ख्या र प्रकार दुवैमा वृद्धि भएको छ। यसरी नेपालमा वित्तीय क्षेत्रको सेवा, सुविधा र दायरा दिन प्रतिदिन बढ्दै गएकाले अर्थतन्त्रको हरेक पक्षमा यस क्षेत्रको आवश्यकतासँगै बहुआयामिक भूमिका बढ्न थालेको पाइन्छ। वित्तीय क्षेत्रले नेपालको मध्यम आय भएको अर्थतन्त्रलाई स्तरोन्नती गर्न महत्त्वपूर्ण भूमिका खेल्न सकोस् भन्ने उद्देश्यले वित्तीय क्षेत्र विकास रणनीतिमा वित्तीय क्षेत्रका विद्यमान चुनौती तथा कमीकमजोरीलाई सम्बोधन गर्न एक समन्वयात्मक पद्धतिको विकास गरेको छ।

अर्थतन्त्रमा श्रम सम्बन्ध, राजनैतिक अवस्था, मुद्रास्फीति, ऐन तथा नियमको परिवर्तन, प्रक्रियागत जटिलता, बेरोजगारीजस्ता यावत चुनौती भए पनि वित्तीय क्षेत्रको उपलब्धिलाई राम्रो मान्न सकिन्छ। वित्तीय क्षेत्रअन्तर्गत पर्ने संस्थाहरू जुन उद्देश्यले स्थापना भए पनि सहरको पुँजी, प्रविधि, ज्ञान र सीपलाई ग्रामीण क्षेत्रसम्म पुऱ्याउँदै जनताको आय, आर्जनको सहयात्री बनी आर्थिक विकासको आधार बन्न सक्नुपर्दछ। राष्ट्रको सन्तुलित आर्थिक विकासका लागि स्रोतको सङ्कलन र परिचालन प्रभावकारी बनाउन सबै प्रकारका बैंकिङ तथा गैरबैंकिङ सेवा तथा सुविधा प्रदान गरी अर्थतन्त्रमा बहुआयामिक योगदान पुऱ्याउन वित्तीय क्षेत्रको भूमिका अहम् रहेको छ। वित्तीय क्षेत्रका समस्याहरू, जस्तै लगानीमैत्री वातावरण नहुनु, बढ्दो प्रतिस्पर्धा, घट्दो व्यवसाय, प्रविधिको परिवर्तन, विशेषज्ञ जनशक्तिको अभाव, महामारीको प्रभाव, ग्राहकको माग र चाहनामा परिवर्तन, ग्राहक पहिचान गर्न नसक्नु, प्रविधिमैत्री जनशक्तिको अभाव, जनशक्तिमा टेक्नोसिकको अवस्था, क्षेत्रगत न्यून लगानी, मुनाफामा केन्द्रित आदि समस्या रहेका छन्। राष्ट्रको आर्थिक विकास, स-सानो पुँजी परिचालन, व्यापार तथा व्यवसायमा वृद्धि, कृषि क्षेत्रको विकास, रोजगारी तथा आय आर्जन, गरिबी निवारण, वित्तीय जानकारी प्रदान, बैंकिङ प्रणालीको विकास लगायतका कार्यलाई आर्थिक विकासका लागि वित्तीय क्षेत्रको दीर्घकालीन सोचका रूपमा लिन सकिन्छ। आ.व.२०७२/७३ मा ४.१ प्रतिशत रहेको कुल गार्हस्थ उत्पादनमा वित्तीय क्षेत्रको योगदान बढेर आ.व. २०७७/७८ मा ८ प्रतिशत पुगेको देखिन्छ।

वित्तीय क्षेत्रको विकास तथा विस्तार धेरै हदसम्म संलग्न मानव स्रोतको सीप तथा क्षमतामा निर्भर रहने भएकाले वित्तीय संस्थाहरू जटिल प्रकृतिको हुँदै गएको परिप्रेक्ष्यमा केन्द्रीय बैक, वाणिज्य बैंक, बिमा, पुँजीबजार, निवृत्तिभरण र सहकारी लगायत क्षेत्रको कार्यसम्पादन प्रक्रियामा विशिष्टीकृत ज्ञानको आवश्यकता बढ्दै गइरहेको छ। वित्तीय संस्थामा लामो समयदेखि कार्यरत कर्मचारीहरूलाई पर्याप्त मात्रामा तालिम दिन र नवप्रवेशी कर्मचारीलाई कुशलतापूर्वक काम गर्न सक्ने बनाउन उपयुक्त संस्थागत व्यवस्था गरिनुपर्दछ। विश्व व्यापार एक अर्कामा परनिर्भर बन्दै गएकाले बढ्दो अन्तर्राष्ट्रिय व्यापारिक कारोबारलाई जीवन्तता दिन आधुनिक वित्तीय प्रणालीले नयाँ पद्धति अपनाएपश्चात् प्रवाह गरिरहेका सेवा तथा सुविधाले मानव जीवनलाई निकै सहज बनाएका छन्। नेपालका वित्तीय क्षेत्रका विभिन्न समस्या, चुनौती, अवसर तथा सबलताहरू नभएका होइनन् तर पनि यस क्षेत्रमा सो अवस्थाको आँकलन र मूल्याङ्कन गरी रूपान्तरणको खाँचो छ।

५.१ सङ्घीयतामा वित्तीय क्षेत्रको पहुँच र सहभागिता

वित्तीय पहुँच विस्तार गर्न र भुक्तानी प्रणालीलाई सुरक्षित एवम् प्रभावकारी बनाउन फिनटेक प्रणालीको प्रयोगलाई बढाउँदै वित्तीय क्षेत्रको कारोबारलाई अनुगमन तथा सुपरिवेक्षण गर्न उपयुक्त प्रकारको रेगटेक संयन्त्र विकास गरी सङ्घीयतामा वित्तीय क्षेत्रको पहुँचसँगै सहभागिताको आवश्यकता छ। वित्तीय सेवाको पहुँच कम रहेका र तुलनात्मक रूपमा उच्च गरिबी भएका हिमाली तथा पहाडी जिल्लाहरूमा बैंक तथा वित्तीय संस्थालाई शाखा खोल्न प्रोत्साहन गर्ने परिकल्पनाअनुसार सुदृढ सङ्घीय वित्तीय प्रणालीको व्यवस्था मिलाई यस क्षेत्रको भूमिका बढाउन आवश्यक छ।

५.२ समस्या, कमीकमजोरी र चुनौती

नेपालका वित्तीय संस्थाहरू धेरैजसो सहरी क्षेत्रमा केन्द्रित रहेकाले वित्तीय पहुँच, समावेशीकरण र वित्तीय शिक्षामा अभिवृद्धि गर्न आवश्यक छ। अपर्याप्त पूर्वाधार, कठिन भौगोलिक बनोट, छरिएर रहेका बस्ती, अविकसित बजार, आधुनिक प्रविधिको न्यून प्रयोग जस्ता कारण अपेक्षाअनुसार वित्तीय पहुँच विस्तार हुन सकेको छैन। नेपाल सरकारले मुलुकको सन्तुलित आर्थिक विकासका लागि लगानीको अभाव र सीमित वित्तीय समावेशीकरणका मुद्दालाई सम्बोधन गर्न वि.सं. २०५० मा नयाँ वित्तीय संस्थाहरूको विस्तार गर्ने उदार आर्थिक नीति अङ्गीकार गरेपछि वित्तीय संस्थाहरूको स्थापना भए पनि वित्तीय पहुँच र स्थायित्वको सुनिश्चितता हुन सकेको देखिँदैन। भौगोलिक अवस्था, उच्च ब्याजदर, न्यून वित्तीय साक्षरता, धितोको अभाव, झन्झटिलो प्रक्रिया, कारोबारको उच्च लागत, न्यून व्यावसायिकता, पर्याप्त पुँजीको अभाव आदि समस्याका कारण नेपालीहरू वित्तीय सेवाबाट वञ्चित रहेका छन्। वित्तीय संस्थाहरूको कमजोर वित्तीय अवस्था, आधुनिक व्यवस्थापन प्रणाली, संस्थागत सुशासन र आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेकाले नियामक निकायले चुस्त एवम् प्रभावकारी नियमन, सुपरीवेक्षण र अनुगमन गर्न आवश्यक छ।

५.३ रणनीति

वित्तीय क्षेत्रमा कर्मचारीको क्षमता विकास, वित्तीय शिक्षा र ज्ञान बढाउन जरुरी भएकाले यस प्रक्रियासँग सम्बन्धित समस्याहरूलाई सम्बोधन गर्ने रणनीति देहायमा प्रस्तुत गरिएको छ :

(क) वित्तीय क्षेत्रलाई चाहिने जनशक्ति तयार गर्न माध्यमिक शिक्षा पछिको शिक्षा प्रणालीमा सुधार गर्ने,

(ख) वित्तीय क्षेत्रको आवश्यकतालाई ध्यानमा राखी व्यावसायिक तालिम तथा विकास अभिवृद्धि गर्ने,

(ग) वित्तीय क्षेत्रको मानवस्रोतको क्षमता अभिवृद्धि गर्ने,

(घ) आपसी सहयोग र क्षमता अभिवृद्धिका लागि अन्तर्राष्ट्रिय सम्बन्ध विकास गर्ने,

(ङ) वित्तीय क्षेत्रका सबै नियमनकारी निकायहरूमा मानवस्रोतको क्षमता विकास गर्ने,

(च) वित्तीय पहुँच र समावेशीकरण विस्तार गर्न आवश्यक नीति, कार्यविधि, ऐन, मापदण्ड समेतको तर्जुमा गर्ने,

(छ) वित्तीय सेवाका उपभोक्ताहरूको हित संरक्षण गर्ने,

(ज) वित्तीय क्षेत्रमा जोखिम व्यवस्थापन र आन्तरिक नियन्त्रण प्रणालीमा वृद्धि गर्ने,

६. निष्कर्ष

वित्तीय क्षेत्रको संरक्षण, प्रवर्धन र विकास नभएसम्म समावेशी, सन्तुलित र दीर्घकालीन आर्थिक विकास गर्न सकिँदैन । नेपालमा राजनैतिक वातावरणको अध्याय समाप्त भए पनि यसले पारेको प्रभाव, असर र दबाबलाई व्यवस्थापन गर्न सकेमा झन्डै ४० खर्बको अर्थतन्त्रलाई चलायमान बनाउन, व्यापार घाटा न्यूनीकरण गर्न, गरिबी तथा बेरोजगारी घटाउन, महँगी, मुद्रास्फिती, कालोबजारी, पुँजी पलायन आदिलाई रोक्न र आर्थिक वृद्धि, विकास, पुँजीगत खर्च, उत्पादन, रोजगारी, प्रतिव्यक्ति आय लगायतमा वृद्धि गर्नका लागि पनि वित्तीय क्षेत्रको विकास र विस्तार आजको आवश्यकता हो । सङ्घीयतामा नेपाल प्रवेश गरिसके पनि यसको सबलता तथा अवसर र कमजोरी तथा चुनौतीका बारेमा अध्ययन तथा विश्लेषण गरी वित्तीय क्षेत्रबाट बहुआयामिक लाभ लिन र आर्थिक विकासमा योगदान पुग्ने गरी कार्यक्रम सञ्चालन गर्न आवश्यक छ। वित्तीय क्षेत्र अर्थतन्त्रको ऐना भएकाले अर्थतन्त्रमा वित्तीय पहुँच र समावेशीकरण बनाउन वित्तीय सेवालाई सहरदेखि ग्रामिण क्षेत्रसम्म पुऱ्याउँदै आधुनिक वित्तीय सेवालाई प्रवर्धन, कृषिमा वित्तीय सहायता प्रदान, बिमा कार्यक्रम, वित्तीय साक्षरता, पहुँच र समावेशी बनाउन वित्तीय क्षेत्र विकास रणनीति, मौद्रिक नीति, बजेट तथा कार्यक्रमले लिएका लक्ष्यहरूको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ । नेपालमा अझै पनि झन्डै ४० प्रतिशत जनसङ्ख्या वित्तीय पहुँचबाट बाहिर रहेकाले वित्तीय संस्थाको पुँजी वृद्धिसँगै व्यवसाय, लगानी, निर्यात, बजार र वित्तीय साक्षरता बढाउन केन्द्रीय बैंक र नेपाल सरकारले वित्तीय प्रणालीमा देखिएका कमीकमजोरी हटाई अन्तर्राष्ट्रिय स्तरको वित्तीय प्रणालीका अभ्यासहरू लागू गरी मुलुकको सन्तुलित आर्थिक विकास गर्नु आजको आवश्यकता हो ।

७. सन्दर्भ सामग्री

- नेपाल राष्ट्र बैंकको आर्थिक वर्ष २०७८।७९ को मौद्रिक नीति ।
- नेपाल राष्ट्र बैंक (२०७८) बाट 'क', 'ख' र 'ग' वर्गको इजाजतपत्र प्राप्त संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन ।
- नेपाल सरकार, अर्थ मन्त्रालयको आर्थिक वर्ष २०७८।७९ का लागि सार्वजनिक गरेको बजेट तथा कार्यक्रम ।
- नेपाल सरकार, राष्ट्रिय योजना आयोगको पन्ध्रौं पञ्च वर्षीयमा योजना (आर्थिक वर्ष २०७६/७७-२०८०/८१) ।
- नेपाल सरकार, अर्थ मन्त्रालयको वित्तीय क्षेत्र विकास रणनीति ।
- टण्डन सुरोज (२०७४), आधुनिक बैंकिङ व्यवस्थापन र अर्थव्यवस्था, उत्सव बुक्स प्रकाशन, काठमाडौं ।

***

जोखिम व्यवस्थापनको दृष्टिमा बिमा

रमेशकुमार पोखरेल*

विषय प्रवेश

सम्भावित हानि-नोक्सानीलाई सामान्य अर्थमा जोखिम भनिन्छ । सम्भावना र अनिश्चय जोखिमका जन्मदाता हुन् । शतप्रतिशत निश्चित र शतप्रतिशत अनिश्चित अवस्थामा जोखिमको अस्तित्व रहँदैन । यसको अस्तित्व शून्यभन्दा माथि र एकभन्दा तल मात्र रहन्छ । अनिश्चय र जोखिम सबै स्थितिमा खराब हुँदैनन् । जोखिम र प्रतिफलबिच सोझो सम्बन्ध हुन्छ । जसरी तोरीको दानाभित्र तेल र दुधभित्र घिउ लुकेको हुन्छ, त्यसै गरी सम्भावना र अनिश्चयभित्र अवसर अनि जोखिमभित्र प्रतिफल लुकेर बसेको हुन्छ ।

बिमा र जोखिम

बिमा एउटाबाट धेरैमा जोखिम छर्ने प्रणाली हो । एउटा व्यक्ति वा संस्थामा अन्तर्निहित धेरै जोखिमलाई छरेर धेरै व्यक्ति वा संस्थामा थोरै थोरै वितरण गर्ने व्यवस्थित प्रणालीलाई बिमा भनिन्छ । बिमा जोखिम खरिद बिक्री र व्यवस्थापन गर्ने व्यवसाय हो । यसले जोखिम वहन गरेबापत शुल्क लिएको हुन्छ, जसलाई बिमाशुल्क भनिन्छ । बिमा कम्पनीले अरूको जोखिम वहन त गर्दछ तर आफ्नो जोखिमचाहिँ कसरी व्यवस्थापन गर्दछ भन्ने कुरा स्पष्ट गर्नु यस लेखको उद्देश्य हो ।

मान्छेको गर्भदेखि चिहानसम्म जोखिम छ । उमेर नपुग्दै मृत्यु हुनु एउटा जोखिम हो भने अधिक आयु अर्को जोखिम हो । उत्पादनशील उमेरमा भएको निधनले आश्रितहरूलाई भावनात्मकका साथै आर्थिक क्षतिसमेत पुग्न जान्छ । भावनात्मक क्षतिको परिपूरण गर्न नसकिए पनि आर्थिक क्षतिको सकिन्छ । आर्थिक रूपले सक्रिय व्यक्तिको मृत्युले परिवारमा आर्थिक क्षति नपुगोस् भन्ने हेतुले गरिने बिमा जीवन बिमा हो भने सम्पत्ति तथा दायित्वमा हुन सक्ने हानि-नोक्सानीको क्षतिपूर्ति प्रदान गर्न व्यवस्था गरिएको प्रबन्ध निर्जीवन बिमा हो ।

जोखिम व्यवस्थापनको महत्त्वपूर्ण औजार भएका कारण बिमा क्षेत्र स्वयम् जोखिममुक्त हुनुपर्दछ । उत्पादन, उद्योग, कलकारखाना, पेसा व्यवसाय, यातायात, पर्यटन, बैंकिङ जस्ता अर्थतन्त्रका क्षेत्रहरूले आफ्नो क्षेत्रको मात्र जोखिम व्यवस्थापन गरे पुग्छ । तर बिमा क्षेत्रले आफ्नो क्षेत्रका साथै अर्थतन्त्रका सबै क्षेत्रहरूको जोखिमसमेत बोक्नुपर्ने भएकाले जोखिम व्यवस्थापनका दृष्टिले बिमा क्षेत्र बढी संवेदनशील हुनुपर्दछ ।

बिमा कम्पनीमा अन्तर्निहित जोखिम र सोको व्यवस्थापन

समग्र बिमा व्यवसायको प्रमुख काम नै जोखिम व्यवस्थापन हो । बिमा कम्पनीहरू जोखिमभित्र अवसरको खोजी गर्छन् । राम्रोसँग व्यवस्थापन गरिएको निश्चित सीमासम्मको जोखिमले उच्चतम प्रतिफल दिन्छ । जोखिम व्यवस्थापनले बिमा कम्पनीको स्थायित्व र नाफाको सुनिश्चितता दिन्छ, उपलब्ध वित्तीय स्रोतसाधनको संरक्षण र उपयुक्त परिचालन, कम्पनीको पुँजीको रक्षा हुनुका साथै बिमितहरूको पनि हित रक्षा हन्छ ।

बिमा व्यवसाय विशिष्ट प्रकृतिको व्यवसाय हो । विभिन्न प्रकारका व्यवसायको विस्तार, तीव्र गतिमा भएको प्रविधिको विकास, नवीनतम वित्तीय उपकरणहरूको प्रयोग, बिमा कम्पनीहरूको सङ्ख्या आदिले बिमा कम्पनीहरूबिच प्रतिस्पर्धाको स्तर उच्च बनाउनुका साथै जोखिमयुक्त पनि बनाएको छ । यसरी सृजित जोखिमलाई व्यवस्थित गर्न प्रभावकारी जोखिम व्यवस्थापनको खाँचो विश्वव्यापी रूपमै महसुस गरिएको हुनाले जोखिम व्यवस्थापन अहिले विश्वव्यापी बनेको छ ।

बिमा क्षेत्रको मापदण्ड निर्धारण गर्ने र अन्तर्राष्ट्रिय असल अभ्यासलाई प्रवर्धन गर्ने संस्था International Association of Insurance Supervisors (IAIS) ले संसारभरका बिमा कम्पनीहरूले पालन गर्नुपर्ने नियम, कायम गर्नुपर्ने पुँजी आदि बारेमा विभिन्न मापदण्डहरू जारी गरेको छ । बिमा क्षेत्रमा अन्तर्निहित जोखिमहरूलाई सामूहीकृत गरी बिमासम्बन्धी जोखिम, कर्जा जोखिम, बजारसम्बन्धी जोखिम, सञ्चालनसम्बन्धी जोखिम र तरलतासम्बन्धी जोखिम गरी पाँच भागमा विभाजन गर्दै विभिन्न उपायहरूद्वारा व्यवस्थापन गर्न सिद्धान्त र अभ्यासहरूको विकास गरिएको छ ।

१. बिमासम्बन्धी जोखिम

बिमा कम्पनीले बिमा शुल्क निर्धारण गरेका बखत अनुमान गरेभन्दा बढी तथा महाविपत्तिका कारण जोखिम वहन गर्न सक्ने क्षमताभन्दा बढी दाबी भुक्तानी गर्नुपर्ने अवस्थालाई बिमासम्बन्धी जोखिम भनिन्छ । अन्डरराइटिङ, दाबी भुक्तानी र पुनर्बिमा जस्ता बिमासँग सम्बन्धित प्रमुख क्रियाकलापहरूबाट बिमा जोखिम सृजना हुन्छ । बिमा कम्पनीले यस्ता जोखिमहरू व्यवस्थापन गर्न व्यवसायको आकार एवम् आयतनलाई मध्यनजर गरी उपयुक्त साङ्गठनिक संरचना, रणनीति, नीति तथा प्रक्रिया स्वीकृत गरी लागू गर्नुपर्दछ । यसअन्तर्गत प्रोडक्ट डिजाइन, मूल्य निर्धारण, अन्डरराइटिङ, दाबी भुक्तानी र पुनर्बिमासम्बन्धी नीतिहरू पर्दछन् ।

बिमा प्रस्तावलाई बिमालेखमा रूपान्तरण गर्ने प्रक्रियालाई **अन्डरराइटिङ** भनिन्छ । यस प्रक्रियाअन्तर्गत बिमा प्रस्ताव र यससँग सम्बन्धित विभिन्न कागजात तथा सूचनाहरूको विश्लेषण गरिन्छ । यस्ता कागजात तथा सूचनाहरूको विश्लेषणबाट जोखिमको पहिचान,

* *विज्ञ, बैंक तथा वित्तीय संस्था*

आँकलन र मुल्याङ्कन गरिन्छ । यसैका आधारमा बिमा प्रस्ताव स्वीकार गर्ने वा नगर्ने, गर्ने भए कति बिमा शुल्क निर्धारण गर्ने, सर्त तथा बन्देजहरू के राख्ने भन्ने कुरा निर्क्योल गरिन्छ । अन्डरराइटिङ निवेदनलाई जाँच्ने, जोखिम स्वीकार वा अस्वीकार गर्ने, वर्गीकरण गर्ने र बिमा शुल्क निर्धारण गर्ने प्रक्रिया हो ।

अन्डरराइटिङले Adverse Selection र Moral Hazards बाट बिमा कम्पनीलाई बचाउने काम गर्दछ । उच्च जोखिमयुक्त जीवनशैली, खराब स्वास्थ्य अवस्था र जोखिमयुक्त पेसामा संलग्न व्यक्तिले बिमा शुल्कमा प्रभाव पार्ने त्यस्ता सूचनाहरू लुकाई सामान्य दरमा बिमा गराउन खोज्ने प्रवृत्तिलाई Adverse Selection भनिन्छ । बिमा गर्नु अघि भन्दा बिमा गरिसकेपछि लापरबाही गर्ने प्रवृत्तिलाई Moral hazard भनिन्छ । बिमा कम्पनीले आफ्नो व्यवसाय अनुरूप अन्डरराइटिङ निर्देशिका बनाई लागू गर्नुपर्दछ । उक्त निर्देशिकामा जोखिमको पहिचान गर्ने, वर्गीकरण गर्ने र बिमा शुल्क निर्धारण गर्ने प्रक्रिया उल्लेख हुनुपर्दछ । यसमा अन्डरराइटिङ गर्ने अख्तियारी, जोखिम अनुगमन एवम् पुनरावलोकन गर्ने संयन्त्र आदि परिभाषित हुनुपर्दछ ।

अन्डरराइटिङका माध्यमबाट सङ्कलन भएको बिमा शुल्क बिमितहरूको नासो हो । यसबाट बिमा कम्पनीहरूमा दायित्व सृजना हुन्छ । **दाबी भुक्तानी** बिमा व्यवसायको विश्वसनीयता मापन गर्ने महत्त्वपूर्ण सूचक हो । यस्तो प्रक्रिया तथा अभ्यासले बिमकको व्यवसायको दिशा सङ्केत गर्दछ । जीवन बिमा व्यवसायमा दाबीअन्तर्गत बिमालेख अवधि भुक्तानी दाबी, मृत्यु दाबी, स्थायी तथा आंशिक अशक्तता दाबी, समर्पण मूल्य भुक्तानी दाबी आदि पर्दछन् भने निर्जीवन बिमा व्यवसायमा क्षतिपूर्ति दाबी पर्दछ । प्राकृतिक वा कालगतिले, दुर्घटनाबाट, अस्पतालमा उपचार गर्दागर्दै जे-जस्तो कारणले मृत्यु भए तापनि वा विभिन्न कारणले सम्पत्ति वा दायित्वमा क्षति पुगे तापनि दाबी पर्न सक्दछ ।

दाबी प्रशोधन तथा भुक्तानीअन्तर्गत नयाँ दाबी दर्ता गर्ने, सर्भेयर छनोट गर्ने, जगेडाको व्यवस्था, त्यस्तो जगेडाको पुनरावलोकन गर्ने, दाबी मुल्याङ्कन, व्यवस्थापन र फस्र्यौट गर्न आवश्यक सूचनाहरू सङ्कलन गर्ने, पुनर्बिमा र अन्य प्राप्त गर्नुपर्ने रकम प्राप्त गर्ने र दाबीसम्बन्धी फाइल बन्द गर्नेसम्मको काम पर्दछ ।

दाबी प्रक्रिया कमसल भयो भने लागतमा वृद्धि हुनुका साथै कम्पनीको प्रतिस्पर्धात्मक क्षमतालाई पनि कमजोर बनाउँछ । बिमा कम्पनीले नियामक निकायको सामान्य मार्गदर्शनअन्तर्गत दाबी प्रशोधन तथा भुक्तानी निर्देशिका बनाई लागू गर्नुपर्दछ । दाबी भुक्तानीका लागि आवश्यक कागजातहरू, विधि तथा प्रक्रिया, अख्तियार प्राप्त अधिकारी र प्रदान गरिएको अख्तियारीको सीमा र समयावधि आदि दाबी भुक्तानीसम्बन्धी कार्यविधिमा उल्लेख गर्नुपर्दछ ।

बिमा कम्पनीहरूले आफ्नो जोखिमाङ्कन नीति, नेटवर्थ, जोखिम लिन सक्ने क्षमता, नियामकको निर्देशन आदिका आधारमा जोखिम धारण गर्ने सीमा निर्धारण गरेका हुन्छन् । यसरी निर्धारण गरिएको सीमासम्मको बिमाको जोखिम कम्पनी आफैले ग्रहण गर्दछ र सीमाभन्दा माथिको बिमाको जोखिम अर्को कम्पनीलाई हस्तान्तरण गर्दछ । बीमितबाट प्राप्त बिमा शुल्कमध्ये सम्झौतामा उल्लेख भएबमोजिम त्यस्तो कम्पनीलाई पुनर्बिमा शुल्क भुक्तानी गर्दछ । यस्तो प्रक्रियालाई पुनर्बिमा र सीमाभन्दा माथिको जोखिम ग्रहण गर्ने संस्थालाई पुनर्बिमक भनिन्छ । पुनर्बिमा सम्झौताले व्यवसाय र जोखिमको सीमा समेटेको कुरामा विश्वस्त हुनुपर्दछ । पुनर्बिमक छनोट गर्ने नीति, प्रक्रिया र प्रावधान स्पष्ट हुनुपर्दछ । पुनर्बिमकको वित्तीय अवस्था बारेको जानकारी अद्यावधिक हुनुपर्दछ ।

२. कर्जासम्बन्धी जोखिम

बिमा कम्पनीहरूले सङ्कलन गरेको बिमा शुल्कको ठुलो हिस्सा विभिन्न क्षेत्रमा लगानी गरेका हुन्छन् । त्यस्ता लगानी विभिन्न कारणले असुल हुन नसक्ने अवस्था अर्थात् काउन्टरपार्टीले आफ्नो अक्षमता वा अनिक्षाका कारण बिमा कम्पनीप्रतिको आफ्नो प्रतिबद्धता पूरा गर्न नसकी बिमा कम्पनीलाई हुन सक्ने हानिलाई कर्जासम्बन्धी जोखिम भनिन्छ । यो जोखिम काउन्टरपार्टीको कार्यकुशलतामा भएको कमजोरी र अधिकेन्द्रित पोर्टफोलियोबाट सृजना हुन्छ । जोखिम न्यूनीकरणका लागि कम्पनीका सञ्चालक समितिले उपयुक्त लगानी नीति स्वीकृत गरी लागू गर्नुपर्दछ । लगानी नीतिले काउन्टरपार्टी र पोर्टफोलियो दुवै गतिविधिलाई समेट्नुपर्दछ । काउन्टरपार्टीको लगानी फिर्ता गर्न सक्ने सामर्थ्यको पर्याप्त विश्लेषण गर्नुपर्दछ । आवधिक रूपमा उनीहरूको वित्तीय विवरणहरूको सूक्ष्म ढङ्गले अनुगमन गर्नुपर्दछ । सेयरमा लगानी गर्दा सम्भाव्य बजार मूल्य र लाभांश दिन सक्ने क्षमताको आँकलन गर्नुपर्दछ । एउटै काउन्टरपार्टी र अर्थतन्त्रको एउटै क्षेत्रमा धेरै रकम लगानी गर्नु हुँदैन । यसबाट अधिकेन्द्रित जोखिम सृजना हुन्छ । लगानीको विविधीकरणलाई नै कर्जा जोखिम न्यून गर्ने प्रमुख उपायका रूपमा लिइन्छ ।

३. बजारसम्बन्धी जोखिम

बजारमा ब्याजदर, धितोपत्रहरूको मूल्य र वस्तुको मूल्यमा आएको परिवर्तनले बिमा कम्पनीको आम्दानी तथा पुँजीमा पार्न सक्ने नकारात्मक प्रभावलाई बजारसम्बन्धी जोखिम भनिन्छ । यसअन्तर्गत ब्याजदरसम्बन्धी जोखिम, वस्तुको मूल्यसम्बन्धी जोखिम, धितो पत्रको मूल्यसम्बन्धी जोखिमहरू पर्दछन् ।

ब्याजदर, धितोपत्र तथा वस्तुको मूल्यमा हुने परिवर्तनका कारण वित्तीय प्रतिफलमा नकारात्मक असर पर्दछ । कम्पनीको आम्दानीमा कमी आउँछ । तत्कालीन असरका रूपमा आम्दानी घटे पनि लामो अवधिमा कम्पनीको नेटवर्थ, सम्पत्ति र दायित्वमा सङ्कुचन पैदा हुन्छ । कम्पनीले बिमितलाई प्रदान गर्ने बोनस घट्न जान्छ, जसको असर कम्पनीको बिमा शुल्क सङ्कलनमा पर्दछ । बजार हिस्सा कमजोर हुँदै जान्छ, बिमा कम्पनी रोगी हुन्छ र विघटनतर्फ जान बाध्य हुन्छ । बजार जोखिम व्यवस्थापनका लागि बिमा कम्पनीहरूले बजारमा हुने मूल्यको सावधानीपूर्वक अवलोकन गर्नुपर्दछ । बजारले देखाएको वा देखाउन खोजेको दिशा समात्ने प्रयत्न गर्नुपर्दछ । बजार संवेदनशील व्यवहारको प्रदर्शन गरेमात्र यस्तो जोखिमबाट हुने नोक्सानीबाट बच्न सकिन्छ ।

४. कार्य सञ्चालनसम्बन्धी जोखिम

कर्मचारी, प्रक्रिया तथा प्रणाली र अन्य बाह्य कारणले कम्पनीको वित्तीय प्रतिफल र पुँजीमा पर्न सक्ने नकारात्मक प्रभावलाई कार्य सञ्चालनसम्बन्धी जोखिम भनिन्छ । कर्मचारीको बदनियतपूर्ण क्रियाकलाप, भुल, कम्पनीको प्रचलित नीति, नियम, प्रकृयाको अवज्ञा, युनियन गतिविधि, कमजोर आन्तरिक नियन्त्रण प्रणाली, डकैती, हार्डवेयर र सफ्टवेयरको असफलता, ह्याकिङ, आतङ्क, बाढी, भूकम्प, सम्पत्ति शुद्धीकरण आदि जोखिमका स्रोतहरू हुन् ।

सञ्चालन जोखिमलाई मापन गर्नु कठिन काम हो । कर्मचारीहरूको काम, कर्तव्य, अधिकार तथा दायित्वहरूको उचित व्यवस्था, दण्ड,

सजाय र पुरस्कारको व्यवस्था र त्यसको प्रभावकारी कार्यान्वयन, उपयुक्त कार्यविधिहरूको निर्माण र कार्यान्वयन, सबल आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था, सुरक्षाको उचित बन्दोबस्त, सफ्टवेयर तथा डाटाको सुरक्षा आदि जोखिम न्यूनीकरणका उपायहरू हुन् ।

५. तरलतासम्बन्धी जोखिम

आफ्नो सम्पत्तिलाई उपयुक्त समयमा, उपयुक्त मूल्यमा नगद तथा नगदजन्य सम्पत्तिमा परिवर्तन गर्न नसक्ने सम्भावनालाई तरलतासम्बन्धी जोखिम भनिन्छ। बिमाको सन्दर्भमा वित्तीय स्रोतको अभावमा उपयुक्त समयमा दाबी भुक्तानी गर्न नसक्ने सम्भावनालाई यसअन्तर्गत राख्न सकिन्छ। समयमा दाबी भुक्तानी दिन सकेन भने बिमा कम्पनी माथि प्रश्नचिह्न खडा हुन्छ । यस्तो म्यासेज बजारमा फैलियो भने बिमा कम्पनीको विस्तारमा सङ्कुचन पैदा हुन्छ । बजार हिस्सा कमजोर हुन्छ। बिमा कम्पनीहरूले तरलतालाई उपयुक्त स्तरमा राख्नुपर्दछ। न्यून तरलताले दाबी भुक्तानी गर्न नसकी कम्पनीप्रति विश्वासको सङ्कट पैदा गराउँदछ भने अधिक तरलताले प्रतिफल घटाउँछ। बिमा कम्पनीहरूले सम्भाव्य दाबी भुक्तानीको रकम आँकलन गरी सोही अनुपातमा तरल सम्पत्ति राख्नुपर्दछ।

नेपालका बिमा कम्पनीहरूका लागि बिमा समितिले जारी गरेको जोखिम व्यवस्थापनसम्बन्धी निर्देशनमा बिमकले कायम गर्नुपर्ने **सोल्भेन्सी मार्जिन** र **जोखिममा आधारित पुँजी**सम्बन्धी व्यवस्था गरेको छ । बिमकले मृत्युदर, रोगव्याधीको दर, सञ्चालन खर्च, ब्याजदर आदि चरहरूलाई आधार मानी केही मानकहरू बनाएको हुन्छ । यी मानकहरूका आधारमा आँकलन गरिएको रकमलाई खाम्ने गरी मार्जिन राखिएको हुन्छ । बिमकको लामो समयको दायित्व पूरा गर्न सक्ने क्षमताका रूपमा रहेको यस्तो मार्जिनलाई सोल्भेन्सी मार्जिन भनिन्छ। बिमा समितिले बिमा जोखिमका लागि बिमा कम्पनीहरूलाई कम्तीमा १:१.५ सोल्भेन्सी मार्जिन कायम गर्न निर्देशन दिएको छ। उक्त मार्जिन नपुगेमा विभिन्न कारबाही गर्ने व्यहोरा उल्लेख गरेको छ।

अन्य जोखिमका लागि जोखिमको पहिचान गरी सोहीबमोजिम पर्याप्त पुँजी कायम गर्नुपर्ने उल्लेख गरेको छ । बिमा कम्पनीहरूले व्यवसायका आधारमा बिमा कोष कायम गर्नुपर्ने छ । जोखिमबाट बचाउने उद्देश्यले बिमाङ्कीद्वारा आवधिक रूपमा मूल्याङ्कन गराउनुका साथै बाह्य लेखापरीक्षणसमेत गराउनुपर्दछ। बिमा कम्पनीहरूले बजार अनुशासन कायम गर्न आफ्नो वित्तीय विवरण राष्ट्रिय स्तरका दैनिक पत्रिकाहरूमार्फत सार्वजनिक गर्नुपर्दछ।

अन्तमा

व्यवस्थापनका विभिन्न तहले गर्ने जोखिम व्यवस्थापनसम्बन्धी कार्य पनि भिन्न-भिन्न हुन्छन् । जुनसुकै कम्पनीमा महत्त्वपूर्ण निर्णयहरू माथिबाट हुन्छ। कम्पनीको समग्र व्यावसायिक रणनीति बनाउने सन्दर्भमा विभिन्न नीतिहरू बनाउने र यी नीतिहरूमा अन्तर्निहित जोखिमहरू व्यवस्थापन गर्ने महत्त्वपूर्ण कामको जिम्मेवारी सञ्चालक समितिमा रहेको हुन्छ। उच्च व्यवस्थापन र सञ्चालक समितिको तहबाट सम्पादन हुने जोखिम व्यवस्थापनसम्बन्धी कार्यअन्तर्गत जोखिमको परिभाषा, जोखिम वहन गर्न सक्ने क्षमता निर्धारण, जोखिम व्यवस्थापनसम्बन्धी नीति तथा रणनीति निर्माण, कम्पनीले वहन गर्दै आएको जोखिम स्वीकारयोग्य सीमासम्म भए, नभएको यकीन गर्ने, आवश्यक नियन्त्रण गर्ने तथा उपयुक्त प्रणालीको स्थापना गर्ने लगायतका कार्यहरू पर्दछन् ।

मध्यमस्तरको व्यवस्थापनबाट सम्पादन हुने जोखिम व्यवस्थापनसम्बन्धी कार्यअन्तर्गत जोखिम पुनरावलोकनको काम पर्दछ । जोखिम व्यवस्थापनमा संलग्न कर्मचारीहरू नियमित व्यावसायिक क्रियाकलापमा संलग्न हुँदैनन् । विभागीय तथा महाशाखा स्तरको जोखिम व्यवस्थापन कार्य यसअन्तर्गत पर्दछन् ।

कार्य सञ्चालन स्तरमा सृजना हुने जोखिम व्यवस्थापनको काम यस व्यवस्थापकीय तहबाट हुन्छ। जोखिम सृजना हुने र लिने तह पनि यही नै हो। व्यवस्थापनको माथिल्ला तहबाट जारी भएका प्रक्रिया, प्रणाली, नीति तथा परिपत्रहरूका अधिनमा रहेर जोखिम लिने र व्यवस्थापन गर्ने काम कार्यसञ्चालन स्तरबाट सम्पादित हुन्छन् ।

बिमा कम्पनीमा प्रभावकारी जोखिम व्यवस्थापनका लागि सबैभन्दा पहिले नीति तथा रणनीति निर्माण, निर्मित नीति सञ्चार एवम् कार्यान्वयनका लागि संरचनाको व्यवस्था र संरचनामार्फत प्रक्रिया निर्धारण एवम् कार्यान्वयन गर्नुपर्ने हुन्छ।

***

बैंकिङ कसुरसम्बन्धी कानुनी र व्यावहारिक पक्ष

विष्णुप्रसाद कण्डेल*

बैंकिङ तथा वित्तीय प्रणालीको कारोबारमा हुन सक्ने कसुरजन्य कार्यबाट बैंकिङ तथा वित्तीय प्रणालीमा पर्ने असर र जोखिमलाई न्यूनीकरण गरी बैंकिङ तथा वित्तीय प्रणालीप्रति विश्वसनीयता अभिवृद्धि गर्न बैंकिङ कसुर तथा सजायका सम्बन्धमा कानुनी व्यवस्था गर्न यो ऐन, २०६४/१०/२३ मा आएकोमा २०७३/६/१८ मा यस ऐनमा पहिलो संशोधन समेत भएको छ। यस ऐनको कानुनी र व्यवहारिक पक्ष निम्नानुसार रहेका छन्।

आवश्यकता

बैंक स्थापनाको प्रारम्भिक चरणमा मुख्य गरी ४ ओटा बैंक तथा वित्तीय संस्था (नेपाल बैंक लि., राष्ट्रिय वाणिज्य बैंक, कृषि विकास बैंक, नेपाल औद्योगिक विकास निगम) मात्र थिए। यी सबै सरकारी स्वामित्वमा थिए। कर्मचारीहरूले गैरकानुनी कार्य गरेमा भ्रष्टाचार मुद्दा लाग्थ्यो (अहिले पनि लाग्छ) तर खुला तथा उदार अर्थतन्त्र अपनाएपश्चात् नेपालमा निजी तथा विदेशी संयुक्त लगानीमा बैंकहरू खुल्न थाले। सरकारी लगानी नभएका कारण ती संस्थाका कर्मचारीलाई भ्रष्टाचार मुद्दा लाग्ने अवस्था भएन।

नीतिगत कुराहरूमा नियमनकारी निकाय नेपाल राष्ट्र बैंकले नियन्त्रण गरिरहँदा पनि कार्यगत तहमा निजी तथा सरकारी क्षेत्रबाट प्रवर्धित सबै बैंकहरूमा धेरै विकृतिहरू देखा परे, जसले गर्दा बैंक तथा वित्तीय प्रणालीमा व्यापक असर पर्न गयो। सरकारी बैंकका कर्मचारीहरूलाई राजनैतिक संरक्षण प्राप्त हुने करणले विकृति मौलाउँदै गयो भने निजी क्षेत्रका बैंकहरूमा समेत हामी निजी क्षेत्रले जोखिम मोलेर लगानी गरेको बैंक हो, हाम्रो हित जसरी हुन्छ, त्यसरी नै बैंकिङ कारोबार गर्नुपर्छ भन्ने लगानीकर्ताहरूको मनोवृत्ति रहन गयो। जसले गर्दा बैंक सञ्चालक आफैले, बैंकका कर्मचारीहरूले, बैंक व्यवस्थापकहरूले बैंकिङ मूल्य र मान्यता भन्दा विपरीतका क्रियाकलापहरू गर्न थाले। उनीहरूको यस कार्यबाट बैंक तथा वित्तीय प्रणालीप्रति विश्वसनीयता घट्न गएका कारणले गर्दा यस ऐनको आवश्यकता भएको पाइन्छ।

ऐन कहाँ-कहाँ र क-कसलाई लागू हुन्छ ?

दफा (१)(२) अनुसार यो ऐन नेपालभर लागू हुन्छ र नेपालमा बैंकिङ कसुर गरी विदेशमा रहे-बसेको जुनसुकै व्यक्ति वा संस्थासमेतलाई लागू हुन्छ।

कुन-कुन कार्य गरेमा बैंकिङ कसुर हुन्छ ?

बैंकमा खातासम्बन्धी कार्य गर्दा, कर्जा कारोबारसम्बन्धी कार्य गर्दा, बैंकिङ कारोबारमा प्रयोग हुने विद्युतीय माध्यमको दुरूपयोग वा अनधिकृत प्रयोग गर्दा, बैंकिङ स्रोत, साधन र सम्पत्ति प्रयोग गर्दा, सहकारीसम्बन्धी कारोबार गर्दा गर्न नहुने कार्य गरेमा र ढिकुटी खेल्ने कार्य गर्दा बैंकिङ कसुर हुन्छ। बैंकिङ कसुर सम्बन्धमा विस्तृत व्यवस्था निम्नबमोजिम रहेको छः

खातासम्बन्धी कसुरका कानुनी व्यवस्थाहरू निम्न रहेका छनः

दफा ३	नक्कली कागजात पेस गरी खाता खोल्न वा	दफा १५(१) बिगो भराई बिगो खुलेकोमा बिगोबमोजिम जरिवाना र तीन महिनासम्म कैद
	त्यस्तो कागजात पेस गरी खाता खोल्न लागेको छ भन्ने जानी-जानी खाता खोलिदिन वा	
	त्यस्तो खातामा रकम जम्मा गर्न, गराउन वा	
	त्यस्तो खाताबाट रकम निकाल्न वा सो कार्यमा सहयोग गर्न वा	
	त्यसरी खाता खोली विद्युतीय कार्ड वा उपकरणको प्रयोग गरी रकम निकाल्न,	
	कानुनबमोजिम बाहेक काल्पनिक वा अन्य व्यक्ति वा संस्थाको नाममा खाता खोल्न वा खाता खोलिदिन,	
	आफ्नो खातामा मौज्दात रकम नभएको जानी-जानी चेक काटिदिन,	
दफा ५	अनधिकृत रूपमा अन्य व्यक्तिको खाताबाट रकम निकाल्न।	दफा १५ (२) अनुसार सजाय हुने
	अनधिकृत रूपमा ग्राहकको खाताबाट रकम रकमान्तर गर्न वा नगद भुक्तानी दिन।	

विद्युतीय माध्यमको दुरूपयोग वा अनधिकृत प्रयोगसम्बन्धी कानुनी व्यवस्थाहरू निम्न रहेका छन् :

दफा ६	क्रेडिट कार्ड, डेबिट कार्ड, अटोमेटेड टेलर मेसिन (एटीएम) कार्ड वा अन्य विद्युतीय माध्यमको दुरूपयोग वा अनधिकृत प्रयोग गरी भुक्तानी लिनु वा दिनु।	दफा १५ (२) अनुसार सजाय हुने

* *अधिवक्ता, राष्ट्रिय वाणिज्य बैंक*

कर्जासम्बन्धी कानुनी व्यवस्थाहरू निम्न रहेका छन् :

दफा ७	(क) गलत, झुट्टा वा नरहे, नभएको वित्तीय विवरण पेस गरी वा कृत्रिम व्यवसाय खडा गरी कर्जा लिनु वा दिनु,	बिगो भराई बिगोबमोजिम जरिवाना र चार वर्षसम्म कैद
दफा ७	(ख) धितोको अस्वाभाविक रूपमा बढी मूल्याङ्कन गरी कर्जा लिनु वा दिनु,	
दफा ७	(ग) झुट्टा विवरणका आधारमा परियोजनाको लागत अस्वाभाविक रूपमा बढाई बढी कर्जा लिनु वा दिनु ।	
दफा ७	आफूलाई प्राप्त भएको अख्तियारी वा स्वीकृत सीमाभन्दा बाहिर गई कर्जा, सुविधा वा सहुलियत प्राप्त गर्न वा उपलब्ध गराउन ।	दफा १५ (२) अनुसार सजाय हुने
दफा ७	बैंक वा वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृत वा कर्मचारीले सो बैंक वा वित्तीय संस्थाको प्रचलित कर्मचारी प्रशासनसम्बन्धी विनियमावली वा प्रचलित कर्मचारी सापटी वा सुविधासम्बन्धी विनियमावली बमोजिम पाउने कर्मचारी सुविधाअन्तर्गतको कर्जा वा सापटीबाहेक अन्य तबरले आफ्नो बैंक वा वित्तीय संस्थाबाट कर्जा वा सापटी लिन ।	दफा १५ (२) अनुसार सजाय हुने
दफा ७	बैंक वा वित्तीय संस्थाको संस्थापक, सञ्चालक, प्रचलित कानुनबमोजिम वित्तीय स्वार्थ रहेको मानिने सेयरधनी वा त्यस्तो व्यक्तिको परिवारका सदस्यले आफ्नो बैंक वा वित्तीय संस्थाबाट कर्जा लिन ।	दफा १५ (२) अनुसार सजाय हुने
दफा ७	कुनै एक बैंक वा वित्तीय संस्थालाई एक पटक दिइसकेको सुरक्षण रीतपूर्वक फुकुवा नभई सोही सुरक्षण अर्को बैंक वा वित्तीय संस्थामा राखी पुनः कर्जा लिन वा दिन ।	दफा १५ (२) अनुसार सजाय हुने
दफा ७	व्यवसाय सञ्चालन गर्न सक्ने वित्तीय हैसियत नभएको वा आफूले अनुचित प्रभाव पार्न सक्ने व्यक्तिका नाममा संस्था स्थापना गराई त्यस्तो संस्थामार्फत वा नक्कली ऋणी खडा गरी त्यस्तो ऋणीमार्फत कर्जा लिन वा त्यस्तो कुरा जानी-जानी कर्जा दिन वा कर्जा लिने वा दिने कार्य गर्न वा गराउन ।	दफा १५ (२) अनुसार सजाय हुने
दफा ७	ग्राहकको कारोबारको तुलनामा आवश्यकताभन्दा बढी कर्जा दिन ।	दफा १५ (२) अनुसार सजाय हुने
दफा ७	कर्जा सुविधा उपलब्ध गराएबापत कुनै किसिमको अनुचित लाभ लिन वा दिन ।	दफा १५ (२) अनुसार सजाय हुने
दफा ७	बैंक वा वित्तीय संस्थाका संस्थापक, सञ्चालक, प्रमुख कार्यकारी अधिकृत वा ऋण प्रवाह गर्न अख्तियार प्राप्त व्यक्तिले आफूले समेत ऋण सुविधा उपभोग गर्ने मनसायले नक्कली ऋणी खडा गरी त्यस्तो ऋणको पुरै वा आंशिक रकमको भुक्तानी लिन वा दिन ।	दफा १५ (२) अनुसार सजाय हुने
दफा ७	बैंक वा वित्तीय संस्थाको संस्थापक, सञ्चालक, प्रमुख कार्यकारी अधिकृत वा ऋण प्रवाह गर्न अख्तियार प्राप्त व्यक्तिले आफ्नो वित्तीय स्वार्थ गाँसिएको कुनै व्यक्ति वा संस्थाका नाममा कुनै प्रकारको ऋण प्रवाह गर्न ।	दफा १५ (२) अनुसार सजाय हुने
दफा ८ कर्जाको दुरूपयोग गर्न नहुने	कसैले पनि बैंक वा वित्तीय संस्थाबाट जुन प्रयोजनका लागि कर्जा सुविधा लिएको हो, सोही प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गरी वा गराई कर्जाको दुरूपयोग गर्नु वा गराउनु हुँदैन ।	दफा १५(२) अनुसार सजाय हुने
दफा १० ऋणीले रकम झिक्न र सम्पत्ति प्राप्त गर्न नपाउने	बैंक वा वित्तीय संस्थालाई तिर्नुपर्ने ऋणको भाखा नाघी कालोसूचीमा परेको ऋणीले आफूले तिर्नुपर्ने कर्जा नतिरी स्वदेश वा विदेशस्थित बैंक वा वित्तीय संस्थामा खाता खोली रकम राख्न वा त्यस्तो खातालाई निरन्तरता दिन वा सञ्चालन गर्न वा अन्य कुनै तरिकाले कुनै चल वा अचल सम्पत्ति खरिद गर्न वा त्यस्तो सम्पत्ति उपर कुनै तरिकाले हकभोग प्राप्त गर्न हुँदैन ।	दफा १५(२) अनुसार सजाय हुने
दफा ११ ऋणीको चालु परियोजनालाई नोक्सान हुने गरी ऋण वा सुविधा रोक्न नहुने	बैंक वा वित्तीय संस्थाले ऋणीको कुनै परियोजनाका लागि कर्जा वा सुविधा स्वीकृत गरी पहिलो किस्ता प्रदान गरिसकेपछि पर्याप्त आधार र मनासिव कारणविना ऋणीको चालु परियोजनालाई नोक्सान हुने गरी बाँकी किस्ता कर्जा वा सुविधा दिन बिचमा रोक्न हुँदैन ।	बिगो भराइ बिगो बमोजिम जरिवाना
दफा १३ बढी, कम वा गलत मूल्याङ्कन तथा वित्तीय विवरण तयार गर्न नहुने	कर्जाको धितोस्वरूप बैंक वा वित्तीय संस्थामा राखिने चल अचल सम्पत्ति वा गैर बैंकिङ सम्पत्तिका रूपमा रहेको बैंक वा वित्तीय संस्थाको चल-अचल सम्पत्ति लिलाम बिक्री वा बैंक वा वित्तीय संस्थाको अन्य प्रयोजनका लागि मूल्याङ्कन गर्दा सम्बन्धित मूल्याङ्कनकर्ताले बढी, कम वा गलत मूल्याङ्कन गर्नु हुँदैन ।	बिगो भराई बिगोबमोजिम जरिवाना र चार वर्ष कैद

	मूल्याङ्कनकर्ताले आफ्नो वित्तीय स्वार्थ गाँसिएको कुनै व्यक्ति वा संस्थाको सम्पत्तिको मूल्याङ्कन गर्नु हुँदैन।	
	बैंक वा वित्तीय संस्थाबाट कर्जा वा सुविधा प्राप्त गर्ने प्रयोजनका लागि कुनै व्यक्ति, फर्म वा कम्पनी वा संस्थाले एउटै मिति वा अवधिको अलग अलग वित्तीय विवरण तयार गर्न वा गर्न लगाउन हुँदैन।	
	लेखापरीक्षकले कुनै व्यक्ति वा संस्थाको नेपाल सरकार, विदेशी दातृ निकाय वा अन्य निकायमा पेस गर्ने एउटै मिति वा अवधिको वित्तीय विवरणमा आफ्नो राय तथा व्यहोरा नखुलाई वित्तीय विवरणहरू फरक पर्ने गरी प्रमाणित गर्नु हुँदैन।	
दफा १४ अनियमित आर्थिक तथा वित्तीय कारोबार गर्न, गराउन नहुने	बैंक वा वित्तीय संस्थालाई हानि-नोक्सानी पुऱ्याउने उद्देश्यले कसैले पनि कुनै काम गराउन वा नगराउन, मोलाहिजा गर्न वा नगर्न, कुनै किसिमको रकम लिन वा दिन, विनामूल्य वा कम मूल्यमा कुनै माल, वस्तु वा सेवा लिन वा दिन, दान, दातव्य, उपहार वा चन्दा लिन वा दिन, गलत लिखत तयार गर्न वा गराउन, अनुवाद गर्न वा गराउन वा गैर कानुनी लाभ वा हानि पुऱ्याउने बदनीयतले कुनै कार्य गर्न वा गराउन हुँदैन।	दफा १५ (२) अनुसार सजाय हुने

बैंकिङ स्रोत, साधन र सम्पत्तिसम्बन्धी कानुनी व्यवस्थाहरू निम्न रहेका छन् :

दफा ९ बैंकिङ स्रोत, साधन र सम्पत्तिको दुरूपयोग गर्न नहुने	बैंक वा वित्तीय संस्थाको संस्थापक, सञ्चालक, प्रचलित कानुनबमोजिम वित्तीय स्वार्थ रहेको मानिने सेयरधनी, प्रमुख कार्यकारी अधिकृत, कर्मचारी, मेनेजिङ एजेन्ट वा सम्बद्ध व्यक्ति वा संस्था वा त्यस्तो व्यक्तिका परिवारका सदस्यले बैंक वा वित्तीय संस्थाबाट सुविधा लिई वा अन्य कुनै तरिकाले बैंक वा वित्तीय संस्थाको स्रोत र साधनको दुरूपयोग गर्न हुँदैन।	दफा १५ (२) अनुसार सजाय हुने
	कसैले पनि निक्षेपकर्ता वा बैंक वा वित्तीय संस्थाको हित प्रतिकूल हुने गरी बैंक वा वित्तीय संस्थाको सम्पत्ति खर्च गर्न, गराउन हुँदैन।	
	कसैले पनि गैर बैंकिङ सम्पत्ति लगायत बैंक वा वित्तीय संस्थाको अन्य सम्पत्ति लिलाम बिक्री गर्दा वा अन्य कुनै कारोबार गर्दा कुनै आर्थिक अनियमितता गर्नु हुँदैन।	
दफा १२ किर्ते जालसाजी र हानि-नोक्सानी	कसैले पनि बैंक वा वित्तीय संस्थाको कुनै कागजात वा खाता बहीमा लेखिएको कुनै कुरा कुनै तरिकाले हटाई वा उडाई अर्कै मतलब निस्कने व्यहोरा पारी मिलाई लेख्ने जस्ता काम गरेबाट आफूलाई वा अरू कसैलाई फाइदा वा हानि-नोक्सानी गर्ने उद्देश्यले किर्ते गर्न वा अर्काको हानि-नोक्सानी गर्ने उद्देश्यले नगरे वा नभएको झुट्टा कुरा गरे वा भएको हो भनी वा मिति, अङ्क वा व्यहोरा फरक पारी सहीछाप गरी गराई कागजात बनाई वा बनाउन लगाई जालसाजी गर्न हुँदैन।	दफा १५(२) अनुसार सजाय हुने

सहकारीसमेत सम्बन्धमा निम्न कानुनी व्यवस्था रहेका छन् :

दफा १२ (क) झुक्याई कारोबार गर्न नहुने	कसैले बैंक वा वित्तीय संस्था वा सहकारी संस्था वा संघको स्वामित्वमा रहेको चल-अचल सम्पत्ति मिलेमतो वा जाल-परिपञ्च गरी वा हक नभएको सम्पत्तिमा आफ्नो हक पुग्ने किर्ते कागज बनाई, दिई वा पेस गरी वा आफूसँग नभएको कुरा आफूसँग छ भनी झुक्याई वा झुट्टा कुरालाई साँचो हो भनी झुक्याई वा अरू जुनसुकै व्यहोरासँग धोका दिई गफलतमा पारी आफ्नो हक नपुग्ने बैंक वा वित्तीय संस्था वा सहकारी संस्था वा संघको हकको चल-अचल सम्पत्ति लिनु, दिनु, दिलाउनु वा बैंक वा वित्तीय संस्था वा सहकारी संस्था वा संघको सम्पत्ति मेरो हो भनी वा मेरो भएको छ भनी लिखत गरी वा नगरी सोही सम्पत्ति लिनु, दिनु, बिक्री व्यवहार गर्ने वा सट्टापट्टा गरी बैंक वा वित्तीय संस्था वा सहकारी संस्था वा संघलाई हानि-नोक्सानी पुऱ्याउनु हुँदैन। कसैले कुनै व्यहोराको झुट्टा, जालसाजपूर्ण कथन, प्रतिज्ञा वा अन्य कुनै तवरबाट बैंक वा वित्तीय संस्थालाई नोक्सानी पुग्ने गरी सो बैंक वा वित्तीय संस्था वा सहकारी संस्था वा संघको नियन्त्रण वा संरक्षण वा स्वामित्वमा रहेको नगद रकम, कोष, सुरक्षणपत्र वा अन्य चल, अचल सम्पत्ति प्राप्त गर्न वा त्यस्तो सम्पत्तिमाथि दखल पुऱ्याउन वा नियन्त्रणमा लिन वा त्यस्तो योजनालाई कार्यान्वयन गर्न सहयोग पुऱ्याई बैंक वा वित्तीय संस्था वा सहकारी संस्था वा संघलाई हानि-नोक्सानी पुऱ्याउनु हुँदैन।	दफा १५(३)(ख) अनुसार सजाय हुने
	कसैले कुनै व्यहोराको गलत वा झुट्टा विवरण वा प्रतिज्ञाको आधारमा बैंक वा वित्तीय संस्था वा सहकारी संस्था वा संघसँग कुनै कारोबार गर्न वा आफ्नो नाम ढाँटी सो नाम मेरो होइन, अर्कैको हो भनी र अर्को मानिसको नामलाई मेरो हो, सो मानिस मै हुँ भनी वा त्यस्तो कुरा अर्काबाट जानी-बुझी भनाउनु, भनी दिनु इत्यादि जुनसुकै कुरो गरी कसुरको सजायबाट बच्नका लागि वा बेइमानीको नियतले धोका गफलत वा झुक्यानमा पारी बैंक वा वित्तीय संस्था वा सहकारी संस्था वा संघलाई कुनै पनि तवरले हानि-नोक्सानी पुऱ्याई आफू वा अरू कसैलाई लाभ हुने कार्य गर्न हुँदैन।	

दफा १४ ख गैर कानुनी रूपमा बैंकिङ कारोबार गर्न नहुने	सहकारी ऐन, २०४८ बमोजिम दर्ता भएका सहकारी संस्था वा संघले सोही ऐनको दफा २६ को उपदफा (२) बमोजिम नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त नगरी बैंकिङ कारोबार गर्न वा गराउन हुँदैन।	दफा १५ (३) (ख) अनुसार सजाय हुने

ढुकुटीको कारोबार सम्बन्धमा निम्न कानुनी व्यवस्था रहेको छः

दफा १४ क	कसैले पनि ढुकुटीको कारोबार गर्न वा गराउन हुँदैन।	दफा १५(३) (ख) अनुसार सजाय हुने

दफा १५ (२) अनुसारको सजाय

कसैले दफा ५, ६, दफा ७ को खण्ड (घ), (घ१), (घ२), (ङ), (च), (छ), (ज), (झ) र (ञ), दफा ८, ९, १०, १२ वा १४ बमोजिमको कुनै कार्य गरेमा त्यस्तो कसुरसँग सम्बन्धित देहायबमोजिमको बिगो भएमा कसुरको मात्राअनुसार देहायबमोजिमको कैद र बिगो भराई बिगो बमोजिम जरिवाना हुने छ :

(क) दश लाख रुपैयाँसम्म बिगो भए एक वर्षसम्म कैद,

(ख) दश लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म बिगो भए दुई वर्षदेखि तीन वर्षसम्म कैद,

(ग) पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म बिगो भए तीन वर्षदेखि चार वर्षसम्म कैद,

(घ) एक करोड रुपैयाँभन्दा बढी दश करोड रुपैयाँसम्म बिगो भए चार वर्षदेखि छ वर्षसम्म कैद,

(ङ) दश करोड रुपैयाँभन्दा बढी पचास करोड रुपैयाँसम्म बिगो भए छ वर्षदेखि आठ वर्षसम्म कैद,

(च) पचास करोड रुपैयाँभन्दा बढी एक अर्ब रुपैयाँसम्म बिगो भए आठ वर्षदेखि दश वर्षसम्म कैद,

छ) एक अर्ब रुपैयाँभन्दा बढी जतिसुकै रुपैयाँ बिगो भए दश वर्षदेखि बाह्र वर्षसम्म कैद।

दफा १५ (३) अनुसारको सजाय

देहायबमोजिमको कसुरमा देहायबमोजिम सजाय हुने छ :

(क) दफा ७ को खण्ड (क), (ख), (ग) वा दफा १३ बमोजिमको कसुर गरेमा बिगो भराई बिगोबमोजिम जरिवाना र चार वर्षसम्म कैद हुने छ।

(ख) दफा १२क., १४क. वा १४ख. बमोजिमको कसुर गरेमा त्यस्तो कसुरसँग सम्बन्धित देहायबमोजिमको बिगो भएमा कसुरको मात्राअनुसार देहायबमोजिमको कैद र बिगो भराई बिगोबमोजिम जरिवाना हुने छ :

(१) पचास लाख रुपैयाँसम्म बिगो भए एक वर्षदेखि तीन वर्षसम्म कैद,

२) पचास लाख रुपैयाँदेखि पाँच करोड रुपैयाँसम्म बिगो भए तीन वर्षदेखि पाँच वर्षसम्म कैद,

(३) पाँच करोड रुपैयाँदेखि पचास करोड रुपैयाँसम्म बिगो भए पाँच वर्षदेखि सात वर्षसम्म कैद,

(४) पचास करोड रुपैयाँभन्दा माथि जतिसुकै बिगो भए तापनि सात वर्षदेखि नौ वर्षसम्म कैद।

समस्याहरू

बैंकिङ कसुरको अनुसन्धान, अभियोजन र न्याय निरूपणका लागि विशिष्टीकरणको अवधारणा कानुनी रूपमा स्वीकार गरिएको छैन। पहिलो संशोधनले विशेष अनुसन्धान टोली गठन गर्न सक्ने भने पनि यसमा कुन कुन विषय, योग्यता, अनुभव र दखलता भएका अधिकारीको उपस्थिति हुन्छ उल्लेख छैन। यसले अनुसन्धान, अभियोजन र न्याय निरूपणका क्षेत्रमा नकारात्मक असर पारिरहेको देखिन्छ। अथवा कमजोर अनुसन्धान तथा अभियोजनका कारण ऐनको उद्देश्य पूर्ण नहुने अवस्था देखिन्छ।

बिगोका आधारमा ४ वर्ष मात्र कैद हुने मुलुकी ऐनको व्यवस्था बैंकिङ कसुरमा मिलेको छैन। बिगो नतिरी कैदमा बसी रकम नतिर्ने प्रवृत्ति बढ्दै जाने हुन्छ।

हुन्डीमार्फत कारोबार भइरहेको अवस्था छ। उक्त कारोबार अवैध र गैरकानुनी भनिएको छ। तर कानुनी दायरामा ल्याई सजाय गर्ने तथा राजस्व प्राप्त गर्नेतर्फ नीतिगत मौनता रहेको देखिन्छ। यसले एकातर्फ ठगीको अपराध मौलाउने र अर्कोतर्फ प्रचूर राजस्व उठ्तीमा घाटा हुने देखिन्छ। अपराध संहिताले बैंकिङ कसुरलाई समेटेको देखिँदैन। संहिताले पनि बैंकिङ कसुरलाई समेट्नुपर्ने देखिन्छ।

बैंकिङ कसुरसँगै घटित भएका अन्य अपराधहरू, जस्तै : सरकारी छाप दस्तखत कीर्ते, ठगी, सङ्गठित अपराध आदिमा वाणिज्य इजलासमा अभियोग पत्र दायर गर्न नसकिने भई ती कसुरमा सम्बन्धित जिल्ला अदालतमा अभियोग पत्र दायर गर्नुपर्ने भएकाले एउटै विषयसँग सम्बन्धित कारबाही/न्याय निरूपण छरिएर हुने समस्या भएको।

बैंकिङ कसुर प्रायः सङ्गठित रूपमा हुने र धेरै जना कसुरमा संलग्न हुने भए पनि अनुसन्धानका क्रममा केही व्यक्तिमात्र पक्राउ पर्ने र हदम्याद समेतका कारणले गर्दा अन्य कसुरदारहरू उपर पक्राउ गरी बयान गराउने कार्य हुन नपाउँदै मुद्दा चलाउनुपर्ने बाध्यता भएको।

बैंक तथा वित्तीय संस्थाहरूले मुद्दा विचाराधीन रहेकै बखतमा पनि बैंकको लेना रकम अभियुक्त पक्षबाट दाखिला हुन आएमा असुल उपर गरी लिने प्रणालीले गर्दा फैसला हुँदा कसुर कायम गर्ने कार्यमा नकारात्मक असर पर्ने गरेको।

वाणिज्य इजलासबाट सम्पादन हुने न्याय क्षेत्र समन्वय समिति र इजलास व्यवस्थापन समितिहरूको औपचारिक स्वरूप विकास गर्ने कानुनी व्यवस्था नभएको।

फर्जी Good for Payment cheque जारी गरेकोमा चेक बाउन्समा दाबी लिने कि बैंकिङ सम्पत्तिको हानी नोक्सानी गरेकोमा दाबी लिने हो ? स्पष्ट व्यवस्था र निर्देशन नभएको।

मुद्दा अभियोजन नहुँदै अनुसन्धानमा सहयोग गरी कर्जा राफसाफ गर्ने, Credit Clearance Certificate प्राप्त गरेका प्रतिवादीलाई ऐनको दफा २६ बमोजिमको सजायको मागदाबीमा छुट दिन सकिने, नसकिनेमा स्पष्ट नभएको।

विदेशी व्यक्तिले विदेशी ग्राहकको विदेशमा रहेको खाताको रकम फर्जी ATM CARD प्रयोग गरी नेपालको बैंकको ATM मेसिनबाट रकम निकालेकोमा पीडित पहिचान हुन नसकी क्षतिपूर्तिको दाबी लिन

समस्या रहेको ।

बैंकिङ कसुरको जटिलता र प्राविधिकताका बारेमा अनुसन्धान, अभियोजन र न्याय निरूपण गर्ने जनशक्तिमा पर्याप्त ज्ञानको अभाव रहेका कारण अनुसन्धान, अभियोजन र न्याय निरूपणमा हुनुपर्ने जति प्रभावकारिता नदेखिएको ।

जसले जति खाएको वा नोक्सान पुऱ्याएको छ, सो मात्र भराउने दाबी लिनुपर्नेमा सबै प्रतिवादीलाई जनही सबै बिगो भराउने मागदाबीका कारण भराउनुपर्ने बिगो नोक्सानी बिगो भन्दा कैयौं गुणा बढी भई दाबी नपुग्ने अवस्था देखिएको ।

धितो मूल्याङ्कनतर्फ समयको अन्तरालमा कारोबारको उतारचढावसँगै मूल्याङ्कन फरक पर्न सक्ने भएकाले पहिलो र दोस्रो मूल्याङ्कनकर्ताको रिपोर्टमध्ये कुनलाई सही मान्ने स्पष्ट निर्देशन नभएको ।

विशेषज्ञताको अभावले बैंकिङ कसुरको अनुसन्धानमा सरकारी वकिलले प्रभावकारी निर्देशन गर्न नसकेको र अभियोजन एवं बहस पैरवी प्रतिरक्षामा पनि अपेक्षाकृत प्रभावकारिता हुन नसकेको ।

माथि उल्लेख गरिएका कानुनी व्यवस्थाहरू बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ मा उल्लिखित व्यवस्थाहरू हुन् । उल्लिखित व्यवस्थाका अतिरिक्त बैंक तथा वित्तीय संस्थाहरूले बैंकिङ कसुरबाट बच्नका लागि थप निम्न कार्यहरू समेत गर्नुपर्दछ :

पछिल्लो समय केही बैंक तथा वित्तीय संस्थाका सञ्चालकहरू बैंकिङ कसुरअन्तर्गत सजाय काटिरहेका छन्, कतिपयको मुद्दा चलिरहेको छ। किन त्यस्तो भयो त ? किनभने नेपाल राष्ट्र बैंकले बनाएको बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ लागू भइसक्दा पनि बैंक तथा वित्तीय संस्थाका सञ्चालकहरूले गर्न नहुने काम गरे । राष्ट्र बैंकले २०७५ साल देखि जारी गरेको निर्देशिकाले बैंक तथा वित्तीय संस्थाहरूलाई निम्न कार्यहरू गर्न रोक लगाएको छ, जसलाई पालना गरेमा बैंकिङ कसुरबाट बच्न सकिन्छ :

(१) व्यापार गर्ने उद्देश्यले मालसामान खरिद-बिक्री गर्न वा आफ्नो प्रयोजनका निमित्त आवश्यक पर्ने बाहेक भवन निर्माण वा अचल सम्पत्ति खरिद गर्न हुँदैन ।

(२) आफ्नो सेयरको संरक्षणमा कर्जा दिन हुँदैन ।

(३) संस्थापक, सञ्चालक, चुक्ता पुँजीको एक प्रतिशत वा सोभन्दा बढी सेयर लिएको व्यक्ति, कार्यकारी प्रमुख वा त्यस्ता व्यक्तिको परिवारको सदस्य वा सञ्चालक मनोनीत वा नियुक्ति गर्ने अधिकार पाएको फर्म, कम्पनी वा संस्थालाई कर्जा वा सुविधा प्रदान गर्न हुँदैन ।

(४) संस्थापक, सञ्चालक, चुक्ता पुँजीको एक प्रतिशत वा सोभन्दा बढी सेयर लिएको व्यक्ति, कार्यकारी प्रमुख वा त्यस्ता व्यक्तिको परिवारका सदस्य वा मैनेजिङ् एजेन्ट वा सञ्चालक मनोनीत गर्ने अधिकार पाएको व्यक्ति, फर्म, कम्पनी वा संस्थाको उल्लेख्य स्वामित्व वा वित्तीय स्वार्थ भएको कुनै फर्म, कम्पनी वा संस्थालाई कुनै किसिमको कर्जा वा सुविधा प्रदान गर्न हुँदैन ।

(५) एउटै ग्राहक, कम्पनी, एकै समूहको कम्पनी वा साझेदारी फर्म सम्बद्ध व्यक्तिलाई आफ्नो पुँजीकोषको राष्ट्र बैंकले तोकिदिएको प्रतिशतभन्दा बढी हुने गरी कर्जा वा सुविधा प्रदान गर्न हुँदैन । यस खण्डको प्रयोजनको लागि "एकै समूह" भन्नाले राष्ट्र बैंकले समय समयमा निर्देशन जारी गरी तोकिदिएबमोजिमको सम्बद्ध व्यक्ति, कम्पनीहरू साझेदारी फर्म आदिका समूह हुन् । .

(६) संस्थापक, सञ्चालक वा कार्यकारी प्रमुख जमानत बसी कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई कुनै किसिमको कर्जा दिन हुँदैन ।

(७) यस ऐनको अधीनमा रही राष्ट्र बैंकबाट क, ख र ग वर्गको वित्तीय कारोबार गर्न स्वीकृति पाएको बैंक वा वित्तीय संस्थाको धितोपत्रमा लगानी गर्न हुँदैन ।

(८) राष्ट्र बैंकले तोकिदिएको सीमाभन्दा बढी रकम अन्य संस्थाको सेयर पुँजीमा लगानी गर्न पाइँदैन ।

(९) बैंक वा वित्तीय संस्थाहरू एक आपसमा मिली वित्तीय कारोबारमा कुनै किसिमको एकाधिकार वा अन्य कुनै किसिमको नियन्त्रित अभ्यास कायम गर्न पाइँदैन ।

(१०) आफैले नाजायज लाभ लिने नियतले वित्तीय क्षेत्रको प्रतिस्पर्धात्मक वातावरणमा कृत्रिम अवरोध खडा हुने कुनै पनि किसिमको कार्य गर्न हुँदैन ।

(११) दफा ५२ बमोजिमको बैंकिङ तथा वित्तीय कारोबारकबाहेक आफैले वा एजेन्ट, साझेदार वा सहस्वामित्व भएको व्यक्तिको हैसियतले थोक तथा खुद्रा व्यापार, वस्तु निर्माण (म्यानुफ्याक्चरिङ), यातायात, कृषि, खानी, निर्माण व्यवसाय वा यस्तै अन्य व्यवसाय सञ्चालन गर्न हुँदैन । तर बैंक वा वित्तीय संस्थाले आफ्नो कर्जा असुली गर्न अस्थायी रूपमा त्यस्तो काम कारबाहीहरू सञ्चालन गर्न वा त्यसमा सहभागी हुन सक्ने छ ।

(१२) आफ्नो नियमित बैंकिङ तथा वित्तीय कारोबार सञ्चालन गर्न आवश्यक भएको वा बैंक वा वित्तीय संस्थालाई दिएको वा लिइराखेको धितो धरौटीको बन्दोबस्तका लागि आवश्यक भएकोमा बाहेक वस्तुको खरिद-बिक्री गर्न वा सट्टापट्टा गर्न हुँदैन ।

(१३) सङ्कलन वा विनिमयका लागि प्राप्त गरिएका विनिमय पत्र वा दफा ५२ मा उल्लेख भएको व्यवसायसँग सम्बन्धित व्यवसायबाहेक कुनै व्यापार वा अन्य व्यक्तिका लागि वस्तु खरिद-बिक्री गर्ने वा सट्टापट्टा गर्ने व्यवसाय गर्न हुँदैन ।

(१४) राष्ट्र बैंकले समय समयमा बैंक वा वित्तीय संस्थाको पुँजी रकमका आधारमा निर्धारण गरेको औसत प्रतिशतभन्दा बढी हुने गरी कुनै पनि अचल सम्पत्ति खरिद गर्न वा अन्य कुनै किसिमले प्राप्त गर्न वा त्यसमा कुनै हक प्राप्त गर्न हुँदैन । तर बैंक वा वित्तीय संस्थालाई कुनै कर्जाको धितो धरौटीबापत वा ऋण भुक्तानी नभएको अवस्थामा धितोबापत कुनै अचल सम्पत्ति स्वीकार गर्न तथा त्यस्तो अचल सम्पत्ति बिक्री नगरुन्जेल सो सम्पत्ति धारण गरी राख्न बाधा पुऱ्याएको मानिने छैन ।

(१५) बैंक वा वित्तीय संस्थाले गर्न नहुने भनी राष्ट्र बैंकले समय समयमा तोकेका अन्य कार्य गर्न हुँदैन ।

अन्त्यमा बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ ले मूलतः खातावाला, ऋणी, बैंकका कर्मचारी, बैंक व्यवस्थापक, सहकारी सञ्चालक तथा सदस्यहरू, ढिकुटी खेल्ने, खेलाउने कार्य लगायतका क्षेत्रहरू समेटी बैंकिङ कसुरको कार्यको उल्लेख गरेको छ भने बैंकमा कार्यरत कर्मचारी, बैंक व्यवस्थापकहरूले सो बैंकिङ कसुर ऐनले व्यवस्था गरेको भन्दा अझ बढी बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, नेपाल राष्ट्र बैंक ऐन र निर्देशनात्मक व्यवस्थाको माथि उल्लेख भएबमोजिम पालना गर्नुपर्ने हुन्छ ।

***

तरलता समस्या : कारण, प्रभाव र समाधानका उपायहरू

युवराज घिमिरे*

१. विषय प्रवेश

तरलता भनेको वहन सक्ने गुण हो । सम्पत्तिअन्तर्गत तरलता भन्नाले आवश्यक परेका बखत प्रयोगमा ल्याउन सकिने सम्पत्ति भन्ने बुझिन्छ । नगद सर्वाधिक तरल सम्पत्ति हो । व्यावसायिक जगत्मा नगद वा चाहेको समयमा तुरुन्तै नगदमा परिणत गर्न सकिने सम्पत्तिलाई तरल सम्पत्ति भनिन्छ । बैंकिङ व्यवसायमा नगदको मात्र कारोबार हुने हुँदा बैंकको सम्पूर्ण सम्पत्ति तरल सम्पत्ति हो कि भन्ने भान हुन सक्दछ । तर बैंकले ग्राहकहरूलाई कर्जाका रूपमा प्रवाह गरेको रकम र अन्य दीर्घकालीन प्रकृतिको लगानी माग गर्ने बित्तिकै तुरुन्त प्राप्त नहुने हुँदा त्यस्ता सम्पत्तिहरू तरल सम्पत्ति होइनन् । त्यसै गरी बैंकको स्वामित्वमा रहेको जग्गा तथा भवन, कम्प्युटर, फर्निचरलगायतका सम्पत्तिहरू पनि तरल सम्पत्ति होइनन् । बैंकसँग रहेको नगद, केन्द्रीय बैंकलगायत अन्य बैंकहरूमा रहेको बैंक मौज्दात, सरकारी तथा अन्य वित्तीय उपकरणहरूमा गरिएको लगानी जस्ता सम्पत्तिहरू बैंकका तरल सम्पत्ति हुन् । नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूले कायम राख्नुपर्ने न्यूनतम तरल सम्पत्तिको सीमा तोकिदिने गर्दछ । वर्तमान समयमा बैंकिङ क्षेत्रले तरलता अभावको सामना गरिरहेको छ ।

२. तरलताको स्रोत

अर्थतन्त्रमा मुद्राको पूर्ति तरलताको स्रोतका रूपमा रहने गर्दछ । खास समय विन्दुमा रहेको मुद्राको मौज्दात नै मुद्राको पूर्ति हो । परम्परागत रूपमा कानुनी ग्राह्य नोट तथा सिक्का र माग निक्षेपलाई मुद्राको पूर्तिका रूपमा लिइएको भए तापनि अधुनिक धारणाअनुसार व्यक्तिगत रूपमा रहेको सम्पूर्ण तरल सम्पत्तिहरूको समिश्रण नै मुद्रा हो ।

अर्थशास्त्री जे.एम. किन्सका अनुसार मुद्राको कुल पूर्ति सरकारी नीतिमा भर पर्दछ र यसलाई देशको केन्द्रीय बैंकले निर्धारण गर्दछ । यसअन्तर्गत सिक्का, नोट तथा माग निक्षेप पर्दछन् । यो परिणाम निश्चित अवधिका लागि केन्द्रीय बैंकले तोकेअनुसार हुने गर्दछ । मिल्टन फ्राइडम्यानका अनुसार कुनै समय क्षणमा मुद्राको पूर्ति भनेको चलन-चल्तीमा जनतासँग रहेको मुद्रा, उनीहरूको बैंकमा रहेको माग निक्षेपहरू र वाणिज्य बैंकहरूसँग रहेका समय निक्षेपहरू हुन् । सङ्क्षेपमा मुद्राको पूर्ति भन्नाले सर्वसाधारणसँग रहेको नगद र छोटो समयमा नगदमा परिणत गर्न सकिने सम्पत्तिहरूको योग हो ।

उच्च शक्ति मुद्राको आपूर्तिले अर्थतन्त्रमा तरलताको अवस्था निर्धारण गर्दछ । उच्च शक्ति मुद्राअन्तर्गत सर्वसाधारणहरूसँग रहेको नगद मुद्रा, बैंकहरूले केन्द्रीय बैंकमा जम्मा गर्नुपर्ने आवश्यक मौज्दात र बैंकहरूसँग रहेको अतिरिक्त मौज्दात पर्दछ । उच्च शक्ति मुद्राकै आधारमा बैंकहरूको साख सिर्जना क्षमता निर्धारण हुने गर्दछ । नेपाल राष्ट्र बैंकले मुद्राको पूर्तिलाई सङ्कुचित मुद्राप्रदाय (M_1) र विस्तृत मुद्राप्रदाय (M_2 र M_3) गरी दुई भागमा बाँडेको छ । सङ्कुचित मुद्राप्रदायअन्तर्गत सर्वसाधारणहरूसँग रहेको मुद्रा र चल्ती निक्षेपमा रहेको रकम पर्दछ । विस्तृत मुद्राप्रदायलाई दुई भागमा बाँडिएको छ । जसमध्ये M_2 अन्तर्गत सङ्कुचित मुद्राप्रदाय र बचत तथा मुद्दती निक्षेपमा रहेको रकम तथा M_3 अन्तर्गत M_2 र बैंकहरूसँग रहेको विदेशी मुद्राको निक्षेप पर्दछ ।

माथिको विश्लेषणबाट यो स्पष्ट हुन्छ कि तरलताको प्रमुख स्रोत मुद्राको पूर्ति हो, जसलाई कानुनी ग्राह्य मुद्रा र बैंकमा रहेको निक्षेपले निर्धारण गर्दछ । नेपालको अर्थतन्त्रमा समय समयमा तरलताको अवस्थामा उतारचढाव आएको पाइन्छ, जसलाई नेपाल राष्ट्र बैंकले जारी गर्ने मौद्रिक नीति र त्यसको समीक्षाले प्रस्ट पार्दछ ।

३. नेपालमा विभिन्न समयमा देखा परेको तरलता समस्या र नेपाल राष्ट्र बैंकले लिएको नीति

नेपाल राष्ट्र बैंकको आर्थिक वर्ष २०६६/६७ को मौद्रिक नीतिको मध्यावधि समीक्षाअनुसार विस्तृत मुद्राप्रदायलाई अर्थतन्त्रको समग्र तरलता मापन गर्ने सूचकका रूपमा लिइने गरिन्छ । समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्तिमा कमी तथा साधन परिचालनको तुलनामा पुँजीगत खर्चमा विस्तार हुन नसकेकाले नेपाल सरकार माथिको खुद दाबी रु. १३ अर्ब ४ करोड (१२.४ प्रतिशत) ले घटेको हुँदा समग्र मौद्रिक तरलतामा कमी आएको आँकलन गर्दै नेपाल सरकारको पुँजीगत खर्चमा विस्तार हुन थालेपछि मौद्रिक तरलता बढ्ने अनुमान गरिएको थियो । तरलता समस्यालाई सम्बोधन गर्न तत्कालीन नीतिगत व्यवस्थाहरूमा निम्नानुसारका परिवर्तनहरू गरिएको थियो -

- वित्तीय स्थायित्व कायम गर्न तथा तरलता व्यवस्थापनका लागि बैंक तथा वित्तीय संस्थाहरूको वित्तीय साधनको स्रोत र उपयोगमा सन्तुलन मिलाउन आवश्यक हुने हुँदा आर्थिक वर्ष २०६६/६७ को मौद्रिक नीतिमा वैधानिक तरलता अनुपातसम्बन्धी नयाँ व्यवस्था लागू गरिएकोमा त्यसलाई निरन्तरता दिइएको थियो ।
- कर्जा प्रवाहको वृद्धिदर उच्च रहे पनि बैंकिङ क्षेत्रको कर्जा घर-जग्गा, रियलस्टेट तथा उपभोगतर्फ बढी केन्द्रित रहेकाले कर्जाको अधिकेन्द्रित जोखिमलाई न्यूनीकरण गर्दै अनुत्पादनशील क्षेत्रतर्फको कर्जालाई उत्पादनमूलक क्षेत्रतर्फ प्रवाहित गर्न घर-जग्गा तथा रियलस्टेट तर्फको कर्जामा सीमासमेत तोकिएको थियो ।

* *प्रबन्धक, राष्ट्रिय वाणिज्य बैंक*

आर्थिक वर्ष २०६६/६७ को मौद्रिक नीतिले उत्पादनमूलक क्षेत्रतर्फ प्रवाहित कर्जामा सीमा लगाएका कारण आर्थिक वर्ष २०६७/६८ को मौद्रिक नीतिको अर्धवार्षिक समीक्षासम्म आइपुग्दा वाणिज्य बैंकहरूको निक्षेप परिचालन र कर्जा प्रवाहबिच अघिल्लो वर्षको तुलनामा केही सन्तुलन कायम हुन पुगेको थियो । सँगसँगै कर्जा संरचनालाई हेर्दा उत्पादनशील क्षेत्रतर्फ कर्जा प्रवाह बढ्दै गएको देखिएको थियो ।

नेपाल राष्ट्र बैंकले गरेको मौद्रिक नीतिको अर्धवार्षिक समीक्षाअनुसार आ.व. २०६८/६९, २०७०/७१ र २०७७/७८ मा अर्थतन्त्रमा अधिक तरलताको अवस्था थियो भने आ.व. २०६९/७०, २०७१/७२ र २०७४/७५ मा तरलता सङ्कुचनको अवस्था रहेको थियो ।

४. वर्तमान तरलता समस्या र नेपाल राष्ट्र बैंकको समीक्षा

आर्थिक वर्ष २०७८/७९ को मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षामा आर्थिक पुनरुत्थानको चरणमा कर्जाको माग बढिरहेको र यस्तो कर्जाको ठुलो हिस्सा आयात भुक्तानीमा खर्च भइरहेको तर विप्रेषण आप्रवाह अपेक्षित रूपमा बढ्न नसकिरहेकाले बाह्यक्षेत्र स्थायित्वमा दबाब कायमै रहने र बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप परिचालनको तुलनामा कर्जा विस्तार अधिक रहेकाले तरलतामा चाप पर्ने स्थिति देखिएको उल्लेख गरिएको छ ।

त्यसै गरी आर्थिक पुनरुत्थानले गति लिन थालेसँगै कर्जा प्रवाह र आयात उच्च दरले बढेको र सोअनुसार बढ्दो कर्जा मागलाई व्यवस्थित गर्ने, साधन परिचालनको दायरा बढाउने र उत्पादनशील क्रियाकलापहरूमा स्रोतको अभाव हुन नदिने तर्फ सजग रहेको उल्लेख गर्दै पछिल्लो समय शोधनान्तर स्थितिमा परेको चाप र मुद्रास्फीतिमा पर्न सक्ने दबाबलाई ध्यानमा राखी मौद्रिक व्यवस्थापनलाई प्रभावकारी बनाइने बताइएको छ ।

उक्त समीक्षामा आ.व. २०७८।०७९ को सुरुवातदेखि नै अर्थतन्त्रका वैदेशिक व्यापार, शोधनान्तर, विप्रेषण आप्रवाह, तरलता अवस्था जस्ता महत्त्वपूर्ण आर्थिक सूचकहरूमा नकारात्मक सङ्केत देखा परेको स्वीकार गर्दै रोजगारीका लागि विदेशिने कामदार नघटे तापनि विप्रेषणमार्फत भित्रिने रकम न्यून बीजकीकरण, सुन, चाँदीलगायत वस्तुहरूको गैरकानुनी ओसारपसार, पुँजी पलायन, नेपालीहरूद्वारा विदेशमा लगानी जस्ता कारणहरूले घटिरहेको हुन सक्ने आँकलन गरिएको छ ।

बचत निक्षेपको प्रमुख आधार हो भने बचतलाई आम्दानी र उपभोगको स्तरले निर्धारण गर्दछ । पछिल्लो समयमा नेपालको औद्योगिक उत्पादन घट्दै जानु, व्यापारमुखी अर्थतन्त्र (त्यसमा पनि आयातित वस्तुहरू) को विकास हुनु, कृषि उत्पादनमा वृद्धि हुन नसक्नु जस्ता कारणहरूले नेपालीहरूको आयको प्रमुख स्रोत विप्रेषण बन्न पुगेको छ । विप्रेषणबाट प्राप्त रकम नेपालीहरूको आम्दानी हो । उक्त आम्दानीको ठुलो हिस्सा उपभोगमा खर्च हुने र उपभोग गरिने वस्तुहरू पनि आयातित नै हुने हुँदा अन्ततोगत्वा उक्त रकम बाहिरिए तापनि उक्त रकम विप्रेषणमार्फत औपचारिक क्षेत्रबाट भित्रिएमा केही समय बैंकिङ च्यानलभित्रै रहने हुँदा यसले तरलता प्रवाहमा सकारात्मक भूमिका खेल्दछ ।

५. तरलता अभावका कारणहरू

अर्थतन्त्रमा तरलतामा कमी आउने मूलभूत कारणहरूलाई बुँदागत रूपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ :

क. **विप्रेषण आप्रवाहमा कमी आउनु** : गत आ.व.को पहिलो चार महिनामा ११.२ प्रतिशतले वृद्धि भएको विप्रेषण आप्रवाहमा यस आ.व.को सोही अवधिमा ७.५ प्रतिशतले कमी आयो । यस अवधिमा चालु खाता रु. १५१ अर्ब ७० करोड र शोधनान्तर रु.७६ अर्ब १४ करोड घाटामा रहेको छ । फलस्वरूप बैंकहरूको निक्षेपमा गत वर्ष जस्तै गरी वृद्धि हुन सकेन र तरलता अभाव सृजना भयो ।

ख. **आयातमा वृद्धि हुनु** : पछिल्लो एक वर्षभन्दा लामो समयदेखि विश्वव्यापी रूपमा फैलिएको कोरोनाको प्रभाव कम हुनासाथ उक्त अवधिमा स्थगन गरिएको मागमा वृद्धि हुन गई आयातमा वृद्धि हुँदा स्वदेशी मुद्रा बाहिरियो । आर्थिक वर्ष २०७८/७९ को पहिलो त्रयमासमा आयात ६३.७ प्रतिशतले वृद्धि भई रु. ४७८ अर्ब ५२ करोड पुग्यो । सोहीअनुरूप स्वदेशी मुद्रा बाहिरिएर व्यापार घाटा ५८.३ प्रतिशतले वृद्धि भई रु. ४१३ अर्ब ४७ करोड पुग्यो ।

ग. **पुँजीगत खर्च नहुनु** : यस अवधिमा राजस्व सङ्कलनमा कमी आएको छैन तर सङ्कलित रकम खर्च नहुँदा उक्त रकम सरकारी ढुकुटीमा नै थन्किएर बजारमा प्रवाह हुन सकेन । आर्थिक वर्ष २०७८/७९ को ३ महिनामा सङ्घीय सरकारको कुल साधारण तथा पुँजीगत खर्च रु. २३४ अर्ब ५२ करोड र राजस्व सङ्कलन रु.२५५ अर्ब ४ करोड रहेकोले यसको पुष्टी गर्दछ ।

घ. **बैंकहरूले निक्षेप परिचालनको तुलनामा कर्जा लगानी बढी गर्नु** : आर्थिक वर्ष २०७८/७९ को पहिलो तीन महिनामा बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ प्रवाह भएको कर्जा ७.७ प्रतिशतले वृद्धि भई रु. ४३९९ अर्ब ८४ करोड पुगेको छ । तर निक्षेप परिचालन भने १.२ प्रतिशतले मात्र वृद्धि भई रु. ४७१८ अर्ब ८३ करोड पुगेको छ, जसका कारणले पनि बैंकहरूसँग थप लगानी गर्न तरलताको अभाव सिर्जना भएको छ ।

उपरोक्तानुसारका कारणहरू नै अन्य सामान्य अवस्थामा भन्दा वर्तमान अवस्थामा तरलता अभाव देखिनुका मुख्य कारणहरू हुन् । तर तरलतालाई प्रभाव पार्ने दीर्घकालीन कारणहरू धेरै हुन सक्दछन् । त्यसमा आवश्यकतानुसार स्वदेश मै वस्तुहरू उत्पादन हुन नसक्नु, हुण्डीमार्फत कारोबार हुनु, आयातित वस्तुहरूको न्यून बीजकीकरण हुनु, आर्थिक कारोबारहरू बैंकिङ च्यानलमार्फत गर्ने बानीको विकास भइनसक्नु, बैंकिङ पहुँचमा वृद्धि नहुनु, बैंकिङ चेतना र ज्ञानको अभाव हुनु, अर्थतन्त्रमा गैरकानुनी कारोबार र लेनदेन हुनु जस्ता कारणहरूले दीर्घकालीन रूपमा तरलता प्रवाहमा नकारात्मक असर पारिरहेका हुन्छन् ।

६. तरलता अभावको प्रभाव

जीवनका लागि पानी र इन्जिनका लागि इन्धनको जति आवश्यकता पर्दछ, त्यति नै चलायमान अर्थतन्त्रका लागि तरलताको आवश्यकता पर्दछ । अहिलेको मौद्रिकीकरणको समाजमा मुद्राको अभावमा आर्थिक गतिविधिहरू सञ्चालन गर्न कठिन हुने गर्दछ । तरलताको प्रभाव देशको ढुकुटीदेखि घरको चुलोसम्म पर्ने गर्छ । जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

क. **पुँजीको मूल्यमा वृद्धि** : लगानीका लागि माग गरिने ऋणमा लिइने ब्याज पुँजीको मूल्य हो । लगानी योग्य पुँजीको पूर्तिको

तुलनामा मागमा वृद्धि भएको अवस्थामा ब्याजदर बढ्ने गर्दछ। ब्याजदरको वृद्धिले बचतकर्तामा सकारात्मक प्रभाव पारे तापनि बचत आम्दानीको स्तरमा भर पर्नु र लगानीको अभावमा आम्दानीमा वृद्धि नहुने हुँदा ब्याजदरको वृद्धिले लगानीको लागत बढाई अर्थतन्त्रमा नकारात्मक प्रभाव पार्दछ।

ख. **आर्थिक क्रियाकलापमा सङ्कुचन** : आर्थिक गतिविधि सञ्चालन गर्न पुँजीको आवश्यकता पर्दछ भने पुँजीको प्रमुख स्रोत बैंक तथा वित्तीय संस्थाहरूसँग रहेको निक्षेप हो। तरलता अभावको समयमा बैंकहरूले कर्जाको रूपमा गर्ने तरलता प्रवाहमा कमी आउँदा उद्योग, व्यापार, कलकारखाना जस्ता उत्पादनमूलक क्षेत्र तथा घर, जग्गा, सेयर, गाडी खरिद जस्ता उपभोग्य क्षेत्रका लागि पुँजीको अभाव हुन गई अर्थिक क्रियाकलापमा सङ्कुचन आउँदछ।

ग. **राजस्व सङ्कलनमा कमी** : राजस्वको प्रमुख स्रोत कर हो। आर्थिक क्रियाकलापमा मन्दी आउँदा व्यापार व्यवसाय तथा रोजगारीमा कमी आई आम्दानी घट्दछ। फलस्वरूप प्रत्यक्ष र अप्रत्यक्ष कर राजस्व सङ्कलनमा कमी आउँदछ।

घ. **मूल्यवृद्धि** : अधिक तरलतालाई व्यवस्थापन गर्न नसकेमा माग पक्षबाट हुने मूल्यवृद्धि हुन्छ भने तरलता अभावको अवस्थामा उत्पादन लागत बढ्न गई पूर्ति पक्षबाट हुने मूल्यवृद्धि हुन्छ, जसले घरको चुलोसम्म प्रभाव पार्दछ।

ङ. **भुक्तानी सन्तुलनमा समस्या** : खुला अर्थतन्त्रमा स्वदेशी उत्पादनको मूल्यवृद्धि हुँदा एकातिर निर्यात घट्छ भने अर्कातिर विदेशी वस्तु तुलनात्मक रूपमा सस्तो पर्ने हुँदा आयात बढ्छ, जसले भुक्तानी सन्तुलनमा नकारात्मक प्रभाव पार्दछ।

७. समाधानका उपायहरू

रोगको कारण जे हो, उपचार त्यहींबाट सुरु गर्नुपर्दछ। अहिलेको तरलता समस्याका प्रमुख दुई कारण - उपभोग्य वस्तुहरूको आयातमा वृद्धि र पुँजीगत खर्चको कमी हो। हाल देखिएको विप्रेषण आप्रवाहको कमी आयातीत वस्तुको न्यून बीजकीकरणको परिणम हो। तसर्थ न्यून तरलता समस्याको समाधान यसकै वरिपरि रहेर खोज्नुपर्ने हुन्छ। जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

अल्पकालीन उपायहरू

क. **विलासिताका वस्तुहरूको आयातमा सीमा निर्धारण** : कार धेरैका लागि विलासिताको वस्तु भए तापनि केहीका लागि त्यो अत्यावश्यक वस्तु हुन सक्दछ। तर विकासोन्मुख मुलुकका नागरिकहरूका लागि महँगो कार विलासिताको वस्तु हो। तसर्थ महँगा कार, मोबाइल, मोटरसाइकल जस्ता वस्तुहरूको आयातमा सीमा निर्धारण गर्नुपर्दछ, जसले हाम्रो केही आम्दानी स्वदेशमै रहन गई तरलता प्रवाहमा सहजता ल्याउँदछ।

ख. **पुँजीगत खर्चमा वृद्धि** : अहिलेको अवस्थामा राजस्वका रूपमा सङ्कलन गरेको रकम बजारमा नआई सरकारी ढुकुटीमा थन्किएर बसेको छ। सरकारले बजेटमा उल्लेख गरेका विकास निर्माणका कामहरू समयमै सुरु गरी त्यसको भुक्तानी दिँदै गएमा त्यसले बजारमा मुद्राको प्रवाह बढाउँछ र तरलता सहज हुँदै जान्छ।

ग. **तरलता व्यवस्थापनका उपकरणहरू खुकुलो पार्नु** : अनिवार्य नगद अनुपात, वैधानिक तरलता अनुपात, बैंक दर, कर्जा निक्षेप अनुपात आदि तरलता व्यवस्थापनका उपकरणहरू हुन्। वर्तमान अवस्थामा विद्यमान अनुपातहरूको दर केही खुकुलो पारेर पनि अल्पकालीन तरलता समस्या समाधान गर्न सकिन्छ।

दीर्घकालीन उपायहरू

वर्तमान आर्थिक संरचना तथा सामाजिक सोचमा परिवर्तन नै तरलता समस्या समाधानको दीर्घकालीन उपाय हुन सक्दछ। जसअन्तर्गत स्वदेशी उत्पादन बढाउने, वैदेशिक वस्तु तथा सेवामाथिको परनिर्भरता कम गर्ने, यथार्थ लागतका आधारमा बिल जारी गर्ने व्यवस्था गर्ने, कर सङ्कलनमा यथार्थता र पारदर्शिता कायम गर्ने, गैरकानुनी कारोबारलाई नियन्त्रण गर्ने, बैंक तथा वित्तीय क्षेत्रको पहुँचमा वृद्धि ल्याउने, सर्वसाधारणमा वित्तीय चेतना जागृत गराउने, नगदमा गरिने कारोबारमा कमी ल्याउने, आर्थिक कारोबारमा विद्युतीय माध्यमको प्रयोगलाई प्रोत्साहन गर्ने, भ्रष्टाचार नियन्त्रण गर्ने, व्यक्तिले आर्जन गरेको धनलाई भन्दा उसको व्यक्तित्वलाई महत्त्व दिने समाजको निर्माण गर्ने जस्ता माध्यमहरूबाट दीर्घकालीन रूपमा तरलता समस्याको समाधान गर्न सकिन्छ।

८. निष्कर्ष

तरल सम्पत्ति भन्नाले नगद वा आवश्यक पर्दा नगदमा परिवर्तन गर्न सकिने सम्पत्ति भन्ने बुझिन्छ। बैंकिङ क्षेत्रका लागि तरलताले रक्तसञ्चारको काम गर्दछ भने यसको अभाव हुँदा अर्थतन्त्रमा सङ्कुचन आउने गर्दछ। मुद्राको पूर्ति तरलताको प्रमुख स्रोत भए तापनि देशको मौद्रिक नीति तथा वित्तीय नीतिले यसलाई प्रत्यक्ष प्रभाव पार्ने हुँदा विद्यमान तरलता अवस्थाको विश्लेषण गरी अर्थतन्त्रका लागि आवश्यक पर्ने तरलता कायम गर्ने गरी मौद्रिक तथा वित्तीय नीति तर्जुमा गर्नुपर्ने हुन्छ। अर्थतन्त्रमा तरलताको अभाव हुँदा ब्याजदर वृद्धि हुने, आर्थिक क्रियाकलापमा सङ्कुचन आउने, राजस्व सङ्कलनमा कमी, बेरोजगारीमा वृद्धि जस्ता समस्याहरू देखा पर्ने गर्दछन्। तरलता समस्या समाधानका लागि आयातमा प्रतिबन्ध वा सीमा निर्धारण, उत्पादनशील क्षेत्रमा लगानी, सरकारी खर्चमा वृद्धि जस्ता वित्तीय उपकरणहरू र अनिवार्य नगद मौज्दातमा कटौती, मुद्राको पूर्तिमा वृद्धि, बैंकदरमा कटौती जस्ता मौद्रिक उपकरणहरू अवलम्बन गर्न सकिन्छ।

***

नेपालमा वित्तीय समावेशीकरण

ईश्वर उप्रेती*

१. विषय प्रवेश

नेपालमा बैंकको स्थापना गर्नुको उद्देश्य स्थापना कालमा आमनागरिकमा वित्तीय पहुँच पुऱ्याउनु रहेको थियो । विस्तारै देशमा उद्योग, व्यापार-व्यवसायको विकाससँगसँगै जनचेतनाको लहर बढ्न थाल्यो । अर्थतन्त्रका विभिन्न आर्थिक एकाइहरूमा रहेका क्षेत्रहरू तथा सर्वसाधारणबाट बचत रकम सङ्कलन गरी कृषि, उद्योग र व्यापार-व्यवसायलाई स्रोत उपलब्ध गराउने कार्य गरी बैंकहरूले देशको आर्थिक विकासमा रक्तसञ्चारको कार्य गर्न थाले । यसरी देशलाई आर्थिक विकासको बाटोमा अग्रसर गराउन, अर्थतन्त्रका सामष्टिगत उद्देश्य हासिल गर्नका लागि विभिन्न प्रकारका वित्तीय संस्थाहरूको आवश्यकता टड्कारो रूपमा हुन थाल्यो । फलस्वरूप नेपालले आर्थिक उदारीकरणको नीति अङ्गीकार गरेपछि वि.सं.२०४१ सालपछि निजी क्षेत्रबाट बैंक तथा वित्तीय संस्थाहरूको विकास हुने क्रम सुरु भयो । यसरी बैंक तथा वित्तीय संस्थाहरूको निरन्तर रूपमा भइरहेको विकासले वित्तीय पहुँचमा वृद्धि भई देशको अर्थिक वृद्धिका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ र सँगसँगै वित्तीय स्थायित्व पनि कायम भइरहेको हुन्छ । तर वित्तीय स्थायीत्व कायम छ भन्दैमा त्यसले वित्तीय समावेशीकरण पनि भएको छ भनेर ढुक्कसँग भन्न सकिने अवस्था रहँदैन । वित्तीय समावेशीकरण सहितको वित्तीय स्थायित्व आजको आवश्यकता हो, जहाँ समाजका सबै वर्गले बैंकिङ प्रणालीभित्र रहेर आर्थिक क्रियाकलाप गर्दछन् । न्यून आय भएका व्यक्तिको पनि बचतमा पहुँच छ भने जीवनमा आइपर्ने जोखिमको उसले सहजै सामना गर्न सक्दछ ।

२. वित्तीय समावेशीकरण

सामान्यतयाः वित्तीय समावेशीकरण भन्नाले वित्तीय सेवाको आवश्यकता रहेका समाजका सबै वर्ग, समुदायमा प्रतिस्पर्धात्मक वातावरणयुक्त बजारमा वित्तीय सेवाको पहुँच हुनु हो । अझ स्पस्टसँग भन्दा वित्तीय सेवाहरू विनाभेदभाव राज्यका सबै नागरिकलाई सार्वजनिक वस्तुको सस्तो दरमा प्रयोग गर्ने अवसर प्रदान गर्नु वित्तीय समावेशीकरण हो । वित्तीय पहुँच र वित्तीय समावेशीकरण सुन्दा उस्तै लाग्न सक्छ तर वित्तीय समावेशीकरणले वित्तीय पहुँचलाई समेत समेटी अझ विस्तृत क्षेत्र ओगटेको हुन्छ । यसले समुदायमा वित्तीय सेवाको मागलाई सक्रिय बनाइदिन्छ । खास गरी आजकल राष्ट्रिय तथा अन्तर र्राष्ट्रिय जगत्मा गरिबी न्यूनीकरण र दिगो आर्थिक विकासका लक्ष्यहरू प्राप्तिका लागि वित्तीय समावेशीकरणलाई महत्त्वपूर्ण विषयका रूपमा लिने गरिन्छ । देशको सर्वाङ्गीण विकास त्यति वेला सम्भव हुन्छ, जति वेला देशको वित्तीय प्रणाली मजबुत हुन्छ र वित्तीय प्रणाली मजबुत त्यती वेला हुन्छ, जति वेला सबै नागरिक वित्तीय प्रणालीमा समावेश हुन्छन् । तसर्थ देशको सर्वाङ्गीण विकासका लागि समावेशी समाजको निर्माण गर्न सबै नागरिक वित्तीय प्रणालीभित्र आबद्ध हुनुपर्दछ र यसै व्यवस्थालाई वित्तीय समावेशीकरण भनिन्छ । वित्तीय समावेशीकरणका लागि वित्तीय पहुँच र वित्तीय साक्षरता अनिवार्य विषय हुन् ।

३. वित्तीय साक्षरता

विश्वप्रसिद्ध खुल्ला शब्दकोश विकिपेडियाले वित्तीय साक्षरता भनेको यस्तो सक्षमता हो, जसमार्फत सर्वसाधारणले जिम्मेवारपूर्ण तरिकाले आर्जन गर्ने, खर्च गर्ने, बजेट बनाउने, बचत गर्ने, लगानी गर्ने, कर्जा लिने आदि विषयको ज्ञान, सीप र आचार-व्यवहार गरी पैसाको महत्त्व बुझ्नु र यसको बुद्धिमतापूर्ण निर्णय गर्नु हो भनेको छ । वित्तीय साक्षरताले विभिन्न वित्तीय उपकरणको प्रयोग, प्रक्रिया, सामर्थ्य र सीमाबारे ज्ञान दिन्छ; समाजमा भइरहेका आर्थिक क्रियाकलापहरूका बारेमा जानकारी लिन सकिन्छ । बचत गर्ने, कर्जा लिने, लगानी गर्ने, बजेट बनाउने, बैंकिङ उपकरणका बारेमा जानकारी राख्ने, कर्जाको उपयोग गरी समयमै कर्जा भुक्तानी गर्ने, कानुनबमोजिम सम्पत्ति आर्जन गर्ने, विदेशी रेमिट्यान्सको उत्पादनशील क्षेत्रमा उपयोग गर्ने, व्यवसायमा आकस्मिक रूपमा आउने जोखिमको पहिचान गर्ने, जोखिम कम गर्नका लागि बिमा लगायतका कार्य गर्ने, आवश्यक सूचनाहरू समयमै प्राप्त गर्ने जस्ता विषयमा वित्तीय साक्षरताबाट न्यूनतम ज्ञान प्राप्त गरिन्छ ।

वित्तीय साक्षरता बालबालिका, युवा, विद्यार्थी, महिला, किसान, मजदुर र सीमान्तकृत वर्गलाई बढी आवश्यक भएको र साक्षरता प्राप्त गरेको यो वर्गमा बढी प्रभावकारी देखिएको अनुसन्धानले देखाएको छ । प्रायः विद्यार्थीहरूमा केन्द्रित वित्तीय साक्षरता कार्यक्रम प्रत्यक्ष विधिबाट भन्दा पाठ्यक्रममै समावेश गर्दा बढी प्रभावकारी देखिएको छ । मानिस पैसा नभएर मात्र गरिब हुने होइनन् । वित्तीय साक्षरतासम्बन्धी ज्ञान नभएर, बचतको महत्त्व नबुझेर, बजेट, लगानी, आय, प्राथमिकताअनुसार खर्च गर्ने ज्ञानको अभावले पनि अनौपचारिक क्षेत्रबाट चर्को ब्याजको कर्जामा फस्न पुग्दछन्, जुन तिर्न पुस्तौंसम्म कडा शारीरिक मेहनत गरेर पनि गरिबीबाट छुट्कारा पाउन सकेका हुँदैनन् । तसर्थ वित्तीय साक्षरताको ज्ञान बालबालिकालाई सानै उमेरबाटै घर तथा विद्यालयदेखि नै दिन सक्नुपर्दछ । कृषि क्षेत्रको ठुलो आय पूर्ण रूपमा बैंकिङ क्षेत्रमा पुग्न नसक्नुले अर्थतन्त्रको मौद्रिकीकरणमा समस्या सिर्जना भएको छ । निम्न आय भएका व्यक्ति, सामाजिक, आर्थिक, शैक्षिक स्तर कमजोर रहेका समुदाय, दूरदराजमा बस्ने बहुसङ्ख्यक ग्रामीण क्षेत्रका जनतामा वित्तीय साक्षरतासम्बन्धी ज्ञानको अभाव छ । त्यस्तो समाजका विभिन्न समुदाय, वर्ग, जाति, महिला, विद्यार्थी,

** लेखक राष्ट्रिय वाणिज्य बैंकसँग आबद्ध छन्*

किसान, मजदुरका लागि वित्तीय साधनसहितको वित्तीय सेवाको आवश्यकता बढिरहेको छ । एक पटक वित्तीय साक्षरताको ज्ञान पाएको व्यक्ति आजीवन लाभान्वित हुन पुग्दछ र आफ्ना सन्नततिलाई पनि सिकाउन सक्दछ ।

४. वित्तीय समावेशीकरणको मापन

वित्तीय समावेशीकरणलाई मापन गर्ने कुनै स्पष्ट पद्धति वा प्यारामिटर भने छैन । यद्यपि कुनै पनि देशमा वित्तीय समावेशीकरणको अवस्था कस्तो छ भनेर केही सङ्केतहरूद्वारा यकिन भने गर्ने गरिन्छ । देशभित्र भएका बैंक तथा वित्तीय संस्थाहरूको शाखा सङ्ख्या, उपशाखा, एक्सटेन्सन काउन्टर, एटिएम, निक्षेप खाता सङ्ख्या, कर्जा खाता सङ्ख्या, गैरबैंकिङ कारोबार गर्ने संस्थाहरूको सङ्ख्या आदिबाट वित्तीय समावेशीकरणको अवस्था यकिन गर्न सकिन्छ । त्यस्तै बिमा कम्पनीको सङ्ख्या, बिमा कम्पनीहरूले बिक्री गरेका पोलिसी सङ्ख्याबाट पनि वित्तीय समावेशीकरणको मापन गर्न सकिन्छ । यसका अतिरिक्त वित्तीय सेवाको लागत, वित्तीय संस्थाहरूले दिने सेवाको गुणस्तर, नागरिकको गुनासो, सिकायत, डिजिटल सेवाहरूको प्रयोग, तिनको सञ्चालन गर्दा हुने अवरोध तथा गुनासो तथा विभिन्न संस्थाहरूले गर्ने सर्वेक्षण रिर्पोटबाट पनि देशको वित्तीय समावेशीकरणको अवस्था मापन गर्न सकिन्छ ।

५. नेपालमा वित्तीय पहुँचको अवस्था

नेपालको वित्तीय प्रणलीमा हाल 'क' वर्गका वाणिज्य बैंकहरू २७ वटा, 'ख' वर्गका विकास बैंक १७ वटा, 'ग' वर्गका वित्त कम्पनीहरू १७ वटा र 'घ' वर्गका लघुवित्त कम्पनीहरू ६७ वटा गरी जम्मा १२८ वटा बैंक तथा वित्तीय संस्थाहरू सञ्चालनमा रहेका छन् । क, ख, ग र घ वर्गका बैंक तथा वित्तीय संस्थाहरूको कुल शाखा सङ्ख्या १११२७ रहेको छ । प्रति शाखाले २७३० जना नागरिकलाई औसतमा सेवा दिएको तथ्याङ्कले देखाउँछ । बिमा कम्पनीहरूको सङ्ख्या ३९ रहेको छ । गैरबैंकिङ कारोबार गर्ने २ वटा वित्तीय संस्थाहरू कर्मचारी सञ्चयकोष र नागरिक लगानी कोष रहेका छन् । त्यस्तै पुँजी बजारमा काम गर्ने विभिन्न संस्थाहरू रहेका छन् । करिब १३ हजारभन्दा बढी बचत ऋण सहकारी संस्थाहरू पनि वित्तीय प्रणालीभित्र रहेका छन् । यिनै वित्तीय प्रणालीका सदस्यहरूद्वारा गरिने इलेक्ट्रोनिक उपकरणको सुरक्षित प्रयोगले नै वित्तीय पहुँचको विस्तारमा सघाउ पुऱ्याई अनौपचारिक आर्थिक कारोबारलाई निरुत्साहित गरेको छ । विश्व बैंकको दी ग्लोबल फिन्डेक्स २०१७ को रिपोर्टअनुसार विश्वमा ६९ प्रतिशत वयस्कहरूको (१५ वर्ष माथि) बैंकमा खाता रहेको छ भने नेपालमा ४५ प्रतिशत वयस्कहरूको मात्र बैंकमा खाता रहेको छ । हाल १८ प्रतिशत नेपाली नागरिकहरू वित्तीय पहुँचभन्दा बाहिर रहेका छन् । त्यसबाहेक २० प्रतिशत नेपालीहरूले गैरबैंकिङ कारोबार गरिरहेको र २१ प्रतिशत नेपाली नागरिकले अनौपचारिक रूपमा कारोबार गरिरहेको पाइन्छ । यद्यपि नेपालको कुल जनसङ्ख्याको ६० प्रतिशतभन्दा बढी जनसङ्ख्याले मात्र औपचारिक बैंक तथा वित्तीय संस्थाबाट वित्तीय सुविधा उपभोग गरिरहेको नेपाल राष्ट्र बैंकले जनाएको छ ।

दूरदराजका जनतालाई बैंकिङ सेवा दिन विकट ग्रामीण क्षेत्रमा जान नखोज्ने र सहर केन्द्रित भई कारोबार गरिरहेका बैंकहरू सबै स्थानीय तहमा पुग्नुपर्ने बाध्यात्मक सरकारी नीतिले गर्दा देशको कुनाकाप्चामा पुगेर बैंकिङ सेवा दिन बैंकहरू अग्रसर देखिएका छन् । ७५३ वटै स्थानीय तहमा वाणिज्य बैंकको शाखा पुऱ्याउने सरकारी योजनाअनुसार हाल ७५० स्थानीय तहमा शाखा सञ्चालन भइसकेका छन् । क, ख ग र

प्रदेश	क वर्ग	ख वर्ग	ग वर्ग	घ वर्ग	जम्मा	जनसङ्ख्या	प्रति शाखा जनसङ्ख्या
१	७४२	१८१	२९	८४७	१७९९	४९८५८८१	२७७१
२	५५८	८२	२९	१०११	१६८०	६३५०३७१	३७८०
बाग्मती	१७१३	३०३	१००	७३०	२८४६	६५४०१२८	२२९८
गण्डकी	५८८	१८४	३५	५८५	१३९२	२५२९००९	१८१७
लुम्बिनी	७२९	२३४	४२	११५३	२१५८	५१६३६८१	२३९३
कर्णाली	१९३	१९	३	२२२	४३७	१८३६१११	४२०२
सुदूर पश्चिम	३२०	४६	६	४४३	८१५	२९७२८७३	३६४८
जम्मा	४८४३	१०४९	२४४	४९९१	१११२७	३०३७८०५४	२७३०

स्रोतः नेपाल राष्ट्र बैंक

६. चालिएका प्रयासहरू

नेपाल सरकार तथा नेपाल राष्ट्र बैंक दुवैले विभिन्न नीति तथा कार्यक्रमहरूका माध्यमबाट वित्तीय पहुँच तथा समावेशीकरण प्रवर्धन गरिरहेका छन् । यसअन्तर्गत ग्रामीण स्वावलम्बन कोष र युवा स्वरोजगार कोषमार्फत लघुवित्त संस्थाहरूलाई थोक कर्जा उपलब्ध गराउने, बैंक तथा वित्तीय संस्थाहरूले विपन्न वर्ग तथा उत्पादनशील क्षेत्रमा ऋण लगानी गर्नुपर्ने, क वर्गका संस्थाहरूले कर्जामा लिने र निक्षेपमा दिने ब्याजदरबिच तोकिएभन्दा बढी अन्तर कायम गर्न नहुने, बैंक तथा वित्तीय संस्थाहरूले लगाउने शुल्क तथा कमिसनको अनुगमन गर्ने, ई-बैंकिङ प्रवर्धन गर्ने, मोबाइल बैंकिङ, शाखारहित बैंकिङ, एटिएम सेवा र वित्तीय साक्षरता कार्यक्रम अघि बढाउने जस्ता व्यवस्था गरिएका छन् ।

७. राष्ट्रिय वाणिज्य बैंकको भूमिका

वि.सं.२०२२ साल माघ १० गते स्थापना भएको राष्ट्रिय वाणिज्य बैंकले देशको आर्थिक तथा सामाजिक क्षेत्रमा उल्लेख्य योगदान दिँदै आइरहेको छ । हाल बैंकले कृषि, उद्योग, व्यापार, आयात-निर्यात तथा व्यवसायहरूमा बचत परिचालनका माध्यमबाट देशको आर्थिक विकासमा प्रमुख भूमिका निर्वाह गरिरहेको छ । बैंकमा २०७८ कार्तिक मसान्तसम्म ३४ लाख ७७ हजार निक्षेपका ग्राहकहरू र एक लाख ७६ हजार कर्जाका ग्राहकहरू रहेका छन् । अर्थतन्त्रका विभिन्न एकाइबाट निक्षेप सङ्कलन गरी सो निक्षेपलाई सीप, क्षमता र योजना भएका तर पुँजी र धितो नभएका युवाहरूलाई लक्षित गरी विनाधितो बिउ पुँजीका रूपमा (Start–up) १५ लाख रुपैयाँसम्म १० वटा शीर्षकमा सहुलियतपूर्ण कर्जा उपलब्ध गराई नागरिकलाई उत्पादनसँग जोड्नका लागि सरकारको **सुखी नेपाली समृद्ध नेपाल** कार्यक्रमलाई सघाउ पुऱ्याइरहेको छ । बैंकले २०७८ मङ्सिरसम्ममा तीन हजार ३७ जनालाई दुई अर्ब ३७ करोड रुपैंया रकम विनाधितो सहुलियतपूर्ण कर्जा लगानी गरेको छ । त्यस्तै विपन्नवर्गमा १३ हजार नौ सय ३६ जनालाई १६ अर्ब रुपैयाँ र कृषिमा १६ हजार ९ सय ६४ जनालाई २० अर्ब ६३ करोड रुपैयाँ कर्जा लगानी गरेको छ ।

प्रविधिमा भएको विकासको उपलब्धिलाई बैंकिङ क्षेत्रले उत्साहपूर्वक प्रयोग गर्ने क्रममा पछिल्लो समय राष्ट्रिय वाणिज्य बैंकले पनि आत्मसात् गरी आफ्ना ग्राहकलाई डिजिटल माध्यमबाट आधुनिक

बैंकिङ सेवा सुरक्षित तवरबाट दिन पर्याप्त लगानी गरिरहेको छ । बैंकले वैकल्पिक च्यानलहरू एटिएम सेवा, मोबाइल बैंकिङ, अनलाइन बैंकिङ, पोस सेवा, सी-आस्वा, शाखारहित बैंकिङमार्फत विद्युतीय कारोबार गर्न सकिने गरी मजबुत सूचना प्रविधिको व्यवस्था गरेको छ। राष्ट्रिय वाणिज्य बैंकले आफ्ना हरेक शाखाहरूबाट प्रत्येक त्रयमासमा वित्तीय चेतनामूलक वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरी नागरिकमा बैंकिङ सेवा तथा स्वरोजगारीमा समावेश हुने बारेमा शिक्षा प्रदान गरिरहेको छ।

८. वित्तीय समावेशीकरणमा देखिएका समस्या

समावेशी आर्थिक विकासका लागि वित्तीय समावेशीकरण एक सहायक सिद्ध विषयका रूपमा विकास भइसक्दा पनि यसको कार्यान्वयनमा केही समस्याहरू देखिएका छन् । संविधानले आर्थिक समानताको वकालत गर्दा पनि वित्तीय समावेशीकरणलाई प्रवर्धन गर्न सकिने रणनीति ठोस ढङ्गले आउन सकेको छैन । खास गरी भौगोलिक जटिलताका कारणले हिमाली तथा उच्च पहाडी क्षेत्रमा वित्तीय समावेशीकरणका लागि पर्याप्त शिक्षामूलक अभियान तथा वित्तीय साक्षरतासम्बन्धी गतिविधि सञ्चालन हुन सकेका छैनन् । ग्रामीण भेगमा कमजोर पूर्वाधारको अवस्था तथा इन्टरनेटको पहुँच नहुनुले पनि सबै नागरिकलाई वित्तीय सेवाको उपलब्धता हुन सकेको छैन ।

आकस्मिक रूपमा पैसा आवश्यक पर्दा गाउँका साहुमहाजनहरू पैसा लिएर बचाउन आउने तर बैंकमा पैसा भएर पनि पैसा उपभोग गर्न नपाउने भन्ने गलत मानसिकताबाट नागरिकहरू माथि उठ्न सकेका छैनन् । सफ्टवेयर तथा आधुनिक प्रविधिका साधनको प्रयोग गरी ग्राहकलाई आकस्मिक रूपमा समेत आवश्यक वित्तीय सेवा प्रदान गर्नु नै आजको आवश्यकता हो । अर्थतन्त्रका विभिन्न एकाइहरूमा साना-साना आर्थिक कारोबार हुने गरेका छन् । त्यस्ता कारोबारबाट प्राप्त हुने रकमहरू नगदमै लेनदेन हुने र बैंक खातामार्फत वित्तीय प्रणालीभित्र आई नपुग्ने अवस्था रहेको छ। यसले अनौपचारिक रूपमा हुने कारोबारलाई बढावा दिइरहेको छ। लघुवित्त संस्थाहरूको कर्जामा दोहोरोपन हुनु, अन्तर्राष्ट्रिय समुदायहरूसँग गरिने प्रतिबद्धताअनुसार कार्य नहुनु समस्याका रूपमा रहेको छ । वित्तीय संस्थाहरूले आफै स्वतस्फूर्त रूपमा विपन्न वर्गलाई वित्तीय सेवा उपलब्ध गराउन भन्दा पनि नियामकीय निकायको बाध्यात्मक निर्देशनका कारणले मात्र विपन्न वर्ग तथा गरिबलाई वित्तीय सेवा उपलब्ध गराउँछन् ।

९. सुझावहरू

संसारभर आर्थिक वृद्धि र समावेशी विकासका लागि वित्तीय समावेशीकरण एक प्रमुख स्तम्भका रूपमा रहेको छ । यस सन्दर्भमा नेपालमा तीनै तहबाट हुने सबै आर्थिक कार्यक्रम, बजेट आदिमा वित्तीय समावेशीकरणलाई प्राथमिकताका साथ अङ्गीकार गरी समावेश गर्न सके लिएका नीति, कार्यक्रमको उद्देश्य पूरा हुने देखिन्छ। सबै नागरिकको बैंक खाता, सबै सरकारी तथा निजी रकम भुक्तानीहरू त्यसै खातामार्फत गर्ने, सुरक्षित लगानीसम्बन्धी स्वरोजगारमूलक कार्यक्रमको कार्यान्वयन, विद्यमान नीतिहरूको पुनरावलोकन, वित्तीय साक्षरता अभियान सञ्चालन, गरिब तथा सीमान्तकृत वर्गलाई लक्षित गरी स्वरोजगारमूलक कार्यक्रम लागू, आधारभूत पूर्वाधार विकास, निरपेक्ष रेखाभन्दा मुनि रहेका गरिब नागरिकको सूची तयार, वित्तीय पहुँच नपुगेको क्षेत्रको नक्साङ्कन गर्नु जरुरी देखिन्छ । वित्तीय समावेशीकरणका लागि सामुदायिक रेडियो, टेलिभिजन, स्थानीय पत्रपत्रिका, इन्टरनेटलगायतका आमसञ्चारका माध्यमको प्रयोग गरी वित्तीय सचेतना कार्यक्रमहरू व्यापक रूपमा सञ्चालन गर्नुपर्ने देखिन्छ।

१०. निष्कर्ष

नेपालको संविधान, २०७२ को प्रस्तावनामा आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरिएको छ। संविधानले समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण हुन सक्ने अपेक्षा गरेको छ। राजनीतिक समावेशीकरण तब मात्र सफल हुन्छ, जब आर्थिक समावेशीरण सम्भव हुन्छ। आर्थिक समावेशीकरणको एक महत्त्वपूर्ण पक्ष वित्तीय समावेशीकरण पनि हो । वित्तीय समावेशीकरणको अभावमा नागरिकको ठुलो हिस्सा औपचारिक वित्तीय पहुँचबाट बाहिर रहन्छ । नेपालको अधिकतम ग्रामीण क्षेत्र अहिले पनि औपचारिक वित्तीय सेवाबाट वञ्चित छ। वित्तीय सेवाको विस्तार भए पनि यस्तो सेवा समाजको तल्लो तह, सीमान्तकृत वर्ग एवं गरिबको पहुँचसम्म पुग्न सकेको छैन । उसै पनि औपचारिक वित्तीय सेवा महङ्गो रहेकाले सबैले वित्तीय सेवाको उपभोग पूर्ण रूपमा गर्न सकेका छैनन्। वित्तीय समावेशीकरणले वित्तीय साधनको मागमा वृद्धि गर्न सहयोग गर्ने हुँदा बचत र लगानीलाई बढावा दिँदै आर्थिक वृद्धिमा सहयोग पुग्दछ। यहाँ वित्तीय सेवाको माग गर्ने पक्ष नै वित्तीय साक्षरताको अभावमा उपलब्ध भएको वित्तीय सेवाको विषयमा जानकार छैनन् भने वित्तीय सेवाको आपूर्ती गर्ने पक्ष विपन्न वर्ग एवं गरिबलाई भन्दा सम्पन्न वर्गलाई सहजै सेवा उपलब्ध गराउन तयार हुन्छन् । यस प्रकारको अवस्थाबाट माथि उठेर देशका सबै क्षेत्रका सबै वर्ग र समुदायलाई सार्वजनिक सेवाका रूपमा रहेको वित्तीय सेवा सर्वसुलभ ढङ्गबाट प्रतिस्पर्धी मूल्यमा उपलब्ध गराउने वातावरण बनाउन सबै पक्षहरूको एकीकृत प्रयासको आवश्यकता रहेको देखिन्छ।

सन्दर्भ सामग्री

- राष्ट्रिय वाणिज्य बैंकको वेबसाइट (www.rbb.com.np)
- नेपाल राष्ट्र बैंकको वेबसाइट (www.nrb.org.np)
- नेपाल सरकार, अर्थ मन्त्रालयको वेबसाइट (www.mof.gov.np)
- नेपाली बैंकको इतिहास र विकासक्रम
- राष्ट्रिय वाणिज्य बैंकका विभिन्न समाचार बुलेटिन
- नेपाल सरकार, अर्थ मन्त्रालयको वित्तीय क्षेत्र विकास रणनीति
- नेपाल राष्ट्र बैंकको मौद्रिक नीति

***

तरलता सङ्कटको कारण, प्रभाव र समाधान

लोकबहादुर चापागाईं*

चालू आर्थिक वर्ष सुरु भएसँगै वित्तीय क्षेत्रमा तरलता (लगानी योग्य रकम) अभाव देखियो । बितेका दुई वर्ष वित्तीय क्षेत्रले तरलता सङ्कटको सामना गर्नु नपरे पनि चालु वर्ष सुरु भएसँगै तरलता असहजताको स्थितिले वित्तीय क्षेत्र तरङ्गित बन्यो । खास गरी विश्वव्यापी रूपमा अड्डा जमाएको कोरोना भाइरस (कोभिड-१९) बाट पार पाउन लगाइएको बन्दाबन्दी (लकडाउन) र निषेधाज्ञापछि खुकुलो भएको जनजीवनमा तरलता अभावले नेपाली अर्थतन्त्रमा एक प्रकारको खैलाबैला मच्चाइरहेको छ। जनजीवन सहजतातिर लागेसँगै मानिसहरू आफ्नो काम र व्यापार/व्यवसायमा फर्किन गरेको कोसिसमा तरलता अभाव बाधक बनिरहेको छ। निजी क्षेत्रबाट कर्जाको माग अत्यधिक रहे पनि बैंक तथा वित्तीय संस्थाहरूले पर्याप्त कर्जा दिन सकिरहेका छन् । परिस्थिति यस्तो बन्दै गएको छ कि वित्तीय संस्थामा कर्जा माग्न जाने व्यक्ति वा संस्थासँग निक्षेप उपलब्ध गराए त्यसैका आधारमा कर्जा दिन सकिने भन्न थालिएको छ। तरलता व्यवस्थापनमा केन्द्रीय बैंकले उच्च सतर्कता अपनाउँदा-अपनाउँदै पनि वित्तीय क्षेत्रमा तरलता सङ्कट गहिरिँदो छ।

तरलता अभाव हुनुका कारण

मौद्रिक नीति ढिला गरि आउनु, उच्च रूपमा कर्जा विस्तार हुनु, सरकारी खर्चमा सुस्तता र राजस्व सङ्कलनमा वृद्धि, विप्रेषण आप्रवाह (रेमिट्यान्स) घट्नु र व्यापार घाटा उच्च दरले बढ्नु प्रमुख कारणका रूपमा देखिन्छन् । पछिल्लो ५ वर्षको सुरुवाती ४ महिना (कात्तिकसम्म) को तथ्याङ्कलाई केलाउने हो भने बैंक तथा वित्तीय संस्थाहरूमा निक्षेपको वृद्धिदर करिब स्थिर र एउटै अनुपातमा बढेको देखिन्छ । तर बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रमा जाने कर्जा, व्यापार घाटा र विप्रेषण आप्रवाह एकदमै अस्थिर देखिन्छ । यद्यपि पछिल्ला ५ वर्षमध्ये विप्रेषण आप्रवाहमा कमी, कर्जा प्रवाह र व्यापार घाटाको रफ्तार चालु वर्ष अधिक देखिन्छ।

बैंक तथा वित्तीय संस्थाहरूले आर्थिक वर्षको सुरुमै कर्जा विस्तार गर्ने नीति लिएका हुन्छन्, जुन स्वाभाविक पनि मानिन्छ । बैंकमा भएको पैसा सुरुमै लगानी गर्न सकियो भने वर्षभरी आम्दानी भइरहने भएकाले पनि सुरुमै कर्जा लगानीमा आक्रामकता कायम गर्नु अस्वाभाविक होइन । केन्द्रीय बैंकका अनुसार वार्षिक विन्दुगत आधारमा २०७८ साउनमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा २९.४ प्रतिशतले बढ्न पुग्यो भने निक्षेपको वृद्धि दर १९.६ प्रतिशतमा सीमित भयो। खास गरी असारमा आउनुपर्ने मौद्रिक नीति सार्वजनिक गर्न केन्द्रीय बैंकले विलम्ब गऱ्यो र साउन अन्तिममा मात्रै सार्वजनिक भयो। मौद्रिक नीति आएपछि पनि वित्तीय संस्थाहरूले मौद्रिक नीतिका अवरोधहरूको ख्याल नगरी कर्जा विस्तारलाई बढावा दिए । जसका कारणले मौद्रिक नीतिले १९ प्रतिशतमा सीमित गर्ने भनेको निजी क्षेत्रतर्फको कर्जा विस्तार कात्तिकसम्म ३२ प्रतिशतभन्दा बढी देखियो।

सरकारी अकर्मण्यता, फितलो नियमन र नसुधिएका बैंकर

वित्तीय क्षेत्रमा तरलता अभाव हुनुमा सतहमा विभिन्न तथ्याङ्कहरूलाई केलाउने गरिए पनि यस्तो स्थिति आउनुमा प्रमुख निकायहरूको लाचारीपन नै कारणका रूपमा रहेको पाइन्छ । खास गरी सरकारी अकर्मण्यता, केन्द्रीय बैंकको फितलो नियमन तथा सुपरिवेक्षण र सुधिन नचाहने बैंक तथा वित्तीय संस्थाहरूको गतिविधि प्रमुख रहेको पाइन्छ। सरकार, केन्द्रीय बैंक र बैंकहरूले आ-आफ्नो काम प्रभावकारी रूपमा समयमै सम्पन्न गर्न नसक्दा अहिलेको स्थिति आएको हो । मौद्रिक नीति ढिला आउँदा बैंकहरूले कर्जा विस्तार आक्रामक बनाए । तर मौद्रिक नीतिले कर्जा विस्तारलाई गत वर्षको भन्दा सङ्कुचित गर्ने नीति लियो । गत वर्ष २० प्रतिशतको कर्जा विस्तारलाई चालु वर्ष १९ प्रतिशतमा सीमित गर्ने उद्घोष गऱ्यो । त्यसका लागि मौद्रिक नीतिमार्फत कर्जापुँजी निक्षेप अनुपात (सीसीडी रेसियो) हटाएर कर्जा निक्षेप अनुपात (सीडी रेसियो) लागू गर्ने योजना अघि साऱ्यो । गत वर्ष कर्जा विस्तारलाई सहजीकरण गर्न सीसीडी ८० बाट ८५ प्रतिशत पुऱ्याएको केन्द्रीय बैंकले चालू वर्ष सीडी रेसियो ९० प्रतिशत कायम गर्नुपर्ने व्यवस्थाले मौद्रिक नीति लगत्तै बैंकहरू अप्ठ्यारोमा पर्न थाले। आगामी असारमा ९० प्रतिशतको सीमा कायम गर्नुपर्ने स्थिति भए पनि अहिलेदेखि नै सीडी सीमाभित्र राख्न नसकिए आर्थिक वर्षको अन्त्यमा व्यवस्थापन गर्न कठिन हुने भएकाले कर्जा विस्तार सङ्कुचन गर्नुपर्ने अवस्था आयो। तर बैंकहरूले ऋणीहरूलाई गरेको प्रतिबद्धता र स्वीकृत भएका ऋण लगानी गर्नैपर्ने दबाबमा परेर र आक्रामक व्यापार विस्तारको नीतिले अप्ठ्यारो परिस्थिति सिर्जना गऱ्यो । यसमा केन्द्रीय बैंकको पनि कमजोर भूमिका देखियो ।

बैंक तथा वित्तीय संस्थाहरूले निक्षेप परिचालन र कर्जा प्रवाहसहितको वार्षिक कार्ययोजना सञ्चालक समितिबाट स्वीकृत गराई प्रत्येक आर्थिक वर्षको साउनभित्र केन्द्रीय बैंक समक्ष अनिवार्य रूपमा पेस गर्नुपर्ने व्यवस्था कार्यान्वयनमा छ। साथै केन्द्रीय बैंकमा पेस गरिएको कार्ययोजना कार्यान्वयनको समीक्षा सम्बन्धित बैंकको सञ्चालक समितिले त्रैमासिक रूपमा गर्नुपर्ने व्यवस्था पनि छ । यसलाई हेर्ने हो भने वित्तीय संस्थाहरूको कर्जा विस्तार नीति कस्तो छ भन्ने कार्ययोजनाबाट देखिन्छ । केन्द्रीय बैंकले मौद्रिक नीतिमार्फत कर्जा विस्तारलाई सङ्कुचित पार्न खोजेको छ । यस्तो अवस्थामा वित्तीय संस्थाको कार्ययोजनाअनुरूप कर्जा विस्तारमा रोक लगाउने गरी बेलैमा भूमिका खेल्न सक्थ्यो, जुन सकेन र समस्यालाई अन्देखा गर्दा मुलुकले समस्या भोग्नुपरेको छ। अर्कोतिर बैंकहरूले पनि परिस्थितिको आँकलन नगरी मनगढन्ते ढङ्गले छिटो नाफा कमाउने रणनीतिअनुसार ऋण विस्तारमा केन्द्रित हुँदा समस्या बग्रेल्ती बढ्न थाले । बैंकहरू कपाल रोप्न विनाधितो ऋण दिनेजस्ता उटपट्याङ काममा लागेका छन् ।

तरलता समस्या भोगिरहेको भने पनि वित्तीय क्षेत्रमा निक्षेप सङ्कलनको तुलनामा कर्जा लगानी अत्यधिक बढी भएको छ। पुस ६ गतेसम्म ४ खर्ब ३८ अर्ब रूपैयाँ कर्जा लगानी हुँदा १ खर्ब १६ अर्ब रूपैयाँ कर्जा लगानी भएको छ। यस आधारमा हेर्ने हो भने यसबिचमा निक्षेपको तुलनामा झन्डै ४ गुणा कर्जा लगानी भएको छ। यसबाट पनि भन्न सकिन्छ वित्तीय संस्थाहरू आफ्नो अवस्था मूल्याङ्कन नगरी क्षमताभन्दा बढी

** सम्पादक, क्यापिटल बिजनेस म्यागजिन*

लगानी गरिरहेका छन् । धेरै बैंकहरूको असोजमा भएको सीडीभन्दा बढी मङ्सिरको तथ्याङ्कमा देखिएको छ । सीडी रेसियो घटाउँदै जानुपर्नेमा बैंकहरू बढाउने होडबाजीमा रहेको तथ्याङ्कले देखाउँछ । राष्ट्र बैंकले सीडीमा लगाएको ९० प्रतिशतको सीमा असारसम्म कायम गर्नुपर्ने भनेको भन्दै अहिले नै अनुपात सीमामा राख्न तयार छैनन् भन्ने देखाउँछ ।

पछिल्लो समय तरलता अभाव हुनुमा कर्जापुँजी निक्षेप अनुपात (सीसीडी रेसियो) हटाएर कर्जा-निक्षेप अनुपात (सीडी रेसियो) लागू गरेको विषयलाई जोडतोडका साथ उठाउने गरिएको छ । सुरुवाती समयमा त्यसको प्रभाव देखिनु स्वभाविकै पनि थियो । यसले बैंक तथा वित्तीय संस्थाको ठुलो पुँजी 'आइडल' बस्ने भयो भन्ने तर्कहरू पनि नआएका होइनन् । तर व्यावहारिक रूपमा हेर्दा सीसीडी अनुपात र सीडी अनुपात जसरी तय गरिएको छ, त्यसले ठुलो प्रभाव पारेको देखिँदैन ।

उता राजस्व सङ्कलन विगतको तुलनामा बढी भएको तर खर्च विगतको भन्दा झनै कम भयो । एकातिर सरकारी खर्च नबढेपछि बजारमा पैसा जान पाएन । सरकारको खातामै पैसा थन्किएर बसेकाले बैंकिङ क्षेत्रमा तरलता अभाव बढाउन थप मद्दत गरिरहेको छ। चालु वर्षको ५ महिना (मङ्सिर) सम्म राजस्व ११ खर्ब ८० अर्ब ६० करोड ४ लाख रूपैयाँ उठाउने लक्ष्य लिएकोमा लक्ष्यको ३४.९३ प्रतिशत अर्थात् ४ खर्ब १२ अर्ब ४० करोड ३४ लाख रूपैयाँ असुली गरेको छ, जुन गत वर्षको सोही अवधिको भन्दा बढी हो । गत वर्ष १० खर्ब ११ अर्ब ७५ करोड ८४ लाख रूपैयाँ राजस्व उठाउने लक्ष्य लिएकोमा लक्ष्यको २९.५२ प्रतिशत अर्थात् २ खर्ब ९८ अर्ब ७१ करोड ५२ लाख रूपैयाँ उठाएको थियो । त्यस्तै यस अवधिमा वैदेशिक ऋण र अनुदान प्राप्त भएको छैन । त्यसको असर पनि बैंकिङ क्षेत्रमा परेको छ । चालु वर्षको ५ महिनामा वैदेशिक अनुदान प्राप्त भएको छैन । गत वर्ष यस अवधिमा ५ अर्ब १६ लाख रूपैयाँ अनुदान पाएको थियो ।

तरलता समस्या ल्याउन भूमिका खेल्ने मुख्य अवयवहरूको वृद्धि दर

आर्थिक वर्ष/विवरण	निक्षेपको वृद्धि	कर्जा वृद्धि	विप्रेषण वृद्धि	व्यापार घाटा वृद्धि	पुँजीगत खर्च वृद्धि	राजस्व सङ्कलन वृद्धि	नगद मौज्दात (करोडमा)
२०७८ कात्तिक	१७.२	३२.२	-७.५	५६.८	-२९.४	३९.२	२७५६५
२०७७ कात्तिक	२०.८	११.८	११.२	-१२.५	१८.६	-३.१	२२०९८
२०७६कात्तिक	१७.४	१५.६	-२.३	-८.९	-५	७.८	१५०३०
२०७५ कात्तिक	१७.९	२४.५	३६.४	३७.८	४५.६	३०.५	२०६२५
२०७४ कात्तिक	१४.९	१७.५	-१.४	११.१	५०.६	१६.३	३०८७४

स्रोत : अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंक

तरलता समस्या समाधानको प्रयास

सतहमा जे-जे विषयले प्रवेश पाए पनि अर्थतन्त्रलाई चलायमान बनाउने प्रमुख भूमिका सरकारको हो र त्यसको नेतृत्व अर्थ मन्त्रालयले गरेको हुन्छ । राष्ट्र बैंक मौद्रिक निकाय मात्रै नभएर सरकारले अघि सारेका योजनाहरू कार्यान्वयन गराई आर्थिक वृद्धिमा सहयोग पुऱ्याउने दायित्व पनि रहेकाले सरकारले लिएका नीति कार्यान्वयनमा सहजीकरणको काम पनि गर्छ । तरलता अभावको स्थिति अन्त्य गर्न केन्द्रीय बैंकले मङ्सिर २७ गतेसम्म स्थायी तरलता सुविधा (एसएलएफ) मार्फत २२ खर्ब ८९ अर्ब ५७ करोड, रिपोमार्फत २ खर्ब ८२ अर्ब ७४ करोड र आउट राइट पर्चेजमार्फत २७ अर्ब २१ करोड रूपैयाँ तरलता प्रवाह गरिसकेको छ ।

मौद्रिक नीति आएलगत्तै वित्तीय क्षेत्रमा तरलता अभाव देखिएपछि बैंकहरूले स्थानीय तहमा जाने सञ्चितकोषको रकम सत्प्रतिशत निक्षेपमा गणना गर्न पाउने नीति माग गरे । तर अर्थ मन्त्रालयले निकै ढिलो गरी पुस २ गते स्थानीय तहको सञ्चितकोषको ८० प्रतिशतसम्म आयात र व्यापारिक क्षेत्रमा नगरी उत्पादनशील क्षेत्रमा परिचालन गर्न पाउने गरी २०७९ असारसम्म बैंकहरूले निक्षेपका रूपमा गणना गर्न पाउने गरी स्वीकृती दियो । यसअघि नै ५० प्रतिशत निक्षेपमा गणना गर्न पाउने व्यवस्था रहेकोमा थप ३० प्रतिशत रकम निक्षेपमा गणना हुँदा ठुलो रकम भने आउँदैन । विनियोजन ऐन, २०७८ अनुसार महालेखा नियन्त्रक कार्यालयले भदौ २, कात्तिक २, माघ २ र वैशाख २ गते गरी चार किस्तामा स्थानीय तहमा जाने रकम स्थानीय सञ्चितकोषमा राखिदिने व्यवस्था छ । त्यसअनुसार चालु वर्षको भदौ र कात्तिकमा स्थानीय सञ्चितकोषमा गएको रकम तत्काल निक्षेपमा गणना गर्न पाइन्छ । चालु वर्ष स्थानीय सञ्चितकोषमा सङ्घीय सञ्चितकोषबाट २ खर्ब ८३ अर्ब १३ करोड ५७ लाख रूपैयाँ जान्छ । दुई किस्तामा गएको यो रकम करिब ४५ अर्ब हुन आउँछ । त्यो भनेको कुल निक्षेपको १ प्रतिशत हाराहारी हुन्छ ।

व्यापार घाटा उच्च दरले बढेपछि त्यसको असर वित्तीय क्षेत्रमा पनि परेको छ । खास गरी अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य बढेपछि त्यसको समग्र असर विश्वभरी परेको छ । अर्कोतिर पछिल्लो समय अमेरिकी डलरको तुलनामा नेपाली मुद्रा खस्किएको छ । पेट्रोलियम मूल्य वृद्धि र नेपाली मुद्रा अवमूल्यनका कारण समान परिमाणमा वस्तु आयात गर्दा पनि अधिक मूल्य तिर्नुपर्ने अवस्था आएको छ । गत वर्षको ४ महिनाको तुलनामा व्यापार घाटा ५६ प्रतिशतभन्दा बढीले घटेपछि सरकारले सीमित वस्तु आयातमा कडाई गरेको छ । त्यसका लागि केन्द्रीय बैंकले चिनी, चकलेट, मिनरल वाटर, मदिरा र भिनागर, चुरोट र सुर्तीजन्य वस्तु, परफ्युम, कस्मेटिक सामान, काठका वस्तु तथा सामानहरू, जुत्ता चप्पल, छाता र लट्ठी, मार्बल, सिमेन्ट, प्लास्टर र सेरामिकजस्ता वस्तुहरूको आयात गर्दा सतप्रतिशत नगद मार्जिन राखेर मात्रै प्रतितपत्र खोल्नुपर्ने व्यवस्था गरेको छ भने विद्युतीयबाहेकका सवारी साधन आयातमा ५० प्रतिशत नगद मार्जिन राख्नुपर्ने व्यवस्था गरेको छ । यसले वस्तु आयातमा नियन्त्रण आउने र त्यसले व्यापार घाटा कम गराउनुका साथै आयातमा जाने रकम नियन्त्रण हुँदा तरलता समस्या केही समाधान हुने अपेक्षा गरिएको छ । यसअघि सुन/चाँदी आयातमा पनि केही कडाई गरेको थियो ।

मङ्सिर र पुस महिनामा तीव्र रूपमा निक्षेपमा ब्याजदर बढेको छ । निक्षेपको ब्याजदर वृद्धिले बैंक तथा वित्तीय संस्थाको ब्याजको आधार दर बढाउने देखिन्छ । ब्याजको आधार दर बढ्दा माघ महिनादेखि कर्जाको ब्याजदर पनि बढ्न जान्छ । कर्जाको ब्याजदर बढ्दा कर्जाको माग केही घट्ने अनुमानले तरलता व्यवस्थापनमा केही सहज हुन्छ भन्ने अपेक्षा गर्न सकिन्छ । मौद्रिक नीतिले ब्याजदर करिडोरको तल्लो सीमाका रूपमा रहेको निक्षेप सङ्कलन दरलाई १ प्रतिशतबाट बढाएर २ प्रतिशत बनाएको र नीतिगत दरका रूपमा रहेको रिपो दरलाई ३ प्रतिशतबाट बढाएर ३.५ प्रतिशत कायम गरेका कारण निक्षेपको ब्याजदर बढाउनुपर्ने आवश्यक थियो । त्यसै आधारमा ब्याज बढ्यो पनि । तर केन्द्रीय बैंकले मौद्रिक नीतिमा करिडोरको माथिल्लो सीमाका रूपमा रहेको स्थायी तरलता सुविधा दरलाई ५ प्रतिशत यथावत् राखेर ब्याजदर उच्च बनाउने नीति नरहेको सन्देश दिए पनि बैंक तथा वित्तीय संस्थाहरूले आफू अनुकूलतामा निक्षेप बढाउन सबै प्रकारका निक्षेपको ब्याजदर बढाउँदा समग्रतामा कर्जाको ब्याजमा पनि चाप पर्न गएको छ । केन्द्रीय बैंकले ब्याजदर करिडोरको सीमालाई साघुँरो बनाउँदै ब्याजदर स्थिरता अपनाउन खोजे पनि नीतिले काम नगरेपछि हस्तक्षेप गर्दै मङ्सिरमा लागू हुने ब्याज कात्तिकको ब्याजदरमा १० प्रतिशत र पुसको ब्याज मङ्सिर समग्र बैंकहरूको औसत ब्याजदको १० प्रतिशतभन्दा बढी ब्याज बढाउन नपाउने व्यवस्था गरेका कारण अहिले सबैजसो बैंकको अधिकतम ब्याजदर १०.०५ प्रतिशत भएकाले ब्याजदर बढाउने होडमा ब्रेक लागेकाले कर्जाको ब्याजदर केही मात्रामा बढे पनि स्थिरता उन्मुख रहेको मान्न सकिन्छ ।

सरकारले पुँजीगत खर्च वृद्धिलाई पनि जोड दिन थालेको छ । अर्थ मन्त्रालयले आर्थिक वर्षको सुरुवाती ५ महिनामा विगत वर्षहरूको

भन्दा ज्यादै कम पुँजीगत खर्च भएको भनेर आलोचना खेपेपछि पुसभित्र पुँजीगत खर्चका लागि विनियोजित रकमको ३० प्रतिशत खर्च गर्नैपर्ने गरी निर्देशन दिएको छ। यद्यपि मङ्सिरमा साढे प्रतिशत मात्रै खर्च भएको छ। सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड २०७८ अनुसार सरकारले पुँजीगत खर्च गर्न सकेको खण्डमा तरलता समस्या भोग्नुपर्ने स्थिति नआउन सक्छ। मापदण्डले प्रथम त्रैमासिकमा विनियोजित बजेटको न्यूनतम १० प्रतिशत र त्यसपछि प्रत्येक महिना १० प्रतिशतका दर पुँजीगत खर्च गर्नुपर्ने व्यवस्था गरेको छ।

तरलता अभावको समस्या कहिलेसम्म रहन्छ ?

अर्थतन्त्र पुनरुत्थानमा गएकाले अहिले देखिएका समस्याहरू स्वतः समाधान हुँदै जाने विश्वास गर्न सकिन्छ। खास गरी शोधनान्तर घाटा बढेका वेला सधैंजसो वित्तीय क्षेत्रमा तरलता अभावको समस्या अधिक देखिने गरेको छ। आर्थिक पुनरुत्थानमा गएकाले आयात र कर्जा उच्च वृद्धि भएको हो भन्दा अत्युक्ति हुँदैन।

राष्ट्र बैंककाअनुसार पुस लागेसँगै कर्जाको वृद्धि रोकिएको छ भने निक्षेपको वृद्धि बढेको छ। पुस ६ गतेसम्म कर्जा २७ अर्ब निक्षेप सङ्कलन हुँदा ७ अर्ब रूपैयाँ मात्रै कर्जा लगानी भएको छ। यसले छिट्टै कर्जा र निक्षेपमा देखिएको असन्तुलन कम भई तरलता समस्या समाधान हुन्छ भन्ने अपेक्षा गर्न सकिन्छ।

पुस लागेसँगै आयातमा पनि केही कमी आउने अपेक्षा गरिएको छ। सवारी साधनमा ५० प्रतिशत र अन्य विभिन्न १६ वस्तुमा शतप्रतिशत मार्जिन राख्नुपर्ने व्यवस्थाले पुसमा आयात कटौती हुने अनुमान केन्द्रीय बैंकको पनि छ। केन्द्रीय बैंकका अनुसार मङ्सिरका पहिलो ६ दिनमा औसत साढे ६ अर्ब रूपैयाँ बराबरको वस्तु आयात भएकामा पुसका सुरुवाती ६ दिनमा औसतमा ६.२५ अर्ब रूपैयाँ बराबरको मात्रै वस्तु आयात भएको छ। विभिन्न वस्तुमा नगद मार्जिन राख्ने व्यवस्थामा वस्तु आयात कटौती हुने र त्यसबाट स्वाभाविक रूपमा तरलता अभावको समस्यालाई थोरै भए पनि सम्बोधन गर्ने अपेक्षा गर्न सकिन्छ।

चालु वर्षको सुरुवाती महिना साउनमै विप्रेषण आप्रवाह (रेमिट्यान्स) ह्वात्तै घट्यो। गत वर्ष साउनमा २३ प्रतिशतले बढेको रेमिट्यान्स गत साउनमा १८.१ प्रतिशतले घट्न पुग्यो। बरु त्यसपछि विस्तारै केही सुधार आएको देखिन्छ र कात्तिकमा आइपुग्दा रेमिट्यान्स वृद्धिदर ७.५ प्रतिशतले मात्रै घटेको छ। विस्तारै वैदेशिक रोजगारीमा जाने नेपालीहरूको सङ्ख्या पनि बढ्न थालेकाले आगामी दिनमा रेमिट्यान्स वृद्धि हुने अपेक्षा गर्न सकिन्छ। स्वाभाविक रूपमा रेमिट्यान्स बढेको खण्डमा तरलता व्यवस्थापन सहज हुन्छ नै।

अर्कोतिर सरकारले अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) सँग विस्तारित कर्जा सुविधा लिन लागेको छ। ऋण स्वीकृत हुने चरणमा रहेको छ। यस्तो ऋण आएको खण्डमा तरलता व्यवस्थापनमा सकारात्मक प्रभाव पर्छ।

तरलता अभाव चर्किंदै गएपछि केन्द्रीय बैंकले गैरआवासीय नेपाली (एनआरएन) हरूलाई नेपालका बैंक तथा वित्तीय संस्थामा निक्षेप राख्न पाउने व्यवस्थालाई सहजीकरण गरेको छ। एनआरएनहरूले ल्याएको पैसा डलर खातामा नै राख्नुपर्छ। डलर खातामा ब्याजदर निकै कम (२-४ प्रतिशत हाराहारी) छ। कम ब्याजदरमा कोही पनि आकर्षित हुँदैनन्। जसरी यस पटक राष्ट्र बैंकले रेमिट्यान्स खातामा प्रचलित उच्चतम ब्याजभन्दा १ प्रतिशत बिन्दु बढी दिन पाइने व्यवस्था गरेको छ, यद्यपि रेमिट्यान्समा यसको प्रभाव कस्तो पर्छ भन्ने हेर्न केही समय कुर्नैपर्छ, एनआरएनहरूलाई सटही जोखिम कम हुने गरी कुनै नीतिगत सहुलियत दिनुपर्ने आवश्यकता भने छ।

खास गरी दिर्घकालमा नेपालमा वैदेशिक लगानी बढाउन गैरआवासीय नेपालीहरूलगायतका विदेशीहरूलाई परिवर्त्य विदेशी मुद्रामा पैसा ल्याउन दिने र त्यस्तो पैसा नेपाली रूपैयाँमा परिवर्तन गरेर स्वदेशी मुद्रालाई दिएकै जस्तो गरी ब्याजदर दिन सक्ने हो भने धेरै हदसम्म समस्या समाधान गर्न सकिन्छ। यसरी आएको पैसा फिर्ता लैजान चाहेमा नेपाली रूपैयाँलाई विदेशी मुद्रामा परिवर्तन गरिदिने सुविधा प्रचलनमा ल्याउन सकिन्छ। यस्ता निक्षेपहरू छोटो अवधिका भन्दा पनि निश्चित अवधि तोकेर सुविधा दिन सकिन्छ। राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूमा विदेशी मुद्रामा ऋण ल्याउन खुला गरेको छ। तर अहिलेको व्यवस्था मात्रै प्रभावकारी नभएकाले थप सुविधाका लागि सरकार लचिलो बन्नुपर्छ। यस्ता विषय केन्द्रीय बैंकले चाहेर मात्रै सम्भव हुँदैन। अहिले विदेशी मुद्राको ऋण तथा लगानी ल्याउँदा विनिमय दरको उच्च जोखिम भएकाले पनि सोचेजस्तो परिणाम आउन सकेको छैन। यसतर्फ सरकारले ध्यान दिएर तदनुकूलको नीति लागू गरेको खण्डमा अर्थतन्त्रमा तत्कालीन र दीर्घकालीन सहयोग पुग्न सक्छ।

सरकारले चालु वर्षमा २ खर्ब ३९ अर्ब रूपैयाँ आन्तरिक ऋण उठाउने योजना बनाएको छ। यस आधारमा हेर्दा पुसपछि सरकार आन्तरिक ऋण उठाउन पनि सक्रिय हुन्छ। त्यसको असर पनि वित्तीय क्षेत्रमा पर्छ र तरलता सङ्कटको समाधान कठिन बन्छ। अर्कोतिर पुसमा आयकर बुझाउनुपर्ने हुन्छ। किनभने बजारबाट ठुलो रकम राजस्वका रूपमा सरकारी ढुकुटीमा जम्मा हुँदा वित्तीय क्षेत्रमा तरलता अभावको स्थिति कायमै रहन्छ। माघपछि भने तरलता व्यवस्थापनमा केही सहज अवस्था आउन सक्छ। फेरि पनि तरलता अभावको मूल अस्त्र कर्जा लगानीलाई नियन्त्रणमा राखी सरकारले तीव्रताका साथ पुँजीगत खर्च गर्नुपर्छ। सरकारी खर्च बढेको खण्डमा त्यसको बहुपक्षीय असर अर्थतन्त्रमा पर्छ र तरलता अभावको समस्या स्वतः हराएर जान्छ।

बैंकहरूको कर्जा र निक्षेप अनुपात (प्रतिशतमा)

बैंकको नाम	२०७८ असोजको कर्जा-निक्षेप अनुपात	२०७८ मङ्सिरको कर्जा निक्षेप अनुपात
नेपाल बैंक	८५.४	९३.०७
राष्ट्रिय वाणिज्य बैंक	८४.७	८८.५२
कृषि विकास बैंक	९१.८६	९९.३३
नबिल बैंक	८९.५३	८५.४३
नेपाल इन्भेस्टमेन्ट बैंक	९५.५९	९४.२९
स्ट्यान्डर्ड चार्टर्ड बैंक	८८.५२	८९.४९
हिमालयन बैंक	९१.६८	९१.८५
नेपाल एसबीआई बैंक	९४.५	९४.६८
नेपाल बङ्गलादेश बैंक	८८.२५	८९.४७
एभरेस्ट बैंक	८६.६१	८७.९
बैंक अफ काठमान्डु	९२.८३	९२
नेपाल क्रेडिट एन्ड कमर्स	९०.१४	९४.१६
एनआइसी एसिया बैंक	८७.३२	८९.८
माछापुच्छ्रे बैंक	८७.७८	९१.०१
कुमारी बैंक	९२.१३	९२.४९
लक्ष्मी बैंक	९१.८५	९०.२६
सिद्धार्थ बैंक	८७.९९	८८.९७
ग्लोबल आइएमई बैंक	८८.३१	९३.६९
सिटिजन्स बैंक इन्टरनेसनल	८७.६२	९२.४५
प्राइम कमर्सियल बैंक	९०.२	९४.१३
सनराइज बैंक	८४.२४	९०.५२
एनएमबी बैंक	९१.५५	९१.२४
प्रभू बैंक	८१.२२	८७.१७
मेगा बैंक नेपाल	९१.९३	९३.८
सिभिल बैंक	८९.२	९२.९८
सेन्चुरी कमर्सियल बैंक	८९.२५	९१.२७
सानिमा बैंक	८५.६३	८८.४९
जम्मा	८८.७८	९१.१४

स्रोतः नेपाल राष्ट्र बैंक

***

हचुवा नीतिले कोरोना बिमा भुक्तानी अन्योलमा

यज्ञ बज्जाडे*

पृष्ठभूमि

कोभिड-१९ को विश्वव्यापी महामारीले मुलुकको आर्थिक गतिविधिमा मात्र होइन जनधनको समेत ठुलो क्षति भयो । स्वास्थ्य मन्त्रालयका अनुसार पुस पहिलो सातासम्म ९ लाख २३ हजार जनामा कोभिड पोजेटिभ देखिएको छ भने ११ हजार ५ सय ८१ जनाको मृत्यु भइसकेको छ। पहिलो र दोस्रो लहरको निषेधाज्ञाले अर्थतन्त्र धराशायी मात्र होइन, गत आर्थिक वर्षको आर्थिक वृद्धिदर नै ऋणात्मक हुन पुग्यो । त्यसको असरले थलिएको अर्थतन्त्र यति वेला तीव्र गतिमा अघि बढ्दै छ । तर कोभिडको असर देखिन सुरु भएदेखि नै जारी भएको कोरोना बिमाका लाखौँ बिमितले अझै भुक्तानी पाउन सकेका छैनन् । सरकारद्वारा अपनत्व लिएको कोरोना बिमाका बिमितले एक वर्षदेखि भुक्तानी पाउन नसक्नु निकै दुःख लाग्दो विषय हो । तर कहिले पाउने टुङ्गो पनि नहुँदा अन्योल झन् बढेको छ ।

रोग लागिहाल्यो भने उपचार खर्च पाइएला भनेर बिमा गरेकाले रोग लागेपछि बिमा भुक्तानी नपाउँदा कस्तो होला ? चित्त दुख्छ, बिमाप्रतिको विश्वास टुट्छ । अहिले ती बिमितलाई यस्तै भएको छ । उनीहरूको चित्त दुखेको छ भने बिमाप्रतिको विश्वास टुटेको छ । विश्वास नटुटोस् पनि कसरी ? कोभिड-१९ को महामारीबाट जेनतेन बाँचियो (वा आफन्त गुमाउनु पऱ्यो) । तर त्यही महामारीको जोखिम सुरक्षणका लागि गरिएको बिमाको रकम पाउने टुङ्गो छैन । सरकारबाट पैसा नआएकाले भुक्तानी दिन नसकिएको बिमा कम्पनीले बताउँदै आएका छन् । सरकारले भने रकम दिने सम्बन्धमा सुरसार नै गरेको छैन । अनेक बहाना बनाएर पन्छिरहेको छ । कम्पनीहरूले सरकारको मुख ताक्ने, सरकारले पैसा दिने सम्बन्धमा सुरसार पनि नगर्नुले तत्काल बिमितले भुक्तानी पाउने सम्भावना टर्दै गएको छ।

के हो कोरोना बिमा ?

कोभिड-१९ को जोखिम सुरक्षणका लागि बिमा समितिले जारी गरेको बिमा योजना हो कोरोना बिमा । २०७७ बैशाख ७ देखि कोरोना बिमालेखको बिक्री थालिएको हो। सुरुमा कोभिडका बिरामी निकै कम थिए। यस कारण दाबी पनि कम परेको थियो। सङ्क्रमण बढेसँगै बिमा गर्ने मात्र होइन, दाबी पनि धेरै पर्न थाल्यो । धेरै दाबी परेकै कारण २०७७ जेठ २१ मा बिमा कम्पनीहरूले नियामक निकाय बिमा समितिलाई पत्र लेखेर कोरोना बिमालेखको बिक्री बन्द गर्न माग गरे । त्यसपछि कम्पनीहरूले एक दिन बिमालेख बिक्री पनि गरेनन् । सोही दिन तत्कालीन अर्थमन्त्री डा. युवराज खतिवडा र अर्थसचिव शिशिर ढुङ्गानाले बिमा समिति र बिमा कम्पनीहरूलाई अर्थ मन्त्रालयमै डाकेर बिमालेख बिक्री नरोक्न र सरकारले पनि दायित्व वहन गर्ने विषयमा सहमति नै गरे । सहमति पत्रमा अर्थमन्त्रालका तर्फबाट तत्कालीन अर्थसचिव ढुङ्गानाले हस्ताक्षर गरेका थिए । गत आर्थिक वर्षको बजेटमा सबै राष्ट्रसेवक र सरकारी कर्मचारीको सरकारले निःशुल्क कोरोना बिमा गर्ने र सर्वसाधारणका हकमा पनि बिमा शुल्कमा ५० प्रतिशत अनुदान दिने नीति ल्यायो । अहिले राष्ट्रसेवक र सरकारी कर्मचारीलाई मात्र करिब ४ अर्ब रकम भुक्तानी दिन बाँकी छ।

दायित्व बाँडफाँडको सहमति

२०७७ जेठमा बिमा समिति, बिमा कम्पनी, पुनर्बिमा कम्पनी र सरकारबिच दायित्व बाँडफाँड गर्ने सहमति भएको हो । सोही सहमतिका आधारमा कोरोना बिमा मापदण्ड पनि परिमार्जन गरिएको हो । नयाँ मापदण्डअनुसार कोरोना बिमामा परेका दाबीमध्ये १ अर्ब रुपैयाँसम्मको दाबी बिमा कम्पनीहरूले नै भुक्तानी गर्नुपर्ने छ। १ अर्ब रुपैयाँभन्दा माथि २ अर्ब रुपैयाँसम्मको नेपाल पुनर्बिमा कम्पनीले, २ अर्बभन्दा माथि साढे २ अर्ब रुपैयाँसम्मको बिमा कम्पनीहरूको महाविपत्ति कोषबाट बेहोरिने सहमति थियो। २ अर्ब ५० करोडदेखि ३ अर्ब ५० करोड रुपैयाँसम्मको दाबी भुक्तानी बिमा समिति र ३ अर्ब ५० करोड रुपैयाँभन्दा माथिको दाबी भुक्तानी सरकारले बेहोर्ने सहमति छ।

दाबी भुक्तानी कति ?

कोरोना बिमा मापदण्ड २०७७ मा कम्पनीहरूले कागजात पुगेका बिमितलाई ७ दिनभित्र दाबी भुक्तानी दिनुपर्ने व्यवस्था छ। संशोधित मापदण्डमा बिमा पुल (बिमक सङ्घ) बाट मात्र दाबी भुक्तानी गर्न एकद्वार नीतिको व्यवस्था गरिएको थियो । त्यसको व्यवस्थापन शिखर इन्स्योरेन्सले गर्दै आएको थियो । मापदण्डअनुसार सुरुमा कम्पनीहरूबाट प्रतिव्यक्ति एक लाख र प्रतिव्यक्ति ५० हजार गरी दुई प्रकारका बिमालेख जारी भएको थियो । २०७७ भदौ २९ देखि ती दुवै बिमालेख खारेज गरेर प्रतिव्यक्ति एक लाख रुपैयाँको बिमालेख मात्र जारी गर्न बिमा कम्पनीहरूलाई निर्देशन दिइयो । नयाँ बिमालेखमा सामूहिक रूपमा प्रतिव्यक्ति १ लाख रुपैयाँको मात्र बिमा गर्न पाइन्थ्यो । जसमा कोरोना सङ्क्रमित भएको प्रमाणित भएपछि घरमै आइसोलेसनमा बसेको भए एकमुस्ट २५ हजार र अस्पतालमा उपचार गराएको भए उपचार खर्चअनुसार बढीमा ७५ हजार रुपैयाँसम्म भुक्तानी पाइन्छ। तर भदौ २८ अघि बिमा गरेका बिमितले भने कोरोना प्रमाणित भएपछि एकमुस्ट ५० हजार र एक लाख रुपैयाँ भुक्तानी पाउने भनिएको छ।

भुक्तानी पाउन बाँकी कति ?

कोरोना बिमाबापत करिब १ लाख ४५ हजार दाबी परेको बिमा समितिको तथ्याङ्क छ। ती दाबी उपर १४ अर्ब ९३ करोड ९६ लाख रुपैयाँ दायित्व परेको छ, जसमध्ये ३ अर्ब ५० करोड रुपैयाँ रकम विभिन्न चरणमा भुक्तानी भइसकेको र बाँकी रकम करिब ११ अर्ब ४४ करोड रुपैयाँ भुक्तानी गर्नुपर्ने छ । अहिले पनि करिब १ लाख जना बिमितको दाबी भुक्तानी बाँकी छ। भुक्तानी गर्न बाँकी दाबीमध्ये धेरैजसो प्रतिव्यक्ति एक लाख रुपैयाँका छन्।

** लेखक कान्तिपुर दैनिकसँग आबद्ध छन्*

भुक्तानी भइसकेको रकममध्ये ३ अर्ब ५० करोड रुपैयाँ बिमा पुलअन्तर्गत र १ अर्ब २८ करोड रुपैयाँ बिमा कम्पनीले तिरेका हुन्। पुलमार्फत भएको भुक्तानीमा बिमा कम्पनी, बिमा समिति र पुनर्बिमा कम्पनीले योगदान गरेका हुन्। गत असारसम्म बिक्री गरेका कोरोना बिमालेख बिक्रीबाट कम्पनीहरूले १ अर्ब ५ करोड रुपैयाँ मात्र बिमा शुल्क सङ्कलन गरेको देखिन्छ।

हचुवा नीति

विश्वव्यापी रूपमै महामारीको बिमा हुँदैन। महामारी कतिसम्म चल्छ र त्यसको वास्तविक क्षति यकिन गर्न अप्ठेरो हुने भएकाले बिमा नगरिएको हो। महामारीको पुनर्बिमा पनि हुँदैन। बिमा नहुनुको एक प्रमुख कारण यो पनि हो। तर नेपालमा कोरोना बिमाका सवालमा पनि नीति निर्माताहरू निकै गैरजिम्मेवार देखिए। परिणाम कोरोना बिमालेखसम्बन्धी नीति आयो। सीमित व्यक्तिको स्वार्थ र लोकप्रिय हुने लोभमा ल्याइएको उक्त नीतिलाई वास्तविकता नबुझी सरकारले पनि समर्थन गऱ्यो। बिमा कम्पनीहरूलाई कोरोना बिमालेख बिक्री गर्न निर्देशन जारी हुँदा पीसीआर परीक्षणदेखि सङ्क्रमितको सबै औषधिपचार खर्च निःशुल्क थियो। नागरिकबाट उठाएको करमार्फत सरकारले सबै खर्च व्यहोर्दै आएको थियो। यस्तो अवस्थामा बिमाको जरुरी थिएन। तर निकै कम बिमा शुल्क तय गरेर बिमालेखको बिक्री सुरु भयो। यस कारण बिमालेख बिक्रीबाट सङ्कलित बिमा शुल्कले दाबी भुक्तानी थेग्न सकेन। एक-दुई महिनासम्मको पनि सम्भावित आर्थिक भार र जोखिम आँकलन नगरी कोरोना बिमालेख जारी भएकै कारण लाखौँ बिमितहरू बिमा भुक्तानीबाट वञ्चित बनेका हुन्।

बिमा कम्पनीलाई डर

मापदण्डअनुसार सरकारले दाबी भुक्तानी दिन ढिलाई गर्नुले कतै सबै रकम आफैले तिर्नुपर्ने त होइन भन्ने ठुलो डर बिमा कम्पनीहरूलाई छ। हुन त हाल भुक्तानी गर्न बाँकी करिब ११ अर्ब रुपैयाँ सबै कम्पनीहरूले भुक्तानी गर्नुपर्दा उनीहरूको वित्तीय अवस्था निकै कमजोर हुने निश्चित छ, तर त्यो भनेर हुँदैन। कम्पनीले बिमालेख बिक्री गरेपछि मापदण्ड पुगेर आएका सबै दाबीको भुक्तानी गर्नै पर्छ। यहाँनेर कम्पनीहरू अहिले गैरजिम्मेवार बनेका छन्। लाज नै पचाएर बसेका छन्, दोषजति सरकारलाई दिएर। यस्तो व्यवहारले केही समयमा बिमितलाई झुक्याउन कम्पनीहरू सफल भएको देखिन्छ। तर कम्पनीको व्यवहारले समग्र बिमा क्षेत्रप्रति नै नागरिकको विश्वास गुम्दै छ। स्थापनाको झन्डै तीन दशकसम्म पनि लगभग शिशु अवस्थामै रहेको नेपालको बिमा क्षेत्र कम्पनीहरूको यस्ता व्यवहारले थप प्रभावित हुने निश्चित छ। यो कुरा बिमा कम्पनीहरूले राम्रोसँग बुझ्नुपर्छ।

कमजोर नियामक निकाय

यो सवालमा पनि बिमा क्षेत्रको नियामक निकाय बिमा समितिको भूमिका निकै कमजोरमात्र होइन, लाचार देखिएको छ। समितिको अध्यक्षमात्र होइन, दुई जना सञ्चालक पनि सरकारले नियुक्त गर्छ। यस अर्थमा समितिको बोर्डमा सरकारकै बहुमत छ। उसले चाहेको नीति पारित हुन केही अप्ठेरो हुँदैन। यस्तो अवस्थामा पनि सरकारबाट पैसा निकाल्न नसक्नु उसको लाचारीपनको हद हो। नियामक निकायले कि त सरकारबाट पैसा ल्याउन सक्नुपर्छ, नभए बिमा कम्पनीहरूलाई भुक्तानी गर्न लगाउनुपर्छ। लामो समय बिमितलाई भुक्तानी पाउनबाट बञ्चित गर्नु हुँदैन। यसले दाबी भुक्तानी पाउने बिमितको अधिकारबाट बञ्चित मात्र गरेको छैन बिमा सिद्धान्त विपरीतको कामसमेत गरेको छ।

नेतृत्व परिवर्तन

अहिले सरकार र बिमा समितिलाई जिम्मेवारीबाट पन्छिने बलियो अस्त्र बनेको छ नेतृत्व परिवर्तन। समितिका पूर्व अध्यक्ष चिरञ्जीवी चापागाईं र पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीको पालामा कोरोना बिमालेख जारी भएको हो। पूर्व नेतृत्वले गलत नीति ल्याएकाले भुक्तानी दिन अप्ठेरो भएको समिति र सरकार (खास गरी अर्थमन्त्री जनार्दन शर्मा) ले भन्दै आएका छन्। यो उनीहरूको कमजोरी लुकाउने बहाना मात्र हो। यदि पूर्व नेतृत्वले गलत नीति ल्याएकै हुन् भने तिनलाई कानुनबमोजिम कारबाही गर्न सकिन्छ। उनीहरू देश छोडेर अर्को भूगोलमा गएका छैनन्। यही काठमाडौं उपत्यकामा छन्। इच्छाशक्ति भएमा उनीहरूलाई जुनसुकै समयमा पनि भेट्न सकिन्छ। अन्यथा बहाना बनाएर जिम्मेवारीबाट पन्छिनु हुँदैन।

भुक्तानीको विकल्प

एक वर्षदेखि रोकिएको कोरोना बिमाको भुक्तानी सुचारु गर्न बिमा समितिले अर्थ मन्त्रालयमा दुई विकल्प पेस गरेको छ। सरकारले तिर्नुपर्ने रकम धेरै भएकाले एकै पटक तिर्न नसक्ने भन्दै अर्थमन्त्री जनार्दन शर्माले भुक्तानीका अरू विकल्प ल्याउन भनेपछि विकल्प पेस गरेको समितिले बताएको छ।

पहिलो विकल्प यस्तो छ। हाल राष्ट्रसेवक कर्मचारीहरूको मात्र करिब ४ अर्ब रुपैयाँ बिमा भुक्तानी दिन बाँकी छ। सबै राष्ट्रसेवक कर्मचारीको बिमा राष्ट्रिय बिमा कम्पनीले गरेको छ। यो सरकारको स्वामित्व भएको कम्पनी हो। यस कारण उक्त दाबी सोही कम्पनीबाट भुक्तानी गर्ने व्यवस्था मिलाउने। सरकारले तिर्नुपर्ने दायित्वको समयावधि सरकारले नै तोकी भुक्तानी गर्न निर्देशन दिने।

यस्तै सरकारी कर्मचारीलाई भुक्तानी गर्नुपर्ने रकम घटाएर बाँकी रहने दायित्व रकमलाई शतप्रतिशत मानी सोको ५० प्रतिशत रकम सरकारले निकासा गर्ने, १०/१० प्रतिशत रकम बिमा समितिको कोष र पुनर्बिमा कम्पनीको कोषबाट र ३० प्रतिशत रकम समानुपातिक हिसाबले निर्जीवन बिमा कम्पनीहरूले भुक्तानी गर्ने ।

दोस्रो विकल्प, कुल भुक्तानी हुन बाँकी ११ अर्ब ४३ करोड ९६ लाख ६३ हजार ८ सय ९२ रुपैयाँ सरकार, नेपाल पुनर्बिमा कम्पनी, बिमा कम्पनीहरू र बिमा समितिले बाँडफाँड गर्ने। जसअनुसार सरकारले ५५ प्रतिशत, नेपाल पुनर्बिमा कम्पनीले १२ प्रतिशत, बिमा कम्पनीहरूले २५ प्रतिशत र बिमा समितिले ८ प्रतिशतका दरले रकम सङ्कलन गरेर भुक्तानी दिने।

समितिले बिमा कम्पनी, पुनर्बिमा कम्पनी लगायत सरोकारवालाहरूसँग छलफलका आधारमा उक्त विकल्प तयार पारेको दाबी गरेको छ। विकल्प अर्थ मन्त्रालयमा पेस भइसकेको छ। तर त्यसबारेमा अर्थ मन्त्रालयमा छलफल नै भएको छैन। यसबाट पनि तत्काल सरकारबाट पैसा आउने सम्भावना छैन।

अन्त्यमा

राज्यको नीति र बिमा समितिको निर्देशनबमोजिम बिमा गरेका बिमितले कानुनबमोजिम बिमा दाबी नपाउँदा पनि उनीहरूको पक्षमा आवाज उठ्न सकेको छैन। नत बिमितहरू सङ्गठित नै बनेका छन्। यस्तो अवस्थामा सरकार र बिमा समितिले उनीहरूको अधिकारका बारेमा आवाज उठाइदिनुपर्छ। भुक्तानी गर्न बाँकी रकम सरकारका लागि ठुलो रकम होइन, मात्र इच्छाशक्ति हुनुपर्छ। बिमा कम्पनीहरूले पनि सधैँ नाफा मात्र कमाएका छन्। व्यवसायमा सधैँ नाफा मात्र हेरेर हुँदैन। नाफाको मुख हेरेर आज बिमितको भुक्तानी नदिँदा बिमाप्रति नै नागरिकको विश्वास टुट्न सक्छ। भविष्यमा यसको प्रत्यक्ष असर बिमा व्यवसायमै पर्ने हो। यस कारण क्षणिक नाफाको लोभमा नागरिकलाई बिमा भुक्तानीबाट वञ्चित गर्नु भएन। यस्तो वेलामा सरकार, नियामक निकाय र कम्पनीहरू मिलेर कुन विकल्पबाट छिटोभन्दा छिटो बिमितको रकम भुक्तानी गर्न सकिन्छ, त्यसबारेमा सोच्न जरुरी छ।

***

बैंकिङ क्षेत्र र सञ्चार माध्यमबिचको सम्बन्ध

रोयल आचार्य*

विषय प्रवेश

नेपालमा पत्रकारिताको इतिहास हेर्ने हो भने आजभन्दा १२० वर्ष अघि सुरु भएको पाइन्छ । उता बैंकिङ क्षेत्रको इतिहास भने ८६ औँ वर्षमा चलिरहेको छ । अर्थात् नेपालको पत्रकारिताभन्दा बैंकिङ क्षेत्र ३ दशकभन्दा कान्छो छ । यहाँ बुझ्नुपर्ने कुरा भने बैंकिङ क्षेत्र स्थापनादेखि नै व्यावसायिक बन्यो । तर पत्रकारिता क्षेत्रलाई भने व्यावसायिक बन्न अलि लामै समय कुर्नु पऱ्यो । नेपाली पत्रकारिताको इतिहास सम्झनुपर्दा पहिले कुन पत्रिका, रेडियो वा अन्य माध्यम सुरु भयो होला भन्ने स्वाभाविक प्रश्नहरू उठिहाल्छन् । नेपालकै पत्रिकाहरू भनेर पनि सुरुवाती अवस्थामा भारतबाट प्रकाशन हुने गर्दथे । जानकारहरूका अनुसार भारतमा छापिएका पत्रिका नेपाल आएर बिक्री वितरण हुन्थे ।

निजी क्षेत्रबाट प्रकाशित नेपालको पहिलो दैनिक पत्रिका भनेर ' आवाज' पत्रिकालाई मान्ने गरिएको छ । आवाज दैनिक पत्रिका पहिलो पटक वि.सं. २००७ फागुन ८ गते प्रकाशन भएको थियो । तर त्यस अघि धेरै पत्रपत्रिकाहरू प्रकाशन भए । नेपालमा पहिलो पटक प्रकाशन भएको 'सुधासागर' साहित्यिक पत्रिकालाई नेपालको पहिलो पत्रिका भन्ने गरिएको छ। वि.सं. १९५५ सालमा यो पत्रिका प्रकाशन भएपछि नेपालमा पत्रकारिताको अभ्यास सुरु भएको मानिन्छ। तर यस अघि नै पनि मोतीराम भट्ट र रामकृष्ण बर्मा मिलेर भारतबाट नेपाली पत्रिका प्रकाशन गरेको भन्ने गरिएको छ । तर यससम्बन्धी यथेष्ट प्रमाणहरू भेट्टाउन मुस्किल छ।

नेपालमा रेडियोको सुरुवात भने वि.सं. २००७ चैत्र २० गते रेडियो नेपालको स्थापना पछि भयो । नेपालमा छापामाध्यम र रेडियोभन्दा टेलिभिजन धेरै लामो समयपछि मात्रै भित्रियो । टेलिभिजनको सुरुवात भएको धेरै लामो समय भएको छैन । विश्वमा टेलिभिजनको इतिहास हेर्ने हो भने सन् १९३६ नोभेम्बर २ देखि बीबीसीले नियमित प्रसारण गरेको थियो । सन् १९३६ मै अमेरिकामा नेसनल ब्रोडकास्ट टेलिभिजनको स्थापना भएको पाइन्छ। तर नेपालमा २०४२ सालदेखि मात्रै टेलिभिजनको सुरुवात भएको हो ।

बैंकिङ क्षेत्रको कुरा गर्नुपर्दा नेपालमा बैंकको स्थापना हुनुपूर्व साहुमहाजनहरू कर्जा लगानीको कारोबार गर्थे । सुरक्षित बचतका लागि घरैमा थैली र बाक्साको विकल्प थिएन । मुद्रा सटही जस्ता कारोबारका लागि सीमित पैसावालले सहरमा मनी चेन्जर चलाउँथे । नेपालमा बैंकिङ युग सुरु भएको गत ३० कात्तिकमा ८५ वर्ष पुग्दै छ । नेपालको बैंकिङ इतिहास भन्ने बित्तिकै सबभन्दा जेठो बैंक अर्थात् नेपाल बैंकको नाम आइहाल्छ। वि.सं. १९९४ सालमा श्री ३ जुद्धशमशेर राणाले श्री ५ त्रिभुवन समक्ष राखेको प्रस्तावको परिणाम थियो, नेपाल बैंक । राजाबाट प्रस्ताव स्वीकृत भएपछि जुद्ध शमशेरले आफू निकट केही व्यक्तिलाई बैंक खोल्ने तयारी थाल्न अह्राए । नभन्दै १० जना लगानीका लागि तयार भए, सरकार पनि सेयरधनी रहने भयो । त्यसका लागि १२ जना कर्मचारी तयार गरियो । वि.सं. १९९४ कात्तिक ३० गते राजा त्रिभुवनबाट नेपाल बैंकको उद्घाटन भयो । त्यसरी नेपाल बैंकिङ युगमा प्रवेश गऱ्यो । नेपाल बैंक स्थापना भएको करिब २ दशकपछि नियामक निकायको पनि आवश्यकता महसुस भयो र वि.सं. २०१३ वैशाख १४ गते नेपाल राष्ट्र बैंकको स्थापना भयो । नेपालमा पूर्ण सरकारी स्वामित्वको बैंक भनेको राष्ट्रिय वाणिज्य बैंक मात्रै हो ।

स्थापनाका दृष्टिले राष्ट्रिय वाणिज्य बैंक मुलुकको माहिँलो बैंक हो । तत्कालीन श्री ५ को सरकारले २०२१ सालमा रा.वा. बैंक ऐन बनाएको थियो । तत्कालीन राजा महेन्द्रले बैंकिङ क्षेत्रमा पनि प्रतिस्पर्धा आवश्यक रहेको भनेर थप एउटा बैंक स्थापनाका लागि नयाँ ऐनको तयारी गर्न निर्देशन दिएको बताइन्छ । सोहीअनुसार वि.सं. २०२२ माघ १० गते मुलुकको दोस्रो वाणिज्य बैंकका रूपमा राष्ट्रिय वाणिज्य बैंकको स्थापना भएको हो । आ.व. ०५७/५८ सालमा नाजुक अवस्थामा पुगिसकेको बैंक खारेज गर्नुपर्ने अवस्था सिर्जना भएको त्यस ताकाका राष्ट्र बैंककै अधिकारीहरू बताउँथे । त्यस यताका बैंक टाट पल्टने पक्का भएपछि नेपाल राष्ट्र बैंकले व्यवस्थापनमा हस्तक्षेप गऱ्यो । यो बैंकलाई पनि वित्तीय क्षेत्र सुधार कार्यक्रममार्फत सुधारको प्रयास गरियो र बैंकलाई अक्सिजन दिने काम भयो । तत्कालीन अवस्थामा विदेशी व्यवस्थापनलाई जिम्मा लगाएर बैंक ५ वर्षपछि मात्रै ट्र्याकमा आएको थियो । अहिले भने राष्ट्रिय वाणिज्य बैंकले एक सबल र उत्कृष्ट बैंकको पहिचान बनाएको छ। कुनै वेला ढड्डामा चल्ने यो बैंक अहिले डिजिटाइज बनेको छ। निजी क्षेत्रका जुनसुकै बैंकहरूसँग पनि प्रतिस्पर्धा गर्न हरेक हिसाबले राष्ट्रिय वाणिज्य बैंक तयार भइसकेको छ। अहिले मुलुकमा २७ वाणिज्य बैंक छन् भने डेढ दर्जन विकास बैंक र फाइनान्स कम्पनीहरू सञ्चालनमा छन् ।

वर्तमान पत्रकारिता

नेपालमा पत्रकारिताको विकास धेरै अघि बढिसकेको छ । अहिले पत्रकारहरू आधुनिक छन् । पत्रकारितामा भित्र पनि कुन विधाको पत्रकारिता भनेर स्पष्ट हुन थालेको छ । सबै पत्रकारहरूले सबै विधामा कलम चलाउँदैनन् । जुन विधाका पत्रकार हुन्, त्यही विधाका समाचारहरू लेख्ने अभ्यास निकै अगाडि बढिसकेको छ । अझ

** लेखक अनलाइन खबरसँग आबद्ध छन्*

भनौं पछिल्लो समय विधागत पत्रकारिताको विकासले फड्को मारेको छ । कुनै वेलाको समाचार भनेकै राजनीतिक मात्रै हुन्छन् भन्ने एक किसिमको मानसिकता अहिले फेरिएको छ । देशमा भएका विभिन्न चरणका राजनीतिक परिवर्तनपछि विधागत पत्रकारिताको निकै राम्रो विकास भएको पाइन्छ । २०४६ सालको जनआन्दोलनपछि राजनीतिक र समसामायिकबाहेक अन्य विधाहरूमा चल्ने कलमको सङ्ख्या निकै राम्रो बढ्यो । अहिले रङ्गशालामा खेल भइरहँदा त्यहाँ रिपोर्टिङका लागि खेलकुद पत्रकारहरू पुगेका छन् । रङ्गकर्मीहरूको कार्यक्रम होस् या चलचित्रकर्मीको, त्यहाँ रङ्गपत्रकार वा चलचित्र पत्रकार पुग्छन् । आर्थिक क्षेत्रको कार्यक्रममा अहिले आर्थिक पत्रकार नै पुग्छन् । सबै क्षेत्रका सबै कार्यक्रममा व्यावसायिक पत्रकार पुग्दैनन् । विधागत पत्रकारिताको विकास हुँदा अहिले दक्ष र क्षमतावान् पत्रकारहरू जन्मिरहेका छन् । सम्बन्धित विधामा कलम चलाउने पत्रकारहरू सो विधाका विषयमा धेरै जानकार हुन्छन् । पछिल्लो समय विधागत रूपमा पत्रकारहरूका सङ्घसङ्गठनहरू समेत सक्रिय छन् । जस्तो चलचित्र पत्रकारहरूको चलचित्र पत्रकार सङ्घ, खेलकुद पत्रकारहरूको खेलकुद पत्रकार मञ्च, आर्थिक पत्रकारहरूको आर्थिक पत्रकार सङ्घ जस्ता धेरै सङ्घ-सङ्गठनहरू सक्रिय छन् । जसले आफ्ना सदस्यहरूको क्षमता अभिवृद्धिका लागि तालिम, गोष्ठीहरू समेत चलाइरहेका छन् । यसले पत्रकारहरूमा थप निखारता ल्याउन काम गरिरहेको छ ।

आर्थिक पत्रकारिताको कुरा गर्ने हो भने २०४६ सालको राजनीतिक परिवर्तनसँगै यसको विकास भएको पाइन्छ । तर त्यसपछि पनि सञ्चार माध्यमहरूमा आर्थिक समाचारले पाउने स्थान भने कमजोर थियो । समयक्रमसँगै अब राजनीतिक होइन, आर्थिक एजेन्डालाई स्थापित गराउनुपर्छ भनेर राजनीतिकर्मीहरू नै लागे । १० बर्से माओवादी जनयुद्ध र त्यसपछि भएको २०६२/६३ को जनआन्दोलनपछि आर्थिक पत्रकारिताको विकास अझ धेरै राम्रो भयो ।

देशमा राजतन्त्र हटेर लोकतान्त्रिक गणतन्त्र स्थापना भएसँगै समृद्धिको बहस सुरु भयो । देशमा भएको राजनीतिक परिवर्तनको असर अन्य क्षेत्रहरूसँगै सञ्चार क्षेत्रमा पनि पर्ने नै भयो । आर्थिक समाचारलाई पत्रकारिताको एउटा विधाका रूपमा अगाडि बढाउने क्रममा विस्तारै आर्थिक भित्रका पनि विधाहरू जन्मिए । आर्थिक विधामा समाचार लेखिरहेका सञ्चारकर्मीहरूले समग्रह आर्थिक होइन, यसभित्रको स्पेसिफिक बिट हुनुपर्छ भनेर अभ्यास सुरु गरियो । आर्थिक भित्रको बिटका रूपमा अहिले बैंकिङ, बिमा, सेयर बजार, पर्यटन, कृषि लगायतका विधालाई लिइन्छ ।

यसरी आर्थिक भित्र पनि स्फेसिफिक बिटको विकास हुँदा धेरैले चासो दिएको बिट भने बैंकिङ बिट हो । यस कारण पछिल्लो समय बैंकिङ क्षेत्र र सञ्चार माध्यमहरू धेरै नजिक छन् । यहाँ जोड्न खोजिएको मुख्य विषय भनेको पनि बैंकिङ क्षेत्र र सञ्चार माध्यम बिचको सम्बन्ध हो । विधागत पत्रकारिताको विकास हुँदै जाँदा ठुला भनिएका सञ्चार माध्यमहरूले सम्बन्धित बिटमा पत्रकार राख्ने गरेका छन् । विधाका लागि छापामाध्यमहरूले पृष्ठ नै छुट्याउने गरेका छन् भने टेलिभिजनहरूले समेत समय नै छुट्याउने गरेका छन् । अहिले पनि हामीले राष्ट्रियस्तरका टेलिभिजनहरूमा हेर्यौं भने प्रमुख समाचारको समयमा खेलकुद समाचार, आर्थिक समाचार, मौसम समाचार जस्ता विधाहरूका लागि अलग्गै समय छुट्याएको देख्न सक्छौं । सञ्चारमाध्यहरूले आर्थिक विधामा पनि बैंकिङ विधालाई विशेष प्राथमिकतामा राखेका छन् । अनलाइन पत्रकारिताको विकास भएपछि त झन् यो विधाले निकै राम्रो स्पेस पाएको छ । पछिल्लो समय सञ्चार माध्यमहरू नै विधागत रूपमा स्थापना हुने क्रम बढ्दो छ । टेलिभिजनतर्फ कुरा गर्ने हो भने अहिले विजनेस प्लस टेलिभिजन, कृषि टेलिभिजन, बिजनेस टेलिभिज जस्ता टेलिभिजनहरूले आर्थिक विषयवस्तुका सामग्रीहरूलाई विशेष प्राथमिकताका साथ प्रसारण गरिरहेका छन् ।

यहाँ प्रसारण हुने अन्तरवार्ता होउन् या अन्य बहसहरू हुन्, आर्थिक विषयले नै प्राथमिकता पाउँछन् । छापामाध्यमहरूमा कारोबार, अभियान जस्ता दैनिक पत्रिकाहरूले आर्थिकमा पनि बैंकिङ समाचारहरू विशेष प्राथमिकताका साथ छाप्छन् । यस्ता अन्य धेरै साप्ताहिक र मासिक पत्रिकाहरू पनि प्रकाशनमा रहेका छन् । अनलाइन सञ्चार माध्यमहरूमा झनै धेरै प्राथमिकतामा बैंकिङ समाचारहरू पर्छन् । अनलाइन सञ्चार माध्यमहरू दर्ता हुने क्रम निरन्तर बढ्दै छ । आर्थिक वर्ष २०७५/०७६ मा ५५० वटा अनलाइन नयाँ दर्ता भएकोमा आर्थिक वर्ष ०७६/०७७ मा ५६१ नयाँ अनलाइन दर्ता भए । गत आर्थिक वर्ष र चालु आर्थिक वर्षमा दर्ता भएका अनलाइनहरूको सङ्ख्या पनि धेरै छ । सञ्चारक्षेत्रको नियामक निकायहरूका रूपमा रहेको प्रेस काउन्सिल नेपालको तथ्याङ्कअनुसार हालसम्म ३ हजार भन्दा धेरै दर्ता भएका अनलाइन सञ्चार माध्यमहरू रहेका छन् ।

सञ्चार माध्यम र बैंक

पछिल्लो समय सञ्चालनमा आएका अनलाइन सञ्चार माध्यमहरूमा आर्थिक विधाका पनि थुप्रै छन् । धेरैले बैंकिङ समाचारहरूलाई नै विशेष प्राथमिकतामा राखेका हुन्छन् । राजनीतिक समाचार पोर्टलका रूपमा सञ्चालनमा आएका अनलाइनका भित्ताहरूमा पनि बैंकिङ समाचारहरूले उत्तिकै धेरै प्राथकिता पाएका हुन्छन् । बैंकिङ क्षेत्रका सकारात्मक विषयहरू बाहिर ल्याउने मात्रै होइन, भएका कमीकमजोरीहरू सुधार्नका लागि पनि सञ्चार माध्यमहरूले भूमिका खेलिरहेका छन् ।

सञ्चार माध्यमहरूले बैंकिङ बारे सर्वसाधारणलाई बुझाउने, बैंकका गतिविधिबारे जनतासम्म सूचना, समाचार पुऱ्याउने भूमिका खेलिरहेका छन् भने बैंकहरूले पनि सञ्चार माध्यमहरूलाई व्यवसाय दिएर निरन्तर प्रकाशन-प्रसारणमा सहयोग गरिरहेका छन् । बैंकले सञ्चार माध्यम र सञ्चार माध्यमले बैंकलाई एक आसपमा सहयोग गरिरहेका छन् । यसर्थ यी दुई क्षेत्रहरूबिचको सम्बन्ध नजिकको छ ।

बैंक र सञ्चार माध्यमको सम्बन्ध एकदमै राम्रो छ । यी दुई क्षेत्रहरूको एक-अर्कालाई आवश्यक अवश्य पर्छ । तर यसभित्रका केही पाटाहरू हेर्ने हो विकृत रूप छ । बैंकिङ क्षेत्र एउटा संवेदनशील क्षेत्र हो । बैंकको विषयमा अफवाह फैलिए त्यसको असर निकै नराम्रो पर्छ । कतिपय अवस्थामा केही गलत मनसाय बोकेका सञ्चार माध्यम र त्यहाँ कार्यरत सञ्चारकर्मीका कारण अफवाह फैलाउने काम पनि वेलाबखतमा भइरहेको पाइन्छन् । यो राम्रो र व्यावसायिक रूपमा सञ्चालन भइरहेका सञ्चार माध्यमहरूमा नभएर गलत मनसायले सञ्चालनमा ल्याइएका अनलाइनहरूबाट हुने गरेको छ । बैंकबाट विज्ञापन पाइन्छ भन्ने मानसिकताका कारण अनलाइन दर्ता गराउने, सञ्चालनमा ल्याउने गरिएका पनि छन् । यसरी सञ्चालनमा

ल्याएका अनलाइनहरू आफ्नो व्यावसायिक काममा ध्यान दिँदैनन् । पत्रकारिताको पेसागत मर्यादा पालना नगर्ने, प्रेस कान्सिल नेपालले बनाएको पत्रकार आचारसंहिता विपरीत समाचारहरू प्रकाशन-प्रसारण गर्ने जस्ता विषयहरू अहिले समस्याका रूपमा देखिएका छन् ।

प्रेस काउन्सिल नेपालले सञ्चार माध्यमहरू र पत्रकारहरूका लागि भन्दै आएका पत्रकार आचारसंहितासम्बन्धी विषयहरू अहिले यस्ता सञ्चार माध्यमहरूले पालना गर्दैनन् । आफूलाई व्यवसाय दिए सम्बन्धित संस्थाको गुणगान गाएर समाचार बनाउने अनि व्यवसाय नदिएको अवस्थामा भने सम्बन्धित संस्थाको नियोजित रूपमा बद्नाम गराउन मनपरी लेख्ने गरिएका उदाहरण पनि हामीले देखेका छौँ । यो अभ्यास धेरैजसो बैंकिङ क्षेत्रलाई नै टार्गेट गरेर हुने गरेको छ ।

आफ्नो संस्थाबारे नराम्रा समाचारहरू आएको अवस्थामा सम्बन्धित निकायमा उजुरी गर्नेभन्दा पनि त्यस्ता सञ्चार माध्यमका सञ्चालकलाई बोलाएर समझदारी गर्ने गरिएको छ । यो क्रमले पनि सच्चा पत्रकार र राम्रो लेख्ने सञ्चार माध्यमलाई निरुत्साहित हुने र मनपरी लेख्ने पत्रकारहरूलाई प्रोत्साहित हुने अवस्था सिर्जना भएको छ । यो विषयमा सम्बन्धित बैंकले पनि ध्यान दिनुपर्छ । आफू विरुद्ध लेखिएका समाचारहरू गलत समाचार छन् भने सम्बन्धित निकायमा उजुरी दिने र त्यो समाचार सही नै हो भने बैंकहरूले त्यसबाट पाठ सिक्दै भएका कमीकमजोरीहरू सुधार्नु पर्छ ।

निष्कर्ष

अहिले सञ्चार माध्यमहरूका विषयमा विभिन्न टिकाटिप्पणी भइरहन्छन् । केही सीमित सञ्चार माध्यमहरूले गरेका कमजोरीका कारण समग्र सञ्चार माध्यमको बद्नाम हुन सक्ने भएकाले पनि व्यावसायिक रूपमा सञ्चालन भइरहेका सञ्चार माध्यमहरूले पनि यस विषयमा ध्यान दिनुपर्छ । पछिल्लो समयमा अनलाइन पत्रकारिता मूलधारको पत्रकारिताका रूपमा विकास भएको छ । यस्तो अवस्थामा अनलाइन सञ्चार माध्यमहरू व्यावसायिक र विश्वसनीय बन्न जरुरी रहेको छ । अहिले अनलाइन पत्रकारिता मूलधारको पत्रकारिता बनेको छ तर यसको सङ्ख्या बढ्यो, गुणस्तर भने बढ्न सकेन । सबै होइन केही केही अनलाइनहरू खराब नियतका समेत छन् ।

गलत मनसायले लेखिने समाचार र समाचारजन्य सामग्रीलाई निरुत्साहित गर्दै अघि बढ्ने हो भने बैंकिङ क्षेत्र र सञ्चार माध्यमको सम्बन्ध सधैँ सुमधुर रहन्छ । यी दुवै अर्काका सहयोगीका रूपमा अघि बढाउन सक्छन् । अझै विकट क्षेत्रका गाउँका कुनाकन्दरामा वित्तीय पहुँच पुगिनसकेको अवस्था छ । सञ्चार माध्यमको सहयोग लिएर गाउँका कुनामा पनि बैंकिङ शिक्षाबारे बुझाउन बैंकले सञ्चार माध्यमहरूको सहयोग लिएर पुऱ्याउन सकिन्छ ।

अहिले देशमा जसरी वित्तीय पहुँच वृद्धि भइरहेको छ, त्यसलाई अझ व्यापक बनाउन, बैंक के हो भन्ने विषयमा बुझाउनका लागि सञ्चार माध्यमहरूले भूमिका खेल्नुपर्छ । सञ्चार माध्यम र बैंकिङ क्षेत्र भनेको एक अर्काको सहयोगीका रूपमा अघि बढ्नुपर्छ । सञ्चार माध्यमहरू पनि मर्यादित हुने, आचारसंहिता पालना गर्ने र बैंकिङ क्षेत्रले पनि राम्रो गर्ने, कमीकमजोरी देखाइदिने, सञ्चार माध्यमहरूलाई प्रोत्साहन गर्ने नीति लिने हो भने अहिले यी दुई क्षेत्रहरूबिच जुन सम्बन्ध छ, त्यो भन्दा थप प्रगाढ सम्बन्ध बन्ने छ ।

***

एक सफल ऋणीको स्मरण

"Success is where opportunity and preparation meet." - Bobby Unser

बैंकको प्रमुख काम भनेकै सर्वसाधारणहरूसँग छरिएर रहेका बचतलाई सङ्कलन गरी सङ्कलित रकमबाट कर्जा प्रवाह गर्नु हो । बैंकहरूको नियमनकारी निकाय नेपाल राष्ट्र बैंकको निर्देशनअनुसार बैंकले प्रवाह गरेका कर्जालाई भाखा नाघेको अवधिका आधारमा असल (Pass), सूक्ष्म निगरानी (Watch List), कमसल (Sub-standard), शङ्कास्पद (Doubtful) र खराब (Bad) गरेर पाँच वटा शीर्षकमा वर्गीकरण गरी सोहीअनुरूप कर्जा नोक्सानी व्यवस्था (Loan Loss Provision) गर्नुपर्ने हुन्छ । बैंकद्वारा प्रवाहित कर्जामध्ये कुनै कर्जा, कर्जा अवधिभर नै असल कर्जामा रहन्छन् भने कतिपय कर्जाहरू समयमा असुल हुन नसकी कर्जाको स्तर असलबाट खस्कँदै जाने समेत हुन्छ। वर्तमान व्यवस्थानुसार सामान्यतया भाखा ननाघेका र एक महिनासम्म भाखा नाघेका कर्जालाई असल कर्जाको वर्गमा राखिन्छ र त्यस्ता कर्जाका ग्राहक व्यक्ति, फर्म, कम्पनी आदिलाई असल तथा सफल ऋणी भनेर चिनिन्छ। कुनै पनि ऋणीलाई प्रवाहित कर्जा, कर्जा अवधिभर असल कर्जामा रहन सक्नुले ऋणीको व्यवसायको आर्थिक स्वस्थता र कर्जा प्रवाह गर्ने संस्थाप्रतिको इमानदारिता समेतलाई जनाउँदछ। राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ५७ औँ वार्षिकोत्सवको पूर्वसन्ध्यामा राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, मुख्य शाखा कार्यालयमा विगत करिब २५ वर्षदेखि कारोबार गर्दै आउनुभएका र सधैँ असल वर्गमा वर्गीकृत ऋणी तथा सुदिन ईन्टरनेसनल प्रा.लि. र जय लक्ष्मी माता ट्रेडर्सका सञ्चालक सुवास थापासँग पाको, न्युरोडस्थित निजकै कार्यालयमा पुगेर यस बैंकका सहायक प्रबन्धक राजकुमार ओझाले तयार गर्नुभएको स्थलगत विवरण यहाँ प्रस्तुत गरिएको छ।

वि.सं. २०२९ पौष २७ गते पिता फणिन्द्रबहादुर थापा तथा माता पद्मकुमारी थापाको कोखबाट षडानन्द नगरपालिका, खेवाछा, भोजपुरमा जन्मनुभएका सुवास थापा शैक्षिक हिसाबले स्नातक उत्तीर्ण हुनुहुन्छ । श्रीमती सरिता खड्का थापा समेतलाई स्तुति इन्टरनेसनल ट्रेडिङ कम्पनीमार्फत व्यवसायमा नै पूर्ण रूपमा आबद्ध गराउनुभएका थापाका दुई छोरा छन् । विदेशबाट एल.सी, टी.टी, डी.ए.पी, डी.ए.ए. मार्फत विभिन्न सामान आयात गरी नेपालका होलसेल पसलहरूमा आयातीत सामान बिक्री गर्नु उहाँको व्यवसाय हो । व्यवसाय सञ्चालनका क्रममा सुवास थापा सुदिन इन्टरनेसनल प्रा.लि.र जय लक्ष्मीमाता ट्रेडर्स सम्हाल्नुहुन्छ भने स्तुति इन्टरनेसनल ट्रेडिङ सम्हाल्ने जिम्मा उहाँकी श्रीमती सरिता खड्का थापाको रहेको छ। बी.बी.ए. मा अध्ययनरत उनका जेठा छोरा सुशान्त विक्रम थापालाई समेत कम्पनीको हिसाबकिताब हेर्ने गरी व्यवसायमा ल्याउनुभएका थापाको आगामी पुस्तालाई पनि व्यवसायको पूर्ण उत्तराधिकारी बनाउने योजना रहेको छ।

वि.सं. २०४८ सालमा भोजपुरबाट एस.एल.सी. पास गरेपछि काठमाडौँ आउनुभएका थापाले सुरुमा गोरखापत्र संस्थानमा करारमा खरिदारको जागिर सुरु गर्नुभयो । ३/४ वर्ष गोरखापत्र संस्थानमा

जागिरे समय बिताउनुभएका थापाको परिवार तथा आफन्तजनबाट समेत जागिरमा भन्दा व्यवसायमा लागे हुन्थ्यो भन्ने सल्लाह पाएपछि थापाले व्यवसायको सोच अघि बढाउनुभयो । "तत्कालीन अवस्थामा आफैँलाई पनि जागिरभन्दा आफ्नै लगानीमा केही व्यवसाय गर्नुपर्छ भन्ने सोच आयो र यही व्यवसायमा प्रवेश गरियो ।" - थापा विगत सम्झनुहुन्छ । थापा पुनः थप्नु हुन्छ - "यदि मैले जागिरलाई मात्र निरन्तरता दिएको भए म आजको अवस्थासम्म आइपुग्न सम्भव थिएन । मैले जति आर्थिक, सामाजिक रूपमा उन्नति गरेको छु, त्यो व्यवसायबाटै गरेको छु। व्यवसाय नै मेरो कर्म हो र भाग्य पनि।" सुरुमा व्यवसाय सञ्चालन गर्न आवश्यक पर्ने बिउ पुँजी (Seed Capital) राष्ट्रिय वाणिज्य बैंकबाट नै कर्जा लिनुभएका थापा यस बैंकलाई आफ्नो व्यावसायिक भविष्य निर्माणको आधार स्तम्भ भन्नुहुन्छ। त्यो वेला बैंकबाट प्राप्त गरेको रकमले व्यवसाय सुरु गर्नुभएका थापाको हाल कोषमा आधारित कर्जा नै करिब साढे छ करोडको हाराहारीमा छ। हाल सूर्यविनायक नगरपालिका-२, बालकोटमा आफ्नै निवासमा बस्दै आउनुभएका थापाको अफिस न्युरोडमा छ भने व्यावसायिक प्रयोजनका लागि आवश्यक गोदामहरू उहाँले नयाँबजार, टेकु, ढल्को र झापाको धुलाबारीमा समेत स्थापना गर्नुभएको छ । थापा आफ्नो कम्पनीमार्फत चीन, मलेसिया, दुबई जस्ता देशबाट कम्प्युटर पार्टपुर्जाहरू, कोरियाबाट कोरियन चाउचाउ, बङ्गलादेशबाट कन्फेक्सनरी तथा भारतबाट किचन सामग्रीहरू आयात गरी बिक्री गर्नुहुन्छ । यस वर्षमात्र उहँले यस शाखाबाट सयभन्दा बढी एल.सी. खोलेर कारोबार गर्नुभएको छ भने टी.टी. मार्फत पनि सोही हाराहारीमा आयात गर्नुभएको छ। यस बैंकको मुख्य शाखा कार्यालयबाट कारोबार

गर्नुहुने उहाँले तीन वटै कम्पनीहरूका नाममा बैंकको कोषमा आधारित तथा गैरकोषमा आधारित दुवै बैंकिङ उत्पादनहरू लिनुभएको छ । खास गरी Overdrat कर्जा, TR कर्जा, सवारी कर्जा, Sight र Usance LC Limit आदि कर्जा तथा सुविधाहरू शाखाले उहाँका कम्पनीहरूमा प्रवाह गरेका कर्जा तथा सुविधाहरू हुन् ।

तपाईंका कम्पनीहरू सधैँ नै कर्जा वर्गीकरणको असल वर्गमा परेका छन् नि ? भन्ने प्रसङ्गमा थापा यसरी जवाफ दिनुहुन्छ - "मैले बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण ब्याज तथा शुल्कहरू समयमा नै तिर्ने गरेको छु। यो मेरो बैंकप्रतिको व्यावसायिक जिम्मेवारी पनि हो । त्यसो त २०७२ सालको महाभूकम्प र अहिलेको कोरोना कहरले व्यवसायमा असर नगरेको कहाँ हो र ? तैपनि बैंकप्रति इमानदारी बन्नुपर्छ भन्ने भावनाले नै मेरा कम्पनीहरू सधैँ नै असल वर्गमा नै पर्न सफल भएका छन् ।" व्यवसायप्रतिको निरन्तर लगाव र मेहनतले व्यवसाय सफल भएकोमा उहाँ गर्व गर्नुहुन्छ।

तपाईंलाई बैंकले के दियो र तपाईंले बैंकलाई के दिनुभयो ? भन्ने हाम्रो जिज्ञासामा थापा भन्नुहुन्छ - "बैंकले त मलाई दिनसम्म दियो नि ! बैंकको साथले नै मेरो व्यवसाय स्थापना भयो र आजको स्तरसम्म आइपुगेको हो। अर्को कुरा मैले बैंकबाट सुविधा लिएबापत तिर्नुपर्ने ब्याज तथा शुल्कहरू समयमै तिरेको छु र मेरो व्यवसायबाट पनि कतिपय मानिसले प्रत्यक्ष-अप्रत्यक्ष रूपमा रोजगारी पाएका छन्। यस हिसाबले हेर्दा मैले समाजका लागि पनि सानै भए पनि योगदान पुऱ्याउन सकेको छु जस्तो लाग्छ।

तपाईंले सुरुमा कारोबार गर्नुभएका बखतको राष्ट्रिय वाणिज्य बैंक र अहिलेको राष्ट्रिय वाणिज्य बैंकमा के फरक पाउनुभएको छ नि ? भन्ने प्रश्नमा थापा भन्नुहुन्छ - "मेरा कम्पनी खास गरी एल.सी, टी.टी. का कारोबार गर्ने कम्पनीहरू हुन् । पहिले एल. सी, टी. टी. को कारोबार राष्ट्रिय वाणिज्य बैंक लिमिटेड जस्ता सीमित बैंकहरूबाट मात्र हुन्थ्यो, कर्मचारीहरू धेरै सङ्ख्यामा थिए, बैंक ढङ्डा प्रणालीमा थियो, काममा ढिलासुस्ती थियो तर अहिले कम्प्युटर प्रणालीका कारणले काम छिटोछिटो हुन्छ, ग्राहकको सेवालाई बैंकले सधैँ प्राथमिकतामा राखेको भान हुन्छ। थोरै कर्मचारीबाट समेत ग्राहक केन्द्रित सेवा छिटोछरितो र प्रभावकारी ढङ्गले सम्पन्न भएको पाउँदा बैंकसँग सन्तुष्ट छु। बैंकका पुराना तथा नयाँ कर्मचारीहरू सबैले 'सुवास दाइ' भनी सम्बोधन गर्नुहुन्छ, राम्रो बोलीवचन र व्यवहार गर्नुहुन्छ, । वास्तवमा राष्ट्रिय बाणिज्य बैंक **तपाईंको आफ्नै बैंक** भन्ने कुरा साँच्चै हो जस्तो लाग्छ।"

प्रस्तुति : सहायक प्रबन्धक, राजकुमार ओझा

***

Need of Policy Coordination to Mitigate the Effects of COVID-19 Pandemic

Madhav Prasad Dahal, PhD*

Context

The outbreak of the coronavirus (COVID-19), which first appeared in China in December 2019, has simultaneously caused health and economic crisis all over the world; the shrinkage in economic activity is extraordinary in recent history. Containing and mitigating the spread of the coronavirus has honestly been the first urgency of public authorities in every country so as to reduce the incidence of the disease that COVID-19 causes and hence also limiting the pressure on health systems.

Rich and poor economies have used fiscal and monetary policy measures to finance the health response, provide relief to businesses and people, and inject liquidity into their financial systems. Economies where inflation has remained low have used "*helicopter money*" (An idea of economist Milton Friedman, to increase a nation's money supply through more spending, tax cuts, or boosting money supply), along with quantitative easing or direct purchase of government debt by centralbanks. Advanced countries have stepped up spending and used monetary policy to mitigate the blow of lockdowns and other measures that have closed down businesses and left huge numbers unemployed.

However, for developing countries, response to the crisis more influentially, such options may be more limited. Developing countries face huge financial constraints on their ability to do whatever it takes to stop the spread of the virus and provide relief to their people—many of whom work in the informal sector for the hand-to-mouth existence. Furthermore, the poor in developing countries are excessively affected by infectious disease, and hence the need for government intervention is not merely efficiency but equity. To finance efforts to contain the virus, possibilities such as raising taxes, printing money, or borrowing are limited. Most developing countries face actually expensive borrowing costs in international markets, and in a situation of already high level of debt denominated in foreign currencies, the international community plays a critical role.

Hence, to reduce the health and economic effects of COVID-19, there is a need for a greater cooperation and collaborative efforts within a country, among the developing countries and between the developed and developing ones. Cross-country cooperation between the developed and developing countries can help mobilize a greater level of finance to low-income countries, and group effort within the developing countries can also generate more effective joint efforts at the international level to mitigate the health and economic impacts of the fatal disease.

This essay first highlights on few fiscal, monetary and macro prudential policy options. Then it urges the need for coordination between fiscal and monetary policies within the developing country and also urges for coordination and cooperation between low-income and developed countries and international institutions to mitigate the health and economic impact of COVID-19.

Fiscal Policy

Fiscal policy can effectively safeguard people, stabilize demand, and help recovery across economies during the on-going pandemic and in the aftermath. In this regard, it is important to understand that the nature of pandemic recessions is fundamentally different from ordinary recessions, and thus require different policy responses. The unique features of a pandemic recession imply that fiscal policy during a pandemic should be inclined much more toward helping those who are directly harmed rather than toward increasing aggregate demand more generally. That is, it should be aimed at providing social insurance rather than broad incentive.

To face the adverse effects of COVID-19, most governments quickly introduced fiscal policy measures to provide financial support to businesses and households, and to improve the capacity of the health sector to respond to the pandemic. The magnitude of the fiscal response and the type of instruments differs significantly among advanced economies' (AEs), emerging markets and middle-income economies' (EMMIEs), and low-income economies (LIEs).

The objectives of fiscal policy actions taken up by countries fall into three broad groups: (a) to deal with the health pandemic, (b) to support households, and (c) to reinforce businesses. Governments engaged in these objectives by using the whole range of fiscal instruments, including tax and expenditure measures, credits, and guarantees (Lacey et al, 2021).The major fiscal policy measures adopted by different economies to response the COVID-pandemic are summarized in Table 1.

* *Professor & Board of Directors, Rastriya Banijya Bank Ltd.*

Table 1: Classification of Fiscal Measures as Response to COVID-19

	Fiscal Measures to Support Businesses	Fiscal Measures to Support Households	Fiscal Measures to Support the Health Sector
Revenue	*Revenue measures to protectbusinesses*	*Revenue measures to protect Individuals*	*Revenue measures to promote availability of medical items*
	Accelerated asset depreciation (CIT); Extend loss carry-forward for lossesincurred during the crisis (CIT); Broaden tax deductibility (e.g., toall business expenses related toCOVID-19); Introduce tax credits; Deferral of tax filing (CIT, PIT for self-employed, VAT, other business taxes); Deferral of tax and/or interest andpenalty payments; Tax rate reduction (CIT, PIT for self-employed); Taxamnesty; Acceleratingrefunds(VAT); Loweradvancepayment (CIT,PITforself-employed); Suspenddebtcollection activities; Suspendaudit activities; Taxexemptions/ waver/ suspension Other	Deferral of tax filing (PIT, payrolltaxes, property tax, etc.); Deferral of tax payments (PIT,payroll taxes, property tax, etc.) and/or interest and penalty payments; Tax rate reduction (PIT, payroll taxes,property tax, etc.);Tax amnesty (including for overdue taxes and penalties); Broaden tax deductibility (e.g., forcontributions to health care) (PIT); Introduce tax credits; Tax exemptions/waiver/suspension; Other	Lower tax rates for medical items(import duties, VAT and otherindirect taxes); Tax exemptions/waiver/suspension; Other
		Revenue measures to boostconsumption / demand	
		Lower tax rates (import duties, VATand other indirect taxes and levies); Tax exemptions/waiver/suspension; Other	
Expenditure	**Direct support to businesses**	**Expenditure measures for Individuals**	**Health expenditure measures**
	One-off grants to industries in Distress; Income support	Direct cash transfers for individuals: Expansion of unemployment benefitsboth in terms of compensation andlength: Temporary expansion of existing benefits such as pensions and healthinsurance; Supplementary ad hoc programs(feeding programs, utility waivers); Wage compensation subsidies and enhanced paid/sick leave allowances; Other	Supply of low-cost medical itemsmasks, gloves, testing kits, gowns, face shields, etc.); Supply of high-cost medical itemsventilators, etc.); Targeted infrastructure investmentsto expand health care capacityExpansion of human resources; General
Credit/ Equity	Preferential loans to firms (andindustries) in distress; Other (includes support measures forhouseholds and businesses);Preferential loans to households		
Other	Revenue increase; Other revenue increase measures; Other measures not falling into any of the categories		

Note: CIT (Corporate income tax), PIT(Personal income tax) ;*Source*: Lacey et al (2021),p.12.

It becomes apparent from Table 1 that a number of short-term tax and fiscal measures have been introduced in response to the COVID-19 crisis in developed, emerging and developing countries. Most of the measures have focused on alleviating cash flow difficulties to help avoid accelerating problems for instance lay-off of workers, temporary inability to pay suppliers or creditors and, in the worst cases, closure or bankruptcy. Measures summarized in Table 1 are provided to support businesses, households, investment, consumption and health care system in response to the pandemic in Organization for Economic Co-operation and Development (OECD), Emerging and developing countries are summarized.

Though governments of low-income countries have limited fiscal space, they should generate revenue, increase spending, and promote productive investment. All the policy measures need to be organized in a medium-term fiscal framework (MTBFs) with transparent management to moderate fiscal risks (IMF, 2020). MTBFs are those fiscal arrangements that allow government to extend the horizon for fiscal policy making beyond the annual budgetary calendar. This usually covers the preparation, execution, and monitoring of multiannual budget plans and contain both expenditure and revenue forecasts as well as the resulting budget balances that go well beyond the usual yearly budgetary cycle.

The choices for fiscal policy will depend much on country-specific situations. For low-income countries, increased domestic resource mobilization will be needed to fund additional spending whereas countries with already high levels of taxation and spending may need to reprioritize expenditure. The *optimal combination* of fiscal instruments will rely on a wide range of country-specific factors, including current levels and structures of taxation and spending, the country's institutional setting and the preferences and feelings of its citizens.

The need to focus on domestic resource mobilization is particularly central in developing countries where tax revenues, as a share of GDP, are already low prior to the COVID-19 crisis. For many developing countries, the use of the tax system as a lever to finance their development and the achievement of the Sustainable Development Goals (SDGs) is a priority.

